कृष्णसिंह मोक्तानको उपन्यासकारिता

त्रिभुवन विश्वविद्यालय
मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत नेपाली
विषयमा विद्यावारिधि उपाधिको
प्रयोजनका लागि
प्रस्तुत

शोध प्रबन्ध

शोधकर्ता
गीता छेत्री
विद्यावारिधि दर्ता नं. २८/०६५

२०६९

शोध प्रबन्ध समितिको सिफारिस पत्र

नेपाली विषयको विद्या वारिधि उपाधिका निम्ति शोधार्थी श्री गीता छेत्रीले **कृष्णसिंह मोक्तानको उपन्यासकारिता** शीर्षकको प्रस्तुत शोध प्रबन्ध हाम्रा सुपरीवेक्षणमा तयार पार्नु भएको हो । निकै परिश्रमपूर्वक तयार पारिएको उहाँको प्रस्तुत शोध प्रबन्धबाट हामी सन्तुष्ट छौँ र यसको अन्तिम मूल्याङ्कनका लागि त्रि.वि. मानविकी तथा सामाजिक शास्त्र सङ्कायको अनुसन्धान समिति समक्ष सिफारिस गर्दछौँ ।

शोध प्रबन्ध समिति

....	....
डा. ताराकान्त पाण्डेय	प्रा. राजेन्द्र सुवेदी
शोध निर्देशक	शोध विशेषज्ञ

मिति : २०६९/११/१०

अनुमोदन पत्र

प्रतिबद्धता पत्र

त्रिभुवन विश्वविद्यालयको मानविकी तथा सामाजिक शास्त्र सङ्काय डिन कार्यालयमा विद्या वारिधि उपाधिका निमित्त प्रस्तुत **कृष्णसिंह मोक्तानको उपन्यासकारिता** शीर्षकको प्रस्तुत शोध प्रबन्धको लेखनका क्रममा विभिन्न स्रोतबाट सामग्री सङ्कलन गरी तिनको उपयोग गरिएको छ । ती सम्पूर्ण सामग्रीप्रति कृतज्ञ छु । यस शोध प्रबन्धमा प्रस्तुत निष्कर्षलाई यसअघि कहीँ पनि कुनै पनि उपाधि वा अन्य प्रयोजनका लागि प्रस्तुत गरिएको छैन । यस शोध प्रबन्धको कुनै पाठ/अंश पुस्तक वा पुस्तकको अंशका रूपमा पनि प्रकाशित भएको छैन । प्रस्तुत शोधमा प्रस्तुत गरिएको प्रतिबद्धताका विरुद्ध कुनै प्रमाण भेटिएमा त्यसप्रति पूर्णतः जिम्मेवार हुने छु ।

गीता छेत्री

शोधकर्ता

मिति : २०६९/११/१०

कृतज्ञता ज्ञापन

प्रस्तुत शोध प्रबन्ध मैले त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय नेपाली केन्द्रीय विभाग अन्तर्गत विद्यावारिधि उपाधिका निमित्त श्रद्धेय गुरु डा. ताराकान्त पाण्डयज्यूको कुशल निर्देशनमा तयार पारेकी हुँ । यस कार्यको पूर्णताका निम्ति आफ्नो कार्यव्यस्तताका समयमा पनि उचित परामर्श र प्राज्ञिक निर्देशन दिँदै शोध प्रबन्धको निरीक्षण साथै परिमार्जन गरिदिनु हुने श्रद्धेय मेरा निर्देशक गुरुप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

प्रस्तुत शोध गर्ने प्रारम्भिक चरणमा शोध प्रस्तावलाई विभागीय स्वीकृति प्रदान गरी शोध लेख्ने सुअवसर प्रदान गर्नु हुने तत्कालीन विभागीय प्रमुख प्रा.राजेन्द्र सुवेदीज्यूमा म आभार प्रकट गर्दछु । यस कार्यमा उचित सुझाव र सहयोग दिनु हुने नेपाली केन्द्रीय विभागका आदरणीय गुरुवर्गप्रति कृतज्ञता प्रकट गर्दछु । मेरो यस शोधकार्यमा प्रेरणा र प्रोत्साहन दिनु हुने आदरणीय श्रीमती शिला योगी (पाण्डेय) र श्रीमती इन्दिरा सुवेदी गुरुआमाप्रति हार्दिक आभार प्रकट गर्दछु ।

प्रस्तुत शोधकार्यमा नेपाल सरकारद्वारा विदेशी नेपाली शोधार्थीलाई प्रदान गरिने 'विद्वत्वृत्ति' (महेन्द्र छात्रवृत्ति) का लागि मेरो नाम सिफारिस गरिदिनु हुने नेपाली विभागका वर्तमान विभागीय प्रमुख डा.देवी प्रसाद गौतमज्यूमा हार्दिक आभार प्रकट गर्दछु । यसका लागि नेपाल सरकारको शिक्षा विभागका कर्मचारी, डिन कार्यालयका सम्पूर्ण महानुभावहरूमा आभार प्रकट गर्दछु । प्रस्तुत शोधकार्यका सिलसिलामा काठमाडौँ आउँदा परिचित साहित्यिक वर्ग साथै 'नेपाल स्रष्टा समाज' साहित्यिक संस्थाका सम्पूर्ण सदस्यका साथै वरिष्ठ आख्यानकार परशु प्रधानप्रति आभार प्रकट गर्दछु । यसका साथै प्रस्तुत शोधकार्यका लागि प्रेरणा प्रदान गरिदिनु हुने वीणा हाङ्गखिमप्रति पनि हार्दिक आभार प्रकट गर्दछु ।

शोधकार्य गर्नका लागि प्रोत्साहन गर्नु हुने मेरा पुज्यनीय माता पूर्णमाया छेत्री, पिता एन.बी. छेत्री, पति कृष्णबहादुर छेत्री, छोरीहरू वन्दना र विजयता एवम् छोरा विकास लगायत सम्पूर्ण परिवारमा हार्दिक धन्यवाद तथा आभार प्रकट गर्दछु । प्रेरणाका लागि आदरणीय टीकाराम शर्मा, भुवनसिंह छेत्री, सि.पी. ढकालका साथै शोधनायक कृष्णसिंह मोक्तानप्रति हार्दिक आभार प्रकट गर्दछु । प्रारम्भिक तहदेखि आज पर्यन्त शिक्षा प्रदान गर्नु हुने सम्पूर्ण गुरुवर्गप्रति पनि म सम्मान तथा आभार प्रकट गर्दछु । दार्जिलिङका नेपाली साहित्य सम्मेलन, गोर्खा दु:ख निर्वारक सम्मेलन, बसुधा भारतीय नेपाली नारी साहित्यिक संस्थाका सम्पूर्ण शुभचिन्तकमा आभार प्रकट गर्दछु ।

प्रस्तुत शोध प्रबन्धको कम्प्युटर सज्जा गरिदिने आदरणीय भाइ बालाकृष्ण अधिकारीलाई पनि हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

अन्तमा यस शोध प्रबन्धको आवश्यक मूल्याङ्कनका लागि मानविकी डिन कार्यालयमा प्रस्तुत गर्दछु ।

गीता छेत्री
२०, पम्फावती गुरुङनी रोड
'साइवन्दना निवास' वर्ड नं. २८
दार्जिलिङ, भारत

शोधसार

१. विषय परिचय

नेपाल बाहिर रहेर नेपाली साहित्यमा महत्त्वपूर्ण योगदान गर्ने स्रष्टाहरू मध्ये एक कृष्णसिंह मोक्तान पनि हुन् । खास गरी पूर्वोत्तर भारतको नेपाली उपन्यास लेखन परम्परामा उनले आफ्नो अलग्गै स्थान बनाएका छन् । त्यहाँको नेपाली उपन्यास साहित्यको इतिहासमा आधुनिक उपन्यासका रूपमा रूपनारायण सिंहको **भ्रमर** (सन् १९३६), लैनसिंह बाङ्देलका **मुलकबाहिर** (सन् १९४८) र **लङ्गडाको साथी** (सन् १९५१), अच्छा राई 'रसिक' को **लगन** (सन् १९५५), शिवकुमार राईको **डाकबंगला** (सन् १९५६) आदि उपन्यास कृति प्रकाशित भएपछि उपन्यास लेखन र प्रकाशन पररम्परामा उपन्यासकार कृष्णसिंह मोक्तानको प्रवेश भएको हो । सन् १९५६ मा उनको **चरणधूलि** र यसको आठ वर्षपछि उनकै दोस्रो उपन्यास **अशेष यात्रा** (सन् १९६४) प्रकाशित भएपछि उनी उपन्यासकारका रूपमा भारतीय नेपाली साहित्यमा स्थापित भएका हुन् ।

कृष्णसिंह मोक्तानको जन्म दार्जिलिङको घुम पहाडमा २१ अगस्त सन् १९३० मा भएको हो । उनले नेपाली साहित्यका क्षेत्रमा महत्त्वपूर्ण योगदान पुऱ्याएका छन् । उनको साहित्य साधना कविता, कथा, उपन्यास आदि विभिन्न विधा क्षेत्रमा विस्तारित छ । औपचारिक साहित्य यात्राको छ दशक लामो अवधिमा उनले चार ओटा उत्कृष्ट औपन्यासिक कृतिहरू नेपाली साहित्य जगत्‌लाई प्रदान गरिसकेका छन् । ती उपन्यास कृति **चरणधूलि** (सन् १९५६), **अशेष यात्रा** (सन् १९६४), **जीवन परिक्रमा** (सन् १९९४) र **जीवन गोरेटोमा** (सन् २००३) हुन् । उपन्यास यात्राका पूर्वार्द्ध चरणमा स्वच्छन्दतावादी र उत्तरार्ध चरणमा सामाजिक यथार्थवादी धारा अन्तर्गत उपन्यास सिर्जना गर्ने मोक्तानका उपन्यासमा शिल्पगत, विषयगत एवं विचारगत विविध प्रवृत्तिहरू पाइन्छन् र समष्टिमा मोक्तानका उपर्युल्लिखित चारै ओटा उपन्यास पठनीय र विश्लेषणीय छन् । लेखन समयको समाजलाई प्रतिविम्बित गर्ने मोक्तानका यी उपन्यासले उनका औपन्यासिक प्रवृत्ति र योगदानलाई राम्रैसँग इङ्गित गर्दछन् । यसै पृष्ठभूमिमा प्रस्तुत शोधमा उक्त उपन्यासहरूको विधातात्त्विक एवम् प्रवृत्तिगत विश्लेषण गरी उनको उपन्यासकारिताको मूल्याङ्कनलाई प्रस्तुत शोधकार्यको मूल अध्ययन क्षेत्र बनाइएको छ ।

२. शोधका उद्देश्य

प्रस्तुत शोधको मुख्य शोध समस्या कृष्णसिंह मोक्तानको उपन्यासकारिताको वैशिष्ट्य र प्राप्तिको मूल्याङ्कन हो । यस सन्दर्भमा प्रस्तुत शोधका उद्देश्यहरू निम्नानुसार छन् :

(क) कृष्णसिंह मोक्तानको जीवनी, व्यक्तित्व र कृतित्वका बिचको अन्तःसम्बन्ध केलाउँदै उक्त अन्तःसम्बन्धले उपन्यास लेखनमा पारेको प्रभाव र प्रेरणाको निरूपण गर्नु,

(ख) उपन्यास सिद्धान्तका आधारमा कृष्णसिंह मोक्तानका उपन्यासहरूको विश्लेषण गर्नु र

(ग) कृष्णसिंह मोक्तानका औपन्यासिक प्रवृत्तिहरूको निरूपण गर्दै उनका मूलभूत औपन्यासिक वैशिष्ट्य र प्राप्तिको मूल्याङ्कन गर्नु ।

३. सामग्री सङ्कलन र विश्लेषण विधि तथा ढाँचा

प्रस्तुत शोधका आधारभूत सामग्री कृष्णसिंह मोक्तानका उपन्यासहरू नै हुन् । यो शोधकार्य सम्पन्न गर्ने क्रममा मोक्तानबारे अरूले लेखेका लेख, समीक्षा तथा समालोचनालाई सन्दर्भ सामग्रीका रूपमा उपयोग गरिएको छ । यी दुवै प्रकृतिका सामग्रीको सङ्कलन पुस्तकालयीय कार्यबाट गरिएको छ । उपन्यासकार कृष्णसिंह मोक्तानसँगै प्रत्यक्ष भेटी अन्तर्वार्ता लिएर पनि शोधका लागि आवश्यक सूचनाहरू सङ्कलन गरिएको छ ।

प्रस्तुत शोध साहित्यिक शोध भएकाले यसको प्रकृति गुणात्मक प्रकारको रहेको छ । त्यसैले यसमा शोध्य सामग्रीको गम्भीर पठन र विश्लेषणात्मक विधिद्वारा अर्थापन गरिएको छ । मोक्तानको जीवनी र व्यक्तित्व तथा सिर्जन यात्रालाई वर्णनात्मक विधिद्वारा प्रस्तुत गरिएको छ । विश्लेषण एवं अर्थापनको सैद्धान्तिक आधार तथा ढाँचा पृथक् पृथक् शोध प्रश्नहरूका सन्दर्भमा निम्नानुसार रहेको छ :

शोध्य प्रश्न 'क' को समाधानका क्रममा जीवनीपरक समालोचना पद्धतिको उपयोग गर्दै मोक्तानका जीवनीको अनुशीलन तथा जीवनी र कृतित्वका बिचको अन्तःसम्बन्धको विश्लेषण गरिएको छ ।

शोध्य प्रश्न 'ख' को समाधानका लागि मोक्तानका उपन्यासहरूको विश्लेषण र उपन्यासकारिताको मूल्याङ्कन गर्ने क्रममा उपन्यासका विधातात्त्विक मान्यताको उपयोग गरिएको छ । त्यस क्रममा मुख्यतः कथानक, पात्र र तिनको चरित्र, परिवेश, दृष्टिबिन्दु, भाषाशैली र विचार जस्ता उपन्यासका संरचक तत्त्वको उपयोग गरिएको छ ।

शोध्य प्रश्न 'ग' को समाधानका क्रममा अर्थात् औपन्यासिक प्रवृत्तिहरूको निरूपणका क्रममा कुनै वाद विशेषलाई आधार नबनाई आगमनात्मक विधिद्वारा उपन्यासमा पाइएका वैचारिक, विषयगत तथा रचना प्रक्रियागत प्रवृत्तिको विश्लेषण गर्दै अन्त्यमा मोक्तानका उपन्यसाकारिताको समग्र मूल्याङ्कन गरिएको छ ।

४. शोध प्रबन्धको सङ्गठन

प्रस्तुत शोधलाई विभिन्न अध्यायहरूमा सङ्गठित गरी शोध प्रबन्धका रूपमा प्रस्तुत गरिएको छ । शोधको पहिलो अध्याय शोध परिचयका रूपमा रहेको छ । दोस्रो अध्यायमा उपन्यासको सैद्धान्तिक स्वरूप तथा उपन्यास विश्लेषणका सैद्धान्तिक आधारको विवेचना गरिएको छ । त्यस्तै तेस्रो अध्यायमा कृष्णसिंह मोक्तानको जीवनी, व्यक्तित्व तथा उपन्यास

सिर्जनाका बिचको अन्तर्सम्बन्धको विमर्श गरिएको छ । चौथो अध्याय अन्तर्गत कृष्णसिंह मोक्तानको उपन्यास यात्राको पहिलो चरणका दुई उपन्यास **चरणधूलि** र **अशेष यात्रा**को औपन्यासिक तत्त्वका आधारमा विश्लेषण गरिएको छ । पाँचौं अध्यायमा मोक्तानको उपन्यास यात्राको उत्तरार्द्ध चरणका दुई उपन्यास **जीवन परिक्रमा** र **जीवन गोरेटोमा** उपन्यासको औपन्यासिक तत्त्वका आधारमा विश्लेषण गरिएको छ । यस शोधको छैटौं अध्यायमा कृष्णसिंह मोक्तानका औपन्यासिक प्रवृत्तिको अनुशीलन गरिएको छ र अन्तिम तथा सातौं अध्यायमा यस शोधको सारांश तथा निष्कर्ष प्रस्तुत गरिएको छ ।

५. समष्टि निष्कर्ष

कृष्णसिंह मोक्तानले साहित्यका विभिन्न विधामा आफ्नो सिर्जनात्मक अभिव्यक्ति दिए पनि उपन्यास नै उनको सबैभन्दा प्रसिद्ध, उर्बर र सशक्त विधा क्षेत्र हो । उनका हालसम्म प्रकाशित **चरणधूलि**, **अशेष यात्रा**, **जीवन परिक्रमा** र **जीवन गोरेटोमा** गरी चार ओटा उपन्यास लेखनमा उनको पेसागत जीवन, सामाजिक सम्बन्ध, सांस्कृतिक तथा जातीय जागृतिको चासो जस्ता विविध पक्षले प्रभाव पारेका छन् । उनका कृतिमा जीवनका विविध पक्षको अन्तरसंयोजन भएको पाइन्छ । मोक्तानका पूर्वार्द्ध चरणका **चरणधूलि** र **अशेष यात्रा** उपन्यासमा मूलतः युवा प्रेम सम्बद्ध विषयले प्रमुख महत्त्व पाएको छ । तिनमा भावुकता, हार्दिकता, प्रकृतिप्रतिको आकर्षण, स्वतःस्फूर्तता आदि जस्ता वैशिष्ट्य छन् । त्यसैले यी दुई उपन्यासका आधारमा मोक्तान स्वच्छन्दतावादी उपन्यासकार हुन् । मोक्तानको उपन्यास यात्राको उत्तरार्द्ध चरणका **जीवन परिक्रमा** र **जीवन गोरटोमा** उपन्यासमा समाजका यथार्थ पक्षको प्रस्तुति रहेको छ । विशेषतः भारतका विभिन्न जेलमा विभिन्न अपराधमा संलग्न भएर जेल जीवन व्यतित गरिरहेका तथा फाँसीको सजाय पाएका वास्तविक पात्रको प्रारूपीकृत प्रस्तुति ती उपन्यासमा गरिएको छ । स्थानीयता, वास्तविकता, जीवन्तता आदि वैशिष्ट्य युक्त पछिल्लो चरणका यी दुई उपन्यासमा यथार्थवादी जीवन चेतनाको अभिव्यक्ति पाइन्छ । त्यसैले यी दुई उपन्यासका आधारमा मोक्तान यथार्थवादी उपन्यासकार हुन् तर सँगसँगै आदर्शको उपस्थापन पनि उनको मुख्य प्रवृत्तिगत वैशिष्ट्यका रूपमा देखा पर्दछ ।

प्रस्तुत शोध अध्ययनको समस्या तथा उद्देश्यसँग सम्बद्ध प्रश्नका सन्दर्भमा यस अध्ययनबाट प्राप्त समष्टि निष्कर्षलाई बुँदागत रूपमा निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

(१) कृष्णसिंह मोक्तानको जीवनी र व्यक्तित्वका विभिन्न पक्षले उनको उपन्यास लेखनलाई प्रत्यक्ष रूपले प्रभाव पारेको छ । उनका उपन्यासहरू मूलतः उनको जीवन भोगाइका संवेदना र पेसागत जीवन अनुभूतिका प्रतिबिम्ब हुन् ।

(२) मोक्तानका उपन्यासमा औपन्यासिक कलाको सन्तुलित प्रयोग गरिएको छ । औपन्यासिक विधातात्त्विक विश्लेषणका आधारमा हेर्दा उनी परम्परागत र प्रयोगशील दुवै प्रकारका उपन्यास लेख्न सक्ने उपन्यासकार हुन् भन्ने कुरा सिद्ध भएको छ ।

(३) मोक्तानका उपन्यासमा भारतका विभिन्न स्थानमा बसेर आफ्नो जीवन चलाई नेपाली जातीयतालाई उँचो राख्न नेपाली भाषीहरूले हरतरहले गरेका प्रयत्नका गाथा भेटिन्छन् । यस दृष्टिले उनका उपन्यासमा प्रजातिले विशेष महत्त्व प्राप्त गरेको देखिन्छ ।

(४) धारागत दृष्टिले मोक्तान पूर्वार्द्ध चरणमा स्वच्छन्दतावादी/रुमानी र उत्तरार्ध चरणमा सामाजिक यथार्थवादी उपन्यासकार हुन् र यी दुवै धारामा पात्रहरूका अन्तर्मन, परस्पर सम्बन्ध र व्यवहार अनि तिनका जीवन दशाको सूक्ष्म निरीक्षणमा उनी समर्थ छन् ।

(५) मोक्तानका उपन्यासमा विविध विषय वस्तुमा आधारित उपन्यास लेखन, स्वच्छन्दतावादी जीवन दर्शन, सामाजिक यथार्थवादी चेतना र चित्रण पद्धति, स्थानीय परिवेश/आञ्चलिकता, निम्न तथा मध्यम वर्गीय जीवन एवम् आर्थिक शोषणको चित्रण, अध्यात्मवादी/आदर्शवादी चेतनाको अभिव्यक्ति, मानवतावादी भावना, नारी जीवनका विविध पक्षको चित्रण, बन्दी जीवन एवम् भारतीय न्याय व्यवस्थाको चित्रण, यौन तथा असामान्य मनोविज्ञानको चित्रण, बहुभाषिक, बहुजातीय र बहुल पात्र विधान जस्ता प्रवृत्ति पाइन्छन् तापनि उनी मूलतः पूर्वार्द्ध चरणमा स्वच्छन्दतावादी र उत्तरार्द्ध चरणमा सामाजिक यथार्थवादी उपन्यासकार हुन् भन्ने कुरा अध्ययनबाट स्पष्ट भएको छ ।

(६) समग्रतः युवा युवती बिचको प्रणय सम्बन्धको रुमानी चित्रण र आत्मिक प्रेमको उदात्तीकरण अनि पूर्वोत्तर भारतका विशेषतः निम्न वर्गीय नेपाली भाषी समुदायको जीवन सङ्घर्ष तथा भारतीय दण्ड व्यवस्था र त्यसले विभिन्न अपराधमा आरोपित व्यक्तिहरूका जीवन र मानसिकतामा पारेका प्रभावको विस्तारपूर्ण मानवताकेन्द्री आख्यानीकरण नै मोक्तानका उपन्यासकारिताको महत्त्वपूर्ण वैशिष्ट्य र प्राप्ति समेत हो ।

विषय सूची

शोध प्रबन्ध समितिको सिफारिस पत्र ii
अनुमोदन पत्र iii
प्रतिबद्धता पत्र iv
कृतज्ञता ज्ञापन v
शोधसार vi
सङ्क्षेपीकृत शब्दसूची xiv

पहिलो अध्याय : शोध परिचय १-१७
१.१ विषय प्रवेश १
१.२ समस्या कथन १
१.३ शोधको उद्देश्य २
१.४ पूर्वकार्यको समीक्षा २
१.४.१ पूर्वकार्यको विवरण र समीक्षा ३
१.४.२ पूर्वकार्यको समीक्षाको निष्कर्ष १४
१.५ शोधको औचित्य र महत्त्व १४
१.६ शोधको सीमा १५
१.७ शोधविधि १५
१.७.१ सामग्री सङ्कलन विधि १५
१.७.२ विश्लेषणको सैद्धान्तिक आधार तथा ढाँचा १५
१.८ शोध प्रबन्धको रूपरेखा १६

दोस्रो अध्याय : उपन्यासको सैद्धान्तिक स्वरूप तथा उपन्यास विश्लेषणका आधार १८-५९
२.१ विषय प्रवेश १८
२.२ उपन्यास शब्दको व्युत्पत्ति १८
२.२.१ पूर्वीय साहित्यमा उपन्यासको व्युत्पत्ति १९
२.२.२ पाश्चात्य साहित्यमा उपन्यासको व्युत्पत्ति २०
२.३ उपन्यासको परिभाषा २१
२.३.१ पाश्चात्य साहित्यमा उपन्यासको परिभाषा २३
२.३.२ पूर्वीय साहित्यमा उपन्यासको परिभाषा २५
२.४ उपन्यासको स्वरूप ३०

२.५ उपन्यासका तत्त्वहरू ३०
२.५.१ प्रमुख तत्त्वहरू ३२
२.५.२ गौण तत्त्वहरू ४५
२.६ उपन्यासको वर्गीकरण ४७
२.६.१ कथानक संरचना आधारमा ४७
२.६.२ शैलीका आधारमा ४८
२.६.३ वैचारिक प्रवृत्तिका आधारमा ५०
२.६.४ कथावस्तुको स्रोतका आधारमा ५४
२.७ उपन्यास : आधुनिक युगको महाकाव्यका रूपमा ५४
२.८ उपन्यास र समाज : उपन्यासको समाजशास्त्र ५७
२.९ उपन्यास विश्लेषणका आधार ५८
२.१० निष्कर्ष ५९

तेस्रो अध्याय : कृष्णसिंह मोक्तानको जीवनी र व्यक्तित्व तथा उपन्यास सिर्जनाका बिच अन्तःसम्बन्ध ६०-७६
३.१ विषय प्रवेश ६०
३.२ कृष्णसिंह मोक्तानको जीवनी र व्यक्तित्वको सङ्क्षिप्त परिचय ६०
३.२.१ कृष्णसिंह मोक्तानको सङ्क्षिप्त जीवनी ६०
३.२.२ साहित्यिक कृतित्वको विकास प्रक्रिया तथा साहित्यिक कृतिहरू ६७
३.२.३ कृष्णसिंह मोक्तानको व्यक्तित्वका विभिन्न पक्षहरू ६७
३.४ जीवनी, व्यक्तित्व र कृतित्व बिचको अन्तःसम्बन्ध ७३
३.४.१ पारिवारिक पृष्ठभूमि र अनुवंशले पारेको प्रभाव ७३
३.४.२ शिक्षक, लेखक तथा विशिष्ट व्यक्तित्वका संसर्गको प्रभाव ७४
३.४.३ सामाजिक प्रभाव ७४
३.४.४ पेसागत प्रभाव ७४
३.४.५ धार्मिक प्रभाव ७४
३.५ निष्कर्ष ७६

चौथो अध्याय : मोक्तानका पूर्वार्द्ध चरणका उपन्यास कृतिको विश्लेषण ७७-१३१
४.१ विषय परिचय ७७
४.२ 'चरणधूलि' उपन्यासको विश्लेषण ७७
४.२.१ कथानक ७८
४.२.२ पात्र विधान र तिनको चरित्र ८४

४.२.३ परिवेश ९४
४.२.४ दृष्टिबिन्दु ९७
४.२.५ भाषाशैली ९७
४.२.६ विचार १०४
४.३ 'अशेष यात्रा' उपन्यासको विश्लेषण १०५
४.३.१ कथानक १०५
४.३.२ पात्र विधान र तिनको चरित्र ११३
४.३.३ परिवेश १२१
४.३.४ दृष्टिबिन्दु १२३
४.३.५ भाषाशैली १२४
४.३.६ विचार १२८
४.४ निष्कर्ष १२९

पाँचौँ अध्याय : मोक्तानका उत्तरार्द्ध चरणका उपन्यास कृतिको विश्लेषण १३२-१९९
५.१ विषय प्रवेश १३२
५.२ 'जीवन परिक्रमा' उपन्यासको विश्लेषण १३२
५.२.१ कथानक १३२
५.२.२ पात्र विधान र तिनको चरित्र १४१
५.२.३ परिवेश १४८
५.२.४ दृष्टिबिन्दु १५१
५.२.५ भाषाशैली १५१
५.२.६ विचार १५५
५.३ 'जीवन गोरेटोमा' उपन्यासको विश्लेषण १५६
५.३.१ कथानक १५७
५.३.२ पात्र विधान र तिनको चरित्र १७१
५.३.३ परिवेश १८८
५.३.४ दृष्टिबिन्दु १९०
५.३.५ भाषाशैली १९१
५.४.६ विचार १९६
५.४ निष्कर्ष १९६
छैटौँ अध्याय : **मोक्तानका औपन्यासिक प्रवृत्तिहरूको निरूपण** २००-२४३
६.१ विषय परिचय २००
६.२ विविध विषयवस्तुमा आधारित उपन्यास लेखन २००

६.३ स्वच्छन्दतावादी जीवन दर्शनको अभिव्यक्ति २०२
६.४ सामाजिक यथार्थवादी चेतना र चित्रण पद्धति २०९
६.५ स्थानीय परिवेश/आञ्चलिकताको प्रयोग २११
६.६ निम्न तथा मध्यम वर्गीय जीवन एवम् आर्थिक शोषणको चित्रण २१३
६.७ अध्यात्मवादी/आदर्शवादी चेतनाको चित्रण २१५
६.८ मानवतावादी भावनाको अभिव्यक्ति २२१
६.९ नारी जीवनका विभिन्न पक्षको चित्रण २२५
६.१० बन्दी जीवन तथा भारतीय न्याय व्यवस्थाको चित्रण २२९
६.११ यौन तथा असामान्य मनोविज्ञानको चित्रण २३३
६.१२ बहुभाषिक, बहुजातीय, बहुप्रादेशिक र बहुल पात्र विधानगत प्रवृत्ति २३८
६.१३ निष्कर्ष २४१

सातौँ अध्याय : सारांश तथा निष्कर्ष २४४-२५०
७.१ अध्यायगत सारांश २४४
७.२ समष्टि निष्कर्ष २४८
७.३ भावी शोधकर्ताका लागि सुझाउ २४९
परिशिष्टहरू २५१-२७४
परिशिष्ट १ : 'चरणधूलि' उपन्यासका पात्र हरू २५१
परिशिष्ट २ : 'अशेष यात्रा' उपन्यासका पात्रहरू २५३
परिशिष्ट ३ : 'जीवन परिक्रमा' उपन्यासका पात्रहरू २५६
परिशिष्ट ४ : 'जीवन गोरेटोमा' उपन्यासका पात्रहरू २५८
परिशिष्ट ५ : शोधनायकसँग शोधार्थीले लिएको लिखित अन्तर्वार्ता २६२
सन्दर्भ सामग्री सूची २६८

सङ्क्षेपीकृत शब्दसूची

अनु.	-	अनुवाद
आइ.ए.	-	इन्टर मिडिएट
इ.सं.	-	इस्वी संवत्
उद्धृ.	-	उद्धृत (उद्धृत गरिएको)
चौ.सं.	-	चौथो संस्करण
छै.सं.	-	छैटौँ संस्करण
डा.	-	डाक्टर
ते.सं.	-	तेस्रो संस्करण
त्रि.वि.	-	त्रिभुवन विश्वविद्यालय
दो.सं.	-	दोस्रो संस्करण
न.सं.	-	नवौँ संस्करण
ने.	-	नेपथ्यीय
पाँ.सं.	-	पाँचौँ संस्करण
पु.	-	पुरुष
प्र.	-	प्रमुख
प्रचा.	-	प्रचारक
प्रति.	-	प्रतिकूल
पृ.	-	पृष्ठ
बि.ए.	-	बेचलर अर्फ आट्स
बि.एस.सी	-	बेचलर अर्फ साइन्स
म.	-	महिला
मन्.	-	मञ्चीय
यथा.	-	यथावत्
ले.	-	लेखक
वि.सम्पा.	-	विशेष सम्पादक
संस्क.	-	संस्करण
सम्पा.	-	सम्पादक
...	-	केही अंश छुटेको

१. विषय परिचय

नेपाल बाहिर रहेर नेपाली साहित्यमा महत्त्वपूर्ण योगदान गर्ने स्रष्टाहरू मध्ये एक कृष्णसिंह मोक्तान पनि हुन् । खास गरी पूर्वोत्तर भारतको नेपाली उपन्यास लेखन परम्परामा उनले आफ्नो अलग्गै स्थान बनाएका छन् । त्यहाँको नेपाली उपन्यास साहित्यको इतिहासमा आधुनिक उपन्यासका रूपमा रूपनारायण सिंहको **भ्रमर** (सन् १९३६), लैनसिंह बाङ्देलका **मुलकबाहिर** (सन् १९४८) र **लङ्गडाको साथी** (सन् १९५१), अच्छा राई 'रसिक' को **लगन** (सन् १९५५), शिवकुमार राईको **डाकबंगला** (सन् १९५६) आदि उपन्यास कृति प्रकाशित भएपछि उपन्यास लेखन र प्रकाशन पररम्परामा उपन्यासकार कृष्णसिंह मोक्तानको प्रवेश भएको हो । सन् १९५६ मा उनको **चरणधूलि** र यसको आठ वर्षपछि उनकै दोस्रो उपन्यास **अशेष यात्रा** (सन् १९६४) प्रकाशित भएपछि उनी उपन्यासकारका रूपमा भारतीय नेपाली साहित्यमा स्थापित भएका हुन् ।

कृष्णसिंह मोक्तानको जन्म दार्जिलिङको घुम पहाडमा २१ अगस्त सन् १९३० मा भएको हो । उनले नेपाली साहित्यका क्षेत्रमा महत्त्वपूर्ण योगदान पुऱ्याएका छन् । उनको साहित्य साधना कविता, कथा, उपन्यास आदि विभिन्न विधा क्षेत्रमा विस्तारित छ । औपचारिक साहित्य यात्राको छ दशक लामो अवधिमा उनले चार ओटा उत्कृष्ट औपन्यासिक कृतिहरू नेपाली साहित्य जगत्लाई प्रदान गरिसकेका छन् । ती उपन्यास कृति **चरणधूलि** (सन् १९५६), **अशेष यात्रा** (सन् १९६४), **जीवन परिक्रमा** (सन् १९९४) र **जीवन गोरेटोमा** (सन् २००३) हुन् । उपन्यास यात्राका पूर्वार्द्ध चरणमा स्वच्छन्दतावादी र उत्तरार्ध चरणमा सामाजिक यथार्थवादी धारा अन्तर्गत उपन्यास सिर्जना गर्ने मोक्तानका उपन्यासमा शिल्पगत, विषयगत एवं विचारगत विविध प्रवृत्तिहरू पाइन्छन् र समष्टिमा मोक्तानका उपर्युल्लिखित चारै ओटा उपन्यास पठनीय र विश्लेषणीय छन् । लेखन समयको समाजलाई प्रतिविम्बित गर्ने मोक्तानका यी उपन्यासले उनका औपन्यासिक प्रवृत्ति र योगदानलाई राम्रैसँग इङ्गित गर्दछन् । यसै पृष्ठभूमिमा प्रस्तुत शोधमा उक्त उपन्यासहरूको विधातात्त्विक एवम् प्रवृत्तिगत विश्लेषण गरी उनको उपन्यासकारिताको मूल्याङ्कनलाई प्रस्तुत शोधकार्यको मूल अध्ययन क्षेत्र बनाइएको छ ।

२. शोधका उद्देश्य

प्रस्तुत शोधको मुख्य शोध समस्या कृष्णसिंह मोक्तानको उपन्यासकारिताको वैशिष्ट्य र प्राप्तिको मूल्याङ्कन हो । यस सन्दर्भमा प्रस्तुत शोधका उद्देश्यहरू निम्नानुसार छन् :

(क) कृष्णसिंह मोक्तानको जीवनी, व्यक्तित्व र कृतित्वका बिचको अन्तःसम्बन्ध केलाउँदै उक्त अन्तःसम्बन्धले उपन्यास लेखनमा पारेको प्रभाव र प्रेरणाको निरूपण गर्नु,

(ख) उपन्यास सिद्धान्तका आधारमा कृष्णसिंह मोक्तानका उपन्यासहरूको विश्लेषण गर्नु र

(ग) कृष्णसिंह मोक्तानका औपन्यासिक प्रवृत्तिहरूको निरूपण गर्दै उनका मूलभूत औपन्यासिक वैशिष्ट्य र प्राप्तिको मूल्याङ्कन गर्नु ।

३. सामग्री सङ्कलन र विश्लेषण विधि तथा ढाँचा

प्रस्तुत शोधका आधारभूत सामग्री कृष्णसिंह मोक्तानका उपन्यासहरू नै हुन् । यो शोधकार्य सम्पन्न गर्ने क्रममा मोक्तानबारे अरूले लेखेका लेख, समीक्षा तथा समालोचनालाई सन्दर्भ सामग्रीका रूपमा उपयोग गरिएको छ । यी दुवै प्रकृतिका सामग्रीको सङ्कलन पुस्तकालयीय कार्यबाट गरिएको छ । उपन्यासकार कृष्णसिंह मोक्तानसँगै प्रत्यक्ष भेटी अन्तर्वार्ता लिएर पनि शोधका लागि आवश्यक सूचनाहरू सङ्कलन गरिएको छ ।

प्रस्तुत शोध साहित्यिक शोध भएकाले यसको प्रकृति गुणात्मक प्रकारको रहेको छ । त्यसैले यसमा शोध्य सामग्रीको गम्भीर पठन र विश्लेषणात्मक विधिद्वारा अर्थापन गरिएको छ । मोक्तानको जीवनी र व्यक्तित्व तथा सिर्जन यात्रालाई वर्णनात्मक विधिद्वारा प्रस्तुत गरिएको छ । विश्लेषण एवं अर्थापनको सैद्धान्तिक आधार तथा ढाँचा पृथक् पृथक् शोध प्रश्नहरूका सन्दर्भमा निम्नानुसार रहेको छ :

शोध्य प्रश्न 'क' को समाधानका क्रममा जीवनीपरक समालोचना पद्धतिको उपयोग गर्दै मोक्तानका जीवनीको अनुशीलन तथा जीवनी र कृतित्वका बिचको अन्तःसम्बन्धको विश्लेषण गरिएको छ ।

शोध्य प्रश्न 'ख' को समाधानका लागि मोक्तानका उपन्यासहरूको विश्लेषण र उपन्यासकारिताको मूल्याङ्कन गर्ने क्रममा उपन्यासका विधातात्त्विक मान्यताको उपयोग गरिएको छ । त्यस क्रममा मुख्यतः कथानक, पात्र र तिनको चरित्र, परिवेश, दृष्टिबिन्दु, भाषाशैली र विचार जस्ता उपन्यासका संरचक तत्त्वको उपयोग गरिएको छ ।

शोध्य प्रश्न 'ग' को समाधानका क्रममा अर्थात् औपन्यासिक प्रवृत्तिहरूको निरूपणका क्रममा कुनै वाद विशेषलाई आधार नबनाई आगमनात्मक विधिद्वारा उपन्यासमा पाइएका वैचारिक, विषयगत तथा रचना प्रक्रियागत प्रवृत्तिको विश्लेषण गर्दै अन्त्यमा मोक्तानका उपन्यसाकारिताको समग्र मूल्याङ्कन गरिएको छ ।

४. शोध प्रबन्धको सङ्गठन

प्रस्तुत शोधलाई विभिन्न अध्यायहरूमा सङ्गठित गरी शोध प्रबन्धका रूपमा प्रस्तुत गरिएको छ । शोधको पहिलो अध्याय शोध परिचयका रूपमा रहेको छ । दोस्रो अध्यायमा उपन्यासको सैद्धान्तिक स्वरूप तथा उपन्यास विश्लेषणका सैद्धान्तिक आधारको विवेचना गरिएको छ । त्यस्तै तेस्रो अध्यायमा कृष्णसिंह मोक्तानको जीवनी, व्यक्तित्व तथा उपन्यास

सिर्जनाका बिचको अन्तर्सम्बन्धको विमर्श गरिएको छ । चौथो अध्याय अन्तर्गत कृष्णसिंह मोक्तानको उपन्यास यात्राको पहिलो चरणका दुई उपन्यास **चरणधूलि** र **अशेष यात्रा**को औपन्यासिक तत्त्वका आधारमा विश्लेषण गरिएको छ । पाँचौं अध्यायमा मोक्तानको उपन्यास यात्राको उत्तरार्द्ध चरणका दुई उपन्यास **जीवन परिक्रमा** र **जीवन गोरेटोमा** उपन्यासको औपन्यासिक तत्त्वका आधारमा विश्लेषण गरिएको छ । यस शोधको छैटौँ अध्यायमा कृष्णसिंह मोक्तानका औपन्यासिक प्रवृत्तिको अनुशीलन गरिएको छ र अन्तिम तथा सातौं अध्यायमा यस शोधको सारांश तथा निष्कर्ष प्रस्तुत गरिएको छ ।

५. समष्टि निष्कर्ष

कृष्णसिंह मोक्तानले साहित्यका विभिन्न विधामा आफ्नो सिर्जनात्मक अभिव्यक्ति दिए पनि उपन्यास नै उनको सबैभन्दा प्रसिद्ध, उर्बर र सशक्त विधा क्षेत्र हो । उनका हालसम्म प्रकाशित **चरणधूलि**, **अशेष यात्रा**, **जीवन परिक्रमा** र **जीवन गोरेटोमा** गरी चार ओटा उपन्यास लेखनमा उनको पेसागत जीवन, सामाजिक सम्बन्ध, सांस्कृतिक तथा जातीय जागृतिको चासो जस्ता विविध पक्षले प्रभाव पारेका छन् । उनका कृतिमा जीवनका विविध पक्षको अन्तरसंयोजन भएको पाइन्छ । मोक्तानका पूर्वार्द्ध चरणका **चरणधूलि** र **अशेष यात्रा** उपन्यासमा मूलतः युवा प्रेम सम्बद्ध विषयले प्रमुख महत्त्व पाएको छ । तिनमा भावुकता, हार्दिकता, प्रकृतिप्रतिको आकर्षण, स्वतःस्फूर्तता आदि जस्ता वैशिष्ट्य छन् । त्यसैले यी दुई उपन्यासका आधारमा मोक्तान स्वच्छन्दतावादी उपन्यासकार हुन् । मोक्तानको उपन्यास यात्राको उत्तरार्द्ध चरणका **जीवन परिक्रमा** र **जीवन गोरटोमा** उपन्यासमा समाजका यथार्थ पक्षको प्रस्तुति रहेको छ । विशेषतः भारतका विभिन्न जेलमा विभिन्न अपराधमा संलग्न भएर जेल जीवन व्यतित गरिरहेका तथा फाँसीको सजाय पाएका वास्तविक पात्रको प्रारूपीकृत प्रस्तुति ती उपन्यासमा गरिएको छ । स्थानीयता, वास्तविकता, जीवन्तता आदि वैशिष्ट्य युक्त पछिल्लो चरणका यी दुई उपन्यासमा यथार्थवादी जीवन चेतनाको अभिव्यक्ति पाइन्छ । त्यसैले यी दुई उपन्यासका आधारमा मोक्तान यथार्थवादी उपन्यासकार हुन् तर सँगसँगै आदर्शको उपस्थापन पनि उनको मुख्य प्रवृत्तिगत वैशिष्ट्यका रूपमा देखा पर्दछ ।

प्रस्तुत शोध अध्ययनको समस्या तथा उद्देश्यसँग सम्बद्ध प्रश्नका सन्दर्भमा यस अध्ययनबाट प्राप्त समष्टि निष्कर्षलाई बुँदागत रूपमा निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

(१) कृष्णसिंह मोक्तानको जीवनी र व्यक्तित्वका विभिन्न पक्षले उनको उपन्यास लेखनलाई प्रत्यक्ष रूपले प्रभाव पारेको छ । उनका उपन्यासहरू मूलतः उनको जीवन भोगाइका संवेदना र पेसागत जीवन अनुभूतिका प्रतिबिम्ब हुन् ।

(२) मोक्तानका उपन्यासमा औपन्यासिक कलाको सन्तुलित प्रयोग गरिएको छ । औपन्यासिक विधातात्त्विक विश्लेषणका आधारमा हेर्दा उनी परम्परागत र प्रयोगशील दुवै प्रकारका उपन्यास लेख्न सक्ने उपन्यासकार हुन् भन्ने कुरा सिद्ध भएको छ ।

(३) मोक्तानका उपन्यासमा भारतका विभिन्न स्थानमा बसेर आफ्नो जीवन चलाई नेपाली जातीयतालाई उँचो राख्न नेपाली भाषीहरूले हरतरहले गरेका प्रयत्नका गाथा भेटिन्छन् । यस दृष्टिले उनका उपन्यासमा प्रजातिले विशेष महत्त्व प्राप्त गरेको देखिन्छ ।

(४) धारागत दृष्टिले मोक्तान पूर्वार्द्ध चरणमा स्वच्छन्दतावादी/रुमानी र उत्तरार्ध चरणमा सामाजिक यथार्थवादी उपन्यासकार हुन् र यी दुवै धारामा पात्रहरूका अन्तर्मन, परस्पर सम्बन्ध र व्यवहार अनि तिनका जीवन दशाको सूक्ष्म निरीक्षणमा उनी समर्थ छन् ।

(५) मोक्तानका उपन्यासमा विविध विषय वस्तुमा आधारित उपन्यास लेखन, स्वच्छन्दतावादी जीवन दर्शन, सामाजिक यथार्थवादी चेतना र चित्रण पद्धति, स्थानीय परिवेश/आञ्चलिकता, निम्न तथा मध्यम वर्गीय जीवन एवम् आर्थिक शोषणको चित्रण, अध्यात्मवादी/आदर्शवादी चेतनाको अभिव्यक्ति, मानवतावादी भावना, नारी जीवनका विविध पक्षको चित्रण, बन्दी जीवन एवम् भारतीय न्याय व्यवस्थाको चित्रण, यौन तथा असामान्य मनोविज्ञानको चित्रण, बहुभाषिक, बहुजातीय र बहुल पात्र विधान जस्ता प्रवृत्ति पाइन्छन् तापनि उनी मूलतः पूर्वार्द्ध चरणमा स्वच्छन्दतावादी र उत्तरार्द्ध चरणमा सामाजिक यथार्थवादी उपन्यासकार हुन् भन्ने कुरा अध्ययनबाट स्पष्ट भएको छ ।

(६) समग्रतः युवा युवती बिचको प्रणय सम्बन्धको रुमानी चित्रण र आत्मिक प्रेमको उदात्तीकरण अनि पूर्वोत्तर भारतका विशेषतः निम्न वर्गीय नेपाली भाषी समुदायको जीवन सङ्घर्ष तथा भारतीय दण्ड व्यवस्था र त्यसले विभिन्न अपराधमा आरोपित व्यक्तिहरूका जीवन र मानसिकतामा पारेका प्रभावको विस्तारपूर्ण मानवताकेन्द्री आख्यानीकरण नै मोक्तानका उपन्यासकारिताको महत्त्वपूर्ण वैशिष्ट्य र प्राप्ति समेत हो ।

पहिलो अध्याय

शोध परिचय

१.१ विषय प्रवेश

नेपाल बाहिर रहेर नेपाली साहित्यमा महत्त्वपूर्ण योगदान गर्ने स्रष्टाहरू मध्ये एक कृष्णसिंह मोक्तान पनि हुन् । खास गरी पूर्वोत्तर भारतको नेपाली उपन्यास लेखन परम्परामा उनले आफ्नो अलग्गै स्थान बनाएका छन् । त्यहाँको नेपाली उपन्यास साहित्यको इतिहासमा आधुनिक उपन्यासका रूपमा रूपनारायण सिंहको **भ्रमर** (सन् १९३६), लैनसिंह बाङ्देलका **मुलकबाहिर** (सन् १९४८) र **लङ्गडाको साथी** (सन् १९५१), अच्छा राई 'रसिक' को **लगन** (सन् १९५५), शिवकुमार राईको **डाकबंगला** (सन् १९५६) आदि उपन्यास कृति प्रकाशित भएपछि उपन्यास लेखन र प्रकाशन पररम्परामा उपन्यासकार कृष्णसिंह मोक्तानको प्रवेश भएको हो । सन् १९५६ मा उनको **चरणधूलि** र यसको आठ वर्षपछि उनकै दोस्रो उपन्यास **अशेष यात्रा** (सन् १९६४) प्रकाशित भएपछि उनी उपन्यासकारका रूपमा भारतीय नेपाली साहित्यमा स्थापित भएका हुन् ।

कृष्णसिंह मोक्तानको जन्म दार्जिलिङको घुम पहाडमा २१ अगस्त सन् १९३० मा भएको हो । उनले नेपाली साहित्यका क्षेत्रमा महत्त्वपूर्ण योगदान पुऱ्याएका छन् । उनको साहित्य साधना कविता, कथा, उपन्यास आदि विभिन्न विधा क्षेत्रमा विस्तारित छ । औपचारिक साहित्य यात्राको छ दशक लामो अवधिमा उनले चार ओटा उत्कृष्ट औपन्यासिक कृतिहरू नेपाली साहित्य जगत्लाई प्रदान गरिसकेका छन् । ती उपन्यास कृति **चरणधूलि** (सन् १९५६), **अशेष यात्रा** (सन् १९६४), **जीवन परिक्रमा** (सन् १९९४) र **जीवन गोरेटोमा** (सन् २००३) हुन् । मोक्तानका प्रारम्भका दुई उपन्यासमा स्वच्छन्दतावादी प्रवृत्ति देखिएको छ भने पछिल्ला दुई उपन्यासमा सामाजिक यथार्थवादी प्रवृत्तिको प्रमुखता छ । यी दुई मूल भावधाराका साथै उनका अन्य औपन्यासिक वैशिष्ट्य पनि रहेका छन् । समष्टिमा मोक्तानका उपर्युल्लिखित चारै ओटा उपन्यास पठनीय र विश्लेषणीय छन् । लेखन समयको समाजलाई प्रतिविम्बित गर्ने मोक्तानका यी उपन्यासले उनका औपन्यासिक प्रवृत्ति र योगदानलाई समेत इङ्गित गर्दछन् । यसै पृष्ठभूमिमा प्रस्तुत शोधमा उक्त उपन्यासहरूको विधातात्त्विक एवम् प्रवृत्तिगत विश्लेषण गरी उनको उपन्यासकारिताको मूल्याङ्कनलाई प्रस्तुत शोधकार्यको मूल अध्ययन क्षेत्र बनाइएको छ ।

१.२ समस्या कथन

भारतीय नेपाली साहित्यको उपन्यास सिर्जनाका क्षेत्रमा विभिन्न प्रवृत्ति लिएर सक्रिय रहेका उपन्यासकार मोक्तान यति बेला आठ दशक बढीको जीवन यात्रा पार गर्दै छन् र

सिर्जनाका दृष्टिले यो अवधि अब निष्क्रिय प्रायः नै रहेको छ । अतः उनले हालसम्म नेपाली साहित्यलाई दिएका चार ओटा उपन्यासका आधारमा उनको उपन्यासकारिताका वैशिष्ट्य र योगदानको मूल्याङ्कन गर्ने अवस्था बनिसकेको छ । यसो गर्नु स्रष्टाप्रति पनि न्याय गर्नु हो भने भारतीय नेपाली साहित्यको उपन्यास लेखनका सन्धानका दृष्टिले पनि आवश्यक नै हो । यसै परिप्रेक्ष्यमा मोक्तानको उपन्यासकारितालाई मूल शोध्य क्षेत्र बनाई यो शोधकार्य सम्पन्न गरिएको हो र त्यस क्रममा प्रस्तुत शोधभित्र निम्नलिखित शोध्य समस्याको समाधान खोज्ने काम गरिएको छ :

(क) कृष्णसिंह मोक्तानको जीवनी, व्यक्तित्व र कृतित्वका बिचको अन्तःसम्बन्ध के कस्तो छ र त्यस अन्तःसम्बन्धले उनको उपन्यास लेखनलाई के कति प्रभाव र प्रेरणा प्रदान गरेको छ ?

(ख) उपन्यास सिद्धान्तका आधारमा कृष्णसिंह मोक्तानका उपन्यासहरू के कस्ता छन् ?

(ग) कृष्णसिंह मोक्तानका औपन्यासिक प्रवृत्तिहरू के कस्ता छन् र उनको उपन्यासकारिताका मूलभूत वैशिष्ट्य के हुन् ?

१.३ शोधको उद्देश्य

समस्या कथनमा प्रस्तुत प्रश्न तथा जिज्ञासाहरूको समाधान गर्नु नै यस शोधकार्यको उद्देश्य हो । बुँदागत रूपमा ती उद्देश्यहरू यस प्रकार छन् :

(क) कृष्णसिंह मोक्तानको जीवनी, व्यक्तित्व र कृतित्वका बिचको अन्तःसम्बन्ध केलाउँदै उक्त अन्तःसम्बन्धले उपन्यास लेखनमा पारेको प्रभाव र प्रेरणाको निरूपण गर्नु,

(ख) उपन्यास सिद्धान्तका आधारमा कृष्णसिंह मोक्तानका उपन्यासहरूको विश्लेषण गर्नु र

(ग) कृष्णसिंह मोक्तानका औपन्यासिक प्रवृत्तिहरूको निरूपण गर्दै उनका मूलभूत औपन्यासिक वैशिष्ट्य र प्राप्तिको मूल्याङ्कन गर्नु ।

१.४ पूर्वकार्यको समीक्षा

नेपाली साहित्यलाई सक्षम र सबल तुल्याउने कार्यमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने उपन्यासकार कृष्णसिंह मोक्तानका कृतिहरूमाथि यस शोधकार्यपूर्व नै विभिन्न विद्वान्हरूबाट विभिन्न पुस्तक, पत्रपत्रिकाहरूमा टीका-टिप्पणी तथा चर्चा-परिचर्चा गरिएको पाइन्छ । उनका उपन्यासका बारेमा अभिव्यक्त विद्वान्हरूका त्यस्ता विचारलाई यहाँ समीक्षात्मक रूपमा प्रस्तुत गरिएको छ ।

साहित्यको औपन्यासिक क्षेत्रमा स्वच्छन्दतावादी धाराबाट साहित्ययात्रा सुरु गरेर विभिन्न वादहरू अँगाल्दै नेपाली साहित्यलाई आजपर्यन्त कृष्णसिंह मोक्तानले पन्ध्रवटा कृतिहरू दिइसकेका छन् । उनले फुटकर लेख-रचनाहरू, सत्य साई बाबाका जीवनी, मन्त्रहरूको अनुवाद, शिशुहरूका निम्ति कथाहरू, मानव मूल्यमा आधारित ग्रन्थहरू प्रकाशित गरि सकेका छन् । यी बाहेक विभिन्न पुस्तकहरूका भूमिका, आध्यात्मिक लेखहरू पनि प्रशस्त लेखेका छन् । मोक्तानको जीवनी, व्यक्तित्व र कृतित्वका साथै कुनै विशेष कृतिमा केन्द्रित प्रशस्त चर्चा परिचर्चाहरू भएका छन् तर प्रस्तुत शोधको मूल अध्ययन क्षेत्र उपन्यासकारिता भएकाले उनको उपन्यास लेखनसँग सम्बद्ध रहेर जेजति चर्चा-परिचर्चा, समीक्षा तथा टिप्पणीहरू भएका छन्, यहाँ तिनको विवरण र समीक्षा प्रस्तुत गरिएको छ ।

१.४.१ पूर्वकार्यको विवरण र समीक्षा

प्रतापचन्द्र प्रधान (सन् १९८९) ले 'तत्त्वगत विवेचनाका आधारमा उपन्यास' शीर्षकको लेखमा उपन्यासको चर्चा गर्दै लेखेका छन्, "विजय मल्लको अनुराधा (सन् १९६१), पारिजातका **महत्ताहीन** (सन् १९६८) र **बैंशको मान्छे** (सन् १९७२), कृष्णसिंह मोक्तानको **जीवन परिक्रमा** (सन् १९९४) प्रभृति उपन्यासमा चाहिँ प्रथम पुरुषका माध्यमबाट प्रस्तुतिले आत्मपरक कथानकको भूमिमा खेलेको पाइन्छ" (पृ.१४२) । यस भनाइले मोक्तानका उपन्यासमा प्रथम पुरुष पात्रको प्रयोग हुने गरेको सङ्केत गर्दछ । मोक्तानको उपन्यास **जीवन परिक्रमा**मा कथावाचकका रूपमा प्रस्तुत चन्द्रशेखरले कथानकलाई अघि बढाएका छन् । यस उपन्यासले विभिन्न शीर्षक अन्तर्गत विभिन्न पात्र-पात्रा वा हत्यारा, अपराधी तथा आन्दोलनकारी कैदीहरूका सत्य घटनाहरूलाई प्रस्ट पार्न सफल भएको पाइन्छ । समीक्षकले मोक्तानको उपन्यास **जीवन परिक्रमा**मा आत्मपरक कथानकको मुख्य भूमिका रहेको छ भनेर उल्लेख मात्र गरेको पाइन्छ । नेपाली उपन्यासको सैद्धान्तिक अध्ययन र समीक्षाको रूपमा मोक्तानका उपन्यासकारिताको विश्लेषण नभएको अनि यस शोधको विषय कृष्णसिंह मोक्तानको उपन्यासकारिता भएको हुनाले उनका सम्पूर्ण उपन्यासको सैद्धान्तिक आधारमा समीक्षा हुन बाँकी नै रहेको छ । यस समीक्षाबाट भने मोक्तानका उपन्यास बारेमा थोरै जानकारी प्राप्त भएको छ ।

घनश्याम नेपाल (सन् १९९१) ले **नेपाली साहित्यको परिचयात्मक इतिहास** नामक कृतिमा सङ्कलित 'रोमान्टिककालीन उपन्यास' शीर्षक अन्तर्गत नेपाली साहित्यका विभिन्न स्वच्छन्दतावादी उपन्यासहरूको अध्ययन र विश्लेषण गरेका छन् । उनले कृष्णसिंह मोक्तानका उपन्यास **चरणधूलि** र **अशेष यात्रा**लाई पनि रोमान्टिक उपन्यासहरूको कित्तामा राखेका छन् । नेपालको भनाइमा- "शिवकुमार राई, अच्छा राई 'रसिक', कृष्णसिंह मोक्तान, लीलबहादुर छेत्री, इन्द्र सुन्दासहरू, रूपनारायणकै रोमान्टिक लेखन परम्परामा दीक्षित भएर उनकै औपन्यासिक आदर्शमा हिँडेका छन्" (पृ.९५) । नेपालले मोक्तानका उपन्यासको उल्लेख मात्र गरेका भए तापनि उनको उक्त समीक्षाद्वारा **चरणधूलि** र **अशेष यात्रा** उपन्यासले नेपाली उपन्यासको

इतिहासमा स्वच्छन्दतावादी प्रवृत्तिलाई अँगालेको स्पष्ट हुन्छ । यसबाट पनि प्रस्तुत शोध प्रबन्धका निम्ति धेरैथोरै सहयोग प्राप्त हुन पुगेको छ ।

मोहनप्रसाद दाहाल (सन् १९९३) ले 'आधुनिक नेपाली उपन्यास साहित्य' शीर्षकको लेखमा कृष्णसिंह मोक्तानका उपन्यासलाई आधुनिक नेपाली उपन्यास बताउँदै उनका उपन्यासबारे विवेचना गरेका छन् । यस क्रममा उनले आधुनिक नेपाली उपन्यास साहित्यको मिरमिरे उज्यालो नेपालभित्र देखिए तापनि पूर्ण बिहानी भई झलमल्ल सूर्य दार्जिलिङबाटै उदाएको विचार प्रकट गरेका छन् । यस विधामा स्वच्छन्दतावादी, यथार्थवादी, अतियथार्थवादी धाराको विकास गर्नमा दार्जिलिङको महत्त्वपूर्ण भूमिका रहेको कुरा रूपनारायण सिंह, लैनसिंह बाङ्देल र इन्द्रबहादुर राईका कृतिहरूको विवेचनाबाट स्पष्ट हुने कुरा पनि उनले बताएका छन् । गएको चार दशकभन्दा अधिक (सन् १९३६-१९८०) समयावधिमा भारत र नेपालबाट धेरै उपन्यासकारहरू आआफ्ना कृति लिएर देखा परे तापनि तीमध्ये औपन्यासिक गुण-गरिमा अथवा नवीन शिल्प-शैली प्रयोगगत वैशिष्ट्यका दृष्टिले केही सीमित उपन्यासकारहरू मात्र उल्लेख्य रहेको बताएका छन् । उनका विचारमा ती उल्लेख्य उपन्यासकारहरू यस प्रकार छन् : अच्छा राई 'रसिक', इन्द्र सुन्दास, कृष्णसिंह मोक्तान, शङ्कर कोइराला, तुलसीराम कुँवर, रवीन्द्र कुमार मोक्तान, बीरेन्द्र, ताना शर्मा, परशु प्रधान, जय धमला, असीत राई, हर्क योञ्जन, मोहन दुखुन, काजी प्रधान, तोयानिधि पौड्याल, नन्द हाङ्खिम, अर्जुन निरौला, शरद् छेत्री, गुप्त प्रधान, बी.बी.एच. तामाङ इत्यादि । दाहालको उक्त समीक्षाद्वारा विभिन्न कृतिकारहरूका समूहमा कृष्णसिंह मोक्तान अघिल्ला पङ्क्तिमा रहेको कुरा प्रस्ट हुन्छ ।

जीवन लाबर (सन् १९९४) ले 'कथाकार-उपन्यासकार कृष्णसिंह मोक्तान' शीर्षकको लेखमा कृष्णसिंह मोक्तानलाई नेपाली साहित्यका शीर्षस्थ कथाकार साथै उपन्यासकार मानेका छन् । **हाम्रो कथा** कथाप्रधान पत्रिकामा 'गरीबको आँसु' शीर्षक कथा लेखेर कथा साहित्यको क्षेत्रमा प्रवेश गरेका मोक्तानका सन् १९९४ सम्म प्रकाशित समग्र कृतिहरूको सर्वेक्षण गर्दै मोक्तानले पश्चिम बङ्गाल सरकारी जेल सर्भिसेस्मा जलपाइगढी जेल, वर्द्धमान जेल, आसनसोल जेल, बहरमपुर केन्द्रीय जेल, दमदम केन्द्रीय जेल, प्रेसिडेन्सी जेल, अलिपुर केन्द्रीय जेलमा धेरै वर्षमा सुपरिन्टेन्डेन्टको पदमा कार्यरत रहेर पछि डिपुटी इन्सपेक्टर जेनरल अफ पुलिस (डी.आइ.जी.) भएको, भारतीय नेपालीहरूमा यति ठुलो ओहदामा पुग्ने उनी प्रथम व्यक्ति भएको र नेपाली उपन्यासहरूमा सामाजिक चित्रणलाई प्रमुखता दिएको कुरा उक्त लेखमा उल्लेख गरिएको छ । हाम्रा उपन्यासहरूले आफ्ना पात्रहरूलाई दार्जिलिङ र नेपालदेखि बाहिर निकाल्न नसकेको तथा विभिन्न पेसा र समाजमा हुल्न पनि नसकेको विचार उपन्यासकारको रहेको समीक्षकले यस लेखमा जनाएका छन् । लाबरले त्यस समयका उपन्यास लेखनमा योगदान दिने अग्रज उपन्यासकारहरूका उपन्यासहरूको योगदान अत्यन्त सन्तोषप्रद ठान्दै मोक्तानको **चरणधूलि** उपन्यासलाई उनका कृतिहरूमध्ये सर्वश्रेष्ठ मानेका छन् । यसको मूल कारण लेखन शैली, भाषिक सरलता अनि साधारण चरित्र भएको र उपन्यासमा टिस्टा नदी नेपालीहरूको जातीय नदी भएको, फौजी पेसा गोर्खालीहरूको जातीय पेसा भएको अनि दार्जिलिङको

मालगोदाम अति प्रिय स्थान भएको, कलकत्ता, सियालदह स्टेशन, मलाया आदि गोर्खाली जातिका प्रमुख स्थानहरू पानी पँधेरा भएको र यी सबै यस उपन्यासमा समावेश भएकाले यो उपन्यास लोकप्रिय मात्र होइन नेपाली साहित्यमा प्रमुख भएर बसेको निचोड उनको रहेको छ । लाबरका उक्त समीक्षाबाट प्रस्तुत शोधकार्यमा मोक्तानका व्यक्तित्व साथै उनको उपन्यासकारिताका बारेमा थप जानकारी प्राप्त हुन सकेको छ ।

राजेन्द्र सुवेदी (२०५३) ले **नेपाली उपन्यास : परम्परा र प्रवृत्ति** कृति अन्तर्गत 'स्वच्छन्दतावादी परम्परा र नेपाली उपन्यास' शीर्षक दिएर नेपाली उपन्यास परम्परामा स्वच्छन्दतावादको जन्म दार्जिलिङबाट भएको स्पष्ट गरेका छन् । भारतीय परिवेशमा अपेक्षित धार्मिक र राजनीतिक स्वतन्त्रता, भाषिक र सांस्कृतिक जागरण, छुवाछुत र अन्तर्जातीय भेदभावको लचिलोपन क्रमशः विकसित हुँदै स्वच्छन्दतावादी प्रवृत्तिको आरम्भ रूपनारायण सिंहको **भ्रमर** (सन् १९६३) उपन्यासबाट भएको उल्लेख गर्दै प्रारम्भदेखि वर्तमानसम्म स्वच्छन्दतावादी धारामा लेखिएका कृतिको सूचीमा कृष्णसिंह मोक्तानका उपन्यासहरू **चरणधूलि**, **अशेष यात्रा** र **जीवन परिक्रमा**लाई पनि समावेश गरेका छन् । समीक्षक सुवेदी यस बारेमा लेख्छन् :

> दार्जिलिङका स्वच्छन्दतावादी उपन्यासकारहरूका योगदान अति नै महत्त्वपूर्ण रहेको छ । यस परम्परामा नेपालभित्रको तुलनामा दार्जिलिङको योगदान उच्च रहेको छ । यस्ता उपन्यासकारहरूमा कृष्णसिंह मोक्तान **चरणधूलि**, **अशेष यात्रा** र **जीवन परिक्रमा**जस्ता उपन्यास लिएर आएका छन् । उनका उपन्यासहरूमा रोमान्टिक प्रवृत्ति प्रखर रूपमा मौलाएको छ । (पृ.८२)

सुवेदीले यसमा कृष्णसिंह मोक्तानका उपन्यासहरूले स्वच्छन्दतावादी धाराको विकासमा महत्त्वपूर्ण भूमिका निभाएको जानकारी दिएका छन् । रूपनारायणसिंहको **भ्रमर** उपन्यासपछिका उपन्यासहरूमा मोक्तानका **चरणधूलि**, **अशेष यात्रा** अनि **जीवन परिक्रमा** उपन्यासहरूमा रोमान्टिक प्रवृत्ति फस्टाउन सकेको तथ्यबाट यस शोधमा उल्लिखित कृतिको विश्लेषण गरी मोक्तानको उपन्यासकारिताको निरूपण गर्न थप सहयोग मिल्न सकेको छ ।

ईश्वर बराल (सन् १९९८) ले 'आधुनिक भारतीय नेपाली आख्यानकार अच्छा राई 'रसिक', कृष्णसिंह मोक्तान इन्द्रबहादुर राई' शीर्षकको लेखमा नेपाली आख्यान साहित्यमा रूपनारायण सिंहले बसालेका जगमा गाह्रो लगाउने काम लैनसिंह बाङ्देल, शिवकुमार राई तथा इन्द्र सुन्दासबाट भएको र यसै परम्परामा अच्छा राई 'रसिक', कृष्णसिंह मोक्तान अनि इन्द्रबहादुर राई पनि हिँडेको उल्लेख गरेका छन् । बरालको भनाइ अनुसार बाङ्देलपछि अन्य कतिपय भारतीय नेपाली आख्यानकारहरूले प्रवासी नेपालीका आञ्चलिक सामाजिक जीवनको प्रशस्त सेरोफेरो लगाउने रचना लेख्न छाडेनन् । अच्छा राई 'रसिक', कृष्णसिंह मोक्तान अनि इन्द्रबहादुर राईले आफ्नो अवस्थल छाडेनन् र ती रूपनारायण सिंह आदिले बनाइदिएका साहित्यिक बाटामा लागिरहे । मोक्तानले आफ्नो जन्मथलो नछोडी भारतमा नै बसेर प्रवासी नेपालीका आञ्चलिक, सामाजिक जीवनको सेरोफेरोलाई प्रस्ट पार्ने उपन्यासहरू लेखेका छन् र

उनका **चरणधूलि**का मुख्य चरित्र भर्खरै कुतकुते बैंशमा पदार्पण गरेका रोमान्टिक, भावुक कलेजका छात्र-छात्रा भएका हुनाले उपन्यास रोमान्टिक भावधारामा बगेको छ तथा **जीवन परिक्रमा**मा भने सामाजिक यथार्थवादी परम्परालाई अँगालेर दार्जिलिङको नेपाली समाज र परिवेशलाई उपन्यासमा भित्र्याएको कुरा बरालले उल्लेख गरेका छन् । बरालको प्रस्तुत कार्य पनि मोक्तानका औपन्यासिक प्रवृत्तिको पहिचान र निरूपणका लागि उपयोगी देखिएको छ ।

मोहनप्रसाद दाहाल (सन् २००१) ले 'दार्जिलिङमा नेपाली उपन्यासको प्रारम्भ' शीर्षकको लेखमा रूपनारायण सिंहको **भ्रमर** (सन् १९३६) अनि लैनसिंह बाङ्देलका **मुलुकबाहिर** (सन् १९४८), **माइतघर** (सन् १९४९) र **लङ्गडाको साथी** (सन् १९५१) जस्ता औपन्यासिक कृतिहरूले विकास गरेका मौलिक नेपाली उपन्यास लेखन-परम्पराको प्रत्यक्ष र परोक्ष प्रभाव ग्रहण गरी परवर्ती कालमा दार्जिलिङ अञ्चलबाटै अच्छा राई 'रसिक', शिवकुमार राई, इन्द्र सुन्दास, कृष्णसिंह मोक्तान, इन्द्रबहादुर राई, नारद कुमार छेत्री, नरबहादुर दाहाल आदि उपन्यासकारहरू पदार्पण भएको उल्लेख गरेका छन् (पृ.१००) । यसै सन्दर्भमा दाहालले कृष्णसिंह मोक्तानका **चरणधूलि** उपन्यासको सङ्क्षिप्त समीक्षात्मक टिप्पणी गर्दै सरल भाषामा लेखिएको यस उपन्यासको शैली वर्णनात्मक भएको र यसमा दार्जिलिङको जन-जीवनलाई यथार्थ ढङ्गले चित्रण गर्ने सामाजिक उपन्यास भएको उल्लेख गरेका छन् । उनका अनुसार यो स्वच्छन्द प्रेमपरक रचना भए तापनि यसमा समाजको मध्यम र निम्नवर्गीय मानिसहरूका दैनन्दिन जीवन-सङ्घर्ष र तिनीहरूको चरित्रमा देखा परेको उदारता, दया, निष्कपटता, सहानुभूति र मानवताका गुणहरूको अङ्कन भएको पाइन्छ । त्यसै गरी मोक्तानको दोस्रो उपन्यास **अशेष यात्रा** मानव जीवन यात्रामा आइपर्ने नाना अद्‌भुत स्थिति र परिस्थिति तथा समस्या र परिबन्दले मानिसलाई सदैव सङ्घर्षशील हुन बाध्य गराउँदछ भन्ने विचार र भावले प्रेरित भएर रचना गरेको कुरा दाहालले उल्लेख गरेका छन् । यसरी **चरणधूलि** र **अशेष यात्रा**लाई सामाजिक यथार्थवादी उपन्यास मान्ने दाहालको प्रस्तुत पूर्वकार्यले पनि यस शोधका लागि महत्त्वपूर्ण आधारभूमिको कार्य गरेको छ र मोक्तानको उपन्यासकारिताको विश्लेषणका लागि सहायक सामग्रीका रूपमा भूमिका खेलेको छ ।

हरेन आले (सन् २००२) ले 'कृष्णसिंह मोक्तान : आफ्ना उपन्यासहरूमा' शीर्षकको लेखमा कृष्णसिंह मोक्तानलाई पचास-साठीको दशकका एक सफल उपन्यासकार मानेका छन् । उनले त्यस समयको परिवेशगत चित्र उतार्न सक्षम रहेका उनका उपन्यास **चरणधूलि** र **अशेष यात्रा** दुवै सुखान्त उपन्यास भएको ठहर गरेका छन् । यी दुवै उपन्यासको लक्ष्य र उद्देश्य एउटै रहेको, केवल स्थान, परिस्थिति मात्र भिन्न भएको र दुवै उपन्यासले प्रेमको सन्देश दिएको पनि आलेले उल्लेख गरेका छन् । मोक्तानका उपन्यासको भाषा सरल भएका कारण सबैका निम्ति पठनयोग्य, मननयोग्य भएका छन् । उनी आफ्ना समयका एक सशक्त उपन्यासकार भएर नेपाली साहित्याकाशमा उभिएको निष्कर्ष उनले प्रस्तुत गरेका छन् । आलेको यस कार्यले पनि प्रस्तुत शोधमा सन्दर्भ सामग्रीको भूमिका खेलेको छ ।

कृष्णचन्द्रसिंह प्रधान (२०६१) ले 'स्वच्छन्दतावादी प्रभाव र रोमान्स' शीर्षक दिएर आधुनिक नेपाली उपन्यासको विकासक्रममा स्वच्छन्दतावादी प्रवृत्तिको विवेचना गर्दै स्वच्छन्दतावादी प्रभाव नेपालमा भन्दा बढी दार्जिलिङका उपन्यासकारहरूका उपन्यासमा देखिएको र यसै क्रममा कृष्णसिंह मोक्तानको **अशेष यात्रा** स्वच्छन्दतावादी उपन्यासका रूपमा आएको उल्लेख गरेका छन् । शिवकुमार राईको **डाकबंगला**, देवनम देवशाको **तूफान**, रवीन्द्रकुमार मोक्तानको **कलिलो फूल गुलाफ**को आदि रोमान्टिक पाराका उपन्यासमध्ये कृष्णसिंह मोक्तानको **अशेष यात्रा** पनि सोही प्रवृत्तिमै आएको उल्लेख उनले गरेका छन् । प्रधानका अनुसार यी उपन्यासहरूमा रोमान्टिसिज्म अंशतः अनुसरित भएर प्रेमजीवी, भावुक प्रेममा उद्वेलित, असफलता, त्याग र संयोगको अत्याधिक प्रचलित प्रेमकथामा **अशेष यात्रा** लेखिएको निष्कर्ष प्रस्तुत गरेका छन् । प्रधानको यस लेखद्वारा मोक्तानका प्रवृत्तिबारे जानकारी प्राप्त भएको छ ।

मोहन पी. दाहाल (सन् २००४) ले **साहित्य संकेत**मा प्रकाशित 'कृष्णसिंह मोक्तानका उपन्यास कृतिहरूको परिचय' शीर्षकको लेखमा कृष्णसिंह मोक्तानको परिचय, रुचि, साहित्य-साधना आदिको वर्णन सँगसँगै मोक्तानका **चरणधूलि**, **अशेष यात्रा** र **जीवन परिक्रमा** तिन ओटा उपन्यास कृतिहरूको समीक्षा प्रस्तुत गरेका छन् । यस लेखमा मोक्तानका उल्लिखित उपन्यासको औपन्यासिक तत्त्वका आधारमा सङ्क्षिप्त रूपमा समीक्षा गरिएको छ । समीक्षक दाहालले यस लेखमा **भ्रमर** र **चरणधूलि** उपन्यासको तुलनात्मक विवेचना पनि प्रस्तुत गरेका छन् । यस समीक्षाबाट प्रस्तुत शोधका लागि उपन्यास विश्लेषणको पद्धतिगत आधारको चयन तथा मोक्तानका उपन्यासको विश्लेषण गरी उनका औपन्यासिक विशेषताको पहिचान र निरूपणका लागि प्रशस्त प्रायोगिक सन्दर्भ सामग्री प्राप्त हुन सकेको छ ।

हीरामणि पौड्याल (२०६१) ले 'आधुनिक नेपाली उपन्यासका प्रमुख मोड र तिनका प्रवृत्तिहरू' शीर्षकभित्र विभिन्न नेपाली उपन्यासहरूको विस्तृत अध्ययन गरेर समीक्षात्मक प्रस्तुति गरेका छन् । यस समीक्षा अन्तर्गत उनले कृष्णसिंह मोक्तानका उपन्यासहरू **चरणधूलि** र **अशेष यात्रा**लाई नेपाली उपन्यासका आदर्शोन्मुख यथार्थवादी धारा अन्तर्गत राखेका छन् । यी उपन्यासहरूमा जातिप्रतिको विरोध, विधवा समस्याको उद्घाटन, प्रेमविवाह र पुनर्विवाहको समर्थन, हृदय परिवर्तनमा पूर्ण आस्था, नीतिवादी सुधारवादी चेतना, अध्यात्मवादी जीवन दृष्टि, सामाजिक न्यायको आग्रह जस्ता प्रवृत्ति भएको उल्लेख उनले गरेका छन् । असत् पक्षमाथि सत्पक्षको विजय देखाएर भावनाको आदर्शीकरण गर्नु र हृदय परिवर्तनमा पूर्ण निष्ठा देखाउनु आदर्शोन्मुख, सामाजिक समस्याको सतही उद्घाटन र त्यसको भावनावादी आदर्शवादी समाधान नै आदर्शोन्मुख यथार्थवादको मुख्य पहिचान भएको र यसै आधारमा मोक्तानका उपन्यासहरू **चरणधूलि** तथा **अशेष यात्रा** उक्त धारामा केन्द्रित भएर लेखिएको उल्लेख पौड्यालले गरेका छन् । पौड्यालको प्रस्तुत पूर्वकार्यले यस शोधमा मोक्तानका औपन्यासिक प्रवृत्ति निर्धारण र विशलेषण कार्यमा निकै सघाएको छ ।

असीत राई (सन् २००४) ले 'स्वातन्त्रोत्तर काल वा अत्याधुनिक काल' शीर्षक अन्तर्गत कृष्णसिंह मोक्तानलाई सन् १९५० पछिका उपन्यासकारहरूका लहरमा राखेका छन् । यस समयमा असङ्ख्य कवि, कथाकार, उपन्यासकार, निबन्धकार आदिका प्रशस्त पुस्तकहरू प्रकाशित भएको र तीमध्ये मोक्तानका **चरणधूलि**, **अशेष यात्रा** उपन्यासको महत्त्वपूर्ण भूमिका रहेको उल्लेख राईले गरेका छन् । उनको कथन छ- "रूपनारायण सिंहले **भ्रमर**को गुञ्जनबाट सूत्रपात गरेका रोमान्टिक भावसंसारमा शिवकुमार राईको अनुगामी भएर सन् १९५६ मा आदर्शताको **चरणधूलि** चुम्न आइपुगेका छन् मोक्तान । **भ्रमरको** शेखर नै उच्छृङ्खलता बोकेका नायक **चरणधूलिमा** देखापरेका छन्" (पृ.४९) । मोक्तानका उपर्युक्त दुई उपन्यासलाई स्वच्छन्दतावादी उपन्यासको पङ्क्तिमा राखेर विश्लेषण गरेका राईले मोक्तान आफ्ना उपन्यासमा नयाँ भाव र नयाँ बोध बोकेर नयाँ शिल्प-चेतना, नयाँ क्षितिज लिएर निस्कएका उपन्यासकारहरूमध्ये एक भएको निष्कर्ष प्रस्तुत गरेका छन् । मोक्तानको अर्को उपन्यास **जीवन परिक्रमा** चाहिँ कैदीहरूको जीवनको करुण कथाहरू बटुलेर मार्मिक संसारको सिर्जना गर्ने कथानक लिएर यथार्थको कठोर धरातलमा उत्रन आइपुगेको उल्लेख राईले गरेका छन् । उपन्यासको भाषा सरल, सुन्दर र मनोहर भएको उल्लेख गर्दै राई लेख्छन्- "एकोहोरो कथात्मक प्रवाह बोकेर बग्न रुचाउने मोक्तान कैदीहरूकै संसार 'जेल' का कैदीहरूका जीवन्त कथा-व्यथा उपन्यासमा पोख्न सफल भएका छन्" (पृ.४९) । राईको यस समीक्षाबाट मोक्तानका उपन्यासमा सामाजिक यथार्थको चित्रण भएको कुरा बुझ्न सकिन्छ । प्रस्तुत शोध प्रबन्धका निम्ति राईको उपर्युक्त समीक्षाबाट धेरै सहयोग पुग्न सकेको छ ।

कर्ण थामी (सन् २००६) ले 'कृष्णसिंह मोक्तानको जीवन गोरेटोमा हिँड्दै जाँदा' शीर्षकको लेखमा कृष्णसिंह मोक्तानको **जीवन गोरेटोमा** उपन्यासको समीक्षा गरेका छन् । मोक्तान जेलखानाका कारागाराध्यक्ष पदमा रहेका समयकालमा जेलखानाहरूमा सजाय प्राप्त असङ्ख्य कैदीहरूलाई नजिकबाट हेरेर उपन्यासका पात्रहरूमा समावेश गरेको, उक्त उपन्यासमा विभिन्न चरित्रका पात्रहरू भएको र उनीहरू आआफ्ना भूमिका बेग्लाबेग्लै अस्तित्व लिएर पाठक समक्ष आएको सन्दर्भ जोड्दै ती सबै हाम्रो देशको परम्परासित नमिल्दो समाज व्यवस्था, कुसंस्कारहरूका उपजहरू भएको उल्लेख थामीले गरेका छन् । उपन्यासकार मोक्तान मानवतावादी, संवेदनशील साथै ईश्वरभक्त भएका हुनाले ती कैदीहरूका जीवन, आशा, आकाङ्क्षा र गतिविधिहरू **जीवन गोरेटोमा** उपन्यासबाट स्पष्ट दर्शाएको थामीले उक्त लेखमा उल्लेख गरेका छन् । उक्त समीक्षाद्वारा मोक्तानका **जीवन गोरेटोमा** उपन्यासमा भएका पात्र, घटनाहरूले सामाजिक यथार्थको जानकारी प्राप्त हुन सकेको छ र यस शोधका लागि यो कार्य उपयोगी रहेको छ ।

किरण स्याङ्देन (सन् २००६) ले 'स्मृतिमा अल्झेका ती तीन दिनहरू' शीर्षकको लेखमा कृष्णसिंह मोक्तानका व्यक्तित्वमा ईश्वरत्व भएको मानेका छन् । मानिसले जति असल कर्महरू गरेर पूज्य बन्छन् ती सबै गराउने हामीसित भएको ईश्वरत्व नै हो । जबसम्म हामीले अहङ्कार त्याग्दैनौं तबसम्म हामीलाई दुःख र अशान्तिले छोड्दैन । जीवनलाई स्फूर्ति दिने केवल प्रेम

मात्र अचुक औषधि हो । प्रेम निःस्वार्थ भेदभाव रहित हुनु पर्छ जो सूर्यको प्रकाश समान हुन्छन् भन्ने साई दर्शनलाई पालना गर्ने मोक्तानमा समीक्षकले ईश्वरत्व भएको महात्मा समान ठानेका छन् । प्रस्तुत शोधमा उक्त लेखबाट मोक्तानको व्यावहारिक, सामाजिक अनि साहित्यिक योगदानको जानकारी हुन सकेको छ ।

गाब्रियल राना (सन् २००६) ले 'पुस्तक निरूपण' शीर्षकको लेखमा कृष्णसिंह मोक्तानको उपन्यास **जीवन परिक्रमा**को निरूपण गरेका छन् । **जीवन परिक्रमा** उपन्यासमा परेका प्रत्येक चरित्र नै रोचक र रहस्यमय भएको र प्रत्येकले नै सग्लो जिन्दगीको प्रतिनिधित्व गरेको कुरा रानाले उक्त लेखमा उल्लेख गरेका छन् । उपन्यासकारको मनमा प्रत्येक चरित्रप्रति नै अथाह सहानुभूति रहेको कारणले ती चरित्रहरू टिठलाग्दा अवस्थामा हाम्रो अघि उभिन आउने, वर्णनको मार्मिकताले हाम्रो आँखामात्र होइन अन्तरात्मा समेत रसाउने भएकाले आफ्नो अनुभूति र सहानुभूति पाठकमा सञ्चार गर्ने कार्यमा लेखक ज्यादै सफल भएको उल्लेख पनि रानाले उल्लेख गरेका छन् । रानाको उक्त समीक्षाद्वारा प्रस्तुत शोधकार्यलाई केही सहयोग पुग्न सकेको छ ।

जेम्स कार्थक (सन् २००६) ले 'नेपाली साहित्यको ऐतिहासिक विकासक्रमको परिचय' शीर्षकको लेखमा नेपाली साहित्यका विभिन्न विधाहरू कविता, कथा, उपन्यास, निबन्ध, नाटक आदिको कालक्रम अनुसार सङ्क्षेपमा ऐतिहासिक विवेचना गरिएको पाइन्छ । यसमा नेपाली साहित्यको उपन्यास विधाको ऐतिहासिक विकासमाथि प्रकाश पार्ने क्रममा कृष्णसिंह मोक्तानका **चरणधूलि** र **अशेष यात्रा** उपन्यासलाई माध्यमिक कालको समयावधिभित्र राखिएको पाइन्छ । यस लेखमा उल्लेख भए अनुसार नेपाली उपन्यास साहित्यमा मोक्तानका उपन्यासको स्थान उच्च रहेको जानकारी पाइन्छ ।

डी.एस. मोक्तान (सन् २००६) ले **हिमालय दर्पण** पत्रिकामा प्रकाशित 'जीवन परिक्रमा र जीवन गोरेटोमा विविध आवरणभित्र एउटै दिव्यताको खोज' शीर्षकको लेखमा कृष्णसिंह मोक्तानका **जीवन परिक्रमा** र **जीवन गोरेटोमा** उपन्यासभित्र दिव्यताको खोज रहेको जानकारी गराएका छन् । यी उपन्यासका पात्रहरू कैदी, अपराधी, हत्याराहरू छन् तर तिनीहरूभित्र पनि मानवताको गुण लुकेको भन्दै उनीहरू परिस्थितिले गर्दा दोषी नै नभई बाध्यताले कानुनका सामु दोषी भएको निचोड मोक्तानको रहेको छ । प्रस्तुत पूर्वकार्यबाट पनि यस शोधमा सामग्री सङ्कलन गर्ने क्रममा सहयोग पुग्न सकेको छ ।

नयनसिंह सुब्बा (सन् २००६) ले 'श्री कृष्णसिंह मोक्तानको **जीवन गोरेटोमा** दुई चार कदमसम्मन् अघि हिँड्दा' शीर्षकको लेखमा कृष्णसिंह मोक्तानका **जीवन गोरेटोमा** उपन्यासका प्रत्येक उप-शीर्षकमाथि समीक्षात्मक टिप्पणी दिएका छन् । उपन्यासका नायक चन्द्रशेखरको छद्म रूपमा नटवरलालको भूमिका अत्यन्त सजीव र छर्लङ्ग अभिनीत गरेको हुनाले जीवनको वास्तविक रङ्गमञ्च हाम्रो आँखाकै सामुन्ने आएको उल्लेख पनि उक्त लेखमा गरिएको छ । यस सन्दर्भमा उनले "**जीवन गोरेटोमा** प्रस्तुत प्रत्येक व्यञ्जनबाट सुधारस तपतप चुहुने र आफै ओझल परी सर्वत्र ज्योति फिँजाउने सदाबहार प्रमोद बाबु, स्वतन्त्र संग्रामी देशका महान् नेता

विभूतिहरूका समूह गान्धी, नेहरू, सुभाषचन्द्र बोस, प्रमोददास गुप्त एवं उनीहरूको चरम सीमाको सुसंस्कृत आचरण, सहनशीलता, औदार्य र विनम्रताको अलौकिक सङ्गम रहेको" कुरा स्पष्ट भएको उल्लेख सुब्बाको उक्त लेखमा गरिएको छ । यस टिप्पणीबाट पनि मोक्तानका औपन्यासिक सिर्जनाका पृष्ठभूमिबारे जानकारी प्राप्त भएको छ ।

रवीन राई (सन् २००६) ले 'साहित्य अकादमीले पुरस्कृत जीवन गोरेटोका धनी कृष्णसिंह मोक्तान' शीर्षकको लेखमा कृष्णसिंह मोक्तान कम्ती बोल्ने, धेरै उपदेश दिने, सत्य कुरा शुद्ध वचन भएका आदर्श व्यक्ति भएको उल्लेख गरेका छन् । त्यस्तै उनले उक्त लेखमा **जीवन गोरेटोमा** उपन्यासका आधारमा मोक्तानका व्यक्तित्व र कृतित्वको सङ्क्षिप्त समीक्षा प्रस्तुत गरेका छन् । नेपाली साहित्य जगत्ले धेरै पछि चिने पनि मोक्तान एक अब्बल दर्जाका साहित्यकार अनि कुशल व्यक्तित्व भएको निष्कर्ष राईको छ । यस समीक्षात्मक लेखले सङ्क्षेपमै भए पनि मोक्तानका औपन्यासिक प्रवृत्तिबारे सङ्केत गरेको छ ।

विन्द्या सुब्बा (सन् २००६) ले 'श्री कृष्णसिंह मोक्तान-आध्यात्मिक र साहित्यका एक अपूर्व संगम' शीर्षकको लेखमा कृष्णसिंह मोक्तानलाई अध्यात्मका साथै साहित्यका एक धरोहरका रूपमा चित्रण गरेकी छन् । मोक्तानका बाल्यकाल, शिक्षा र साहित्यिक पृष्ठभूमिको अध्ययनद्वारा सुब्बाले उनलाई मुद्रित भावका एक सौम्य व्यक्ति, धीरोदात्त, सर्वहितैषी, विनयी, निराभिमान, अति व्यस्त र हरपल आनन्दमयी भावमा देखिने नेपाली साहित्यका सम्माननीय प्रबुद्ध साहित्यकार र आध्यात्मिक जगत्मा पनि एक श्रेष्ठ मार्गदर्शक, गुरु र 'साई गंगोत्री' जस्ता विभिन्न विशेषताले युक्त सुपरिचित गौरवमय हस्ती भनेकी छन् । सुब्बाले मोक्तानका दुई उपन्यासहरू **चरणधूलि** र **अशेष यात्रा** त्यस बेला चलिरहेको स्वच्छन्दतावादी धारामा लेखिएका अत्यन्त सुन्दर, लोकप्रिय र चर्चित उपन्यास भएको चर्चा गरेकी छन् । **जीवन परिक्रमा** उपन्यासभन्दा व्यापक अनुभव र चिन्तनसाथ लेखिएको **जीवन गोरेटोमा** उपन्यासमा मानिसका अद्भूत मानस, वृत्ति, प्रवृत्ति, नियति र जीवन जगत्प्रति उनीहरूको विचित्र दृष्टिभङ्गीको प्रस्तुति रहेको चर्चा उनले गरेकी छन् । समष्टिमा यस लेखमा मोक्तानका प्रशासनिक, आध्यात्मिक, साहित्यिक आदि व्यक्तित्वका बारेमा सुब्बाले गहकिला समीक्षात्मक तथ्यहरू दिएकी छन् । यस समीक्षात्मक लेखबाट प्रस्तुत शोधमा मोक्तानको जीवनी, व्यक्तित्व र त्यसले उनका कृतित्वमा पारेको प्रभावको विश्लेषण गर्दै उनका औपन्यासिक प्रवृत्तिको निरूपणमा निकै सघाउ पुगेको छ ।

ऋषिराज बराल (२०६४) ले 'सौन्दर्यशास्त्रीय दृष्टिकोणमा समकालीन नेपाली गद्याख्यान' शीर्षकको लेखमा भारतीय नेपाली गद्याख्यानको समीक्षा गरेका छन् । बरालका अनुसार भारतीय नेपाली आख्यानमा नेपालीहरूमाथि भएका आर्थिक, राजनीतिक, सांस्कृतिक शोषणविरुद्धको चेतनाका रूपमा अभिव्यक्त आलोचनात्मक यथार्थवादी अवधारणा प्रकट भएको हुन्छ । बरालले भने अनुरूप नै कृष्णसिंह मोक्तानको उपन्यास **जीवन परिक्रमा**भित्र पनि आर्थिक, राजनैतिक, सांस्कृतिक शोषणको झलक प्रशस्त मात्रामा भएको पाइन्छ । बरालले भारतीय नेपाली गद्याख्यानकार रवीन्द्र मोक्तान, असीत राई, जय धमला, हर्क योञ्जन, भगीरथ रावत,

वद्रीनारायण प्रधान, चन्द्रेश्वर दुवै, नन्द हाङ्खिम, काजी प्रधान आदि आख्यानकारहरू मध्ये आलोचनात्मक यथार्थवादका अग्रीम पङ्क्तिमा मोक्तानलाई पनि राखेको पाइन्छ । यसबाट मोक्तानका प्रवृत्तिगत वैशिष्ट्य पर्गेल्न सघाउ पुगेको छ ।

कमल गुरुङ (सन् २००७) ले 'कृष्णसिंह मोक्तानका औपन्यासिक भावभूमिहरू' शीर्षकको लेखमा कृष्णसिंह मोक्तानलाई औपन्यासिक जगत्का एक सबल हस्ताक्षर मान्दै उनका औपन्यासिक यात्रा र **चरणधूलि, अशेष यात्रा, जीवन परिक्रमा** अनि **जीवन गोरेटोमा** उपन्यासहरूको भावभूमिको सिंहावलोकन गरेका छन् । आधुनिक नेपाली उपन्यासको मिर्मिरे कालको तेस्रो दशकमा (सन् १९५८) प्रकाशित **चरणधूलि** मोक्तानको प्रथम उपन्यास कृति हो । उक्त उपन्यास तत्कालीन दार्जिलिङको औपन्यासिक मूल प्रवृत्तिहरूकै प्रभावमा लेखिएको मानेका छन् । लेखकले उपन्यासको भूमिकामा आदर्शवादी भन्दा यथार्थवादी उपन्यास हो भन्ने विचार अभिव्यक्त गरेका भए तापनि समीक्षक गुरुङले **चरणधूलि** उपन्यासलाई आदर्शोन्मुख यथार्थवादी उपन्यास मानेका छन् । कृष्णसिंह मोक्तानको दोस्रो उपन्यास **अशेष यात्रा**मा पुरुष र नारी बिचको सत्य प्रेमको सर्वोपरितालाई प्रमुख मानिएको छ । उक्त समीक्षाद्वारा प्रस्तुत शोधकार्यका निम्ति थप सामग्री बन्न सकेको छ ।

ज्ञानबहादुर छेत्री (सन् २००७) ले 'जीवन गोरेटोमा कृष्णसिंह मोक्तान' शीर्षकको लेखमा कृष्णसिंह मोक्तानका व्यक्तित्वको परिचय दिँदै उनका **जीवन गोरेटोमा** उपन्यासको विवेचना गरेका छन् । **जीवन गोरेटोमा** उपन्यासमा भएका पात्र-पात्राहरू हत्यारा, कुख्यात डाकु, ज्यानमारा, स्वाधीनता सेनानी अनि विद्रोही जननेता आदि भएको र यस उपन्यासमा भएका प्रसङ्गहरू, घटनाहरू, नामहरू साँचो प्रतीत हुने उल्लेख छेत्रीले गरेका छन् । जेल विभागमा कार्यरत छँदाका घटना अनि पात्र-पात्रालाई **जीवन गोरेटोमा** उपन्यासमा भेटिएका दश ओटा मोडका रूपमा प्रस्तुत गरेको चर्चा गर्दै छेत्रीले यस उपन्यासले सामाजिक, आर्थिक अनि राजनैतिक परिवेशको सफल चित्रण गर्न सक्षम भएको पनि उल्लेख गरेका छन् । छेत्रीको समीक्षामा **जीवन गोरेटोमा** उपन्यासको प्रत्येक उपशीर्षकको विवेचना गरेर यसको गरिमालाई स्पष्ट पार्ने काम भएको छ । यस समीक्षाबाट प्रस्तुत शोधमा उपन्यासको विश्लेषण गरी मोक्तानका औपन्यासिक विशेषता ठम्याउनका लागि निकै सघाउ पुगेको छ ।

नगेन्द्र 'गोर्खा' (सन् २००७) ले 'समयसितै जीवन बाँड्ने शैली' शीर्षकको लेखमा कृष्णसिंह मोक्तानको व्यक्तित्वको परिचय दिएका छन् । चालिस वर्ष पेसागत कार्यमा रहेर कलकत्ता महानगरीमा जीवनयापन गरी आफ्नै ठाउँ दार्जिलिङमा आएका उपन्यासकार मोक्तान कालेबुङ, खरसाङ, सिलगढी, गान्तोक, मिरिक, डुवर्स साथै गाउँ-बस्ती चारैतिरको आमन्त्रण स्वीकार गरी विभिन्न साहित्यिक साथै आध्यात्मिक कार्यक्रमहरूमा भाग लिइ रहेका व्यक्तित्वको रूपमा यस लेखमा चर्चा गरिएको छ । चालिस वर्ष अरूको सेवा गरेपछि बाँकी समय व्यस्तताबाट पन्छिएर सबैलाई साथ दिएका हुनाले उनको हार्दिकतापूर्ण जीवनशैली अनुकरणीय भएको निचोड यस लेखमा प्रस्तुत गरिएको छ । यस समीक्षा लेखद्वारा कृष्णसिंह मोक्तानका दैनिक जीवन शैली, व्यक्तित्व साथै समाजप्रतिको उनको योगदान स्पष्ट भएको छ । प्रस्तुत

शोधका लागि यो पूर्वकार्य मोक्तानका जीवनी, व्यक्तित्व र कृतित्वको अन्तःसम्बन्ध खोज्ने क्रममा सन्दर्भ सामग्रीका रूपमा उपयोगी भएको छ ।

बद्रीनारायण प्रधान (सन् २००७) ले '**जीवन गोरेटोमा** भएकी डुवर्सकी बघिनी रत्नमाया स्याङदेन' शीर्षकको लेखमा कृष्णसिंह मोक्तानका **जीवन गोरेटोमा** उपन्यासमा भएका सबै कथाहरू सत्य भएको तर्क प्रस्तुत गरेका छन् । समीक्षक प्रधानले पश्चिम बङ्गालका विभिन्न कारागारमा कार्यरत रहँदा मोक्तानले भेटेका, देखेका पात्रहरूका घटनाहरू यस उपन्यासमा समावेश भएको उल्लेख गरेका छन् । विभिन्न मुद्दाहरूमा फसेर आजीवन बन्दी भएका बन्दी-बन्दिनीहरूसितको वार्तालाप, विभिन्न राजनैतिक नेताहरूका व्यक्तिगत जीवन, आचार-व्यवहार, सैद्धान्तिक वेताहरूसितको भेटवार्ताहरूलाई साहित्यिक कलमले कुँदेर लेखिएका ती छोटा-छोटा कथाहरू साह्रै मनपर्दा, घटलाग्दा, रमाइलाहरू छन् । यिनै कथाहरूमध्ये 'डुवर्सकी बघिनी रत्नमाया स्याङदेन' बारेमा समीक्षकले खोज गरेका थिए । उनको खोज अनुसार उक्त पात्र भएको तथ्यको जानकारी दिएका छन् । समीक्षक प्रधानको खोजकार्य अनुसार मोक्तानका **जीवन गोरेटोमा** उपन्यासमा भएका सबै पात्रहरू यथार्थ छन् । उनले भारतको कानून व्यवस्थाको चर्चा गर्दै यसमा सुधार ल्याउनु पर्ने आह्वान गरेका छन् । उनको समीक्षाद्वारा यस शोधकार्यमा मोक्तानको औपन्यासिक विशेषताको खोजी गर्न निकै सघाउ पुगेको छ ।

शरद् छेत्री (सन् २००७) ले 'श्री कृष्णसिंह मोक्तान लिखित एक अनुपम कृति जीवन गोरेटोमा' शीर्षकको लेखमा कृष्णसिंह मोक्तान हाम्रा एक अत्यन्त प्रतिष्ठित व्यक्तित्व भएको र उनका परोपकारी गतिशीलताले एक किनारातर्फ साहित्य अनि अर्को किनारातर्फ अध्यात्म निरन्तर सिञ्चित रहनाले दुवै पक्ष धपक्क सुसज्जित भएको बताएका छन् । यस लेखमा मोक्तानका नैतिक, धार्मिक, शैक्षिक, नैष्ठिक, आध्यात्मिक, प्रभृति क्षेत्रहरू अन्तर्गत कर्मनिष्ठा र तीसँग सम्बन्धित लेखन अति प्रभावशाली भएको र उनका साहित्यिक रचनाहरूको महत्त्व उस्तै प्रकारले गरिमामय भएको चर्चा गर्दै मोक्तानको **जीवन गोरेटोमा** उपन्यासको समीक्षा प्रस्तुत गरिएको छ । छेत्रीको भनाइ अनुसार मोक्तानको व्यक्तित्व नै एक सन्तको झैँ छ, तथा उनको धीर, प्रशान्त, निराभिमानी, विनयशील, मधुरभाषी, भद्रतापूर्ण, सफा, सरल, ज्ञान र अनुशासनको योगले सिद्ध व्यक्तित्वमा उनलाई चिन्नेहरू सबैजना नै प्रभावित छन् । यस लेखबाट प्रस्तुत शोधका मूल समस्याका नजिक पुग्नका लागि थप सामग्री हुन सकेको छ ।

विन्द्या सुब्बा (सन् २००८) ले 'एउटा आध्यात्मिक भूमि र सृजनाका फूलहरू' शीर्षकको लेखमा कृष्णसिंह मोक्तानको आध्यात्मिक योगदान र उनका सृजनात्मक कृतिहरूको विवेचना गरेको पाइन्छ । पहाडी शिक्षाको ज्योति बाहक, सन्तपुरुष स्वामी प्रबुद्धानन्दको संसर्ग, सान्निध्य र स्नेहको सौभाग्य बालक कालमा नै पाएकाले स्वामीजीबाट नै शिक्षा सँगसँगै अनुशासन र अध्यात्म चेतनाको बीजारोपण मोक्तानमा भएको र स्वामीजीको आदर्श, त्याग, ईश्वर साधना एवम् मानव हितका कर्महरूबाट प्रभावित भई अध्यात्म बोधको उज्यालोले मोक्तानलाई दार्जिलिङका एक आध्यात्मिक गुरु साथै एक वरिष्ठ साहित्यकारका रूपमा परिचित गराएको कुरा सुब्बाको उक्त लेखमा उल्लेख गरिएको छ । दार्जिलिङका साई भजन-मण्डलीका

समन्वयक साथै साई भजनावली पूजाविधिहरू नेपालीमा अनुवाद गरी नेपाली साहित्यमा साई साहित्य चलाउने प्रथम व्यक्ति कृष्णसिंह मोक्तान नै भएको पनि उक्त लेखमा उल्लेख गरिएको छ । यसरी अध्यात्म विषयमा मोक्तानको महत्त्वपूर्ण योगदान रहेको निष्कर्ष सुब्बाको उक्त लेखमा प्रस्तुत गरिएको छ । प्रस्तुत शोधमा सुब्बाको उपर्युक्त समीक्षाबाट आध्यात्मिक भावभूमिबाट प्रभावित कृष्णसिंह मोक्तानको उपन्यासकारिता विश्लेषणमा महत्त्वपूर्ण सहयोग मिलेको छ ।

पुण्यप्रसाद शङ्कर (सन् २००८) ले 'श्री कृष्णसिंह मोक्तानको साहित्यिक परिचय' शीर्षकको लेखमा कृष्णसिंह मोक्तानको साहित्यिक परिचय विस्तृत रूपमा दिने प्रयास गरेका छन् । यस अन्तर्गत मोक्तानका जन्म, शिक्षा, सेवाकार्य, सेवाकार्यको क्षेत्र, साहित्यिक कृति, प्रमुख सम्पादन, सम्मान एवम् पुरस्कार साथै सम्बर्द्धन आदिको छोटकरीमा जानकारी प्रस्तुत गरेका छन् । उक्त समीक्षात्मक लेखमा मोक्तानले भारतीय नेपाली साहित्यको श्रीवृद्धि र अभिवृद्धिमा दिएको योगदान उल्लेखनीय रहेको उल्लेख गरेका छन् । उनले शैक्षिक, सामाजिक, आध्यात्मिक तथा प्रशासनिक क्षेत्रतिरको गतिविधिसँग आफ्ना साहित्यिक क्रियाकलापलाई समानान्तर रूपले गति प्रदान गरि रहेको सन्दर्भ उल्लेख गर्दै साहित्यिक क्षेत्र बाहेक उनको आध्यात्मिक योगदान अति नै प्रशंसनीय रहेको निष्कर्ष प्रस्तुत गरेका छन् । यस लेखद्वारा शंकरले मोक्तानको समग्र परिचय गराएर उनलाई सृजनशील साहित्यकार, विनम्रता र आत्मीयताका प्रतिमूर्ति शैक्षिक तथा प्रशासनिक क्षेत्रमा अब्बल दर्जाका अधिकारी, आध्यात्मिक क्षेत्रमा दार्जिलिङ पहाडी भेक लगायत समवर्ती क्षेत्रमा पुरुषोत्य सन्तात्मा समाज कल्याणार्थ तपयोगी, हाम्रो जाति, समाज र साहित्य सङ्गठनमा श्रीपृजमा कृष्णसिंह मोक्तान भारतीय मूलकै एक रत्नतुल्य व्यक्तित्वका धनी भएको निर्क्योल गरेका छन् । यस परिचयात्मक प्रस्तुतिबाट प्रस्तुत शोधकार्यमा कृष्णसिंह मोक्तानको व्यक्तित्वका सामाजिक, आध्यामिक, साहित्यिक पक्षको जानकारी मिल्ने भएकाले उनको उपन्यासकारिताको विश्लेषण गर्दा तिनको प्रभाव प्रेरणाको समेत मूल्याङ्कनका लागि निकै उपयोगी भएको देखिन्छ ।

विन्द्या सुब्बा (सन् २००८) ले 'एउटा अध्यात्मिक भूमि र सृजनाका फूलहरू' शीर्षकको लेखमा कृष्णसिंह मोक्तानलाई वरिष्ठ साहित्यकारको रूपमा मात्र नभएर आध्यात्मिक गुरुको रूपमा चिनाएका छन् । सुब्बा भन्छन्- "जिल्लाभरि, जिल्लाबाहिर, देशभरि र कहिले देशबाहिर पनि विभिन्न साई सङ्गठनका कार्यक्रमहरू सम्भाषण दिनु, यस्ता आध्यात्मिक सम्मेलनहरूमा दिव्य सम्भाषण प्रस्तुत गर्ने श्री मोक्तान एक गहन आध्यात्मिक चिन्तक, गम्भीर अध्येता, शास्त्र-ज्ञाता, तत्त्वज्ञानी, चिरसाधक र यस मार्गमा हाम्रा पथपदर्शक हुन्" (पृ.२३) । उच्च सरकारी ओहोदमा भएर पनि निरभिमान, अहम्शून्यता तथा दुःख-सुख दुवै स्थितिमा समभावको निर्वाह-शक्ति उनमा भएको मान्दै सुब्बाले कर्मयोग र भक्तियोगका एक प्रयोग, एक साधना, भगवान् श्री सत्य साई बाबाको एक अनन्य भक्त, अनुरागी प्रिय पात्र, गम्भीर साईबोधी र एक कर्मयोगीका रूपमा मोक्तानलाई चिनाएका छन् । यसरी मोक्तानको व्यक्तित्वका साथै उनको आध्यात्मिक चिन्तनको समीक्षा गरिएको यो पूर्वकार्य पनि प्रस्तुत शोधका लागि उपयोगी बनेको छ ।

शरद् छेत्री (सन् २००८) ले 'श्री कृष्णसिंह मोक्तान जीवन गोरेटोमा' शीर्षक अन्तर्गत रहेर कृष्णसिंह मोक्तानको व्यक्तित्वमा प्रकाश पार्दै उनका उपन्यासहरूको समीक्षा गरेका छन् । छेत्रीको भनाइ अनुसार- "मोक्तानका नैतिक, धार्मिक, शैक्षिक, आध्यात्मिक प्रभृति क्षेत्रहरू अन्तर्गत कर्मिष्ठता र ती सम्बन्धित लेखनादि प्रभावशाली छन् भने त्यस परिमलदेखि अर्को तटमा उत्कृष्ट साहित्यिक रचनाका महत्त्व पनि उस्तै प्रकारमा गरिमामय बनेका छन्" (पृ.६१) । ती गरिमामय कृतिहरूमध्ये **जीवन गोरेटोमा** उपन्यासको निम्ति सन् २००४ मा पश्चिम बङ्गालको भानुभक्त पुरस्कार साथै भारतको सर्वश्रेष्ठ पुरस्कार साहित्य अकादमी दिल्लीद्वारा सन् २००४ मा नै सम्मानित भएका छन् । क्षेत्रीको समीक्षानुसार मोक्तानमा एक किनारतर्फ साहित्य र अर्को किनारातर्फ आध्यात्मिकता निरन्तर सिञ्चित रहनाले दुवै पक्ष सशक्त भएको पाइन्छ । यसै क्रममा उनको उपन्यास **जीवन परिक्रमा**मा कैदीहरूको समस्या र विरोधी भावनालाई मात्र नलिएर उनीहरूको यथोचित विश्लेषण भएको ठहर उनले गरेका छन् । कृष्णसिंह मोक्तानको उपन्यास **जीवन गारेटोमा**लाई नेपाली उपन्यास जगत्मा नौलो परिपाटीको उपन्यास मान्ने समीक्षक छेत्रीले आफ्ना लेखका आधारबाट कृष्णसिंह मोक्तानको व्यक्तित्वको विश्लेषण पनि गरेको देखिन्छ । उनले यसै लेखद्वारा **जीवन गोरेटोमा** उपन्यासमा भएका विभिन्न उपशीर्षकका घटनाहरूका चर्चा परिचर्चा समेत गरेका हुनाले मोक्तानका व्यक्तित्व अनि कृतित्वको बारेमा प्रकाश पार्ने काम भएको देखिन्छ । यसैले यो समीक्षात्मक लेख प्रस्तुत शोधका निम्ति उपयोगी रहेको छ ।

१.४.२ पूर्वकार्यको समीक्षाको निष्कर्ष

नेपाली साहित्यको विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याउने उपन्यासकार कृष्णसिंह मोक्तानका औपन्यासिक कृतिको विश्लेषण तथा उनका औपन्यासिक विशेषताका बारेमा पूर्व अध्येताहरू त्यति धेरै गहिराइसम्म पुग्न सकेको देखिँदैन । पूर्ववर्तीले गरेका पूर्वकार्यहरू सङ्क्षिप्त अनि कुनै विशिष्ट सिद्धान्त र पद्धतिका आधारमा गरिएका टिप्पणी नभएर भावनात्मक, प्रभावपरक टिप्पणी वा समीक्षाका रूपमा देखिएका छन् । ती पूर्वकार्यले मोक्तानका उपन्यासकारिताको सूक्ष्म विश्लेषण गर्न सकेका छैनन् । मोक्तानको जीवनी, व्यक्तित्व, कृतित्व तथा तिनको अन्तःसम्बन्धको खोजी तिनमा हुन सकेको छैन । यसै गरी उनका चारै ओटा औपन्यासिक कृतिको विधातात्त्विक विश्लेषण, यसै विधा तात्त्विक विश्लेषणका आधारमा उनका औपन्यासिक विशेषताहरूको निर्धारण निरूपण गरी नेपाली उपन्यास लेखनका क्षेत्रमा उनले पुऱ्याएको योगदानको मूल्याङ्कन समेतको समष्टि अध्ययन कार्य पूर्ववर्ती अध्ययनमा भएको छैन । यही अभावपूर्ति गर्ने उद्देश्य राखेर यो शोधकार्य सम्पन्न गरिएको हो ।

१.५ अध्ययनको औचित्य र महत्त्व

नेपाली साहित्य र विशेषतः भारतीय नेपाली साहित्यको अभिवृद्धिमा महत्त्वपूर्ण भूमिका वहन गर्ने उपन्यासकार कृष्णसिंह मोक्तानको उपन्यासकारिताका विषयमा अध्ययन हुनु आफैमा

आवश्यक कार्य हुँदै हो । त्यसमाथि उनका उपन्यासमा पाइने प्रवृत्तिगत विशेषताहरू के हुन् भन्ने समस्याको समाधान खोज्न बाँकी छ भने उनको उपन्यासकारिता र त्यसका प्राप्तिको आकलन पनि बाँकी नै छ । यी प्राज्ञिक जिज्ञासाको समुचित समाधान अहिलेसम्म नभएकाले त्यसको प्राप्ति प्रयास महत्त्वपूर्ण कार्य हो । उपन्यास विधाको अध्ययनमा रुचि लिने पाठक वर्गलाई पनि यसले महत्त्वपूर्ण सामग्री उपलब्ध गराउने छ । यिनै सन्दर्भमा प्रस्तुत अध्ययनको औचित्य र महत्त्व रहेको छ ।

१.६ अध्ययनको सीमा

उपन्यासको विश्लेषणका निम्ति विभिन्न पद्धतिहरू प्रचलित छन् । ती मध्ये प्रस्तुत अध्ययनका निम्ति औपन्यासिक विधातत्त्वमा आधारित उपन्यास विश्लेषणका सैद्धान्तिक आधारको निरूपण गरिसकेपछि त्यसैका आधारमा कृष्णसिंह मोक्तानका उपन्यासहरूको विश्लेषण गरिएको छ । यस अध्ययनमा कुनै एउटा वाद विशेषलाई मात्र विश्लेषणको आधार बनाइएको छैन । मोक्तानका अनूदित कृति र उपन्यासेतर अन्य कृति पनि छन् तर यहाँ उनका नेपाली भाषामा प्रकाशित उपन्यासको मात्र अध्ययन गरिएको छ । वस्तुतः उपन्यासकारिता भन्नु विधातात्त्विक रचना पद्धतिको कौशल र प्रवृत्तिगत वैशिष्ट्यको समष्टि हो भन्ने मान्यतालाई आधार बनाई तिनै कोणबाट मात्र यहाँ मोक्तानका उपन्यासकारिताको विश्लेषण गरिएको छ ।

१.७ शोधविधि

शोधविधि अन्तर्गत सामग्री सङ्कलन विधि तथा विश्लेषणको सैद्धान्तिक आधार र ढाँचा पर्दछन् । तिनको परिचय तल प्रस्तुत गरिएको छ :

१.७.१ सामग्री सङ्कलन विधि

प्रस्तुत शोधका आधारभूत सामग्री कृष्णसिंह मोक्तानका उपन्यासहरू नै हुन् । यो शोधकार्य सम्पन्न गर्ने क्रममा मोक्तानबारे अरूले लेखेका लेख, समीक्षा तथा समालोचनालाई सन्दर्भ अथवा द्वितीयक सामग्रीका रूपमा उपयोग गरिएको छ । यी दुवै प्रकृतिका सामग्रीको सङ्कलन पुस्तकालयीय कार्यबाट गरिएको छ । शोधका लागि आवश्यक जीवनीगत र रचना प्रक्रियागत कतिपय तथ्यहरू शोध नायकसँग अन्तर्वार्ता लिएर पनि सङ्कलन गरिएको छ । शोधनायकसँग उनकै आवासमा पटक पटक गरी अन्तर्वार्ता लिइएको छ र त्यस क्रममा उनीसँग सोधिएका प्रश्नको उल्लेख पनि परिशिष्ट-५ मा गरिएको छ ।

१.७.२ विश्लेषणको सैद्धान्तिक आधार र ढाँचा

प्रस्तुत शोध साहित्यिक शोध भएकाले यसको प्रकृति गुणात्मक प्रकारको रहेको छ । त्यसैले यसमा मुख्य रूपले शोध्य सामग्रीको गम्भीर पठन र तत्पश्चात् विश्लेषणात्मक विधिद्वारा सामग्रीको अर्थापन गरिएको छ । मोक्तानको जीवनी र व्यक्तित्व तथा सिर्जन

यात्रालाई वर्णनात्मक विधिद्वारा प्रस्तुत गरिएको छ । पृथक् पृथक् शोध प्रश्नहरूका सन्दर्भमा सामग्री विश्लेषणको ढाँचा निम्नानुसार रहेको छ :

शोध्य प्रश्न 'क' को समाधानका क्रममा जीवनीपरक समालोचना पद्धतिको उपयोग गर्दै मोक्तानका जीवनीको अनुशीलन तथा जीवनी र कृतित्वका बिचको अन्तःसम्बन्धको विश्लेषण गरिएको छ ।

शोध्य प्रश्न 'ख' को समाधानका लागि मोक्तानका उपन्यासहरूको विश्लेषण र उपन्यासकारिताको मूल्याङ्कन गर्ने क्रममा उपन्यासका विधातात्त्विक मान्यताको उपयोग गरिएको छ । त्यस क्रममा मुख्यतः कथानक, पात्र विधान, परिवेश, दृष्टिबिन्दु, भाषाशैली तथा विचार जस्ता उपन्यासका संरचक तत्त्वलाई आधार बनाइएको छ ।

शोध्य प्रश्न 'ग' को समाधानका क्रममा अर्थात् औपन्यासिक प्रवृत्तिहरूको निरूपणका क्रममा कुनै वाद विशेषलाई आधार नबनाई आगमनात्मक विधिद्वारा उपन्यासमा पाइएका वैचारिक तथा विषयगत प्रवृत्तिको विश्लेषण गर्दै समग्रतः मोक्तानको उपन्यासकारिताका वैशिष्ट्यको मूल्याङ्कन गरिएको छ ।

१.८ शोध प्रबन्धको रूपरेखा

प्रस्तुत शोधलाई विभिन्न अध्यायहरूमा सङ्गठित गरी शोध प्रबन्धका रूपमा प्रस्तुत गरिएको छ । ती अध्यायहरू यस प्रकार रहेका छन् :

पहिलो अध्याय : **शोध परिचय**

यस अध्यायमा शोध परिचय अन्तर्गत विषय परिचय, समस्या कथन, उद्देश्य, पूर्वकार्यको समीक्षा, शोध विधि, शोधको औचित्य, शोधका सीमा र शोध प्रबन्धको रूपरेखा जस्ता उपशीर्षकहरू रहेका छन् ।

दोस्रो अध्याय : **उपन्यासको सैद्धान्तिक स्वरूप तथा उपन्यास विश्लेषणका सैद्धान्तिक आधार**

यस अध्यायमा उपन्यासको सैद्धान्तिक स्वरूपका साथै उपन्यास विश्लेषणका आधारहरूको निरूपण गरिएको छ ।

तेस्रो अध्याय : **कृष्णसिंह मोक्तानको जीवनी र व्यक्तित्व तथा उपन्यास सिर्जना बिचको अन्तःसम्बन्ध**

यस अध्यायमा कृष्णसिंह मोक्तानको सङ्क्षिप्त जीवनी, व्यक्तित्वका विभिन्न पाटाहरू, साहित्य लेखनको प्रेरणा र प्रारम्भ,

जीवनी, व्यक्तित्व र उपन्यासकारिताको अन्तःसम्बन्ध र उपन्यास यात्राको निरूपण गरिएको छ ।

चौथो अध्याय : **कृष्णसिंह मोक्तानका पूर्वार्द्ध चरणका उपन्यासको विश्लेषण**

यस अध्यायमा कथानक, पात्र विधान, परिवेश विधान, दृष्टिबिन्दु, भाषाशैली र विचार तत्त्व जस्ता छ ओटा उपन्यास तत्त्वका आधारमा मोक्तानको उपन्यास लेखनका पूर्वार्द्ध चरणका दुई ओटा उपन्यास कृति **चरणधूलि** र **अशेष यात्रा**को विश्लेषण गरिएको छ ।

पाँचौं अध्याय : **कृष्णसिंह मोक्तानका उत्तरार्द्ध चरणका उपन्यासको विश्लेषण**

यस अध्यायमा कथानक, पात्र विधान, परिवेश विधान, दृष्टिबिन्दु, भाषाशैली र विचार तत्त्वका आधारमा मोक्तानको उपन्यास लेखनका उत्तरार्द्ध चरणका दुई ओटा उपन्यास कृति **जीवन परिक्रमा** र **जीवन गोरेटोमा**को विश्लेषण गरिएको छ ।

छैटौं अध्याय : **कृष्णसिंह मोक्तानका औपन्यासिक प्रवृत्ति**

यस अध्यायमा मोक्तानका विविध विषयवस्तुमा आधारित उपन्यास लेखन र त्यसमा देखिने विभिन्न वैचारिक र अन्य प्रवृत्तिहरूको विश्लेषण तथा निरूपण गरिएको छ ।

सातौं अध्याय : **सारांश तथा निष्कर्ष**

यस अध्यायमा प्रस्तुत शोधको समग्र उपसंहार प्रस्तुत गर्दै समष्टि निष्कर्षका रूपमा कृष्णसिंह मोक्तानको उपन्यासकारिताको मूल्याङ्कन प्रस्तुत गरिएको छ र भावी शोधकर्ताका लागि सुझावका रूपमा केही प्रस्तावित शोध शीर्षक पनि प्रस्तुत गरिएको छ ।

प्रस्तुत शोधको मूल भागमा राख्न नसकिएका तर सन्दर्भका लागि शोध प्रबन्धभित्रै राख्नु पर्ने मोक्तानका चार ओटै उपन्यास कृतिका पात्रको विभिन्न आधारमा गरिएको वर्गीकरण तालिका तथा कृष्णसिंह मोक्तानसँग लिइएको लिखित अन्तर्वार्तालाई परिशिष्ट अन्तर्गत समावेश गरिएको छ भने प्रस्तुत शोधकार्य सम्पन्न गर्नका लागि प्रयोग गरिएका विभिन्न प्राज्ञिक सामग्रीहरूलाई वर्णानुक्रममा सन्दर्भ सामग्री सूची अन्तर्गत राखिएको छ ।

दोस्रो अध्याय

उपन्यासको सैद्धान्तिक स्वरूप तथा उपन्यास विश्लेषणका आधार

२.१ विषय प्रवेश

प्रस्तुत अध्याय उपन्यासको सैद्धान्तिक स्वरूपको अध्ययनमा केन्द्रित छ । उपन्यास अध्ययनका क्रममा उपन्यासको परिभाषा, उपन्यासका संरचक तत्त्वहरू, उपन्यासको विविध वर्गीकरणको सैद्धान्तिक स्वरूप प्रस्तुत गर्दै शोध्य कृतिको विश्लेषणको सैद्धान्तिक आधार तयार गर्ने कार्य गरिएको छ ।

२.२ उपन्यास शब्दको व्युत्पत्ति

उपन्यास सिङ्गो साहित्यकै एउटा नौलो विधा हो । साहित्यको गद्य विधा अन्तर्गतको उपन्यास आख्यान साहित्यको एक अङ्ग पनि हो । प्राचीन तथा माध्यमिक कालीन साहित्यको आख्यान परम्परालाई हेर्दा आजका छोटा कथा र उपन्यास एकै धारामा प्रवाहित थिए । पछि इसाको अठारौँ शताब्दीदेखि मात्र कथा र उपन्यासले बेग्लाबेग्लै विधागत मान्यता र स्वरूप प्राप्त गरी अलग अलग रूपमा देखा पर्न थालेका हुन् । यस सम्बन्धमा अङ्ग्रेजी भाषामा देखा परेको डानियल डिफोको **रबिन्सन क्रुसो** (सन् १७१६) नामक औपन्यासिक कृतिलाई विश्व साहित्यमै आधुनिक उपन्यासको थालनीको पहिलो बिन्दु मानिएको छ (प्रधान, २०४० : २४) । यही अवधिदेखि साहित्यमा उपन्यासले विधागत स्वरूप प्राप्त गरेको हो र अङ्ग्रेजी साहित्यका माध्यमबाट विश्व साहित्यमा उपन्यास लेखनको विस्तार भएको हो ।

नेपाली भाषामा प्रयोग गरिने 'उपन्यास' शब्द संस्कृत स्रोतबाट आएको शब्द हो । 'उप' र 'नि' उपसर्ग लागेको 'अस्' धातुमा 'घञ्' प्रत्यय लागेर उपन्यास शब्द निष्पन्न हुन्छ (उपाध्याय, २०५९ : १२९) । 'अस्' धातुको अर्थ 'राख्नु' भन्ने हुन्छ भने 'उप' उपसर्गको अर्थ 'नजिक' भन्ने हुन्छ । यसर्थ उपन्यास शब्दको शाब्दिक अर्थ 'नजिक राख्नु' हुन्छ । यसरी उपन्यासले जीवन जगत्को नजिकबाट अध्ययन र चित्रण गर्दछ भन्ने अर्थ निस्किन्छ ।

संस्कृत साहित्यमा 'उपन्यास' भन्नाले कुनै प्रकथनात्मक गद्यमय रचना भन्ने बुझिँदैनथ्यो, त्यस खालको कथात्मक रचनालाई आख्यायिक भनिन्थ्यो । जसरी नाटक, महाकाव्य, खण्डकाव्य, आख्यायिका इत्यादिको लक्षण संस्कृत समालोचना ग्रन्थहरूमा पाइन्छ, त्यसरी उपन्यासको लक्षण पाइँदैन । यो पाश्चात्य साहित्यकै देन हो । जब पाश्चात्य साहित्यको प्रभाव स्वरूप बङ्गला, हिन्दी, नेपाली आदि आधुनिक भाषाहरूमा यस प्रकारका आख्यानात्मक,

गद्यमय रचनाको लेखन हुन थाल्यो तब यस विधाका लागि अङ्ग्रेजी 'नोभल'को पर्यायका रूपमा 'उपन्यास' शब्दको प्रयोग हुन लाग्यो । गुजरातीमा यसलाई 'नवलिका' र मराठीमा 'कादम्बरी' भनियो । हिजोआज हामीले प्रयोग गर्ने गरेको 'उपन्यास' शब्द र भाव दुवै दृष्टिले अङ्ग्रेजी शब्द 'नोभल'कै नेपाली पयार्यवाची रूप हो ।

ग्रिसेली भाषामा रोमाञ्चक कथाहरूलाई 'नोभस' भनिन्थ्यो र यसको अर्थ हो- नयाँ । तर छोटा किस्साहरूलाई ग्रिसेलीहरूले छुट्टै साहित्यिक स्वतन्त्र विधाको रूपमा स्वीकार गरेनन् र यसको विकासप्रति त्यति रूचि पनि राखेनन् । यो शब्द र यस्ता रोमाञ्चक कथाहरूको विकास इटालीमा भयो र त्यहाँ पुग्दा यो शब्द 'नोभेला'को रूपमा परिवर्तित भई यसले छोटो कथा भन्ने अर्थ ग्रहण गर्न पुग्यो । बोकासियोका **छोटा कथाहरूको सङ्ग्रह** यही 'नोभेल'को सङ्ग्रह थियो । यही 'नोभेला' शब्द र यसले बोकेको आख्यानात्मकताबाट नै 'नोभल'को विधा साहित्यिक इतिहासमा सबैभन्दा लोकप्रिय र प्रभावशाली विधा बन्न पुगेको छ (बराल, २०६२ : ४) । हाल नेपालीमा **उपन्यास** शब्द साहित्यको एउटा विधाका रूपमा प्रयोग भइ रहेको छ ।

पश्चिमी साहित्य विशेष गरी अङ्ग्रेजीमा 'नोभेल'को पर्यायवाची शब्दका रूपमा र पूर्वीय साहित्यमा पनि संस्कृत साहित्य अन्तर्गत 'उपन्यास' शब्दको प्रचलन भएको हो । यस दृष्टिले आधुनिक उपन्यासको व्युत्पत्तिका सम्बन्धमा पूर्वी र पश्चिमी साहित्यका मान्यताहरूको सङ्क्षिप्त अनुशीलन गर्नु उपयुक्त हुन्छ ।

२.२.१ पूर्वीय साहित्यमा उपन्यासको व्युत्पत्ति

'उपन्यास' शब्द संस्कृतको तत्सम शब्द हो र आधुनिक आर्य भाषाहरू जस्तै हिन्दी, नेपाली, बङ्गाली, भोजपुरी, मैथिली आदिमा पनि यही शब्द प्रचलित छ । उपन्यासको व्युत्पत्तिका सम्बन्धमा भन्नु पर्दा संस्कृतका 'उप' उपसर्ग र 'न्यास' प्रत्ययको योगद्वारा निर्मित उपन्यास शब्दको अर्थ सामान्य तथा नजिकको वस्तु हुन आउँछ । अर्थात् 'उप'को अर्थ नजिक र न्यासको अर्थ नासो वा वस्तु हो (कैलाश, सन् १९६२ : २) । यसलाई अझ अर्थ्याउन खोज्दा उपन्यास भन्नाले जीवनसँग निकट रहेको विषयवस्तु भन्ने बुझिन्छ जसमा जीवनका तिता मिठा अनुभूतिहरू अभिव्यक्त गरिएको हुन्छ ।

पूर्वीय साहित्यमा 'उपन्यास' शब्दको प्रयोग सर्वप्रथम भरतमुनिले गरेका हुन् । उनको **नाट्यशास्त्र**को उन्नाइसौं अध्यायमा नाटकको प्रतिमुख सन्धिको एक भेदका रूपमा 'उपन्यास' शब्दको प्रयोग गरेको पाइन्छ । उनले 'उपपत्तिकृतोह्यर्थः उपन्यासः प्रकीर्तितः' भनेर युक्तिपूर्ण ढङ्गले आफ्ना अभिप्रायलाई प्रस्तुत गर्नु नै उपन्यास हो भनेका छन् (उपाध्याय, २०५९ : १४३) । यस्तै अन्य विभिन्न ग्रन्थहरूमध्ये **काव्यालङ्कार**मा विन्यास तथा स्थापना अर्थमा, **साहित्यदर्पण**मा 'स्थापना' वा 'ज्ञापन' अर्थमा, **महाभाष्य**मा 'कथन' अर्थमा **किरातार्जुनीय**मा 'उदाहरण' का अर्थमा **अभिज्ञानशाकुन्तलम्**मा 'उपन्यस्त' (नजिकमा वस्तु) अर्थमा 'उपन्यास' शब्द प्रयोग भएको पाइन्छ (प्रधान, २०४० : ४) । विश्वनाथले पनि 'उपन्यास : प्रसादनम्' भनेर उपन्यास भनेको कसैलाई

प्रसन्न गराउनु हो भनेका छन् (उपाध्याय, २०३४ : १४३) । उपर्युक्त उपन्यास शब्द प्रयोगको आधारलाई विश्लेषण गर्दा 'उपन्यास' शब्द केवल नाटककै प्रतिमुख सन्धि अथवा कुनै घटना वा नियोजनामा मात्र प्रयोग भएको बुझिन्छ । यी अर्थले उपन्यासले वर्तमानमा दिने अर्थलाई समेट्न सकेको देखिँदैन तापनि 'उपन्यास' शब्दलाई विविध अर्थमा प्रयोग गरी सबैसामु परिचित गराएको प्रसङ्ग भने उल्लेख्य रहेको छ । आजका सन्दर्भमा उपन्यास शब्दको जुन स्वरूप र विधागत अर्थ प्रकट भएको छ, त्यससँग अङ्ग्रेजी भाषाको 'नोभेल'ले दिने अर्थले भने मेल खान गएको देखिन्छ ।

पूर्वीय साहित्यमा 'उपन्यास' शब्द भरतमुनिको समयदेखि प्रयोग गरिँदै आएको भए तापनि वर्तमानमा यसले दिने अर्थ पाश्चात्य साहित्यको प्रभावमा आएर बङ्गला, हिन्दी, मराठी, गुजराती आदि आधुनिक भाषामा आख्यानात्मक गद्यमय रचना लेखिन थालेपछि *नोभेल* शब्दकै पर्यायका रूपमा प्रयोग भएको हो । बङ्गला र हिन्दी साहित्यमा उन्नाइसौँ शताब्दीबाट र नेपाली साहित्यमा बिसौँ शताब्दीबाट उपन्यास शब्द आधुनिक सन्दर्भमा प्रयोग गरिएको हो । यसो भएकाले उपन्यास पश्चिमी साहित्यको उपादान हो भन्ने बुझ्नु पर्दछ । यसै सन्दर्भमा पश्चिमी साहित्यमा प्रचलित *नोभेल* शब्दको व्युत्पत्तिलाई हेर्नु प्रासङ्गिक देखिन्छ ।

२.२.२ पाश्चात्य साहित्यमा उपन्यासको व्युत्पत्ति

अङ्ग्रेजी साहित्यमा प्रचलित 'नोभेल' शब्दको पुर्ख्यौली पहिल्याउँदै जाँदा प्राचीन ग्रिसेली भाषाको साहित्यसम्म पुग्नु पर्ने हुन्छ । प्राचीन ग्रिसेली भाषामा नोभस (Novus) शब्द रोमाञ्चक आख्यानको रूपमा प्रचलित रहेको पाइन्छ र यस शब्दको अर्थ नयाँ भएको जानकारी प्राप्त हुन्छ (**इन्साइक्लोपेडिया ब्रिटानिका भाग १६, सन् १९८१** : ६७४) । यही शब्द माध्यमिक कालको इटालेली भाषाको साहित्यमा आइपुग्दा 'नोभेला' शब्दको रूपमा प्रचलित भएको पाइन्छ र इटालेली भाषामा 'नोभेला' भनेको पनि काल्पनिक कथा नै हो र यहाँ यस शब्दलाई बहुवचनको रूपमा प्रयोग गरिएको पाइन्छ (**इन्साइक्लोपेडिया ब्रिटानिका भाग १६, सन् १९८१** : ६७४) । यस सम्बन्धमा इटालेली भाषाका प्रसिद्ध कथाकार जियाभानी बोकासियोको प्रसिद्ध कृति **डेकामेराँ** नामक कथा सङ्ग्रहलाई मध्यकालीन 'नोभेल'को उत्कृष्ट नमुना मान्न सकिन्छ । कालान्तरमा त्यही 'नोभेला' शब्द फ्रान्सेली भाषामा 'नोभेल'को रूपमा प्रयोग हुन पुग्छ र जसको अर्थ पनि कथा नै हो (प्रधान, २०४० : २४) । जब महारानी एलिजावेथको पालादेखि अङ्ग्रेजी भाषामा साहित्यको उत्तरोत्तर विकास हुन थाल्यो तब यस भाषामा उच्चकोटिका साहित्यिक कृतिहरू प्रकाशित हुन थाले । फलस्वरूप इसाको अठारौँ शताब्दीको प्रारम्भिक चरणदेखि गद्य विधा अन्तर्गत पर्ने उपन्यास एक स्वतन्त्र विधाका रूपमा उद्भव भई विकास हुन थाल्यो र यस नवीन साहित्यिक विधालाई त्यही प्राचीन र मध्ययुगीन 'नोभस', 'नोभेला' र 'नोभेले' शब्दहरूकै परिवर्तित नयाँ रूप 'नोभेल' शब्दले बुझाउन थाल्यो । यसको पहिलो नमुना स्वरूप उपन्यासकार ड्यानियल डिफोको **रविन्सन क्रुसो** (सन् १७१६) नामक उपन्यासलाई अघि सार्न सकिन्छ ।

अङ्ग्रेजी साहित्यको 'नोभेल' शब्दकै समानार्थी शब्दको रूपमा पूर्वीय साहित्य अन्तर्गतका आधुनिक आर्यभाषी साहित्यहरूमा 'उपन्यास' शब्द प्रचलनमा आएको छ । शब्दगत अर्थ, विधागत स्वरूप, संरचना र ढाँचाका दृष्टिले 'नोभेल' र 'उपन्यास' एक अर्काका पर्यायवाची शब्द बनेका छन् । यी दुवैले सामाजिक जीवनका यथार्थ अनुभूतिलाई छोटो कथाले भन्दा विस्तृत व्यापक रूपमा प्रस्तुत गरेका छन् ।

२.३ उपन्यासको परिभाषा

सामान्यतः विविध दृष्टिकोणलाई अँगाली विभिन्न प्रविधि र प्रणालीद्वारा लेखिने एउटा साहित्यिक रूप हुनाले नै उपन्यासका सम्बन्धमा विभिन्न विद्वान्हरूद्वारा व्यक्त धारणा तथा परिभाषामा अनेकता देखिन्छ । साहित्यको गद्य फाँटमा उपन्यासको प्रारम्भिक उपक्रम थालिएदेखि नै यस उपर विद्वान्हरूको विभिन्न मत मतान्तर व्यक्त हुँदै आएको छ र हालसम्म पनि यो क्रम जारी नै रहेको छ । विद्वान्हरूले उपन्यासलाई शब्द, आकार तथा विषयगत लम्बाइका आधारमा परिभाषित गर्न खोजेको पाइन्छ (फोर्स्टर, सन् १९५८ : २७) । तर यस आधारमा उपन्यासको परिभाषा गर्ने काम युक्तिसङ्गत देखिँदैन । खास गरी मानवीय आवेगद्वारा सिर्जित उपन्यास कला लेखकीय भावावेगमा स्वतन्त्र रूपले प्रवाहित छ । यसको आकार लघु वा बृहत् जस्तो पनि हुन सक्छ अनि विषयगत आधारमा यसको लम्बाइ सीमित वा व्यापक कुनै पनि देखा पर्न सक्छ । यस कारण उपन्यास परम्परागत नियम र सिद्धान्तद्वारा बन्धित प्राचीन र मध्य कालीन काव्य, महाकाव्य र नाटक झैँ नभएर समानान्तरमा ऐतिहासिक सूत्रलाई समेत ग्रहण गर्दै मानवीय साधारण बोलचालका भाषाको माध्यमबाट सिर्जना हुने कला उपन्यास हो ।

उपन्यास वर्तमान युगका जटिल तथा सङ्कटग्रस्त सामाजिक, राजनैतिक, धार्मिक, आर्थिक आदि संस्कारद्वारा पीडित मानव जीवनको एउटा प्रतिनिधि अभिव्यक्ति हो । सामान्यतः उपन्यास लेखनको मूल आधार कथा नै हो र यसले कथा नै भन्ने गर्छ (**इन्साइक्लोपेडिया ब्रिटानिका भाग १६, सन्** १९८१ : ६७८) । यसै कारणले यसलाई आधुनिक स्वरूपको बृहत् गद्याख्यान वा कथा पनि भन्न सकिन्छ । उपन्यास साहित्यले परम्परागत पुराना रूढिवादी विचार तथा संस्कारहरू र स्वप्निल जगत्का अतिरञ्जनात्मक, अतिकाल्पनिक, अतिभौतिक घटनाहरूको पूर्णतः परित्याग गर्दै यथार्थ जीवन जगत्को चित्रण गर्न थालेपछि उपन्यासलाई पनि विज्ञान झैँ एक अध्ययनीय विषयका रूपमा स्विकारिएको हो । अझ वर्तमान द्वन्द्वात्मक भौतिकताले अराजकमयी युगको सिर्जना गरेका हुनाले समसामयिक मानव जीवनका अनेकमुखी द्वन्द्व, सङ्घर्ष र समस्याहरू तथा अन्तर्मुखी संवेदना र चीत्कारहरूको स्वतन्त्र अभिव्यक्ति पद्य भाषामा भन्दा गद्य भाषामा नै सम्भव हुने भएकाले उपन्यास विधा आजको परिवेशमा मानवीय अनभूति अभिव्यक्तिको एउटा सशक्त माध्यम बनेको छ । उपन्यासलाई पारिभाषिक परिमितिसम्म पुऱ्याउँदा के भन्न सकिन्छ भने सत्यतः यो हाम्रो वास्तविक जीवनको आलेख हो

अनि यसमा विगत र वर्तमानका लौकिक चरित्रहरू र तिनका जीवनगत विभिन्न क्रियाकलापहरू चित्रित हुन्छन् (**इन्साइक्लोपेडिया ब्रिटानिका भाग १६, सन्** १९८१ : ६७४) । मूलतः उपन्यास मानवीय अनुभवहरूको प्रतिनिधि अभिव्यक्ति नै हो, जुन आदर्शवादी वा यथार्थवादी कुनै पनि प्रकृतिको हुन सक्छ, जसमा जीवन उपरको आलोचना पनि अन्तर्निहित हुन्छ (जेम्स, मूल र हेनरी, सन् १९८१ : १४) । भिजेनरले चाहिँ मानवीय जीवन जगत्का प्रवृत्ति, मूल्य, अन्तरद्वन्द्व, समस्या, मानवीय व्यवहार आदिलाई संयुक्त चेतनाका रूपमा प्रस्तुत गर्ने साहित्यिक विधालाई उपन्यास मानेका छन् (सन् १९६५ : १७) ।

नेपाली कोशकारहरूले पनि उपन्यासलाई धेरै अध्याय वा खण्डहरूमा लेखिने लामो साहित्यिक कथा र चरित्र प्रधान गद्य महाकाव्य भनेर अर्थ्याएको पाइन्छ (**नेपाली बृहत् शब्दकोश,** २०४० : ६०) । सामाजिक, सांस्कृतिक, आर्थिक, वैज्ञानिक, दार्शनिक र धार्मिक चिन्तनको आधार लिएर मानव जीवनलाई भौतिक एवम् आध्यात्मिक जीवनको श्रेष्ठतम परिकल्पनासँग साक्षात्कार गराउने हुनाले बर्गेस, राल्फ फक्स आदि विद्वान्हरूले उपन्यासको महाकाव्यिकतालाई स्विकारेको कुरा लिन सकिन्छ । व्यक्तिको बाह्य सङ्घर्षभन्दा आन्तरिक सङ्घर्ष बढी तीव्र र प्रतीकात्मक हुने हुनाले प्रेमचन्दले मानव चरित्रको व्याख्या गर्नु र त्यसको रहस्य खोल्नु उपन्यासको मूल कार्य हो भनेका छन् (सन् १९६७ : ६०) । उपन्यास विधा मानव मनका गूढतम मनोग्रन्थिहरू उद्घाटन गर्ने अन्तर्जगत्तिर उन्मुख हुन्छ भन्ने रवीन्द्रनाथ जैनको विचार रहेको छ (सन् १९७२ : १२९) ।

उपन्यास संस्कृत शब्द भए तापनि वर्तमान अर्थमा प्रचलित उपन्यास चाहिँ पाश्चात्य साहित्यको देन मानिन्छ । संस्कृत लक्षण ग्रन्थहरूमा यसलाई नाटकको प्रतिमुख सन्धिको एक भेद मानेर प्रसन्न पार्ने तथा कुनै अर्थलाई युक्तियुक्त रूपमा प्रस्तुत गर्ने रचना भनिए तापनि व्युत्पत्तिमूलक अर्थ अनुसारका जीवनका अनेक पक्षहरूलाई प्रक्षेपण गरिएको रचना मानिएको छ भन्ने गिरिधर शर्माको विचार रहेको पाइन्छ (सन् १९७८ : ५९) । नूतनताको अर्थ बोक्ने ल्याटिन भाषाको 'नोभेलस्' र छोटा रसिकमय घटनाहरू चित्रित गरिने विधा 'नोभेला' बाट नै अङ्ग्रेजी 'नोभल' शब्द व्युत्पन्न भएको हो (**द इन्साइक्लोपेडिया अमेरिकाना खण्ड** २०, सन् १९६९ : २८३) । यसले सुरु सुरुमा समसामयिक सत्य घटनाहरूको आख्यानात्मक विवरण भएका रचना विशेष बुझाउँथ्यो भन्ने कोशकारहरूको भनाइ छ (सिप्ले, सम्पा., सन् १९६० : १८३) ।

मध्यकालमा स्पेनिस, इटालेली, फ्रान्सेली आदि युरोपेली भाषाहरूमा प्रचलित रोमान्स र आख्यानमूलक काव्यहरूबाट उपन्यासको उत्पत्ति भएको मानिएको छ (मिश्र, सन् १९६१ : २१) । फ्रान्समा प्रचलित काल्पनिक, असम्भाव्य, अलौकिक र अप्राकृतिक 'टेल' हरू एवम् रहस्यमय स्थानको खोजी, विजय अभियान सम्बन्धी प्राचीन युनानी कथाहरू नै उपन्यासका स्रोत मानिएका छन् (मिश्र, सन् १९६१ : २२-२६) । यस्तै प्रकारले संस्कृत साहित्यका आख्यानहरूलाई पनि आधुनिक उपन्यास स्रोत मान्न सकिन्छ । नेपाली साहित्यमा उपन्यासको पृष्ठभूमि पूर्ववर्ती गद्याख्यानका कृतिहरूले तयार पारे तापनि शिवदत्तको **वीरसिक्का** (सन् १८८९) बाट यस

विधाको वास्तविक प्रारम्भ भएको हो र रूपनारायण सिंहको **भ्रमर** (सन् १९३६) देखि मात्र यसको आधुनिक स्वरूप देखिन थालेको पाइन्छ (दाहाल, सन् २००१ : ६) ।

आख्यानको एक प्रमुख अङ्गका रूपमा देखा परेको उपन्यास मानव जीवनको प्रतिबिम्ब प्रस्तुत गर्ने कला हो र यसले एकातिर पाठकलाई आनन्दानुभूति प्रदान गरिरहेको हुन्छ भने अर्कातिर शिक्षा पनि दिइरहेको हुन्छ । यस किसिमको नवीन गद्य विधालाई विभिन्न विद्वान्हरूले विभिन्न तरिकाबाट परिभाषित गरिरहेका छन् । मुख्यतः पाश्चात्य साहित्य सन्दर्भमा र पूर्वीय साहित्य सन्दर्भमा विद्वान्हरूले दिएका परिभाषालाई वर्गीकरण गरी केही प्रमुख परिभाषाहरू तल प्रस्तुत गरिएको छ ।

२.३.१ पाश्चात्य साहित्यमा उपन्यासको परिभाषा

हेनरी जेम्स (सन् १९५७ : २५ उद्धृ. दाहाल, सन् २००१ : १) ले **दि हाउस अफ फिक्सन** नामक कृतिमा उपन्यासले मानव जीवनको प्रतिनिधित्व गर्ने प्रयास गर्ने बताएका छन् । यस परिभाषाले उपन्यासका माध्यमद्वारा सम्पूर्ण मानव जीवनका याथार्थिक घटनाहरूको दिग्दर्शन गर्ने प्रयास भएको हुन्छ भन्ने जनाएको छ । यस परिभाषाले उपन्यास र मानव जीवनको सम्बन्धलाई समेट्न सक्षम भएको पाइन्छ ।

द वर्ल्ड बुक इन्साइक्लोपेडिया (१९६६ : ७६२) मा उपन्यास गद्यमा लेखिएको लामो काल्पनिक कथा भएको र यसको मुख्य उद्देश्य साधारणतया मनोरञ्जन दिनु भएको र सँगसँगै यसले पाठकलाई जीवन र मानव इतिहासका बारेमा पनि बुझाउँछ भन्ने विचार प्रस्तुत गरिएको छ । यस परिभाषाले निम्नलिखित कुरा समेट्न खोजेको छ :

- उपन्यास गद्यमा लेखिन्छ,
- उपन्यासमा लामो कथा हुन्छ,
- उपन्यास काल्पनिक हुन्छ,
- यसले मनोरञ्जन दिने उद्देश्य राखेको हुन्छ,
- उपन्यासले पाठकलाई जीवनका बारेमा बुझाउँछ,
- उपन्यासले मानव इतिहासका बारेमा बुझाउँछ ।

विश्लेषित परिभाषामा उपन्यासलाई गद्यमा लेखिएको लामो र काल्पनिक कथा मानिएको छ । सबै गद्यमा लेखिएका लामा कथा उपन्यास हुँदैनन् किनभने लामा र छोटा आयामका आधारमा उपन्यास र कथाको विभाजन हुन सक्दैन । कथामा भावनाको प्रकटीकरण छिटो छिटो हुन्छ भने उपन्यासमा बिस्तारै बिस्तारै हुन्छ । यस्तै उपन्यासमा काल्पनिक कथा मात्र हुँदैन; जीवन जगत्का यथार्थ घटना पनि हुन्छन् । यसर्थ यो परिभाषा सर्वग्राह्य नरहेको स्पष्टै छ ।

द न्यु वेब्स्टर इन्साइक्लोपेडिया डिक्सनरी अफ् इङ्गलिस ल्याङवेज (१९६९ : ५७१) कृतिमा उपन्यासका बारेमा चर्चा गर्ने क्रममा यसलाई एउटा लामो काल्पनिक गद्याख्यान बताउँदै यसमा झन्डै असीमित खालका विषयवस्तु हुने र विविध शिल्पमा एक वा एकभन्दा बढी भागमा विभाजन गरिने उल्लेख गरिएको छ । यस परिभाषाले निम्नलिखित कुरा समेट्न खोजेको छ :

- उपन्यास लामो हुन्छ,
- उपन्यास काल्पनिक हुन्छ,
- उपन्यास गद्यमा लेखिएको आख्यान हो,
- उपन्यासमा असीमित विषयवस्तु हुन्छ,
- उपन्यासमा विविध शिल्प प्रविधि अँगालिएको हुन्छ,
- उपन्यास एक वा एकभन्दा बढी भागमा लेखिन्छ ।

माथिको परिभाषाले उपन्यासलाई काल्पनिक कथा मानेको छ । उपन्यासमा यथार्थसँगै कल्पनाको संयोजन गरिएको हुन्छ । यस परिभाषाले पनि उपन्यास र मानव जीवनको अभेद्य सम्बन्धलाई उल्लेख गरेको छैन र संसारभरिका प्रसिद्ध उपन्यासलाई समेट्न सकेको छैन । यसर्थ यो परिभाषा पनि अपूर्ण रहेको छ ।

द न्यु कोलम्बिया इन्साइक्लोपेडिया (१९७५ : १९७१) नामक कृतिमा उपन्यास आधुनिक साहित्यको लामो समायावधिको गद्य आख्यानात्मक प्रयोग भएको र एक वा एकभन्दा बढी किताबमा लम्ब्याइएको रचना भएको विचार प्रस्तुत गरिएको छ । यस परिभाषामा उपन्यासलाई चिनाइएका बुँदाहरू यस प्रकार छन् :

- उपन्यास आधुनिक साहित्य हो,
- उपन्यास लामो समयावधिको हुन्छ,
- उपन्यास गद्यमा लेखिन्छ,
- उपन्यासमा आख्यान हुन्छ,
- उपन्यास आवश्यक लम्बाइमा लेखिएको हुन्छ ।

उपर्युक्त परिभाषामा उपन्यास लामो समयावधिको हुन्छ भनिएको छ तर सबै उपन्यास लामो समयावधिका छैनन् । जेम्स ज्वायसको **युलिसस** उपन्यासमा अठार घण्टाको कथा र भर्जिनिया उल्फको **जेकवको कोठा** उपन्यासमा एक दिनको अनुभूति छ (कृष्णचन्द्रसिंह प्रधान, २०५२ : ३) । यस्तै 'गोठाले' को **पल्लो घरको झ्याल** उपन्यास १८ दिनको घटनामा आधारित छ । यसर्थ उपन्यास निर्माणका लागि लामो समयावधिको घटना नै चाहिन्छ भन्न सकिँदैन । यस परिभाषाका पनि आफ्नै शक्ति र सीमा रहेको देखिन्छ ।

राल्फ फक्स (सन् १९८०) ले **उपन्यास और लोक जीवन** (अनूदित) कृतिमा उपन्यास केवल कथात्मक गद्य नभई यो मानव जीवनकै सिङ्गो गद्य भएको विचार प्रकट गर्दै यसलाई त्यस्तो पहिलो कला बताएका छन् जसले सम्पूर्ण मानवलाई लिएर उसको अभिव्यक्ति प्रदान गर्ने कोसिस गर्छ ।

ई.एम. फोर्स्टर (सन् १९८२ : १६) को **उपन्यास के पक्ष** (अनूदित) कृतिमा उपन्यास सम्बन्धी परिभाषा गर्दै यसमा विस्मय पैदा गर्ने मानवीय गुण हुने बताउँदै यो मानवीयताबाट ओतप्रोत भएको र त्यसलाई हटाइदिए उपन्यास निस्तेज बन्न पुग्ने विचार प्रस्तुत गरिएको छ । प्रस्तुत परिभाषाले निम्नलिखित कुरा समेट्न खोजेको छ :

- उपन्यासमा मानव पात्रको भूमिका महत्त्वपूर्ण रहेको हुन्छ ।
- पात्रमा रहेका राम्रा नराम्रा गुणहरूद्वारा उपन्यास सजीव बन्छ ।
- उपन्यासबाट मानव चरित्र हटाइदिए उपन्यास निस्तेज बन्छ र शब्दहरूको समूह बाहेक केही रहँदैन ।

उल्लिखित पाश्चात्य साहित्यका विद्वान्हरूका विभिन्न परिभाषामा भिन्नाभिन्नै धारणाहरू देखा परेका छन् । ती विभिन्न परिभाषाको अध्ययन विश्लेषणबाट गद्यमा लेखिने, काल्पनिक, मनोरञ्जनात्मक साथै मानव पात्रको भूमिका रहेको तथा विविध विषयहरूलाई अँगाली मानव जीवनको सिङ्गो अभिव्यक्ति गर्ने आख्यानात्मक रचनालाई उपन्यास मानिएको देखिन्छ ।

२.३.२ पूर्वीय साहित्यमा उपन्यासको परिभाषा

पूर्वीय साहित्य अन्तर्गत हिन्दी र नेपाली साहित्यका विद्वान्का परिभाषाको समीक्षा तल गरिएको छ :

(क) हिन्दी साहित्यमा उपन्यासको परिभाषा

प्रेमचन्द्र (सन् १९३९ : ४७) का विचारमा उपन्यास मानव जीवनको चित्र हो र मानव-चरित्रलाई नियालेर त्यसको रहस्यलाई खोल्नु नै उपन्यासको मूल उद्देश्य हो ।

हिन्दी साहित्य कोश (२०२० : १५५) अनुसार उपन्यास गद्य साहित्यको एउटा त्यस्तो रूप हो जसको आधार कथा हो र यो कथा सीधै मानवीय वा मानवेतर वा निर्जीव प्रकृतिको अथवा यो सत्य वा कल्पित जे भए पनि यसमा कल्पनाको प्रयोग गरिनु आवश्यक छ र यो वास्तविक जीवनको काल्पनिक कथा हो ।

प्रतापनारायण टण्डन (सन् १९७० : ५१) ले उपन्यास सम्पूर्ण मानव जीवनको समग्र रूपमा चित्रण गर्ने आधुनिक युगको सबभन्दा सशक्त साहित्यिक माध्यम हो भन्ने विचार प्रस्तुत गरेका छन् । टन्डनको यस परिभाषाले निम्नलिखित कुरा समेट्न खोजेको छ :

- उपन्यासमा मानव जीवनको प्रस्तुति हुन्छ,
- उपन्यासमा सम्पूर्ण मानव जीवनको समग्र रूपमा चित्रण हुन्छ,
- उपन्यास आधुनिक साहित्य हो,
- उपन्यास सशक्त साहित्य हो ।

उक्त परिभाषा अनुसार उपन्यासमा सम्पूर्ण मानव जीवनको समग्र रूपमा चित्रण हुन्छ भनिएको छ । सबै उपन्यासमा मानव जीवनको समग्र चित्रण गरिएको पाइँदैन । जीवनका केही पक्षको सूक्ष्म विश्लेषण गरिएका उपन्यास पनि सफल बनेका छन् । त्यस्तै कुनै उपन्यासमा जीवनका अन्तरङ्ग पक्षको मात्र चित्रण गरिएको हुन्छ भने कुनै उपन्यासमा बहिरङ्ग पक्षको चित्रण गरिएको हुन्छ । केही उपन्यासमा मात्र जीवनको अन्तरङ्ग र बहिरङ्ग दुवै पक्षको चित्रण गरिएको हुन्छ । त्यसैले यो परिभाषा पनि पूर्ण रहेको मान्न सकिँदैन ।

प्रेम भटनागर (सन् १९६८ : ९) ले उपन्यास साहित्यको सबभन्दा लचिलो, चम्किलो विधा हो जसमा एक युगको वा एक क्षणको अथवा एक समाजको वा एक व्यक्तिको चित्रण हुन्छ भन्ने मान्दछन् । उनको परिभाषाले निम्न कुरा समेट्न खोजेको छ :

- उपन्यास साहित्य विधा हो,
- उपन्यास लचिलो हुन्छ,
- उपन्यास चम्किलो विधा हो,
- उपन्यासमा एक युगको वा एक क्षणको चित्रण हुन्छ,
- उपन्यासमा एक समाजको वा एक व्यक्तिको चित्रण हुन्छ ।

यस परिभाषामा उपन्यासको उद्देश्यका बारेमा चर्चा गरिएको छैन । बिना उद्देश्य उपन्यास लेखिँदैन । यसर्थ यो परिभाषालाई सर्वस्वीकार्य परिभाषा मान्न सकिँदैन ।

गोविन्द त्रिगुणायत (सन् १९६८ : क) का विचारमा उपन्यासले जीवन जगत्को जटिल र बहुमुखी जीवनको यथार्थ चित्रण गर्दछ । यस परिभाषाले निम्न कुरा समेट्न खोजेको छ :

- उपन्यास जीवन जगत्को प्रस्तुति हो,
- उपन्यासले जटिल र बहुमुखी जीवनको चित्रण गर्छ,
- उपन्यासले यथार्थ चित्रण गर्छ ।

उपर्युक्त परिभाषामा पनि उपन्यासलाई यथार्थ चित्रण गर्ने विधा मानिएको छ । उपन्यास यथार्थ मात्रको पुञ्ज होइन, यसमा कल्पनाको पनि संयोजन गरिएको हुन्छ ।

सत्यपाल चुधकृत (सन् १९६८ : १७-१८) का मतमा उपन्यास ठूलो आकारको रोचक र वर्णनात्मक गद्यरूप हो जसमा वैयक्तिक दृष्टिले वास्तविकताको आभास गराउने काल्पनिक कथा हुन्छ । यसमा पात्रका माध्यमबाट जीवनको एकाङ्गी र बहुरङ्गी गतिशील यथार्थको अङ्कन गर्दै नित्य नयाँ रूप धारण गर्दछ । यस परिभाषाले निम्नलिखित कुरा समेट्न खोजेको छ :

- उपन्यास ठूलो आकारको हुन्छ,
- उपन्यासमा रोचक वर्णन हुन्छ,
- उपन्यास गद्यरूप हो,
- उपन्यासमा काल्पनिक कथा हुन्छ,
- उपन्यासमा काल्पनिक कथाले वास्तविकताका आभास गराउँछ,
- उपन्यासमा एकाङ्गी र बहुरङ्गी यथार्थ अङ्कन हुन्छ,
- उपन्यासले नित्य नयाँ रूप धारण गर्छ ।

यस परिभाषाले पनि साना आकारका उपन्यासहरूको उपेक्षा गरेको छ । उपन्यासले सधैं नयाँ रूप धारण गर्छ भन्दै उपन्यासको कालजयी परिभाषा दिन नसकिने सङ्केत यस परिभाषाले गरेको छ । यस परिभाषाका पनि आफ्नै सीमाहरू रहेका छन् ।

रणवीर राङ्ग्रा (सन् १९८६ : १४) ले उपन्यासलाई एउटा बृहत् गद्याख्यान बताएका छन् जसमा एक मनोरञ्जक कथानक अन्तर्गत प्राय: प्राकृत जीवनको प्रतिनिधित्व गर्ने पात्रसँग सम्बन्धित घटना, उसको प्रतिक्रिया, घात प्रतिघातबाट विकसित उसको व्यक्तित्वको सजीव चित्रण भएको हुन्छ । राग्राको यस परिभाषामा पनि उपन्यासलाई बृहत् आकारको रचना मानिएको छ । यस परिभाषाले साना आकारका उपन्यासको उपेक्षा गरेको बुझिन्छ । यसर्थ यस परिभाषाले समग्र उपन्यासलाई समेट्न सकेको छैन ।

(ख) नेपाली साहित्यमा उपन्यासको परिभाषा

उपन्यासका विधागत स्वरूपको चर्चा गर्दै वासुदेव त्रिपाठी (२०२८ : ९१) ले लेखेका छन् – "... उपन्यास सामाजिक चरित्र वा मनोवैज्ञानिक रेखाङ्कनबाटै तृप्तिको अनुभव गर्दैन । कुनै शाश्वत मानवीय मर्मको अविस्मरणीय कलात्मकताले नै उपन्यासलाई महान् पार्छ ।"

इन्द्रबहादुर राई (सन् १९७४ :४०) ले "यथार्थसँग परिचयन, सत्यको सन्धान, मूल्यको संरक्षण जीवन वैविध्यमाथि एकरूपता प्रदान, जीवन, शिक्षण, व्यक्तित्वको पुनरन्वेषण र मानवताको प्राप्ति उपन्यासका प्रमुख दायित्व हुन्" भनी उल्लेख गरेका छन् ।

केशवप्रसाद उपाध्याय (२०३४ : २४२) ले **साहित्य प्रकाश**मा "उपन्यास शब्दको शाब्दिक अर्थ 'नजिक राख्नु' भन्ने हुन्छ र उपन्यासले जीवन जगत्को नजिकबाट अध्ययन र चित्रण गर्दछ" भनी उल्लेख गरेका छन् ।

नेपाली बृहत् शब्दकोश (२०४० : १५२) का अनुसार "धेरै अध्याय र खण्डहरूमा लेखिएको लामो साहित्यिक कथा, चरित्र प्रधान गद्य महाकाव्य नै उपन्यास हो ।"

उक्त परिभाषामा उपन्यासलाई गद्य महाकाव्य भनेर महाकाव्यको स्थानमा पुऱ्याए पनि उपन्यासले प्रस्तुत गर्ने जीवनका अन्तर्पक्ष र बाह्य पक्षका बारेमा यो परिभाषा मौन छ । यस्तै

उपन्यासलाई चरित्र प्रधान गद्य मानिएको छ । उपन्यास चरित्र प्रधान मात्र नभई घटना प्रधान लगायत मिश्रित पनि हुन्छन् ।

कृष्णचन्द्रसिंह प्रधान (२०६१ : ४१०) उपन्यासको परिभाषा यसरी गर्छन् – "उपन्यास जीवनकै दर्शन र मानसिक प्रक्रियाको अध्ययन हो ।"

प्रस्तुत परिभाषाद्वारा उपन्यासले मानव जीवनका अन्तर्विरोधहरू, व्यक्तिका अन्तर्द्वन्द्वहरू समस्याहरूमा जेलिएका अल्झोहरू तथा अनेक कठिनाइ र बाधा रहेर पनि अनेकौँ फड्को हालेर मानवीय क्रिया र मुक्तिका प्रयासहरूको दिग्दर्शन, विश्लेषण र चित्रणका आधारहरू तय गर्छ भन्ने मान्न सकिन्छ ।

प्रतापचन्द्र प्रधान (सन् १९८३ : ३७) ले "उपन्यास लौकिक भावनाद्वारा ओतप्रोत भई मानव मनको सूक्ष्म मनोवैज्ञानिक अङ्कन गर्ने र जीवनका अन्तरङ्गी र बहिरङ्गी चित्र (प्रकृति) लाई पनि प्रतिविम्बित पार्ने आधुनिक कला नै उपन्यास हो" भनेका छन् ।

मोहनहिमांशु थापा (२०६६ : १२१) ले **साहित्य परिचय** नामक कृतिमा लेखेका छन्– "उपन्यास गद्यमा लेखिएको त्यस्तो आख्यानात्मक रूप हो, जसमा मानवजीवनको विराट् रूप र आफ्नो युगीन परिवेशको प्रस्तुति हुन्छ ।"

थापाको यस परिभाषाले निम्न कुरा समेट्न खोजेको छ :

- उपन्यास गद्यमा लेखिन्छ,
- उपन्यास साहित्यको एक विधा हो,
- उपन्यासमा मानव जीवनको विस्तृत प्रस्तुति हुन्छ,
- उपन्यासमा सम्बृद्ध परिवेशको प्रस्तुति हुन्छ ।

उक्त परिभाषामा उपन्यासमा मानव जीवनको विस्तृत परिवेश हुन्छ भनिएको छ । सबै उपन्यासमा जीवनको विस्तृत प्रस्तुति भएको हुँदैन । कुनै उपन्यासमा जीवनका केही पक्षको मात्र प्रस्तुति भएको देखिन्छ ।

दयाराम श्रेष्ठ (२०३४ : १४) ले **नेपाली साहित्यको संक्षिप्त इतिहास** कृतिमा लेखेका छन्– "बहुविध संरचनात्मक एकाइद्वारा हरेक अङ्ग परस्परमा शृङ्खलाबद्ध भई निश्चित मूल्य प्राप्त गरेको तथा व्यापक परिधिभरिको समय र स्थानभित्र विस्तारित भएको कलासौन्दर्ययुक्त कथात्मक गद्यलाई उपन्यास भनिन्छ" (पृ.१४) ।

श्रेष्ठको यस परिभाषाले निम्नलिखित कुरा समेटेको छ :

- उपन्यासमा धेरै संरचनात्मक एकाइहरू हुन्छन्,
- उपन्यासमा हरेक अङ्ग परस्परमा शृङ्खलाबद्ध भई आएका हुन्छन्,
- उपन्यासले निश्चित मूल्य प्राप्त गरेको हुन्छ,

- उपन्यास व्यापक परिधिभरिको समय र स्थानभित्र विस्तारित भएको हुन्छ,
- उपन्यास कला सौन्दर्ययुक्त हुन्छ,
- उपन्यासमा कथा हुन्छ,
- यो गद्यमा लेखिन्छ ।

उपन्यास साहित्यको सबैभन्दा सबल विधा हो र यसले समाजको सम्पूर्ण यथार्थ घटनाहरूको प्रतिनिधित्व गर्छ । व्यक्ति र मानव समाजका चिन्तन धारा, घात प्रतिघात, सङ्गति विसङ्गति आदिको चित्रण वर्णन गर्ने कार्यमा साहित्यका विविध विधाहरू, विविध नियम र बन्धनभित्र बाँधिएका हुन्छन् भने उपन्यासचाहिँ स्वतन्त्र विधा भएको हुनाले गतिशील हुन्छ । यसले समाजका सबै क्षेत्रको स्पष्ट झलक प्रस्तुत गर्न सक्छ भन्ने कुराको ज्ञानकारी माथिका परिभाषाको अध्ययनबाट प्राप्त भएको छ ।

ऋषिराज बराल (२०६३ : २) ले उपन्यासले उपन्यासको परिभाषा गर्दै लेखेका छन्– “समाज, व्यक्ति र उत्पादन इतिहासको स्थितिबोध गराउने सबभन्दा प्रभावकारी विधा उपन्यास हो । अनि उपन्यास नयाँ समाजको नयाँ मान्छे र नयाँ यथार्थको उद्घाटन गर्ने वर्तमानको महाकाव्य हो ।”

राजेन्द्र सुवेदी (२०६४ : १२) ले **नेपाली उपन्यास : परम्परा र प्रवृत्ति** शीर्षकको कृतिमा पूर्वोत्तर तारतम्यमा सुसम्बन्ध गरेर लेखिएको आख्यानात्मक रचनालाई उपन्यास मानेका छन् ।

उपर्युक्त परिभाषाहरूको अध्ययन गर्दा प्रायः सबैजसोमा कुनै न कुनै पक्षको अभाव रहेको छ । कुनै पनि परिभाषाले विगतदेखि वर्तमानसम्मका सम्पूर्ण उपन्यासलाई समेट्न सकेको छैन । यद्यपि सबै परिभाषाका सारलाई एक ठाउँमा राखर हेर्दा उपन्यासलाई चिनाउने आधारभूत विशेषता चाहिँ देखा पर्छन् । तिनलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

- उपन्यास साहित्यको एउटा विधा हो ।
- उपन्यास गद्यमा लेखिन्छ ।
- उपन्यासमा आख्यान हुन्छ ।
- उपन्यासमा जीवनको प्रस्तुति हुन्छ ।
- उपन्यासमा यथार्थलाई कलात्मक रूपमा प्रस्तुत गरिएको हुन्छ ।
- उपन्यासले मूल्य निरूपण गर्छ ।
- उपन्यास आधुनिक युगको एउटा कलात्मक उपलब्धि हो ।

उल्लिखित हिन्दी तथा नेपाली विभिन्न परिभाषामा विद्वान्हरूका फरक फरक धारणाहरू देखा पर्छन् । ती परिभाषामा विद्वान्हरूले गरेका शब्द चयन, प्रस्तुतीकरण पनि फरक फरक छन् अनि प्रत्येकले महत्त्व दिन खोजेको पक्ष भिन्न भिन्न रूपमा प्रस्तुत भएका छन् । उपन्यासका उपर्युक्त परिभाषाहरूको अध्ययन र विश्लेषणबाट प्राप्त निष्कर्ष र विगतदेखि

वर्तमानसम्मका उपन्यासहरूका विभिन्न रूप र ढाँचालाई आधार मान्दै वर्तमानमा अनुकूल हुने गरी उपन्यासको सम्यक परिभाषा निम्न अनुसार गर्न सकिन्छ :

उपन्यास आधुनिक समाजको उपज हो र यसले सामाजिक जीवनका विविधता, वर्ग सङ्घर्ष र वैचारिक द्वन्द्वका विविध रूपको आख्यानीकरण गर्दै गद्यमा प्रभावशाली रूपले अभिव्यक्त गर्न सक्छ ।

२.४ उपन्यासको स्वरूप

उपन्यास साहित्यका विविध विधामध्येको एक विधा हो । यो गद्यमा लेखिन्छ । यसमा कार्य कारण युक्त क्रमिक वा व्यतिक्रमिक आख्यान हुन्छ । वृहत् आकारमा फैलिएर मानव जीवनका समग्रता र भव्यतालाई अभिव्यक्त गर्न सक्ने क्षमता यसले राख्छ । यसले वृहत् परिवेशलाई आफूमा समाहित गर्न सक्छ । यो अत्यन्त प्रयोग बहन गर्न सक्ने विधा हो । यसका नितान्त नौला बान्की हुन सक्छन् । यसको परम्परागत र अधुनातन आफ्नै कलागत मूल्य र संरचना हुन्छ जसले साहित्यका अन्य विधासँग यसको स्वरूपलाई पृथक् ढङ्गमा चिनाएको हुन्छ । विविध संरचनात्मक एकाइद्वारा अन्तर्बाह्य रूपले सुसङ्गठित र सुसंरचित हुनु यसको स्वरूपगत पहिचान हो । यसमा जीवनका यथार्थताहरूको कल्पनात्मक बुनाइ हुन्छ । यसले पाठकमा एउटा गहन र प्रभावकारी उत्प्रेरणा जागृत गराउन सक्छ । यो आधुनिक साहित्यको सबैभन्दा बढी पढिने लोकप्रिय विधा हो । कलात्मक हुँदा हुँदै पनि सरल हुनु यसको सबल पक्ष हो । यो जनताको आवाज र अधिकार बोल्ने जनमुखी साहित्यको पर्याय पनि बन्न पुगेको छ ।

२.५ उपन्यासका तत्त्वहरू

उपन्यास निश्चित अवयवहरूको समुचित मेलबाट निर्माण भएको हुन्छ । यी अवयवहरू नै उपन्यासका तत्त्व हुन् । उपन्यास एउटा यौगिक रचना हो । उपन्यास बन्नका लागि उपन्यासका तत्त्वहरूको योग हुनै पर्छ । यी तत्त्वहरू छुट्टै रहँदा केही पनि होइनन् तर जब सबै तत्त्वहरू एक आपसमा मिलेर सुसङ्गठित हुन्छन् तब उपन्यासले विधागत रूप प्राप्त गर्दछ । यसर्थ उपन्यासले विधागत रूप प्राप्त गर्नका लागि चाहिने आवश्यक कुराहरू नै उपन्यासका तत्त्वहरू हुन् ।

उपन्यासका तत्त्वहरूका बारेमा विद्वान्हरू बिच मतान्तर रहेको छ । एकातर्फ उपन्यासका तत्त्वहरूको सङ्ख्यामा मतान्तर रहेको छ भने अर्कातर्फ ती तत्त्वहरूको मात्रात्मक घटीबढीमा पनि भिन्नता छ । विद्वान्हरू उपन्यासमा तत्त्वहरूको मात्रात्मक घटीबढी भए पनि कुनै तत्त्व शून्य नै रहन भने सक्दैन भन्ने कुरामा सहमत देखिन्छन् ।

उपन्यास तत्त्वका सम्बन्धमा पूर्व पश्चिम दुवैतिर चर्चा भएको छ । पाश्चात्य साहित्यमा उपन्यासका मूल तत्त्व कथावस्तु, पात्र र सारवस्तुलाई मानिएको छ । पूर्वीय साहित्यमा प्रबन्धात्मक रचनाका मूल तत्त्वका रूपमा वस्तु, नेता र रसलाई मानिएको छ । यी दुईको तुलना गर्दा शब्दगत भिन्नता देखिए पनि तात्पर्यमा खासै भिन्नता देखा पर्दैन । दुवैतर्फका विद्वान्हरू यी तिन ओटै तत्त्वहरूलाई उपन्यासका मूल तत्त्व मान्दछन् ।

उपन्यासको विवेचना गर्ने क्रममा नेपाली विद्वान्हरूले उपन्यास तत्त्वलाई कथानक, पात्र, परिवेश, भाषाशैली, संवाद, विचार, दृष्टिबिन्दु, उद्देश्य आदि विभिन्न नामकरण गरेका छन् । उनीहरूका विचारमा उपन्यासका तत्त्वका बारेमा शब्दगत भिन्नता रहे तापनि तात्पर्यका सम्बन्धमा एउटै मत रहेको देखिन्छ । उपन्यासको एउटा आधारभूत तत्त्वको रूपमा केशवप्रसाद उपाध्यायले 'कथावस्तु' लाई लिएका छन् । यसलाई हिमांशु थापाले 'कथावस्तु', कृष्णचन्द्रसिंह प्रधानले 'कथानक', प्रतापचन्द्र प्रधानले 'कथानक' वा 'कथावस्तु' राजेन्द्र सुवेदीले 'वस्तु', भानुभक्त पोखरेलले 'कथावस्तु', ऋषिराज बरालले 'कथानक', घनश्याम नेपालले 'कथावस्तु' मानेका छन् । सबै विद्वान्हरूले यसलाई विवेचना गर्ने क्रममा अङ्ग्रेजी शब्द 'प्लट'कै अर्थमा प्रयोग गरेका छन् । यसर्थ विद्वान्हरूको यो भिन्नता शब्दगत रहे पनि तात्पर्य एउटै हो र 'प्लट' अर्थात् कथानक उपन्यासको एउटा प्रमुख तत्त्व हो भन्ने स्पष्ट छ ।

उपन्यासको अर्को महत्त्वपूर्ण तत्त्व पात्र वा चरित्र हो । यसलाई केशवप्रसाद उपाध्याय, कृष्णचन्द्रसिंह प्रधान, राजेन्द्र सुवेदी र ऋषिराज बराल आदिले 'चरित्र', मोहनहिमांशु थापाले 'पात्र', प्रतापचन्द्र प्रधान र भानुभक्त पोखरेलले 'पात्र' वा 'चरित्र' भनेका छन् । सबै विद्वान्हरूले यसलाई विवेचना गर्ने क्रममा अङ्ग्रेजी शब्द 'क्यारेक्टर' कै अर्थमा प्रयोग गरेका छन् । यसर्थ विद्वान्हरू बिच शब्दगत भिन्नता रहे पनि क्यारेक्टर अर्थात् पात्र वा चरित्रमा अर्थगत भिन्नता देखिँदैन ।

उपन्यासको अर्को तत्त्व उद्देश्यको व्याख्याका क्रममा केशवप्रसाद उपाध्यायले 'उद्देश्य' र 'जीवन दर्शन'; हिमांशु थापा, कृष्णचन्द्रसिंह प्रधान, प्रतापचन्द्र प्रधान एवम् राजेन्द्र सुवेदीले 'उद्देश्य' तथा कृष्णहरि बराल र एटमले 'सारवस्तु' मानेका छन् । सबै विद्वान्हरूले यस तत्त्वका बारेमा भिन्न भिन्न शब्द प्रयोग गरे पनि अर्थका दृष्टिले समानता देखिन्छ ।

उपन्यासको अर्को तत्त्व संवाद हो । केशवप्रसाद उपाध्याय, कृष्णचन्द्रसिंह प्रधान र राजेन्द्र सुवेदीले संवादलाई कथोपकथनका रूपमा चर्चा गरेका छन् । हिमांशु थापा, प्रतापचन्द्र प्रधान, कृष्णहरि बराल र नेत्र एटमले संवादका रूपमा चर्चा गरेका छन् ।

उपन्यासको अर्को तत्त्व परिवेश हो । केशवप्रसाद उपाध्यायले 'देश, काल, वातावरण'; हिमांशु थापा, कृष्णचन्द्रसिंह प्रधान, प्रतापचन्द्र प्रधानले 'वातावरण' र राजेन्द्र सुवेदीले 'परिवेश' शब्द प्रयोग गरेका छन् । यिनीहरूले भिन्न शब्द प्रयोग गरे पनि अर्थका दृष्टिमा भने सबैले चर्चा गर्न खोजेको कुरा अङ्ग्रेजी भाषाको 'सेटिङ' नै हो ।

उपन्यासको अर्को महत्त्वपूर्ण तत्त्व शैली हो । यसलाई केशवप्रसाद उपाध्यायले 'शैली', हिमांशु थापा र प्रतापचन्द्र प्रधानले 'भाषा-शैली' र कृष्णचन्द्रसिंह प्रधानले 'भाषा' र 'शैली' लाई छुट्टाछुट्टै तत्त्वका रूपमा चर्चा गरेका छन् । राजेन्द्र सुवेदीले भने यस तत्त्वका बारेमा उल्लेख गरेका छैनन् । जसले जुन शब्द प्रयोग गरे पनि यसको मूल अर्थ अङ्ग्रेजी भाषाको 'स्टाइल' नै हो ।

राजेन्द्र सुवेदी (२०६४: १२) ले 'द्वन्द्व'लाई उपन्यासको छुट्टै तत्त्वका रूपमा चर्चा गरेका छन् । सुवेदीले उपन्यासका तत्त्वको चर्चा गर्ने क्रममा उपन्यासका तत्त्व असीमित हुने चर्चा गरेका छन् । यस आधारमा भन्दा उपन्यासका तत्त्व धेरै हुन सक्छन् तापनि ती सबैलाई उपन्यासका महत्त्वपूर्ण र अनिवार्य तत्त्व मान्न सकिँदैन । उपन्यासका केही तत्त्व यति महत्त्वपूर्ण हुन्छन् कि ती तत्त्वबिना उपन्यासले स्वरूप ग्रहण गर्न सक्दैन । यसर्थ उपन्यासमा केही आधारभूत तत्त्वहरू हुन्छन् जसको संयोगले उपन्यासले विधागत रूप प्राप्त गर्छ । अन्य तत्त्वहरू उपन्यासका गौण तत्त्वहरू हुन् ।

ऋषिराज बराल (२०६३ : २) ले उपन्यासका तत्त्वहरूको उल्लेख गर्ने क्रममा प्रमुख वा आधारभूत तत्त्वका रूपमा कथानक, चरित्र, विचार, दृष्टिबिन्दु, भाषाशैली र परिवेशलाई मानेका छन् । त्यसरी नै घनश्याम नेपालले उपन्यासको संरचनाका लागि कथावस्तु, कथानक, कथा, पात्र तथा चरित्र चित्रण, विचार तत्त्व, पर्यावरण र चित्तवृत्ति, दृष्टिकोण, प्रतीक र बिम्ब, गति तथा लय एवम् भाषा र बुनोटको कुरा उठाएका छन् । भानुभक्त पोखरेलका अनुसार उपन्यासका तत्त्वहरू कथावस्तु, पात्र एवम् चरित्र चित्रण, कथोपकथन, देशकाल एवम् वातावरण, उद्देश्य र शैली हुन् । यी विविधतापूर्ण चर्चालाई ध्यानमा राखेर यहाँ उपन्यासका प्रमुख तथा गौण तत्त्वहरूको छोटकरी परिचय दिँदै तिनका विशेषताको अनुशीलन बेग्ला बेग्लै उपशीर्षकमा गरिएको छ ।

२.५.१ प्रमुख तत्त्व

प्रायः सबैजसो विद्वान्ले स्विकारेका उपन्यासका आधारभूत वा प्रमुख तत्त्वहरू कथानक, पात्र र तिनको चरित्र, परिवेश, दृष्टिबिन्दु, भाषाशैली र विचार हुन् । तिनीहरूको परिचय निम्नानुसार प्रस्तुत गरिएको छ :

(क) कथानक

आख्यानमूलक सिर्जनात्मक साहित्यिक विधाको संरचनामा कार्य कारण सम्बन्धद्वारा विकसित भएको आन्तरिक कार्य व्यापार वा घटना व्यापारको नियोजित शृङ्खलालाई कथानक भनिन्छ । पूर्वीय काव्यशास्त्रमा वस्तु, नेता र रसमध्ये रसलाई सर्वाधिक महत्त्व दिई वस्तु र नेतालाई रसको माध्यम मात्र मानिएको छ । पाश्चात्य विद्वान् एरिस्टोटलले त्रासदीको विवेचना गर्दा त्रासदीको कथावस्तु साधारणतः दन्त्यकथामूलक, कल्पनामूलक वा इतिहासमूलक हुनुपर्छ र यो साह्रै छोटो वा साह्रै लामो पनि नभएर सहज रूपले सम्झन र बुझ्न सकिने किसिमको तथा

मझौला आकार (आयाम) को हुनु पर्छ भनेका छन् (नगेन्द्र, २०३१ : ६६-६७) । उपन्यास गद्यमा लेखिने पाश्चात्य साहित्यको नवीन विधा भएका हुनाले यसको संरचना पद्धति सम्बन्धी आधुनिक कालका विद्वान्हरूले प्रस्तुत गरेका सिद्धान्तहरू बढी उपयोगी देखिन्छन् । उपन्यासको शरीर निर्माण गर्नका निम्ति अनिवार्य र महत्त्वपूर्ण मानिएको बीजरूपी 'कथा'लाई कथानक भनिन्छ (राय, सन् १९७२ : १३) । कथानक उपन्यासको मूलाधार हो र यो बिना उपन्यासको अस्तित्व सम्भव रहँदैन भन्ने ई. एम. फोर्स्टरको विचार छ (सन् १९८७ : ३४) । विनोदशंकर व्यासले यसलाई लेखकको विचार सम्मिलित रूपमा प्रकट गर्न तयार गरिएको घटना व्यापारको ढाँचा मानेका छन् (सन् १९५६ : ११०) । त्रिभुवन सिंहले यसलाई उच्चस्तरीय साहित्यिक सङ्गठन मानेको पाइन्छ (सन् १९७३ : ३३७) । ई.एम. फोर्स्टरको भनाइमा कथावस्तु भनेको घटनाहरूलाई समयक्रममा व्यवस्थित गरी प्रस्तुत गरिने व्याख्यान हो र कथानक आकस्मिक प्रस्फुटनको रूपमा देखा पर्ने घटनाहरूको व्याख्यान हो (फोर्स्टर, सन् १९८७ : ८७) । उनी कथानकमा कुतूहलता, चातुर्य समय क्रमका एकरूपताको माग गर्दछन् । खास गरी कुतूहलता र चातुर्य कथानकमा नभई नहुने कुरा हुन् भन्ने उनको भनाइ छ ।

कथानक कथावस्तुको प्रस्तुतिका क्रममा देखा पर्ने घटनाक्रमको योजनाबद्ध र व्यवस्थित प्रस्तुति हो । यो कार्यव्यापार हो । यसको पनि आरम्भ र अन्त हुन्छ । यस क्रममा कथानकभित्र द्वन्द्व र उत्कर्षका स्थितिहरू देखा पर्दछन् । संरचनाको सम्पूर्णताभित्र कथानकमा देखा पर्ने आरोह-अवरोह र गतिले पनि महत्त्वपूर्ण भूमिका खेल्ने गर्दछ (बराल, २०५६ : २८) । कथानक कार्यव्यापारको नाटकीय वा वर्णनात्मक कार्य हो जुन एउटा निश्चित आवेगात्मक वा कलात्मक प्राप्तिका लागि निश्चित क्रम र प्रक्रिया अनुसार अघि बढ्छ (अब्राहम, सन् १९९२ : १२८ उद्धृ. दाहाल, सन् २००१ : १) । यसरी कथामा कथानकलाई कार्यकारण सम्बन्ध अनुकूल क्रमिक वा व्यतिक्रमिक ढङ्गले अगाडि बढाइएको हुन्छ र यसले उपन्यासको मूल संरचना निर्माण गर्दछ ।

(ख) पात्र र तिनको चरित्र

उपन्यासको तत्त्वगत सङ्गठन प्रक्रियामा पात्र र चरित्र पनि कथानक झैँ अपरिहार्य तत्त्व मानिन्छ । प्राचीन तथा माध्यमिक कालीन आख्यान परम्परामा पारलौकिक अथवा अलौकिक र मानवेतर पात्रहरूको बढी समावेश भएको हुन्थ्यो भने आधुनिक आख्यानमा चाहिँ यही जगत्का मानव प्रतिनिधि पात्रहरूलाई नै प्रस्तुत गरिएको हुन्छ । उपन्यास कुनै विशेष घटनावस्तुको कथात्मक विवरण हो र त्यस घटनासँग सम्बन्धित व्यक्तिहरू नै उपन्यासका पात्रहरू हुन्छन् । यस्ता पात्रहरू मानवीय र मानवेतर दुवै हुन सक्छन् । उपन्यासमा पुरुष र महिला दुवै मानवीय पात्रको प्रयोग गरिएको हुन्छ । उपन्यासकारले मानवीय पात्रको प्रयोग गर्दा विभिन्न उमेर समूहलाई पनि विशेष ध्यान दिएको हुन्छ । विशेषत: बाल पात्र, युवा पात्र, प्रौढ पात्र र बृद्ध पात्र गरी उपन्यासमा विभिन्न उमेर समूहका पात्रको प्रयोग हुन सक्छ ।

उपन्यासमा आउने जाने पात्रहरूको चिनारीका लागि लिङ्गगत आधार पनि एउटा प्रमुख आधार हो । यसबाट पात्रको प्राकृतिक जात छुट्टचाउन सजिलो पर्दछ । यसबाट उपन्यासमा कति पुलिङ्गी र कति स्त्रीलङ्गी पात्र छन् भन्ने कुरालाई पनि छुट्टचाएर हेर्न सकिन्छ । पुरुष पात्रको सङ्ख्या बढी भएमा उपन्यास पुरुष पात्रप्रधान हुन्छ भने स्त्रीपात्रको सङ्ख्या बढी भएमा चाहिँ स्त्री पात्रप्रधान उपन्यास बन्दछ । लिङ्गका आधारमा पात्रको बाह्य र आन्तरिक स्वभाव तथा प्रवृत्ति, क्रियाकलाप र तिनका नाम छुट्टचाउन अत्यन्त सजिलो हुन्छ । यसबाट नायक, नायिका, सहनायक, सहनायिका, खलनायक, खलनायिका आदि पात्रहरूको वर्गीकरण समेत गर्न सकिन्छ ।

पात्रबिना औपन्यासिक संरचनाको कल्पना गर्नु असम्भव छ । खास गरी कथानक उपन्यासको जीवन हो भने पात्र मुटु वा प्राण हो । पात्रले नै उपन्यासलाई जीवन्त र चलायमान बनाउँछ । पात्रको चारित्रिक विकास सँगसँगै कथानकको पनि विकास भएको हुन्छ । पात्रले उपन्यासलाई औपन्यासिक परिणतिको बिन्दुमा पुऱ्याउँछ । अझ अर्को शब्दमा भन्ने हो भने पात्रको चारित्रिक परिवर्तन सँगसँगै कथानक विकासको मोडमा पनि परिवर्तन आउँछ । यस्ता परिवर्तनहरू नै घटनाका शृङ्खला हुन् ।

उपन्यासकारले आफू बाँचेको समाजबाट नै पात्रहरूलाई उपन्यासमा आमन्त्रित गरेका हुन्छन् अनि तिनलाई मानवीय गुण, स्वभाव र ग्रन्थिहरू प्रदान गरी मानव प्रतिनिधि बनाएका हुन्छन् । यसै कारण औपन्यासिक पात्रहरू साँच्चैका मान्छे जस्तै हुन्छन् र अझै प्रौढ उपन्यासका पात्रहरू हामीसँग परिचित जस्तो लाग्ने हुन्छन् (**दि इलिमेन्ट अफ फिक्सन**, सन् १९८६ : १२१) । आधुनिक उपन्यासमा प्रयुक्त मानवेतर पात्रहरू मानवेतर चरित्रकै चित्रण गर्ने उद्देश्यले नभई मानवीय गुण, स्वभाव र ग्रन्थिहरूप्रति उपहास गर्नका लागि एउटा बिम्बात्मक पात्रका रूपमा उभ्याइएका हुन्छन् । उदाहरणका लागि उपन्यासकार लैनसिंह बाङ्देलको **लङ्गडाको साथी** उपन्यासमा प्रयुक्त काले कुकुरलाई लिन सकिन्छ । यस कुकुर पात्रले कुकुर समाजको प्रतिनिधित्व नगरी सभ्य भनाउँदो मानव समाजप्रति उपहास गर्ने प्रयोजनमा ठुलो भूमिका निर्वाह गरेको छ ।

उपन्यासमा प्रयुक्त पात्रहरूलाई कृतिगत भूमिकाको आधार, स्वभावगत आधार र प्रवृत्तिगत आधार जस्ता विभिन्न आधारमा वर्गीकरण गरेर हेर्न सकिन्छ :

ख.१ कृतिगत भूमिकाका आधारमा औपन्यासिक पात्रको वर्गीकरण

उपन्यासमा देखा परेका सबै पात्रहरूले एकैनासका बराबरी कार्य गरेका हुँदैनन् । कुनै पात्रले महत्त्वपूर्ण भूमिका निर्वाह गरेका हुन्छन् भने कुनै पात्रले चाहिँ सहायक भूमिका र अझ कतिपयले गौण भूमिका मात्र निर्वाह गरेका हुन्छन् । उपन्यासमा औपन्यासिक भूमिका वा कार्यका आधारमा पात्रहरूलाई प्रमुख पात्र, सहायक पात्र र गौण पात्र गरी तिन श्रेणीमा विभाजन गरेर अध्ययन गर्नु उपयुक्त हुन्छ ।

उपन्यासमा सुरुदेखि अन्तसम्म नै उपस्थित रहेका र सबैभन्दा बढी कृतिगत भूमिका निर्वाह गर्ने पात्रलाई प्रमुख पात्रको श्रेणीमा राख्न सकिन्छ । वास्तवमा मूल पात्रले नै औपन्यासिक घटना सञ्चालन गरेको हुन्छ र औपन्यासिक कथानकको मूल प्रवाहमा पनि यिनै श्रेणीमा पात्रको भूमिका प्रभावकारी रहेको हुन्छ । मूल पात्रका भन्दा केही कम औपन्यासिक भूमिका वा कार्य भएका पात्रलाई सहायक पात्रको श्रेणीमा राखेर अध्ययन गरिन्छ । यस श्रेणीका पात्रहरूले मूल पात्रको चारित्रिक विकासमा सहयोगीको भूमिका खेलेका हुन्छन् । उपन्यासको कथानकसँग जोडिएका भन्दा पनि कम र अत्यन्तै न्यून कार्य वा भूमिका भएका पात्रलाई गौण पात्रको श्रेणीमा राखेर हेर्न सकिन्छ । उपन्यासमा यस्ता पात्रहरूको आवृत्ति क्रम पनि अत्यन्तै न्यून हुन्छ । यी पात्रहरू उपन्यासमा एकछिन आउने र हराउने खालका हुन्छन् । त्यसैले यिनलाई औपन्यासिक कार्यगत दृष्टिले गौण पात्र भनिएको हो ।

औपन्यासिक पात्रहरूको चरित्र पनि समाजमा रहने पात्रहरूका झैँ परिस्थिति अनुसार परिवर्तन हुने र नहुने खालको हुन्छ । उपन्यासमा जुन पात्र परिस्थिति अनुसार परिवर्तन हुन्छन् त्यस्ता पात्रका जीवन शैली, विचार धारा र स्वभावमा समेत परिवर्तन देखा पर्दछ अनि त्यस्ता पात्रलाई उपन्यासमा स्वभावगत दृष्टिले परिवर्तनशील अथवा गतिशील पात्र भन्दछन् । तर कतिपय पात्रहरू उपन्यासमा सुरुदेखि अन्तसम्मै उही र उस्तै जीवन शैली अँगालेर एउटै विचारधारामा बग्ने र जस्तै परिस्थितिमा पनि स्वभावमा कुनै परिवर्तन नदेखिने खालका हुन्छन् भने त्यस्ता पात्रलाई अपरिवर्तनशील वा गतिहीन वा स्थिर स्वभावका पात्र भन्दछन् । मूलतः उपन्यासमा यिनै दुई थरिका स्वभाव भएका पात्रहरू प्रयुक्त हुन्छन् ।

उपन्यासले सिङ्गो जीवन तथा समाजको चित्रण गर्ने हुँदा यस्तो बृहत् आख्यानात्मक कृतिमा पात्रको सङ्ख्या पनि अधिक नै हुन्छ । अझ उपन्यास विभिन्न घटनाहरूको एउटा शृङ्खला भएका हुनाले घटनैपिच्छे नयाँ नयाँ पात्रहरू देखा पर्नु पनि स्वाभाविकै मानिन्छ । यस दृष्टिले उपन्यासमा आवश्यक अनावश्यक गरी अनेक पात्रहरू हुन्छन् र ती पात्रहरूलाई उपन्यासमा तिनको कृतिगत भूमिकाका दृष्टिले वर्गीकरण गरेर हेर्न सकिन्छ । प्रधान (२०४० : ७३) का विचारमा उपन्यासका पात्रलाई मोटामोटी निम्नानुसार तीन श्रेणीमा वर्गीकरण गरेर हेर्न सकिन्छ :

(अ) मूल पात्रको श्रेणी,

(आ) गौण पात्रको श्रेणी र

(इ) अति गौण पात्रको श्रेणी ।

(अ) मूल पात्रको श्रेणी

उपन्यासमा प्रयुक्त पात्रको यस श्रेणी अन्तर्गत उपन्यासमा अत्यधिक कृतिगत भूमिका भएको पात्रहरू देखा पर्दछन् जसमा उपन्यासका नायक नायिका पर्दछन् । चारित्रिक विकास सँगसँगै औपन्यासिक घटनाक्रमको पनि विकास हुने हुँदा नायक नायिकालाई नै औपन्यासिक

घटनाका प्रमुख सञ्चालक मान्न सकिन्छ । कुशल उपन्यासकारले नायक नायिकाका चारित्रिक परिवर्तनको घटनालाई परिर्वतन गरी औपन्यासिक कथानकलाई अन्तिम परिणतिको विन्दुसम्म पुऱ्याएको हुन्छ ।

(आ) गौण पात्रको श्रेणी

उपन्यासमा मूल पात्रका कृतिगत भूमिकाभन्दा केही कम औपन्यासिक भूमिका भएका पात्रहरूलाई गौण पात्रका श्रेणीभित्र राख्न सकिन्छ अर्थात् उपन्यासको पात्र विधानमा गौण पात्रहरू दोश्रो श्रेणीका हुन्छन् । यी पात्रहरूको कृतिगत भूमिका सहायक रूपमा जोडिएको हुन्छ र यस्ता पात्रको भूमिकासँग सम्बन्धित कथानकलाई उपन्यासको मूल कथानकसँग जोडिन आउने उपकथानक वा प्रासङ्गिक कथानक पनि भन्दछन् ।

गौण पात्रहरूलाई अझ गहिरिएर हेर्ने हो भने दुई उपश्रेणीमा विभाजित गरी हेर्न सकिन्छ जस अन्तर्गत पारिवारिक पात्र र मूल घटनासँग सम्बन्धित सहायक पात्रहरू पर्दछन् (प्रधान, २०४० : ७७) । पारिवारिक पात्र भन्नाले मूल पात्र र गौण पात्रहरूसँग पारिवारिक नाता जोडिएका पात्र भन्ने बुझिन्छ । उदाहरणका लागि नायक नायिका, खलनायक खलनायिका, सहनायक सहनायिका, मातापिता तथा अन्य अभिभावकहरू नै पारिवारिक पात्र हुन् । यस्ता पात्रहरूका भूमिका मूल पात्रका खास कृतिगत भूमिकाको पृष्ठभूमिमा जोडिएको हुन्छ । यसै गरी मूल घटनासँग सम्बन्धित सहायक भूमिका निर्वाह गर्ने पात्रहरू जस्तै : नायक नायिकाका सहपाठीहरू, खलनायक खलनायिका र उपकथासँग जोडिएका अन्य पात्रहरू गौण पात्रको दोस्रो श्रेणी अन्तर्गत पर्दछन् । यस सम्बन्धमा कृष्णसिंह मोक्तानको उपन्यास **चरणधूलि**मा उपस्थित पात्रहरूमध्ये सूर्यमाया, मोहन आदि गौण पक्षको दोश्रो उपश्रेणीभित्र पर्ने पात्रहरू हुन् । यस्ता गौण पात्रहरूले मूल पात्रको चारित्रिक विकासमा गौरव, प्रतिष्ठा र महत्ता प्रदान गर्नमा प्रभावकारी भूमिका निर्वाह गरेका हुन्छन् (सिन्हा, १९६५ : ७८) । यस्ता पात्रहरू सामाजिक तथा घटना प्रधान उपन्यासमा बढी नै पाइन्छन् ।

(इ) अति गौण पात्रको श्रेणी

विशेष गरी घटना प्रधान सामाजिक, पौराणिक र ऐतिहासिक स्वरूपका उपन्यासहरूमा पात्रको बाहुल्य रहने हुँदा यस्ता उपन्यासहरूमा अति गौण पात्रहरू पनि प्रशस्तै देखा पर्दछन् । उपन्यासमा अति गौण पात्रको कृतिगत भूमिका अन्यन्तै न्यून देखा पर्दछ । एकछिन आउने जाने र एकचोटि आएपछि दोहोरिएर नआउने वा कम आवृत्ति भएका पात्रहरू नै अति गौण पात्र हुन् ।

सामाजिक उपन्यासहरूमा यस्ता पात्रहरूको पनि महत्त्व र औचित्य रहन्छ । यस सम्बन्धमा उपन्यासकार इन्द्रबहादुर राई (सन् १९७४ : २) लेख्छन्, “नचाहिने पात्र उपन्यासमा हुनुहुँदैन भन्छन् तर यस उपन्यासमा त्यस्ता पात्रहरू छन् उपन्यासमा तिनीहरूको आवश्यकता नै नभए पनि, कारण मैले देखेको संसारमा चाहिने मान्छेहरू मात्र छैनन् । जीवनभरि सँगै बसेर पनि हामीलाई कसैले असर पारेन भने त्यो पनि कथा हो, नहुनुको रोचक पनि कथा हो ।”

राईको भनाइका आधारमा के स्पष्ट हुन्छ भने उपन्यासमा कृतिगत भूमिका नै नभएका पात्रहरूको पनि केही न केही महत्त्व अवश्य हुन्छ । यस्ता पात्रहरूमध्ये एकछिन आउने जाने पात्रहरू, सम्झनाका भरमा चित्रित हुने पात्रहरू अथवा मृत्यु भइ सकेका तर चर्चामा आएका पात्रहरू आदि नै अति गौण पात्रको श्रेणीभित्र पर्न आउँछन् ।

उपन्यासमा अधिकांश पात्रहरू उपस्थित र चित्रित हुन्छन् । कतिपय पात्रहरू चाहिँ चर्चित वा वर्णित मात्र हुन्छन् । औपन्यासिक कथानकमा हुने पात्रको उपस्थितिलाई नै आसन्नता भन्दछन् । यो आसन्नतालाई पनि दुई आधारमा विभाजित गर्न सकिन्छ– मञ्चीय पात्र र नेपथ्यीय पात्र । मञ्चीय पात्रहरू स्वयम् उपस्थित भई औपन्यासिक कार्य गर्दछन् र ती पात्रहरूले वर्तमानको प्रतिनिधित्व पनि गर्दछन् । नेपथ्यीय पात्रहरू चाहिँ स्मरणमा आएका हुन्छन् र उपन्यासमा तिनीहरूको उपस्थिति नभएर केवल वर्णन वा चर्चा मात्र भएका हुन्छन् । यस्ता पात्रहरूले अतीत कालको सङ्केत दिन्छन् ।

उपन्यासमा पात्रहरूको मूल औपन्यासिक कार्य व्यापारसँग के कस्तो सम्बन्ध छ भन्ने कुरा देखाउनलाई पात्रगत आबद्धता विश्लेषण गर्नु आवश्यक हुन्छ । उपन्यासमा प्रयुक्त मञ्चीय पात्रहरू उपन्यासको कार्यसँग सोझै बाँधिएका हुँदा त्यस्ता पात्रहरूको सार्थकता झल्काउनको लागि उसको आबद्धता के कस्तो छ भन्ने कुरो हेर्नु पर्ने हुन्छ । यस आधारमा पात्रहरूको औपन्यासिक कथानकसँगको बद्धता र मुक्ततालाई छुट्ट्याएर हेर्न सकिन्छ । मूल औपन्यासिक कथानक वा कार्य व्यापारसँग बद्ध पात्रहरूलाई उपन्यासबाट झिक्न मिल्दैन । त्यस्ता पात्रलाई झिकिहालेका खण्डमा उपन्यासको मूल संरचना नै खल्बलिन्छ वा त्यसमा ह्रास आउँछ भने त्यस्ता पात्र बद्ध हुन् र पात्रलाई झिकेमा त्यसले उपन्यासको मूल कथानकलाई कुनै पनि प्रभाव पार्न सक्दैन भने त्यस्ता पात्रलाई मुक्त पात्र भनिन्छ । हरेक उपन्यासमा बद्ध र मुक्त दुवै प्रकारका पात्रको प्रयोग भएको पाइन्छ ।

औपन्यासिक कार्यव्यापारसँग सम्बन्धित अथवा कृतिगत भूमिका निर्वाह गर्ने पात्रहरूलाई माथि चर्चा गरिएका तिन श्रेणीमा राखेर हेर्दा उपन्यासमा कुन पात्रको के कस्तो र के कति भूमिका छ भन्ने कुरो छर्लङ्ग हुन आउँछ ।

ख.२ स्वभावगत आधारमा औपन्यासिक पात्रको वर्गीकरण

उपन्यासमा आमन्त्रित पात्रहरूलाई स्वभावगत आधारमा पनि वर्गीकरण र अध्ययन गर्न सकिन्छ । यस सम्बन्धमा प्राचीन पूर्वीय आचार्यहरूले वर्गीकरण गरेका नायक नायिकाका भेदलाई हेर्नु प्रासङ्गिक हुन्छ । पूर्वीय काव्यशास्त्रका अनुसार नायकलाई चार भेदमा छुट्ट्याई तिनको अलग अलग स्वभाव देखाइएको छ; जस्तै : धीरोदात्त, धीरललित, धीरप्रशान्त र धीरोद्धत । यी प्रत्येकको स्वभाव अन्तर्गत नायकलाई दक्षिण, घृष्ट, अनुकूल र शठ गरी अन्य चार उपभेदमा वर्गीकरण गरिएको पाइन्छ (सिग्देल, २०१६ : १४३ उद्धृ. दाहाल, सन् २००१ : ३५) । त्यस्तै गरी नायिकालाई पनि विभिन्न स्वभावका आधारमा धीरा (गम्भीर), अधीरा (चञ्चल) र

धीराधीरा (केही गम्भीर केही चञ्चल) गरी तीन भेदमा छुट्ट्याएर हेरिएको पाइन्छ (अधिकारी, सन् २००१ : ३५) । जहाँसम्म उपन्यासका नायक नायिका वा अन्य पात्रहरूको प्रसङ्ग छ त्यस सम्बन्धमा पूर्वीय काव्यशास्त्रमा पाइने उपर्युक्त स्वभावगत भेदलाई पनि मुख्य आधार बनाउन सकिन्छ ।

यसै गरी अङ्ग्रेजी साहित्यको पुनर्जागरण कालीन हास्यव्यङ्ग्य नाटककार बेन जोनसनले उनको नाटक **एभ्री म्यान इन एण्ड एभ्री म्यान आउट अफ हिज ह्युमर**मा पनि पात्रहरूको स्वभागत वर्गीकरण देखाएका छन् जसमा पार्थिव (अर्थ), आग्नेय (फायर), सजल (वाटर) र वायवीय (एअर) पात्रको चरित्रमा देखा पर्ने प्रमुख स्वभाव हुन् भनी उल्लेख गरेका छन् (प्रधान, २०६१ : २१) । यी चार किसिमका स्वभावका आधारमा पनि उपन्यासमा पात्रहरूलाई हेर्न सकिन्छ ।

ख.३ प्रवृत्तिगत आधारमा औपन्यासिक पात्रको वर्गीकरण

औपन्यासिक पात्रको चारित्रिक विश्लेषण गर्ने क्रममा प्रवृत्ति पनि एउटा मुख्य आधार बन्न आउँछ । उपन्यासका पात्रहरू पनि मानव जीवन जगत्बाटै आमन्त्रित हुने हुँदा तिनले पनि मानव प्रवृत्तिकै प्रतिनिधित्व गरेका हुन्छन् । यस्ता पात्रको प्रस्तुतिमा उपन्यासकारले गहन मनोवैज्ञानिक अध्ययन पनि गरेको हुन्छ । यस सम्बन्धमा उपन्यासमा पात्र चयन गर्दा उपन्यासकारले मान्छेको चरित्रमा पाइने अनेक प्रवृत्तिहरू जस्तै परिवर्तनशीलता, गतिशीलता, स्थिरता अथवा सतही र गोला अनेक प्रवृत्तिलाई प्रस्तुत गरेको हुन्छ । परिवर्तनशील पात्र गतिशील अथवा विकासशील प्रवृत्तिकै हुन्छन् र समयको परिवर्तन सँगसँगै यस्ता पात्रको चरित्रमा पनि परिवर्तन देखा पर्दछ । ई.एम. फोर्स्टरका अनुसार यस किसिमका पात्र गोला किसिमका हुन्छन् र गोला प्रवृत्तिका पात्र नै मानव चरित्रको अत्यन्तै सशक्त प्रतिनिधि पनि देखा पर्दछन् (फोर्स्टर, १९८२ : ६६-६७) । उदाहरणका लागि **भ्रमर** उपन्यासका मुख्य पात्रहरू इन्द्रशेखर, माया; **नरेन्द्र दाइ**का गौरी, नरेन्द्र, मुनरिया आदि यस प्रवृत्तिका पात्रहरू हुन् । यस्ता पात्रका ठिक विपरीत अपरिवर्तनशील पात्र उभिएको हुन्छ जसको प्रवृत्ति स्थिर हुन्छ । स्थिर पात्रलाई ई.एम. फोर्स्टरले च्याप्टा अथवा सतही पात्र पनि भनेका छन् (फोर्स्टर, १९८२ : ६७) । स्थिर प्रवृत्तिका सतही पात्रहरूलाई कहिलेकाहीँ ह्यामर, टाइप अथवा क्यारिकेचर पनि भनिएको पाइन्छ (फोर्स्टर, १९८२ : ६७) । स्थिर प्रवृत्तिका पात्र मूल रूपमा आदर्शवादी प्रवृत्तिकै हुन्छन् र यस्ता पात्रहरू सुरुदेखि अन्तसम्म नै एउटै आदर्शमा अडेको हुन्छ । उदाहरणका लागि रुद्रराज पाण्डेको **रूपमती** उपन्यासकी रूपमती, **भ्रमर**की वीणा, **शिरीषको फूल**की सकम्बरी आदि स्थिर प्रवृत्तिका पात्रहरू हुन् । कतिपय विद्वान्हरूले हास्य पात्रलाई पनि स्थिर प्रवृत्तिकै पात्रको श्रेणीभित्र राखेर प्रस्तुत गरेका छन् भने कतिले चाहिँ यस्ता पात्रलाई रहस्यात्मक वा गोला प्रवृत्तिकै पात्र पनि भनेका छन् (फोर्स्टर, सन् १९८२ : ६७) । स्थिर अथवा अपरिवर्तनशील पात्र पाठकसँग सजिलैसित परिचित हुन सक्छन् र उनीहरू स्मरणीय पनि रहि रहन्छन्; जस्तै : **आज**

रमिता छ उपन्यासको खगप्रसाद र एम.के., **भ्रमर** उपन्यासका तुलसी बाजे, मोटा राई आदि यस प्रवृत्तिका पात्रहरू हुन् ।

उपर्युक्त प्रवृत्तिका पात्र बाहेक पनि कुनै कुनै उपन्यासमा मिश्रित प्रवृत्तिको पात्रको पनि चयन गरिएको हुन्छ । वास्तविक जीवनमा झैँ उपन्यासमा पनि एकै पात्रमा सद्गुण र दुर्गुण व्याप्त रहने हुँदा त्यस्ता पात्रको चरित्र मिश्रित प्रवृत्तिको हुन्छ । यस्ता पात्रलाई यदाकदा उभयमुखी प्रवृत्तिका पात्र पनि भनिएको पाइन्छ (प्रधान, २०६१ : ८१) ।

उपन्यास निर्माणका क्रममा उपर्युक्त विभिन्न वर्गका पात्रहरूको चयन गर्नु अत्यन्तै आवश्यक देखिन्छ र यस्ता पात्रहरूले नै खास मानव चरित्रको प्रतिनिधित्व गरेका हुन्छन् । यस हिसाबले उपन्यासमा पात्र र तिनका चरित्र निर्माणको मूल स्रोत पनि अवश्य नै मानव जीवन र तिनको चरित्रगत प्रवृत्तिलाई स्विकार्नु पर्ने हुन्छ । स्पष्टतः उपन्यास नै वास्तविक जीवन जगत्को प्रतिच्छाया (प्रतिबिम्ब) हो भने औपन्यासिक पात्रहरू जीवन जगत्का विभिन्न मानिसहरूका प्रतिनिधि हुन् । यसरी पाठक र औपन्यासिक पात्रका बिचको सम्बन्धद्वारा नै उपन्यासमा मानवीय प्रवृत्तिका विभिन्न पक्षको चित्रण गरिएको हुन्छ ।

उपन्यासमा प्रयुक्त पात्रहरूको चरित्रमा सकारात्मक गुण र नकारात्मक गुण दुवै पाइन्छ । यिनै गुणलाई चरित्रगत प्रवृत्ति पनि भन्दछन् र प्रवृत्तिकै आधारमा औपन्यासिक पात्रहरू अनुकूल र प्रतिकूल गरी दुई प्रकारका हुन्छन् । उपन्यासमा सकारात्मक कार्य गर्ने पात्रहरू अनुकूल प्रवृत्तिका हुन्छन् भने नकारात्मक कार्य गर्ने पात्रहरू चाहिँ प्रतिकूल प्रवृत्तिका हुन्छन् ।

ख.४ औपन्यासिक चरित्र चित्रणको पद्धति

उपन्यासमा प्रयोग गरिएका चरित्रको चारित्रीकरण निकै महत्त्वपूर्ण पक्ष हो । उपन्यासकारले चरित्रचित्रण गर्दा वर्णनात्मक र संवादात्मक गरी दुई प्रकारका पद्धतिको प्रयोग गर्न सक्छ । अर्को किसिमले हेर्दा "उपन्यासमा साधारणतया प्रत्यक्ष वा वर्णनात्मक र अप्रत्यक्ष वा नाटकीय पद्धतिबाट चरित्रचित्रण गरिन्छ" (हड्सन्, सन् १९९७, १४३, उद्धृ. बराल र एटम, २०६६ : २१) । यसरी चरित्र चित्रण गर्दा पात्रका आन्तरिक र बाह्य दुवै पक्षका चारित्रिक विशेषताको प्रभावकारी चित्रण हुन सक्छ । वर्णनात्मक पद्धतिबाट पात्रका प्रायः आन्तरिक चरित्रको चित्रण गर्न सकिन्छ भने नाटकीय पद्धतिबाट पात्रका बाह्य चरित्रको चित्रण गर्न सकिन्छ । चरित्रको चित्रण गर्दा उपन्यासकारले सङ्केत, घटना, मनोवाद दृश्याङ्कन, प्रतीकीकरण आदि विधिको प्रयोग गर्न सक्छ (बराल र एटम, २०६६ : ३२) । यसरी पात्रका समष्टि चरित्रको चित्रण गर्ने विशिष्ट तरिकालाई औपन्यासिक पात्रका चरित्र चित्रणको पद्धति मानिन्छ ।

(ग) परिवेश

उपन्यासमा निश्चित स्थान र समय विशेषका सन्दर्भको प्रस्तुति भएको हुन्छ । देशकालले उपन्यासका लागि उपयुक्त पृष्ठभूमि प्रदान गर्दछ । देशकालको उचित समायोजनका

कारण उपन्यासका वर्णित घटनाहरू विश्वसनीय बन्दछन् । पाठकलाई काल्पनिक कुरा पनि सत्यजस्तो बनाउनमा देशकालको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ ।

परिवेश भनेको उपन्यासमा प्रयुक्त स्थान, समय र वातावरण हो । उपन्यासकार आफू स्वयम् पनि कुनै देश, काल, जाति, समाज, रीति र नीतिमा हुर्केको हुन्छ । यसर्थ उपन्यासमा उसले प्रस्तुत गर्न चाहेको र आफू रहेको देश, काल, जाति, समाज, रीति, नीति आदिको उपस्थिति गराएको हुन्छ । उसले पात्र र कथावस्तु सुहाउँदो परिवेशको छनोट गर्छ । उसले आफ्ना उपन्यासमा पात्र र कथावस्तु जुन ठाउँबाट लिएको छ त्यहींको वातावरण, चाल चलन, रीतिस्थिति छनोट गर्छ । छनोटमा विवेक पुगेन भने उपन्यासले पाठकको हृदय जित्न सक्दैन र उपन्यास सफल हुँदैन । यसर्थ उपन्यासमा पाठ, कथावस्तु र परिवेशमा तारतम्य मिल्नु पर्छ ।

परिवेशबारे सुवेदी (२०६४ : २५) ले यस्तो भनेका छन्, “उपन्यासलाई प्रभावशाली र तीव्र बनाउनमा परिवेशको पनि भूमिका रहन्छ ।” पात्रको कार्यव्यापारको निर्माणमा परिवेशले गहन जिम्मेवारी निर्वाह गर्दछ । पात्र कुन समयमा, कहाँ, के गर्न लागि रहेछ, त्यसैका आधारमा उसको मानसिकता र भौतिक प्रतिक्रियाका बारेमा थाहा पाउन सकिन्छ । परिवेशले उपन्यासमा सजीवता, स्वाभाविकता र विश्वसनीयता ल्याउन पनि मद्दत गर्छ ।

उपन्यासमा परिवेशको उपस्थितिमा मात्रात्मक रूपले घटीबढी भए पनि शून्य नै रहन भने सक्दैन । घटना प्रधान उपन्यासमा परिवेशको उपस्थिति अधिक हुन्छ भने चरित्र प्रधान उपन्यासमा कम हुन्छ । यस्तै सामाजिक, ऐतिहासिक उपन्यासमा परिवेशको उपस्थिति अधिक हुन्छ भने मनोवैज्ञानिक उपन्यासमा कम हुन्छ । कुनै उपन्यासमा सार्वदेशिक, सार्वकालिक परिवेशको उपस्थिति हुन्छ भने कुनै उपन्यासमा एकदेशिक, एकस्थानिक, एककालिक परिवेशको उपस्थिति हुन्छ । सार्वदेशिक, सार्वकालिक परिवेश चित्रण भएका उपन्यास सबै ठाउँमा पच्ने, सबैका लागि स्वीकार्य हुने र सधैँ नवीनताको झलक दिने हुन्छन् भने एककालिक, एकदेशिक, एकस्थानिक उपन्यास सबैका लागि नपच्ने हुन सक्छन् र सबै ठाउँमा सफल कहलाउन सक्दैनन् । निश्चित समयका लागि मात्र प्रसिद्ध हुन्छन् । एकदेशिक उपन्यास स्थानीयताका दृष्टिले महत्त्वपूर्ण हुन्छन् ।

उपन्यास विगत अथवा वर्तमान अझ भविष्यको कल्पना गरेर पनि लेखिएका हुन्छन् तापनि समयमा क्रमबद्धता भने हुनु पर्छ । उपन्यासमा दिन, रात, साँझ, बिहान सबै आएका हुन सक्छन् तापनि एकै दिनको घटना वर्णन गर्दा बिहान, दिन, साँझ गरेर क्रमबद्ध रूपमा वर्णन गर्नु पर्छ ।

उपन्यासमा प्राकृतिक, सांस्कृतिक, राजनीतिक आदि दृश्यहरू पनि आएका हुन्छन् । परिवेशमा आउने क्रियाशीलताले पात्रका मानसिक क्रियाशीलता र त्यसको भौतिक प्रतिक्रिया जन्माउनमा प्रमुख भूमिका खेलेको हुन्छ ।

औपन्यासिक देशकाल तथा परिवेशकै प्रसङ्गमा वर्तमान युगमा आञ्चलिक परिवेशलाई मूल आधार बनाई लेखिएका उपन्यासहरू पनि प्रशस्तै देखिएका छन् । यस किसिमका उपन्यासहरूलाई औपन्यासिक देशकाल र परिवेशका दृष्टिले आञ्चलिक उपन्यास भनिएको हो । यस्ता उपन्यासमा आञ्चलिक पात्र र परिवेशका माध्यमबाट उपन्यासकारले कथानकको निर्माण गरेको हुन्छ अनि यस्ता उपन्यासका माध्यमबाट त्यस विशेष ठाउँका सामाजिक, सांस्कृतिक तथा भौगोलिक स्थितिको वर्णन गरेको हुन्छ । यस्तो वर्णनमा स्थानीय रङ्ग पर्याप्त मात्रामा झल्किएको हुन्छ । स्थानीय भाषा, वेशभूषा, आचार तथा संस्कृतिले नै आञ्चलिक उपन्यासको प्राण प्रतिष्ठा भरेका हुन्छन् । यसरी उपन्यासको तत्त्वगत सङ्गठन प्रक्रियामा अथवा उपन्यासको खास रचनामा औपन्यासिक देशकाल तथा परिवेशलाई पनि एक प्रमुख अङ्ग मानिन्छ ।

(घ) दृष्टिबिन्दु

दृष्टिबिन्दु उपन्यासको कथावस्तु संवेद्य र प्रेषणीय बनाउने तत्त्व हो । यसको सम्बन्ध पात्रसँग हुन्छ र पात्रले उपन्यासमा कुन भूमिका राख्दछ भन्ने विचारलाई केन्द्रमा राखेर कथानकको ढाँचा निर्माण गरिन्छ । त्यसपछि उपन्यासको पात्रलाई जुन स्थानमा राखेर उपन्यासको रचना गरिन्छ त्यसैलाई दृष्टिबिन्दु भनिन्छ । दृष्टिबिन्दु भनेको उपन्यासमा पात्रको स्थान वा स्थिति विशेष हो अर्थात् उपन्यासमा कथा प्रस्तुत गर्ने एउटा कथावाचक पात्र हुन्छ, त्यही कथावाचक उभिने ठाउँ नै दृष्टिबिन्दु हो । यसलाई उपन्यासकारको विचार पाठकसम्म पुऱ्याउने माध्यम पनि मानिन्छ । दृष्टिबिन्दु कथा भन्नका लागि प्रयोग गरिने एउटा पारिभाषिक शब्द हो (स्कोलन, १९९७ : १३३ उद्धृ. बराल, २०५६ : ४५) । यसले कथा कसरी भनिन्छ भन्ने कुरा जनाउँछ । यस सन्दर्भमा विभिन्न आख्यानशास्त्रीहरूले आआफ्ना मत प्रस्तुत गरेका छन् । ती मध्ये केही आख्यान शास्त्रीहरूका विचार यस प्रकार छन् :

- कुनै आख्यान कसको कथा हो र त्यस कथालाई भन्ने समाख्याता को हो भन्ने कुरा नै दृष्टिबिन्दु हो (शर्मा, २०५५ : ४१४) ।
- दृष्टिबिन्दु भनेको कृतिमा अन्तर्निहित विचार धारालाई पक्रने र बुझ्ने सरलतम विधि पनि हो (लुइटेल, २०६२ : २३८) ।

कृतिमा कुनै न कुनै विचारधाराको अभिव्यक्ति भएकै हुन्छ । पात्रको मानसिक बौद्धिक अवस्था विचार क्षमता आदिको अभिव्यक्ति समाख्याता (लेखक स्वयम् वा अन्य कुनै पात्र) का माध्यमबाट गरिन्छ । पात्रलाई आफ्नो अवस्था होइन त्यसै पात्रको अवस्थामा राखेर हेर्न उपन्यासकारमा अन्तर्ज्ञान, गहन अनुभव र सूक्ष्म अवलोकन क्षमता आदिको आवश्यकता पर्छ । उपन्यासमा विचारधाराको प्रस्तुति पात्रको मानसिक क्षमता अनुसारको नभएमा त्यो हास्यास्पद हुन्छ । त्यसैले उपन्यासमा दृष्टिबिन्दुको अर्न्तवस्तुसँग पनि सम्बन्ध रहेको हुन्छ ।

दृष्टिबिन्दुका ठाउँमा दृष्टिकोण पदावलीको प्रयोग पनि हुने गरेको पाइन्छ तर अभिप्रायका दृष्टिले दृष्टिकोणको सट्टा दृष्टिबिन्दु भन्नु नै बढी उपयुक्त देखिन्छ । सृष्टिको आदिकालदेखि नै

कथा सुन्ने र सुनाउने परिपाटी चलिआएको छ तापनि आख्यानात्मक विधामा दृष्टिबिन्दु बारेको अध्ययन भने बिसौं शताब्दीदेखि आरम्भ भएको पाइन्छ (बराल, २०६३ : ४३) । यस सन्दर्भमा पर्सी लुब्बकले दृष्टिबिन्दुलाई शैली र प्रविधिको निर्धारक तत्त्व मानेका छन् (पर्सी, सन् १९९३ : ५५ उद्धृ. दाहाल, सन् २००१ : ५५) । उनका विचारमा कथावाचक र कथावस्तु बिचको सम्बन्ध अनिवार्य छ तर पाठकको प्रत्यक्ष सम्बन्ध कथावस्तुभित्र नभएर कथावाचकसित हुने गर्दछ । यदि लेखक आफै कथावाचक पात्र हुन्छ भने त्यतिबेला कथावस्तुले महत्त्व पाएको हुन्छ भन्ने धारणा पनि लुब्बकको देखिन्छ । वर्तमान अवस्थामा पनि दृष्टिबिन्दुलाई उपन्यासमा महत्त्व दिइएको छ । दृष्टिबिन्दु भनेको उपन्यासमा उपन्यासकारले कथा भन्दै यात्रा गर्ने र गन्तव्य पहिल्याउने पद्धति हो । दृष्टिबिन्दु विना उपन्यासमा प्रयुक्त कथानक, चरित्र चित्रण, विचार आदिमा सजीवता आउन सकिँदैन दृष्टिकोणले पनि यसको महत्त्वमाथि प्रकाश पार्ने देखिन्छ ।

उपन्यासमा दृष्टिबिन्दु दुई कुरासँग सम्बन्धित हुन्छ :

१. उपन्यासको प्रस्तुतीकरणको विधि,

२. पात्रको उपस्थिति ।

उपन्यासमा उपन्यासकारले 'म' पात्रका माध्यमबाट अथवा 'त्यो/ऊ' पात्रका माध्यमबाट कथावस्तुलाई अगाडि बढाएको हुन्छ । त्यसैका आधारमा दृष्टिबिन्दु छुट्टिन्छ । दृष्टिबिन्दु 'म' र 'त्यो/ऊ' को शाब्दिक अर्थमा मात्र सीमित नभएर पात्रका मनका अनुभूति र संवेग व्यक्त गर्ने सूक्ष्म कलासँग पनि सम्बन्धित हुन्छ । प्रथम पुरुषवाचक 'म' वा 'हामी' पात्र रहँदा आन्तरिक दृष्टिबिन्दु हुन्छ भने तृतीय पुरुषवाचक 'ऊ, त्यो, उनी, तिनी' आदि सर्वनाम र व्यक्तिवाचक राम, श्याम, सीता आदि रहँदा बाह्य दृष्टिबिन्दु मानिन्छ । कतिपय आख्यान मिश्रित दृष्टिबिन्दुको प्रयोग गरेर लेखिएका छन् । ध्रुवचन्द्र गौतमको **अलिखित** (२०४०) प्रथम र तृतीय पुरुष दृष्टिबिन्दुको मिश्रित प्रयोग गरिएको उपन्यास हो । आख्यानको सैद्धान्तिक निरूपण गर्नेले प्रायः दुई प्रकारको दृष्टिबिन्दुलाई जोड दिएका छन् (शर्मा, २०५५ : ४१४/बराल, २०५६ : ४७) । तिनलाई आरेखमा यस प्रकार प्रस्तुत गरिन्छ :



यो वर्गीकरण अनुसार दृष्टिकेन्द्री पात्र प्रथम भए आन्तरिक दृष्टिबिन्दु हुन्छ र त्यसमा पनि स्वयम् उपन्यासकार वा अन्य 'म' पात्र कथावाचक भए केन्द्रीय दृष्टिबिन्दु मानिन्छ । तर कथा 'म' पात्र भएर त्यसले गौण भूमिका ग्रहण गरेका स्थितिमा परिधीय दृष्टिबिन्दु हुन्छ । तृतीय पुरुष दृष्टिबिन्दुमा कथावाचक 'त्यो' पात्र उपन्यासका अन्य पात्र र घटनाका बारेमा सबै भन्न सक्छ भने त्यो सर्वज्ञाता हुन्छ तर आफै स्वयम्ले जानकारी राख्न नसकेर अन्य पात्रबाट जानकारी प्राप्त गर्छ भने त्यो सीमित दृष्टिबिन्दु हुन्छ । यदि तृतीय पुरुष पात्रमा पनि कथावाचक निरपेक्ष रहन्छ र पात्रलाई घटनाको क्रियाव्यापारमा संलग्न गराउँछ भने त्यहाँ वस्तुगत दृष्टिबिन्दु हुन्छ । सर्वज्ञाता दृष्टिबिन्दु दुई प्रकारको हुन्छ :

१. हस्तक्षेपी दृष्टिबिन्दु,

२. अहस्तक्षेपी दृष्टिबिन्दु ।

हस्तक्षेपी दृष्टिबिन्दुमा समाख्याताले पात्रबारे प्रतिवेदन दिने, आवश्यक टिप्पणी दिने, व्याख्या एवं मूल्याङ्कन गर्ने काम गर्छ । सामान्यतः सबैजसो सर्वज्ञ समाख्याताले आख्यानमा प्रतिवेदन दिन्छन् र तिनकै निणर्यलाई आधिकारिक भन्ने चलन छ (शर्मा, २०५५ : ४१५) । पाठकले सर्वज्ञाता समाख्याताद्वारा प्रस्तुत टिप्पणीलाई आधिकारिक ठान्दछ ।

अहस्तक्षेपी दृष्टिबिन्दुमा समाख्याताले आफ्नो टिप्पणी वा निर्णय नदिई कार्य व्यापारबारे वणर्न गर्छ । यस्ता समाख्यातामा पात्रका भित्री मनको कुरा थाहा पाउने पहुँच पनि हुन्छ । अतः दृष्टिबिन्दु आफैमा महत्त्वपूर्ण तत्त्व नभएर कथा भन्ने माध्यम हुनाले तथा उपन्यासकारले आफ्ना विचार र दृष्टिकोणको प्रस्तुति गर्दा दृष्टिबिन्दुको जुनसुकै माध्यम अँगाल्न सक्छ । उपन्यासकारमा स्पष्ट दृष्टिकोण र उच्च कलासीप छ भने 'प्रथम' वा 'तृतीय' जुन दृष्टिबिन्दुमा पनि उपन्यास लेख्न सक्छ । उपन्यासमा यसको भूमिका उपन्यासको आदिदेखि अन्तसम्म नै फैलिएको हुन्छ । अतः दृष्टिबिन्दुको फरकले आख्यानको संरचनामा पनि प्रभाव पार्ने हुँदा यसलाई उपन्यास निर्माणको मात्र नभएर विश्लेषणको महत्त्वपूर्ण तत्त्वका रूपमा लिने गरिन्छ ।

(ङ) भाषाशैली

भाषा भनेको अभिव्यक्तिको माध्यम हो भने शैली भनेको अभिव्यक्तिको ढङ्ग हो । उपन्यास कुनै न कुनै भाषामा लेखिएको हुन्छ भने त्यसको लेखन शैली पनि लेखक अनुसार आफ्नै प्रकारको हुन्छ । उपन्यासकारले कथावस्तु, पात्र, परिवेश, उद्देश्य आदि कल्पना गरी निष्कर्षमा पुगिसकेपछि यसलाई पाठक समक्ष पुऱ्याउन जुन माध्यम अँगाल्छ त्यो नै भाषा हो । उपन्यासमा प्रयुक्त भाषा मौखिक प्रकृतिको नभएर लिखित प्रकृतिको हुन्छ । भाषा छनोट गर्दा उपन्यासकारले कथावस्तु, पात्र र परिवेशको विचार गरी तदनुकूल छनोट गर्नु पर्छ । सरल, सामान्य बोलीचालीको भाषा, आलङ्कारिक भाषा, उखान टुक्का प्रयुक्त भाषा आदि अनेक प्रकारका भाषाको छनोट उपन्यासको लेखनमा गर्न सकिन्छ ।

शैली उपन्यासकारका निजत्वको परिचायक हो । उपन्यासमा जीवन जगत्को प्रस्तुति हुने भएकाले सबै उपन्यास उस्तै हुनु पर्ने हो तर एउटै विषयमा पनि प्रस्तुतीकरण शैलीले गर्दा फरक उपन्यास हुन पुग्छ । उपन्यासका विभिन्न शैली छन् : वर्णनात्मक, विश्लेषणात्मक, प्रतीकात्मक, मिश्रित आदि । जुनसुकै शैली प्रयोग गरे पनि उपन्यासकारको निजत्व उपन्यासमा झल्किएको हुन्छ । शैलीले कथानकलाई आकर्षक, रोचक र सजीव बनाउँछ । उपन्यासकारले पाठकीय अभिरुचिलाई समेत ध्यान दिँदै अभिव्यक्तिका क्रममा बिच बिचमा कुतूहलता थप्ने काम गर्छ । उपन्यास कलात्मक अभिव्यक्ति भएकाले ठाउँठाउँमा प्रतीक र बिम्ब पनि प्रयोग गरिएका हुन्छन् । प्रतीकले त्यस वस्तुको झलक दिने तर त्यही नै होइन भन्ने जानकारी दिन्छ । अमूर्त भाव अथवा गुण उल्लेख गर्न प्रयोग गरिने मूर्त वस्तु वा घटना नै प्रतीक हो (बराल र एटम, २०५६ : ४२) । प्रतीकले सामान्य वा सोझो अर्थ नबुझाएर त्यसभन्दा परको अर्थलाई बुझाउँछ । त्यस्तै वस्तुको समग्र स्वरूपको निदर्शन बिम्ब हो । जसरी ऐनामा हाम्रो छाया दुरुस्त देखिन्छ त्यसै गरी बिम्ब देखिन्छ । प्रतीक प्रतिनिधि जस्तो हुन्छ भने बिम्ब छायावत् हुन्छ । प्रतीक अप्रस्तुतवत् हुन्छ भने बिम्ब वस्तुको साररूप कल्पना वा छायाङ्कन जस्तो हुन्छ । उपन्यासमा यिनै संरचना पक्षलाई संवेद्य बनाउने, पात्रको स्थितिलाई बोध गराउने, अर्थ सापेक्ष मजबुत बनाउने, सम्प्रेषणीय बनाउने काम भाषाशैलीले गर्छ । मनोवैज्ञानिक उपन्यासमा प्रतीक र बिम्बको प्रयोग बढी गरिएको हुन्छ ।

औपन्यासिक कथानकलाई प्रस्तुत गर्ने माध्यमका रूपमा भाषिक शैली एकै किसिमको नभई अनेक किसिमका हुन्छन् र त्यस्तो शैलीको विविधताको गम्भीर अध्ययन तथा विश्लेषण गर्ने काम शैली विज्ञानले गर्छ । शैली विज्ञानकै आधारमा कृतिगत भाषाशैलीको पनि अध्ययन गरिन्छ । शैली विज्ञानतिर नगइकन पनि उपन्यासमा विभिन्न शैलीको प्रयोग भएको देख्न सकिन्छ । ती मध्ये वर्णनात्मक, चित्रात्मक, संस्मरणात्मक, तार्किक, पत्रात्मक, डायरी, चेतना प्रवाह, हास्य व्यङ्ग्यात्मक शैली इत्यादि मुख्य हुन् । उपर्युक्त शैलीहरू मध्ये उपन्यासकारले कुनै एउटा शैली रोजेका हुन्छ र त्यसै शैलीका माध्यमबाट उपन्यासमा जीवन दर्शन व्यक्त गरि रहेको हुन्छ । यसर्थ भाषाशैली पनि औपन्यासिक संरचना प्रक्रियाको एउटा प्रमुख अङ्ग हो ।

(च) विचार

विचार भनेको उपन्यासकारको विश्व दृष्टिकोण हो । प्रत्येक उपन्यासकार/स्रष्टाको आफ्नो विश्व दृष्टिकोण अर्थात् विचार हुन्छ र विचारमै टेकेर उसले कुनै कथ्यको प्रस्तुति उपन्यासमा गर्दछ । प्रत्येक उपन्यासले केही न केही सन्देश दिएको हुन्छ । त्यो नै उपन्यासको विचार तथा सारतत्त्व हो । उपन्यासकारले उपन्यास लेख्दा कुनै न कुनै विचार राखेको हुन्छ । त्यस विचारको परिपूर्तिको निम्ति उपन्यासमा विचारको शृङ्खला प्रवाहित गरिएको हुन्छ । त्यस विचारको निष्कर्षमा प्राप्त हुने सारलाई उपन्यासको प्राप्ति मानिन्छ । त्यस प्राप्तिका निमित्त गरिएको विचारलाई कतै दृष्टिबिन्दु, कतै कथ्य र कतै अन्तर्वस्तु भन्ने गरिन्छ । ती सबैलाई समेट्ने हिसाबले विचार भन्नु उपयुक्त हुन्छ (सुवेदी, २०६४ : २६) ।

प्रत्येक उपन्यासकारको जीवन सम्बन्धी केही न केही धारणा वा मान्यता हुन्छ । जीवनको अध्ययन गरी आफूले अनुभव गरेको त्यसै धारणा वा मान्यतालाई कलात्मक रूपमा अभिव्यक्त गर्नु उसका कृतिको विचार हुन्छ (उपाध्याय, २०३४ : १४६) । उपाध्यायले भनेको जीवन दर्शन नै विचार हो । उपन्यासको विचारलाई विचार तथा सारतत्त्वको रूपमा व्याख्या गर्दै ऋषिराज बराल भन्छन् :

> प्रत्येक लेखकको दृष्टिकोणको कलागत निष्कर्ष सारतत्त्व हो । उपन्यासमा के छ ? वा उपन्यासले समग्रतामा के भन्न चाहन्छ ? त्यसैको निचोड हो सारतत्त्व । प्रत्येक उपन्यास चाहे त्यो यथार्थवादी होस् वा उत्तरआधुनिकतावादी, कुनै न कुनै वैचारिक भित्तीमा अडेसिएको हुन्छ । सारतत्त्व तथा उद्देश्य त्यही विचार संवहनको क्रिया हो । (बराल, २०५६ : ३९)

हिजो पनि आख्यान पढिन्थ्यो र सुनिन्थ्यो, त्यसको पनि केही न केही उद्देश्य हुन्थ्यो । **हितोपदेश, मित्रलाभ**हरू भन्दा आजका उपन्यासहरू फरक छन् तर कुनै पनि आख्यानहरू सन्देश विहीन छैनन् । कसैले सोझै भन्छन्, कसैले पाठकलाई बुझ्न क्रियाशील बनाउँछन्, फरक यति मात्र हो । आधुनिकतावादी तथा संरचनावादीहरू यथार्थ र विचार धाराको संवहनप्रति वितृष्णा राख्दछन् तर पनि ती सन्देश विहीन छैनन् ।

वैचारिक तत्त्वलाई केन्द्रीय धुरी बनाएर नै हरेक उपन्यासकारले संरचनागत सामग्री प्रयोग गर्दछ । खास गरेर पात्रहरू विचारका संवाहक बनेर क्रियाशील हुन्छन् र उनीहरूको द्वन्द्व र घात प्रतिघातमा नै विचारको ध्वंस र निर्माण हुने गर्दछ । आधुनिकतावादीहरू प्रविधि प्रयोगको जटिलताभित्र विचारको प्रयोग गर्दछन् । त्यहाँ भाषागत चमत्कार र कलालाई हेर्ने एउटा दृष्टिकोण प्रतिविम्बित भइरहेको हुन्छ । वास्तवमा उद्देश्यपरकता कला प्रविधि र विचार दुवैद्वारा निर्देशित हुन्छ । यथार्थतः उपन्यासमा विचारको समग्रताभित्र नै अन्य पक्षहरूले फन्को मारेका हुन्छन् । उपन्यासमा कुन पात्रले कुन अंशमा के भन्यो भन्ने कुरा शब्दका आधारमा विचार तत्त्वको निरूपण नगरेर समग्र रूपमा उपन्यासले के भन्छ भन्ने आधारमा निरूपण गरिन्छ । यो नै उपन्यासमा विचार तत्त्वको खोजी र मूल्याङ्कन गर्ने वस्तुवादी तरिका हो । त्यसैले उपन्यासमा विचारको विन्यास र विकासको सम्बन्ध कथानकको आरम्भ र चरित्रको गतिसँगै गतिमान भएर अघि बढेको हुन्छ । उत्तर आधुनिकतावादी र रूपवादी उपन्यास लेखन तथा चिन्तनले उपन्यासबाट समाज, इतिहास र विचारका अन्तको घोषणा गरे पनि उपन्यासहरू हिजो पनि विचारहीन थिएनन् र वर्तमानमा पनि छैनन् भन्ने ठहर उपन्यास चिन्तकहरूको रहेको पाइन्छ (बराल, २०५६ : ३९) । यसर्थ उपन्यासमा विचार वा सारतत्त्व अत्यन्त आवश्यक ठहर्दछ ।

२.५.३ गौण तत्त्व

उपन्यासमा केही गौण तत्त्वहरू पनि हुन्छन् । संवाद, द्वन्द्व, उद्देश्य आदि उपन्यासका गौण तत्त्व हुन् । यी तत्त्वको सामान्य चिनारी यहाँ प्रस्तुत गरिएको छ

(क) संवाद

संवाद भनेको उपन्यासमा प्रयोग भएका पात्रहरूका बिचको कुराकानी हो । यसलाई कथोपकथन वा वार्तालाप पनि भनिन्छ । उपन्यासमा एकभन्दा बढी पात्र हुने हुँदा ती पात्रहरूले एक आपसमा कुराकानी गरेका हुन्छन् । कति ठाउँमा आपसी सरसल्लाह गरेका हुन्छन् भने कति ठाउँमा एक आपसमा झगडा पनि गरेका हुन्छन् । उपन्यासमा त्यही कलह, कुराकानी, अन्तर संवादलाई देखाउनु नै संवाद हो । उपन्यासमा कथाको विकास, चरित्र चित्रण र लेखकको आशय स्पष्ट पार्न संवादको माध्यम अँगालिएको हुन्छ । यसकै सहायताबाट उपन्यासकारले पात्रका बाह्य र आन्तरिक जीवनका जटिलता, सङ्घर्ष, कुण्ठा आदि भावको बोध गराउँछ ।

संवाद उपन्यासको ऐच्छिक तत्त्व हो । जहाँ दुईभन्दा बढी पात्रको उपस्थिति हुन्छ त्यहाँ कुराकानी भइहाल्छ । यसर्थ संवादको प्रयोगले उपन्यास सबलतातर्फ लम्कन्छ । अङ्ग्रेजी भाषाको 'डायलग' शब्दकै पर्यायवाची शब्दको रूपमा नेपालीमा संवाद शब्द प्रचलित छ । उपन्यासमा पात्रहरूको चरित्र चित्रण गर्ने क्रममा संवाद तत्त्वले महत्त्वपूर्ण भूमिका निर्वाह गरेका हुन्छन् । संवाद तत्त्वले उपन्यासलाई नाटकीयता प्रदान गर्दछ र नाटकीय उपन्यास वास्तवमा रोचक, पठनीय, स्वाभाविक र प्रभावकारी पनि हुन्छ । संवादप्रधान उपन्यासमा पात्रको चरित्र चित्रण गर्नमा र औपन्यासिक कथानकको विकास गर्नमा संवादले ठूलो भूमिका खेलेको हुन्छ । यस दृष्टिले उपन्यासको तत्त्वगत सङ्गठन प्रक्रियामा औपन्यासिक कथानक, पात्र र चरित्र, भाषाशैली र संवाद पनि त्यत्तिकै महत्त्वपूर्ण तत्त्वका रूपमा देखा पर्दछन् ।

(ख) द्वन्द्व

उपन्यासमा दुई वा दुई भन्दा बढी विचारहरूका बिच आपसी भिडन्त गराइयो भने त्यहाँ द्वन्द्वको उपस्थिति हुन्छ । उपन्यासमा दुई वा दुईभन्दा बढी विचारहरूको आपसी भिडन्त गराएर उपन्यासकारले चाहेका पक्षको विजय र अन्य पक्षको पराजय गराएको हुन्छ । त्यो विजय चाहे समाज विरोधी नै भए पनि समाजमा नयाँ मूल्य र मान्यताको स्थापनाका लागि उपन्यासकार लागि परेको हुन्छ । उपन्यासमा दुई प्रकारको द्वन्द्व देखाइएको हुन्छ– आन्तरिक र बाह्य द्वन्द्व । व्यक्ति र परिस्थितिको अनि व्यक्ति र व्यक्तिका विचारको द्वन्द्व बाह्य द्वन्द्व हो भने एउटै व्यक्तिका अन्तर्मनका भिन्न विचार बिचको द्वन्द्व आन्तरिक द्वन्द्व हो । मनोवैज्ञानिक उपन्यासहरूमा आन्तरिक द्वन्द्व सबल रूपमा प्रस्तुत गरिएको हुन्छ ।

अहिलेको विश्व उपन्यास लेखनमा द्वन्द्व भनेको यथार्थ र परार्थबिचको द्वन्द्व देखाउनु हो । उपन्यासमा वर्गीय सङ्घर्ष, अन्तर्वैयक्तिक, वैचारिक, साम्प्रदायिक र अन्तर्राष्ट्रिय आदि विभिन्न द्वन्द्वहरू सबल रूपमा प्रस्तुत गरिएको हुन्छ । यस कारण उपन्यासमा पात्रको मनोद्वन्द्वदेखि भौतिक द्वन्द्वसम्मका अवस्थालाई आत्मसात् गर्न तयार रहेको देखिन्छ । यस कारण पनि द्वन्द्व उपन्यासको महत्त्वपूर्ण उपकरण हो तर यसको उपस्थिति पृथक् रूपमा बोधगम्य हुने भन्दा पनि कथानकको बुनोट प्रक्रियामै सन्निहित रहने हुँदा यसलाई पृथक् रूपमा राखिएको पाइँदैन ।

(ग) उद्देश्य

कुनै पनि कार्यको आफ्नै उद्देश्य हुन्छ । उपन्यासकारले पनि उपन्यास लेख्दा कुनै न कुनै उद्देश्य लिएको हुन्छ । औपन्यासिक उद्देश्यलाई कतै कतै उपन्यासकारको अभिप्राय वा जीवन दर्शन पनि भनिएको पाइन्छ (हड्सन, सन् १९९४ : १६३ उद्धृ. बराल र एटम, २०५६ : २१) । खास गरी उपन्यास मानव जीवन जगत्मा नै केन्द्रित हुने हुँदा यसको उद्देश्य पनि मानव जीवनका हर्ष, विस्मात, सफलता, असफलता, सङ्घर्ष र प्राप्ति तथा अनेकौं मनोभावना र ग्रन्थिहरूलाई उद्घाटन गर्नमा निहित रहेको हुन्छ । कुनै कुनै उपन्यासले युगको चेतनालाई देखाउने प्रयास गरेको हुन्छ भने कुनै कुनै उपन्यासले चाहिँ व्यक्ति मनका यथार्थको उद्घाटन गर्ने अभिप्राय लिएको हुन्छ । प्राचीन लोक तथा पौराणिक कथाहरूमा झैँ आजका उपन्यासहरूमा पनि कतिपय उपन्यासकारले अनुशासनदेखि उच्छृङ्खलतासम्म र निष्ठादेखि भ्रष्टतासम्मका चरित्र निर्माण गर्ने प्रमुख उद्देश्य राखेका हुन्छन् । मूलतः उद्देश्यकै आधारमा औपन्यासिक प्रवृत्तिलाई पनि छुट्ट्याएर हेर्न सकिन्छ । यस हिसाबले कुनै पनि उपन्यास उद्देश्य विहीन नभई उद्देश्यमूलक हुन्छन् चाहे ती प्रयोगवादी धाराका उपन्यास हुन् वा विनिर्माणवादी शैलीका उपन्यास नै किन नहुन् । उपन्यासकारले उपन्यासमा आफ्नो विचार प्रस्तुत गर्ने उद्देश्य राखेको हुन्छ ।

२.६ उपन्यासको वर्गीकरण

उपन्यास जीवन जगत्सँग सम्बन्धित हुन्छ । जीवन जगत्का घटनाहरूलाई उपन्यासको कथानक बनाइएको हुन्छ । जीवन जगत्का विभिन्न पक्ष, समस्या तथा विचार व्यवस्था र उद्देश्यलाई उपन्यासका माध्यमबाट सजिलैसित मूर्त रूप दिन सकिने हुनाले उपन्यासकारले यथार्थबाट विभिन्न विषयलाई टिपेर आफ्ना उपन्यासको कथानक निर्माण गर्छ । जीवनका यस्ता विभिन्न पक्षहरूबाट कथानकको निर्माण गर्न सकिने भएकाले विषयवस्तुको स्रोतका आधारमा उपन्यास विभिन्न किसिमका हुन्छन् । उपन्यासको रचना गर्दा उपन्यासकारले फरक फरक शैली वा शिल्पको प्रयोग गरेको हुन्छ । यही शैलीगत विविधताका आधारमा पनि उपन्यासको वर्गीकरण गर्न सकिन्छ । उपन्यासलाई प्रस्तुत गर्ने शैलीमा प्रत्येक उपन्यासकारको आफ्नै वैशिष्ट्य रहेको हुन्छ । तसर्थ यिनै कुरालाई आधार मानेर मोटामोटी रूपमा उपन्यासको वर्गीकरण गर्नु पर्ने हुन्छ । उपन्यासको वर्गीकरणका आधार र सो अनुरूपको वर्गीकरणमा सबै विद्वान्हरूको मतैक्य भने पाइँदैन तथापि कथानक संरचना, शैली, प्रवृत्ति र कथानक स्रोतका आधारमा उपन्यासको वर्गीकरण गर्न सकिन्छ ।

२.६.१ कथानक संरचना आधारमा

उपन्यासको कथानक संरचनाका स्रोत अनेक छन् जसमा इतिहास, पुराण, समाज, जीवन, राजनीति, अर्थनीति, मनोविज्ञान, कला, संस्कृति आदि पर्दछन् । यिनै स्रोतहरूका आधारमा

उपन्यासको स्वरूप निर्धारित हुन्छ । कथानक संरचनाका आधारमा उपन्यासलाई निम्नलिखित भेदमा वर्गीकरण गर्न सकिन्छ :

(क) घटना प्रधान उपन्यास

घटना प्रधान उपन्यासमा घटनाको वर्णनलाई प्राथमिकता दिइएको हुन्छ । यस्ता उपन्यासमा घटना अनुसार नै पात्रको चयन गरिएको हुन्छ । कथानक सबल र पात्र दुर्बल हुनु घटना प्रधान उपन्यासको मुख्य विशेषता हो । घटना प्रधान नेपाली उपन्यासको उदाहरणमा लैनसिंह बाङ्देलको **मुलकबाहिर** उपन्यासलाई लिन सकिन्छ ।

(ख) चरित्र प्रधान उपन्यास

चरित्र प्रधान उपन्यासमा चरित्रलाई प्राथमिकता दिइएको हुन्छ । यस्ता उपन्यासमा चरित्र अनुसार नै कथावस्तुको चयन गरिएको हुन्छ । चरित्र सबल र कथानक दुर्बल हुनु चरित्र प्रधान उपन्यासको मुख्य विशेषता हो । गोविन्दबहादुर मल्ल 'गोठाले'का **पल्लो घरको झ्याल** र **अर्पणा** उपन्यास चरित्र प्रधान उपन्यास हुन् ।

(ग) मिश्रित उपन्यास

मिश्रित उपन्यासमा घटनाक्रम र चरित्र दुवैलाई उत्तिकै प्राथमिकता दिई एक अर्कामा आश्रित बनाएर लेखिएको हुन्छ । यस्ता उपन्यासमा घटनाले चरित्रलाई विकसित गरेको हुन्छ भने चरित्रले पनि घटनालाई अघि बढाएको हुन्छ । चरित्र र कथानक दुवै उत्तिकै महत्त्वको हुनु मिश्रित उपन्यासको मुख्य विशेषता हो । रूपनारायण सिंहको **भ्रमर** उपन्यास मिश्रित उपन्यास हो ।

२.५.२ शैलीका आधारमा

उपन्यासको वर्गीकरण गर्ने क्रममा शैली तत्त्व पनि एउटा महत्त्वपूर्ण आधार हो । प्रत्येक उपन्यासकारको आआफ्नै किसिमको लेखन शैली हुन्छ र त्यो व्यक्ति प्रतिभाका व्यक्तित्वको परिचायक पनि हो । उपन्यासमा प्रयुक्त शैलीहरू अनेक थरिका हुन्छन् । तीमध्ये कुनै एकलाई उपन्यासकारले अँगालेको हुन्छ । शैलीगत भिन्नताका आधारमा उपन्यासलाई निम्नानुसार वर्गीकरण गर्न सकिन्छ :

(क) वर्णनात्मक उपन्यास

उपन्यासकारद्वारा घटना र चरित्रको सरसर्ती वर्णन गरिएको उपन्यास वर्णनात्मक उपन्यास हो । यस्ता उपन्यासमा स्रष्टा व्याख्याता र द्रष्टा भएर घटना र चरित्रको वर्णन गर्दछ । यस्ता उपन्यास सरल र सहज किसिमका हुन्छन् । यस्ता उपन्यासमा पनि घटना र पात्रको वर्णन गर्ने शैली विभिन्न प्रकारका हुन्छन् : अन्य पुरुष शैली, आत्म कथात्मक शैली, पत्रात्मक शैली, डायरी शैली आदि । वर्णनात्मक उपन्यासमा अन्य पुरुष शैलीको प्रयोग छ भने त्यहाँ कथा वाचक 'म' हुन्छ अथवा अन्य पुरुष शैलीमा तृतीय पुरुष र आत्म कथात्मक शैलीमा प्रथम पुरुष पात्र रहन्छन् । पत्रात्मक शैलीमा पत्रको आदान प्रदानबाटै कथानक अगाडि बढाइएको हुन्छ भने

डायरी शैलीमा दैनिक घटनाको वर्णन गरिएको हुन्छ । लैनसिंह बाङ्देलको **मुलकबाहिर**, इन्द्रबहादुर राईको **आज रमिता छ** आदि वर्णनात्मक शैलीका उपन्यास हुन् ।

(ख) विश्लेषणात्मक उपन्यास

उपन्यासकारद्वारा घटना र चरित्रको विश्लेषण गरेर लेखिएको उपन्यास विश्लेषणात्मक उपन्यास हो । यस्ता उपन्यासमा स्रष्टा व्याख्याता र स्रष्टा मात्र नभएर सम्पूर्णताको ज्ञान भएको हुन्छ । यस्ता उपन्यास सरल र सहज नभई जटिल पनि हुन्छन् । यस्ता उपन्यासमा उपन्यासकारले व्यक्तिको वैयक्तिक जीवनको विषयवस्तु टिपेको हुन्छ । यस्ता उपन्यासमा घटना र पात्रको वर्णन गर्ने शैली विभिन्न प्रकारको हुन्छ : मनोवैज्ञानिक प्रधान, दर्शन प्रधान, चेतना प्रवाहपरक र पूर्वदीप्ति आदि । मनोवैज्ञानिक शैलीमा व्यक्तिका अन्तर्मनका कुराहरू विश्लेषण गरिएको हुन्छ । दर्शनप्रधान शैलीमा कुनै दर्शनका आडमा घटना र पात्रको विश्लेषण गरिएको हुन्छ । चेतन प्रवाहपरक शैलीमा कल्पना र चेतनाका माध्यमबाट व्यक्तिका स्वभावको विश्लेषण गरिएको हुन्छ । पूर्वदीप्ति शैलीमा चाहिँ पहिले घटेका घटनाहरूको स्मरणका आधारमा विश्लेषण गरिएको हुन्छ । गोविन्दबहादुर मल्ल 'गोठाले'का **पल्लो घरको झ्याल** र **अर्पणा** विश्लेषणात्मक शैलीका उपन्यास हुन् ।

(ग) प्रतीकात्मक उपन्यास

प्रतीकात्मक उपन्यासमा विभिन्न प्रतीकहरूका माध्यमबाट घटना वा पात्रको वर्णन गरिएको हुन्छ । यस्ता उपन्यासकारहरूले आफ्नो भाव वा विचारको अधिकतम अभिव्यक्तिको माध्यम रूप ग्रहण गर्छ ।

(घ) मिश्रित उपन्यास

घटना प्रधान उपन्यासमा कथानक सुगठित र त्यसको विकासमा पूर्व सचेतता रहेको हुन्छ भने चरित्र प्रधान उपन्यासमा चाहिँ कथानक शिथिल हुन्छ र त्यसको समुचित विकासभन्दा चरित्रको विशिष्टता देखाउनमा लेखकले जोड दिएको हुन्छ । केही यस्ता उपन्यास पनि हुन्छन् जसमा घटना र चरित्र दुवैलाई उत्तिकै महत्त्व प्रदान गरिएको हुन्छ । यसमा उपन्यासकारले पाठकलाई एउटा घटनातिर लैजान्छ र अन्त्यमा रहस्य वा जालको सुखान्त रूप उद्घाटन गरी त्यसको अन्त्य गरेको हुन्छ । फेरि केही यस्ता चरित्रहरू पनि हुन्छन् जो स्वतन्त्र हुन्छन् र मूल कथानकको विकासमा कुनै सहयोग गर्दैनन् । यस्तो स्थिति भएका उपन्यास आधा कथानकप्रधान र आधा चरित्र प्रधान हुन्छन् । त्यसैले यिनलाई मिश्रित उपन्यास वा कथानक चरित्रोभयप्रधान उपन्यास भन्न सकिन्छ (उपाध्याय, २०३४ : १८२) । यसमा घटना र चरित्र दुवैको बाहुल्य हुन्छ । कथानक नायकमाथि केन्द्रीभूत हुन्छ र ऊ ठाउँ ठाउँमा भ्रमण गर्दै विविध प्रकारका व्यक्तिहरूलाई भेट्दै हिँड्छ । यस उपन्यासको उद्देश्य चरित्र चित्रणका साथै समाजको स्पष्ट चित्र उतार्नु हो । नेपालीमा यस प्रकारका उपन्यासहरूको आधिक्य देखिन्छ । उदाहरण स्वरूप **मुलुकबाहिर** आदि । पाश्चात्य जगत्मा अठारौँ शताब्दीमा यस किसिमका उपन्यास लेखिएको थियो । राम्रा उपन्यासको

विषय घरायसी झगडा र केही सामाजिक समस्यामा आधारित थियो । फलतः उनीहरूले शिक्षा दिने हेतुले उपन्यास लेखे । त्यसका लागि चरित्र र कथानक दुवैलाई समान महत्त्व दिनु उनीहरूलाई आवश्यक प्रतीत भयो । अझै पनि कैयौँ लेखक यस्तै शिक्षाप्रद र सुधारवादी उपन्यास लेख्दै छन् । यस खालका उपन्यास यदि कलापूर्ण छन् भने आफ्नो उद्देश्यमा सफल पनि हुन्छन् ।

२.६.३ वैचारिक प्रवृत्तिका आधारमा

विचारकहरूले उपन्यास विश्लेषणका आधारहरूमध्ये वैचारिक प्रवृत्तिलाई महत्त्वपूर्ण आधार मानेका छन् । प्रवृत्ति शब्द ल्याटिन भाषाको 'टेन्डेन्सिया' शब्दबाट अङ्ग्रेजीमा 'टेन्डेन्सी' हुँदै हिन्दी पर्यायवाची शब्द 'प्रवृत्ति'का रूपमा विकास भएको मानिएको छ (शर्मा र अन्य सम्पा., सन् १९७४ : १२९७) । 'प्रवृत्ति' शब्दलाई कुनै कार्य, लक्ष्य, वस्तु वा लततिरको मानसिक झुकाउ अथवा स्वाभाविक धर्म, प्रवणता, व्यापार वा चेष्टा र उद्यम भनेर अर्थ्याइएको पाइन्छ (दाहाल, सन् २००१ : १३) । मनोवैज्ञानिक अर्थ अनुसार कुनै अप्राप्य सामग्रीको गति, परिवर्तन र घटनाक्रमको निश्चित लक्ष्यतिर सङ्केत गर्ने भाव नै प्रवृत्ति हो (शर्मा र अन्य सम्पा., सन् १९७४ : १३२) । यसरी कोश अनुसार प्रवृत्ति शब्दको अर्थ एक विशिष्ट दिशामा गतिशील हुने भाव बुझिन्छ । साहित्यका क्षेत्रमा 'प्रवृत्ति'को तात्पर्य मनुष्यको व्यक्तिगत तथा सामाजिक जीवन प्रस्तुत गर्ने विशिष्ट विधि र दिशाका रूपमा बुझिन्छ । अतः औपन्यासिक कृतिहरूमा उपन्यासकारले जीवन जगत्का विविध भाव र क्रियाहरूको चित्रण वर्णन गर्न अँगालेको विशिष्ट विधि, पद्धति र दिशालाई नै औपन्यासिक प्रवृत्ति मानिन्छ । शशिभूषण सिंहले स्थूल रूपमा सामाजिक (आञ्चलिक प्रवृत्ति सहित), मनोवैज्ञानिक र ऐतिहासिक भनेर तीन किसिमका औपन्यासिक प्रवृत्तिहरूको उल्लेख र चर्चा गरेको पाइन्छ (सिंह, सन् १९७० : ९) ।

यसका अतिरिक्ति अतीत प्रेम, साहसिकता एवम् शौर्य प्रदर्शन, कृत्रिमताबाट मुक्त, विषाद, करुणा, आत्माभिव्यञ्जना र अद्भुत तत्त्वको प्रस्तुत पनि स्वच्छन्दतावादका विशेषता मानिएका छन् । अतः मानव मनका रागात्मक वृत्तिहरूको प्रधान सञ्चालिका शक्ति प्रेम हो र यसका विधि स्वरूपहरूमा स्वच्छन्दतावादी रचनाकारहरूको अनुभूति बढी सूक्ष्म र मनोमय भएर देखा पर्ने हुनाले स्वच्छन्दतावादी रचनामा प्रेम तत्त्वको प्रधानता रहेको हुन्छ । स्वच्छन्दतावादी साहित्य प्रकृतिमय हुन्छन् र तिनमा प्रकृतिका विधि पक्षहरूको उद्घाटन भएको हुन्छ साथै कल्पनाको प्रधानता रहेको हुन्छ । कल्पना र प्रतिभा शक्तिद्वारा बाह्य जगत्को सौन्दर्य ग्रहण गर्दै मानवीय अन्तर्वृत्तिहरूको उद्घाटनद्वारा नवीन सौन्दर्यको अन्वेषण गरिएको हुन्छ । अतः स्वच्छन्दतावादी रचनाहरूमा कृत्रिम कलात्मकता र अभिजात्य वैभव एवम् संस्कारका बन्धनमा बाँध्ने शास्त्रीय विधानको विरोध गर्दै नवीन भाव, कल्पना, विचार, अन्तर्दृष्टि, भाषाशैली एवम् रूप योजनाको प्रतिष्ठा गरिएको हुन्छ तथा समाज र जीवनमा व्याप्त जडता, रूढि, अन्धविश्वास, विषमता, बन्धन, उत्पीडन, दमन र शोषणप्रति वैयक्तिक विरोध प्रकट गर्दै व्यक्ति स्वतन्त्रतालाई मान्यता दिइएको हुन्छ ।

उपन्यासकारले जुन अभिप्राय लिएर अघि बढेको हुन्छ कृतिले त्यसै प्रकारको प्रवृत्ति अँगालेको हुन्छ । उदाहरणका लागि पाठकलाई नैतिक शिक्षा दिने अभिप्रायले कुनै उपन्यास लेखिन्छ भने त्यस्तो उपन्यास नीतिवादी उपन्यास हुन्छ र कुनै आदर्श समाज वा व्यक्तित्वको निर्माण गर्ने अभिप्रायले कुनै उपन्यास लेखिएको छ भने त्यस्तो उपन्यास आदर्शवादी उपन्यास हुन पुग्छ । यी विभिन्न सन्दर्भलाई एक ठाउँमा राखेर हेर्दा प्रवृत्तिगत दृष्टिले उपन्यासका निम्नलिखित प्रकार देखिन्छन् :

(क) सामाजिक उपन्यास

मनुष्यले जीवन यापन गर्ने क्रममा समाजसँग राखेको सम्बन्ध र सम्पर्कको प्रस्तुति नै सामाजिक उपन्यासको प्रमुख प्रवृत्ति मानिन्छ । अञ्चल विशेषको लोक संस्कृति र स्थानीय रङ्ग जनजीवनलाई प्रस्तुत गर्ने सामाजिक उपन्यासलाई आञ्चलिक उपन्यास मानिएको छ ।

(ख) स्वच्छन्दतावादी उपन्यास

स्वच्छन्दतावादी उपन्यासमा सौन्दर्य चेतना, वैयक्तिकता र विद्रोह चेतना जस्ता महत्त्वपूर्ण प्रवृत्तिको उपयोग गरिएको हुन्छ । तिनलाई अति सङ्क्षेपमा यस प्रकार प्रस्तुत गरिएको छ :

ख.१ सौन्दर्य चेतना

स्वच्छन्दतावादी रचनाका मूलभूत तत्त्वहरू मध्ये सौन्दर्य चेतना प्रमुख तत्त्व मानिएको छ (शर्मा, सन् १९९७ : २३१) । प्रारम्भमा वस्तु जगत्का सौन्दर्यद्वारा आकृष्ट भए तापनि बिस्तारै स्थूलदेखि सूक्ष्मतातिर, लौकिकतादेखि अलौकिकतातिर अग्रसर हुँदै गएको पाइन्छ ।

ख.२ वैयक्तिकता

स्वच्छन्दतावादी रचनामा समाजका प्रचलित रूढि, विकृत परम्परा, जडनियम आदिका विरूद्धमा वैयक्तिक आदर्श र विचार धारा भएका पात्रहरूद्वारा सङ्घर्ष गराएर स्वतन्त्र चेतना र आत्म गौरवको भावना व्यक्त गर्ने हुनाले वैयक्तिक अभिव्यञ्जना स्वच्छन्दतावादी रचनाको केन्द्रीय प्रवृत्ति मानिएको छ (त्रिपाठी, २०४९ : ४६३) । आयन स्यान्डले पनि स्वच्छन्दतावादलाई मूल्य र नैतिकता केन्द्रित आन्दोलन मानेर यस धाराको वैयक्तिक आदर्शको महत्त्वलाई स्वीकार गरेका छन् (त्रिपाठी, २०४९ : ४६३) । वस्तुतः स्वच्छन्दतावादी रचनाका पात्रहरू वर्ग प्रधान नभएर व्यक्ति प्रधान हुन्छन् भन्ने कुरो स्पष्ट हुन्छ । (दाहाल, सन् २००१ : १७)

ख.३ विद्रोही चेतना

स्वच्छन्दतावादी रचनामा स्वतन्त्रताको धारणालाई स्वीकार गरिएको हुन्छ (त्रिपाठी, २०४९ : ४६३) । यस्ता रचनामा शास्त्रीय नियम र रूढ परम्पराका विरोधमा वैयक्तिक दृष्टिकोण प्रस्तुत गरिएको हुन्छ तथा नवनिर्माण एवम् प्रगतितिर उन्मुख रहेर रचनात्मक विद्रोह गर्ने प्रवृत्ति

पाइन्छ भन्ने विद्वान्हरूको मत रहेको छ (मिश्र, सन् १९७३ : ४२) । अतः विद्रोहको चेतना स्वच्छन्दतावादको मूलभूत विशेषता मानिन्छ ।

(ग) यथार्थवादी उपन्यास

उपन्यासकारले आफूले देखेका, भोगेका, अनुभव गरेका र प्रेरणा लिएका वस्तुलाई आधार बनाएर त्यही नै ढङ्ग र विषयवस्तुलाई अवलम्बन गरेर लेखिएका उपन्यास यथार्थवादी उपन्यास हुन् । वास्तविकतामा जोड दिनु यथार्थवादी उपन्यासको खास पहिचान हो । वास्तविकतालाई पाठक समक्ष पुऱ्याउनु यस्ता उपन्यासको मूल उद्देश्य हो । यथार्थवादी उपन्यासलाई पनि विभिन्न वर्गमा छुट्याउन सकिन्छ ।

ग.१ आदर्शोन्मुख यथार्थवादी उपन्यास

आदर्शोन्मुख यथार्थवादी उपन्यासमा विषयवस्तु यथार्थिक हुन्छ भने उद्देश्य चाहिँ आदर्शको प्रस्तुति गर्नु हुन्छ । यस्ता उपन्यासमा कोरा आदर्श प्रस्तुत गरिएको हुन्छ । उपन्यासमा एकातर्फ यथार्थ र अर्कातर्फ आदर्श प्रस्तुत गर्नु पर्ने भएकाले असम्भव, काल्पनिक आदर्शका कुराको पनि उपस्थिति गराइएको हुन्छ । यस्ता उपन्यास समाजलाई आदर्शको बाटोतिर लम्काउने क्रममा पात्र र घटनालाई बलजफ्ती उपदेशात्मक कुरातर्फ आकर्षित गराइएको हुन्छ । उदाहरणार्थ रुद्रराज पाण्डेको **रूपमती** उपन्यासलाई आदर्शोन्मुख यथार्थवादी उपन्यासका रूपमा लिन सकिन्छ ।

ग.२ सामाजिक यथार्थवादी उपन्यास

सामाजिक यथार्थवादी उपन्यासमा समाजको यथार्थ चित्रण गरिएको हुन्छ । यस्ता उपन्यासमा असल र खराब पक्षको द्वन्द्व देखाई असल पक्षको जित भएको देखाउने काम गरिन्छ । कुनै उपन्यासमा त कुन पक्षको जित भयो भन्ने कुरा पनि पाठकलाई जिम्मा लगाइएको हुन्छ । यस्ता उपन्यासमा उपन्यासकार समाजमा भएको घटना र पात्रका व्याख्याता हुन्छ अनि होचो, अर्घेलो छुट्याउने काम पाठकलाई दिइएको हुन्छ । लैनसिंह बाङ्देलको **मुलुकबाहिर** उपन्यास सामाजिक यथार्थवादी उपन्यास हो ।

ग.३ ऐतिहासिक यथार्थवादी उपन्यास

ऐतिहासिक यथार्थवादी उपन्यासमा विगतको घटना, परिस्थिति, व्यक्ति र कुनै युगको चित्रण हुन्छ । विगतमा घटि सकेका घटनालाई आधार बनाएर लेखिएका उपन्यास ऐतिहासिक यथार्थवादी उपन्यास हुन् । यस्ता उपन्यासमा इतिहासको कुनै महत्त्वपूर्ण युग, घटना वा व्यक्तिको प्रस्तुति हुन्छ, परिवेश पनि त्यही युग, घटना वा व्यक्ति सुहाउँदो हुन्छ । यस्ता उपन्यासमा इतिहासमा जस्तो सबल पक्षको मात्र वा दुर्बल पक्षको मात्र चित्रण नभई सबल र दुर्बल दुवै पक्षको चित्रण गरिएको हुन्छ । डायमन शम्शेर राणाको **वसन्ती** उपन्यास ऐतिहासिक यथार्थवादी उपन्यास हो ।

ग.४ समाजवादी यथार्थवादी उपन्यास

समाजवादी यथार्थवादी उपन्यासमा सामाजिक सङ्घर्षको मूल कारण पूँजी हो भन्ने कुरा विवेचना गरिएको हुन्छ । यस्ता उपन्यासलाई प्रगतिवादी उपन्यास पनि भनिन्छ । यस्ता उपन्यास मूलतः मार्क्सवादी सिद्धान्त अनुरूप रचना गरिएका हुन्छन् । यस्ता उपन्यास समाजका दुई वर्ग शोषक र शोषितको नायकत्वमा उपन्यास रचना गरिएको हुन्छ । शोषक वर्गको हार र शोषित वर्गको जित उपन्यासमा देखाइएको हुन्छ । डि.पी. अधिकारीको **आशमाया** समाजवादी यथार्थवादी उपन्यास हो ।

ग.५ आलोचनात्मक यथार्थवादी उपन्यास

आलोचनात्मक यथार्थवादी उपन्यासमा समाजका कुरीति, शोषण, अन्धविश्वास, विसङ्गतिको आलोचना गरिएको हुन्छ । यस्ता उपन्यासमा मानवीय जीवनका अव्यवस्थाको नग्न चित्रण गरिएको हुन्छ तर समाधानको बाटो भने खोजिएको हुँदैन । हृदयचन्द्रसिंह प्रधानको **स्वास्नीमान्छे** उपन्यास आलोचनात्मक यथार्थवादी उपन्यास हो ।

ग.६ प्रकृतवादी यथार्थवादी उपन्यास

प्रकृतवादी यथार्थवादी उपन्यासमा मानिस जन्मँदा जस्तो रूपमा थियो त्यही नै उसका वास्तविक रूप हो भन्ने मान्दै जीवन जगत्का अत्यन्त असुन्दर, क्रूर, लुप्त, गुप्त, उदण्ड, नग्न, यथार्थलाई प्रस्तुत गरिएको हुन्छ । यस्ता उपन्यासमा स्वतन्त्र रूपमा प्रकृतिका आडमा जन्मका मानिसका वास्तविक मूल्यहरू अपरिवर्तनीय हुन्छन् भन्दै तिनै अपरिवर्तनीय प्राकृतिक मानवीय नियमको चर्चा गरिएको हुन्छ । जैविक विशेषताका आधारमा मान्छेलाई हेर्नु यस्ता उपन्यासको मूल अभीष्ट हो । गोविन्दबहादुर मल्ल 'गोठाले'को **पल्लो घरको झ्याल** उपन्यास प्रकृतवादी यथार्थवादी उपन्यास हो ।

(घ) अतियथार्थवादी उपन्यास

अतियथार्थवादी उपन्यासमा मनस्थितिको सूक्ष्म वर्णन र विश्लेषण गरिएको हुन्छ । यस्ता उपन्यासमा मानवको विवेकभन्दा पनि सपना, तन्द्रा, अर्द्धचेतन अवस्थालाई बढी महत्त्व दिइएको हुन्छ । यथार्थको अतिक्रमण नै अतियथार्थवादी उपन्यासको मूल अभीष्ट हो । लैनसिंह बाङ्देलको **लङ्गडको साथी** उपन्यास अतियथार्थवादी उपन्यास हो ।

(ङ) विसङ्गतिवादी अस्तित्ववादी उपन्यास

विसङ्गतिवादी उपन्यासमा विसङ्गत जीवन भोगाइको चित्रण हुन्छ भने अस्तित्ववादी उपन्यासमा विसङ्गत जीवनमा सङ्गति खोज्ने काम हुन्छ । मान्छे जन्मँदादेखि नै विसङ्गति लिएर जन्मेको हुन्छ जसले सम्पूर्ण जीवनभरि सङ्गति खोज्ने प्रयत्न गर्छ । संसारै विसङ्गतिले भरिएको हुनाले सम्पूर्ण प्रयत्न निरर्थक हुन्छ । यिनै कुरा विसङ्गतिवादी उपन्यासमा हुन्छन् । मानिस नचाहँदा नचाहँदै पनि जन्मन बाध्य छ । जन्मिएपछि पनि सङ्कटमा बाँच्न बाध्य छ । यही सङ्कटग्रस्त

जीवनभित्र मानवीय अस्तित्व खोज्नु नै अस्तित्ववादी उपन्यासको मूल मर्म हो । यी दुवै पक्षको चर्चा विसङ्गतिवादी अस्तित्ववादी उपन्यासमा गरिएको हुन्छ । इन्द्रबहादुर राईको **आज रमिता छ** विसङ्गतिवादी उपन्यास हो भने पारिजातको **शिरीषको फूल** विसङ्गतिवादी अस्तित्ववादी उपन्यास हो ।

२.६.४ कथावस्तुको स्रोतका आधारमा

प्रसिद्ध उपन्यासमा विगतका प्रसिद्ध भएका कथावस्तुलाई कलात्मक रूपमा प्रस्तुत गरिएको हुन्छ । इतिहास, पुराण, दन्त्यकथा, आदिबाट विषय ग्रहण गरी तिनै पात्र, त्यही समयको परिवेश, त्यहीँको प्रसिद्ध समाजलाई उपन्यासमा प्रस्तुत गरिएको हुन्छ । नेपालीमा मदनमणि दीक्षितको **माधवी** (२०३९), डायमन शम्शेर राणाको **वसन्ती** (२००६), राजेश्वर देवकोटाको **द्वन्द्वको अवसान** (२०४२) प्रसिद्ध कथावस्तु भएका उपन्यास हुन् । **माधवी**मा उत्तर वैदिक कालीन समाजको जीवन गाथा छ भने **वसन्ती**मा राणा कालीन समाजको जीवन चरित्र छ । यस अन्तर्गत उपन्यासलाई उत्पाद्य र मिश्रित गरी दुई प्रकारमा वर्गीकरण गरिएको छ :

(क) उत्पाद्य उपन्यास

तत्कालीन परिस्थिति र समाजलाई आधार बनाएर लेखिएका उपन्यास उत्पाद्य उपन्यास हुन् । लेखकले देखेको, भोगेको, अनुभव गरेको समाजलाई कलात्मक चेतका साथ प्रस्तुत गरिएका उपन्यासलाई उत्पाद्य उपन्यास मानिन्छ । नेपालीमा धेरै यस्तै उपन्यास छन् । रुद्रराज पाण्डेको **रूपमती** (१९९१), लैनसिंह बाङ्देलको **मुलुकबाहिर** (२००४), गोविन्दबहादुर मल्ल 'गोठाले'को **पल्लो घरको झ्याल** (२०१६) र **अर्पणा** (२०५३) उत्पाद्य उपन्यास हुन् ।

(ख) मिश्रित उपन्यास

मिश्रित उपन्यासमा कथावस्तु न प्रसिद्ध मात्र हुन्छ न त उत्पाद्य मात्र हुन्छ । प्रसिद्ध विषयवस्तु र उत्पाद्य विषयवस्तुको संयोजन गरी लेखिएका उपन्यास मिश्रित उपन्यास हुन् ।

२.७ उपन्यास : आधुनिक युगको महाकाव्यका रूपमा

मार्क्सवादी सौन्दर्य शास्त्रले उपन्यासलाई आधुनिक र नितान्त नयाँ विधा मान्दछ । मार्क्सवादीहरूका लागि उपन्यास चरित्र हो । समाज र सामाजिक द्वन्द्व बुझ्ने चरित्रगत वैशिष्ट्यका कारणले नै मार्क्सवादीहरूले यसलाई आधुनिक महाकाव्य भनेका हुन् (बराल, २०६३ : ११३) । उपन्यासलाई नयाँ महाकाव्यको संज्ञा हेगेलले पनि दिएका हुन् तर उनले उपन्यासलाई सामाजिक सङ्घर्ष र द्वन्द्वात्मक पक्षमा भन्दा आकार र भाषिक पक्षमा जोड दिएका थिए । वर्तमान युग विश्व परिवेशमा नवमूल्य स्थापनाको युग हो । विगतका मूल्यहरू तत्कालीन सत्यका रूपमा परिभाषित हुन्थे, अनि सापेक्षित मूल्यहरू युग अनुसार बदलिँदै जानाले विगतमा गरिमामय आसनमा प्रतिष्ठित महाकाव्य बिस्तारै विस्थापित बन्दै गएको र यस स्थितिमा सामान्य मात्र

महत्ताको वस्तु ठानिएको उपन्यास आज क्रमशः महाकाव्यिक गरिमा प्राप्त गर्न सफल भएको छ । वर्तमान युगको प्रत्येक व्यक्ति स्वयम् पूर्ण र स्वायत्त छ । उसको जीवनको भोग स्वायत्त हो र यस उपभोगको निर्णायक प्रत्येक एकल व्यक्ति हो । प्रत्येक जो जस्तो अवस्थामा छ र उसले जे जति जीवन भोग आत्मसात् गरेको छ त्यति नै उसको स्वाधिकार र पूर्णता हो । आजका उपन्यासमा आजका यथार्थताजस्तै जीवनको प्रयोग हुन्छ । आजको उपन्यासमा वर्तमान जस्तो छ त्यस्तै उपस्थापन हुन्छ । आज जीवनका सत्य समायोजन गर्ने कृति उपन्यास बनेको छ । त्यस कारण वर्तमानको महाकाव्यिक मूल्य प्राप्त गर्न सफल र सक्षम बनेको उपन्यास ललित काव्य विशेषको सृजना हो (सुवेदी, २०६४ : ३१) । उपन्यास र महाकाव्य दुवै बृहत् आकार र विशाल आयाम पाएका साहित्यिक विधा हुन् । दुवैमा चित्रण तथा वर्णनको स्वतन्त्रता हुन्छ । जीवनको व्यापक परिवेशको प्रस्तुतीकरण दुवैमा हुन्छ र जीवनका विभिन्न पक्षहरूको उद्घाटन गर्न दुवै विधा तयार हुन्छन् । यी दुवै विधामा आख्यानको अनिवार्य आवश्यकता हुन्छ साथै समाख्यानात्मक तथा प्रत्यक्ष संवादको प्रयोग पनि दुवैमा हुने गर्छ । चरित्र चित्रणको व्यापकता दुवैमा हुन्छ ।

उपन्यास र महाकाव्यमा धेरै समानता भए तापनि असमानताहरू पनि धेरै देखिन्छन् । उपन्यास अत्याधुनिक साहित्यिक विधा हो भने महाकाव्य साहित्यको वयोवृद्ध रूप हो । महाकाव्यमा आदर्श नायक धीरोदात्त, धीरप्रशान्त तथा धीरललित आदि हुन्छ भने यो एक प्रकारले अथवा ऐतिहासिक रूपमा सामान्ती समाजको चरित्रलाई देखाउने विधा हो । उपन्यास चाहिँ समकालीन सामाजिक अन्तर्सम्बन्ध देखाई तिनमा निहित यथार्थ सौन्दर्य उद्घाटन गर्ने सफल विधा हो (बराल, २०५६ : ७३) । रोदन, चीत्कार, भोक, प्यास, तडप, नग्नता, दरिद्रता, रोगव्याध, जेल, मजदुरी आदि विषयवस्तु महाकाव्यमा प्रस्तुत गरिँदैन तर उपन्यासमा यस्ता यथार्थलाई रोकटोक बिना प्रयोग गरिन्छ । महाकाव्य कविताको बृहत् रूप हो जसमा जीवनको भव्य चित्रण हुन्छ । प्राचीन कालमा महाकाव्यले सबै साहित्यिक विधालाई पछाडि पारेको थियो, आधुनिक कालमा उपन्यासले सबै विधालाई पछाडि धकेलेको छ ।

महाकाव्य सामन्ती युगको प्रतिनिधि विधा थियो । सामन्ती अन्तर्सम्बन्ध र स्थिति प्रस्तुत गर्न महाकाव्य एक मात्र सक्षम विधा थियो । महाकाव्य सम्बन्धी मूल्य र मान्यताहरू सामन्ती समाजकै मूल्यद्वारा निर्धारित थिए । कथावस्तु, नायक र उद्देश्य त्यसै मूल्यद्वारा निर्देशित हुन्थे । नयाँ अन्तर्विरोध नयाँ अन्तर्वस्तु तथा रूपमा निर्माण गर्नु ऐतिहासिक अपरिहार्यता थियो । नयाँ उत्पादन स्थिति, पुँजीवादी मान्यताहरू, बढ्दो सांस्कृतिक जटिलता र युग सापेक्ष मूल्यलाई प्रस्तुत गर्न नयाँ महाकाव्यको जन्म हुनु स्वाभाविकै थियो । उपन्यास वर्ग सङ्घर्षात्मक युगको नयाँ महाकाव्यको रूपमा देखा पऱ्यो ।

मार्क्सवादीहरूले उपन्यासलाई आधुनिक, पुँजीवादी, वर्ग सङ्घर्षात्मक युगको महाकाव्यको संज्ञा दिँदा विधागत तथा विचार धारात्मक दुवै पक्षमा ध्यान केन्द्रित गरेका छन् । राल्फ फक्सका विचारमा उपन्यास आधुनिक पुँजीवादी समाजको महाकाव्य हो । यो मान्छेद्वारा गरिएको खोजको महान् प्राप्ति हो । यो नवीन विधारूप हो । यसरी उपन्यासलाई आधुनिक महाकाव्य भन्ने

सन्दर्भमा मार्क्सवादीहरूले केवल आकार पक्षमा मात्र नभएर समग्र पक्षमा ध्यान केन्द्रित गरेका छन् । उपन्यास र महाकाव्य जोड्दा उपन्यास बृहताकार हुनु पर्ने सङ्केत बोध हुन्छ । तर उपन्यासको महाकाव्यात्मकता केवल आकारसँग मात्र गाँसिएको छैन, यसको केन्द्रमा वैचारिक पक्ष रहेको छ । उपन्यासकारको बृहताकार रूप, यसको सामाजिक पक्ष र नायकका भूमिकाले महाकाव्यको परम्परागत स्वरूपलाई सम्भना गराए पनि युगजन्य विशेषता र मूल्यगत आदर्शका दृष्टिले उपन्यासको भूमिका महाकाव्यको भन्दा एकदमै भिन्न रहेको छ । उपन्यासको नायक समष्टिद्वारा सिर्जित व्यष्टि हुन्छ । यसमा व्यक्ति र समाजबिचको सङ्घर्ष र व्यक्तिले आफ्नै विरुद्ध गरेको सङ्घर्षले केन्द्रीय स्थान पाएको हुन्छ । यथार्थतः व्यक्ति र समाजबिचको सङ्घर्ष, घात प्रतिघात र आदर्शका लागि क्रियाशील मान्छेको महाकाव्य उपन्यास हो । आधुनिक समाजमा यो व्यक्ति, श्रम र सौन्दर्यको द्वन्द्वमा निर्मित हुने गर्दछ । आधुनिक महाकाव्यको विषयवस्तु, चरित्र र आर्दश वर्ग सङ्घर्षयुक्त समाजका उपज हुन् । वास्तवमा समान्ती राजा महाराजाका ठाउँमा उपन्यासले नितान्त नयाँ विषयलाई महागाथात्मक स्वरूप दिएर नयाँ सौन्दर्य मूल्यलाई प्रस्तुत गऱ्यो । **ह्युमन कमेडी**, **युद्ध र शान्ति**, **आमा**, **अग्निदीक्षा**, **युवाहरूको गीत** जस्ता उपन्यासहरूले उपन्यासको यसै विशेषतालाई उजागर गरेका छन् ।

आधुनिक महाकाव्यका रूपमा उपन्यासका विशेषता मुख्यतः सङ्घर्षशील समाजमा बाँचेका मान्छेहरूको श्रम, शक्ति र उनीहरूको सामाजिक सम्बन्धलाई प्रकाशमा ल्याउनु हो । उपन्यास बृहताकारको हुनै पर्छ भन्ने स्थिति वर्तमानमा छैन । लघु वा बृहताकार यसको आकारगत विशेषता मात्र हो, मूल विशेषता त समाज, सामाजिकता र सङ्घर्षको उद्‌बोधन गर्नु हो । आज उपन्यासको आकारगत विशेषता वैचारिक महाकाव्यात्मकतामा रूपान्तरित भएको छ । यो उपन्यासको गतिमान र विकासशील चरित्रको द्योतक हो । बख्तिनका अनुसार :

> उपन्यास जीवनको महाकाव्य हो । उपन्यासको विरोध गर्नेहरू उपन्यासको उपादेयता समाप्त भयो भन्दछन् साथै उपन्यासको महाकाव्यीय प्रवृत्तिप्रति अविश्वसनीयताको घोषण गर्छन् । वास्तवमा वर्तमानमा उपन्यासको मृत्यु होइन, बरु यसको यौवनावस्थाको स्थिति छ र सारा मृत विधाहरूका माभ उपन्यास एक मात्र विकासशील र निर्माणाधीन विधा बनेको छ । (सन् १९८७ : २६३ उद्धृ. बराल, २०६३ : ३)

उपन्यासलाई आधुनिक महाकाव्य भन्नुका पछाडि उपन्यासको गद्यात्मकता, संरचनागत वैशिष्ट्यका साथै समाजको भव्यतर चित्रण गर्न सक्ने क्षमता नै प्रमुख कारण रहेको छ । आजको समाज र यसको सङ्घर्षशील स्वरूपलाई बुभ्ने काममा उपन्यासका तुलनामा अरू कुनै पनि विधा सक्षम देखा पर्दैन । तसर्थ उपन्यासको यो परिभाषा उन्नाइसौँ शताब्दीका लागि मात्र होइन, वर्तमानका लागि पनि उत्तिकै सारगर्भित छ । उपन्यासलाई आधुनिक युगको महाकाव्य नमान्नुको अर्थ उपन्यासमा समाज, वर्गद्वन्द्व र उदात्त भावनाका साथै सौन्दर्य मूल्यको निषेध गर्नु हो । तसर्थ महाकाव्यको अर्थ, आकार र संरचना मात्र नभई उपन्यासले व्यक्त गर्ने सामाजिक सम्बन्धका समग्रताको उद्‌बोधन हो भन्ने बुभ्नु पर्दछ (बराल, २०६३ : ११४) । आजको उपन्यास भोकमरी,

अशिक्षा, बेरोजगारी र असमानताको सङ्घर्षशील लडाइँसित घनिष्ट रूपमा गाँसिएको छ साथै राष्ट्रलाई बुझ्ने माध्यम बनेको छ । यसर्थ मार्क्सवादी सौन्दर्यशास्त्र अनुसार उपन्यास आजका युगको महाकाव्य हो अर्थात् आधुनिक युगको महाकाव्य रूप हो ।

२.८ उपन्यास र समाज : उपन्यासको समाज शास्त्र

उपन्यासमा मानव जीवनका गतिशील, संवेदनशील सङ्घर्षशील विविध बाह्य र आन्तरिक क्रियाकलापहरूको चित्रण वर्णन गरिएको पाइन्छ । उपन्यासमा प्रस्तुत गरिएको मानव जीवनले यथार्थको भ्रम उपन्न गराए तापनि त्यो यथार्थभन्दा भिन्न र अपूर्ण रहने हुनाले चित्रकारले झैँ उपन्यासकारले पनि कल्पना र प्रज्ञाद्वारा त्यसलाई पूर्ण पारी सुनियोजित र सुनिर्दिष्ट स्वरूप प्रदान गर्दछ भन्ने हेनरी जेम्सको विचारलाई विद्वान्हरूले उल्लेख गरेको पाइन्छ ।

उपन्यास मानव समाजसँग सापेक्षित, जीवन्त र गतिशील साहित्यिक विधा हो । आख्यानात्मक रचनाहरूमा समाजको स्वरूप, स्थिति र सम्भाव्यताबारे एरिस्टोटलले व्यक्त गरेको दृष्टिकोण साहित्यका अन्यायन्य विधाहरूमा भन्दा उपन्यासमा विशेष रूपले लागु हुन्छ भन्ने आयन न्याान्डको विचार रहेको छ (उदधृ. दाहाल, सन् २००१ : ४५) । आलोचनात्मक दृष्टि राखी समाजका लघुताहरू उन्मूलन गर्नु नै उपन्यासको मूल लक्ष्य हो । व्यक्तिगत उद्देश्यका निम्ति साधन जुटाउने कार्य अन्तर्गत मनुष्यका प्रत्यक्ष वा परोक्ष क्रियाकलापद्वारा विकसित भएको मानव सम्बन्धको सङ्कुल रूपलाई समाज भनिन्छ (सेलिगम्यान, सम्पा., सन् १९५७ : १३) र समाजका विविध समस्या, स्थिति र परिस्थितिहरूद्वारा प्रभावित एवम् निरूपित हुने मनुष्यको जीवन व्यापार नै उपन्यासको मूल विषय रहेको हुनाले सच्चिदानन्द वात्सायन (सन् १९७६ : ८९) ले यसलाई साहित्य अभिव्यक्तिको सर्वश्रेष्ठ आधुनिक माध्यम मानेका छन् । यसैले समाजको विविध प्रकाशन कलाका माध्यमबाट हुन्छ र कलाका विविध विधाहरूमध्ये उपन्यास यस कार्यका निम्ति बढी उपयुक्त विधा मानिएको छ ।

वस्तुतः उपन्यास समाजको यथार्थ दर्पण मात्र होइन व्यक्ति मन र चिन्तनको उद्भावन हो, समष्टिगत मानसिकताको उदघाटन हो, इतिहास चेतको यथार्थ पनि हो । समाज र समाजका उपादान तथा सामाजिक, आर्थिक, राजनीतिक, मानसिक, आध्यात्मिक, दार्शनिक, ऐतिहासिक, धार्मिक सैद्धान्तिक आदि विषय र विचार उपन्यासका विषय हुन सक्छन् । उपन्यासमा जीवनको तटस्थ वर्णन, आलोचना, ऐतिहासिक यथार्थको चित्रण वा भावी जीवन निर्माणका निम्ति बहुमुखी सुझाव तथा मानवीय मूल्य र आर्थिक विषमता सामाजिक वर्गभेद तथा वर्ग सङ्घर्षको चित्रण पाइन्छ । उपन्यासमा मानव जीवन र मानव समाजकै सम्पूर्ण परिधि अटाउन सकेको देखिन्छ (दाहाल, सन् २००१ : १०) । समाज नै मानवका आशा, आकाङ्क्षा, घात प्रतिघात, उद्वेग आदिको मूल पृष्ठभूमि हो र उपन्यासमा निश्चित स्थान र काल विशेषका मानव समाजका भाषा, संस्कृति,

लोक व्यवहार एवम् सामाजिक र धार्मिक परिस्थितिको चित्रण पाइन्छ भन्ने सुरेश सिन्हा (सन् १९६५ : १००) को विचार यस सन्दर्भमा उल्लेखनीय छ ।

उपन्यासले समाजको सामाजिक, धार्मिक र राजनीतिक परिस्थिति; आचार विचार, रीतिथिति, चाल चलनहरूलाई बुझाउँछ, साथै यसले समाजका असल खराब, व्यावहारिक र वैचारिक पक्षहरूलाई इङ्गित गर्छ । विभिन्न सन्दर्भमा भएका आन्दोलन, परिवर्तन तथा नवीन पक्षहरूको युगीन परिप्रेक्ष्यमा निर्मित पात्रहरू त्यस कालकै समाजका अभिन्न अङ्ग झैँ प्रतीत भएर उनीहरूका विचार धाराबाट प्रभावित हुन्छन् भने पात्रका विचार र मनोभावहरू पनि समाजका तिनै आन्दोलन वा परिस्थितिद्वारा प्रभावित र निर्मित हुन्छन् । पात्रका वैचारिक र चारित्रिक परिचयमा ती जीवन्त परिस्थितिहरूको चित्रण हुनु आवश्यक छ जसले उनीहरूलाई यस प्रकारको दृष्टि वा अवलोकन प्रदान गर्छ (प्रधान, २०६१ : १०) । उपन्यासले समाजमा कस्ता कस्ता धर्म, जातपात, लिङ्ग, वर्ण र प्रकृतिका मान्छेहरू बस्छन् र उनीहरूको सामूहिक स्वरूप कस्तो छ भन्ने कुराको अध्ययन गर्दछ । यसले उत्पादनका आधारमा धार्मिक र सांस्कृतिक स्थिति र सामूहिक मानसिकतालाई जोड दिन्छ । अनुभूतिको गहिराइलाई भन्दा प्रत्यक्षता र संश्लेषणात्मक भन्दा प्रकृतवादितालाई यसले जोड दिन्छ । यसै सन्दर्भमा बराल (२०६४ : ६६) ले भनेका छन्, "समाजशास्त्र अनिवार्य रूपमा समाज र सामाजिक मान्छे, सामाजिक संस्थाहरूको अध्ययनको दस्तावेज हो ।" उपन्यासको समाजशास्त्रीय स्थिति र जनमानसको बनावटले यसमा प्रमुख स्थान पाएका हुन्छन् । साहित्यको समाजशास्त्रका अनुसार उपन्यास सामाजिक दस्तावेज, सामाजिक साक्ष्य र सामाजिक जीवनको प्रत्यक्षात्मक यथार्थ हो ।

उपन्यासको विषयवस्तु, घटना र पात्रका क्रियाकलाप प्रस्तुत गर्न तयार पारिएको पृष्ठभूमि नै देशकाल वातावरण हो र यसले कृतिको बाह्य एवम् आन्तरिक परिवेश निर्माण गरी कृतिलाई स्वाभाविक, सम्भाव्य र याथार्थिक तुल्याउँछ । यसको मूलभूत आधार चाहिँ समाज भएको हुनाले उपन्यास र समाज एक अर्काका पूरक बनेका छन् ।

२.९ उपन्यास विश्लेषणका आधार

एउटा पूर्णाङ्गी कलात्मक उपन्यास निर्माणका लागि आवश्यक सामग्रीका रूपमा मूलतः कथानक वा कथावस्तु, पात्र र तिनका चरित्र, देशकाल र वातावरण, भाषाशैली, संवाद, दृष्टिबिन्दु, उद्देश्य तथा विचार देखा परे तापनि कतिपय विद्वान्हरूले कथानक र चरित्र तत्त्वलाई मात्र उपन्यासका प्रमुख अङ्ग मानेका छन् भने कतिले चाहिँ उपर्युक्त तत्त्वहरू बाहेक पनि रस, बिम्ब र प्रतीकलाई समेत औपन्यासिक तत्त्व मानेका छन् । तर रस तत्त्वलाई कथानक तत्त्वकै एक सहायक अङ्ग मान्न सकिन्छ भने बिम्ब र प्रतीकलाई पनि भाषाशैली अन्तर्गत नै राखेर हेर्नु उपयुक्त हुन्छ । यसरी उपन्यास रचनामा महत्त्वपूर्ण संरचक घटकहरूलाई हेर्दा **कथानक, पात्र विधान, परिवेश विधान, दृष्टिबिन्दु,, भाषाशैली र विचार तत्त्व**लाई मुख्य संरचक घटक मान्नु

उपयुक्त देखिन्छ र प्रस्तुत शोधका आगामी अध्यायमा यिनै छ ओटा तत्त्वलाई आधार बनाएर विश्लेष्य उपन्यासको विश्लेषण गरिएको छ । यसै गरी प्रवृत्ति विश्लेषणका सन्दर्भमा विवेच्य उपन्यासमा निहित विभिन्न वैचारिक सन्दर्भ र विषय/भावगत विविधतालाई आधार बनाउनु उपयुक्त देखिन्छ । औपन्यासिक प्राप्ति र वैशिष्ट्यको मूल्याङ्कनका लागि यिनै दुई पक्ष (क) विधा तात्त्विक कौशल र (ख) वैचारिक एवम् विषय/भावगत प्रवृत्तिलाई आधार बनाउनु उपयुक्त देखिन्छ । यी दुई सन्दर्भले उपन्यासकारितालाई चिनाउने र त्यसको तात्पर्य स्पष्ट गर्ने सामर्थ्य राख्दछन् ।

२.१० निष्कर्ष

उपन्यास साहित्यको एक महत्त्वपूर्ण आख्यानात्मक विधा हो । आधुनिक उपन्यास पाश्चात्य साहित्यको देन हो । उपन्यासमा जीवनका समग्रताको चित्रण हुन्छ । यसमा परिवेशको व्यापकता हुन्छ । समय अनुसार यसको पहिचान र स्वरूपमा परिवर्तन हुँदै आएको पाइन्छ । त्यसैले उपन्यास बारे दिइएका परिभाषाहरू सर्वसम्मत हुन सकेका छैनन् । यसो भए पनि प्रत्येक परिभाषाले उपन्यासको कुनै न कुनै पक्षलाई चिनाउन सकेका छन् । ती सबैको समुच्चयबाट उपन्यासको समग्र चिनारी प्राप्त गर्न सकिन्छ । उपन्यासका आफ्नै संरचक घटकहरू हुन्छन् । त्यस्ता घटकहरू प्रमुख र गौण गरी दुई प्रकारका छन् । कथानक, पात्र र तिनको चरित्र, परिवेश, दृष्टिबिन्दु, भाषाशैली र विचार जस्ता तत्त्वहरू यसका प्रमुख तत्त्व वा संरचक घटक हुन् भने संवाद, उद्देश्य, द्वन्द्व आदि यसका गौण तत्त्व वा संरचक घटक हुन् । उपन्यासमा प्रयोग गरिने कथावस्तुको स्रोतका आधारमा यसका ऐतिहासिक, पौराणिक र काल्पनिक वा मौलिक जस्ता प्रकार हुन्छन् । शैलीका आधारमा उपन्यासका वर्णनात्मक, विश्लेषणात्मक, प्रतीकात्मक र मिश्रित जस्ता प्रकार हुन्छन् । वैचारिक प्रवृत्तिका आधारमा सामाजिक उपन्यास, स्वच्छन्दताावादी उपन्यास, सामाजिक यथार्थवादी उपन्यास, ऐतिहासिक यथार्थवादी उपन्यास, आलोचनात्मक यथार्थवादी उपन्यास, समाजवादी यथार्थवादी उपन्यास, प्रकृतवादी यथार्थवादी उपन्यास, अतियथार्थवादी उपन्यास, विसङ्गतिवादी-अस्तित्ववादी उपन्यास जस्ता प्रकार हुन्छन् । त्यस्तै कथानक संरचनाका आधारमा उपन्यासका चरित्र प्रधान, घटना प्रधान र मिश्रित जस्ता प्रकार हुन्छन् । उपन्यास आधुनिक समाजको गद्यमहाकाव्य हो । यसले आधुनिक महाकाव्यका रूपमा सङ्घर्षशील समाजमा बाँचेका मान्छेहरूको श्रम, शक्ति र उनीहरूको सामाजिक सम्बन्धलाई प्रकाशमा ल्याउने कार्य गरेको छ । त्यसैले यो सामन्ती संस्कारको पर्यायका रूपमा रहेको महाकाव्यको आधुनिक विकल्प मात्र नभएर त्यसको विस्थापन गर्ने सशक्त र लोकप्रिय विधा हो । यसको प्रत्यक्ष सम्बन्ध समाजसँग रहेको हुन्छ । कारितासँग सम्बद्ध वैशिष्ट्यकै समष्टि उपन्यासकारिता हो । यसको विश्लेषण र मूल्याङ्कन विभिन्न कोणबाट गर्न सकिने सम्भावना छन् तापनि मुख्यतः उपन्यासको विधातत्त्व (कथानक, पात्र विधान, परिवेश विधान, दृष्टिविन्दु, भाषाशैली, र विचार) र विषय तथा भावगत प्रवृत्तिलाई मुख्य आधार बनाउन सकिन्छ र प्रस्तुत शोधमा यसै निष्कर्षलाई आत्मसात गरी आगामी अध्यायहरूमा कृष्णसिंह मोक्तानका उपन्यासहरूको विश्लेषण गरिएको छ ।

तेस्रो अध्याय

कृष्णसिंह मोक्तानको जीवनी र व्यक्तित्व तथा उपन्यास सिर्जनाका बिच अन्तःसम्बन्ध

३.१ विषय प्रवेश

साहित्य सिर्जनामा कुनै स्रष्टाका जीवनी र व्यक्तित्वको प्रभाव परेको हुन्छ । उसको अनुभव तथा ऊ हुर्केको सामाजिक, पारिवारिक वातावरणले उसका सिर्जनामा महत्त्वपूर्ण प्रभाव पारेको हुन्छ । सिर्जनामा पाइने युगबोध, परम्परा र प्रभावको पृष्ठभूमि वास्तवमा स्रष्टाकै जीवनी, उसको समाज र व्यक्तित्वसित सम्बद्ध रहेका हुन्छन् । अतः सिर्जनाको अध्ययनका क्रममा उसको जीवनी र व्यक्तित्वका विविध पक्ष, घुम्ती र मोडहरूको अध्ययन गर्दै तीसँग उसका कृतित्वको अन्तःसम्बन्ध पहिल्याउने काम गर्नु आवश्यक हुन्छ । त्यसैले यस अध्यायमा मोक्तानका जीवनी र व्यक्तित्वका विभिन्न पक्षको अध्ययनसँगै उपन्यास सिर्जनासँग तिनका सम्बन्धको अनुशीलन गरिएको छ । यस क्रममा मोक्तानको जीवनीसँग सम्बन्धित जन्म र पारिवारिक पृष्ठभूमि, प्रारम्भिक शिक्षा र विद्यालयीय जीवन, उच्च शिक्षा, साहित्य, व्यक्तित्व निर्माणको परिवेश र पृष्ठभूमि, पेसा र व्यवसाय, स्वभाव, आध्यात्मिक चिन्तन र सेवा जस्ता विभिन्न पक्षहरूकसँग उनका उपन्यास सिर्जनाको अन्तःसम्बन्धको अध्ययन गरिएको छ ।

३.२ कृष्णसिंह मोक्तानको जीवनी र व्यक्तितत्वको सङ्क्षिप्त परिचय

३.२.१ कृष्णसिंह मोक्तानको सङ्क्षिप्त जीवनी

कृष्णसिंह मोक्तानको जीवनी अन्तर्गत जन्म र पारिवारिक पृष्ठभूमि, शिक्षादीक्षा र स्वाध्ययन, विवाह र पारिवारिक जीवन, साहित्यिक प्रेरणा, पेसागत संलग्नता जस्ता पक्षहरूको विशलेषण प्रस्तुत गरिएको छ ।

(क) जन्म र पारिवारिक पृष्ठभूमि

कृष्णसिंह मोक्तानको जन्म भारतको पश्चिम बङ्गाल राज्य अन्तर्गत दार्जिलिङ जिल्लाको घूम पहाडमा २१ अगष्ट सन् १९३० को दिन भएको थियो । उनी गौरीसिंह मोक्तान र रूपादेवी मोक्तानका माइला छोरा हुन् । उनको एकजना दाजु अरुणचन्द्रको देहान्त भइसकेको छ । दुई भाइहरू प्रभुसिंह र प्रभातसिंह मोक्तान अनि एक जना बहिनी तारामणि मोक्तान छन् । कृष्णसिंह मोक्तानका बाजे दीपसिंह मोक्तान नेपालको दोलखा जिल्लाबाट दार्जिलिङ आएका हुन् । त्यस समयमा नेपालको दयनीय आर्थिक स्थितिका कारण अन्य नेपालीहरू झैँ जीविकोपार्जन हेतु

उनीहरू दार्जिलिङ जिल्लाको खरसाङस्थित पङ्खाबारी चियाकमानमा सन् १९०० मा आएका थिए । उनका तिन छोरा मानवीर लामा, बुद्धवीर लामा र गौरीसिंह लामा छन् । गौरीसिंह लामा (मोक्तान) लाई उनका पिताले चार श्रेणीसम्मको विद्यालयीय शिक्षा दिएका थिए । अङ्ग्रेजको अधीनस्थ भारतको दार्जिलिङ पहाडमा निरक्षर एवम् आर्थिक रूपले कमजोर नेपाली समाज थियो । त्यस्तो समयमा पनि गौरीसिंहले चार श्रेणीसम्मको शिक्षा हासिल गर्नु एउटा महत्त्वपूर्ण उपलब्धि थियो । यही शिक्षाका कारण उनी पर्खाबारी चियाबारीदेखि दार्जिलिङ सहरको नजिक घुम पहाडमा आएर अङ्ग्रेज कालीन भारतको सिगरेट कम्पनीको डियो इन्चार्ज पदमा कार्यरत भए । उनले सन् १९४३ देखि दार्जिलिङ सहरस्थित लोयड्स ब्याङ्कमा अधिकृतमुनिको पदमा जागिर गर्न थाले । उनले आफ्ना छोरालाई पनि आफूजस्तै लगनशील, इमानदार, शिक्षित बनाउने लक्ष्य लिएर विद्या आर्जनतर्फ प्रेरित गरे । आफ्नो जागिरले परिवारलाई पर्याप्त सुविधा दिन नसके पनि मध्यम वर्ग अनुकूलको जीवन सुविधापूर्वक चलेको शोधनायक बताउँछन् । शिक्षित तथा शिक्षाको महत्त्व बुझेको पारिवारिक पृष्ठभूमिमा जन्मेका कृष्णसिंह मोक्तान हालसम्म पनि अध्ययन, मनन र चिन्तन गरिरहेका छन् ।

मोक्तानको पारिवारिक स्थिति निम्नलिखित तालिकाद्वारा थाहा पाउन सकिन्छ :

कृष्णसिंह मोक्तानको परिवार–बृक्ष



अङ्ग्रेज शासकहरूको कठोर अनुशासनमा रहेका पिता गौरीसिंह र माता रूपादेवी मोक्तानको वात्सल्यपूर्ण तर अनुशासित वातावरणमा हुर्केका कृष्णसिंह मोक्तान सानैदेखि तीक्ष्ण बुद्धि भएका मेधावी छात्र थिए । उनी पूर्ण शिक्षित नभए पनि शिक्षाको महत्त्व बुझेका भएकाले छोरा कृष्णसिंहलाई सानैदेखि शिक्षाको महत्त्व बुझाई त्यसप्रति आकर्षित गराएका थिए । तत्कालीन दार्जिलिङको सामाजिक, आर्थिक, शैक्षिक स्थिति निकै कमजोर तथा तल्लो स्तरको थियो । अङ्ग्रेज बाहेक ठुलाठालुका सन्तानले मात्र शिक्षा आर्जन गर्ने गर्दथे भने सामान्य जनतामा त्यसको प्रभाव परे पनि आर्थिक अभावका कारण शिक्षा आर्जन गर्न सक्दैनथे । यस्तो परिवेशमा चुनौतीहरूको सामना गर्दै उनका पिता गौरीसिंहले उनलाई शिक्षा आर्जन गर्ने प्रेरणा दिनुका साथै त्यसतर्फ प्रवृत्त गराएका थिए । यसरी मोक्तान वंशमा भोलिको शिक्षित पुस्ता र उच्च व्यक्तित्व निर्माणमा उनको शिक्षित र शिक्षाको महत्त्व बुझेको पारिवारिक पृष्ठभूमिले विशेष भूमिका खेलेको पाइन्छ ।

(ख) शिक्षादीक्षा तथा स्वाध्ययन

कृष्णसिंह मोक्तानका मातापिता शिक्षाप्रति जागरुक, सचेत र समर्पित थिए । चार श्रेणीसम्मको औपचारिक शिक्षा प्राप्त गरेका पिताको प्रेरणा उनमा परेको थियो । आमा पनि छोराछोरीलाई शिक्षा आर्जन गर्नका लागि प्रेरित गर्थिन् । मोक्तानले प्ररम्भिक शिक्षा आफ्नै बुबाआमाको काखमा प्राप्त गरेका हुन् । साउँ अक्षर सिकिसकेपछि रामकृष्ण वेदान्त आश्रम (हालको आश्रम स्कुल) बाट उनले औपचारिक शिक्षा प्रारम्भ गरे । उक्त विद्यालयमा उनका पिताले उनलाई पहिलो श्रेणीमा भर्ना गरेका थिए । त्यतिबेला उक्त विद्यालयका प्रधानाध्यापक स्वामी प्रबुद्धानन्द महाराज थिए । उनी रामकृष्ण परमहंशका अनुयायी थिए । उनले अध्यापकको कार्यभार सम्हाल्दै तत्कालीन दार्जिलिङको समाजमा शिक्षा, साहित्य, स्वास्थ्य, चित्रकला आदि विषयमा विद्यार्थीलाई ज्ञान आर्जनका लागि प्रोत्साहित गर्दथे । यिनै स्वामीका आश्रममा रहेर उनकै संसर्गमा रहेर मोक्तानले विद्यालयीय शिक्षा प्रारम्भ गरेका हुन् ।

स्वामीजीको स्नेह र सहानुभूतिपूर्ण सम्पर्कमा एक वर्ष सँगै बसेर प्रथम श्रेणीको शिक्षा ग्रहण गरेपपछि उनी दोस्रो श्रेणीदेखि दार्जिलिङ सरकारी विद्यालय तथा दार्जिलिङ हाईस्कुलमा भर्ना भए । त्यस समयमा उक्त विद्यालयमा भर्ना पाउनु निकै कठिन हुन्थ्यो । उनले त्यसै विद्यालयबाट सन् १९४७ मा म्याट्रिकुलेसन (आजको माध्यमिक तह) परीक्षा उत्तीर्ण गरेका हुन् । त्यस तहको परीक्षाको तयारीका निम्ति मातापिता, भाइ बहिनीबाट छुट्टै दार्जिलिङको छ्याङछ्याङे पुलमाथि स्वामीजीको डेरामा दुई वर्ष बसेका थिए । सन् १९४५ मा उनका पिताको देहान्त भएपछि आर्थिक विपन्नता साथै सामाजिक कठिनाइका कारणले गर्दा म्याट्रिकुलेसनको परीक्षाफल ननिस्किँदै उनले ग्रिफिल्स स्कुल, तकदामा सन् १९४७ देखि १९५० सम्म प्रधान अध्यापकको कार्यभार सम्हाले । प्रधानाध्यापकको जिम्मेवारी सम्हाल्दै उनले स्वाध्ययन गरी सन् १९५० मा आई.ए. तहको परीक्षा प्रथम श्रेणीमा उत्तीर्ण गरे । त्यसपछि उनले उच्च शिक्षा अध्ययनका निम्ति दार्जिलिङ सरकारी महाविद्यालयमा भर्ना गरे । प्राचार्य डा. सुनित कुमार मजुमदारका समयमा उनले छात्रवृत्ति प्राप्त गरेर यसै महाविद्यालयबाट बी.ए. तह

उत्तीर्ण गरे । यसरी उनले छात्रवृत्ति स्वरूप प्राप्त गरेको रकमले शिक्षणसँगै घरपरिवारको खर्च धान्न पनि ठुलो राहत मिलेको जानकारी मोक्तानले दिएका छन् । त्यस समयमा आजको जस्तो जात जातमा विभाजन गरिएको 'ट्राइबल' र अनुसूचित जातिका विद्यार्थीलाई मात्र प्रदान गरिने छात्रवृत्तिको सहुलियत थिएन । सबै जातिका विद्यार्थीले समान रूपमा छात्रवृत्तिको सहुलियत पाउन सक्थे तर त्यो उनीहरूको योग्यतामा भर पर्थ्यो । प्रत्येक महिनामा पाएका छात्रवृत्ति बाहेक उनीहरूले तिन तिन महिनामा पनि रुपियाँ पाउने गर्थे । यसद्वारा मोक्तानलाई शिक्षा क्षेत्रमा ठुलो सहयोग पुग्न सकेको थियो । सन् १९५४ मा उनले विश्वभारती शान्ति निकेतनबाट समाज विज्ञानमा डिप्लोमा गरे । त्यसपछि कलकत्ता विश्वविद्यालयबाट राजनीति शास्त्रमा एम.ए. प्रथम श्रेणीमा उत्तीर्ण गरे । यसरी मोक्तानको परिश्रम, लगनशीलता र एकाग्रताका कारण उनको शिक्षामार्ग अत्यन्त प्रेरणाप्रद र अनुकरणीय रहेको छ ।

औपचारिक अध्ययनपछि फुर्सदको समय उनले साहित्य चिन्तन तथा सिर्जनामा लगाइरहे । उनले विद्यालयीय जीवनदेखि नै पाठ्यपुस्तक बाहेक अङ्ग्रेजी, हिन्दी, बङ्गला भाषाका उत्कृष्ट उपन्यास, कथा र कविताहरू पढ्ने बानी बसालेका थिए । त्यसैले यी भाषाहरूमा उनको विशेष दखल रहेको पाइन्छ । उनले अङ्ग्रेजी भाषाका रचनाहरूलाई नेपालीमा अनुवाद गरी स्थानीय पत्रिकाहरूमा प्रकाशित गरे । त्यसै अवस्थादेखि उनको साहित्यप्रतिको अभिरुचि बढ्न थालेको जानकारी मोक्तानले दिएका छन् ।

(ग) विवाह र पारिवारिक जीवन

कृष्णसिंह मोक्तान मध्यम वर्गीय परिवारमा जन्मे हुर्केका र अध्ययन कालमा नै पिताको देहान्त भएका कारण आर्थिक सङ्कट झेलेका व्यक्ति हुन् । उनको वैवाहिक सम्बन्ध दार्जिलिङको तकदाह निवासी पूर्णिमा यल्मोसँग सन् १९५६ मा भएको हो । उनका ससुराले सधैँ उच्च व्यक्ति बन्ने प्रोत्साहन दिन्थे भन्ने जानकारी मोक्तान स्वयम्ले दिएका छन् । उनकी श्रीमतीले उनको लेखन कार्यमा साथै दैनिक जीवनमा भरपुर सहयोग गरिरहने मोक्तान जानकारी दिन्छन् । पतिको अनुगामी भई पूर्णिमाले मधेसको भूभाग कलकत्तातिर धेरै वर्षहरू सँगै बिताइन् । उनीहरूको वैवाहिक सम्बन्ध सफल रहे पनि उनीहरूलाई सन्तान सुख प्राप्त हुन सकेन । सन्तान सुखका लागि उनीहरूले मोक्तानका दाजु अरुणचन्द्रको देहान्तपछि उनका पाँचजना छोरीहरूलाई काख लिएर उनीहरूप्रतिको उत्तरदायित्व निर्वाह गरे । सन् १९८७ मा उनकी श्रीमतीको देहान्त भयो । हाल मोक्तान छोरी सीमा साथै छोरी वैशाली र उनका जुवाइँ एवम् नातिहरू मयुख र अभिनवका साथ दार्जिलिङको डाली पाटका छेउ उनको निजी वासस्थान 'आनन्द आश्रम' मा जीवन निर्वाह गरिरहेका छन् ।

(घ) साहित्यिक व्यक्तित्व निर्माणका परिवेश, पृष्ठभूमि तथा साहित्यिक प्रेरणा र प्रभाव

कृष्णसिंह मोक्तानका साहित्यिक जीवनका प्रमुख प्रेरणादायक स्वामी प्रबुद्धानन्द महाराज हुन् । उनी निर्भीक, आध्यात्मिक, कर्मयोगी, भाषाविद्, दार्शनिक, कवि, आवृत्तिकार र प्रखर वक्ता थिए । उनले मोक्तानलाई प्रथम श्रेणीका विद्यार्थी छँदादेखि नै माया गरेका थिए । स्वामीजी आफ्नो मातृभाषा बङ्गला बाहेक अङ्ग्रेजी, हिन्दी, नेपाली, संस्कृत, तिब्बती, पाली भाषाहरूमा

पारङ्गत थिए । उनले नेपाली लघुकथा प्रतियोगिताका आयोजनाहरू धेरैपल्ट गरेका हुनाले त्यस समयका धेरै नवयुवक युवतीहरूलाई नेपालीमा कथा लेख्ने उत्साह मिल्न सकेको थियो । यिनै स्वामीजीको प्रेरणाले मोक्तानको जीवनमा साहित्यिक र आध्यात्मिक चेतनाको गहिरो प्रभाव परेको देखिन्छ । उनले रामकृष्ण परमहंसको सर्वधर्म समन्वयको सिद्धान्तलाई अनुसरण गर्दै दार्जिलिङको नेपाली जनजीवनमा शिक्षा र साहित्यको जुन चेतना जगाए, त्यो महत्त्वपूर्ण छ । उनले विवेकानन्द पाठचक्र, चित्रकला प्रदर्शनी, क्रीडा प्रतियोगिता, कथा प्रतियोगिता र हस्तलिखित पत्रिकाहरूका आयोजन तथा प्रकाशन गरेको जानकारी मोक्तानद्वारा प्राप्त भएको छ । प्राथमिक शिक्षादेखि नै मोक्तानले स्वामी प्रबुद्धानन्दको संसर्ग पाएका हुनाले उनैको विशिष्ट व्यक्तित्वको प्रभाव मोक्तानमा परेको देखिन्छ । उनी स्वयम्ले पनि यस तथ्यलाई स्विकार्छन् । मोक्तानले दार्जिलिङ सरकारी हाई स्कुलमा दोस्रो श्रेणीदेखि अध्ययन गर्ने मौका पाए ।

मोक्तान दार्जिलिङ सरकारी बाल विद्यालयका विद्यार्थी छँदा उक्त विद्यालयमा पण्डित धरणीधर शर्मा (कोइराला) पारसमणि प्रधान, सूर्यविक्रम ज्ञवाली जस्ता ओजस्वी स्रष्टा र द्रष्टा गुरुहरू थिए । उनीहरूका प्रिय विद्यार्थी भएर मोक्तानले शिक्षा आर्जन गरे । उनीहरू बाहेक अन्य गुरुहरू परशुराम रोका, रामचन्द्र गिरी उल्लेखनीय थिए । यस्ता महान् गुरुहरूका प्रेरणा र प्रभाव मोक्तानमा अवश्यै परेको जानकारी मोक्तानसितको वार्तालापबाट पाउन सकिन्छ । दार्जिलिङ सरकारी उच्च विद्यालयमा पण्डित धरणीधर शर्मा, सूर्यविक्रम ज्ञवाली, पारसमणि प्रधान जस्ता कर्तव्यनिष्ठ, इमानदार र दृढ अनुशासित शिक्षकहरूका छत्रछायामा मोक्तानले विद्यालयीय शिक्षा आर्जन गर्न पाएका हुनाले उनमा गुरुहरूका आदर्श व्यक्तित्वको छाप परेको देखिन्छ । यस सन्दर्भमा प्रस्तुत शोधका शोधार्थीसँग मोक्तान भन्छन् :

> सूर्यविक्रम ज्ञवाली निष्ठावान् व्यक्तित्वका धनी हुनु हुन्थ्यो । उहाँले इतिहास तथा नागरिक विज्ञान नवम् र दशम् श्रेणीमा पढाउनु भएको थियो । उहाँ आफ्ना विषयमा समर्पित शिक्षक हुनुहुन्थ्यो साथै विद्यार्थीका निम्ति पूर्ण रूपले समर्पित रहनु नै उहाँको मूल उद्देश्य थियो । धरणीधर कोइरालाले अङ्ग्रेजी विषय पढाउनु हुन्थ्यो । उहाँ रसिक स्वभावका हुनु हुन्थ्यो (६/१२/२०१२ मा लिइएको लिखित अन्तर्वार्ताबाट) ।

दार्जिलिङको शिक्षा र नेपाली साहित्यको इतिहास पहिल्याउँदै जाँदा धरणीधर शर्मा, पारसमणि प्रधान, सूर्यविक्रम ज्ञवालीका अग्रणी भूमिका रहेको पाइन्छ । नेपाली भाषा, साहित्य, शिक्षा जस्ता महत्त्वपूर्ण विषयका पृष्ठभूमिमा यिनै (सूधपा) गुरुहरूको उल्लेखनीय योगदान रहेको पाइन्छ । यिनै गुरुहरूका प्रिय विद्यार्थी भएर माध्यमिक तहको शिक्षा हासिल गर्ने मौका पाएकाले मोक्तानमा साहित्यिक अभिरुचि बढ्न थालेको र त्यस विद्यालयीय जीवनमा प्राप्त साहित्यिक ज्ञान, प्रेरणा र प्रभाव चाहिँ उनको भावी व्यक्तित्व निर्माणको क्रममा पृष्ठभूमि स्वरूप देखा पर्दछ ।

त्यस बेला दार्जिलिङमा मेट्रिक परीक्षा उत्तीर्ण गर्नु गौरवको कुरो थियो । विद्यालयीय जीवनदेखि नै पाठ्यपुस्तक बाहेक अङ्ग्रेजी, हिन्दी, बङ्गला भाषाका उत्कृष्ट कथा, उपन्यास पढ्ने बानी भएका मोक्तानले अङ्ग्रेजी भाषाका कविताहरू नेपालीमा अनुवाद गरेका थिए । यसै अवस्थादेखि उनमा साहित्यप्रतिको अभिरुचि बढ्न थालेको थियो । स्वामी प्रबुद्धानन्द, धरणीधर शर्मा, पारसमणि प्रधान अनि सूर्यविक्रम ज्ञवाली जस्ता ओजस्वी गुरुहरूका शिक्षा, उत्साह, प्रेरणा प्राप्त भएको फलस्वरूप उनमा साहित्यिक प्रभाव परेको मोक्तान स्वीकार गर्छन् ।

(ङ) पेसागत संलग्नता

कृष्णसिंह मोक्तानका पिताको देहान्त सन् १९४५ मा भएपछि मोक्तान परिवारमा आर्थिक विपन्नता आउन थाल्यो । यसलाई कम गर्नका लागि कृष्णसिंह मोक्तानले म्याट्रिकुलेसन परीक्षाको फलाफल नआउँदै दार्जिलिङको तकदाह ग्रिफिथ्स जुनियर हाई स्कुलमा प्रधान अध्यापकको कार्य गर्न बाध्य भए । उक्त विद्यालयलाई (एम्. यु. स्कुल) भनिन्थ्यो । त्यस स्कुलमा मोक्तानले तिन वर्ष शिक्षण कार्य गरे । त्यसपछि उनले छात्रवृत्ति प्राप्त गरी दार्जिलिङ सरकारी महाविद्यालयमा अध्ययन गरे ।

सन् १९५४ मा विश्वभारती शान्ति निकेतनबाट समाज विज्ञानमा डिप्लोमा गरे । सन् १९५० देखि सन् १९५३ सम्म महाविद्यालयीय अध्ययन कार्य समाप्त गरेपछि उनी सिक्किमको च्याख्याम जुनियर हाई स्कुलमा शिक्षण गर्न गए । त्यस समयमा पश्चिम बङ्गालको सरकारी विभागबाट जागिरका निम्ति परीक्षामा बोलाएका कारण उनले कलकत्ता गई परीक्षा दिए । परिणाम स्वरूप उनले पश्चिम बङ्गाल राज्य अधीनमा सुकियापोखरी ब्लकको खण्ड विकास शिक्षा सङ्गठन शिल्प अधिकारी पदमा मासिक रू. ४१० तलबमा काम गर्न थाले । त्यसै समय उनले **चरणधूलि** (सन् १९५६) उपन्यास र **प्रेम, भ्रान्ति र सत्य** (सन् १९५९) कथा सङ्ग्रहको रचना गरेका हुन् । उनी भन्छन्, “सुकिया पोखरीमा घर भाडा मासिक एघार रुपियाँ थियो । खसीको मासु प्रति सेर दुई रुपियाँ र आलु प्रतिसेर चार आना थियो । सन् १९५५ देखि उनी त्यस विभागमा कार्यरत रहे । सन् १९७० पछि उक्त विभाग छाडेर पश्चिम बङ्गाल सरकारको अधीनस्थ कारागार विभागमा जिल्ला सुपरिवेक्षकको दायित्व निर्वाह गर्न थाले । यस कार्यमा अत्यन्त निष्ठापूर्वक प्रशासनिक कार्यभार सम्हालेका हुनाले उनको पदोन्नति हुँदै गएर काराध्यक्ष (डि.आई.जी.) र केन्द्रीय कारासुपरीवेक्षक (आई.जी.) जस्ता उच्च पदमा कार्य सम्पादन गर्न थाले । त्यसै समयमा उनले **अशेष यात्रा** (सन् १९६३) र **जीवन परिक्रमा** (सन् १९६५) उपन्यास प्रकाशित गरेका हुन् । यति विशिष्ट पद निष्ठापूर्वक सम्हालेर सन् १९९९ मा उनले केन्द्रीय कारा सुपरीवेक्षक पदबाटै अवकाश ग्रहण गरे । यति विशिष्ट पदमा रहेर अन्य जातिलाई नेपाली जातिको कार्य क्षमता, बौद्धिकता र आत्म गौरवको परिचय दिँदै कलकत्ताबाट पुनः आफ्नो जन्मस्थान दार्जिलिङ फर्की त्यहीँ बाँकी जीवन बिताइरहेका छन् । वर्तमान समयमा मोक्तान दार्जिलिङ जिल्लाका साथै भारतका विभिन्न ठाउँमा धार्मिक, साहित्यिक, सामाजिक, शैक्षिक आदि विभिन्न कार्यक्रमहरूमा व्यस्त देखिन्छन् ।

(च) स्वभाव र अभिरुचि

कृष्णसिंह मोक्तान गहुँगोरो वर्णका शान्त, शिष्ट, गम्भीर मुद्रा भएका नम्र, मिष्ठभाषी छन् । स्पष्ट बोली भएका मोक्तानको बाह्य शारीरिक सङ्गठन केही पुड्को देखिए पनि नेपाली पहिरन र टाईसूटमा खुबै सुहाउँदिला देखिन्छन् । उनको शारीरिक व्यक्तित्वका बारेमा शरद् क्षेत्री (सन् २००८) लेख्छन्, “मोक्तानको व्यक्तित्व नै एक सन्तको झैँ छ तथा उनको धीर प्रशान्त निराभिमानी, विनयशील मधुरभाषी, भद्रतापूर्ण, सफा, सरल ज्ञान र अनुशासनको योगले सिद्ध व्यक्तित्वमा उनलाई चिन्नेहरू सबैजना नै प्रभावित छन्” (पृ.६१) ।

मोक्तानको साहित्यिक रुचि भने साधारण किसिमको देखिन्छ । उनको उमेर त्रियासी वर्षको भए पनि उनी लगातार विविध विधाका साहित्यिक रचना गरिरहेका छन् । उनी सर्वधर्म, सर्वजाति र मानवतावादी सिद्धान्तका पृष्ठपोषक हुन् । उनी जाति, प्रेम र अस्मितताप्रति सचेत व्यक्ति हुन् । जीवनका सम्पूर्ण कर्मको आधार आध्यात्मिकता हुनु पर्ने कुरामा उनको अटल विश्वास, प्रतिबद्धता र जीवन दर्शन रहेको देखिन्छ । उनले नेपाली जातिको संवेदना र गौरव बोकेका गीत रुचाउँछन् । उनी साहित्य पनि जटिलभन्दा सरल नै मन पराउँछन् । जीवन जटिल बनाउनु हुँदैन, हामी आफैँले जीवनलाई जटिल बनाउने गर्छौं भन्ने उनको विचार रहेको छ । त्यसैले उनी दार्जिलिङको साहित्यिक, सामाजिक, शैक्षिक, राजनीतिक, धार्मिक आदि क्षेत्रमा प्रशंसनीय र आदरणीय बनेका छन् ।

(छ) भाषा ज्ञान, भ्रमण, पुरस्कार तथा सम्मान

मोक्तान नेपाली, अङ्ग्रेजी, बङ्गला, हिन्दी भाषामा विशेष ज्ञाता र तिब्बती, यल्मो, तामाङ, तेलुगु, आसामी, उडिया, सौँताली आदि भाषामा पनि बोलचाल गर्न सक्ने क्षमताका छन् (शोधनायकसँगको अन्तर्वार्तामा आधारित) ।

कृष्णसिंह मोक्तानले आफ्नो जागिरका सिलसिलामा तथा अन्य अवसरमा भारतका विभिन्न स्थानहरूको भ्रमण गरेका छन् । उनले मैसुर, चेन्नई, कन्याकुमारी, हैदरावाद, गोआ, दिल्ली, मुम्बई, बङ्गाल, हरिद्वार, ऋषिकेश, सिक्किम, आसाम, नागाल्यान्ड, कोहिमा, आइजोल, भाक्सु, नैनीताल, केदार बद्री, बनारस आदि स्थानहरूमा पटक पटक भ्रमण गरेका छन् । यस बाहेक छिमेकी राष्ट्रहरू नेपाल र भुटानको पनि भ्रमण गरेका छन् ।

कृष्णसिंह मोक्तानलाई उनका साहित्यिक कृतिहरूका आधारमा सर्वप्रथम पश्चिम बङ्गाल सरकारद्वारा 'भानु पुरस्कार' (सन् २०००) प्राप्त भएको छ । त्यसपछि निर्माण संस्थान, सिक्किमद्वारा 'निर्माण पुरस्कार' (सन् २००२) र साहित्य अकादमी, दिल्लीद्वारा 'साहित्य अकादमी पुरस्कार' (सन् २००५) प्राप्त भएको छ । मोक्तान नेपालबाट 'त्रिमूर्ति पुरस्कार' (सन् २०११) ले पुरष्कृत भएका छन् ।

कृष्णसिंह मोक्तान विभिन्न सङ्घ संस्थाबाट सम्मानित पनि भएका छन् । उनलाई लायन्स क्लब, दार्जिलिङ (सन् २०००), नेपाली साहित्य परिषद्, सिक्किम (२००१), अखिल भारतीय तामाङ बौद्ध संघ (सन् २००४), च्याखुङ उच्च माध्यमिक विद्यालय, सिक्किम (सन् २००५), तकदाह ग्रिफिथ्स उच्च माध्यमिक विद्यालय (सन् २००५), अल गोर्खा स्टुडेन्ट्स् युनियन (सन् २००५), सत्य साई सेवा समिति, घूम, जोरबङ्लो (सन् २००६), फुवागढी साई भजन मण्डली, फुवागढी (सन् २००६), बिजनबारी साई समिति र शिव महापुराण चतुर्वेद महायज्ञ कमिटि (सन् २००६), मर्मा प्राथमिक पाठशाला, मर्मा चियाबारी (सन् २००६) आदि विभिन्न संस्थाहरूले सम्मान अर्पण गरेका छन् । यी लगायत लगभग चालिस ओटाभन्दा बढी सम्मानहरूले उनी सम्मानित भएका छन् ।

३.२.२ साहित्यिक कृतित्वको विकास प्रक्रिया तथा साहित्यिक कृतिहरू

कृष्णसिंह मोक्तानको औपचारिक साहित्य यात्रा लगभग छ दशकजतिको छ । उनको पहिलो प्रकाशित कविता 'बढौँ बढौँ' (**गोर्खा**, सन् १९४५) हो । त्यसपछि उनका रचनाहरू **युगवाणी**, **हाम्रो कथा**, **साथी** आदि पत्रिकामा लगातार प्रकाशित भएका छन् । प्रारम्भिक चरणमा फुटकर कृतिहरूलाई विभिन्न पत्रिकामा प्रकाशित गरेर मोक्तानले आफ्नो साहित्य यात्रालाई अगाडि बढाएका हुन् । सबैभन्दा पहिले कविका रूपमा परिचित भएका मोक्तानले साहित्यका विविध विधामा आफ्नो सिर्जन क्षमता प्रस्तुत गरेका छन् ।

मोक्तानको सर्वप्रथम प्रकाशित पुस्तकाकार साहित्यिक कृति **चरणधूलि** (सन् १९५६) उपन्यास हो । त्यसपछि उनका **प्रेम, भ्रान्ति र सत्य** (सन् १९५९) कथा सङ्ग्रह प्रकाशित भएको छ । त्यसपछि उनका **अशेष यात्रा** (सन् १९६३) र **जीवन परिक्रमा** (सन् १९६५) उपन्यास प्रकाशित भए । तेस्रो उपन्यास प्रकाशित भएको लगभग ३८ वर्षपछि उनको चौथो उपन्यास **जीवन गोरेटोमा** (सन् २००३) प्रकाशित भयो । यी बाहेक उनले **साईका अष्टोत्तर शत नामावली माणिक्य** (सन् १९६३), सत्य साई बाबाको दिव्य जीवनी **सत्यम् शिवम् सुन्दरम्** (सन् १९७१), **सत्य साई भजनावली र पूजा विधि** (सन् १९७१), **सत्य साई सम्भाषण** (प्रथम खण्ड) र **बाबाका दिव्यवाणीहरू** (सन् १९७४), **सर्वधर्म प्रार्थना** (सन् १९८०), **शिशुहरूको निम्ति कथाहरू** (सन् १९८०), रवीन्द्रनाथको नाटक **विसर्जन** (सन् १९८६) को नेपालीमा अनुवाद, **मानवमूल्यमा आधारित ग्रन्थहरू** (सन् १९९०), **गुरुहरूको निम्ति पुस्तिका** (सन् १९९०) र **वर-लक्ष्मी व्रत** (सन् १९९९) प्रकाशित गरेका छन् । उपर्युक्त कृतिहरूले उनलाई उपन्यासकारका रूपमा मात्र नभएर एक आध्यात्मिक चिन्तकका रूपमा समेत चिनाएका छन् । यसबाट साहित्य सर्जक व्यक्तित्वका साथै आध्यात्मिक व्यक्तित्व मोक्तानमा रहेको पुष्टि हुन आउँछ ।

कृष्णसिंह मोक्तानले जति धेरै साहित्यिक कृतिको अध्ययन मनन गरे त्यति धेरै साहित्यिक कृतिहरू नेपाली भाषा साहित्यलाई प्रदान गर्न सकेनन् । सङ्ख्यात्मक रूपले जम्मा चार ओटा उपन्यास कृति र एउटा कथा सङ्ग्रह भए तापनि गुणात्मक रूपमा उच्च कोटिका कृतिहरू प्रदान गरेर मोक्तान नेपाली साहित्यका क्षेत्रमा प्रतिष्ठित बनेका छन् ।

३.२.३ कृष्णसिंह मोक्तानको व्यक्तित्वका विभिन्न पक्षहरू

कृष्णसिंह मोक्तानको जीवनीका विभिन्न रूपहरू भएजस्तै व्यक्तित्वका विभिन्नन पक्षहरू समेत रहेका छन् । साहित्यिक व्यक्तित्वका रूपमा विशेष रूपले परिचित मोक्तान कुशल सुरक्षा प्रशासक, आध्यात्मिक व्यक्तित्वका रूपमा पनि उत्तिकै परिचित रहेका छन् । उपर्युक्त मूल पक्षहरूका साथै अन्य पक्षहरूमा पनि उनको व्यक्तित्व विस्तारित भएको पाइन्छ । साहित्यिक व्यक्तित्वका रूपमा मूलतः उपन्यासकार व्यक्तित्वका रूपमा र कथाकार व्यक्तित्वका रूपमा पनि उनी विशेष रूपले परिचित छन् । यसका साथै कवि, निबन्धकार, जीवनीकार, अनुवादक, नाटककार, सम्पादक, बाल साहित्यकार, भूमिकाकार जस्ता व्यक्तित्वमा पनि उनी विस्तारित भएका छन् । आध्यात्मिक क्षेत्रसँगको सम्बद्धता र त्यस विषयसँग सम्बद्ध पुस्तक प्रकाशन तथा विभिन्न कार्यक्रममा सहभागिता जनाउँदा उनबाट अभिव्यक्त भएका भाषणका

माध्यमबाट पनि उनी आध्यात्मिक व्यक्तित्वका रूपमा प्रतिष्ठित छन् । उनको व्यक्तित्वका यिनै विविध पक्षहरू मध्ये साहित्यिक व्यक्तित्वका विभिन्न पक्षहरूको विमर्श यहाँ प्रस्तुत गरिएको छ ।

(क) बाह्य वा शारीरिक व्यक्तित्व

कृष्णसिंह मोक्तान गहुँगोरो वर्ण, उज्यालो मोहोडा, शान्तशिष्ट, गम्भीर मुद्रा, भावपूर्ण आकृति भएका छन् । दैनिक जीवनमा समयनिष्ठ भएर साहित्यिक साथै आध्यात्मिक कार्यक्रमहरूमा व्यस्त रहन्छन् । यस्ता कार्यक्रमहरूमा अध्यक्षता साथै विशिष्ट अतिथिको कार्यभार सम्हाल्दै आइरहेका छन् । स्पष्ट उच्चारण साथ बोल्ने मोक्तान शारीरिक गठनका दृष्टिले केही पुड्का देखिए तापनि नेपाली पहिरनमा खुबै सुहाएको देखिन्छ । उनको व्यक्तित्वका बारेमा शरद् क्षेत्री (सन् २००८) को भनाइ यस्तो छ, "मोक्तानको व्यक्तित्व नै एक सन्तको झैँ छ, तथा उनको धीर, प्रशान्त, निरभिमानी, विनयशील, मधुरभाषी, भद्रतापूर्ण, सफा, सरल, ज्ञान र अनुशासनको योगले सिद्ध व्यक्तित्वमा उनलाई चिन्नेहरू सबैजना नै प्रभावित छन्" (पृ.६१-७१) । मोक्तानले थोरैमा धेरै गहन कुराहरू मिठो भाषामा घतलाग्दो किसिमले प्रस्तुत गर्ने गर्दछन् । उनको वक्तव्य सुन्नलाई पनि सभा, गोष्ठी, सेमिनरहरूको अन्तसम्म मानिसहरू पर्खेर बस्ने गर्दछन् । कार्यक्रम अनुसारको वक्तव्य प्रस्तुत गर्नमा मोक्तान निकै सिपालु छन् । पूर्वसूचना प्राप्त अनुसार अध्यक्षता ग्रहण गरिदिने निमन्त्रणा पाएर कार्यक्रममा गएका समय कार्यक्रम फेरबदल गरी उनलाई खाली वार्ताकारको रूपमा राखिँदा पनि उनले प्रतिकार नगरी वार्ता दिएका छन् । उनको पेसागत जीवन काल सान सौकतपूर्ण रहे पनि वास्तवमा उनी साधारण जीवन शैली बिताउन रुचाउँछन् ।

मोक्तान मृदुभाषी, कहिल्यै नरिसाउने अनि कसैलाई नराम्रो नभन्ने प्रवृत्तिका छन् । उनले साहित्यिक, आध्यात्मिक र सामाजिक विषयमा सानो ठुलो नछुटचाई समान भाव राखेर विभिन्न सङ्घ संस्थाको निमन्त्रणा स्वीकार गरी कार्यक्रमहरूमा उपस्थिति दिएको देखिन्छ । हाल उनी ८३ वर्षका भए पनि उनमा जोश, जाँगर र फूर्ति युवा अवस्थाका जस्तै रहेको छ । दार्जिलिङे नेपाली समाजमा उनलाई साहित्य, अध्यात्म, प्रशासनमा त्रिकोणी व्यक्तित्वका धनी मान्छन् । मोक्तान समयनिष्ठ भएकाले उनी आफ्नो दैनिक जीवनमा समयको साह्रै सदुपयोग गर्छन् । उनको बोलीमा मिठास र व्यवहारमा नम्रता देखिन्छ । उच्च ओहोदामा पुगेर पनि घमण्ड नभएका उनको जीवन शैली सरल तथा साधारण भएका हुनाले उनको व्यक्तित्व उच्च र प्रशंसनीय रहेको छ ।

(ख) साहित्यिक व्यक्तित्व

कृष्णसिंह मोक्तानको साहित्यिक व्यक्तित्वलाई उनका कृतिपरक अध्ययनका आधारमा स्रष्टा र द्रष्टा व्यक्तित्वका रूपमा विभाजन गर्न सकिन्छ । उनको साहित्यिक व्यक्तित्वलाई यी दुई भागमा विभाजन गरी चर्चा गर्नुको खास कारण उनको साहित्यिक व्यक्तित्वको एक पक्ष कवि, उपन्यासकार, कथाकारका रूपमा परिचित छ भने साहित्यिक व्यक्तित्वको अर्को पक्ष

सम्पादक, आध्यात्मिक चिन्तक, समीक्षक साथै वार्ताकारका रूपमा परिचित छ । समग्रमा स्रष्टा र द्रष्टा व्यक्तित्वलाई क्रमशः यस प्रकार प्रस्तुत गरिएको छ :

ख.१ कवि व्यक्तित्व

कृष्णसिंह मोक्तानको साहित्यिक व्यक्तित्व कविका रूपमा प्रसिद्ध छ । उनको प्रथम कविता 'बढौं–बढौं' हो । यो कविता टीकाराम शर्मा अनि वेदप्रकाश राईद्वारा सम्पादित **गोर्खा पत्रिका** (सन् १९४५-४६) मा प्रकाशित भएको मोक्तान बताउँछन् । उनले नेपाली साहित्यमा कविता विधाबाटै पदार्पण गरेका हुन् । उनले स्वामी प्रबुद्धानन्द महाराजबाट सानै उमेरदेखि साहित्य, सङ्गीत, कला, धार्मिक जस्ता विषयहरूमा प्रेरणा पाएर विद्यार्थी जीवनदेखि नै मौलिक रचनाहरू लेखी **युगवाणी**, **उदय**, **भारती**, **गोर्खा साथी**, **प्रभात** आदि भारतीय नेपाली पत्रपत्रिकामा प्रकाशित गरेका थिए । उनको 'प्रायश्चित' नामक कविता **युगवाणी** (सन् १९४८) पत्रिकामा प्रकाशित भएको पाइन्छ । उनले अङ्ग्रेजी साहित्यका कविहरू कलरिज, वर्डस्वर्थ, किट्स र वायरनका कविताहरू पनि नेपालीमा अनुवाद गरेका छन् । नेपाली पत्रिकाहरूमा पनि उनका लेख रचना र कथाहरू प्रकाशित भएका छन् ।

ख.२ उपन्यासकार व्यक्तित्व

कृष्णसिंह मोक्तानको सबैभन्दा पहिलो पुस्तकाकार कृति **चरणधूलि** (सन् १९५६) उपन्यास हो । यसै उपन्यासको प्रकाशन गरेर नेपाली उपन्यास लेखनमा पदार्पण गरेका मोक्तानको दोस्रो मौलिक उपन्यास **अशेष–यात्रा** (सन् १९६३), तेस्रो मौलिक उपन्यास **जीवन परिक्रमा** (सन् २००३) र चौथो उपन्यास **जीवन गोरेटोमा** (सन् २००५) प्रकाशित भएका छन् । उनको **जीवन गोरेटोमा** आफ्नो जीवनका पेसागत सम्पूर्ण अनुभव र जीवनमा भेटिएका विभिन्न अद्भूत चरित्रहरूलाई लिएर लेखिएको औपन्यासिक कृति हो । यस कृतिका निम्ति साहित्य अकादमी दिल्लीद्वारा साहित्य अकादमी पुरस्कार (सन् २००५) उनलाई प्राप्त भएको छ ।

ख.३ कथाकार व्यक्तित्व

कृष्णसिंह मोक्तानले उपन्यास विधाका साथै नेपाली साहित्यको कथा विधामा पनि सक्रिय रूपले सिर्जनात्मक अभिव्यक्ति दिएका छन् । उनको पहिलो उपन्यास **चरणधूलि** प्रकाशित भएको चार वर्षपछि सन् १९६० मा **प्रेम, भ्रान्ति र सत्य** कथा सङ्ग्रह प्रकाशित भयो । यस कृतिले उनलाई कथाकारका रूपमा चिनाएको छ । यो कथा सङ्ग्रह र बनारसबाट प्रकाशित भएको हो । मोक्तानले यो कथा सङ्ग्रह विश्वकवि रवीन्द्रनाथ टेगोरलाई समर्पण गरेका छन् । कृतिको 'समर्पण' मा उनले लेखेका छन् :

> विश्वकवि रवीन्द्रनाथको पुण्य स्मृतिमा समर्पण गर्दछु जसको शताब्दी समारोह मई महिनामा भइरहेछ । रवीन्द्रनाथका कविता, सङ्गीत, कला औ साहित्यले विश्वलाई अंगाल्न सक्यो, तिनको आवाज औ प्रतिभाले विश्वको हृदयमा उत्ताल तरङ्ग उत्पन्न गर्न सक्यो । उनै विश्वकविको स्मृतिमा यो ग्रन्थ सश्रद्धा समर्पित छ ।

प्रेम, भ्रान्ति र सत्य कथा सङ्ग्रहभित्र जम्मा आठ ओटा कथाहरू सङ्कलित छन् । ती यस प्रकार छन् : 'प्रेम–पत्र', 'शंका', 'कारण ???', 'मझवेणी', 'भीरू', साँझको बेला, एउटा आश्चर्च्या (आश्चर्य), टाइगर हिलको शिखरमा । यस कथा सङ्ग्रहभित्र परेका विभिन्न कथाहरू सामाजिक विषयवस्तुमा आधारित छन् । समाजमा निहित दुःख, पीडा, मानवता, हार्दिकता, आदर्शता, कर्तव्य परायणता, हर्ष, ईर्ष्या आदि विविध समस्याहरूको सरल प्रस्तुतीकरण भएको छ । 'कथाकारका केही कुरा' मा मोक्तानले आफ्नो विचार यसरी प्रस्ट गरेका छन्, "समाजका विभिन्न व्यक्तिहरूको सम्पर्कमा आई तिनीहरूबाट प्रभावित हुनु औ आफ्नो चरित्र र व्यक्तित्वलाई परिमार्जन गराउनु मानिस मात्रलाई अनिवार्य हुन्छ । मैले पनि त्यस्तै व्यक्तिहरूको जीवन आशा, प्रेम, भ्रान्त औ सत्यलाई लिपिबद्ध गरी कहानी सङ्ग्रह लेखेको हुँ ।"

प्रस्तुत कथा सङ्ग्रहभित्र परेका जम्मै कथाहरू धारा प्रवाह भएर बगेको पाइन्छ । संरचनाका दृष्टिले हेर्ने हो भने यी कथाहरू साह्रै छोटा पनि छैनन्, साह्रै लामा पनि छैनन् । प्रायःजसो कथाहरू मझौला आकारका छन् । एउटा कथा पढेपछि अर्को कथा पढिहाल्न मन लागेर आउँछ । सबै कथाहरू सरल, सहज छन् अनि भाषाशैली र वाक्य गठन रोचक ढङ्गमा गरिएको छ । कथानक सरल भएका हुनाले मस्तिष्कले मन्थन गरिरहनु पर्दैन । समाजमा घटिरहने साधारण विषयलाई लिएर लेखिएका कथाहरूमा पात्रपात्राको संयोजन पत्यारिलो ढङ्गले भएको छ । कथाका पात्रले विभिन्न समस्याहरूको स्थिति पाठकहरूअघि झलझली ल्याउने काम गरेका छन् । यसरी विविध विषयहरूलाई कथामा प्रस्तुत गरेर कथाकार कृष्णसिंह मोक्तान एक उपन्यासकारका मात्र नभएर कथाकारका रूपमा पनि परिचित भएका छन् ।

मोक्तानको उक्त कथा सङ्ग्रह बाहेक विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका कथाहरू 'गरीवको आँशु' (सन् १९५०, **हाम्रो कथा**), 'भिखारी' (सन् १९५१, **साथी**), 'चलाख' (सन् १९५२, **धुवाँ**), 'रिपोर्टर' (सन् १९६२, **समला**), 'तिमी मेरो देवता' (सन् १९६३, **हाम्रो संसार**), 'अधिरो सपना' (सन् १९६४, **परिवर्तन**), 'सुरक्षा' (सन् २००३, **पिँढी**), 'मलाई ओभर भो' (सन् २००५, **दियालो**) आदि हुन् । यी बाहेक **हिमालय दर्पण** आदि पत्रिकामा उनका विविध कथाहरू प्रकाशित छन् । यसरी विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित भएका साथै अन्य कतिपय अप्रकाशित कथाहरूको सङ्ग्रह **तिमी मेरो देवता** प्रकाशोन्मुख अवस्थामा रहेको जानकारी मोक्तानबाट प्राप्त भएको छ ।

ख.४ जीवनीकार व्यक्तित्व

कृष्णसिंह मोक्तानले सत्य साई बाबाका जीवनी **सत्यम् शिवम् सुन्दरम्** (सन् १९७१) नेपालीमा लेखेर प्रकाशित गरेका छन् । यसै पुस्तकबाट नेपाली समाजले सर्वप्रथम साई बाबाको दिव्यशक्तिको जानकारी पाउन सकेका छन् । यी बाहेक स्वामी विवेकानन्द, सिस्टर निवेदिता, रामकृष्ण परमहंस, अरविन्द, बर्ट्रान्ड रसेल, आइन्सटाइन प्रभृति विद्वान् मनीषीहरूका जीवन चरित्रबारे मोक्तानले लेखेका लेखहरू उल्लेखनीय छन् । यिनै जीवनी सम्बद्ध पुस्तकाकार कृति र फुटकर रचनाले मोक्तानलाई जीवनीकार व्यक्तित्वका रूपमा चिनाएका छन् ।

ख.५ अनुवादक व्यक्तित्व

कृष्णसिंह मोक्तानले अङ्ग्रेजी साहित्यका कविहरूका कविताहरू नेपालीमा अनुवाद गरेका छन् । त्यसपछि उनले **सत्यम् शिवम् सुन्दरम्, साई बाबाको जीवनी** (सन् १९७१) अनुवाद गरेका छन् । उनले **साई बाबाका भजनावली र पूजाविधि**, **साईका सम्भाषण**, **मानव मूल्यमा आधारित धार्मिक ग्रन्थहरू**, **गुरुहरूको निम्ति पुस्तिका**, **सर्वधर्म प्रार्थना**, **वरलक्ष्मी व्रत** इत्यादि आध्यात्मिक पुस्तकहरू नेपालीमा अनुवाद गरेका छन् । उनले बङ्गला भाषाका रवीन्द्रनाथ टेगोरको नाटक **विसर्जन**को नेपालीमा अनुवाद गरेर नाट्य विधाको अनुवादमा पनि ठुलो भूमिका निभाएका छन् । उक्त पुस्तक साहित्य अकादमी दिल्लीद्वारा प्रकाशित भएको छ । यसरी मोक्तानले अनुवाद कार्यमा पनि महत्वपूर्ण योगदान पुऱ्याएका छन् ।

ख.६ सम्पादक व्यक्तित्व

कृष्णसिंह मोक्तानले शिक्षण पेसामा रहँदा **एकता** (हस्तलिखित) पत्रिकाको सम्पादन गरेका छन् । उनले 'सनातन सारथी' पत्रिका नेपालीमा सर्वप्रथम सम्पादन गरेका हुन् । यसमा साई बाबाको सन्देश साथै आध्यात्मिक भावधाराका विषयहरू समावेश भएको पाइन्छ । उनले आज पर्यन्त यस पत्रिकाको सम्पादन गरिहेका छन् । यसरी विभिन्न पत्रपत्रिकाको प्रकाशनबाट मोक्तानले आफ्नो सम्पादक व्यक्तित्व निर्माण गरेका छन् ।

ख.७ बाल साहित्यकार, नाटककार र भूमिकाकार व्यक्तित्व

कृष्णसिंह मोक्तानले बालकहरूका निम्ति शिक्षात्मक कथा **शिशुहरूको निम्ति कथा** (सन् १९८०) प्रकाशित गरेका छन् । उनी बाल कथाहरूद्वारा बालकहरूलाई शिक्षा दिन रूचाउँछन् । नेपाली समाजमा बाल कथाको अभावलाई केही मात्रामा भए पनि सहयोग पुऱ्याएका छन् ।

मोक्तानले सन् १९६० मा **सुनौलो बिहान** शीर्षकको नाटक लेखेको जानकारी दिएका छन् तर उक्त नाटक प्रकाशित भएको वा मञ्चन भएको सम्बन्धमा कुनै जानकारी पाइँदैन । यसका लागि पश्चिम बङ्गाल सरकारद्वारा नगद पुरस्कारद्वारा उनी पुरस्कृत पनि भएका छन् ।

मोक्तानले नेपाली, अङ्ग्रेजी, बङ्गला आदि भाषाका साहित्यिक अनि धार्मिक पुस्तकहरूमा भूमिका पनि लेखेका छन् । बिस ओटाभन्दा बढी पुस्तकहरूमा भूमिका लेखिसकेको कुरा उनले बताएका छन् ।

कृष्णसिंह मोक्तान साहित्यका क्षेत्रमा बहुमुखी व्यक्तित्व सम्पन्न स्रष्टाका रूपमा चिनिएका छन् । पद्य विधाबाट साहित्यमा प्रवेश गरेपछि गद्य विधालाई आफ्नो मूल सिर्जन क्षेत्रका रूपमा उपयोग गरेका छन् । गद्यका कथा, उपन्यास, जीवनी, अनुवाद, भूमिका लेखन, नाटक आदि विधामा उनको क्रियाशीलता देखिए पनि मूलतः उपन्यास विधामै उनी विशेष सफल र सम्पन्न देखिएका छन् । समग्रमा मोक्तानको साहित्यकार व्यक्तित्वको उर्वर र सफल क्षेत्र उपन्यासकार व्यक्तित्व नै हो ।

(ग) साहित्येतर व्यक्तित्व

कृष्णसिंह मोक्तानको साहित्यकार व्यक्तित्वका अतिरिक्त साहित्येतर व्यक्तित्व पनि उल्लेखनीय छ । साहित्येतर व्यक्तित्वलाई मुख्यतः (क) प्रशासनिक व्यक्तित्व, (ख) आध्यात्मिक व्यक्तित्व र (ग) सामाजिक व्यक्तित्व गरी तिन भागमा विभाजन गरी अध्ययन गरिन्छ ।

ग.१ प्रशासनिक व्यक्तित्व

कृष्णसिंह मोक्तान कुशल प्रशासक हुन् । उनले सर्व प्रथम प्रधान अध्यापकको दायित्वपूर्ण भूमिका निर्वाह गरेका छन् । त्यसपछि सामाजिक शिक्षा अधिकारीको उच्च पद निष्ठापूर्वक सम्हालेका छन् । यसरी उत्तरोत्तर उच्च अधिकारी पद सम्हाल्दै गएर भारत सरकार अधीनस्थ केन्द्रीय कारागारका सुपरिवेक्षक (आई.जी.) जस्तो गरिमामय पदमा कार्यरत भएका हुन् । तत्कालीन सामाजिक, राजनैतिक र शैक्षिक क्षेत्रमा यति ठुलो ओहोदामा कार्यरत रहनु कम गौरवको कुरा होइन । उनले यिनै विभिन्न ओहोदा सम्हालेर नेपाली जातिको परिचय दिन पनि सक्षम बनेका छन् ।

मोक्तान एक कर्तव्यनिष्ठ, कर्मठ, समयानुकूल, लगनशील, निष्ठावान् व्यक्तित्व भएका कारण उनको पदोन्नति हुँदै गएको हो । यस्ता उच्च पदमा रहेका समयमा पनि उनले साहित्य लेखन कार्यलाई भने उनले अगाडि बढाइरहेको पाइन्छ । यसरी उनको प्रशासनिक व्यक्तित्व पनि गरिमामय रहेको देखिन्छ ।

ग.२ आध्यात्मिक व्यक्तित्व

कृष्णसिंह मोक्तानका आध्यात्मिक व्यक्तित्वलाई उनका कृतिपरक अध्ययनका आधारमा विश्लेषण गरिएको छ । उनका मौलिक र अनुवाद गरिएका अध्यात्म सम्बन्धी कृतिहरू यस प्रकार छन् : **सत्यम् शिवम् सुन्दरम्** (सन् १९७१), **सत्य साई भजनावली र पूवा विधि** (सन् १९७७), **सत्य साई अष्टोत्तर शतनामावली माणिक्य** (सन् १९७३), **सर्वधर्म प्रार्थना** (सन् १९८०), **शिशुहरूको निम्ति कथाहरू** (सन् १९८०), **मानव मूल्यमा आधारित ग्रन्थहरू** (सन् १९९०), **गुरुहरूको निम्ति पुस्तिका** (सन् १९९०), **वरलक्ष्मी व्रत** (सन् १९९९) आदि प्रकाशित छन् ।

भारतीय आध्यात्मिक साहित्यका क्षेत्रमा एउटा आदरणीय स्रष्टा मोक्तानको जीवन र कर्मको बहुआयामिक पक्षहरूलाई समेटेर हेर्दा उनमा आध्यात्म र साहित्यको अपूर्व सङ्गम रहेको पाइन्छ । मोक्तानलाई एक सौम्य, धीरोदात्त, सर्वहितैषी, विनयी र मुदित भावका व्यक्तित्वका रूपमा देख्न सकिन्छ । स्वामी प्रबुद्धानन्दको संसर्ग, सान्निध्य र स्नेहको सौभाग्य उनले बाल्यकालदेखि नै पाएको देखिन्छ । यसै सङ्गतबाट मोक्तानको आध्यात्मिक व्यक्तित्व प्रसिद्धितर्फ उत्प्रेरित भएको पाइन्छ ।

ग.३ सामाजिक व्यक्तित्व

कृष्णसिंह मोक्तानको व्यक्तित्वमा सामाजिक दायित्व बोध प्रबल रूपमा देख्न सकिन्छ । उनी नेपाली जातीय र साहित्यिक पक्षका हरेक फाँटमा सक्रियताका साथ अनवरत रूपमा सेवा पुऱ्याइरहने सामाजिक व्यक्तित्वका रूपमा प्रतिष्ठित छन् । उनको जन्मथलो दार्जिलिङ भएका

हुनाले त्यहाँको सामाजिक, आर्थिक, राजनीतिक, शैक्षिक परिवेशसित संलग्न रहेर औपचारिक शिक्षा आर्जन गरेका हुन् । भारतको बहुजातीय सामूहिक रहनसहनमा हुर्केका मोक्तानले नेपाली जातिको उत्तरोत्तर उन्नतिका लागि शिक्षालाई नै सर्वोपरि महत्त्व दिएका छन् । सुकिया पोखरी ब्लक अफिसमा शिक्षा अधिकारीका रूपमा कार्यरत रहँदा उनले त्यस क्षेत्रका गाउँबस्ती, कुनाकाप्चाका कृषकहरूसँग सम्पर्क कायम गरी उनीहरूलाई शिक्षा सम्बन्धी परामर्श, उत्प्रेरणा दिएको पाइन्छ । अच्छालाल बस्ती (हाल राङभाङ बस्ती) तारसिंह डाँडामा रात्रि पाठशाला स्थापना गर्नका लागि उनको प्रेरणा र सद्भाव रहेको जानकारी राङभाङ माध्यमिक पाठशालाका संस्थापक नरबहादुर छेत्रीबाट प्राप्त भएको छ । यसरी नै उक्त ब्लक अन्तर्गतका पोखरियाबोङ बस्ती, परमगढी बस्ती, रागेरुङ बस्ती, पुबोङ बस्ती आदिमा पुस्तकालय र रात्रि पाठशालाहरूको स्थापनामा मोक्तानको सक्रियता रहेको पाइन्छ । उनको पेसा सम्बन्धी विभागीय कार्य प्रणाली अन्तर्गतका शिक्षा विकासका योजनाहरू भए पनि यस सम्बन्धमा उनको सक्रियता सराहनीय रहेको छ ।

मोक्तानले पेसागत जीवनका ४० वर्ष कलकत्ता महानगरमा बिताएका छन् । यसरी लामो समयावधिसम्म दार्जिलिङदेखि बाहिर बिताए पनि दार्जिलिङको नेपाली जातिगत परिवेशलाई भुल्न नसकेको कुरा उनी स्वीकार गर्छन् । यसै मायाले गर्दा आफ्नो पेसागत अवकासपछिको जीवन दार्जिलिङमै बिताइरहेका छन् । सन् १९९९ मा जब दार्जिलिङ फर्केर आए त्यसपछि उनी सामाजिक उत्थानका कार्यहरूमा संलग्न रहेका छन् । सन् १९३२ मा स्थापित गोर्खा दुःख निवारक सम्मेलन अनि सन् १९२४ मा स्थापित नेपाली साहित्य सम्मेलन दार्जिलिङका आजीवन सदस्य रहेर विभिन्न साहित्यिक र सामाजिक कार्यहरूमा संलग्न रहेका छन् । यसरी नै दार्जिलिङका विभिन्न साहित्यिक, सामाजिक र धार्मिक सङ्घ संस्थाहरूमा परामर्शदाताका रूपमा साथै प्रेरक बनेर रहेका छन् । हाल उनले दार्जिलिङ जिल्लाभरिका स्थानहरूमा साथै जिल्ला बाहिरका विभिन्न स्थानहरूमा शैक्षिक, धार्मिक, सांस्कृतिक, राजनीतिक सङ्घ संस्थाका विभिन्न कार्यक्रमहरूमा सभाध्यक्ष्यको पदभार सम्हाल्दै मानवतावादी गहन वक्तव्य प्रस्तुत गर्न व्यस्त रहेका छन् । समाजमा मानव जीवनको सामाजिक, राजनीतिक, शैक्षिक, आर्थिक आदि परिस्थितिमा सुधार ल्याउन आध्यात्मिक चेतनाको अहम् भूमिका रहेको हुन्छ भन्ने विचार लिएर सत्य साई बाबाका अनुयायी बनी सत्य, धर्म, शान्ति, प्रेम, अहिंसाको मूल ध्येय बोकेर व्यवस्थित मानव समाजको निर्माणका निम्ति घर, गाउँ, समाज, अन्चल तथा राष्ट्रिय क्षेत्रमा आध्यात्मिक शिक्षालाई प्रचार गर्ने कार्यमा उनले महत्त्वपूर्ण भूमिका निर्वाह गरिरहेका छन् ।

३.४ जीवनी, व्यक्तित्व र कृतित्व बिचको अन्तःसम्बन्ध

कृष्णसिंह मोक्तानको जीवनीका मुख्य पक्षहरूले उनका कृतित्व र खास गरी उपन्यास सिर्जनामा विशेष प्रभाव पारेका छन् । त्यस्ता प्रभावलाई विभिन्न शीर्षक अन्तर्गत राखेर विमर्श गरिएको छ ।

३.४.१ पारिवारिक पृष्ठभूमि र अनुवंशले पारेको प्रभाव

कृष्णसिंह मोक्तानको साहित्यिक प्रतिभाको निर्माणमा उनका आनुवंशिक संस्कारको उल्लेखनीय प्रभाव परेको छ । उनका पूर्वजहरूमा भएको प्रतिभा उनमा प्रकट भएको हो । पारिवारिक रूपमा उनका पिता शिक्षित थिए, माता सांस्कारिक थिइन् । पिता त्यस समयमा व्याङ्कका कर्मचारी भएका हुनाले मोक्तानलाई पनि शिक्षाप्रति आकर्षित गराएका थिए ।

३.४.२ शिक्षक, लेखक तथा विशिष्ट व्यक्तित्वका संसर्गको प्रभाव

कृष्णसिंह मोक्तानले विद्यालयीय शिक्षाको आरम्भमा नै स्वामी प्रबुद्धानन्दजस्ता शिक्षक पाएका थिए । उनको संसर्गबाट शिक्षा सँगसँगै साहित्य, कला, संस्कृति साथै आध्यात्मिक ज्ञानको बीजारोपण भएको थियो । स्वामीजीको प्रेरणा र प्रभावबाटै उनको साहित्यिक पृष्ठभूमिको जन्म भएको थियो । साहित्यिक पृष्ठभूमिलाई अझ प्रभावित तुल्याउन उनका अन्य गुरुहरू सूर्यविक्रम ज्ञवाली, पारसमणि प्रधान र धरणीधर शर्मा आदि शिक्षाविद्हरूका कुशल विद्यार्थी बन्न पाएका थिए । यिनै गुरुहरूका उत्साह, प्ररणा र प्रभावले मोक्तानको जीवनी र कृतित्वमा ठुलो प्रभाव परेको देखिन्छ ।

३.४.३ सामाजिक प्रभाव

मोक्तानका जन्मथलो दार्जिलिङ हो । त्यस समयको सामाजिक अवस्था अति नै निम्नस्तरको थियो । यहाँ नेपाली जाति मात्र नभएर विभिन्न जातिहरूको सामूहिक रहनसहन र बसोबासो भएको सामाजिक परिवेशमा नेपालीहरूले उठाउन परेका कठिनाइहरू उनले देखेका थिए । नेपाली जातिको शोषण भइरहेको, उनीहरूका दैनिक जीवनमा परिरहेको पीरमर्का साथै मध्यम वर्ग र निम्न वर्गका सामाजिक कठिनाइहरूले गर्दा अल्पशिक्षित नेपालीहरू नोकरीको खोजीमा परदेशिनु परेको यथार्थ उनले देखेका थिए । यिनै परिस्थितिहरूको प्रभाव उनका कृतिहरूमा परेको देखिन्छ ।

३.४.४ पेसागत प्रभाव

कृष्णसिंह मोक्तानको जीविकोपार्जन प्रथम क्षेत्र शिक्षण पेसा थियो । उनी खण्ड विकास शिक्षा शिल्प अधिकारी (सी.ओ.) का पदमा कार्यरत रहेका थिए । केही वर्षपछि पश्चिम बङ्गाल सरकारको कारा विभागमा कारा सुपरिवेक्षक (आई.जी.) को कार्यभार सम्हाल्न पुगे । त्यस समय उनले भेटेका, देखेका हत्यारा, डाँकु, चोर, ज्यानमारा जस्ता कैदीहरूका विभिन्न घटनाहरूबाट उनी प्रभावित भएका थिए । ती पात्राहरूका आधारमा मोक्तानका **जीवन गोरेटोमा** र **जीवन परिक्रमा**मा आफ्नो पेसागत जीवनका अनुभवको साहित्यिक उत्पादनका रूपमा उनका औपन्यासिक कृतिहरूको रचना भएको देखिन्छ ।

३.४.५ धार्मिक प्रभाव

मोक्तानका उपन्यासहरूमा उनको धार्मिक प्रभाव रहेको देखिन्छ । उपन्यासका पात्रपात्राहरू उनीहरूका मनोस्थिति र परिस्थितिले नीच चोर, डाँकु, कैदी भएका हुन्छन् । तिनीहरूमा असल गुणहरू पनि हुन्छन् भन्ने उनको विश्वास रहेको छ । यसैले मोक्तानको व्यक्तित्वलाई विशेष साहित्यिक, धार्मिक र प्रशासनिक व्यक्तित्वको रूपमा निरूपण गर्दा उपन्यासकारको रूपमा नै उनको स्पष्ट पहिचान भएको पाइन्छ । हाल उनी नेपाली समाजमा अध्यात्म गुरुको रूपमा पूजनीय छन् अनि उनको जीवनी र व्यक्तित्व तथा उपन्यास सिर्जनाबिच अन्तःसम्बन्ध रहेको छ ।

साहित्यिक स्रष्टा व्यक्तित्व कृष्णसिंह मोक्तानका व्यक्तित्व र सिर्जनाका क्षेत्र धेरै व्यापक छन् । उनले प्रशासनिक कार्य गरे तापनि उनको मौलिक साहित्य सिर्जनाको महत्त्वपूर्ण भूमिका रहेको पाइन्छ । विद्यार्थी जीवन कालमा उनका 'बढौँ बढौँ' र 'प्रायश्चित्त' जस्ता मौलिक कविता प्रकाशित भएका छन् । आजसम्म उनका पाँच ओटा मौलिक कृतिहरू प्रकाशित भएको पाइन्छ । उनले नेपाली साहित्यमा कविता, कथा, उपन्यास, निबन्ध, समालोचना, धार्मिक पुस्तकहरू अनुवाद, जीवनी, बाल साहित्य जस्ता धेरै विषयमा कलम चलाएका छन् । उनको योगदाको मुख्य क्षेत्र भने उपन्यास विधा नै रहेको देखिन्छ । **चरणधूलि** (सन् १९५६), **अशेष-यात्रा** (सन् १९६३), **जीवन परिक्रमा** (सन् १९६५), **जीवन गोरेटोमा** (सन् २००३) गरी चार ओटा उनका मौलिक उपन्यासहरू छन् । यी उपन्यासका घटनाहरू अनि पात्रहरू मोक्तानका जीवनीसँग सम्बन्धित छन् ।

कृष्णसिंह मोक्तानको लगभग ४७ बर्से औपचारिक उपन्यास लेखन यात्रामा जम्मा चार ओटा उपन्यास कृति प्रकाशित भएका छन् । यिनै चार ओटा कृतिका प्रवृत्तिगत परिवर्तन र विकासलाई हेर्दा उनको उपन्यास यात्रालाई (१) पूर्वार्द्ध चरण र (२) उत्तरार्द्ध चरण गरी दुई चरणमा विभाजन गर्न सकिन्छ । पूर्वार्द्ध चरणलाई स्वच्छन्दतावादी उपन्यास लेखनको चरण र उत्तरार्द्ध चरणलाई सामाजिक यथार्थवादी उपन्यास लेखनको चरणका रूपमा मान्न सकिन्छ । पूर्वार्द्ध चरणमा उनका **चरणधूलि** र **अशेष यात्रा** गरी दुई ओटा उपन्यास स्वच्छन्दतावादी प्रवृत्ति लिएर देखा परेका छन् भने उत्तरार्द्ध चरण अन्तर्गत **जीवन परिक्रमा** र **जीवन गोरेटोमा** गरी दुई ओटा उपन्यास सामाजिक यथार्थवादी प्रवृत्ति लिएर देखा परेका छन् ।

३.५ निष्कर्ष

कृष्णसिंह मोक्तान १५ वर्षको उमेरदेखि नै साहित्य पठनपाठन र लेखनमा अभिमुख भएका हुन् । उनका अनेक व्यक्तित्वहरू छन्, ती मध्ये साहित्यिक, प्रशासनिक, आध्यात्मिक र सामाजिक व्यक्तित्व मुख्य रूपमा रहेका छन् । साहित्यिक व्यक्तित्व अन्तर्गत कवि, उपन्यासकार, कथाकार, जीवनीकार, अनुवादक, सम्पादक, बाल साहित्यकार, नाटककार, भूमिकाकार आदि व्यक्तित्व पाइन्छन् । उनको प्रशासनिक क्षेत्र अझ व्यापक छ । उनी

प्रशासनिक क्षेत्रमा अब्बल दर्जाका कर्मनिष्ठ, इमानदार र प्रशंसनीय अधिकारीका रूपमा परिचित छन् । त्यसरी नै आध्यात्मिक क्षेत्रमा मोक्तान सत्य साई बाबाका अनुयायी, साई दर्शनका मार्गदर्शकका रूपमा प्रतिष्ठित छन् । यसै कारण दार्जिलिङका साई अनुयायीले उनलाई 'साई गङ्गोत्री' अनि कालिम्पोङका भक्तजनले 'पहाडी कस्तुरी' जस्ता उपनामले विभूषित गरेका छन् । सामाजिक क्षेत्रमा उनको अहम् भूमिका रहेको हुनाले उनलाई आदर्श समाज सेवी मान्न सकिन्छ । पूर्वोक्त विविध व्यक्तित्व मध्ये उनको सबैभन्दा बढी सफल साहित्यिक व्यक्तित्व नै हो । यसरी साहित्यिक व्यक्तित्व बढी सफल हुनका लागि उनको पारिवारिक, आनुवांशिक, सामाजिक, धार्मिक तथा अन्य व्यक्तित्वको सिर्जनात्मक उच्चतम प्रयोग गर्नु हो । जीवनका विविध उतारचढाउ र समाजका अनेक पक्षहरूलाई समेटेर साहित्यमा कलात्मक रूपले प्रस्तुत गर्नु नै उनको वैशिष्ट्य भएका हुनाले उनको जीवनका विविध पाटा र व्यक्तित्वका विविध पक्षहरूले उनको सिर्जनालाई सिँगारेका छन् । समाजका यथार्थलाई आदर्शमय ढङ्गले भन्न चाहने मोक्तानको जीवन र व्यक्तित्व पनि उनका साहित्यिक कृतिका प्रयुक्त सत्पात्रहरूको जस्तै आदर्श रहेको छ र आदर्शको कामनामा गतिमान् रहेको छ । यसरी मोक्तान भारतीय नेपाली साहित्य लेखकहरूमा एकजना सफल उपन्यासकारका रूपमा स्थापित भएका छन् ।

चौथो अध्याय

पूर्वार्द्ध चरणका उपन्यासको विधातात्त्विक विश्लेषण

४.१ विषय प्रवेश

कृष्णसिंह मोक्तानको औपन्यासिक यात्रामा सन् १९६४ पूर्वको समयावधिलाई पूर्वार्द्ध र त्यसपछिको समयावधिलाई उत्तरार्द्ध गरी दुई चरणमा विभाजन गरेर अध्ययन गरिएको छ । पूर्वार्द्ध चरणमा प्रकाशित उनका उपन्यासहरू **चरणधूलि** (सन् १९५६) र **अशेष यात्रा** (सन् १९६४) हुन् । धारागत दृष्टिले यी दुवै उपन्यासको मूल वैशिष्ट्य स्वच्छन्दतावादी भाव चेतनाको अभिव्यक्ति हो । त्यस्तै सन् १९६५ देखि २००३ सम्मको समयावधि उनका उपन्यास यात्राको उत्तरार्द्ध चरण हो । यस चरणमा उनका **जीवन परिक्रमा** (सन् १९९४) र **जीवन गोरेटोमा** (सन् २००३) गरी दुई ओटा उपन्यास प्रकाशित छन् । यी दुवै उपन्यासको साझा वैशिष्ट्य सामाजिक यथार्थवादी भाव चेतना हो । यसरी मोक्तानका उपन्यास यात्राको पूर्वार्द्ध चरणको मूल विशेषता स्वच्छन्दतावादी उपन्यास लेखन हो भने उत्तरार्द्ध चरणको मूल विशेषता सामाजिक यथार्थवादी उपन्यास लेखन हो । त्यसो त समयगत आधारमा हेर्दा उनको पूर्वार्द्ध चरण र उत्तरार्द्ध चरणको समयावधि विभाजनमा त्यति उपयुक्तता नदेखिन सक्छ । पूर्वार्द्ध चरण जम्मा सात वर्षको देखिन्छ भने उत्तरार्द्ध चरण उन्चालिस वर्षको देखिन्छ । समयगत हिसाबले पहिलो चरण र दोस्रो चरण विभाजनमा सन्तुलन नदेखिए पनि उपन्यासको सङ्ख्या र औपन्यासिक प्रवृत्तिको एकरूपताका कारण यो विभाजन सन्तुलित र सम्यक् देखिएको छ । तसर्थ प्रस्तुत परिच्छेदमा मोक्तानका पहिलो चरणमा प्रकाशित **चरणधूलि** र **अशेष यात्रा** गरी दुई ओटा उपन्यासको विधातात्त्विक विश्लेषण गरी त्यसको निष्कर्ष प्रस्तुत गरिएको छ ।

४.२ 'चरणधूलि' उपन्यासको विश्लेषण

मोक्तानको पूर्वार्द्ध चरणमा प्रकाशित भएका दुवै उपन्यासको विधातात्त्विक अध्ययनका क्रममा सर्वप्रथम प्रत्येक उपन्यासको सामान्य परिचय प्रस्तुत गरिएको छ । त्यसपछि क्रमशः उपन्यासको कथानक, पात्र विधान र तिनको चरित्र, परिवेश विधान, दृष्टिबिन्दु, भाषाशैली र विचार तत्त्वको विश्लेषण गरिएको छ ।

चरणधूलि कृष्णसिंह मोक्तानको पहिलो औपन्यासिक कृति हो । यस उपन्यासमा तिन खण्ड र चवालिस परिच्छेदहरू (१४+१७+१३=४४) छन् । उपन्यासको पहिलो खण्डमा चौध, दोस्रो खण्डमा सत्र र तेस्रो खण्डमा तेह्र परिच्छेदहरू रहेका छन् । जम्मा १८२ पृष्ठमा संरचित यस उपन्यासको पहिलो संस्करण सन् १९५८ मा, दोस्रो संस्करण सन् १९७३ मा अनि तेस्रो संस्करण

सन् २००३ मा प्रकाशित भएको छ । औपन्यासिक आयामका दृष्टिले **चरणधूलि** मभ्फौला आकारको उपन्यास हो । यसमा दार्जिलिङे जनजीवनको यथार्थपरक चित्रण गर्ने प्रयास भएको छ । समाजका मध्यम र निम्न वर्गीय मानिसहरूका दैनन्दिन जीवनका सङ्घर्ष र तिनीहरूका चरित्रमा देखा परेका उदारता, दया, निष्कपटता, सहानुभूति आदि मानवीय गुणहरूको अङ्कन भएको छ । यस उपन्यासको मूल औपन्यासिक क्षेत्र दार्जिलिङ सहर अनि कालिम्पोङको छिबो बस्ती रहेको छ । उपन्यासका प्रमुख पुरुष पात्र जीवन र प्रमुख नारी पात्र नीराका बिचको प्रेमकथा यस उपन्यासको मूल कथावस्तु हो तथा उनीहरूकै प्रेम सम्बन्धका सेरोफेरोमा यस उपन्यासको मूल कथानकको निर्माण भएको छ । यस दृष्टिले यो स्वच्छन्तावादी धाराको औपन्यासिक कृति बन्न पुगेको छ । यसो भए पनि यी पात्रले बाँचेको सामाजिक परिवेश र तिनका जीवनदशाको चित्रणमा तत्कालीन प्रवासी (भारतीय) नेपाली समाजकै चित्रण पनि विशेष रूपले हुन पुगेको छ साथै सामाजिक यथार्थका कोणबाट पनि यो उपन्यास पठनीय एवं विश्लेषणीय रहेको छ ।

४.२.१ कथानक

चरणधूलि उपन्यास कृष्णसिंह मोक्तानको प्रथम प्रकाशित कृति हो । यसको औपन्यासिक क्षेत्र भारतको पश्चिम बंगाल राज्य अन्तर्गतको दार्जिलिङ जिल्लाको सहरी क्षेत्र साथै यसको वरिपरिका स्थानहरू मुख्य रूपमा रहेका छन् । दार्जिलिङको सामाजिक परिवेशमा केन्द्रित घटनाहरू कालिम्पोङ छिबो बस्ती कलकत्ता महानगर हुँदै मलायासम्म फैलिएको छ । रूपनारायण सिंहको **भ्रमर** उपन्यासबाट सुरु भएको दार्जिलिङको स्वच्छन्दतावादी साहित्यिक परिवेशबाट प्रभावित बनेर मोक्तानले पनि युवा युवतीमाभ्फमा हुने प्रणय सम्बन्धलाई मुख्य कथानक बनाएर यस उपन्यासको सिर्जना गरेका छन् । प्रस्तुत उपन्यासको मुख्य पात्र जीवनले विजया दशमीको दिन आफ्नो घरको सम्भ्फना गरेर नीराले पठाएको पुरानो पत्र निकालेर पढ्दै आफ्नो विगतका रमाइला दिनहरूको सम्भ्फना गरेको घटनाबाट उपन्यासको आरम्भ भएको छ । जीवन दार्जिलिङ सहरको निम्न वर्गीय पात्र हो । उसका पिता हर्कबहादुर राई सिपाही हुन् । साइतियाबाट बिदा लिई घर फर्कंदा बाटैमा हैजा लागेर उनको मृत्यु भएको हुन्छ । त्यसपछि जीवनकी आमा सूर्यमायाको आर्थिक स्थिति कमजोर बन्छ । यस्तो स्थितिमा सूर्यमायाले आफ्नो बिहेको गरगहना महाजन रतनदास कहाँ बन्दकी राखेर एउटा सानो कोइला पसल चलाउँदै आफ्नो एक्लो सन्तान जीवनलाई सन्त जोसेफ महाविद्यालयमा बी.ए. तहको शिक्षा आर्जन गराइरहेकी हुन्छिन् । उक्त महाविद्यालयमा कालिम्पोङ छिबो बस्तीबाट आई.ए. तहको शिक्षा आर्जन गर्न नीरा आएकी हुन्छे । ती दुईको प्रथम भेट यसै महाविद्यालयका प्राध्यापक चक्रवर्तीका कोठामा अध्ययनकै सिलसिलामा भएको हुन्छ । यसै भेटदेखि यिनीहरू प्रणयसूत्रमा बाँधिन्छन् । जीवनले आफ्नो पारिवारिक स्थिति सबै नीरालाई सुनाउँछ । यसै समय नीराले पनि जीवनलाई आफ्नो आराध्यदेव ठानी उसको चरणको धुलो सिउँदोमा लागाउँछे । यसरी जीवन र नीरा बिच प्रणय सम्बन्ध गाँसिएको हुन्छ ।

यता जीवनकी आमाले कोइला पसलको तिरो (कर) नगरपालिका मार्फत बुभ्फाउन नसकेका कारण नगरपालिकाबाट उक्त पसल लिलामी गरिने सूचना पाउँछिन् । सूर्यमाया र छोरो जीवनले सो ऋणबाट मुक्त हुने उद्देश्य लिएर पिताले किनेको काठको घर महाजन रतनदासकहाँ

बन्दकी राख्छन् तर रतनदासले भने पुरानो ऋणमा तिन गुणा व्याज जोडेर अघि राखेको गरगहना आफ्नो अधीनमा पार्छ । त्यसपछि उसले घरको निम्ति रुपियाँ दिन्छ र उक्त घर पनि आफ्नो अधिकारमा लिन्छ । फलस्वरूप जीवनकी आमाले महिनाको दश रुपियाँ आफ्नै घरमा भाडा तिरेर बस्नु पर्छ । यसरी आर्थिक अवस्था कमजोर बनेका कारणले गर्दा जीवनले आफ्नो अध्ययनलाई अधुरो छाडी नोकरीको खोजीमा कलकत्ता महानगर जान्छ । उसले कलकत्तामा नोकरी गर्दा सोही विभागको स्थानीय रेल दुर्घटनामा पर्छ । रेल दुर्घटनाको दोष जीवनसाथि आइलाग्दा जीवन त्यहाँबाट भागेर मलाया पुग्छ । त्यहाँ उसले शिक्षकको नोकरी गरेर आफ्नी वृद्ध भएकी आमालाई दार्जिलिङमा खर्च पठाउन थाल्छ । उता नीरा पनि आफ्नी आमाको हृदयघातका कारण देहान्त भएको घटनाले पनि आफ्नो अध्ययनलाई अधुरो छोडेर घरको जिम्मेवारी वहन गर्न बाध्य बनेकी हुन्छे । आमाको मृत्युपछि उसका पिताले रक्सी पिउन थाल्छन् । केही समयपछि उनले कान्छी तामाङनीलाई श्रीमती बनाएर ल्याएदेखि घरको आर्थिक स्थिति कमजोर हुँदै जान्छ । उता दार्जिलिङमा जीवनकी आमा सिकिस्त बिरामी भएको सूचना मोहनद्वारा प्राप्त भएपछि नीरा दार्जिलिङमा गएर जीवनकी आमालाई स्याहारसुसार गर्न लाग्छे । सूर्यमायाको देहान्त भएको खबर पाएपछि जीवन मलायाबाट आइ पुग्छ अनि नीरा र जीवनको मिलन हुन्छ । यसरी यो उपन्यास युवा युवतीको आत्मिक प्रेम सुखान्तमा परिणत भएर उपन्यासको कथानक टुङ्गिएको छ

प्रस्तुत उपन्यासको कथानक आदि, मध्य र अन्त्य भागमा सङ्गठित छ । सुरुमै नायिका नीराले लेखेको पुरानो पत्रद्वारा विगतका रमाइला क्षणहरूको सम्झना गराउँदै उपन्यास थालिएको छ । दोस्रो परिच्छेददेखि नीराको परिचय र तिनको प्रेम सम्बन्ध भएका घटनाहरूका संयोजनबाट मिश्रित प्रकारको कथानक बनेको छ । कथावस्तुका घटनाको क्रमिक विन्यास गरी नायक नायिकाका संयोगमा उपन्यास संरचित भएकाले उपन्यासको कथानक सुखान्त बनेको पाइन्छ ।

कथानकका स्रोतहरू मध्ये **चरणधूलि** उपन्यासमा उपन्यासकारले आफ्ना सामाजिक अनुभवलाई स्वच्छन्द रूपले प्रस्तुत गरेका छन् । यस उपन्यासमा समाजका स्थूल घटनाका स्रोतबाट कथानकको निर्माण भएको छ । त्यसैले यो उपन्यास सामाजिक विषयमा आधारित स्वच्छन्दतावादी उपन्यास बन्न पुगेको छ । उपन्यासकारले तत्कालीन दार्जिलिङको नेपाली समाजका कमजोर आर्थिक अवस्थामा रहेका शोषित वर्गका जीवनबाट यस उपन्यासको कथानकको निर्माण गरेका छन् ।

उपन्यासमा कथानकका आवश्यक उपकरणहरू द्वन्द्व र कार्य व्यापार हुन्छन् । **चरणधूलि** उपन्यासमा पनि आन्तरिक द्वन्द्व रहेको छ । उपन्यासका प्रमुख पात्र जीवन र नीरामा भएको आन्तरिक द्वन्द्वले उपन्यासका घटनाहरू स्वाभाविक, रोचक र सुगठित बनेको पाइन्छ । यस उपन्यासमा आदि, मध्य र अन्त्यको समुचित विन्यास भएर कथानक अन्तर्मुखी नभई बहिर्मुखी पिरामिडमा सङ्गठित भएको छ । उपन्यासको प्रभावकारिता निर्माणका लागि कथानकका अङ्गहरूलाई क्रमबद्ध गरी सरल ढङ्गले अगाडि बढाइएको छ ।

अरस्तुका अनुसार कथावस्तुमा कार्यकारणको पूर्वापर शृङ्खलामा आधारित घटनाक्रमको एकात्मकता वा अन्विति हुनु अनिवार्य छ जुन आदि, मध्य र अन्त्य भागका रूपमा परिपूर्ण हुन्छ

(त्रिपाठी, २०३३ : ५०) । घटनाक्रमको शृङ्खलालाई हेर्दा यसमा निश्चित आदि भाग भेटिन्छ र उत्तरवर्ती औपन्यासिक घटनाक्रम त्यसैबाट विकसित भई मध्य भाग हुँदै अन्त्य भागसम्म गएको छ । यस उपन्यासमा पहिलो खण्डका घटनाक्रम आदि भागका रूपमा देखा पर्छन् भने दोस्रो खण्डका घटनाक्रम मध्य भागमा अनि तेस्रो भागका घटनाक्रम अन्तिम भागमा देखा पर्दछन् । उपर्युक्त तिन भाग (आदि, मध्य र अन्त्य) का आधारमा **चरणधूलि** उपन्यासका औपन्यासिक घटनाक्रमको विकास प्रक्रियालाई निम्नानुसार देखाउन सकिन्छ :

(क) आदि भाग

चरणधूलि उपन्यासको आदि भाग प्रथम खण्डका जम्मा चौध परिच्छेदहरूका प्रणय व्यापार सम्बन्धी पृष्ठभूमिबाट तयार भएका छन् । यस भागले नायक जीवन र नीराको प्रेम सम्बन्ध अनि जीवनको दयनीय आर्थिक अवस्थाको एउटा जटिल समस्या उभ्याएको छ । जीवनका पिताको दोस्रो विश्वयुद्धको आसपासतिर घर फर्केर आउँदा बाटैमा मृत्यु हुन्छ । त्यसो भएको हुनाले जीवनकी आमा सूर्यमायाले जीवन निर्वाहका निम्ति आफ्ना गरगहना बेचेर कोइला पसल थापेको यथार्थ घटनाको संयोजनद्वारा कथानकको क्रम अघि बढेको छ । प्रथम परिच्छेदमा उपन्यासको नायक जीवन मलाया (आजको मलेसिया) मा जुनियर स्कुल मास्टरको नोकरीमा गएको हुन्छ । मलायाको राजधानी क्वालालम्पुरको ब्यारेकको सानो कोठामा बसेर आफ्नो घरका साथै विगतका दिनहरूको सम्झना गर्दै नीराले पठाएको पुरानो पत्र पढिरहेको देखाइएको छ । यसरी उपन्यासको कथानकमा पूर्वदीप्तिद्वारा घटनाहरूको प्रस्तुति भएको छ ।

औपन्यासिक कथानकका स्रोतहरू अनुसार उपन्यासमा मानवीय भावनाका कुराहरू पर्दछन् । "जीवनका आशा एवं निराशा, स्वर्णीम एवं वितृष्णायुक्त क्षण अनि मस्तिष्क पलायनको अवस्था आदि भावात्मक कुराबाट ग्रहण गरिएका कथानकबाट स्वच्छन्दतामूलक उपन्यासको सिर्जन हुन्छ" (बराल र एटम, २०५८ : २५) । प्रस्तुत उपन्यासमा यही स्वच्छन्दतावादी प्रवृत्ति अनुरूप प्रेमपरक कथानक रहेको छ । यद्यपि यसमा दार्जिलिङको सामाजिक अवस्था, त्यहाँका मध्यम र निम्न वर्गीय नेपाली मानिसहरूका दैनन्दिनका जीवन सङ्घर्ष र तिनीहरूका चरित्रमा देखा परेका मानवीय गुणहरूको पनि अङ्कन भएको पाइन्छ ।

तेस्रो परिच्छेदमा दार्जिलिङ नगरपालिकाको फोहोर बोक्ने गाडीले धक्का दिएर बृद्ध जन्तरे कामीलाई अर्द्धमृत बनाउँछ । जीवनले त्यो गाडी चलाउने मधेसी मूलको ड्राइभरलाई हिर्काउँछ अनि बृद्धलाई उपचारका निम्ति अस्पतालमा भर्ना गरिदिन्छ । यहाँ जीवनले एक मानवतावादी पात्रको भूमिका निर्वाह गरेको छ । सन्त जोसेफ कलेजमा बी.ए. मा अध्ययन गरिरहेको जीवन त्यही समयमा आफ्नो कलेजका प्रोफेसर चक्रवर्तीका घरमा सिनोरा र नीरासित पहिलोपल्ट परिचय हुन्छ । त्यसै भेटवार्तादेखि नै ऊ र नीराबिच प्रेम सम्बन्ध स्थापित हुन्छ । परिच्छेद ६, ७, ८, ९ र १० मा जीवनकी आमाले दुई सय रुपियाँमा नौगेडी बन्धक राख्नु परेका घटनालाई मुख्य रूपले प्रस्तुत गरिएको छ । यस्तो आर्थिक विपन्नताले घेरिएको अवस्थामा आफूले राखेको कोइला पसलको दस महिनाको शुल्क नतिरेका कारण दार्जिलिङ नगरपालिकाबाट जम्मा एक सय रुपियाँ तिर्नु पर्ने सूचना आउँछ । यो सूचना प्राप्त भएपछि पनि शुल्क तिर्न नसके कुड्कीद्वारा असुल

गरिने र पसल नं. ७ बाट निकालिने अधिसूचना जारी गरिन्छ । यसै कारण जीवनले अध्ययन छोडेर नोकरी गर्ने प्रस्ताव आमासित गर्छ तर उसकी आमाले अध्ययन पूरा गरेर मात्र नोकरी गर्नु भन्दै अढाइ तोलाको नौगेडी रत्नदास महाजन कहाँ राखेर त्यसबाट एक सय पचास रुपियाँ लिएर पसलको तिर्नु पर्ने शुल्क एक सय र कलेजको शुल्क पचास रूपियाँ बुझाउँछिन् । यसरी छोराको शिक्षाका निम्ति आमाले भोग्नु परेको आर्थिक सङ्कटको उद्घाटन गरेर समाजको यथार्थतालाई यस उपन्यासको कथानकमा छर्लङ्ग पारिएको पाइन्छ ।

अनेकौं समस्याहरूको उठानबाट **चरणधूलि** उपन्यासको आरम्भ खण्डको कथानक टुङ्गिएको छ । आरम्भ खण्डले एउटा जटिल प्रणय समस्या कथानकको मध्य भाग वा आगामी खण्डहरूलाई सुम्पिएको छ । पाठकका दृष्टिले हेर्दा प्रथम खण्ड वा आदि भागले मध्यम भाग वा आगामी खण्डहरूलाई यस प्रणय यात्राको भावी विकासमा विभिन्न सम्भावना छोडेको छ । यिनै अनेकौं विकल्पको सम्भावना प्रदान गर्नुमा नै कथानकको आदि भाग महत्त्वपूर्ण रहेको छ । यस आदि भागमा उपन्यासकार कृष्णसिंह मोक्तानले नायक जीवन र नीरा बिचको द्वन्द्व देखाएका छन् । मूल पात्र जीवन आर्थिक सङ्कटको चपेटमा परेर विदेसिनु परेको र नीराको राजबहादुरसित मगनी भएका घटनाको संयोजनबाट मिश्रित प्रकारको कथानक बनेको छ । अतः प्रस्तुत कथानकको आदि भागले जीवन र नीराबिचको प्रेम सम्बन्धलाई बलियो बनाउँदै तत्कालीन दार्जिलिङको जनजीवनलाई यथार्थ ढङ्गमा चित्रण गर्ने प्रयास गरेको छ र यस प्रयासमा उपन्यासकारको आख्यान कौशल राम्रैसँग उद्घाटित भएको छ ।

(ख) मध्य भाग

दोस्रो खण्डका जम्मा सत्र परिच्छेदहरू मध्य भाग अन्तर्गत पर्दछन् । प्रथम परिच्छेद अन्तर्गत नीराको बिहे चन्द्रवीर सरदारको छोरो राजबहादुरसित गरिदिने वचन उनका पिताले दिइ सकेका हुन्छन् । तर नीरा र उनकी आमाले यस प्रस्तावलाई अस्वीकार गर्छन् । दोस्रो परिच्छेदमा जीवनको आत्मीय मित्र मोहन कलेज छोडेर कलकत्ता महानगरीमा नोकरी गर्न जान्छ । तेस्रो परिच्छेदमा पेदोङ बस्ने सन्तमाया कालिम्पोङको मेलाटारमा भइरहेको 'शर्मा सिल्ड' को लात्ते भकुन्डोको फाइनल म्याच हेर्न पुगेकी हुन्छे । त्यसै बेला सन्तमायाले आफ्नो दुई वर्षको नानी लिएर आउँदै गर्दा राजबहादुरले उसको हात समाउँछ । राजबहादुरको त्यस्तो अभद्र आचरणलाई खप्न नसकी सन्तमायाले राजबहादुरको मुखैमा थुकिदिन्छे । वास्तवमा त्यो दुई बर्से नानी राजबहादुरकै थियो तर उसले एउटा गोठालालाई पैसामा जिम्मा लगाएको थियो । सन्तमाया स्वाभिमानी प्रवृत्तिकी नारी भएका हुनाले उसले राजबहादुरको अभद्रतामाथि विरोध जनाएको कुरा उपन्यासमा निकै रोचक ढङ्गले प्रस्तुत गरिएको छ ।

चौथो परिच्छेदमा नीरा कजेलबाट दशैंको विदामा कालिम्पोङ जान्छे । यता जीवनको घरमा लालफेटे (समनवाला) नोटिस लिएर आउँछ । त्यो नोटिस दार्जिलिङ सहरको रतनदास महाजनले पठाएको हुन्छ । सूर्यमाया (जीवनकी आमा) ले जीवनलाई पढाउन नौगेडी बन्धक राखेर व्याजमा रुपियाँ लिएकी हुन्छे । त्यो नौगेडी फिर्ता गर्न उसले आफ्नो घर सोही महाजनका नाममा सारिदिनु पर्छ अनि आफ्नो घरमा प्रत्येक महिना दस रुपियाँ भारा तिर्नु पर्ने हुन्छ । दशैं तिहारको

समयमा नीराको बिहे गरिदिने निर्णय उसका पिता धनवीर छेत्रीले लिँदा उसकी आमाले राजबहादुर जस्ता बदमास लफङ्गासित छोरीको बिहेका लागि गरिएको प्रस्तावको विरोध गर्छिन् । फलस्वरूप जमिनदार पति धनवीर छेत्रीले उनलाई थप्पड लगाउँछन् । पतिले राजबहादुरसितै नीराको बिहे गरिदिने वाचा गरेको सुनेर उनको मुटुको धड्कन तेज भएर आउँछ । यसै बिचमा हृदय रोगका कारणले उनको देहान्त हुन्छ । त्यसपछि नीराले कलेजको अध्ययनबाट वञ्चित भएर घरको कामधन्दामा लाग्नु पर्छ ।

परिच्छेद सातदेखि नौभित्र नीराको दयनीय अवस्थाको चित्रण गरिएको छ । नीराका पिताले आमाको मृत्यु भएको एक वर्ष नपुग्दै कान्छी स्वास्नी भित्र्याएको साथै कान्छी आमाले विभिन्न अभियोग लगाएर नीरालाई सताएको, बाबुले रक्सी खाएर, जुवातास खेल्न थालेर घरमा बासै नभएको अनि आमाको मृत्यु भएको एक वर्षपछि फेरि त्यही राजबहादुरसित छोरी नीराको बिहे गरिदिने निश्चय गरेको घटनाको विवरण पाइन्छ ।

दसदेखि तेह्र परिच्छेदसम्म जीवन नीराको प्रणयमा विह्वल भएर उसलाई भेट्ने कोसिस गर्छ तर असफल हुन्छ । जीवन आफ्नो गरिबीका कारणले पढाइ छोडेर नोकरी खोज्न कलकत्ता मोहनकहाँ जान्छ । यता नीरालाई उसका पिताले राजबहादुरसित बिहे गरिदिने निश्चय गर्छन् । परिच्छेद चौधमा जीवनको भेट प्रतिभा नामकी एक सुन्दरी युवतीसित हुन्छ । कलकत्ताको ढकुरिया झिल घुम्न जाँदा जीवनले प्रतिभालाई नीरा सम्झेर आलिङ्गन गर्छ तर हठात् होसमा आएर नीरासितको प्रेम सम्बन्धका बारेमा सुनाउँछ । प्रतिभाले पनि झट्टै दार्जिलिङ गएर नीराजस्ती हतभागिनीसित बिहे गर्ने सल्लाह दिन्छे ।

दोस्रो खण्डका १५-१६ परिच्छेदमा जमिनदार धनु छेत्रीको आर्थिक अवस्था बिग्रँदै गएको, कान्छी स्वास्नी (कान्छी तामाङ्नी) को राजबहादुरसित लसपस भएको र धनु छेत्री रक्सीमा चुर्लुम्म डुबेर जुवातासमा लिप्त रहेको जस्ता घटनाहरूको संयोजन भएको छ । जीवनले उसकी आमाले पठाएको पत्रमा नीरासित मङ्सिरमा बिहे गरिदिने खुसीले भरिएको खबर पाउँछ । पत्र सँगसँगै नीराले पठाएको बिहेको कार्ड पनि जीवनले पाउँछ । बिहेको कार्डबाट थाहा लागे अनुसार नीराको बिहे राजबहादुरसित हुने निश्चय भएको हुन्छ । जीवनले आफैँलाई सम्हाल्न नसकी रुन थाल्दा मालगाडी र गुड सेड नम्बर ३ र मालदाबाट आउने मालगाडी आपस्तमा ठोकिन पुग्छ । त्यस दुर्घटनाको सम्पूर्ण जिम्मेवारी जीवनमाथि आइपर्छ । त्यसबेला जीवन र मोहन सहकर्मी भएर काम गरि रहेका हुन्छन् । मोहनले जीवनको पक्षमा माफी माग्दा पनि स्टेसन मास्टरले जीवनलाई अपशब्द प्रयोग गरेको सुनेर सहन नसकी मोहनले त्यस स्टेसन मास्टरलाई हिर्काउँछ अनि उसले जेल सजाय भोग्नु पर्छ । त्यसै घटनाका कारणले जीवन कलकत्ताबाट भागेर साइँतिया जहाजमा चढी मलाया जाने निर्णय उसको चारित्रिक विकासमा नयाँ मोडको जन्म हुन्छ । यसबाट चरम द्वन्द्वात्मक परिस्थितिले उपन्यासमा कौतूहललाई पनि बढाउँछ । यसरी यस उपन्यासको मध्य भागको कथानक शृङ्खलामा विराम भएको छ ।

(ग) अन्तिम भाग

चरणधूलि उपन्यासको कथानकको अन्तिम भाग तेस्रो खण्ड हो । यस खण्डलाई जम्मा तेह्र परिच्छेदमा विभाजित गरिएको छ । यस खण्डको प्रथम परिच्छेदमा जीवन कलकत्ताबाट मलाया जाँदा चढेको 'साइँतिया' जहाजको वर्णन छ । उता कालिम्पोङको छिबो बस्तीमा नीराको विवाहको तयारी हुँदै गर्दा नीरा बेहोस भएको घटनाको वर्णन पनि छ । त्यसै समय नीराका बाबु धनवीर छेत्रीले दुलहा राजबहादुरको भटभटे दुर्घटनामा मृत्यु भएको खबर सुनाउँछ । यो दुर्घटनाको खबरले नीरा आफ्नो प्रेम सफलताको आशा र विश्वास राख्दै आनन्दित हुन्छे । नीराले जीवन मलायामा सहशिक्षकको काममा लागेको र आमालाई महिनामा दुई सय रुपियाँ पठाउने गरेको खबर पाउँछे । कान्छी तामाङ्नी चाहिँ राजबहादुरको मृत्युको घटनाले बिरामी पर्छे । जमिनदार छेत्रीले आफ्नी कान्छी स्वास्नीको कुचरित्रबारे थाहा पाएर छोरी नीरालाई घरको साँचो दिन्छ । कान्छी मालिक्नी लुगाफाटा र गरगहना लिएर घरबाट भाग्छे । मलायामा रहेको जीवनले दशैंको समय आफ्नो जन्मथलो दार्जिलिङको सम्झना गर्छ । यता कालिम्पोङको मेलाटारमा सर्कसमा बाघ खेलाउने रिङ्ग मास्टर भएर मोहन आउँछ । त्यस समय मोहन जीवनकी आमालाई भेट्न दार्जिलिङ आउँछ । बृद्धावस्थामा रहेकी जीवनकी आमा (सूर्यमाया) सिकिस्त बिरामी हुन्छिन् । मोहनले उनलाई छोरा समान स्याहार सुसार गरेका घटनाको रोचक प्रस्तुति दोस्रोदेखि नवौं परिच्छेदमा रहेको छ । मलायामा क्रिसमसको दिन स्कुल मास्टर कर्णसिंह र चन्द्रेले जीवनलाई रक्सी पिउने ढिपी गर्छन् । त्यसै समयमा दार्जिलिङबाट आमा सिकिस्त बिरामी भएको टेलिग्राम जीवनले पाउँछ । जीवन दार्जिलिङ फर्कंदा बाटामा दुर्घटना हुन्छ । डाँकुहरूले उसलाई जङ्गलको बाटो हिँडाएर लान्छन् अनि रबर बगानको कुल्ली ठानी उसलाई छाडि दिन्छन् । यता उसकी आमाको स्वर्गवास भएका घटनाको विवरण दसौंदेखि बाह्रौं परिच्छेदमा भएको छ ।

तेह्रौं परिच्छेदमा मोहनले आफ्नो नोकरी छोडी साथीको आमालाई स्याहारेको र उसको मृत्युपछि अन्तिम संस्कार साथै अन्त्येष्टिसम्म गरि दिएको चित्रण छ । त्यसपछि जीवन मलायाबाट आइपुग्छ अनि आमाको मृत्युमा आफैंलाई सम्हाल्न नसकी मूर्छा परेर भुइँमा लड्छ । मोहनले सान्त्वना दिँदै अँगालो हाल्छ । यस्तैमा नीराका पिता धनु छेत्री पनि त्यहाँ आइ पुग्छन् । उनले त्यहाँ हर्कबहादुर राईको तस्वीर देख्छन् । त्यो तस्वीर देखेपछि आफू धनको लोभमा परेर सुबेदारको अन्तिम वचनको विश्वासघात गरेको घटना बताउँदै पश्चात्ताप गर्छन् । अन्तमा नीराले जीवनको चरणधूलि टिपेर आफ्नो शिरमा लगाउँछे । त्यस समय काँहिली तामाङ्नी (फुपू) ले एउटा पोको दिन्छे । त्यो पोको जीवनकी आमाले मृत्युको अन्तिम घडीमा छाडि राखेकी हुन्छिन् । त्यस पोकाको रहस्य खोल्दा थाहा हुन्छ कि जीवनको बिहा नीरासित नै गरिदिनू भन्ने उसको अन्तिम इच्छा रहेको हुन्छ । त्यस पोकाभित्र बिहाको दिन बेहुलीको हातमा दिनू भनेर छाडि राखेको छ सय रुपियाँ, मलायाबाट जीवनले पठाएको प्रथम पत्र र एउटा काश्मिरी सल हुन्छ । नौसेराबाट पठाएको चिनो त्यो सल जीवनले नीरालाई ओढाइदिन्छ । जीवन र नीराका बिचको प्रेम विवाहमा परिणत भई उपन्यासको कथानकको सुखान्त भएको छ । यस सन्दर्भमा कथानकको अन्तिम

भागले सत्य प्रेमको विजय गराई आदि भागले उठाएको र मध्य भागले सुल्झाउँदै ल्याएको शेष समस्याको छिनोफानो गरेको छ ।

प्रस्तुत उपन्यासको कथानकको स्रोत सामाजिक जीवन सन्दर्भ हो । जीवन र नीराको विवाहपूर्वको प्रेम प्रसङ्गमा आएका विभिन्न सामाजिक आर्थिक विषमताका घटनाहरूमा कथानक विस्तारित भएको हुनाले यसको मूल स्रोत समाजमा भएका निम्न तथा निम्न मध्यम वर्गीय आर्थिक अवस्थाका मानिसहरूको जीवन स्थिति र त्यसै परिवेशमा युवा-युवतीका बिचको प्रणय सम्बन्धका घटनाहरूले कथानकलाई सामाजिक पहिचान प्रदान गरेका छन् । यसरी **चरणधूलि** उपन्यासमा पूर्वदीप्ति शैलीमा भए पनि रेखीय ढाँचा आदि, मध्य, अन्त्यको शृङ्खलालाई आत्मसात् गर्दै द्वन्द्वात्मक, कुतूहलपूर्ण र प्रभावकारी सिङ्गो कथावस्तुको विन्यास कुशलतापूर्वक गरिएको छ ।

४.२.२ पात्र विधान र तिनको चरित्र

उपन्यासको तत्त्वगत सङ्गठनमा पात्र र तिनको चरित्र पनि एउटा महत्त्वपूर्ण तत्त्व हो भन्ने कुरा स्पष्ट भइ सकेको छ । उपन्यासका पात्रहरू खास गरी मानव जीवनबाटै ग्रहण गरिन्छन् । पात्र निर्माणको मूल स्रोत पनि मानव समाज र मानव जीवन नै हो । औपन्यासिक पात्रले तिनै सामाजिक जीवन र व्यक्ति जीवनका मानवीय क्रियाकलापलाई प्रस्तुत गर्दछन् । यसै कारण उपन्यास वास्तविक जीवन जगत्को प्रतिविम्ब हो र उपन्यासकारले पात्रका माध्यमबाट मानव चरित्रको सकेसम्म यथार्थ रूपको अङ्कन गर्न खोजेको हुन्छ । उपन्यास सम्बन्धी समालोचक रोबर्ट लिडिल (सन् १९६० : ९५) का अनुसार उपन्यासकारले पात्र निर्माणका लागि जीवनबाटै आवश्यक तथ्यहरू सङ्कलन गरी पाठक वर्गको ध्यानाकर्षण गर्ने प्रयास गर्छ (दाहाल, सन् २००१ : २५) । यिनै औपन्यासिक पात्रका माध्यमबाट उपन्यासकारले औपन्यासिक जीवन दर्शन अथवा उद्देश्य समेत प्राप्त गर्ने लक्ष्य राखेको हुन्छ । उपन्यासमा प्रयुक्त पात्र र तिनका चरित्रले कुनै वर्गीय विचार अथवा व्यक्तिगत विचारलाई पाठकसँग सम्प्रेषण गरिरहेका हुन्छन् । त्यस्ता पात्रहरू नैतिक अनैतिक गुणले युक्त हुन्छन् अनि तिनै पात्रहरूको चरित्रबाट मान्छेका बाह्य र आन्तरिक प्रवृत्तिहरूको पनि उद्घाटन भएको हुन्छ । सबै पात्रहरू बेग्ला बेग्लै वर्ग वा व्यक्तिका अलग अलग प्रतिनिधि बनेको हुँदा यस उपन्यासमा प्रयुक्त एउटा पात्र अर्को पात्रदेखि चरित्रगत रूपमा भिन्न देखा पर्दछ । यस अवस्थामा पात्रको चारित्रिक विशेषता के हो भन्ने प्रसङ्गमा नै पात्रको चरित्रगत वर्गीकरण गर्नु आवश्यक देखिन्छ । प्रस्तुत उपन्यासको पात्रविधान र तिनको चरित्रगत विशेषताको विश्लेषण यस अन्तर्गत गरिएको छ ।

चरणधूलि उपन्यासमा प्रमुख, सहायक र गौण गरी विभिन्न भूमिकामा ४९ जना पात्रहरूको उपस्थिति रहेको छ (हेर्नु. विस्तारित वर्गीकरण परिशिष्ट १ मा) । यसबाट प्रस्तुत उपन्यास बहुल पात्र विधानमा आधारित छ भन्ने स्पष्ट हुन्छ । यसरी बहुल पात्रको प्रयोग उपन्यासकार मोक्तानको औपन्यासिक शैलीगत वैशिष्ट्यकै रूपमा देखा पर्दछ । उक्त तालिकाको सङ्केतपछि पनि पात्र विधान र पात्रका चरित्रगत वैशिष्ट्यको विश्लेषण नगरी मोक्तानको उपन्यासकारिताको मूल्याङ्कन अपूर्ण नै रहन्छ । त्यसैले आगामी अनुच्छेदहरूमा यस उपन्यासका

मुख्य तथा सहायक पात्रहरूको औपन्यासिक भूमिका र तिनका चारित्रिक विशेषताको विश्लेषण गर्दै शोध्य समस्याको समाधान खोज्ने काम गरिएको छ ।

(क) जीवन

चरणधूलि उपन्यासको नायकीय भूमिका रहेको जीवन सुवेदार हर्कबहादुर राई र सूर्यमायाको एक्लो छोरो हो । उसको जन्म दार्जिलिङमा भएको हो । ऊ बि.ए. दोस्रो वर्षमा अध्ययनरत विद्यार्थी हो । त्यस बेलाको सामाजिक स्तरलाई हेर्दा ऊ एक शिक्षित पात्रका रूपमा देखिन्छ ।

कृतिगत कार्य वा भूमिकाका आधारमा जीवनको उपस्थिति अन्य पात्रका तुलनामा अधिक देखा पर्छ र उपन्यासको सुरुदेखि अन्त्यसम्म नै उसको भूमिका कथानकको विकाससँगै जोडिएर आएको छ । कृतिमा उसको भूमिका बढी महत्त्वपूर्ण र निर्णायक छ । उसकै कार्य शृङ्खलासँग अन्य पात्रहरूको कृतिगत कार्य जोडिन आएको हुनाले यस उपन्यासमा जीवन नै केन्द्रीय पात्रका रूपमा देखा परेको छ । उसकै चरित्रगत केन्द्रीयतामा उपन्यासको निर्माण गरिएका हुनाले जीवनका चरित्रबाट यस उपन्यासको नायकत्वको भूमिका निर्वाह भएको पाइन्छ ।

लिङ्गका आधारमा जीवन पुरुष पात्र हो । यस उपन्यासमा उसले नीरासित प्रणय बन्धन गाँसेको छ । यसबाट पनि उसको पुरुष चरित्र झल्किन्छ । उसको बाह्य व्यक्तित्व र आकर्षणलाई उपन्यासका गौण पात्र प्रोफेसर चक्रवर्तीका माध्यमबाट उपन्यासकारले यसरी प्रस्तुत गरेका छन् :

> 'आऊ, जीवन आऊ । तिमी त आजकल यता पटक्क आउँदैनौ । तिम्रो यसपालाको दर्शनशास्त्रको पत्र खुबै राम्रो भएछ । आज बिहान मात्र कागज हेर्ने अवकाश मिल्यो, तिम्रै कुरा सोच्दै थिएँ ।' जीवन कोठाभित्र पस्यो औ दुई तरुणी ठिटीहरू देखी अप्ठ्यारो मानेर उभिरह्यो । प्राध्यापकले जीवनलाई एउटा चौकी बस्न दिएर खुशी हुँदै भने- 'तिमीले यी दुई केटीहरूलाई अवश्य चिन्नुपर्छ, हाम्रै कलेजमा आइ.ए. पढ्छन् । दुवै कालिम्पोङबाट आएका हुन् ।' जीवन चुप लागेर बसिरह्यो । सिनोराले कुरा झिकिहाली- 'हो, सर अस्ति हाम्रो कलेजको 'शेक्सपियर दिवस' मा यहाँले एउटा सुन्दर अङ्ग्रेजी कविता आवृत्ति पाठ गर्नु भएको हो ! होइन न नीरा ?' नीराले लाजले मुन्टो मात्र हल्लाउँदै 'हो' भनी । प्राध्यापकले चर्को स्वरमा भने- 'हो, जीवन हाम्रो कलेजको रत्न हो, गौरव हो । हामीलाई कलेजको नाम ठाडो पार्ने विद्यार्थी जीवनले यस पालि बी.ए. परीक्षामा निश्चय नै कलेज मात्र होइन सारा दार्जिलिङको इज्जत राख्नेछ' (पृ.१६) ।

जीवन कलेजको होनहार विद्यार्थी हो भन्ने कुरा प्रोफेसर चक्रवर्तीको भनाइले स्पष्ट गर्छ । यसका साथै ऊ आधुनिक वैज्ञानिक चेतना सम्पन्न युवक पनि हो । उसलाई समाज र ईश्वर कसैको डर छैन । उसले धामी झाँक्री, ग्रहचक्र आदि कुनैमा पनि विश्वास गर्दैन । यौवन, सौन्दर्य र अशेष गुणहरू भएको हुनाले उसलाई सबैले मन पराउँछन् । कालिम्पोङको छिबो बस्तीबाट आइ.ए. पढ्न आएकी सुन्दरी, सुशीला, अल्पभाषी नीरासित उसको पवित्र प्रेम सम्बन्ध बाँधिएको हुन्छ । यसबाट जीवन शिक्षित तथा प्रेमानुरागी पुरुष पात्र हो भन्ने कुरा स्पष्ट रहेको छ । सुन्दर, अग्लो, असल स्वभाव भएको गहुँगोरो वर्णको जीवनलाई प्राध्यापकहरू प्यारो गर्छन् । ऊ

विश्वासिलो र अन्याय, अत्याचार एवं व्यभिचारबाट नदब्ने प्रवृत्तिको छ । गरिब दु:खीको पुकार सुन्दा उसले भोक, प्यास, निद्रा, आराम त्याग्ने गर्छ । यसरी ऊ आदर्शवादी पनि देखा पर्छ ।

जीवन **चरणधूलि** उपन्यासको केन्द्रीय चरित्र हो किनभने उपन्यासका सम्पूर्ण कार्य व्यापार एवं घटनाहरू उसकै वरिपरि घटेका छन् । उपन्यासको शीर्षकको सार्थकता पनि जीवनकै चरणको धूलिबाट भएको छ । ऊ यस उपन्यासको नायक पनि हो । उपन्यासमा विशेष गरी निम्न मध्यम वर्गीय पात्रका रूपमा उसको उपस्थिति रहेको छ । गरिब परिवारमा हुर्केको पात्र जीवनको आर्थिक अवस्था कमजोर भए तापनि ऊ सामाजिक अन्याय र अत्याचारको विरोध गर्छ । उपन्यासमा मातृभक्त छोराका रूपमा समेत उसको चरित्र गरिमामय बनेको छ ।

जीवनको चरित्र प्रतिनिधिमूलक पनि छ । तत्कालीन अवस्थामा महाजनहरूको अन्याय र अत्याचारका विरोधमा लाग्ने नेपाली जनताका प्रतिनिधि पात्रका रूपमा उसको उपस्थिति भएको देखिन्छ । उपन्यासको प्रथम परिच्छेददेखि अन्तसम्म उपस्थित भएर आफ्नो कार्यव्यापार गरेका हुनाले जीवन यस उपन्यासको मञ्चीय पात्र हो । उसको समग्र चरित्र वर्गीय प्रकृतिको छ । ऊ निम्न मध्यम वर्गको प्रतिनिधि चरित्र हो । ऊ यस उपन्यासको अनुकूल पात्र हो किनभने उसले सधैँ सत्मार्गको अनुसरण गरेको छ । उसको सत्कार्य र व्यवहारका कारण उपन्यासका पाठकमा उसप्रति घृणा नभएर सहानुभूति जागृत हुन्छ । उसलाई झिकिदिँदा उपन्यासको मूल केन्द्र नै भत्किने हुँदा आबद्धताका दृष्टिले ऊ बद्ध पात्र हो । सम्पूर्ण उपन्यासको घटनाक्रम उसकै वृत्तमा घुमेको हुँदा कार्यका आधारमा ऊ प्रमुख पात्र हो ।

चरित्रगत प्रवृत्तिका दृष्टिले उपन्यासको सुरुदेखि अन्तसम्म नै जीवन अनुकूल पात्र हो । घरको आर्थिक अवस्था कमजोर भएका हुनाले ऊ कलेजको अध्ययन पूरा नगरी नोकरीका निम्ति दार्जिलिङदेखि कलकत्ता महानगरीमा जान बाध्य भएको छ । कलकत्तामा नोकरी गर्दै गर्दा भेटिएको साथी मदन सेनले उसलाई आफ्नो घर लान्छ अनि घरमा बहिनी प्रतिभासित परिचय गराउँछ । प्रतिभा तेस्रो वर्षमा डाक्टरी पढ्दै हुन्छे । साँझमा मदन, प्रतिभा र जीवन ढकुरिया झिल घुम्न जान्छन् । बाटामै मदन आफ्ना कम्पनीका बडा साहेबको जन्मदिनको प्रीतिभोजमा जाँदा जीवन र प्रतिभा मात्र हुन्छन् । प्रकृतिको सुन्दरता त्यसमा पनि पूर्णिमाको रात भएको हुनाले औधी मनोहर, हृदयाकर्षक, उल्लासपूर्ण गीतले सारा झीलमा तरङ्ग उत्पन्न गराउँछ । जीवनलाई उसको छेउमा नीरा बसि रहेको जस्तो लाग्छ र उसले अचानक प्रतिभाको हात समाउँछ । कलकत्तामा नोकरी गर्दा कतिपय प्रतिकूल परिस्थिति झेल्नु परेका हुनाले जीवन मलायातर्फ लागेको हुन्छ । मदमदिरा खाएर पार्टीमा मोजमस्ती गर्ने वातावरणबाट आफूलाई प्रतिभासँगको भेटमा भने प्रतिकूलता देखा पर्न खोजे तापनि झट्टै आफूलाई सम्हालेर राख्न सक्ने आत्मबल भएको चरित्रगत प्रवृत्ति अनुसार जीवन अनुकूल पात्र हो । त्यसैले ऊ स्वच्छन्द प्रकारको, साथीहरूसँग मिलजुल गर्न चाहने, नयाँ साथीसँग रमाउने प्रकारको पात्र हो । हरेक प्रकारका कठिनाइलाई उसले सहन सक्छ र त्यस्ता समस्यालाई झेल्न सक्ने साहस र आत्मबल उसमा देखिन्छ । यस कृतिमा नायक जीवन वर्गीय पात्र भएको हुनाले उसमा वर्गीय भावनाको प्रबलता रहेको छ । जीवनकै माध्यमबाट उपन्यासकारले निम्नमध्यम वर्गको सुखदु:ख, समस्या, अभाव आदिको वर्णण गरेका छन् ।

जीवनको बाबु हर्कबहादुर राईको देहावसानपछि उसकी आमाले सानो कोइला पसल थापेकी हुन्छे । जीवनयापन गर्ने निम्न वर्गका परिवारमा हुर्केको जीवन होनहार विद्यार्थी मात्र नभएर कर्मयोगी र समाजसेवी वर्गीय पात्रका रूपमा देखिएको छ । यस उपन्यासमा जीवनलाई सदैव पारिवारिक र सामाजिक जिम्मेवारी बहन गर्ने पात्रका रूपमा प्रस्तुत गरिएको छ ।

जीवन मञ्चीय पात्रको भूमिका निर्वाह गर्दै उपन्यासको कार्यसँग सोझै बाँधिएको छ । मूल औपन्यासिक कथानक वा कार्य व्यापारसँग बद्ध भएका हुनाले ऊ यस उपन्यासको आबद्ध पात्र हो र औपन्यासिक कथानकको बुनोटमा उसको चारित्रिक निर्माण स्वाभाविक एवं विश्वसनीय समेत रहेको छ ।

(ख) नीरा

कृतिगत कार्य वा भूमिकाका आधारमा जीवनपछि दोस्रो स्थानमा नीराको नाम आउँछ । उपन्यासको सुरुदेखि अन्त्यसम्म नै उसको भूमिका कथानकको विकाससँगै प्रत्यक्ष रूपले जीवनसँग जोडिएर आएको छ । यसर्थ नीरालाई पनि यस उपन्यासको मूल पात्र अन्तर्गत राख्न सकिन्छ ।

नीरा नामैले पनि स्त्री पात्र हो भन्ने कुरा प्रष्ट हुन्छ । यस उपन्यासमा पुरुष र स्त्रीमा हुने प्रेम सम्बन्ध जीवन र नीराका बिचमा घटित भएको छ । नीरा उपन्यासको प्रमुख नारी पात्र वा नायिका हो । ऊ कालिम्पोङ छिबो बस्ती निवासी धनवीर छेत्रीकी एक्ली पुत्री हो । अल्पभाषी, सुन्दरी, गम्भीर, लजालु नीरा कालिम्पोङबाट अध्ययनका लागि सन्त जोसेफ कलेजमा आइ.ए.को विद्यार्थी बनेर दार्जिलिङ आएकी छे । अध्ययनकै सिलसिलामा नीरा सिनोरास्थित प्रोफेसर चक्रवर्तीको घरमा उसकी सहेलीसँग जान्छे । त्यसै समयमा जीवनसित नीराको प्रथम भेट र परिचय हुन्छ । यही प्रथम भेटमा नै यी एकअर्काप्रति आकर्षित हुन्छन् । दार्जिलिङ सहरको नजिक सुन्दर, निर्जन, एकान्तमा जीवनले नीरासँग आफूमाथि आइ लागेका सबै प्रतिकूल परिस्थितिहरूका बारेमा खुलस्त रूपले बताउँछ । उसको प्रत्येक कुराले नीराको हृदयमा पनि चोट लाग्छ अनि अनायासै नीराका दुवै आँखाबाट आँसु छचल्किन्छ । उनीहरूका बिचमा प्रेम बस्छ । यसरी नीरा र जीवन आपसमा पवित्र प्रेम सम्बन्धमा बाँधिन्छन् ।

हृदयदेखि नै जीवनलाई साँचो माया गरेकी नीराको जीवनमा आफ्नी आमाको अचानकको मृत्युले ठुलो वज्रपात हुन्छ । आमाको मृत्युपछि उसले कलेजको अध्ययन छोडेर घरको कामधन्दा सम्हाल्नु पर्छ । आमाको मृतयुपछि यसका पिता (धनवीर छेत्री) मदिरापान गर्न थाल्छन् । यति मात्र नभएर उनले श्रीमती मरेको केही महिनाभित्र नै कान्छी श्रीमती भित्र्याउँछन् । त्यसपछि नीरालाई कान्छी आमाले विभिन्न लाञ्छना लगाउँदै सताउन थाल्छिन् तर पनि नीरा आफ्नो कर्तव्य पालन गरि नै रहन्छे ।

नीराको प्रेमी जीवन आर्थिक अवस्था कमजोर भएको कारणले कलेजको अध्ययन स्थगित गरेर कलकत्ता जान्छ । कलकत्ताबाट पनि नोकरीका लागि मलाया जान्छ । जीवन नभएका परिस्थितिमा नीरालाई उसका पिताले राजबहादुरसित बिहे गरिदिने निश्चय गर्दछन् । नीरा विह्वल

भएर जीवनलाई सम्झँदै ईश्वरको प्रार्थना गर्छे । यसरी नीराले आत्मिक प्रेमलाई नै महान् मान्नु उसको आदर्श चरित्रको परिचय हो र सच्चरित्रता पनि हो ।

जीवनकी आमा सूर्यमाया सिकिस्त भएका बेला नीरा पनि दार्जिलिङ आउँछे । त्यहाँ मोहन र नीराले जीवनकी आमाको स्याहार सुसार गर्छन् अनि जीवनलाई तार (आकाशवाणी) पठाउँछन् । जीवन मलायाबाट आउँछ । नीरा र जीवनको मिलन हुन्छ । नीराले पश्चिम दिशाका हिमशैललाई साक्षी राख्दै जीवनको चरणको धूलो टिपेर आफ्नो सिउँदोमा लगाउँछे । उसले गरेको प्रतिज्ञा पूरा हुन्छ । आखिरमा यी दुई प्रेमी प्रेमिका वैवाहिक बन्धनमा बाँधिन्छन् ।

उपर्युक्त सन्दर्भले नीरा एक आदर्श चरित्र भएकी नारी पात्र हो भन्ने पुष्टि गर्छन् । उसका चरित्रमा तत्कालीन दार्जिलिङको मध्यम वर्गीय परिवारका आदर्श छोरी, बुहारी, पत्नी वा नारीमा भेटिने खालका असल गुणहरू पाइन्छन् । त्यसैले उसको चरित्रले सुशील, लजालु, आदर्श प्रेमिका र ईश्वरमा आस्था राख्ने आदर्श नारीका वर्गगत चरित्रको प्रतिनिधित्व गरेको देखिन्छ । प्रेमलाई नै महान् मान्ने स्वच्छन्दतावादी आदर्शवादी जीवनदृष्टिको अभिव्यञ्जना पनि नीराका आदर्श चरित्रले गरेको छ । ऊ परम्परागत सांस्कृतिक धारणा राख्ने पात्र पनि हो । जीवनको चरणधूलि सिउँदोमा हाल्ने कार्यबाट नीरा निकै पुरानो सामन्तवादी पारम्परिक संस्कारबाट प्रभावित भएको सङ्केत मिल्छ । नीराको यस चारित्रिक वैशिष्टचले उपन्यासलाई यथार्थबाट आदर्शतिर डोरचाउन सहयोग गरेको छ । नीरामा भौतिक वैभवतर्फ आकृष्ट नभई मानसिक सन्तुष्टिमा बढी आनन्द देख्ने दृष्टिकोण पाइन्छ । त्यसैले नीरा एक स्थिर पात्र हो । यसो भए पनि नीराले यस उपन्यासमा सत्यावादी र आदर्शवादी नारीको भूमिका निर्वाह गरेकी छे । उसमा सामन्तवादी परम्परागत संस्कार विद्यमान रहे पनि आत्मिक प्रेमप्रति निष्ठा र सेवाभाव जस्ता आदर्श चारित्रिक वैशिष्ट्य छन् र उसका यसै चरित्रले यस उपन्यासको नाम 'चरणधूलि' लाई सार्थक पनि तुल्याएको छ ।

प्रस्तुत उपन्यासमा नीराको आत्मिक प्रेमलाई महान् मान्ने उसका आदर्श चरित्रले नै स्वच्छन्दतावादी जीवनदृष्टिको अभिव्यञ्जना गरेको छ । समग्रमा हेर्दा स्थिरता, प्रतिनिधिमूलकता, सच्चरित्रता र आदर्श नै नीराका उल्लेखनीय चारित्रिक विशेषता देखिन्छन् ।

(ग) सूर्यमाया

चरणधूलि उपन्यासमा नायक नायिकापछि सबैभन्दा लामो समयसम्म देखा पर्ने पात्रहरू मध्ये एक सूर्यमाया हुन् र उनको चरित्राङ्कन यस उपन्यासको कथावस्तु विकासका आदि, मध्य र अन्त्य गरी तिनै भागमा भएको छ । उनी यस उपन्यासकी सहायक पात्रा हुन् । उनी उपन्यासमा एकल (विधवा) नारी पात्रका रूपमा देखा परेकी छिन् । उनी प्रस्तुत उपन्यासका नायक जीवनकी आमा एवं सुबेदार स्वर्गीय हर्कबहादुर राईकी धर्मपत्नी हुन् । उनका चरित्रमा पनि प्रतिनिधिमूलकता पाइन्छ । उनले नेपाली समाजका वात्सल्यमयी आमाको प्रतिनिधित्व गरेकी छिन् । आफू विधवा भएर पनि आफ्नो छोरालाई विद्यालय तहको शिक्षा पूरा गराई उच्च शिक्षा लिन र दिन पनि प्रेरणा र सहयोग गरेकी छिन् । यस सम्बन्धमा उपन्यासकार लेख्छन् :

राँडी आमाले खोले-फाँडो खुवाएर भए तापनि छोरो जीवनको लालनपालन गरिन् । अलि अलि भएको सुनचाँदी बेची सुर्यमायाले घरको नजिकै कोइला पसल खोलिन् । त्यसैद्वारा आमाछोराको गुजारा हुन्थ्यो । जीवन स्कुल पढ्न थाल्यो । मावली, सन्तान, सबै थिए तर उही त हो । आफ्नो भन्नु पैसै छउञ्जेलसम्म मात्रै । ती दुईको जिन्दगी केवल आमाछोराको थियो, त्यहाँ न कसैको धम्की थियो न कपट, न कसैको ईर्ष्या थियो न जलन । (पृ.१०)

सूर्यमायाका पतिले दोस्रो महायुद्धपछि जर्मनको धावामा जाँदा सुबेदारी पद पाएका थिए । धेरै नपढेका भए पनि इमान्दार नुनको सोझो औ अङ्ग्रेज सरकारको प्यारो हुनाले तिनले निकै धन कमाएका थिए । तिन वर्षपछि पहिलो पटक घर आउँदा तिनले दुई हजार रूपियाँ नगद लिएर आएका थिए । त्यस बेला जीवनको उमेर सात वर्षको थियो । त्यसपछि तिन महीनाको छुट्टी बिताएर एउटा सानो घर बजारको छेउमा किनिराखेरि तिनी फेरि हिँडेका थिए आफ्नो पल्टनमा । त्यसबेला दोस्रो विश्वयुद्धको आगो सल्केर अङ्ग्रेज सरकारलाई आछुआछु परेको थियो । त्यसपछि युद्ध थामिएको सात वर्षपछि एउटा पत्र आएको थियो, जसमा लेखिएको थियो -“सुबेदार हर्कबहादुर ...आबोटाबादबाट ... पल्टनबाट विदा भएँ तर मासीले सिकिस्त छु ... जम्मा (१२,०००), रूपैयाँ नगद र आफ्ना लुगाफाटा हविल्दार धनवीर कार्कीको हातमा पठाउँदैछु ... मेरो जीवनको कोही आशा छैन, रगत मासीले अन्तिम अवस्थामा पुऱ्याएको छ ... ।” पत्र प्राप्तिपछि पनि धेरै वषृ बिते तर उनी आएनन् । धूम डिपोमा खोजी गर्दा सुबेदार हर्कबहादुरको टयुनिशियाबाट आबोटाबादमा डिस्चार्ज भई रूपैया चुक्ता भएको अनि हविल्दार धनवीर कार्की फौजबाट छुट्टी पाई इलामतिर लाग्यो भन्ने मात्र पत्तो लागेको थियो । (पृ.१०)

बिहान र बेलुकी हातमुख जोर्न धौ धौ पर्दा सूर्यमायाले आफ्नोमा भएको गहना बन्धक राखी छोराको कलेजको शुल्क भर्थिन् । ‘सल्लाह न विचार, तँ कलेज-सजेल छोड्छु पो भन्छन् । सुन, तेरा पिताले मलाई बिहे गरेर ल्याउँदा साढे दुई तोलाको नौगेडी दिएका थिए । त्यो मैले राखेकी छु तेरा पिताको चिह्नस्वरूप । आज बेलुकी पर रतनदास महजन कहाँ लगी एकसय रूपैयामा बन्धक राख्नुपर्छ, फेरि कोइलाको कारबार सुध्रेपछि उकासौंला, सबै दिन एक समान त कहाँ हुन्थ्यो र” ? (पृ.२८)

प्रस्तुत उपन्यासमा सकारात्मक विचार भएकी एवं सहनशीला र उद्यमी आमाका रूपमा सूर्यमाया देखा पर्छिन् । नेपाली समाजमा नारीले आमा र बाबु दुवैको जिम्मेवारी एक्लै निर्वाह गर्नु पर्ने परिस्थितिको झलक पनि सूर्यमायाको चरित्रबाट देख्न सकिन्छ । त्यसैले उनले कर्तव्यनिष्ठ नेपाली आमाहरूको प्रतिनिधित्व गरेकी छन् ।

आर्थिक सङ्कट वा गरिबी साथै कोइला पसलको व्यापार राम्रो नभएका कारण सूर्यमायाले पसलको भाडा तिर्न सक्दिनन् । यस्तो आर्थिक सङ्कट परेको समयमा दार्जिलिङ नगरपालिकाबाट पैसा तिर्नका लागि नोटिस आउँछ तथा तिर्न नसकेमा पसलबाट निकालिने चेतावनी पनि आउँछ । समाजमा एकल महिलाले उद्यम गरेर आफ्ना सन्ततिको पेटपालो गर्ने प्रयास गर्दा विविध प्रकारका समस्याले उनीहरूलाई सताएका हुन्छन् भन्ने कुराको झल्को यसबाट पाइन्छ । सूर्यमायाका

परिस्थितिगत बाध्यताले नेपाली समाजका एकल मातृत्वका विकट समस्याहरूको चित्रण प्रभावकारी ढङ्गले गरेको छ । देशको रक्षामा अथवा देशको सेवामा पतिको मृत्यु भएपछि उनीहरूका परिवारले पाएका कष्टहरूको प्रतिनिधिमूलकता पनि उनको चरित्रमा पाइन्छ । गरिब भएर पनि सामाजिक सेवा गर्ने, अन्यायको विरोध गर्ने, गरिब-दु:खीलाई दया गर्ने सांस्कारिक सन्तान बनाउने साथै उचित शिक्षा दीक्षा दिने नेपाली आमाका वैचारिक चरित्रको प्रतिनिधित्व गर्नु नै यिनका चरित्रको खास विशेषता हो । यिनका चरित्रले ईश्वरप्रति आस्था राख्ने भक्तिमार्गी नेपाली नारीका चरित्रको पनि प्रतिनिधित्व गरेको छ । यसरी उनी यस उपन्यासमा आबद्ध एवं सत पात्रका रूपमा देखा पर्छिन् ।

सूर्यमायाको आर्थिक सङ्कट वा गरिबीको कारणले उनको छोरा जीवन कलेजको अध्ययन छोडी नोकरीका निम्ति कलकत्तातिर लाग्छ । त्यहाँबाट पनि कतिपय परिस्थितिले गर्दा भागेर मलाया पुग्छ । यता दार्जिलिङमा सूर्यमाया डाँडाको घाम भएर दिनहुँ शिथिल हुँदै जान्छिन् । जीवनको घनिष्ट मित्र मोहन आएर उनको स्याहारसुसार गर्न थाल्छ अनि जीवनलाई तार (आकाशवाणी) पठाउँछ । उता जीवनले आमाको बिरामीको खबर पाउँदा नपाउँदै यता आमा (सूर्यमाया) संसारबाट विदा लिन्छिन् । सूर्यमाया जस्ता निम्न वर्गीय पात्रको जीवनका यस्ता वेदनापूर्ण घटनाले यस उपन्यासलाई मर्मस्पर्शी बनाएका छन् ।

औपन्यासिक पात्रको चारित्रिक विशेषता अनुसार सूर्यमायाले अनुकूल पात्रको भूमिका निर्वाह गरेकी छन् । अतः कृतिमा कार्य वा भूमिकाका आधारमा सूर्यमायाको उपस्थिति प्रत्यक्ष रूपले सामान्य भए पनि अप्रत्यक्ष रूपमा उनको उपस्थिति र भूमिका अत्यन्त महत्त्वपूर्ण मान्न सकिन्छ । खासगरी श्रमशील एवं सन्तानप्रति चिन्ताशील कर्मठ नेपाली आमा/महिलाहरूको जीवन्त प्रतिनिधित्व सूर्यमायाबाट गराइएको छ । उनलाई प्रतिकूल परिस्थितिको कोपभाजनमा परी दु:खान्त भोग्ने पात्रका रूपमा प्रस्तुत गरिएको छ तापनि उनका चरित्रले उपन्यासमा तीव्र करुणा र संवेदनाको सृष्टि गरेको छ ।

(घ) धनवीर छेत्री (धनु छेत्री)

धनवीर छेत्री प्रस्तुत उपन्यासकी नायिका नीराका पिता हुन् । उनी दोस्रो विश्वयुद्धको समयमा जर्मनीको धावामा सिपाही भएर गएका थिए । जीवनका पिता हर्कबहादुर राईले सुबेदारी पाएका थिए अनि छेत्रीले चाहिँ हवल्दार पद पाएका थिए । पल्टनबाट बिदा भएर उनीहरू दुवै टचुनिसियाबाट आबोटावादमा आइपुग्दा रगतमासीको बिरामीले बाटामा सुबेदारको मृत्यु हुन्छ । सुवेदारले धनवीर छेत्री (धनवीर कार्की) का हातमा १२०००।- रूपैया अनि लुगाफाटा सूर्यमाया र जीवनलाई पुऱ्याइदिने वचन दिएका थिए तर उनले त्यो वचन पूरा गरेनन् । पल्टनबाट फर्केर आएपछि उनले कालिम्पोङको छिबो बस्तीमा तिन एकड जमीन र एउटा सानो घर सात हजार रूपैयामा किनेर बसे । उनको एक्लो सन्तानका रूपमा तिन वर्षकी छोरी नीरा साथैमा थिई । घरमा चार नोकर, दुई गोठाला र एक किरानी (कारिन्दा) सम्म राखेर बसे । अरूको सलामी, कोसेली शिर उठाउनीले उनको घर भरिएको थियो । उनलाई सुख थियो । उनले खेतीपातीको भरमा मात्र बस्ने बस्तीवालालाई आर्थिक कष्ट पर्दा ब्याजमा रूपैया दिने गर्थे । केही वर्षभित्रमा नै

उनले यथेष्ट धनोपार्जन गरे । दुई तल्ले घर ठडाएर मधेशमा जोत पनि किनेका थिए । पहिला आउँदा बस्तीको भेउ राम्रो नजान्ने धनु छेत्री सबैको जमिनदार भए । कसैलाई बिहेमा, कसैलाई दशैँमा, कसैलाई श्रीमतीको मृत्युमा, कसैलाई अदालतको मुद्दा मामलामा रूपैया सापटी दिई उनी नामी, प्रतापी र प्रभावशाली समेत बन्न पुगे ।

कालिम्पोङ छिबो बस्तीमा जमिनदार बन्न पुगेका धनवीर कार्कीले छोरी नीरालाई दार्जिलिङ सन्त जोसेफ कलेज पढ्न पठाउँछन् तर अध्ययन अधुरो राखी सरदार चन्द्रवीर छेत्रीको छोरो राजबहादुरसित उसको बिहे गरिदिने निश्चय गर्दा नीरा र उसकी आमाले यस निर्णयको विरोध गर्छन् । यसको केही दिनपछि उनकी श्रीमती अर्थात् नीराकी आमाको मृत्यु हुन्छ । त्यसपछि भने उनले रक्सी पिउन थाल्छन् साथै तासजुवा खेलेर धनसम्पत्ति नष्ट गर्न थाल्छन् । यस्तैमा उनले कान्छी तामाङनीलाई बिहे गरेर घरमा भित्र्याउँछन् तर केही महिनापछि कान्छी स्वास्नीले गरगहना रूपैया पैसा लिएर भाग्छे । उता छोरी नीराको बिहेको अघिल्लो रात नै दुलहा राजबहादुरको दुर्घटनामा मृत्यु हुन्छ । यति बेला नीरा दार्जिलिङमा जीवनकी आमालाई हेरचाह गर्न गएकी हुन्छे । त्यसैको सिलसिलामा छेत्री पनि जीवनको घरमा आउँछन् । यहाँ उलेले सूर्यमायाको पलङ्गमाथि झुन्डिरहेको सुबेदार हर्कबहादुर राईको तस्वीर देखेर आफूले पैसाको लोभमा परेर सुबेदारले उनको घरमा सूर्यमायालाई पठाएको १२,०००।- रूपैया नदिई विश्वासघात गरेको कुरा बताउँछन् । यस्तैमा उनले सुबेदारसित आफ्नी छोरी नीरा र सुबेदारको छोरो जीवनको बिहे गरिदिने वाचा गरेको कुरो पनि बताउँछन् । यसरी उनले आफूले गरेको विश्वासघातको घटना सबैको समक्ष खुला गर्छन् ।

पल्टनबाट छिबो बस्तीमा आएपछि धनु छेत्री अझ जमिनदार धनु छेत्रीका नामले चिनिएका धनवीर धनसम्पत्तिका औधी लोभी थिए भन्ने कुरा उपर्युक्त सन्दर्भले पनि स्पष्ट पार्छ । यसो भए पनि नीराका घरमा पुगेपछि अन्त्यमा उनले धनको लोभमा अन्धो भई पल्टनिया साथीलाई धोका दिएको स्वीकार गरी प्रायश्चित्त गरेको देखाइएको छ । गाउँलेहरूको निर्धोपना र विवशताको फाइदा उठाएर धनी भएका कथित भलाद्मीहरूको प्रतिनिधित्व धनवीर छेत्रीबाट भएको छ । धनवीर छेत्रीका यी चरित्रहरूले उनी प्रस्तुत उपन्यासको प्रतिकूल प्रवृत्तिको चरित्र भएको अनि गतिहीन र मञ्चीय पात्रका रूपमा देखा पर्छन् । उनी औपन्यासिक कथानकसँग भने बद्ध पात्रका रूपमा रहेका छन् ।

(ङ) मोहन

मोहन प्रस्तुत उपन्यासको नायक जीवनको अभिन्न मित्र हो । उसको गठिलो शरीर, उचाइ, शारीरिक शक्ति, साना-साना आँखा र कालो अनुहारले गर्दा कलेजका सबै साथीहरू उसलाई 'मिस्टर दार्जिलिङ' भनेर सम्बोधन गर्छन् । मोहन र जीवन कलेजका सहपाठी हुन् तर मोहनले चाहिँ कलेजको अध्ययन अधुरै छाडेर नोकरी खोज्न कलकत्ता महानगरी पुगेको छ । पछि जीवन पनि नोकरी खोज्न कलकत्ता पुगेका बेला त्यहाँ जीवन र उसको कार्यालय प्रमुखमाझ झमेला हुँदा मोहनले त्यस बङ्गाली प्रमुखलाई हिर्काउँछ । यसै घटनाको कारणले गर्दा मोहनले जेलको सजाय भोग्नु पर्छ । केही समयपछि त्यहाँबाट छुटेर मोहन सर्कस मास्टर हुन्छ । सर्कस

मास्टर बनेर कालिम्पोङमा जाँदा जीवनकी आमा सूर्यमायालाई भेट्न दार्जिलिङ आउँछ । सूर्यमाया सिकिस्त बिरामी भएकी देखेर मोहन आफ्नो चाकरी छोडी उनलाई स्याहार सुसार गर्न थाल्छ । उसले साथीकी आमालाई आफ्नै आमा समान सम्झन्छ । केही दिनपछि सूर्यमायाको मृत्यु हुन्छ । त्यस समयमा जीवन आइ नपुग्दा उसले छोरा समान भएर सूर्यमायाको अन्तिम संस्कार पनि गरिदिन्छ । यसरी चरित्रगत आधारमा मोहनले नेपाली समाजको उदारता, दया, प्रेम, सहानुभूति, त्याग र मानवताका गुणहरूको संवहन र प्रतिनिधित्व गरेको छ । सहायक भूमिकामा भए पनि ऊ सत्पात्रका रूपमा देखा पर्छ भने कथानक विकासमा प्रस्तुत उपन्यासमा आबद्ध रहेर उसले वर्गीय पात्रको भूमिका निर्वाह गरेको छ ।

(च) राजबहादुर

सरदार चन्द्रवीर छेत्री कालिम्पोङका नामी सरदार हुन् । बाटोघाटो बनाउन, मर्मत गर्न, जङ्गल र चिया कमानसम्म तिनको ठेका छ । सरकारको पत्यारिलो हुनुका साथै इन्जिनियर, ओभरसियर, रेन्जरहरूलाई मखन, सुन्तला, कुखुरा, रूपियाँ पैसाद्वारा तिनको किनि सकेका थिए । पहिलो विश्वयुद्धको अन्त्य उनले निकै कमाएका छन् । उनीसँग दुई ओटा मोटरगाडी, एउटा निजी घर र मधेसमा जोत छ । राजबहादुर उनकै जेठो छोरा हो । उसले आइ.ए. सम्म पढेको छ । ऊ रिसाहा, कपटी र स्वार्थी स्वभावको छ । सानो छँदा उसका पिताले उसलाई दार्जिलिङको सेन्ट पल स्कुलमा भर्ना गराइ दिन्छन् तर त्यहाँबाट दुई वर्षमै निस्किएर कालिम्पोङ टाउन हाई स्कुलमा भर्ना हुन्छ । बाउले उसलाई अङ्ग्रेजी, गणित र हिन्दीका निम्ति विभिन्न 'प्राइभेट ट्युटर' को बन्दोबस्त मिलाइ दिन्छन् तर ऊ भने राति राति सत्यनारायण कथा, सरस्वती पूजा, शिवरात्री, बिहे, किरिया इत्यादि जाने तथा तरुणी केटीहरूलाई जिस्काउने, रुमाल हल्लाउने, अर्काकी छोरीचेलीलाई जबर्जस्ती हात समाएर नाउँ सोध्ने र जसलाई पायो त्यसलाई निहुँ खोजेर कुट्ने गर्छ । बाबुको धनको घमण्डले गर्दा ऊ उद्दण्ड भएको छ । मुस्किलले उसले म्याट्रिक पास गर्छ । एक दिन पेदोङ डाकबङ्गला घुम्न आउँदा डाकबङ्गलामनि बस्ने एकजना गरिब मगर खेतालाकी छोरी सन्तमायालाई यौन शोषण गर्छ । सरदारले समाजमा आफ्नो खानदानको इज्जत बचाउनलाई चतुरतापूर्वक पाँच सय रूपैया नगद दिएर त्यो मगरलाई पन्छाउँछन् । मगरले पनि एउटा खत्री गोठालालाई तिन सय रूपैयाँ र छोरीलाई दुई सय रूपैयाँको गहना दिएर बिहे गरिदिन्छ । राजबहादुर कलकत्ता पढ्दा उसको होस्टेलमा बास हुँदैन । दिनरात अङ्गलो इन्डियन ठिटीहरूसँग नाचगान, ह्विस्की-ब्राण्डी, सिनेमा, रेस तथा अन्य स्थानहरूमा मात्र हुन्छ । आखिरमा उसको बाबुले रूपैयाँ पठाउन बन्द गर्दा ऊ फर्केर घर आउन बाध्य हुन्छ । बाबुले सरदारीको तालिम दिन थालेका थिए परन्तु उसले चाहिँ आफ्नो बदमासी र स्वार्थले सरदारको इष्टमित्र, सरकार, हाकिम, कुल्ली सबैसित सम्बन्ध बिगार्न थाल्छ । यस्तो कुचरित्र भएको राजबहादुरलाई उसको बाबुले नीरासित बिहे गरिदिने निश्चय गरेका हुन्छन् तर बिहेको अघिल्लो रात भटभटे दुर्घटनामा राजबहादुरको मृत्यु हुन्छ ।

प्रस्तुत उपन्यासमा राजबहादुर प्रतिकूल पात्रका रूपमा देखिएको छ । उसको चरित्रले समाजमा भएका बदमास, धनले मात्तिएका चरित्रको प्रतिधित्व गरेको छ । मनोविज्ञानका दृष्टिले ऊ यौन पिपासामूलक कामवृत्तिले युक्त र विकृत मानसिक अहम् भएको पात्र हो ।

(छ) अन्य पात्रहरू

चरणधूलि उपन्यासमा जीवन र नीरा मुख्य पात्रका रूपमा रहेका छन् भने सहायक पात्रका रूपमा सूर्यमाया, धनवीर छेत्री, मोहन, सिनोरा, जन्तरे कामी, डल्ले, प्रतिभा, काइँली तामाङनी, सुवेदारनी, सेती गरी जम्मा नौ जनाको उपस्थिति रहेको छ । इन्द्रकुमारी, चन्द्रा, विमला, मनु, सीता, केशरी, झरना (बङ्गाली साथी), रूपमती, धनमाया, विमल दास, सराफी, कन्हैयालाल अग्रवाल, मोतीकृष्ण प्रधान (महाजन), मधिशे ड्राइभर, सुवेदार हर्कबहादुर राई (जीवनको पिता), प्रोफेसर चक्रवर्ती, चन्द्रध्वज, मोहनसिंह, रतनदास महाजन, सेती, नानीहरू विमला र कमला, कर्णवीर मुन्शी, चन्द्रवीर सरदार (राजबहादुरका पिता), हेमकान्त, नन्दुलाल, डाक्टर श्यामचरण, सन्तमाया (पेदोङको), मदन सेन, स्टेसन मास्टर, उर्मिला, चतुरे, मास्टर कर्णसिंह, चन्द्रे, सानुमति, भीमदल राई, ड्राइभर एम.टी. कोरपोरल, सुवेदार हर्कबहादुर राईहरू गरी गौण पात्रको सङ्ख्या चालिस रहेको छ ।

पात्र सङ्ख्याका दृष्टिले यस उन्यासलाई बहुलपात्र युक्त उपन्यास भन्नु पर्ने हुन्छ । यस उपन्यासमा स्थिर र गतिशील दुवै किसिका पात्रहरू समाविष्ट रहेका छन् जसले मानव समाजका मानवीय यथार्थ पात्रको प्रतिनिधित्व गरेका छन् । राजबहादुर र कान्छी जमिनदारनीले विरोधी पात्रको प्रतिकूल भूमिका निर्वाह गरेका छन् । दार्जिलिङको भारी बोक्ने घिर्लिङलाई जड पात्रको रूपमा लिइएको छ । लिङ्ग, भूमिका, प्रवृत्ति, स्वभाव, जीवन चेतना, आसन्नता र आबद्धता आदि विभिन्न दृष्टिले यो चरित्रबहुल उपन्यास हुनुका साथै बहुआयामिक पनि देखिन्छ । यद्यपि यसको सामाजिक पृष्ठभूमि सामन्ती समाज हो र लेखक आदर्शवादी एवं निकै हदसम्म रोमान्टिक चेतना राख्ने स्रष्टा भएकाले एक थरी पात्रहरू खल रूपमै प्रस्तुत भएका छन् भने अर्का थरी पात्रहरू आदर्शवादी, रोमान्टिक तथा मानवतावादी पात्रका रूपम प्रस्तुत भएका छन् ।

प्रस्तुत उपन्यासमा पात्रहरूको चारित्रिक विकास स्वाभाविक देखिन्छ । यसमा प्रयुक्त पात्र सङ्ख्या एकाउन्न रहेको छ । यिनीहरूमध्ये स्त्री पात्रहरूको सङ्ख्या बिस रहेको छ भने पुरुष पात्रको सङ्ख्या उन्तिस रहेको छ । बाल पात्र दुई जना अनि एक जना दुई बर्से शिशु पात्र पनि छन् । यस प्रकार औपन्यासिक पात्र विधानको लैङ्गिक दृष्टिले यस उपन्यासमा पुरुष पात्रको बाहुल्य रहेको देखिन्छ । प्रस्तुत उपन्यासका पात्रहरू जीवन्त छन् । औपन्यासिक संरचनामा पात्रविधानको स्थिति विश्वसनीय र सबल रहेको छ ।

चरणधूलि उपन्यासमा पात्रहरूका चरित्रको चित्रण गर्दा मुख्य रूपले वर्णनात्मक पद्धतिको प्रयोग गरिएको पाइन्छ । यस उपन्यासमा जीवन र नीराले प्रमुख पात्रको भूमिका निर्वाह गरेका छन् । यी दुई पात्रका प्रणय व्यापारमा आधारित कथानकलाई उपन्यासकारले खुबै विश्वसनीय

ढङ्गमा प्रस्तुत गरेका छन् । यिनीहरूका चरित्रको चित्रण पनि उपन्यासकारबाटै भएको छ । प्रस्तुत उपन्यासका प्रमुख पात्र जीवनको चरित्रबारे उपन्यासकाले गरेको वर्णन यस्तो छ :

> पुलिसले झट्टै आएर गाडीको नम्बर औ ड्राइभरको लाइसेन्स नम्बर टिप्यो, बूढ्गाको अर्द्ध-मृत देहलाई झक्-झकाउने तथा उठाउने कसैले चेष्टा गरेन । सबै आ-आफ्ना स्वार्थ जोगाउन व्यस्त थिए । पुलिसको घटना स्थलमा उपस्थिति देखेर एक दुई तिघ्रे पाखुरे युवकहरू अघि बढ्ने तयारी भएमा पछि पछि हटे । यत्तिकैमा झ्याम्म, भाक्भुक गर्दै जीवनले त्यो ड्राइभरलाई झाँपट र घुस्सा कसेर भूइँमा लडायो औ बूढाको अर्द्धमृत शरिरलाई अंकमाल गर्न पुग्यो । (पृ.८)

यसरी गाडी दुर्घटनामा परेका वृद्ध जन्तरे कामीलाई जीवनले सहयोग गरेको र त्यो दुर्घटना गराउने ड्राइभरलाई भकाभक हिर्काएको घटनाद्वारा जीवन मानवतावादी पात्र मात्र नभएर सहासी र निडर पात्र हो हो भन्ने कुरा यस वर्णनले स्पष्ट पारेको छ । ऊ अन्यायको सशक्त विरोध गर्ने, कसैसित नडराउने निडर न्यायप्रेमी पात्र हो भन्ने कुरा पनि स्पष्ट भएको छ । यस्तै प्रकारले उक्त घटनामा ड्राइभरलाई पिटे वापत पुलिसले जीवनलाई पक्रन्छ । त्यति बेला जीवन भन्दछ- "पहिले यो ड्राइभरलाई पाता कसेर थाना लैजाऊ, किन यो बूडालाई कुकुर हो कि बिरालो झैं गरी यसले गाडी हाँक्यो ? के यो मान्छे होइन" (पृ.८) ? यस संवादद्वारा जीवन अन्यायको विरोध गर्न नहिचकिचाउने साहसी र मानवतावादी सचेत युवक हो भन्ने पनि स्पष्ट भएको छ । यसरी प्रस्तुत उपन्यासमा चरित्र चित्रणका वर्णनात्मक र संवादात्मक दुवै पद्धतिको प्रयोग गरिएको भए पनि वर्णनात्मक पद्धति नै यस उपन्यासका चरित्र चित्रणको मूल पद्धति हो र यो उत्तिकै विश्वसनीय र प्रभावकारी बनेको छ ।

४.२.३ परिवेश

उपन्यासका प्रत्येक घटनाहरू निश्चित काल विशेष र स्थान विशेषमा घटित हुने गर्छन् । उपन्यासका पात्रले पनि विशेष ठाउँ र समयमा उपस्थित भएर आफ्नो कार्य प्रस्तुत गर्छन् । पात्रले कार्यव्यापार गर्ने र घटनाहरू घट्ने वस्तुजगत् नै परिवेश हो । उपन्यासमा प्रदर्शित धर्म, संस्कृति, परम्परा, रीतिरिवाज, मानवीय व्यवहार, नैतिक आदर्शजस्ता सम्पूर्ण कुराहरू यस अन्तर्गत नै आउँछन् । उपन्यासमा मानव जीवन र जगत्को सम्पूर्ण चित्रण हुने हुनाले त्यसमा कुनै निश्चित देश, काल र वातावरणको महत्त्वपूर्ण भूमिका रहेका हुन्छ । देश कालकै माध्यमबाट औपन्यासिक कथावस्तुले खास रूप, आकार र आयाम प्राप्त गर्ने भएको हुनाले यसको प्रयोगविना उपन्यासको संरचना हुन सक्दैन । यसमा मानिसका सामाजिक रहनसहनहरू, राजनैतिक गतिविधिहरू साथै सांस्कृतिक, धार्मिक, आर्थिक आदि परिस्थितिहरूका झलक प्रस्तुत भएका हुन्छन् र सफल उपन्यासकारले यी सबैको कलात्मक प्रतिविम्बन उपन्यासमा गरेको हुन्छ ।

कृष्णसिंह मोक्तानले उपन्यास **चरणधूलि**मा विभिन्न परिस्थिति तथा वातावरणको सृष्टि गरेर परिवेशलाई विश्वसनीय ढङ्गमा प्रस्तुत गरेका छन् । यस उपन्यासमा उनले दार्जिलिङ र त्यसको वरिपरिका विभिन्न स्थानहरूलाई स्थानगत परिवेशका रूपमा लिएका छन् । त्यस्तै यस

उपन्यासमा वर्णित कथाको मुख्य समयगत परिवेश सन् १९५० को दशक आसपासको दार्जिलिङको नेपाली समाज रहेको छ ।

चरणधूलि उपन्यासमा परिवेशको उपयुक्त पृष्ठभूमिमा मात्र पात्रको भूमिकालाई प्रस्तुत गरेका छन् । देश, काल र वातावरणको आवरण दिएर पात्रको चरित्रलाई स्वाभाविक बनाउने काममा मोक्तानको विशेष ध्यान गएको छ । उनले परिवेश अनुकूल पात्रको चयन गरेर तिनका आन्तरिक अनुभूति र परिस्थितिको विडम्बनालाई प्रभावशाली रूपमा चित्रण गरेका छन् । उचित र विश्वसनीय परिवेशको निर्माणद्वारा नै उपन्यासका घटनालाई जीवन्त पार्न मोक्तान सफल समेत देखिन्छन् । त्यसैले जुन उपन्यासमा परिवेश जीवन्त र स्वाभाविक बनेर आएको छ त्यो उपन्यासमा पात्रको चरित्र चित्रण पनि जीवन्त र स्वाभाविक बनेको पाइन्छ । जहाँ परिवेश कमजोर बनेर आएको छ त्यहाँ पात्रको चरित्र चित्रण पनि अस्वाभाविक र कमजोर बन्न पुगेको हुन्छ । त्यसै गरी पात्रको मनस्थिति र उसको व्यक्तित्वलाई सशक्त उपन्यास **चरणधूलि**का रूपमा व्यञ्जित गराउनमा परिवेशले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ ।

मोक्तानले सहरिया र गाउँले दुवै किसिमको भौगोलिक परिवेशलाई आफ्ना उपन्यासमा समेटेका छन् । **चरणधूलि**को नायक जीवन दार्जीलिङ सहरको हो र नायिका नीरा कालिम्पोङ छिबो बस्ती निवासी हो । यस उपन्यासमा प्रतिविम्बित प्रणयलाई दार्जीलिङको मायापुरीसँग सम्बन्धित परिवेशको चित्रणबाट जीवन्त बनाउन मोक्तान सफल देखिन्छन् । उनले विविध किसिमको परिवेश सिर्जना गरेर पात्रलाई कहिले सामाजिक परिवेशँग सम्बन्धित गराउँछन् भने कहिले आर्थिक परिवेशसँग सम्बन्धित तुल्याई पात्रको व्यक्तित्व निर्माण गर्दछन् । **चरणधूलि** उपन्यासका पात्रको चिन्तन, संस्कार र विधि व्यवहारलाई स्पष्ट पार्नमा परिवेशको संयोजन उचित रहेको पाइन्छ । अधिकांश पात्रहरू परिवेश चित्रणका दृष्टिले स्वाभाविक लाग्छन् । देशकाल र वातावरण सुहाउँदा पात्रहरूको सृष्टि भएको छ अनि परिवेशको समुचित चित्रण गरेर पात्रलाई विश्वसनीय तुल्याउने प्रयास पनि यस उपन्यासमा भएको छ । त्यसै गरी पात्रको सामाजिक पृष्ठभूमि, रीतिस्थिति, रहनसहन र जीवनानुभूतिलाई सहज रूपमा चित्रण गरेर उपन्यास **चरणधूलि**लाई स्वाभाविक र पत्यारिलो बनाउने प्रयास यहाँ भएको छ ।

परिवेशको सम्बन्ध केवल समय, भूगोल र संस्कृतिसँग मात्र नभई पात्रको भावनासँग पनि जोडिएको हुन्छ अनि पात्रको आन्तरिक जीवनलाई सूक्ष्म रूपमा देखाउने सन्दर्भमा परिवेश चित्रणको कुशलताले ठुलो भूमिका खेलेको हुन्छ । **चरणधूलि**मा परिवेशको सूक्ष्म र जीवन्त प्रयोग भएको छ । त्यसैले पनि यस उपन्यासका पात्रहरू ज्यादै सशक्त बन्न पुगेका छन् । यसरी एकातिर उपन्यासका पात्रहरूले देशकाल र वातावरण अनुसार आचरण देखाएर परिवेश चित्रणलाई सघाएका छन् भने अर्कातिर परिवेशले पनि सुहाउँदो पृष्ठभूमि प्रदान गरेर पात्रको जीवनलाई सहज, स्वाभाविक र विश्वसनीय बनाउन सहयोगीको भूमिका खेलेको छ । फलस्वरूप प्रस्तुत उपन्यासको पात्र सिर्जना घटनाक्रम र परिवेश अनुरूप भएको छ । यसै कारण **चरणधूलि** उपन्यासको परिवेश विश्वसनीयका साथै सफल बनेको छ ।

चरणधूलि स्वच्छन्दतावादी फलकमा निर्मित सामाजिक यथार्थवादी उपन्यास हो । दार्जिलिङ सहरको झरी, कुइरो, मेघाच्छन्न आकाश, जुनेली रात, साँझ, बिहान, शीतल हावापानी सुनौलो वातवारण आदिले यस उपन्यासको पृष्ठभूमि निर्माण भएको छ । यस्तो प्राकृतिक सौन्दर्यमा उपन्यसाको प्रमुख पुरुष पात्र जीवन र प्रमुख नारी पात्र नीराका बिचमा प्रणय सम्बन्ध गाँसिएको छ । यी दुवै महाविद्यालयका छात्र छात्रा हुन् । भारत स्वतन्त्र भएपछिको समय अवधिमा कालिम्पोङ छिबो बस्तीकी नीरा उच्च शिक्षा हासिल गर्न दार्जिलिङ सहरमा आएर बसेकी हुन्छे । यस उपन्यासमा सामाजिक निम्न वर्गीय आर्थिक अवस्थाको चित्रण गर्न प्रकृतिलाई माध्यमका रूपमा चयन गरिएको छ ।

वातावरण निर्माणमा प्रकृतिको विशिष्ट भूमिका रहेको हुन्छ र मानिसका स्वभावमा प्रकृतिको प्रभाव पर्ने हुनाले यस कृतिमा नायक र नायिकाको मनोभावको उद्घाटन प्रकृतिका माध्यमबाट प्रतीकात्मक रूपमा गरिएको छ । दार्जीलिङ सहर नजिक मायापुरीको कोलाहलहीन, जनहीन स्थान, प्रकृतिको गर्भमा कञ्चनजङ्घा पारिबाट डुब्न लागेको सूर्यको प्रकाशमा नीराले जीवनको दुवै पाउ छोएर भन्छे, “तिम्रो चरणधूलि मेरो शिरमा राखी म प्रण गर्छु, म तिम्री हुँ तिमी मेरा देवता हौ” (पृ.४८) । प्रस्तुत उपन्यासमा यसरी पात्रहरूका बिचमा प्रणय सम्बन्ध जोडिन पुगेको छ । यसरी प्रकृतिका माध्यमबाट आवश्यक वातावरणको निर्माण यस उपन्यासमा भएको पाइन्छ ।

दार्जिलिङमा नेपाली बाहेक भोटे, लेप्चा, बङ्गाली, बिहारी, मारवाडी आदि विभिन्न जातिहरू बसोबास गर्छन् । यी विभिन्न जातिहरू माझमा नेपालीहरूले उच्च शिक्षा हासिल गरेर उचित सहुलियत नपाउँदा नोकरीका निम्ति महानगरतर्फ जान बाध्य भएका छन् । यसरी नै प्रस्तुत उपन्यासको नायक जीवनको आर्थिक अवस्था कमजोर भएको कारणले दार्जिलिङदेखि कलकत्ता महानगरीमा नोकरी गर्न जानु परेको छ । त्यहाँबाट कतिपय कारणले गर्दा मलायासम्म जानु परेको छ । यसर्थ यस उपन्यासको परिवेश आञ्चलिक भए पनि त्यसमा मात्र सीमित नभएर सर्वदेशीय बन्न पुगेको देखिन्छ ।

दार्जिलिङे नेपाली समाजको आर्थिक स्थिति कमजोर छ । मालिक, महाजन र साहुहरूले लाटा-सोझा नेपालीहरूलाई ब्याजमा रूपैयाँ दिने अनि ब्याजमा पनि ब्याज थप्दै उनीहरूको आर्थिक शोषण गर्छन् । यस उपन्यासको सहायक पात्र सूर्यमायाको अढाइ तोलाको नौगेडी दुई सय रूपैयाँमा बन्धक राख्ने रतनदास महाजनले सूर्यमायालाई धोका दिएर उसको घर समेत आफ्नो अधिकारमा लिएको छ । यसरी शोषित सूर्यमायाले परिश्रम गरेर पनि छोरा जीवनलाई महाविद्यालय पढाएकी छन् ।

नीराका आमाबाबुले पनि छोरी नीरालाई कालेबुङदेखि दार्जिलिङ सन्त जोसेफ कालेजमा अध्ययनका लागि पठाएका छन् । यसबाट छोरीचेलीलाई महाविद्यालयीय शिक्षा लिन उचित वातावरण तथा प्रयत्न गर्ने सचेत सामाजिक परिवेशको चित्रण यस उपन्यासमा भएको देखिन्छ । उक्त समयमा दार्जिलिङे नेपाली जातिमा जातीय जागरण र समाज सुधारको लहर चलिरहेको तथ्य यस उपन्यासका घटनाहरूबाट स्पष्ट हुन आउँछ । जीवनकी आमाले नीरा र जीवनको प्रेम

सम्बन्धलाई वैवाहिक सम्बन्धका रूपमा स्वीकार गर्न कुनै आपत्ति जनाइनन् । त्यति बेलाको समाजमा जातपातको भेदभाव भए पनि उनी त्यसबाट मुक्त रहेको स्थिति देख्न सकिन्छ ।

प्रस्तुत उपन्यासमा नेपाली जाति विशेष र वर्ग विशेष तथा तिनका धार्मिक, सामाजिक, सांस्कृतिक, आर्थिक, राजनैतिक आचार-विचार, संस्कार-अनुष्ठान, भेषभूषा, खानपिन, रहनसहन आदिको स्वाभाविक प्रस्तुतिले उपन्यासमा नेपाल बाहिरको नेपाली समाज र त्यहाँको आर्थिक, सामाजिक तथा सांस्कृतिक परिवेशको प्रभावकारी निर्माण तथा संयोजन भएको देखिन्छ ।

४.२.४ **दृष्टिबिन्दु**

चरणधूलि उपन्यासमा तृतीय पुरुष दृष्टिबिन्दु रहेको छ । यस उपन्यासको कथानक जीवन र नीरा माझको आत्मिक प्रणय सम्बन्ध आधारित छ । प्रमुख पात्र जीवनले औपन्यासिक कथा वाचकको भूमिका निर्वाह गरेको छ । उपन्यासकार मोक्तानले पनि उपन्यासमा घटेका घटनाहरूलाई बाहिरै बसेर पात्रको चारित्रिक विशेषता र प्राकृतिक परिवेशको चित्रण गरेका छन् । उपन्यासमा कहिले काहीँ प्रथम पुरुष र तृतीय पुरुष दृष्टिबिन्दुको मिश्रण भएको पाइन्छ तापनि समग्र रूपमा हेर्दा तृतीय पुरुष दृष्टिबिन्दु नै परिलक्षित बनेको छ । उपन्यासका कुनै पात्रमा केन्द्रित नभई सबै घटनाको विस्तार गर्न उपन्यासकारले जीवनलाई उभ्याएका छन् । जीवनकै माध्यमद्वारा उपन्यासमा संयोजित घटनाव्यापार, विचार, परिवेश आदिको वर्णन गरिएको साथै औपन्यासिक पात्रका मानसिक द्वन्द्व समेत प्रस्तुत गरिएको छ । उपन्यासको समाख्याता सर्वज्ञ भएर समाख्यान गरिरहेको छ । यसरी प्रस्तुत उपन्यासमा तृतीयपुरुष दृष्टिबिन्दु अन्तर्गतका सर्वज्ञ वा सर्वज्ञता दृष्टिबिन्दुको प्रयोग रहेको पाइन्छ ।

उपन्यासमा सर्वज्ञाता कथा वाचकद्वारा उपन्यासका पात्रहरूको घटनालाई बाह्य मात्र नभएर आन्तरिक मनोभावनाबारे सम्पूर्ण जनाकारी रहेछ भने सर्वज्ञाता दृष्टिबिन्दुको हस्तक्षेपी दृष्टिबिन्दु हुने गर्छ । फलस्वरूप औपन्यासिक कथाका अन्तिम स्थितिलाई सर्वमान्य ठहराएको हुन्छ । यस्तै प्रकारले प्रस्तुत उपन्यासमा पनि उपन्यासकारले तृतीय पुरुषका माध्यमबाट उपन्यासका घटनालाई सुखद परिणति दिएका छन् । जीवन र नीराको प्रणय सम्बन्धमा आर्थिक र सामाजिक समस्याहरू आए पनि तिनीहरूको आत्मिक प्रेम सम्बन्धको कारण अन्तमा मिलन भएर सुखान्त बनेको छ । यसैलाई पाठकले स्वीकार गरेका छन् । अतः प्रस्तुत उपन्यासमा तृतीय पुरुष अर्न्तगतका हस्तक्षेपी दृष्टिबिन्दुको पनि प्रयोग रहेको छ । यसले प्रस्तुत उपन्यासलाई प्रभावकारी तुल्याएको छ ।

४.२.५ **भाषाशैली**

भाषा मानवीय संवादको साधन हो । भाषा अनुभूति र अभिव्यक्तिको माध्यम भएकाले यो सामाजिक चिन्तनको प्रतीक पनि हो । जीवनका हरेक गतिविधि र क्रियाकलापमा भाषाको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । उपन्यासकारका विशिष्ट भाव, विचार वा चिन्तन आदिलाई अभिव्यक्त गर्ने माध्यम भाषा नै हो । उपन्यासको संरचनासँग यसको गहिरो सम्बन्ध रहेको हुन्छ । रचनाकारको अभिव्यक्ति प्रणालीमा देखा पर्ने विशिष्ट ढङ्गलाई शैली भनिन्छ । उपन्यास गद्यमा

लेखिने साहित्यिक विधा हो र उपन्यासकारले विषयवस्तु र शैली अनुकूल भाषा प्रयोग गर्दछन् तथा वर्णन एवं सम्प्रेषणको सामञ्जस्यले मात्र औपन्यासिक भाषाशैलीमा कलात्मकता आएको देखिन्छ । उपन्यासको भाषा मूल रूपमा लेखककै हुने भए तापनि त्यसले आफ्नो भाषालाई सामान्यीकृत गरेर पात्रहरूमा आवश्यकता र स्तर सुहाउँदो किसिमबाट प्रस्तुत गरेको हुन्छ । त्यसपछि मात्र त्यो उपन्यासको भाषा हुन पुग्छ । उपन्यासका तत्त्वहरूमध्ये कतिपय विद्वान्ले भाषालाई छुट्टै तत्त्वका रूपमा चर्चा गरी शैली, प्रतीक र विम्बलाई भिन्नै तत्त्वका रूपमा चर्चा गरेको पाइन्छ । शैलीलाई तत्त्वको रूपमा स्वीकार गर्न सकिने आधारहरू भए पनि यथार्थतः प्रतीक र विम्ब भाषाकै प्रयोगात्मक रूपहरू हुन् । शैली पनि भाषाकै रूप भएकाले यथार्थतः भाषाको चर्चाभित्रै शैलीलाई राख्नु ठिक देखिन्छ (बराल, २०६३ : ४९) । तर पनि भाषा र शैली एकै कुरा होइनन् । शैली प्रस्तुतिको भङ्गिमा हो । यो लेखकको आफ्नोपन हो । भाषा विचारको तात्कालिक यथार्थ हो । मार्क्सवादले भाषालाई विचार प्रकटीकरणको महत्त्वपूर्ण माध्यम ठान्दछ । सारांशमा भन्दा भाषा साधन हो, साध्य होइन । उपन्यासमा भाषा सारा संरचनागत अवयवहरूको सम्बन्धको माध्यम हो । भाषाको प्रयोग उपन्यासकारको निजी विशेषता भए पनि भाषा यथार्थतः सामूहिक वस्तु हो । उपन्यासमा भाषाको प्रभावकारिता अन्तर्वस्तु तथा रूप निर्माण कार्यसित पनि सम्बद्ध भएको हुन्छ (बराल, २०६३ : ५३) ।

चरणधूलि उपन्यासमा सरल भाषाको प्रयोग गरिएको छ । यसमा शिष्ट नेपाली भाषाको प्रयोगमा भन्दा पात्र अनुकूलको भाषा प्रयोगमा जोड दिइएको छ । यस उपन्यासका पात्रहरूले प्रयोग गरेको भाषामा नेपाली भाषा मात्र नभएर मिश्रित भाषाको प्रयोग भएको पाइन्छ । दार्जिलिङदेखि कलकत्ता महानगरी हुँदै मलायासम्मका पात्रहरूको संवादमा अङ्ग्रेजी, हिन्दी, बङ्गला साथै अनेपाली समुदायले प्रयोग गरेका मिश्रित भाषाको प्रयोग पर्याप्त मात्रामा पाइन्छ । यस उपन्यासमा प्रयुक्त भाषागत विविधताको अनुशीलन निम्नानुसार गरिएको छ :

(क) अङ्ग्रेजी भाषाका पद/पदावली र वाक्यको प्रयोग

चरणधूलि उपन्यासका शिक्षित पात्रहरू जीवन, मोहन, नीरा, सिनोरा आदिका संवादमा अङ्ग्रेजी मिश्रित भाषाको प्रयोग भएको देखिन्छ । यस भाषाका विभिन्न पद, पदावली र वाक्य बहुप्रचलित भएका कारण नेपाली भाषाले आत्मसात गरिसकेका पाइएकाले यहाँ तिनलाई उल्लेख गरिएको छैन तर त्यस्ता प्रयोगबाट भाषामा असहज स्थितिबोध हुन आउने खालका केही अङ्ग्रेजी शब्दहरूलाई यस प्रकार प्रस्तुत गरिएको छ :

पद/पदावली : कनस्पिरिसी (पृ.४) स्टेसन, सुट-बुट, स्कान्डल, कलेज, फाइनल, ड्राइरको लाइसेन्स (पृ.७) एक्सिडेन्ट, इन्टेन्शनल, डिसचार्ज (पृ.१०) कोटको पाकेट, नोट बुक, बेडिङ, सिनेमा हल, ओभरसियर, टेबल, सर, ब्लाउज, मेजिस्ट्रेट, ग्रेजुएट, चान्स, डिग्री (पृ.२१) मिस्टर, डान्स, एभ्रीबडी, डेली सर्भिस, म्युनिसिप्यालिटी, प्राइभेट टयुटर (पृ.७१) अप् विथ इट् टाउन, सरी, एक्स, डिसाइड (पृ.७३) लाइफ इज नथिङ्ग (पृ.१६९), एक्सक्यूज मी फ्रेन्ड (पृ.१६७), ब्याण्डिट (पृ.१७४), डिसचार्ज सर्टिफिकेट, सुटकेश (पृ.१८१) आदि ।

वाक्य : प्रस्तुत उपन्यासमा प्रयोग भएका अङ्ग्रेजी वाक्यका केही नमुनाहरू यस प्रकार छन् :

हि इज मेन्टल्ली डिरेन्ज्ड (पृ.३२), बि केयरफुल कन्ड्याम्न्ड प्रिजनर्स आर टु डिप टु अन्डरस्ट्यान्ड (पृ.३४), वक् अप् टाउन ! वक् अप टाउन ! वान् मो प्लिज (पृ.७४), यु आर अ ब्याचलर, एट लिस्ट यु लुक वन ! (पृ.२३), इट्स अ ट्रेजिडी बट अनलाइक वेदरिङ हाइट ! (पृ.२६), जुडिसियल सेपेरेसन बाइ म्युचल कन्सेन्ट (पृ.३२) ।

अङ्ग्रेजी भाषाका पद/पदावली र वाक्यको प्रयोगले विषयको अवस्था, पात्रका पृष्ठभूमि र स्वभाव, परिवेशगत विशेषता आदिलाई आख्यान सूत्रमा उनेर प्रभावकारी ढङ्गले प्रस्तुत गर्न सहयोग गरेको छ । यसले उपन्यासमा रोचकता थपी उपन्यासलाई प्रभावकारी बनाएको छ ।

(ख) हिन्दी भाषाका पद/पदावली र वाक्यको प्रयोग

प्रस्तुत उपन्सामा हिन्दी भाषाको पनि प्रयोग भएको छ । हिन्दी भाषाका विविध भाषिक एकाइहरू यस प्रकार छन् :

शब्द : दिवाना दाहदानी अफवाह, प्यार (पृ.१३), मजलिश (पृ.१६), जिरह (पृ.४१), खुशवाह (५२), बर्फी, सपरी (पृ.५३) सवाल ,अरेयार (पृ.६६) अच्छा, रोकड किराया (पृ.८२), आईये देखिय बम्बई का जादु पत्थर को कबुतर वना दु कबुदर को मोर जब मोर नाचेगा नही करेगा रोर । ये देखिये नादान बच्चा इसके सिने मे ये कटारी दे दु यह गुजर जायका लेकिन पिर दे मिनेट मे ईसका प्राण वापस आयेगी देखिय (पृ.७६) कैयन (पृ.१२३) आदि ।

वाक्य : कौन कुराको फिक छैन । ये लिनुहोस् बेनिसाप कर्नु हामीलाई आउदैन आफुले नै हेर्नुहोस् (पृ.८१) । आउनुहोस् सुवेदारनी साहेब । को विचार कर्नुभयो (पृ.८२) । लेजा माईली दो रुपियाँ रोजी दो रुपियाँ बडिया माल दे रुपियाँ (पृ.७६) । हा हा मिल्नु को कुरा हो पन्ध्र दिनमा रुपियाँ देदिया (पृ.८१) । हा हा अम्मा त आउनैपर्छ सही छाप कनैपर्छ तपाईलाई कालेज जानलाई रूपैया दरकार परे फेर लेजानू (पृ.८२) ।

प्रस्तुत उपन्यासमा हिन्दी भाषाका विभिन्न शब्द र वाक्यहरूको प्रयोग गरिएको छ । यी भाषिक रूपहरू नेपाली भाषामा चलि सकेका हुनाले भाव सम्प्रेषणमा तिनले बाधा भने पुऱ्याएका छैनन्, बरु यी मिश्रित भाषाका शब्द प्रयोगले उपन्यासको भाषालाई रोचक तुल्याएको छ ।

(ग) बङ्गला भाषाका पद/पदावली र वाक्यको प्रयोग

चरणधूलि उपन्यासमा प्रयुक्त बङ्गला भाषाका शब्द र वाक्य यस प्रकार छन् :

पद/पदावली : आर खान, आपनि तो किच्छुई खोलेन् ना, आमी अनेक खेयेछी, आपनाय कष्ट दिलाम्, ओ मा कि चमोत्कार बंगाल बोलेन जीवन बाबू, ओ मा कि ताड़ा ताड़ी (पृ.११६), मोने कथा आछे ओनेक किन्तु बोला जायना, ताहले आमी गाई (पृ.११७), आमी ... आमी (पृ.११८), कि दारुण व्यापार, आमी आवक् जे आपनार मत जमाई पेले उनी आनन्दित औ सुखी होबेन ना (पृ.११९) आदि ।

वाक्य : अच्छा एकटी गान् कोरुन् आपनार हिमालयेर गान (पृ.११७) । गान आछे किन्तु गाने प्राण नाई; जीवन आछे किन्तु आत्मा नाई (पृ.११७) मा गो तुमी विवाहित ? (पृ.११८) । उनी होच्छेन् आमार पहाडी बोन्धु जवन बाबू, जाहार कोथा तोमाके आगे बोलेछी (पृ.११५) । ओमा, खाबार तो पोडे रोयेछ, आच्छा जीवन बानू, आपन एकट दाडान ह्याँ आमी चट् करे चा निआसी ह्याँ (पृ. ११६) । क्यानो जीवन बाबू, आपनाके कि होयेछे, किछुय कोथा बोलछेन्, ना जे ? बड्दा बोलतेन कि आपनी साहित्यिक लोक, एइ चाँदेर छाया देखे आपनी एके बोर अवाक् हये गेलेन् ? (पृ.११७)

बङ्गला भाषाका यस्ता पद/पदावली र वाक्यको प्रयोगले प्रस्तुत उपन्यासलाई विश्वसनीय बनाउनुका साथै दार्जिलिङको सामाजिक सांस्कृतिक परिवेशको चित्रण गरेको छ साथै उपन्यासको भाषालाई पनि सजीव बनाएको छ ।

(घ) तत्सम पद/पदावली र वाक्यको प्रयोग

प्रस्तुत उपन्यासमा संस्कृत भाषाका शब्दहरूको प्रयोग यथेष्ट रहेको छ । **चरणधूलि** उपन्यासको नामकरण नै संस्कृत शब्दबाट भएको छ । यस अन्तर्गत पात्रहरूका संवादमा संस्कृत शब्द प्रयोग देखिन्छ । उदाहरण स्वरूप केही संस्कृत शब्द र वाक्यहरू पृष्ठ अनुसार यहाँ प्रस्तुत गरिएको छ :

पद/पदावली : विजयादशमी, आकाशमार्ग, सुरम्य ठाउँ, अशेष गुणहरू, ग्रह-चक्रमा, मायापुर, मानसपटमा (पृ.२), नव-पल्लवी, अल्पभाषिणी, कलुष-कल्मष, जीवन-पथ, नवयुवक, हृदयग्राही, लोकोपवाद, कुठाराघात, अमर प्रणय, अधोगति (पृ.१२१), ज्वालामुखीको सामु, वीराङ्गना (पृ.४), तर्कशास्त्र, दर्शनशास्त्र (पृ.१६), अर्थनैतिक (पृ.१७), दानशील, कट्टर नास्तिक (पृ.१७), मधुर स्मृति (पृ.१९), करुणारस, वनस्पति गवेषणा केन्द्र (पृ.२५), आत्मविभोर, उन्माद, आत्माविहीन, नश्वर शरीर, मधुर-स्मृति (पृ.२६), बलिदानको भेटी, द्विविधामा, आश्चर्यमय, अवकाशहीन, मीठो कण्ठबाट, नमस्ते (पृ.३१), कृतघ्नताको छाप, लज्जाशील राधा (पृ.३२) आदि ।

वाक्य : थियो केवल कृष्णको मूर्ति, मूक औ पाषाण । जननीको दर्शन जीवनको दर्शन नै हो (पृ.१६१) । स्वर्गीय आमाको आशीर्वादले तिमी भाग्यवती भए, एउटा बेसहारा अबलाको ललाटमा होऊन् अनन्त सौभाग्य औ आनन्दका रेखाहरू (पृ.८७), नमस्ते सते ते जगत् कारणाम् नमस्ते चित्रे सर्वलोकश्रया (पृ.३१) । नमोऽद्वैततत्वाय मुक्तिप्रदाय नमो ब्रह्मणे व्यापिने शाश्वतायः ॥ (पृ.३२) त्वमैक शख्य त्वमेक जगत्पालक धारक स्वप्रकाशम् । (पृ.३२) आदि । उपर्युक्त संस्कृत भाषाका शब्द प्रयोगद्वारा प्रस्तुत उपन्यासको भाषा अति रोचक र पात्र अनुरूप विश्वासयोग्य भएको पाइन्छ । प्रस्तुत उपन्यासको भाषामा उखान र तुक्काको प्रयोग पर्याप्त देखिन्छ । केही उदाहरण यस प्रकार छन् :

आफ्नो हात जगन्नाथ, सबै कुकुर काशी जाने गुहु कसले खाने (पृ.५), आफ्नो भन्नु पैसै छउञ्ज्याल (पृ.१०), चल योग फट्कर छाला, जहाँ जाला वहीँ खाला (पृ.२०), असारको पन्ध्र (पृ.४७), हात्ती छिऱ्यो पुच्छर किन अड्कनु, छाँगोबाट खसे जस्तै (पृ.५५), छोरीचेली भनेको अबगालको गुँड (पृ.६१), जीवनलाई प्रेम गर्नु ईश्वरलाई प्रेम गर्नु हो (पृ.६८), नमरी बाँचे कालले

साँचे फेरि भेटौँला (पृ.७८), खप्पर नभएको (पृ.७९), बोकाको मुखमा कुभिण्डो (पृ.९०), सुनलाई सुन, पित्तललाई पित्तल (पृ.९१), आफू छ छारमा खुट्टा छ भारमा (पृ.१२३), सुनको ठुन्का जस्तो (पृ.१२४), नारीको जन्म हारेको कर्म (पृ.१३८), धोतीको जुम्रो कनसिरी (पृ.१४५), धन हुँदा सबै आफ्ना, आमा मरे टुहुरा-टुहुरी हुन्छ, बाबु मरे होइन (पृ.९७), इन्द्रुरी झैँ झिलिमीली (पृ.१०४), नौकरी गर्नेलाई नौ कडी लागे झैँ (पृ.१०५), धन हुँदा सबै आफ्ना धन नहुँदा सबै बिरना (पृ.१६०) आदि ।

प्रस्तुत उपन्यासमा उखान र तुक्काका विविध रूपहरूको प्रयोग भएको पाइन्छ । यस किसिमको प्रयोगले प्रस्तुत उपन्यासको भाषालाई झर्रो र लाक्षणिक रूप प्रदान गरेको छ । यस्तै प्रकारले सूर्यमाया (आमा) का संवादमा भने उखान र तुक्काको धेरै प्रयोग भएको पाइन्छ । दार्जिलिङको सामाजिक पृष्ठभूमिमा आधारित पात्रहरू भएको हुनाले यहाँका विभिन्न जातिहरू संवादको भाषा प्रयोगमा नेपाली-हिन्दी, नेपाली-बङ्गला आदि शब्दहरूको प्रयोग पर्याप्त मात्रामा गरेको पाइन्छ। यसमा नेपाली भाषाले आत्मसात गरिसकेका विभाषीय वाक्य, वाक्यांश, शब्दहरूको प्रयोग **चरणधूलि** उपन्यासमा प्रशस्त मात्रामा गरिएको छ ।

चरणधूलि उपन्यासमा निपातको प्रयोग यथेष्ट भएको पाइन्छ । वाक्यात्मक संरचना सहित केही निपात प्रयोगका उदाहरण यस प्रकार छन् :

के भन्थी र ! (पृ.४), लौ हेर त (पृ.३), ओ नीरा (पृ.५), को होला नि ! (पृ.१०) एइ धने, ए चतुरे (पृ.१२), ए नानी, ए भाइ ! त्यो यहाँ दे मेरो हो, ला तँलाई रुपियाँ, ला पैसा (पृ.१३) अन्त, थानामा केही रिपोर्ट दिएनौं ?, लौ लौ चिट्ठी आएछ (पृ.१५), औ नीरा, अरे यार के पढ्ने ? (पृ.२१), धत् पगला ! अरे बुढिया (पृ.२८), लौ के कुरा गरेको ? (पृ.२८), नानी बाबू साहेव पो रहेछन् (पृ.२९), एउटा जरुरी काम पो छ (पृ.३१), बाजेको कान्छा छोरा नि खोई, यहाँ त देखिँदैन (पृ.३०), अँ मुन्सी यसपालि फसल कस्तो छ नि ! (पृ.३३), चुप लागेर हिँड मात्रै न (पृ.३२), त्यो गुण्डाको दिन बलियो रहेछ र पो (पृ.३५), शायद तिमीहरूलाई चिनेन कि ! (पृ.३५) लौ कस्तो नमानेको ? (पृ.३९), अरे अयार, के को सुर्ता, गाडी त अहिले कहाँ आउँछ ? उ हेर त केपिटोलमा भर्खर त तिन बज्दैछ । (पृ.३९), कस्तो पानी नि छिः । (पृ.४५), उः फुपू उः उ फुपू भन्दै त्यो रमायो । (पृ.४७), भाइ माफ गर्नुहोस् है, सुपारी साह्रै टर्रो परेछ र पो, (पृ.४६), भेर भेट्नुपर्छ है (पृ.७१), अरे वकील साहिबा त भर्खर पो (पृ.७७), धत् लाटी ! सिनोराले भनी, दाज्यू र तिम्रो लगन पो हो, कसतो नबुझेको, मैले आमासित कुरा गरे त (पृ.८४) इत्यादि ।

प्रस्तुत उपन्यासको पात्रको संवादहरूमा त, पो, हन, ता, न, नि, र, रे, लौ, है, एइ आदि एकाक्षरी निपात शब्दहरूको प्रयोग भएको छ । कथानकको सुरुदेखि अन्तसम्म नै एकाक्षरी निपातमध्ये 'नि' र 'त' को प्रयोग पर्याप्त भएको छ । यता निपात प्रयोगबाट प्रश्न, अनुनय, स्थितिबोध, निर्धारण, अनुमान, आश्चर्य, उपहासजस्ता भावलाई सूचित गरिएको छ । यिनले उपन्यासको भाषिक प्रयोगमा सौन्दर्य थपेको छ साथै भाव सम्प्रेषणमा पनि तीव्रता ल्याएको छ ।

चरणधूलि उपन्यासको भाषामा नेपाली झर्रा शब्दहरूको प्रयोग पनि गरिएको छ ।केही साक्ष्य यस्ता छन् :

नाना छाँटकाँटका लुगा लगाएर (पृ.१), सूर्यको छेउमा टिलपिल टिलपिल गर्ने, झल्याँस्स (पृ.२), आँखा झिम्क्याए झैं (पृ.३), सुन्दर केशराशि चट्ट काटेर (पृ.४), सूटबूट (पृ.५), थोत्रे गन्थन (पृ.५), नाना भाँतिका कुरा, हकारपकार (पृ.५), सास फेरिरहेथ्यो घ्वार-घ्वार, थरथर काँप्ने, झयाम्म, भाकभुक (पृ.७), मुसुमुसु हाँस्तै (पृ.९), सुटुक्क, खुसुक्क, छउञ्ज्यालसम्म (पृ.१०), के छक्क परेर, झमङ्ग (पृ.२८), नाकमुख देखाउँदैन (पृ.३३), कनसिरी तातिए (पृ.४३), एक्कासि रिस उठचो (पृ.४४), अबुई, पानी झररर पर्न थाल्यो, आँखा चिम्म-चिम्म गर्दै (पृ.४५), ङिच्च हाँस्यो, सुरुसुरु (पृ.४६), मरीमरी हाँस्यो (पृ.४७), ह्वासह्वास, टाटेपाङ्ग्रे (पृ.४९), खुरुखुरु हिँडेर (पृ.४९), गललल हाँसे, धुरुरुरु, लुरुलुरु (पृ.५१), भुत्रुक्क, सुँक्क-सुँक्क, अक्कबक्क, चिरिचिरि, घचघच्याएँ, खुलुलुलु (पृ.५३), खितितिति हाँसी, ऐया आत्था भनी सुमसुम्याउँदै, च्याप्प समात्यो (पृ.५८) गजधम्म (पृ.६५), नपुगिञ्ज्याल, अम्पायरले सिटी फुक्यो तिरिरिरि (पृ.७३), थुक्क (पृ.७५), शरीर रहुञ्ज्याल, चियावाल्नी, तल्लीन, चुपचाप, झिलिमिली (पृ.१०४), सुलाक लगाउँदै (पृ.१२३), घनघोर जङ्गल (पृ.१७३), फाटाकफुटुक, सिमसिमे पानी (पृ.१७७) आदि । यस्ता नेपाली झर्रा शब्दहरूको प्रयोग हुनाले उपन्यासको भाषा सुरुचिपूर्ण बनेको छ ।

समग्रमा भन्दा शिष्ट र व्याकरणिक भाषा प्रयोगका दृष्टिले कमजोर भए तापनि सरल मिठासपूर्ण, लाक्षणिक अर्थयुक्त भाषाका दृष्टिले यस उपन्यासको भाषा सरल भइकन पनि प्रभावकारी देखिन्छ । निम्न वर्गले बोल्ने भाषा कथ्य प्रधान भएका हुनाले तद्भव शब्दको बढी प्रयोग पाइन्छ । पात्रको बोलचालको भाषा नै बढी प्रयोग भएको हुनाले सामान्य स्तरको र थेगोका साथै अपूर्ण वाक्यको प्रयोग प्रशस्तै भएको देखिन्छ । पात्रहरूको संवादमा उनीहरूको स्तर र परिवेशलाई ध्यान दिइएको छ । परिवेश अनुकूल संवाद स्वाभाविक छन् र तिनमा कथ्य भाषा तथा भाषिकाको प्रशस्त प्रयोग भएको छ ।

प्रस्तुत उपन्यासका पात्रहरूको संवादमा सामाजिक स्थिति, भौगोलिक अवस्था र वर्गको प्रभाव यथेष्ट परेको पाइन्छ । उदाहरण स्वरूप- कर्णसिंहले मलायामा नायक जीवनलाई क्रिसमसको भोज भएको समय मादक पदार्थ पिउन जबरजस्ती गर्दै भन्छ- “मिस्टर जीवन आज त अफसोस गर्ने दिन होइन, माई फ्रेण्ड, फरगेट एभरी थिंग एण्ड इनजय लाइफ इज नथिंग ।” यसै क्रममा पात्र चन्द्रेले भन्छ- “अले जीवन मिष्टल जीवन, ... केको सोचमा हुनुहुन्छ हँ .... पटक्कै बोल्नुहुन्न । यो बलादिन तपाईलाई लाम्लो लागेन ? ... बङ्गाली युवती प्रतिभाको संवाद - ‘ओ मा, खाबार तो पोडे रोयेछे, अच्छा जीवन बाबू आपनि एक्टु ढाडन ह्याँ, आमी चट करे चा निआसी ह्याँ ।” भाषाको यस्तो प्रयोगले अर्थ सम्प्रेषणमा केही जटिलता थपे पनि हास्य र मनोरञ्जनको भावलाई सबल बनाएको छ ।

हिन्दी भाषामा रतनदासको संवाद यस्तो छ : ‘हा हा मिल्नुको त कुरा हो पन्ध्र दिनमा रुपियाँ देदिनू ।’

प्रस्तुत उपन्यासमा पात्रले व्यावहारिक जीवनमा जस्तो भाषा बोल्छ त्यस्तै भाषाको प्रयोग गर्दा नेपाली इतर अन्य भाषाका वाक्य समेत पर्याप्त मात्रामा प्रयोग भएका छन् । यसबाट प्रयुक्ति विचलनको निर्माण भएको छ । तर यसले भाव प्रस्तुतिमा बाधा भने पुऱ्याएको छैन, बरु यी मिश्रित भाषाका संवादहरूले उपन्यासको भाषालाई रोचकता प्रदान गरेका छन् । वाक्य गठनका दृष्टिले कतै त्रुटि पनि भेटिन्छ तर बोलचालको सामान्य भाषा प्रयोग गरिएकाले त्यो स्वाभाविकै देखिन्छ । पाठकीय अभिरुचिलाई ध्यानमा राखेर उपन्यासकारले बिचबिचमा कौतूहल जगाउने वाक्य र वाक्यांश पनि प्रयोग गरेका छन् ।

विषय, भाव र भाषा तिनै पक्षमा **चरणधूलि**को सौन्दर्य चेतना अनुभव योग्य छ । सामान्य विषयवस्तु वा भावको वर्णन एवं चित्रण गर्दा पनि आलङ्कारिक भाषाद्वारा अभिव्यक्तिमा सौन्दर्य र भव्यता निर्माण भएको देखिन्छ ।

चरणधूलि उपन्यासका विभिन्न परिच्छेदहरूमा दार्जिलिङको मायापुरी, कलकत्ताका डोकुरिया झील, मलायाको बाटो आदि परिवेशको वर्णनमा चित्रात्मक शैलीको प्रयोग भएको पाइन्छ । विषयवस्तु र भावभूमि अनुसार यो कृति वर्णनात्मक शैलीमा लेखिएको छ । यस कृतिको विषयवस्तु कथानकको प्रस्तुतिमा भावपक्ष एवं कल्पना प्रधान रहेको छ र यसमा लाक्षणिकता र सौन्दर्यात्मक स्वच्छन्द अभिव्यक्तिलाई बढी महत्त्व दिएको पाइन्छ ।

चरणधूलि उपन्यासमा वर्णनात्मक शैलीको प्रयोग रहेको छ । यस उपन्यासमा प्रमुख पात्र जीवन र नीरा माझको आत्मिक प्रेम सम्बन्धमा आधारित कथानक रहेको हुनाले उपन्यासकारले पात्रको घटना व्यापारलाई संवादात्मक अभिव्यक्ति दिएका छन् । पात्रहरूको चारित्रिक वर्णन गर्दै उनीहरूको प्रणय सम्बन्धमा आएका बिघ्न बाधालाई पनि उत्तिकै यथार्थिक ढङ्गमा वर्णन गरेका छन् । त्यसैले प्रस्तुत उपन्यासमा मुख्यतः वर्णात्मक शैलीको प्रभावकारिता रहेको पाइन्छ । यसरी नै मोक्तानले दार्जिलिङको प्राकृतिक परिवेशको चित्रणमा चित्रात्मक शैलीको प्रयोग गरेका छन्, जस्तै : "सौन्दर्यकी रानी दार्जिलिङ्ग श्रावणको महिनामा रोइरहे झैँ देखिन्छे । कुइरो डम्म लागेर छेउछाउमा मान्छेहरू पनि हत्तपत्त चिन्न सकिँदैन, मोटर गाडीहरू दिउँसै बत्ती बालेर चलिरहेछन् धु-रु-रु-रु" (पृ.३८) । यसरी दार्जिलिङको प्रकृतिलाई चित्रात्मक शैलीमा प्रस्तुत गरिएको छ र यसमा मानवीकरणको आलङ्कारिता पनि सिर्जना भएको छ ।

प्रस्तुत उपन्यासमा नीरा र जीवनका प्रेमपत्र अधिक रहेका छन् । यसका साथै जीवनका पिताले पठाएका पत्र, जीवनले आमालाई लेखेका पत्र, बहिनीले दाजु जीवनलाई लेखेका पत्र आदिको प्रस्तुति रहेको छ । यस्ता पत्रहरू आद्योपान्त उपन्यासमा प्रयोग भएका हुनाले प्रस्तुत उपन्यासमा निकै मात्रामा पत्रात्मक शैलीको प्रयोग गरिएको देखिन्छ र यसले औपन्यासिक संरचनामा कौतूहल र रोचकता प्रदान गरको छ ।

समग्रमा भन्ने हो भने मोक्तानका चरणधूलि उपन्यासमा सरल भाषाको प्रयोगका साथै कथा कथनको वर्णनात्मक शैली मुख्य रूपमा प्रयुक्त भएको देखिए पनि पात्रहरूका बिच संवाद पनि त्यत्तिकै गराइएको छ र सहज संवादले वर्णनात्मकताको एकरसतालाई हटाउने काम गरेको

छ । संवादात्मक अभिव्यक्तिमा उखान टुक्का र झर्रा शब्दहरूको प्रयोग रहेको छ । नेपाली बाहेक अङ्ग्रेजी, बङ्गाली जस्ता अन्य भाषिक प्रयोगले एकातिर पर्याप्त मात्रामा प्रयुक्ति उपन्यास हो र यसको उक्त प्रकारको भाषाशैली त्यस भावधाराकै अनुकूल रहेको देखिन्छ ।

४.२.६ **विचार**

विचार भनेको उपन्यासले भन्न चाहेको वा देखाउन चाहेको कुरा हो । हरेक उपन्यासकारले आफ्नो उपन्यासमा पाठकलाई केही न केही सन्देश दिन खोजेको हुन्छ । त्यही सन्देश नै उपन्यासको उद्देश्य हो । विभिन्न विद्वान्हरूका भिन्नाभिन्नै मत भए तापनि वास्तवमा उपन्यासमा विचार कसरी आएको हुन्छ भन्ने कुरा पाठकको बुझाइसित भर पर्छ । उपन्यास विचार विहीन हुँदैन । यो कुरा सत्य हो, पाठकहरूले आआफ्नो सौन्दर्यबोधात्मक क्षमता र दृष्टिकोण अनुरूप उपन्यासमा व्यक्ति विचारलाई ग्रहण गर्दछन् । उपन्यासमा व्यक्त विचार तत्त्व समाज+लेखक+कृति+पाठकबिचको सम्बन्धको चिनारी हो (बराल, २०६३ : ४०) । उपन्यासमा यो विचार विषयवस्तुको चरित्र र शैलीगत वैशिष्ट्य अनुरूप अभिव्यक्त हुने गर्दछ । उपन्यासकारले यथार्थको प्रतिलिपि उतार्दैन बरु यथार्थको सिर्जनात्मक कल्पनाद्वारा संश्लेषण गर्दछ । यसर्थ उपन्यामा व्यक्त विचार सामान्य भाषण वा वक्तव्यभन्दा बढी प्रभावकारी र कलात्मक हुन्छ ।

चरणधूलि उपन्यासमा व्यक्त सौन्दर्य दृश्य सौन्दर्यभन्दा बढी सुखद र भावावेगपूर्ण भएको पाइन्छ । युवा युवतीका बिचमा हुने प्रेम सम्बन्ध प्रकृति अनुरूप हो र यस उपन्यासका मूल पात्र जीवन र नीरामाझ प्रणय सम्बन्ध गाँसिएको छ । यिनीहरूको प्रणय सम्बन्धमा आर्थिक अवस्थाले बाधा पुऱ्याउँछ तर पनि यिनीहरूको आत्मिक सत्य प्रेम भएको हुनाले अन्तमा मिलन हुन्छ । उपन्यासको कथानक प्रेमपरक भए तापनि तत्कालीन समाजको मध्यम र निम्न वर्गका मानिहरूले दैनन्दिन भोगेका जीवन सङ्घर्षको चित्रण छ । मालिक वर्ग अथवा साहूहरूले शोषण र अत्याचार गरेको नेपाली जातिले सहनु परेको देखाइएको छ । समाजको निम्न वर्गका चरित्रमा दया, क्षमा, उदारता, निष्कपटता, सहानुभूति र मानवताका गुणहरू रहेको पाइन्छ ।

प्रस्तुत उपन्यासको भूमिकामा मोक्तानले **चरणधूलि** उपन्यासलाई आदर्शवादी भन्दा यथार्थवादी उपन्यास मानेका छन् । उनले विभिन्न विकट परिस्थितमा पनि मानिसले जिउनु पर्छ, जिउनु नै मानवता हो भन्ने भावना प्रकट गरेका छन् । यसर्थ **चरणधूलि** उपन्यासको मूल विचार **आत्मवादी जीवन दृष्टि** रहेको पाइन्छ । प्रस्तुत उपन्यासको वैचारिक पक्ष पनि यही हो र यस विचार पक्षलाई मोक्तानले यहाँ पात्रीय चरित्र चित्रणद्वारा विशेष रूपले परिपुष्ट तुल्याएका छन् । युवा युवतीका बिचको सत्य प्रेमलाई कदर गर्दै आत्मवादी विचारको समर्थन यस उपन्यासमा उपन्यासकारले गरेका छन् । त्यसैले प्रेममा केन्द्रित विचार, दर्शन र अनुभूतिको जीवन्त अभिव्यक्ति यस उपन्यासमा भएको पाइन्छ ।

कृष्णसिंह मोक्तानको पहिलो उपन्यास **चरणधूलि** सन् १९५९ मा दार्जिलिङबाट प्रकाशित भएको हो । यसमा तिन खण्ड र चवलिस परिच्छेद छन् । पहिलो खण्डमा चौध, दोस्रो खण्डमा सत्र र तेस्रो खण्डमा तेह्र परिच्छेदहरू रहेका छन् । सरल भाषामा लेखिएको यस कृतिको शैली

वर्णनात्मक रहेको छ । प्रस्तुत उपन्यासमा दार्जिलिङको जनजीवनलाई यथार्थ ढङ्गले चित्रण गर्ने प्रयास भएको पाइन्छ । यसको कथानक स्वच्छन्द प्रेमपरक भए तापनि यसमा समाजको मध्यम र निम्नवर्गीय मानिसहरूका दैनन्दिन जीवन-सङ्घर्ष र तिनीहरूको चरित्रमा उदारता, दया, निष्कपटता, सहानुभूति र मानवताका गुणहरू अभिव्यक्त गरिएको छ । यस उपन्यासको नायक जीवनको चरणको धुलो नायिका नीराले आफ्नो निधारमा लगाई आफूलाई जीवनप्रति समर्पित गरेको घटनाबाट प्रस्तुत उपन्यासको नामकरण गरिएको छ र यस घटना सन्दर्भले नीराको चरित्र र सिङ्गै उपन्यासलाई पर्याप्त आदर्शवादी बनाएको छ । आदर्शवादी हुँदाहुँदै पनि यसले आत्मिक प्रेमको शक्ति र पूर्वोत्तर भारतको निम्न तथा निम्न मध्यम वर्गीय नेपाली समाजको जीवन यथार्थलाई पनि निकै प्रभावकारी ढङ्गले व्यक्त गर्न सकेको छ ।

४.३ 'अशेष यात्रा' उपन्यासको विश्लेषण

अशेष यात्रा कृष्णसिंह मोक्तानको दोस्रो औपन्यासिक कृति हो । यो उपन्यास कृति २७४ पृष्ठमा विस्तारित रहेको छ । यसको प्रथम संस्करण सन् १९६४ मा र दोस्रो संस्करण सन् २००८ मा प्रकाशित भएको पाइन्छ । प्रस्तुत उपन्यासलाई तिन खण्डमा विभाजन गरिएको छ । प्रथम खण्डमा बाह्र परिच्छेद, दोस्रो खण्डमा छब्बिस परिच्छेद र तेस्रो खण्डमा बिस परिच्छेदहरू संयोजित गरिएका छन् । औपन्यासिक आयामका दृष्टिले **अशेष यात्रा** उपन्यास बृहत आकारको देखिन्छ । दार्जिलिङ जिल्लामा पर्ने मिरिक, खरसाङ अनि शिलाङको आराधुरा हुँदै काशी हिन्दू विश्वविद्यालय जस्ता स्थानहरूको चित्रण भएको पाइन्छ । यस उपन्यासको मूल कथानक आराधुराको करण र दार्जिलिङकी अनुराधाका बिचको प्रेम सम्बन्धमा आधारित रहेको छ । प्रेम सम्बन्धका स्वच्छन्द भावहरूको अभिव्यक्ति भएका दृष्टिले यो अघिल्लो **चरणधूलि** उपन्यास जस्तै स्वच्छन्दतावादी धाराको औपन्यासिक कृति बन्न पुगेको छ । पात्र पात्राले बाँचेको सामाजिक परिवेश र यिनका जीवन यात्राको चित्रणमा नेपाली समाज अनुकूलकै चित्र पाइन्छ । यसैले **अशेष यात्रा** उपन्यास सामाजिक यथार्थका कोणबाट पनि पठनीय एवं विश्लेषण योग्य रहेको छ ।

४.३.१ कथानक

अशेष यात्रा उपन्यास मध्यम वर्गीय नेपाली समाजका शिक्षित युवा युवती बिचको प्रणय सम्बन्धमा आधारित छ । यसको औपन्यासिक क्षेत्र दार्जिलिङको मिरिक, खरसाङ, कोहिमाको आराधुरा हुँदै काशी हिन्दू विश्वविद्यालय वाराणसीसम्म विस्तारित भएको छ । भारत स्वतन्त्र भएपछिको दार्जिलिङको नेपाली समाजको शैक्षिक परिवेशमा यस उपन्यासको रचना गरिएको छ । यस उपन्यासको प्रमुख पुरुष पात्र करण आराधुराबाट अनि अनुराधा दार्जिलिङबाट काशी हिन्दू विश्वविद्यालयमा उच्च शिक्षा अध्ययन गर्न गएका हुन्छन् । करण चाँहि प्रथम परिचयदेखि नै अनुराधाप्रति आकर्षित बनेको हुन्छ तर अनुराधाको भने खरसाङ निबासी वसन्तकुमारसँग पहिल्यैदेखि प्रेम सम्बन्ध रहेको हुन्छ । यस विषयको जानकारी करणले पाउँछ । त्यसै समय करणको बिहे गरिदिने प्रस्ताव राखेर पिता पूर्णजितले आराधुराबाट पत्र पठाउँछन् । सो पत्र प्राप्त

गरेपछि करण भौतारिएर दार्जिलिङ घुम्न जान्छ । त्यहाँ गएको समय मिरिकको हाई स्कुलमा शिक्षक नियुक्तिबारे विज्ञापनको जानकारी पाउँछ र त्यसै मिरिक हाई स्कुलमा शिक्षण गर्न थाल्छ । त्यहाँ ऊ खरसाङ निबासी अर्जुन स्याङ्देनसँगै भाडाको कोठामा बस्छ । एक रात साथी अर्जुज स्याङ्देन सिकिस्त बिरामी हुन्छ र करण मध्यरातमा डाक्टर बोलाउन अस्पताल जान्छ । त्यस समय एउटा घरको झ्यालमा बसी सुरिलो स्वरमा कसैले गीत गाइरहेको सुन्छ । गीत गाउने स्वर परिचित जस्तो लागेर त्यस घरको नजिक जान्छ । त्यस समय गाउँका मानिसहरूले चोर चोर भन्दै कराउँछन् । करण चोरको बात लाग्ने डरले त्यहाँबाट भागेर पारमेन बस्तीको डाकबंगलाको चौकीदार वीरमानको घरमा बास बस्न पुग्छ । मध्य रात गीत गाउने युवती अनुराधा भएको कुरा चौकीदार वीरमानबाट उसले थाहा पाउँछ । अनुराधालाई वसन्तकुमारले धोका दिएर अर्कै युवतीसँग बिहे गरेकाले अनुराधा मानसिक रोगी भएको कुरा करणलाई थाहा हुन्छ । यस घटनाले करण झनै विह्वल बन्छ र अनुराधाप्रति अझ बढी आकर्षित हुन्छ ।

उता आराधुरामा करणका मातापिता छोराको बेखबर भएका कारण खोजतलास गरिरहेका हुन्छन् । यता अनुराधाका पिता रुद्रमानको पनि कलकत्तामा हैजाको प्रकोपले देहान्त हुन्छ । त्यसपछि अनुराधालाई उसका फुपूफुपाले आफ्नै सन्तान सरह देखभाल गरिरहेका हुन्छन् । उनीहरूले अनुराधालाई उपचारका निम्ति मिरिकदेखि खरसाङमा ल्याएका समय करणको फेरि भेट अनुराधासित हुन्छ । यतिखेर करणले खरसाङकै एउटा विद्यालयमा शिक्षण कार्य गरिरहेको हुन्छ । यसरी यी दुईको फेरि भेट हुँदा अनुराधाको मानसिक अवस्थामा केही सुधार आउँछ । यसै कारण अनुराधाका फुपूफुपाले करणलाई अनुराधासित बिहे गर्ने प्रस्ताव राख्छन् । यसै प्रस्तावका कारण करण आराधुरा फर्कन्छ । यता अनुराधा फेरि सिकिस्त हुन्छे र उसलाई उपचारको निमित्त कलकत्तास्थित 'लुम्बुजी उद्यान' नामक मानसिक आरोग्यशालामा पुऱ्याइन्छ । अनुराधा सिकिस्त भएको खबर पाएपछि करण मिरिक पुग्छ । मिरिकमा अनुराधालाई उपचार हेतु कलकत्ता लगेको जानकारी पाएपछि करण अनुराधालाई खोज्दै खरसाङ जान्छ । त्यसपछि कलकत्ताको विभिन्न अस्पतालमा खोज्दै जादाँ अन्तमा उक्त अस्पतालमा अनुराधालाई सिकिस्त अवस्थामा भेट्छ । करणले अनुराधालाई आफ्नी बनाउने कुरा गर्दा अनुराधाको मानसिक स्वास्थमा सुधार आउँछ । दुवैजना एकअर्कामा आत्मिक प्रेमको आदान प्रदान गर्दछन् र उपन्यासको अन्त्य हुन्छ । यसरी करणको स्नेहले गर्दा मानसिक स्वास्थ बिग्रेकी अनुराधाको ठिक भएकी छ र आफ्नी प्रेमिका करणले प्राप्त गरेको छ । अतः प्रस्तुत उपन्यास युवा युवतीको आत्मिक प्रणय सम्बन्ध सुखान्तमा पुऱ्याएर समाप्त भएको छ ।

प्रस्तुत उपन्यासको पहिलो खण्डका घटनाक्रम आदि भागका रूपमा देखिन्छन् भने दोस्रो खण्डका घटनाक्रम मध्य भागका रूपमा र तेस्रो खण्डका घटनाक्रम अन्तिम भागका रूपमा देखिन्छन् । यी तिन भागका औपन्यासिक घटनाक्रमको विकास प्रक्रियालाई आदि, मध्य र अन्त्यका क्रममा निम्नानुसार हेर्न सकिन्छ :

(क) आदि भाग

प्रस्तुत उपन्यासको आदि भागमा प्रथम खण्डमा रहेका बाह्र ओटा परिच्छेदहरू छन् । यसको पहिलो र दोस्रो परिच्छेद अन्तर्गत युवा युवतीको प्रणय व्यापार सम्बन्धी पृष्ठभूमिबाट कथानक आरम्भ भएको पाइन्छ । यस भागले अनुराधा र करणको प्रेम सम्बन्धी जटिल समस्याहरू खडा गरेको देखिन्छ । करण आराधुरा निवासी समाजको प्रतिष्ठित मानिएका पूर्णजितको छोरा हुन्छ । पूर्णजितले करणलाई उच्च शिक्षा अध्ययनका लागि काशी हिन्दू विश्वविद्यालय पठाएका हुन्छन् । त्यसै समय दार्जिलिङदेखि उच्च शिक्षा हासिल गर्न बनारस गएकी अनुराधासित करणको भेट हुन्छ । भेट भएकै समदेखि करणले अनुराधालाई मन पराएको हुन्छ तर अघिबाटै अनुराधा र वसन्तकुमारको प्रेम सम्बन्ध रहेको कुरा करणले थाहा पाउँछ । त्यसै समय उता आराधुराबाट करणका पिताले उसको विवाह ललितासित गरिदिने प्रस्ताव पत्रद्वारा जनाएका हुन्छन् । यी घटनाहरूले करण विचलित बनेर आफ्नो घर आराधुरा नगई दार्जिलिङ घुम्न जान्छ । अनि ऊ मिरिकको एउटा विद्यालयमा शिक्षण कार्य गर्न थाल्छ । अनाचक औंसीको रात एउटी तरुणीले सुरिलो स्वरमा गीत गाएको सुनेर उसले अनुराधालाई सम्झन्छ । संयोगले त्यो युवती अनुराधा नै हुन्छे । उसको प्रेमीले अन्य युवतीसित बिहे गर्दा अनुराधाको हृदयमा चोट पर्न जान्छ र ऊ मानसिक घात सहन नसकी पागल बनेकी हुन्छे । यी प्रणयमूलक घटनाहरूका संयोजनबाट प्रस्तुत उपन्यासको कथानक रोचक बनेको पाइन्छ ।

तेस्रो परिच्छेददेखि छैटौं परिच्छेदसम्म बनारस विश्वविद्यालयमा भएका विभिन्न कार्यक्रम तथा अनुराधा र करणको भेट भएका घटनाहरू रहेका छन् । सातौंदेखि नवौं परिच्छेदमा करणलाई अनुराधाले दार्जिलिङ घुम्न आउन आग्रह गरेको घटना पाइन्छ । दशौं परिच्छेदमा करणले अनुराधासित गङ्गामा डुब्न लाग्दा अनुराधालाई हातमा उठाएर निकालेको सपना देखेको प्रसङ्ग वर्णित छ । यस प्रसङ्गले उपन्यासको कथानकलाई वर्तमानदेखि भविष्यतर्फ विकसित गर्दै लगेको पाइन्छ ।

एघारौं परिच्छेद अन्तर्गत करणले प्रेमिका ठानेकी अनुराधा र वसन्त आपस्तमा प्रेमालाप गरि रहेको देख्छ । त्यही बेलुकी बहिनी शान्तिले पठाएको पत्रद्वारा गाउँमा हावापानी आएर उत्पात गरेको, माताको स्वास्थ्य खराब भएको, पिता विचलित बनेको जानकारीहरू प्राप्त गर्छ । यसै सन्दर्भमा छोराछोरीलाई उच्च शिक्षा प्रदान गराउँदा उनीहरूले मातापिताको इच्छा विरूद्ध कार्य गरेको घटना उल्लेख गरेर उपन्यासकारले उपन्यासको कथानकलाई विश्वसनीय तुल्याएका छन् । तसर्थ उल्लिखित लगायत अनेकौं समस्याहरू उपन्यासका कथानकको आदि भाग अन्तर्गत रहेका छन् ।

आदि भागले एउटा जटिल प्रणय समस्या मध्य भागलाई सुम्पिएको छ । उपन्यासका मूल पात्र करण, अनुराधा र वसन्तकुमारका बिचमा त्रिकोणात्मक प्रेम समस्या खडा गरेर प्रथम भागले मध्य भाग वा आगामी खण्डहरूलाई यस प्रणय यात्राको भावी विकासमा विभिन्न सम्भावना छोडेको देखिन्छ । यिनै अनेकौं विकल्पको सम्भावना प्रदान गर्नुमा यस आदि भागले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ । यसमा उपन्यासकारले उपन्यासका प्रमुख पात्रहरू बिचको द्वन्द्व

देखाएका छन् । युवा युवतीबिच हुने प्रणय सम्बन्धलाई उद्घाटित गर्दै तत्कालीन समाजमा नयाँ पुस्ता र पुरानो पुस्ताबिचको भिन्न रूचि, मान्यता र आचरणलाई अभिव्यक्त गरेका छन् । यस सँगसँगै उपन्यासकारले यस उपन्यासमा तत्कालीन दार्जिलिङको सामाजिक जीवनलाई पनि यथार्थ ढङ्गमा चित्रण गर्ने प्रयास गरेका छन् ।

(ख) मध्य भाग

प्रस्तुत उपन्यासको मध्य भाग स्वरूपको दोस्रो खण्डमा जम्मा छब्बिस परिच्छेदहरू रहेका छन् । यस खण्डको पहिलो परिच्छेदमा करणको सहपाठी माधव बनारस विश्वविद्यालयको परीक्षा नदिई आफ्नो घर काठमाडौं फर्केको हुन्छ । करणचाहिँ दार्जिलिङ घुम्न आएको हुन्छ । उसलाई फर्केर आफ्नो घर जाने इच्छा नहुँदा ऊ मिरिकको एउटा विद्यालयमा शिक्षण कार्यमा लाग्छ । ऊसँगै बस्ने साथी अर्जुनकुमार बिरामी पर्दा डाक्टर बोलाउन गएको रात एउटी युवतीले सुरिलो स्वरमा गीत गाएको सुनी बनारसकी अनुराधाको सम्झना गर्छ । अचानक गाउँलेले 'चोर-चोर' भन्दै कराउँदै आउँदा करण चोरको बातदेखि डराएर भाग्छ । यसरी भागेर पारमेन बस्ती तथा फारस बस्तीको डाकबङ्गलाको चौकीदार वीरमान राईका घरमा बास बस्न पुग्छ । चौकीदारले उसलाई डाकबङ्गलामा सुताउँछ । त्यस रात करण डाकबङ्गलाको एउटा कोठामा सुति रहेको समय उसलाई तर्साएको तथा भूतले भेटेको र ऊ बेहोस भएको सन्दर्भ उपन्यासकारले उल्लेख गरेका छन् ।

दोस्रोदेखि चौथो परिच्छेदमा करणलाई चौकीदार वीरमानले छोरी चन्द्रमती र सुकमतीसित परिचय गराउँछन् । उता साथी अर्जुन स्याङदेनलाई पनि अलिक सन्चो हुन्छ । तर करण हराएको घटनाले मिरिकको विद्यालयमा चर्चा हुन्छ । प्रधान अध्यापकले विद्यार्थीहरूलाई शिक्षक करणको खोजी गर्न घर घर जाने आदेश दिन्छन् । करण भने बेहोस भएको हुन्छ तर वीरमान चौकीदारले उपचार गरेर करणलाई होसमा ल्याउँछन् ।

पाँचौदेखि आठौं परिच्छेदमा करणकी आमाले शिलाङका व्यापारी कुलबहादुर प्रधानलाई बनारस गएर करणको खोजी गर्ने आग्रह गर्छिन् । यता करण र चौकीदार भने घरैमा कुराकानी गरेर बस्छन् । यस्तैमा अनुराधाको फुपा ब्याङ्कबाबुसित वीरमानको चिनजान भएको हुनाले उनका परिवारको खबर तथा अनुराधा पगली बनेको खबर चौकीदार वीरमानले करणलाई सुनाउँछन् । करणले अनुराधाको मानसिक अस्वस्थताका बारेमा जानकारी प्राप्त गर्छ । मिरिक विद्यालयमा अर्द्धवार्षिक परीक्षाको एउटा बैठक बस्छ । त्यस बैठकमा करण हराएको घटनाबारे चर्चा हुन्छ । उता करणको घरमा करणकी बहिनी शान्तिको बिहेका बारेमा कुरा चलि रहेको हुन्छ । कुलबहादुरले पाँच महिनादेखि करण होस्टेल छाडेर लापत्ता भएको खबर ल्याउँछन् । यस्तो खबर सुनेर मुखेनी तथा करणकी आमा केराको थम्बा ढले झैं डङ्ग लड्छिन् (पृ. ८५) । यसरी प्रस्तुत उपन्यासको कथानकमा ससाना घटनाहरूको संयोजन भएको पाइन्छ ।

करण चौकीदार वीरमानका घरदेखि विदा लिएर खरसाङ आइपुग्छ । त्यहाँ करणको साथी अर्जुन स्याङदेनसित पुनः भेट हुन्छ । स्याङदेनले करणलाई पुष्परानी उच्च विद्यालयमा शिक्षकको

पदमा लगाई आफू मिरिक फर्कन्छन् । आराधुरामा पिता भने छोरो करणले घर छोडेर लापत्ता भएको चिन्ताले र जोरीपारीको छेउमा आफूलाई लाज भएको ठानी मद्यपान गर्न थाल्छन् । मिरिक बजारमा अनुराधा घर छाडेर कृष्णनगरको पोखरी छेउमा राति बसि रहेको मिरिककै मण्डलले भेट्छन् र उनीहरूले सूर्यप्रकाशको घरमा अनुराधालाई ल्याउँछन् । यसै बिचमा खरसाङ पुष्परानीमा साहित्यिक गोष्ठीको आयोजना हुन्छ । यस कार्यक्रममा करण र उसको साथी रत्नकमलको परिश्रम देखेर प्रधान अध्यापकले उनीहरूलाई धेरै प्रशंसा गर्दै भाषण दिन्छन् ।

सोह्रदेखि एक्काइस परिच्छेद अन्तर्गत अनुराधाकी माताको मृत्यु भएपछि उसको पिताले उसलाई फुपा फुपूको जिम्मा लगाई कलकत्ता नोकरीमा गएको अनि कलकत्ता पुलिस अस्पतालमा उनको पनि देहान्त भएको घटना रहेको छ । मातापिता विहीन अनुराधालाई फुपा फुपूले आफ्नो सन्तान जस्तै गरी हेरचाह गरेका हुन्छन् । उनीहरूले अनुराधालाई विद्यालयीय शिक्षापछि काशी हिन्दू विश्वविद्यालयमा उच्च शिक्षा दिलाउन पठाएका हुन्छन् । त्यसै समय करणसित भेट भएको हुन्छ । अनुराधाको प्रेमी वसन्तकुमारले धोका दिँदा अनुराधाको मानसिक सन्तुलन बिग्रँदै गएका हुनाले उसलाई मिरिकमा राखेर उपचार गरि रहेका हुन्छन् । डाक्टर सूर्यप्रकाशको सुझाव अनुसार अनुराधालाई घरदेखि बाहिर तथा नयाँ वातावरणमा राख्न मिरिकदेखि खरसाङ लगेका हुन्छन् । करण पनि मिरिकदेखि खरसाङमा पुगेको कारण यी दुईको फेरि भेट भएको हुन्छ । यसरी करणको जीवनको यात्रामा अनुराधासित पुनः भेट भएका घटनाहरूको चित्रण यस खण्ड अन्तर्गत भएको पाइन्छ ।

खरसाङमा करण र अनुराधाको दिनहुँ भेट हुन थाल्छ । करणले कुराकानी गरेर विगतका घटनाहरूको सम्झना गराई अनुराधालाई स्वस्थ्य बनाउने चेष्टा गर्छ । फुपूले पनि यिनीहरूको सम्बन्ध गहिरिँदै गएको देखेर बिहे गरिदिने विषयमा खुलस्त कुरा करणसित राख्छिन् । करणकी माता मुखिनीले करणको जन्म कुण्डली धनञ्जय बाजेलाई हेराउँछिन् । यस्तैमा करणले अर्जुन स्याङ्देनको दाजु सिक्किममा मोटर दुर्घटना भएर किसिस्त भएको खबर पाएपछि करण राति नै गाडी रिजर्भ गरेर सिक्किम जान्छ । यसरी अचानक जानु परेको कुरा उसले अनुराधालाई पत्रद्वारा जनाएको हुन्छ । फुपाले डाक्टर सूर्यप्रकाशसँग अनुराधाको बिहे करणसित गरिदिने विचार राख्छन् । स्याङदेनको आमाले पनि करणलाई छोरोजस्तै ठान्छिन् । केही दिनपछि दाज्यूलाई निको बनाएर करण र अर्जुन स्याङदेन घर फर्किन्छन् । करणले अनुराधालाई बिहे गर्ने प्रस्ताव राख्ने उद्देश्यले आराधुरामा पितालाई पत्र लेख्छ । करणको पत्र आएको सुनेर मुखियाका घरमा कप्तान राई आउँछन् । उनले मुखियाको छोरो करण आउने समाचार सुनी हर्ष प्रकट गर्दै करणको बिहे गरि दिएर उसको हात खुट्टा बाँधिदिनु भन्ने सल्लाह मुखियालाई दिन्छन् ।

बाइसदेखि छब्बिस परिच्छेदमा अनुराधाको स्वास्थ्यमा सुधार आएको प्रसङ्ग रहेको पाइन्छ । फुपा फुपू र डाक्टर सूर्यप्रकाशले अनुराधाको बिहे करणसित गरिदिने इच्छा गर्छन् । यस सन्दर्भमा फुपाको भनाइ यस प्रकार रहेको देखिन्छ- “मलाई त केटा पनि औधी मन पऱ्यो । शिक्षित, ज्ञानी, चरित्रवान् अनि शिक्षक काम गर्ने, यस्तो केटा त लाख तकदीरले मात्र पाइन्छ । फेरि केटीले पनि हृदयबाट मन पराएकी बुझिन्छ । यसपाला त खुल्ला कुरा गर्ने निश्चय गरेको छु” (पृ. १५९) ।

डाक्टर प्रकाशले पनि यस विषयमा सहमति जनाउँदै भन्छन्- "अब चाँडै केटाको मन मतलब बुझी टीकाटालोको मेलो गरिदिनु भए उत्तम हुनेछ । यस्तो काममा अबेर गर्नु उचित छैन । अनुराधाको सुखी जीवन नै हाम्रो निम्ति परम सुख हो" (पृ. १६०) । डाक्टरको सल्लाह अनुसार फुपा फुपूले अनुराधाको बिहे गरिदिने प्रस्ताव करणसँग राख्छन् । यस्तो प्रस्ताव करणले सहर्ष स्वीकार गर्छ । त्यसपछि उसले पितालाई पत्र लेख्छ ।

प्रस्तुत उपन्यासको मध्य भागले सम्पूर्ण कथानकलाई कौतूहलपूर्ण बनाएको छ । यसले पात्रहरूको चारित्रिक विकास प्रक्रियामा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको देखिन्छ अनि करण र अनुराधाबिचको प्रणय सम्बन्धलाई स्थापित गरेको छ । मध्य भागले विशेष गरेर द्वन्द्वात्मक परिस्थितिको उद्घाटन गरी औपन्यासिक कौतूहललाई चरमविन्दुमा पुऱ्याएको पाइन्छ । यसरी आदि भागले स्थापना गरेको कथानकको संरचना प्रक्रियालाई द्वन्द्वात्मक स्थितिमा पुऱ्याई बाँकी उत्तरदायित्व अन्तिम भागलाई दिने काम यस उपन्यासको मध्य भागको कथानकले वहन गरेको देखिन्छ । यस दृष्टिले **अशेष यात्रा** उपन्यासको कथानकको मध्य भाग सफल रहेको पाइन्छ ।

(ग) अन्तिम भाग

प्रस्तुत उपन्यासको अन्तिम भाग तथा तेस्रो खण्डमा जम्मा बिस परिच्छेदहरू रहेका छन् । यस खण्डको एकदेखि आठ परिच्छेदमा प्रमुख पात्र करणले खरसाङको मेलामा अनुराधालाई एक जोडी माटाको हाँस किनेर दिएको हुन्छ । यसै मेलामा केही क्षणपछि चन्द्रमती र सुकमतीसित करणको भेट हुन्छ । यो भेट देखेर अनुराधा करणदेखि छुटेर त्यतिखेरै जान्छे । यो मेलामा खरसाङको वसन्तकुमार पनि आएको हुन्छ । कथाको अर्को हाँगोमा खरसाङका अर्जुन स्याङदेनको परिवारमा करण पनि अभिन्न अङ्ग बन्न सकेको देखाइएको छ । मेलाको घटनादेखि अनुराधाले करणलाई चिन्न छोड्छे । मेलामा चन्द्रमती र सुकमतीसित आफूलाई घुमेको देखेर अनुराधालाई पुनः मानसिक बिमारले च्यापेको हो भन्ने अनुभव करणले गर्छ ।

आराधुराका कप्ताल राईले छोरो फौजमा लप्टन बनेको खुसीमा प्रीतिभोज दिएका हुन्छन् । यस भोजमा करणका पिता र माता पनि सामेल भएका हुन्छन् अनि त्यस समय उनीहरू करणलाई सम्झन्छन् । यता मेलाबाट फर्केपछि अनुराधाबारे खरसाङमा अर्जुन स्याङदेनकी आमासित बैदारनी भन्छिन् :

> अचम्म नि हो भाउज्यू ! यही खरसाङमा त यस्तो उल्का सुन्नपर्छ, उही क्या त ब्याङ्क बाबुकी भदैनी अलि मगज ठीक थिएन- हालसालै निको भएको थियो, अघि दिउँसो मेला राम्रै डुलिछ, त्यसपछि घर पुगेर कतिबेला उम्किन्छ । हुसेल खोलाको भीरबाट फाल हान्नलाई झम्टिसकेकी थिई, कसरी कसरी वीरे गोठालाले घाँस काट्दै गर्दा देखेर समाएछ । अहिले सारा खरसाङका मान्छेहरू त्यहाँ मेला भएका छन् रे । केटीको मुखबाट केही कुरा निस्कँदैन रे, केवल 'वसन्त' 'वसन्त' । (पृ.१९१)

अनुराधा पुनः मानसिक रूपले अस्वस्थ बनेको घटनाले प्रस्तुत उपन्यासको कथानक अझै मर्मस्पर्शी बनेको पाइन्छ ।

करण र अर्जुन स्याङदेन पारमेन बस्तीका चौकीदार बूढालाई भेट्न जाँदा एउटा घरमा पानी माग्छन् । त्यस घरमा सुकमतीलाई भेट्छन् । सुकमतीको बिहे साइँला घिसिङसित भइ सकेको हुन्छ । चन्द्रमती अनि उसको पितालाई करण र उसको साथी अर्जुन स्याङदेनले भेटघाट गर्छन् । यसै भेटदेखि अर्जुन स्याङदेन र चन्द्रमतीबिच प्रेम सम्बन्ध स्थापित हुन्छ । त्यसपछि करण आफ्नो घर आराधुरा जान्छ । माता, पिता साथै बहिनी शान्ति साह्रै खुसी हुन्छन् । उनीहरूले करणको बिहेका निम्ति सुहाउँदो घरानकी केटीको सुराक पनि लगाउन थाल्छन् ।

परिच्छेद नौदेखि तेह्र अन्तर्गत प्रस्तुत उपन्यासको कथानकमा करणले पुष्परानी राय मेमोरियल उच्च विद्यालयमा राजीनामा पत्र पठाउँछ । प्रधान अध्यापक उसको राजीनामा पत्र पढेर दुखी बन्छन् । यही समय शिक्षक लालकुमारले एउटा घटना यसरी सुनाउँछन् :

> खरखाङ बजारको धनी सरदार जयबहादुरको कान्छा छोरा वसन्तकुमारलाई आज दिउँसो स्पेसल पुलिसद्वारा गिरफ्तार गरी दार्जिलिङ जेल हाजतमा पुऱ्याइएको छ । तीन दिनअघि खरसाङ अस्पतालको एक्काइस वर्षकी युवती परिसेविका पार्वतीको लास अस्पताल परिसेवा क्वार्टरमा पाइएको थियो । अनुसन्धान र साक्षीहरूको बयानअनुसार वसन्तकुमारलाई जेल हाजतमा थुनेर मुद्दा सुरु गरेका छन् । (पृ. २२५)

माथिको घटनासँगै उपन्यासले नयाँ मोड लिन्छ । यसरी प्रस्तुत उपन्यासको कथानक केन्द्रीय भावमा अघि बढेको छ । करणकी बहिनी शान्तिको बिहेको निमन्त्रणा अर्जुन स्याङदेनले प्राप्त गरेर सूर्यप्रकाश (अनुराधाका फुपा) लाई यो खुसीको खबर सुनाउँछन् । यसै समय काँहिला चौकीदार डाक लिएर आउँछन् । एउटा ठूलो खाममा बाहिर ‘शुभ विवाह’ लेखेको साथमा अर्को सानो खाममा करणले लेखेको पत्र हुन्छ । त्यसलाई पढेर सूर्यप्रकाश अनि उनकी श्रीमती प्रसन्न हुन्छन् । त्यो खाममा करणकी बहिनी शान्तिको विवाहको निमन्त्रणा हुन्छ । करणको घरमा उसकी बहिनीको विवाह सरदार पञ्चवीरका छोरा ध्रुवकुमारसित सुसम्पन्न हुन्छ । यता सूर्यप्रकाशचाहिँ राजबाडीको पुरानो घर देखरेख गरेपछि प्रिय बन्धु डा. प्रकाशसित अनुराधाका बारेमा सम्पूर्ण कुरा खुलस्त पोख्छन् । करण र अनुराधाका बारेमा खरसाङमा भएका घटनाहरू डाक्टरलाई बताएपछि डाक्टर प्रकाश भन्छन्- “करण नानी कहाँ छन् ? तिनको सङ्गतले अनुराधाको अवस्था आरोग्य बनाउनमा राँची वा लुम्बिनी उद्यानले भन्दा करणले नै ठूलो भाग लिन सक्ने छन्, कहाँ छन् तिनी ?” (पृ.२३८) ।

करण बहिनी बिहे हुने भएको हुनाले आराधुरा गएको हुन्छ । बिहेको कार्ड हेरेर डा. प्रकाश उत्तेजित भएर भन्छन्- “अरे ! पूर्णजित, के अद्‌भूत !! पूर्णजित काका करणका पिता !!! के अद्‌भूत !!! सूर्यप्रकाश छक्क परेर डाक्टर प्रकाशलाई हेरिरहे” (पृ.२३८) । करणका पिता पूर्णजित र डा. प्रकाश पिता एउटै गाउँ गिंग कमानका हुन्छन् । पूर्णजित त्यसताकका नामी म्यानेजर म्याकिन साहेबका अति पत्यारिलो कर्मचारी भएका हुनाले उनको अवकाश प्राप्तिपछि पूर्णजितलाई आफैसँग शिलाङ ल्याएका हुन्छन् । दार्जिलिङ सेसन्स न्यायालयमा वसन्तको मुकद्‌माको अन्तिम दिन हुन्छ । जज साहेबले आफ्नो फैसला सुनाउँछन्- “वसन्त कुमारलाई म भारतको दण्ड विधानको धारा ३०२ को अपराधमा आजन्म सश्रम कारावासको दण्ड दिन्छु” (पृ.२४२) । यसरी अपराधी तथा कुकर्म गर्ने

व्यक्तिले निश्चय नै सजाय भोग्न पर्छ भन्ने जानकारी गराएको घटनाले प्रस्तुत उपन्यासको कथानकमा अपराधीले एक दिन सजाय भोग्नै पर्छ भन्ने जानकारी गराएको छ । यसले प्रस्तुत उपन्यासको कथानक प्रभावकारी तथा रोचक बन्न सकेको देखिन्छ ।

चौधदेखि सत्र परिच्छेदमा करणको घरमा बहिनी शान्तिको बिहेपछि ऊ माता पिताको साथी बनेर घरको व्यवसायमा लाग्छ । उसलाई मिरिकबाट अर्जुन स्याङदेनले अनुराधाको बिरामीको हाल पत्रद्वारा पठाउँछ । पत्र पढेर करण अनुराधाको नजिक हुन चाहन्छ ।

परिच्छेद १८ देखि २० अन्तर्गत करणका पिता र माता खुसी हुन्छन् । करणचाहिँ अनुराधाको मानसिक अवस्थामा विकार आएको घटना मातापितालाई कसरी बताऊँ भनेर द्विविधामा परेको हुन्छ । यस्तै समयमा करणले एउटा बन्द टेलिग्राम पाउँछ । अनुराधाको फुपा सूर्यप्रकाशले पठाएको टेलिग्राम सँगसँगै अर्को अर्जुनले खरसाङबाट पठाएको पत्र करणले पढ्छ । यसमा पनि उही अनुराधाको अस्वस्थताको कुरो लेखिएको हुन्छ । त्यसपछि करणले अनुराधालाई भेट्न दार्जिलिङ जाने अनुमति पितासित माग्छ अनि पिताले केही बोल्नुअघि नै करण निस्कन्छ । त्यसपछि करण मिरिक बजार अनुराधाको फुपा सूर्यप्रकाशको घरमा आइपुग्छ । अनुराधा बिरामी भएको कुरा नोकर रणेबाट करणलाई जानकारी प्राप्त हुन्छ । उनीहरू अनुराधालाई लिएर तिन दिनअघि राँची गएका हुन्छन् । करण मिरिकबाट फर्केर खरसाङमा अर्जुन स्याङदेनको आमासित भेट गरी निस्कन्छ । त्यसपछि राँची मानसिक आरोग्यशालामा पुग्छ । अनुराधा त्यस अस्पतालमा नभएको जानकारी पाएपछि करण पागल झैँ राँची स्टेसनतिर लाग्छ । एउटा ट्याक्सी चढी करण प्रेसिडेन्सी जेल पुग्छ । त्यहाँ वसन्तकुमारलाई भेट्छ । वसन्तले आफूले विगतमा गरेका अपराधहरू सबै सुनाउँछ र करणको खुट्टा समाएर रुन्छ । यसरी अपराधीले आफ्नो अपराधलाई स्वीकार गरेर माफी मागेको घटनाले प्रस्तुत उपन्यासको कथानक प्रभावकारी बनेको पाइन्छ । त्यसपछि करण प्रेसिडेन्सी जेलदेखि ‘लुम्बिनी उद्यान’ मानसिक आरोग्यशाला आइपुग्छ । त्यहाँ सूर्यप्रकाश र उनकी श्रीमती अनि डाक्टर प्रकाश अनुराधाको सिकिस्त हालत देखी हतोत्साही भएर बसेका हुन्छन् । करणलाई लिएर सूर्यप्रकाश र उनकी श्रमिती, डा. प्रकाश र अर्का मेडिकल अफिसर अनुराधाको कोठामा पुग्छन् । करणलाई देखेपछि अनुराधाको सारा रोग हराए जस्तै हुन्छ । एक अर्कामा समर्पित हुने वाचाका साथ ती दुई प्रेमी प्रेमिकाको मिलन हुन्छ । यो घटना देखेर फुफू फुपा, डाक्टर सबै खुसी हुन्छन् । यसरी प्रस्तुत उपन्यासको कथानक सुखान्त भई टुङ्गिएको पाइन्छ । कथानकको अन्तिम भागले आत्मिक प्रेमको विजय गराई आदि भागले उठाएको र मध्य भागले उत्सुकता तथा द्वन्द्वले स्थापित गरेको समस्यालाई सुल्झाउँदै ल्याई शेष समस्याको छिनोफानो गरेको छ ।

अशेष यात्रा उपन्यासको कथानकको स्रोत सामाजिक र मनोवैज्ञानिक यथार्थ हो । मानसिक रूपमा विकसित हुने ग्रन्थि र जीवनका पीडाहरूले मानिसलाई कस्तो अवस्थामा पुऱ्याउँछ भन्ने कुरालाई यस उपन्यासका प्रमुख नारी पात्र अनुराधाको जीवन घटनाले प्रस्ट पारेको छ । स्वस्थ मानसिक अवस्था भएकी अनुराधालाई उसको प्रेमी वसन्तकुमारले विश्वासघात गरी अर्की युवतीसँग बिहे गरेको घटनाले विक्षिप्त बन्न पुगेको घटना र करणले उसप्रति आत्मिक प्रेम

गरिरहेको समानान्तर प्रणय सन्दर्भबाट कथानकको निर्माण भएकाले प्रस्तुत उपन्यासको कथानक त्रिकोणात्मक प्रेम सम्बन्धमा आधारित रहेको छ । दुई जना नायक भएका कारण मुख्य र सहायक कथानक गरी दुई प्रकारका कथानकको निर्माण यस उपन्यासमा गरिएको छ । सहायक कथानक पनि मुख्य कथानकबाटै विकसित र मुख्य कथानकलाई प्रत्यक्ष रूपमा प्रभाव पार्न सक्ने खालको देखिन्छ । मानव जीवनका आशा, निराशा, स्वर्णिम एवम् वितृष्णा युक्त क्षण, मस्तिष्कको पलायन आदि भावनात्मक परिवेशमै आधारित रहेका हुनाले यसको कथानक बाह्य सामाजिक भन्दा व्यक्तिका मनोजगतसँग बढी सम्बद्ध रहेको छ र आत्मिक प्रणय सन्दर्भको प्रधानताले त्यसलाई स्थूल सामाजिक यथार्थवादभन्दा बढी स्वच्छन्दतावादी बनाएको छ । यसमा आन्तरिक द्वन्द्व प्रधान भएर कथानकलाई अगाडि बढाएको छ । आदि, मध्य र अन्तिम भागमा तथा तिनका विभिन्न खण्ड र परिच्छेदमा विभाजित भए पनि यस उपन्यासको कथानक कार्यकारण शृङ्खलामा कुशलतापूर्वक विन्यास भएको पाइन्छ । अतः औपन्यासिक संरचनामा प्रस्तुत उपन्यासको कथानकको स्थिति विश्वसनीय र जीवन्त रहेको देखिन्छ ।

४.३.२ पात्र विधान र तिनको चरित्र

प्रस्तुत उपन्यासमा प्रमुख पात्र, सहायक पात्र र गौण पात्रको प्रभावकारी विधान गरिएको देखिन्छ । करण र अनुराधा यस उपन्यासमा उपस्थित प्रमुख पुरुष र स्त्री पात्र हुन् । यिनकै केन्द्रीयतामा कथानक अघि बढेको छ । यो बहुपात्रीय उपन्यास हो । यस उपन्यासमा १२४ जना पात्रहरूको उपस्थिति रहेको छ (परिशिष्ट २) । यसमा वसन्त कुमारले खलपात्रको भूमिका निर्वाह गरेको छ । करणका पिता पूर्णजित मुखिया, फुपा सूर्यप्रकाश, डाक्टर प्रकाश, अर्जुन स्याङदेन, रत्नकमल आदि यस उपन्यासका सहायक पात्र हुन् । त्यस्तै यस उपन्यासमा धेरै गौण पात्रहरूको प्रयोग भएको छ । यी सबै खाले पात्रहरूको उपस्थिति भएकाले यो बहुल पात्रीय उपन्यास हो भन्ने कुरा प्रस्ट हुन्छ तर पनि ती सबै समान भूमिकामा छैनन् । त्यसैले यहाँ ती मध्ये भूमिका र अन्य चारित्रिक वैशिष्ट्यका आधारमा मुख्य तथा सहायक पात्रहरूको औपन्यासिक भूमिका र चारित्रिक विशेषताको विश्लेषण गरिएको छ ।

(क) करण

करण **अशेष यात्रा** उपन्यासको प्रमुख पात्र वा नायक हो । ऊ पूर्णजित र सानुमायाको छोरा हो । असमको आराधुरा निवासी करणलाई उसका पिताले बनारस विश्वविद्यालयको कला विभागमा अर्थनीति विषयमा एम.ए. को अध्ययन गर्न पठाएका हुन्छन् । करण अविवाहित शिक्षित पात्र हो । यस उपन्यासमा उसको भूमिका वा चरित्र प्रतिनिधि, गतिशील र सत्पात्रका रूपमा चित्रित छ ।

दार्जिलिङबाट अध्ययन गर्न बनारस विश्वविद्यालयमा गएकी अनुराधासित करणको भेट हुन्छ । करण उप्रति आकर्षित हुन्छ र अनुराधालाई उसले आफ्नो प्रेमिका बनाउन चाहन्छ । यस्तो इच्छा लिएर बसेको समयमा करणका पिताले पञ्चवीरकी छोरी ललितासित बिहे गरिदिने मन्तव्य पोखेर करणलाई पत्र पठाएका हुन्छन् । यही पत्र सँगसँगै उसकी बहिनी शान्तिले घरको विस्तृत

जानकारी दिएर लेखेको पत्र पनि करणले पाउँछ । यी दुईवटा पत्र पढेर करण विह्वल बनी घुम्न निस्किएको समयमा अनुराधा र वसन्तुकमार बगैँचामा बसी प्रेमलाप गरि रहेको देख्छ । यसले ऊ झन् विचलित बन्छ । उसका साथीहरू पनि ग्रीष्मको विदामा आआफ्ना घर जान्छन् । करण भने आफ्नो घर आराधुरा जाने इच्छा गर्दैन । ऊ एक्लो लक्ष्यहीन बनेर बस्छ । उसलाई पढ्नमा मन लाग्दैन, हृदयमा तुमुल सङ्घर्ष चलि रहेको हुन्छ । उसमा खाने इच्छा हुँदैन, चारैतिर उजाड र विरक्ति मात्र देखिन्छ । बनारसका प्रत्येक वस्तु, बाटोघाटो, मानिस, बजार आदिदेखि ऊ वाक्क हुन्छ । ऊ कतै गएर आफ्ना हृदयको भार हल्का गर्न चाहन्छ । ऊ रोएर हृदयमा रुमल्लिएर बसेको भाव पोख्न चाहन्छ । त्यसै समयमा दार्जिलिङबाट पुस्तक छपाउने काम लिएर बनारस गएका इन्द्रप्रकाशसित उसको भेट हुन्छ । उनीसित करण दार्जिलिङ घुम्न आउँछ । केही दिनपछि करणले दार्जिलिङमा नोकरी गरेर बस्ने इच्छा गरेपछि ऊ मिरिक जुनियर हाई स्कुलमा शिक्षकको पदमा कार्यरत हुन पुग्छ । यस बेलाको उसको सामाजिक शैक्षिक स्तरलाई हेर्दा ऊ एक्लो, विक्षिप्त तर एक शिक्षित पात्रका रूपमा रहेको देखिन्छ । कृतिगत कार्य वा उपन्यासको पात्रगत भूमिकाका आधारमा करणको उपस्थिति अन्य पात्रको भन्दा अधिक देखापर्छ । उपन्यासको सुरुदेखि अन्त्यसम्म उसको भूमिका कथानकसित जोडिएर आएको छ । त्यसैले करण प्रस्तुत उपन्यासको प्रमुख पुरुष पात्र तथा नायक हो । करणको व्यक्तित्वको वर्णन उपन्यासकारले यसरी गरेका छन् :

> करणको गुण, विद्वत्ताद्वारा सारा खरसाङका जनता मुग्ध थिए । शिक्षकवर्गमा त्यो अत्यन्त लोकप्रिय अनि आत्मीय बन्यो । प्रधान शिक्षक तथा विद्यालय सञ्चालन समितिका सदस्यगण करणजस्तो योग्य अनि गुणी शिक्षक पाएर अत्यन्त गौरवान्वित थिए । विद्वत्ता, गुण एवं रूपले युक्त भए तापनि त्यसमा विनय, नम्रता अनि कोमलता अधिक मात्रामा थियो । शिक्षकवर्गमा एउटै प्रश्न सधैँ हुन्थ्यो, एउटा रहस्य, एउटा कौतूहल, एउटा खोजमा तिनीहरू डुब्थे । त्यो थियो करणको भावुकता । किन त्यो भावुक, चिन्तापूर्ण, मलीन अनि अफसोस रहन्छ । सधैँ अरू हाँस्ता त्यो हाँछ, गफ गर्दा त्यसले भाग लिन्छ तर सबै नकली, त्यो हृदयबाट हाँस्तैन, त्यसको हँसाइमा आडम्बर अनि अभिनय छ । (पृ.१३०)

करण विद्वता र गुण सम्पन्न व्यक्ति भएको हुनाले एक सत्पात्रका रूपमा देखिएको छ । उसका मनोवैज्ञानिक अवस्थाको उद्घाटन गराएर उपन्यासकारले युवा हृदयको प्रणय व्यापारलाई चित्रित गरेको देखिन्छ । अनुराधालाई आफ्नी प्रेयसी ठानेर ऊ भावुक हुन्छ । उसको आत्मिक प्रेमको मूल्य अनुसार प्रस्तुत उपन्यासको अन्तमा अनुराधासित मिलन भएको छ । मनोवैज्ञानिक दृष्टिले उसको चरित्रमा गतिशीलता देखिन्छ । यस सम्बन्धमा उपन्यासकार लेख्छन् :

> करण आफ्नो अन्तिम परीक्षाका निम्ति दिलोज्यान लगाइरहेका थिए किनकि एम.ए.को परीक्षा त्यति सहज थिएन । धनी पिताको एक मात्र पुत्र भए तापनि त्यसले लक्ष्मीलाई भन्दा सरस्वतीलाई ठुलो मानेको थियो । हृदयमा अद्भूत उत्साह, भविष्यको मीठो कल्पना, आँखामा अनुराधाको सुचारु तस्वीर, कानमा सुमिष्ट गीत लिएर त्यो पढि रहेथ्यो, मेहनत गरि रहेथ्यो, भविष्य बनाइ रहेथ्यो । (पृ.३१)

करण निकै लगनशील थियो भन्ने कुराको जानकारी उपन्यासकारको उपर्युक्त कथनबाट पाउन सकिन्छ ।

प्रस्तुत उपन्यासमा उपन्यासकारले करणका पिता धनी भए पनि करणले धनभन्दा विद्यार्जनलाई महत्त्व दिएको कुरा प्रस्ट गरेका छन् तर प्रेम सम्बन्धमा अल्भेर उसले आफ्ना पिताले राखेको ललितासित बिहेको प्रस्ताव अस्वीकार गरेको छ । यस सम्बन्धमा आफ्नो विमतिलाई उसले पिता सामु पत्र मार्फत यसरी प्रकट गरेको छ :

> पिताज्यूप्रति असीम श्रद्धा र प्रगाढ भक्ति हुँदाहुँदै पनि जीवनमा पहिलोपल्ट मैले तपाईंको सल्लाहलाई मान्न असमर्थ भएको छु । यो मेरो निम्ति दुर्भाग्य र दुःखको कुराको हो । पिताजीको आधा जीवन दुःख कष्टमा बिताई हामीलाई कसरी सुख र आनन्दको दुनियाँ दिनुभयो, देखाउनुभयो, त्यो अर्कै कहानी छ । मलाई यो उच्च शिक्षा प्राप्त गर्नुलाई समाजमा जोरीपारिको समक्ष कसरी ढुङ्गा माटोसरि पैसा खर्च गर्नु हुँदैछ, यो कुरो निश्चय नै अरू केटाहरूको भाग्यमा जुरेको छैन । मेरो सुयोग तपाईंभैँ उदार, दूरदर्शी अनि स्नेहपूर्ण पिताको कृपाले नै हो । पिताजीको सल्लाह मान्नसकेको भए म आफैलाई भाग्यमानी मान्ने थिएँ । तपाईले जो प्रस्ताव राख्नु भयो त्यो निश्चय पनि मेरो उन्नति, कल्याण अनि हाम्रो खानदानको शान राख्नकै निम्ति हो । परन्तु अहिले समय अनुकूल छैन । (पृ. ४१)

करण धनी परिवारको शिक्षित अविवाहित पात्र हो । उसले आफ्नो पिताको आज्ञा पालना गर्नुको साटो घर नै नगएर माता पितालाई चिन्तित तुल्याएको छ । उसले आफू दार्जिलिङ आएको अनि मिरिकमा शिक्षण कार्य गरेको तथा केही महिनापछि खरसाङको पुष्परानी विद्यालयमा शिक्षण कार्य गरी बसेको कुरा पनि आफ्ना मातापितालाई जनाएको छैन । माता पिताको इच्छा विरूद्ध उनीहरूका प्रस्तावलाई नमानी घर छोडेर भौँतारिँदै ऊ बेपत्ता हुन्छ । यस कारण माता पिता करणको खोजी गर्छन् । दुई वर्षपछि मात्र उसले घर आउँदैछु भनेर पितालाई पत्र पठाउँछ । यस प्रसङ्गमा करणले केही मात्रामा उच्च वर्गका शिक्षित तर व्यक्तिगत स्वतन्त्रताका लागि मातापिताको अवज्ञा गर्ने युवाहरूको भूमिका पनि निर्वाह गरेको देखिन्छ । वास्तवमा ऊ त्यस समयको शिक्षित उच्च वर्गका नेपाली युवाहरूको प्रतिनिधित्व गर्ने पात्र हो ।

करण प्रस्तुत उपन्यासको मञ्चीय पात्र हो । औपन्यासिक पात्र विधानका दृष्टिले ऊ बद्ध पात्र हो । उसको समग्र व्यक्तित्व भने व्यक्तिगत प्रकृतिको छ साथै मातापिताको आज्ञाकारी बन्ने परम्परागत नेपाली (पूर्वीय) संस्कारभन्दा भिन्न व्यक्तिगत स्वतन्त्रतालाई महत्त्व दिने पात्र हो । यही चरित्रका साथ उपन्यासमा उसको नायकीय भूमिका रहेको छ ।

(ख) अनुराधा

अनुराधा प्रस्तुत उपन्यासकी प्रमुख नारी पात्र तथा नायिका हो । उसले यस उपन्यासमा एकजना पगली (अर्द्धसिल्ली) प्रेमिकाको भूमिका निर्वाह गरेकी छे । उसको बाल्यकालमा नै उसकी माताको मृत्यु भएको हुन्छ । पिता रूद्रमान कलकत्ता ब्यारेकपुरका आर्म पुलिस सुबेदार हुन्छन् । कलकत्तामा हैजाको महामारीका कारण उनको मृत्यु भएको हुन्छ । माता पिता दुवैको मृत्युपछि

अनुराधालाई उसका फुपू फुपाले आफ्नो सन्तान सहर पालेका हुन्छन् । उनीहरूका आफ्ना सन्तान नभएका हुनाले अनुराधालाई छोरीको स्नेह दिएर हुर्काएका हुन्छन् । उनीहरूले अनुराधालाई दार्जिलिङको नेपाली कन्या विद्यालयमा पढाउँछन् । ऊ अल्पभाषी, सुशील, रूपवती, पढ्नमा पनि तेज भएको हुनाले उसका फुपाले आफ्नी भदैनीलाई एम.ए. पास गराएर समाजमा प्रोफेसर बनाउने इच्छा राखी बनारस हिन्दू विश्वविद्यालयमा एम.ए.को अध्ययन गर्न पठाएका हुन्छन् । अनुराधाको तारुण्य अवस्थाका कारण खरसाङ निवासी वसन्तकुमारसित बनारसमा भेट हुन्छ अनि यी दुईमा प्रेम सम्बन्ध स्थापित हुन्छ । अनुराधाले वसन्तकुमारलाई हृदयबाटै चोखो प्रेम गरेकी हुन्छे । वसन्तकुमारले भने आडम्बरी प्रेममा अनुराधालाई भुलाएको हुन्छ । उसले अनुराधालाई धोका दिएर अर्की युवतीसित बिहे गर्छ । फलस्वरूप अनुराधाको नारी हृदयमा आघात पर्न जान्छ र ऊ अर्धसिल्ली वा पगली बन्न पुगेकी हुन्छे ।

अनुराधा सुन्दरी छे, उसको तारुण्य अवस्था अनुरूप उसले वसन्तकुमारलाई प्रेम अभिव्यक्त गरेबाट उसमा प्रणय भाव उद्दीप्त भएको देखिन्छ । तर उसको त्यो प्रेमभाव विशुद्ध आत्मिक रहेको देखिन्छ । उसले मध्यम वर्गकी शिक्षित नारी पात्रका रूपमा तथा पगली तरुणी नायिकाका रूपमा रहेर यस उपन्यासको प्रमुख नारी पात्राको भूमिका निर्वाह गरेको पाइन्छ । उसको प्रेमी वसन्तकुमारले विश्वासघात गरेका हुनाले उसको मानसिक सन्तुलन बिग्रेको हुन्छ ।

मनोविज्ञानका दृष्टिले हेर्दा उसको अहम् आहत भएपछि र अवचेतनको कामेच्छा अतृप्त हुन पुग्नुका कारण ऊ विक्षिप्त बन्न पुगेकी छ । आत्मिक प्रेमलाई नै महान् मान्ने स्वच्छन्दतावादी जीवन दृष्टिको अभिव्यञ्जना पनि अनुराधाको आदर्श चरित्रले गरेको छ । प्रस्तुत उपन्यासको वैचारिक अर्न्तद्वन्द्वका परिप्रेक्ष्यमा पनि प्रमुख पात्र तथा नायिका अनुराधाको पक्ष अधिक रहेको हुनाले उसको नायिका चरित्र सर्वाधिक प्रभावशाली देखा परेको छ ।

(ग) पूर्णजित

पूर्णजित **अशेष यात्रा** उपन्यासका महत्त्वपूर्ण पुरुष पात्र हुन् । उपन्यासमा यिनको आगमन प्रथम खण्डको दोस्रो परिच्छेदमा भएको छ । उपन्यासमा यिनीसँग सम्बन्धित उपस्थिति सुरुदेखि अन्तसम्म रहेको छ । उपन्यासका प्रमुख पात्र तथा नायक करणको पिताको भूमिका यिनले निर्वाह गरेका छन् ।

पूर्णजित आराधुराका ठालु हुन् । धनमा, बलमा, प्रतापमा अनि बोली वचनमा यिनी समान यो अञ्चलमा कमै नेपाली छन् । बलमा यिनीसित 'मै हुँ' भन्ने नागाहरू डराउँछन् । मीठो बोलीचाली भएका यिनी गाउँका पञ्चायतका मुखिया हुन् । यिनको ठुलो चौडीदार घर, पच्चिस ऐकड जमिन, गाईगोठ, नोकर चाकर छन् । मेकिन साहेबले आफ्नो अवकाशपछि यिनलाई पनि आफैसँग शिलाङ लिएर आएका हुन् । केही समयमा मेकिन साहेबको मृत्यु हुन्छ । तर उनले पूर्णजितलाई साँचो, इमान्दार, दिगो सेवा गरेको खण्डमा पचास हजार रूपियाँ नगद, आफ्नो सुनको पाकेट घडी अनि एउटा लौरो 'विल'मा लेखिदिएका हुन्छन् । पूर्णजितलाई गिंग कमान आउन मन लाग्छ तर यिनको घर हुँदैन । मेकिन साहेबको वचन 'सबै काम हो, काम गर्नुपर्छ

आफ्नो हातले, तब रूपियाँ आफै आउँछ' (पृ.९) भनेको कुराको सम्झना आउँछ । यसैले गर्दा यिनी नागाहिल्सतर्फ लाग्छन्, केही दिन काम गर्छन्, जमीन किन्छन्, गाईवस्तु जम्मा गर्छन् । विस्तारै पैसा कमाउँछन् अनि यसै ठाउँको मण्डलकी छोरी सानुमायालाई बिहे गर्छन् । उनीहरूको कोखबाट एउटा छोरो करण अनि एउटी छोरी शान्तिको जन्म हुन्छ । यसरी प्रस्तुत उपन्यासमा यिनलाई सङ्घर्षशील तथा परिश्रमी पात्रका रूपमा चित्रण गरिएको पाइन्छ ।

केटाहरू काम गर्दा अल्छी गरेको देखेर यिनी भन्ने गर्छन्- "हाम्रो पालामा तिमीहरू जस्तो हुँदा ढुङ्गा पल्टायौं, बाघ मार्‍यौं, तीन दिन भोकभोकै बस्थ्यौं, ए अल्से मोरा हो । बारीमा काँटा रोप्दा पनि जमीनलाई दुख्ला जस्तो सुस्तीसित रोपेको ? जति हातले काम गर्‍यो उति शरीर फूर्ति रहन्छ- त्यस्तो श्यालमरूवा पाराले पनि कहिले काम गर्छ" (पृ.६) । यसरी यिनले आफ्नो परिश्रमको परिचय दिएका छन् । यिनले आफ्नो परिश्रमका भरमा धन र मान दुवै चिज कमाएका हुन्छन् । मझौला कद, पुष्ट शरीर, अलि अलि फुलेको केश, आँखामा चस्मा लगाएका पूर्णजित मुखिया पचास वर्षको उमेरमा पनि बुढो देखिँदैनन् ।

मुखिया पूर्णजित पुराना ढाँचाका अशिक्षित व्यक्ति भए तापनि शिलाङ अनि गौहाटीका व्यापारी बन्धुहरूको सल्लाह अनुसार यिनले छोरो करणलाई उच्च शिक्षा अध्ययनका निम्ति बनारस पठाएका हुन्छन् (पृ.१०) । पछि छोरो करणले घर छाडेर लापत्ता बनेको हुँदा मुखिया रिसाउँछन्- "छोराले धेरै पढेर बाबु आमा राम्ररी चिनेछ, मेरो घरमा अब त्यसको बास छैन, मलाई त्यस्ता नार्मद छोरा चाहिँदैन, मेरो छोरो सधैंको निम्ति मरेको बराबर भयो" (पृ.५०) । यसरी मुखियाले रिसको झोँकमा भनेका छन्, "बढेको शिक्षित छोरा बुढेसकालमा ढाडस र सहारा दिनु त कता हो कता आमाबाबु, घरद्वार, एउटै बहिनी अनि आफ्नो स्वदेश भुलेर कताकता डुलिहिँडेको कुराले मुखियाको हृदयमा गहिरो चोट लागेको हुन्छ । यसै कारण यिनले रक्सीको मात्रा बढाउन थाल्छन् । खानापिना प्रायः खान छाड्छन्" (पृ.११३) । श्रीमतीले सम्झाइ बुझाइ गरेपछि धेरै पिउन छाड्छन् ।

मुखिया प्रस्तुत उपन्यासका गतिशील पात्र हुन् । यिनी दार्जिलिङदेखि शिलाङ, त्यसपछि आराधुरा गएका छन् । यिनी मञ्चीय पात्र हुन् । यिनले यस उपन्यासमा आबद्ध पात्रको भूमिका निर्वाह गरेका छन् । भूमिकाका आधारमा पूर्णजित मुखिया नेपाली समुदायका प्रतिनिधि पात्र हुन् । उनले प्रस्तुत उपन्यासमा पाको पुस्ताका अनुभव तथा सक्रिय एवं सङ्घर्षशील नेपालीको प्रभावकारी भूमिका निर्वाह गरेको पाइन्छ । उनका यी चारित्रिक भूमिकाले प्रस्तुत उपन्यासको कथानकलाई प्रभावकारी तुल्याएको छ ।

(घ) वसन्तकुमार

प्रस्तुत उपन्यासमा वसन्तको उपस्थिति तेस्रो खण्डको पहिलो परिच्छेदमा भएको छ । वसन्तकुमार खरसाङ निवासी युवक हो । ऊ विद्याध्ययनका सिलसिलामा बनारस विश्वविद्यालय गएको हुन्छ । यसै विश्वविद्यालयमा अनुराधासित वसन्तकुमारले झुटो प्रेम गर्छ । यसरी उसले

अनुराधाको सत्य प्रेमलाई धोका दिएर अर्को केटीलाई बिहे गर्छ । यही घटनाका कारण अनुराधा मानसिक असन्तुलनको सिकार बन्न पुग्छे ।

वसन्तकुमार खरसाङ बजारका धनी सरदार जयबहादुरको कान्छो छोरो हो । जयबहादुर मध्यम श्रेणीका व्यवसायी हुन् । उनका तीन भाइ छोराहरू मध्ये जेठोले सिलगढी मेन लाइनमा आफ्नै ट्रक चलाउँछ । माहिलो भाइ बाबुसित सरदारी गर्छ । कान्छो वसन्तकुमार चाहिँ कलकत्ता विश्वविद्यालयको प्रवेशिका परीक्षा दुईपल्ट असफल भई बनारस विश्वविद्यालयको प्रवेशिका परीक्षा तेस्रो दर्जामा पास गरी त्यसै विश्वविद्यालयमा एक वर्ष आइ.ए. पढ्दै गरेको हुन्छ । त्यही वर्ष खरसाङ आएर दार्जिलिङको होटेलमा काम गर्ने एकजना वेटरकी छोरीसित बनावटी प्रेम गरेपछि जबर्जस्ती त्यसलाई बिहे गर्न कर लागेको हुन्छ । त्यसपछि पढाइ त्यागेर त्यो कहिले सिलगढी जाने, कहिले दिनभरि मोटर स्ट्यान्ड रुँग्ने स्कुले केटीहरूलाई गिल्ला गर्ने अनि सिनेमा हलमा दिनरात डुल्ने गर्छ । पछिपछि मात्ने लत लागेर ऊ खरसाङको एउटा नामी रक्स्याहा बन्न पुग्छ ।

वसन्तकुमारको बदमासीका बारेमा प्रायः सबैलाई थाहा भएको हुन्छ । उसले तिन चार जना युवतीहरूको जीवन नष्ट गरेको हुन्छ । तिनधारेमा एउटा पान बेच्ने युवतीको काखको नानी पनि वसन्तको हो भन्ने हल्ला धेरै दिनदेखि चलेको हुन्छ (पृ.२२५) । उसका पिताले पनि छोराको बदमासीबारे थाहा पाउँछन् र सिलगढीको सिभोक रोडको छेउमा एउटा बाटोको ठेकाको काममा वसन्तलाई खटाउँछन्, तर वसन्त चार महिनासम्म त्यहाँ जसोतसो बसे पनि बैदार, मुन्सीहरूसित झगडा गरेर फेरि खरसाङ आइपुग्छ । ऊ जाँड-रक्सी भनेपछि मरिमेट्ने हुन्छ ।

खरसाङमा अस्पतालकी २१ वर्षीय परिसेविका पार्वतीको लास अस्पताल क्वार्टरमा पाइएको हुन्छ । अनुसन्धान र साक्षीहरूको बयान अनुसार त्यस हत्या आरोपमा वसन्तकुमारलाई गिरफ्तार गरी दार्जिलिङ जेलमा ल्याएको हुन्छ । उक्त लासको पोस्टमार्टम अनुसार युवती गर्भवती भएको थाहा हुन्छ । युवतीसित वसन्तले लेखेका धेरै पत्रहरू पाइन्छन्, साथै हत्या भएको रात वसन्त नै परिसेविका क्वार्टर आएको जानकारी चौकीदारद्वारा प्राप्त हुन्छ । फलस्वरूप वसन्तलाई मुद्दा चलाइन्छ र जेल हालिन्छ । यसै मुद्दाको अन्तिम दिनमा न्यायाधीशले आफ्नो फैसला सुनाउँछन् । वसन्तकुमारलाई भारतको दण्ड विधानको धारा ३०२ अन्तर्गतको अपराधमा आजन्म सश्रम कारावासको दण्ड दिइन्छ । यसपछि वसन्तकुमार आजन्म कारावासको सजाय भोग्न बाध्य हुन्छ ।

प्रस्तुत उपन्यासको प्रमुख पात्र करण प्रेसिडेन्सी जेलमा अनुराधालाई खोज्दै गएको समय वसन्तकुमारसित उसको भेट हुन्छ । यस समय वसन्त रुन्चे अनुहार लाएर भन्छ :

> म वसन्त हुँ, मलाई चिन्नुभएन ? म हत्यारा हुँ । मैले केवल परिचारिकाको हत्या गरिनँ तर समाजमा धेरै राम्रा मानिसहरूको क्षति गरेँ तपाइँको नाममा पुष्परानी विद्यालयमा मन्त्रीलाई झुटो अभियोग लगाएर पत्र लेख्ने बदमास मै हुँ, करण दाजु । मै हुँ ! तपाइँ र अनुराधाजस्ती पवित्र युवतीको नाउँमा कलङ्क लगाउने पनि नराधम मै हुँ, मलाई क्षमा गर्नुहोस् । (पृ.२७२)

वसन्तले आफ्नो अपराध स्वीकार गरे पनि आफ्ना अपराधका कारण बदमास वसन्तले उचित दण्ड भोगि रहेको हुन्छ । उसकी स्वास्नी पनि समाजको अपवाद सहन नसकी अर्को मानिससित पोइल जान्छे । यति दिनसम्म वसन्तको दानवी अत्याचार अनि कुव्यवहार सहेर बसेकोमा त्यसको विद्रोह स्वरूप ऊ अर्कासित पोइल गएकी हुन्छे । गाउँघरमा सबैले वसन्तको उपहास र गिल्ला गर्दा सानीलाई असह्य हुन्छ । उक्त भेटमा वसन्तले करणलाई अझ भन्छ, "अनुराधा पवित्र छ, हिमालयको चुचुरा अनि पहाडका झरनाझैँ ऊ पवित्र छ । आज यही कुरा तपाईंलाई मैले स्पष्टीकरण दिनसकेँ, मलाई पापी अनि नराधम भनी क्षमा गर्नुहोस् दाज्यू"! (पृ.२७२)

वसन्तकुमार उपन्यासमा एक धनी परिवारको बिग्रेको छोराका रूपमा देखिन्छ । यस उपन्यासको तेस्रो खण्डको पहिलो परिच्छेददेखि तेस्रो खण्डकै बिसौं परिच्छेदसम्म उसको उपस्थिति रहेको पाइन्छ । औपन्यासिक पात्रको भूमिका अनुसार वसन्तकुमारले प्रतिकूल पात्रको भूमिका निर्वाह गरेको छ । नारीप्रति कुदृष्टि र कुव्यवहार भएको साथै यौन सम्बन्धी विकृत आचरण भएको, कुलतमा लागेको, पिताको धनमा मोजमस्ती गर्ने नेपाली प्रजातिका धनी परिवारको बिग्रेको छोराको प्रतिनिधित्व वसन्तको चरित्रले गरेको छ । उसको पात्रगत भूमिका प्रतिकूल, अपराधी, जन्मकैदीको रहे तापनि अन्तमा आफ्नो अपराध तथा भुलका निम्ति करणसित माफी मागेको घटनाले उसका चरित्रमा केही सकारात्मक पक्षको सङ्केत गरेको छ । यसबाट असत्‌बाट सत्‌तर्फको उन्मुखताको सङ्केत पाइन्छ । मनोविज्ञानका दृष्टिले ऊ यौन पिपासामूलक कामवृत्ति र विकृत मानसिक अहम भएको पात्र हो । अतः उसको औपन्यासिक भूमिका अधिक रहे पनि ऊ खल पात्रका रूपमा उपस्थित छ । उपन्यासमा उसको स्थिति आबद्ध प्रकारको रहेको छ । ऊ व्यक्तिगत पात्र हो र औपन्यासिक भूमिकाका आधारमा प्रतिकूल पात्र हो ।

अशेष यात्रा उपन्यासको प्रमुख पात्र तथा नायक करण हो भने प्रमुख पात्रा तथा नायिका अनुराधा हो । यिनका अतिरिक्त यस उपन्यासमा सहायक तथा गौण पात्र-पात्राहरू पनि छन् जसले उपन्यासको निर्माणमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् । तीमध्ये करणका पिता पूर्णजित मुखिया, करणकी माता सानुमाया मुखिनी, बहिनी शान्ति, अर्जुनकुमार स्याङदेन (शिक्षक मित्र), वीरमान (चौकीदार), चन्द्रमती र सुकमती बहिनीहरू, सूर्यप्रकाश (अनुराधाका फुपा), डा. प्रकाश, म्याकिन साहेब, ललिता, पार्वती आदि मुख्य सहायक पात्र-पात्राहरू हुन् । यस उपन्यासमा यस्ता पात्रहरूको सङ्ख्या एकसय एकतिस रहेको छ ।

पात्र सङ्ख्याका दृष्टिले यस उपन्यासलाई पात्रबहुल उपन्यास मान्न सकिन्छ । यसमा स्थिर र गतिशील दुवै प्रकारका पात्रहरू देखिन्छन् । यसले मानव समाजका यथार्थ मानवीय पात्रहरूलाई प्रस्तुत गरेको देखिन्छ । यस उपन्यासमा करण, अनुराधा, वसन्तकुमार आदि पात्रले भूमिका निर्वाह गरेका छन् । औपन्यासिक पात्र विधानमा प्रतिकूल पात्रतालाई वसन्तको चारित्रिक विशेषताले दर्साएको छ ।

प्रस्तुत उपन्यासमा उच्च वर्गका साथै शिक्षित वर्गका पात्रहरू अधिक रहेका छन् । यस उपन्यासमा खल पात्र वसन्तकुमार उच्च वर्गबाट टिपिएको पात्र हो । यसमा प्रमुख तथा गौण स्त्री

पात्रहरूका सङ्ख्या ३५ अनि पुरुष पात्रको सङ्ख्या १०६ रहेको छ । यस प्रकार यस उपन्यासमा लैङ्गिक दृष्टिले पुरुष पात्रको बाहुल्य रहेको देखिन्छ । समग्रमा औपन्यासिक पात्र विधानका दृष्टिले **अशेष यात्रा** उपन्यासको पात्र विधानको स्थिति विश्वसनीय र कथानकको अनुकूल रहेको छ ।

अशेष यात्रा उपन्यासमा पनि मोक्तानको अघिल्ला उपन्यास **चरणधूलि**मा जस्तै पात्रहरूको चारित्रीकरण गर्दा मूलतः वर्णनात्मक र संवादात्मक दुवै पद्धत्तिबाट गरिएको छ । यस उपन्यासमा उपन्यासकारले पात्रहरूका सम्पूर्ण घटना साथै उनीहरूका चरित्रबारे वर्णन गरेका छन् । यसमा करण र अनुराधाले प्रमुख पात्रको भूमिका निर्वाह गरेका छन् । अन्य पात्रहरू गौण र अति गौण बनेर आएका छन् । वसन्तकुमारमा जस्ता प्रतिकूल पात्रको भूमिका पनि रहेको छ । यस सन्दर्भमा अनुराधाको चरित्रबारे उपन्यासकार लेख्छन् :

> अनुराधाको गीत गाउने समय यही थियो । जीवनको प्रथम प्रेमीले हृदयमा प्रणयको कलिलो भाव उमारेर त्यसलाई अथाह सागरमा एक्लै छोडेको थियो । नारी हृदयमा प्रणयको दिव्य लहर चल्दा अनुराधाले आफैलाई भुलेकी थिई । तर-तर, आज कहाँ छ त्यो प्रेमी ? कहाँ छन् ती दिनहरू, कोलाहलहीन जनहीन नदीको किनारमा विश्वलाई बिर्सी हृदयको धड्कन एक अर्कालाई सुनाएका ती दिनहरू । त्यो प्रेमीको पत्तो छैन, औ छैन अनुराधाको निम्ति सुनौलो दुनियाँ । तर युवतीले आफ्नो मानसपटलबाट त्यो मधुर प्रणयको चित्राङ्कनलाई हत्तपत्त विस्मरण गर्न सकिन । त्यो अर्द्ध-सिल्ली भई । पगली भई । (पृ.४)

अनुराधाको प्रथम प्रेमी वसन्तले झुटो प्रेम दर्साएर उसलाई धोका दिएको घटनाले अनुराधाले मानसिक आघात सहन नसक्दा अर्द्धसिल्ली तथा पगली बनेकी हुन्छे । यसबाट अनुराधा कमजोर हृदय भएकी साथै संसारको नियमलाई भुलेर भावनात्मक प्रेम सम्बन्धमा रमिरहने र त्यस क्रममा आएका घात र प्रतिकूलता सहन नसकी सिल्ली बन्न पुगेकी कमजोर मानसिकता भएकी पात्र हो भन्ने कुरा यस वर्णनले स्पष्ट पारेको छ ।

अनुराधा पगली बनेकी कारण उसलाई उपचारको निम्ति खरसाङ लगिएको हुन्छ । त्यस समय करणले अनुराधालाई भेट्छ । अनुराधा पगली बनेको घटना करणले पूर्ण रूपमा थाहा पाएपछि अनुराधा प्रति झनै आत्मीयता दर्साउने र उसलाई निको तुल्याउने मनसायले बनारस हिन्दु विश्वविद्यालयका घटनाहरूको स्मरण गराउने चेष्टा गर्छ । यस सन्दर्भमा करणले अनुराधाप्रति प्रेमभाव प्रकट गर्दै भन्छ-"अनुराधा ! तिमी किन यसरी विस्मृतिको दुनियाँमा अल्झन्छौ ? के तिमीलाई काशी विश्वविद्यालयको सम्झना आउँदैन ? के तिमीलाई नदेशरमा काशी नरेशको उद्यानको मधुर यादले सताउँदैन" (पृ.१४१) ? यसरी करणले आत्मिक प्रेमको प्रदर्शन गर्दै अनुराधाको मानसिक असन्तुलनलाई निको बनाउने कोसिस गरेको छ । यसबाट करण अनुराधालाई कति चाहन्छ भन्ने कुराको ज्ञात गराएको छ साथै करणको आत्मिक प्रणयमूलक चरित्रको चित्रण भएको छ ।

यसरी नै अनुराधाको फुपा सूर्यप्रकाश र करण बिच भएको संवादद्वारा करणको चरित्रको प्रकाशन भएको छ । सूर्यप्रकाशले आफ्नो पगली भदैनीलाई छोरीतुल्य हेरचाह गरिरहेका हुन्छन् ।

उनीहरूले गरेको उपचार भन्दा करणको संसर्गले अनुराधाको मानसिक सन्तुलनमा परिवर्तन आएको घटनाका प्रसङ्गमा सूर्यप्रकाश र करण बिचको संवाद यस्तो छ, "खूबै घत लाग्ने कुरा गर्नुभयो तपाईले । तपाईको ज्ञान र विद्वत्ताको विषयमा स्कुलका मन्त्री अनि प्रधान शिक्षकले प्रशंसा गरिरहेछन् । त्यो गौरवपूर्ण कुरा हो । यो दुर्भागिनी अनुराधाको जीवनमा तपाई आउनु भएर जो उद्धार गर्नुभयो त्यसको कुनै मोल छैन । हामी परिवारका सबैले तपाईलाई आफ्नै भनी ग्रहण गरिसकेका छौं । सूर्यप्रकाशले खुशी हुँदैन भने" (पृ.१४३) । सूर्यप्रकाशले करणका सत्चरित्रको यशगान गरेको कुरा उपर्युक्त उपन्यास अंशबाट स्पष्ट हुन्छ । यसबाट करणको ज्ञान र विद्वताको प्रशंसा उसको विद्यालयमा पनि भएको जानकारी भएको छ । यसरी करणको चरित्रको चित्रण गर्दा उपन्यासकारले वर्णात्मक र संवादात्मक पद्धति अँगालेका सन्दर्भ अनुसार प्रयोग गरिएको यस विधिले पात्रहरूको चरित्र चित्रणलाई खुबै रोचक र विश्वसनीय बनाएको छ ।

४.३.३ परिवेश

उपन्यासको अर्को महत्त्वपूर्ण तत्त्व परिवेश हो । उपन्यासको घटनाक्रममा देशकाल र परिवेशको मुख्य भूमिका रहन्छ । परिवेशलाई पर्यावरण, देशकाल, वातावरण आदि नामबाट अभिहित गरिएको पाइन्छ । उपन्यासका प्रत्येक घटनाहरू निश्चित स्थान र कालविशेषमा घटित हुने गर्छन् । उपन्यासका पात्रहरू पनि विशेष ठाउँ एवं समयमा उपस्थित भएर आफ्नो क्रियाकलाप गर्दछन् । परिवेश वा वातावरणको अभावमा उपन्यासको कथानक र चरित्रले पनि पूर्णता पाउन सक्दैनन् किनकि घटना प्रस्तुतिको आधार र पात्र चित्रणको आधार पनि परिवेश वा वातावरण नै हो । त्यसैले परिवेश कथानक र पात्र सिर्जना गरिने आधारभूमि हो ।

प्रस्तुत उपन्यास **अशेष यात्रा**मा स्थानीय प्राकृतिक, सामाजिक, सांस्कृतिक आदि परिवेशको आकर्षक चित्रण गरिएको पाइन्छ । यस उपन्यासमा स्थानका रूपमा मुख्यतः दार्जिलिङ जिल्ला अन्तर्गतका ससाना बजार मिरिक र खरसाङको विशेष चित्रण गरिएको छ । त्यस्तै दार्जिलिङदेखि बनारस हिन्दू विश्वविद्यालयका विभिन्न स्थानको परिवेश चित्रण यस उपन्यासमा गरिएको छ । यसर्थ यस उपन्यासमा स्थानगत परिवेशका रूपमा दार्जिलिङ जिल्लाका विभिन्न भूभागदेखि बनारस हिन्दू विश्वविद्यालय, आसामको आराधुरा हुँदै लुम्बिनी मानसिक आरोग्यशालासम्मका विभिन्न स्थानहरू आएका छन् । उपन्यासकारले यी स्थानसँग सम्बन्धित सामाजिक परिवेशको खास वर्णन गरेका छैनन् तापनि तत्तत् स्थानका स्थानीय प्रतिनिधिमूलक पात्रहरूबाटै त्यहाँका सामाजिक परिवेशको सङ्केत पाइन्छ । आसाम, कोहिमा आराधुरा निवासी पूर्णजितको छोरो करण यस उपन्यासको मूल पात्र तथा नायक हो । ऊ बनारस हिन्दू विश्वविद्यालयको छात्र हो । तत्कालीन मध्यम वर्गीय नेपाली समाजमा उच्च शिक्षाप्रति नेपालीहरूको आकर्षणको परिवेश प्रस्तुत उपन्यासमा व्यञ्जित गरिएको छ । नायिका अनुराधा पनि उच्च शिक्षा हासिल गर्न यसै विश्वविद्यालयमा गएकी हुन्छे । ऊ दार्जिलिङ राजबाडी निवासी हो । उसका मातापिताको मृत्युपछि फुपा सूर्यप्रकाशले उसलाई बनारस विश्वविद्यालयमा उच्च शिक्षा लिन पठाएका हुन्छन् । उनीहरूका दृष्टिकोणले तत्कालीन नेपाली समाज उच्च शिक्षाप्रति जागरूक तथा उत्साहित रहेको स्पष्ट हुन्छ ।

प्रमुख पात्र करणका पिता पूर्णजित मुखिया दार्जिलिङ गिंग कमानका रोटीवाला तथा साहेबका अर्दली हुन्छन् । उनलाई साहेबले शिलाङ लगेका हुन्छन् तर अनाचक साहेबको मृत्यु हुन्छ । त्यसपछि उनी एक्लो बन्छन् तर परिश्रमको बलले धन र यश कमाउन सफल हुन्छन् । यसरी उनी आराधुराका प्रतिष्ठित मुखिया बन्न पुगेका हुन्छन् । उनका बारेमा उपन्यासमा यस्तो चित्रण गरिएको छ :

> पूर्णजित आराधुराका ठालु हुन् । धनमा, बलमा, प्रतापमा अनि बोली वचनमा यिनी समान यो अञ्चलमा कम नेपाली होलान् । बलमा यिनीसित मै हुँ भन्ने नागाहरू डराउँथे, बोली वचनमा मीठो, गाउँका यिनी पञ्चायतका मुखिया थिए । ठुलो चौडादार घर, पच्चिस ऐकड जमीन, गाईगोठ, नोकर गोठाला यिनी यथार्थ रूपमा धनी थिए । गाउँ घरमा उनलाई सबै मुखिया साहेब भन्थे । (पृ.६)

प्रस्तुत उद्धरणबाट तत्कालीन समयमा नेपालीहरू आफ्नो परिश्रम, लगनशीलता र इमानदारीका कारण अन्य समुदाय माझ प्रतिष्ठित बन्न सकेको सामाजिक परिवेश उपन्यासमा वर्णित रहेको बोध गर्न सकिन्छ ।

विश्लेष्य उपन्यासमा स्थानीय सुन्दर प्राकृतिक परिवेशको आत्मपरक चित्रण गरिएको छ । त्यसैले आत्मपरकता यस उपन्यासको प्रकृति चित्रणको मुख्य विशेषता हो । उपन्यासमा प्रस्तुत गरिएका आत्मपरक प्रकृति चित्रणको उदाहरण यस प्रकार छ :

> मिरिक बजार एउटा सानो तर सुरम्य गाउँ । शहरदेखि धेरै टाडो भए तापनि त्यो थियो, आफ्नै रूपमा एउटा सानो सुन्दर बजार । मनोहर । धनी, गरीब, सर्दार, कुल्ली, अफसर, चप्रासी, व्यापारी, भिखारी, तरुणी तन्देरी, बूढा बूढी, कलकलाउँदा बालक बालिका, अल्लारे बल्लारे, किशोर किशोरी, सङ्गीतकार, सङ्गीतप्रेमी, खेलाडी, खेलप्रेमी, बदमास, जुवाडे, मतवाला, साधु, गम्भीरे, उलाहा, सुन्दरी तरुणी, फतौली गणिका । सबै त्यहाँका जनता थिए । (पृ.१)

प्रस्तुत उपन्यासमा स्थानीय परिवेशका रूपमा चित्रित प्रकृति चित्रणको आत्मपरक अभिव्यक्तिको प्रचूरता सँगसँगै प्रकृति चित्रणको वस्तुपरकता पनि रहेको पाइन्छ । वस्तुपरक प्रकृति चित्रणको उदाहरण यस्तो छ :

> सुदूर पूर्वाञ्चलको हरियो पहाडको काखमा पल्टिरहेको सानो सुन्दर गाउँ आराधुरा । नागा पहाडको कोहिमाअन्तर्गत चाँदमारी समीपको यो एउटा निकै मुख्य गाउँ आराधुरा हो । यहाँ नेपालीहरू आफ्नो सामाजिक जीवन निर्धक्क बिताउँछन्- जननी भूमि तिनीहरूको यहीँ भएको छ, कर्मभूमि यहीँ भएको छ औ भएको छ, भविष्य निर्माणको स्थल । यहाँ अधिकांश नेपालीहरू खेतीपाती गर्छन्, केही दूध, घिउ व्यापार, थोरै स्कुलमा शिक्षक छन्, कोही मात्रामा छन् नेपालीहरू सरकारी अफिसमा औ सामुहिक विकास सङ्गठनमा आराधुरा एउटा जिउँदो औ प्रगतिशील गाउँ हो । यहाँ एउटा प्राथमिक पाठशाला छ, नेपाली पुस्तकालय छ औ प्रत्येक वर्ष सार्वजनिक सत्यनारायणको व्रतकथा यो गाउँमा हुन्छ । एकता, प्रेम, सेवा तथा नेपाली जन जीवनको झाँकी आराधुरामा पाइन्छ । (पृ.६)

उपर्युक्त उद्धरणमा आराधुराको सामाजिक परिवेको वस्तुपरक चित्रण प्रस्तुत गरिएको छ । प्रकृतिका विविध रूपको चित्रणका दृष्टिले पनि **अशेष यात्रा**को प्रकृति चित्रण भएको पाइन्छ । यसरी नै पात्रीय मनस्थिति अनुरूप प्रकृतिको चित्रण गर्ने प्रवृत्ति पनि यस उपन्यासमा भेटिन्छ । उपन्यासमा प्रस्तुत गरिएको मानसिक प्रकृतिको चित्रण यस्तो छ :

> शान्तिको बिहे सकिएपछि मुखिया पूर्णजित परिवारमा अत्यन्त सन्नाटा छायो । घरमा एउटा मणि र रत्न हराएझैँ शून्यता र अन्धकार भयो । मुखिया अफसोस् र दुःखले गर्दा चूप थिए । मुखेनी छोरीको बिहेदेखि दुरान फर्केको दिनसम्म खुसी थिइन् । त्यसपछि सात दिनसम्म तिनी रोइरहिन् । (पृ.२४३)

उपन्यासमा चित्रण गरिएको धार्मिक वातावरणयुक्त बनारसको विशिष्ट परिवेश यस्तो छ :

> काशी नगरीमा धार्मिक वातावरणझैँ चारैतिर घण्टीको आवाज, ढोल नगराको ढङ ढङ अनि विभिन्न मन्दिरहरूमा आरती भजन ऊँ जय जगदीश हरे, प्रभु जय जगदीश हरेको आवाज गुञ्जायमान भइरहेथ्यो । अर्कोतिर विश्वविद्यालय प्राङ्गनमा युवक युवतीहरू गरमदेखि जोगिन साँझको हावा डुलिरहेका थिए । रिक्साको ताँती ओहोर दोहोर गरेर चलिरहेथ्यो । (पृ.४३)

दार्जिलिङ, खरसाङ, मिरिक विभिन्न प्राकृतिक वातावरणको प्रस्तुति सँगसँगै काशी हिन्दू विश्वविद्यालयको सौन्दर्यात्मक प्राकृतिक वातावरणको सुन्दर चित्रण यस उपन्यासमा गरिएको पाइन्छ । यसमा प्राकृतिक सौन्दर्य र प्रणय व्यापारको मनोवैज्ञानिक वातावरणले बाह्य र आन्तरिक परिवेशलाई सशक्त र प्रभावकारी बनाएको छ । घटना वा कथावस्तु र पात्रका परिवेश अनुरूप यसमा प्रकृतिका शान्त र भयानक स्वरूपको चित्रण भएको पाइन्छ । यस किसिमका बाह्य वातावरण र आन्तरिक वातावरणको चित्रणले प्रस्तुत उपन्यासको परिवशेलाई सजीवता प्रदान गरेको छ । यस कारण **अशेष यात्रा** उपन्यासको परिवेश संरचना कौशल अत्यधिक प्रभावशाली बन्न सकेको देखिन्छ ।

४.३.४ दृष्टिबिन्दु

अशेष यात्रा उपन्यासमा आन्तरिक दृष्टिबिन्दु अर्थात् प्रथम पुरुषीय दृष्टिबिन्दुको प्रयोग छ । यस उपन्यासको कथानक त्रिकोणात्मक प्रेम सम्बन्धमा आधारित छ । यसको प्रमुख पुरुष पात्र करण र वसन्तकुमार अनि प्रमुख नारी पात्र अनुराधा बिचको प्रणय सम्बन्धमा आएका विभिन्न बाधाहरूको घटनाहरूलाई उपन्यासकार स्वयम्ले प्रस्तुत गरेका छन् । औपन्यासिक कथा वाचकका रूपमा उपन्यासकार मोक्तानको भूमिका रहेको छ । यसरी प्रथम पुरुष दृष्टिबिन्दुका आधारमा उनले आफ्नो विचार प्रस्तुत गरेका छन् ।

प्रथम पुरुष दृष्टिबिन्दु अन्तर्गत कथा वाचक 'म' केन्द्रीय, सहायक वा गौण पात्र हुन्छ । यस ढाँचामा उपन्यासलाई प्रथम पुरुष समाख्याताले थाहा पाएको अनुभव गरेको औँल्याएको अथवा अरू पात्रहरूसँग कुरा गरेर पत्ता लगाएको कुरामा मात्र सीमित राखिन्छ (एड्ब्रम्स, सन् २००४ : २३३) । प्रथम पुरुषमा कथा भनिने हुँदा यो प्रत्यक्ष अनुभव जस्तो देखिन्छ । प्रथम पुरुष

दृष्टिबिन्दु दुई प्रकारको हुन्छ : केन्द्रीय र परिधीय । केन्द्रीय दृष्टिबिन्दुमा कथा वाचक आफैँ उपन्यासका कथाको नायक बनेर उपस्थित हुन्छ र आफ्नै अन्तरङ्ग जीवनको सूक्ष्मता साथ वर्णन गर्छ । प्रस्तुत उपन्यासमा भने प्रथम पुरुष दृष्टिबिन्दुको केन्द्रीय नभएर परिधीय दृष्टिबिन्दु रहेको पाइन्छ । यसमा 'म' पात्र कथा वाचकको रूपमा मात्र रहेको छ र उपन्यासका कथामा त्यसले सक्रिय भूमिका निर्वाह गरेको छैन । उपन्यासको कथानकमा विश्वसनीयता, घनिष्ठता, रागात्मकता, आत्मीयता निर्माण गर्न प्रथम पुरुष परिधीय दृष्टिबिन्दुको गहन भूमिका खेलेको छ । उपन्यास पढ्ने पाठकले उपन्यासमा वर्णित घटनालाई लेखकको प्रत्यक्ष अनुभव ठान्छ (शर्मा, २०५५ : ४१५) । यसमा अनुभवलाई स्वाभाविक र प्राकृतिक तरिकाले प्रस्तुत गरिने हुनाले विश्वसनीयता पैदा हुन्छ । मोक्तानको प्रस्तुत उपन्यासमा प्रयुक्त प्रथम पुरुष अन्तर्गतको परिधीय दृष्टिबिन्दुलाई पुष्टि गर्ने उदाहरण यस्तो छ :

> मेडिकल अफिसर गम्भीर मुद्रा लिएर भित्र पस्दै सूर्य प्रकाशलाई एउटा कागज देखाए । स्लिपमा, 'करणकुमार' भनी लेखिएको थियो– अनुराधालाई एउटा भेट्न करण बाहिरी कोठामा आइपुगेको रहेछ । मानसिक विशेषज्ञको मन्तव्य अनुसार करणसित भेट गरेपछि मात्र अनुराधाको जीवन वा मरणको फैसला हुनेछ भन्ने कुराले सबै थर्थर काँप्न थाले । डाक्टर प्रकाश बाहिर निस्के अनि करणलाई अँगालो हाले । श्रीमतीले रुँदै करणलाई धाप मारिन् । सूर्यप्रकाश मात्र चूपचाप भदैनीको छेउमा बसिरहे । (पृ.२७३)

प्रथम पुरुषीय आन्तरिक दृष्टिबिन्दुकै माध्यमबाट मोक्तानले यस उपन्यासमा स्वाभाविक ढङ्गले घटनाको वर्णन गरेका छन् । यसले गर्दा उपन्यासको कथानक विश्वसनीय र प्रभावकारी बनेको छ ।

४.३.५ भाषाशैली

अशेष यात्रा उपन्यास दार्जिलिङको सामाजिक पृष्ठभूमिमा लेखिएको हुनाले त्यहाँका विभिन्न जातिका भाषाको प्रयोग पर्याप्त मात्रामा रहेको छ । ती विभिन्न जातिले विभिन्न प्रयोग गर्ने विविध भाषाका विविध रूपको प्रयोग यस उपन्यासमा गरिएको देखिन्छ । त्यसको सङ्क्षिप्त रूपरेखा निम्नानुसार प्रस्तुत गरिएको छ :

(क) अङ्ग्रेजी पद/पदावली र वाक्यको प्रयोग

सिङ्गै भारतमा झैँ दार्जिलिङमा पनि अङ्ग्रेजहरूको शासन र भाषिक प्रभाव रहेकाले त्यहाँका शिक्षितहरूमा अङ्ग्रेजी भाषाको प्रयोग स्वाभाविक रहेको छ । **अशेष यात्रा** उपन्यासमा पनि यसको प्रभाव छ । त्यस्ता अङ्ग्रेजी पद, पदावली र वाक्यहरूको सूची यस प्रकार छ :

पद/पदावली : विल (पृ.९), कंग्रेचुलेशन, एनिथिङ्ग, लेक्चर (पृ.१३), वण्डरफूल, मारभेलस (पृ.१४), हिरो अब दि ग्यान्जेस् वेलकम (पृ.१७), इन्टरट्रेनिङ्ग, प्लिज, डोन्ट, वि, सिल्ली, (पृ.३०), लाइब्रेरी (पृ.३१), ओ सरी, ड्रप, ओ, यस, प्रमिज, बिउटीफूल (पृ.४४) । गुडलक (पृ.३२), रिटायर्ड (पृ.५८), किलिण्डर, ऐजन्ट (पृ.९४), पोष्टर, स्टेज (पृ.१२२), एन.सी.सी. ट्रेनिङ्ग (पृ.१३१), एसोसिएशन (पृ.१४७), जनरल, मेडिकल वार्ड, इमरजेन्सी, मेटरनिटी वार्ड, सर्जिकल वार्ड (पृ.१५५), गुड लक,

कार्डियो रेस्पिरेटरी फेलुयर (पृ.२२४), सर्टिफिकेट (पृ.२३५), ल्युसिड इन्टरभल (पृ.२३६), टेलिग्राम (पृ.२६२), स्पीकरबाट, प्लेटफर्म, रियायरिंग रूममा (पृ.२७०), मेट्रोन (पृ.२७१)

वाक्य : म त यसो भन्छु- To be or not to be that is the question. यूसी विदाउट, द एल्फ अब वाडर नो बडि एल लाइब (पृ.१४) । एटेन्शन प्लिज, एटेन्शन प्लिज । थ्री अप राँची एक्सप्रेस इज एराइभिङ्ग एड प्लेटफर्म । नम्बर नाइन विदिन एट फिउ मिनिट्स (पृ.२७०) ।

प्रस्तुत उपन्यासमा विभिन्न भाषाका मिश्रित भाषिक रूपको पनि प्रयोग गरिएको छ । जस्तै : मुखिया साहेब (पृ.७), सबैले हुन्छ, एनिथिङ्ग भने (पृ.१३), श्याबास ह्यामलेट ! वण्डरफूल मारभेलस् सबै कराउन थाले (पृ.१४), हो अनुराधा बिउटी क्विन नै हो करणले सोच्यो (पृ.२१), ओ यो कुरा, हिरो अब दि ग्याञ्जेस (पृ.३०), यसपाली 'ड्रप' गरौँ भन्दैछु (पृ.३०) आदि । अङ्ग्रेजी भाषाको र त्यसको मिश्रित प्रयोगले दार्जिलिङको सामाजिक भाषिक वैशिष्ट्यलाई प्रभावकारी ढङ्गले चित्रण गर्न सक्षम भएको देखिन्छ ।

(क) हिन्दी पद/पदावली र वाक्यको प्रयोग

उपन्यासमा हिन्दी भाषाको पनि प्रशस्त प्रभाव परेको देखिन्छ । त्यस्तो भाषिक प्रयोगका उदाहरण यस प्रकार छन् :

पद/पदावली : शयर (पृ.३९), कोलाहल (पृ.४४), सारा बगान (पृ.४४), खानदान (पृ.४९), प्रापक (पृ.५०), फिर्ता (पृ.५०), पत्र, लापत्ता, इन्कार, गुप्त, महल्ले (पृ १०२), अटूट (पृ.१०६), खानापिना (पृ.१०७), हिम्मत (पृ.१०९), गफ (पृ.११३), सिकिस्त (पृ.११४), बेसहारा, लत (पृ.११६), अकलगुम (पृ.११८), किराय (पृ.१२६), कदर (पृ.१३०), मदर (पृ.१३८), अरे (पृ.२६७), काइदा (पृ.१९९) आदि ।

वाक्य : छोटो नौका चाहिए । आइए ! आइए नौका शयर कीजिए, बाबुती हाँ जी, इधर आइए, सारा घाट हम शयर कराँएगे (पृ.१५) । दो पैसा, बाबुजी ! माइजी, दो दिन से भूखे है धर्म किजिएगा (पृ.१५) । इधर आइए बहुत बढियाँ है (पृ.१५) । जेठा ! जेठा हो ‼ किती लम्बा सुतेको? उठो ! उठो ! सुबह हुने बेला भयाको छो ! उठो ! उठो ‼ (पृ.२) अब त बन गया जनाब हिरो लिखाई पढाई में तो जिरो जिरो (पृ.१८) आदि । टुम हमारा साठ शिलाङ्ग जायेगा ? शिलाङ्ग जाने से टुम दार्जिलिङ भूल जायेगा (पृ.८) । क्या कमान, बोगस्, ओल्ड रबिश् (पृ.८) । टुम हमारा साठ शिलाङ्ग चलो (पृ.८) । डेखो ! देश आप्ना कान्ट्रीका प्यारा हामारा मिठा । जब हम बेलायत से आया हम बहोट आपसोस किया । पर सब काम के बास्टे है, काम करना परटा है हाट से, रूपयाँ पैसा आपसे आप आयोगा । हम मिलिट्रि में ठा । किटना ट्रावल मिला । फिर कोशिश कियो टो मेजर बना, तो फिर प्लान्टर । देखो ये मार्चसे हम रिटायर हो रहा है, शिलङ्ग जायेगा, उसके बाद बेलायत । बेलायत भि क्या मा नहिँ है, हम अकेला आडमी इधर उधर, तुम चलो हमारा साठ, टुमारा भि कोई नही (पृ.८) । जय गंगाभाई, जय भोलानाथ, हर हर बम् बम् (पृ.१०) । मिस अनुराधा तो बाहर चलिगयी है, किधर, कोही नहिँ बतासकती (पृ.४४) । यसरी हिन्दी पद, पदावली र वाक्यको प्रयोग हुनुमा हिन्दी भाषी समाजमा नेपाली भाषी समुदायको बसोबास हुनु र नेपाली

भाषी समुदायमा हिन्दी भाषाको प्रभाव रहनुलाई कारकका रूपमा लिन सकिन्छ । यसले उपन्यासलाई स्वाभाविक नै बनाएको छ ।

(ग) तत्सम पद/पदावलीको प्रयोग

प्रस्तुत उपन्यासमा संस्कृत भाषाका शब्दहरूको प्रयोग पनि केही मात्रामा भएको पाइन्छ । यस उपन्यासको नामकरण नै तत्सम शब्दबाट भएको छ । पात्रहरूको संवादमा तत्सम शब्द प्रयोग भएको देखिन्छ । उदाहरण स्वरूप निम्न शब्दहरूलाई लिन सकिन्छ :

निस्तब्धता (पृ.१), वक्षस्थल (पृ.२), अर्द्ध-सिल्ली (पृ.३), पगडण्डी, विभूषित (पृ.११), मातृप्रेम (पृ.४९), विचित्रता, तारतम्य (पृ.५९), कर्तव्यपरायण (पृ.१७३), प्रफुल्ल, सुमधुर (पृ.८७) मणि, रत्न, शून्यता, अन्धकार (पृ.२४३) आदि । यस्ता तत्सम शब्दको प्रयोगले उपन्यासको भाषा गहन र सघन भावयुक्त बनेको छ ।

तत्सम भाषाको शब्द प्रयोगले प्रस्तुत उपन्यासको भाषामा मिठास र स्तरीयता थपिएको देखिन्छ ।

अशेष यात्रा उपन्यासको भाषामा उखान र टुक्काको प्रयोग पर्याप्त भएको पाइन्छ । त्यस्ता उदाहरणहरू यस प्रकार छन् :

आधापिल्ठो, नमरी जानु, न गरी खानु बनाउला भन्ने पो डर (पृ.२), छोरीचेलीको जात, अर्काको भित्ता टाल्नैपर्ने (पृ.२५), काममा हात नहाल्नु हालेपछि हात्ती छिर्‍यो पुच्छर अड्क्यो किन (पृ.८८), सोझो मान्छेको कडा रिस त हो, लाटा सुधा त माया मोहको पञ्जामा एकोहोरा हुन्छन् (पृ.९०), धोती र टोपी हुन बाँकी छ (पृ.९५), तैं छाड कि मै छाड (पृ.९७), दशनंग्री खियाएर आफ्नो खुट्टामा उभेको जवान हूँ (पृ.११६), आमाको मन छोरामाथि तर छोराको मन विशाल दुनियाँमाथि (पृ.१४८), अर्काको चूल्हा टाल्न जाने, अब कसको निम्ति धन कमाउने (पृ.११४), आफ्नै गाला आफ्नै लपटा (पृ.११८), सबै काखी बजाउलान् (पृ.११९), पैसा मानिसले बनाएका होइन (पृ.१२६), जसले खतरा किन्छ उसैलाई मात्र लाभ पाउने अधिकार छ । (पृ.१४३), भाग्यमा छ भन्दैमा डोकोमा दूध दुहेर कहिले हुन्थ्यो र (पृ.१७५), सोझो औँलाले घिउ आउँदैन, लातको छोरालाई बातले कहिल्यै हुँदैन (पृ.२०८), कोइली र कागको भेद बोलीबाट मात्र छुट्टिन्छ नत्र हेर्दा एकै देखिन्छ (पृ.२०७), खोला धाउने कि तिर्खा (पृ.२३७), बीसको उन्नाइस त होइन त सुखदेखि दु:ख अनि दु:खदेखि कालको रूप रोगले लिँदैछ (पृ.३३), एउटा खुट्टा घरमा अर्को खुट्टा जंगलमा (पृ.४९), सास छउञ्ज्याल आश (पृ.२४७), मुटुमा चिसो पर्‍यो (पृ.२४९) आदि । यस्ता उखान र टुक्काका प्रयोगले यस उपन्यासको भाषा रोचक र लाक्षणिक बनेको देखिन्छ ।

प्रस्तुत उपन्यासको भाषामा नेपाली झर्रा र तद्भव शब्दहरूको प्रयोग पनि निकै मात्रामा भएको छ । केही उदाहरण निम्नानुसार छन् :

घुल्पुक्कै, आधापिल्चो, ध्वार-ध्वार (पृ.२), लुरूलुरू (पृ.३), राता राता, छयाङ्ग छयाङ्गे, हत्तपत्त खितिति, झक्झक्याउँदै (पृ.४), पागडण्डी (पृ.५), श्यालमरूवा, जमटको टोपी, बच्चा

बारी, दवाइपानी, साग सब्जी (पृ.७), हकडक् (पृ.८), सहीछाप, कुतकुती, ख्वांग ख्वांग (पृ.१५), मुसुमुसु (पृ.१७), जुरूक्क (पृ.२६), झिलिमिलि (पृ.२७), गमक्क, थरिथरिका (पृ.२७), स्वाट्ट, झाईं झुईं, क्रिङ्ग क्रिङ्ग (पृ.२८), पेलेपेले पार्न आँटयो (पृ.३२), गदगद (पृ.३६), छर्नम्म, चुरूक्क (पृ.४०), झलझली, टिलपिल (पृ.५९), घुँक्क घुँक्क (पृ.६२), उदाङ्गो (पृ.६३), ग्वारग्वारती (पृ.६५), सिरिरिरि (पृ.७२), चिरचिर (पृ.७२), स्याइँस्याइँ (पृ.७३), फत्र्याक फत्र्याक (पृ.५६), भुकभुके (पृ.७८), यवनको लचक (पृ.१३७), पियक्कड (पृ.२६३), झल्याँस्स (पृ.२६३), मुसुमुसु (पृ.२७४) आदि । यस किसिमको प्रयोगले गर्दा औपन्यासिक भाषामा स्वाभाविकता र नेपालीपन समृद्ध भएको छ भने पात्र अनुरूप पनि भएको देखिन्छ ।

प्रस्तुत उपन्यासमा निपातको प्रयोग यथेष्ट रूपमा गरिएको पाइन्छ । त्यस्ता निपात प्रयोग भएका वाक्यहरू पृष्ठ अनुरूप उदाहरणका निम्ति यहाँ उद्धृत गरिएको छ :

रूपियाँ पैसा त के छ र हामी गरिबसित नै (पृ.२), पेट त भर्नै पऱ्यो, नगरी खानु बनाउला भन्ने पो डर । खाली सुन्न मात्रै त हो नि ! क्यारिकेचर त हुन्छ होला है (पृ.१३), मरे काटे पनि निद्रा लागे त के र ! (पृ.३२), अब त कति दिन पो छ र घर जान तिमीले मलाई घरसम्म पुऱ्याइदिनुपर्छ नि ! (पृ.४४), दुःख के पो दिनुभयो र ? (पृ.६०), दुनियाँ न डराउने को छ र ? (पृ.६३), एइ केटी हो, दाल हाल है यहाँ नानीहरूलाई (पृ.७२), हो त कति अबेर भइसकेछ (पृ.७३), थत् कस्तो कुरा गरेको नानीले, आज दिनभरि गफ गरि बसौँला है (पृ.९३), न कुनै जीवन जन्तुको डर, न चोर डाकूको डर, न त भूत प्रेतको नै ! (पृ.१२१), लौ माथिको फूल को टिप्न सक्ने ? (पृ.१३७), तर उसले पो मान्ने हो या होइन (पृ.१४५), बिरामी पो छ कि (पृ.१४७), दाज्यु त पारमेन छोडेर पक्कै बिरानो हुनु भयो त (पृ.१८५), ओ दाज्यू, अबुइ के साह्रो निचिन्ने भएछ नि ! (पृ.१८४), खोइ त (पृ.२४८) इत्यादि । यस्ता विभिन्न निपातको प्रयोगले उपन्यासको भाषालाई लयात्मक, मिठासयुक्त र प्रभावोत्पादक बनाएको छ ।

प्रस्तुत उपन्यासको भाषामा निपातको अत्यधिक प्रयोग भएको पाइन्छ । यसले गर्दा तत्कालीन पात्रहरूका बोलचालको भाषा प्रस्ट हुन गएको देखिन्छ । प्रस्तुत उपन्यासको भाषा चयनमा पात्र अनुरूप, परिवेश अनुरूप तथा घटनाको स्थिति अनुरूप तारतम्य मिलेको पाइन्छ । यसैले यस उपन्यासको भाषाशैली रोचक तथा कलात्मक बनेको देखिन्छ ।

उपन्यासका पात्रहरूको संवादमा सामाजिक स्थिति, भौगोलिक अवस्था र वर्गको प्रभाव रहेको पाइन्छ । विभिन्न समुदायका भिन्न भिन्न भाषाको मिश्रणले पात्र र परिवेश सुहाउँदो भएको देखिन्छ । यसैले गर्दा प्रस्तुत उपन्यासको औपन्यासिक भाषा रोचक साथै विश्वसनीय बनेको छ । अनेपाली शब्दको प्रयोग तथा नेपाली प्रजातिका पात्र समूहमा धेरै समयदेखि हेलमेल हुँदै आएका अनेपाली पात्रहरूका भाषामा मिश्रित भाषाको प्रयोग धेरै भएको देखिन्छ, जस्तै :

स्याबास स्पामलेट ! वन्डरफूल मारभेलस् सबै कराउन थाले (पृ.१४) ।

हो अनुराधा बिउटी क्विन नै हो, करणले सोचे (पृ.२१) ।

यसपालि 'ड्रप' गरौं भन्दैछु (पृ.३०) ।

प्रस्तुत उपन्यासमा उपन्यासकारले अनेपाली शब्दको कलात्मक प्रयोग गरेका छन् । उपन्यासको भाषा सरल, सहज छ । पात्रपात्राले प्रयोग गरेको संवादमा बौद्धिकता पाइन्छ ।

प्रस्तुत उपन्यासमा प्रयोग भएको नेपाली भाषाको अनेपाली प्रयोगलाई उदाहरणका रूपमा बनारस विश्वविद्यालयमा अध्ययनरत नेपालदेखि आएका राजभण्डारीको संवादलाई यहाँ राख्न सकिन्छ- "होइन करणजी जो सरी, हिरो महाशय, पढ्ने इच्छा हुँदैन । यसो विचार गर्दा यसपाला ड्रप गरौं भन्दैछु, यो राजनीति हामीलाई कहाँ आउने" (पृ.५२) ?

अशेष यात्रा उपन्यासमा पनि मोक्तानले **चरणधूलि** उपन्यासमा जस्तै वणर्नात्मक शैलीको प्रयोग गरेका छन् । यस उपन्यासको कथानक करण, अनुराधा र वसन्तकुमारका बिच रहेको त्रिकोणात्मक प्रणय सम्बन्धमा आधारित छ । यिनीहरूको प्रणय व्यापारमा देखा परेका विभिन्न समस्याहरूको वर्णन उपन्यासकारले प्रथम पुरुषीय शैलीमा प्रस्तुत गरेका छन् । यस उपन्यासका प्रमुख पात्रहरूका घटनाले कथासँगै उनीहरूको चरित्र चित्रण गर्दै उपन्यासका कार्यव्यापार घटेका परिवेशको वर्णनद्वारा प्रस्तुत उपन्यासलाई रोचकता प्रदान गरेका छन् । यसरी वर्णनात्मक शैलीको प्रयोगसँगै बहुलपात्रको प्रयोग उपन्यासकारले यस उपन्यासमा गरेका छन् । यस उपन्यासका पात्रहरू सबै नेपाली समुदायका मात्र नरहेर विभिन्न जातिबाट लिएका छन् । यसले पश्चिम बंगालको बहुजातीय समाजको यथार्थिक चित्रण गर्ने शैलीगत विशेषता उनमा देखिएको छ । अतः प्रस्तुत उपन्यासमा मूलतः वर्णात्मक शैली र अंशतः चित्रात्मक शैली र बहुलपात्रगत शैलीको प्रयोग रहेको छ ।

प्रस्तुत उपन्यासको भाषा तत्कालीन परिवेश सुहाउँदो तथा परिवेश अनुरूप छ । उपन्यासमा पात्रगत भाषाको प्रस्तुति विश्वसनीय हुनाले पनि यथार्थ, सान्दर्भिक र रोचक बनेको छ । भाषाका दृष्टिले **अशेष यात्रा** उपन्यास सरल, सहज र कलात्मक देखिन्छ । यस उपन्यासमा छोटा छोटा वाक्य गठन, सङ्क्षिप्त र सूत्रात्मक वर्णन पाइने हुनाले उपन्यासको शैलीलाई सरल शैली भन्न सकिन्छ । विभिन्न जात जातिगत पृष्ठभूमि रहेको हुनाले यस उपन्यासमा मिश्रित भाषाको पनि प्रशस्त प्रयोग भएको देखिन्छ ।

४.३.६ विचार

कृष्णसिंह मोक्तानको दोस्रो औपन्यासिक कृति **अशेष यात्रा** मुख्यतः स्वच्छन्दतावादी उपन्यास हो । यसमा भारत स्वतन्त्र भएपछिको दार्जिलिङका नेपालीहरूको सामाजिक, सांस्कृतिक, धार्मिक र शैक्षिक मान्यता, आदर्श र मूल्यबारे चित्रण गरिएको छ । यस कृतिमा निम्न र निम्नमध्यम वर्गको आर्थिक दुरवस्था र जीवन सङ्घर्षको उल्लेख भएको पाइन्छ । नेपालीहरू आफ्नो परिश्रमका भरमा जहाँ रहेर पनि स्वाभिमानले बसेका छन् । मध्यम वर्गको आर्थिक सम्पन्नता, सामाजिक जागरण र शैक्षिक चेतनाको स्वर पनि व्यञ्जित भएको पाइन्छ । यस उपन्यासमा समाज, जाति र राष्ट्रको उत्थानमा नारीको महत्त्वपूर्ण भूमिका रहन्छ र यिनीहरूलाई स्वावलम्बी तुल्याउन उच्च शिक्षाको आवश्यकता रहन्छ । यस उपन्यासमा शिक्षा प्रचारको महत्त्वलाई सकारात्मक ढङ्गले प्रतिपादन गरिएको छ ।

प्रस्तुत उपन्यासमा मानिसले आफ्ना कर्म अनुसारको प्रतिफल पाउँछ तथा पाउनु पर्छ भन्ने आदर्शवादी विचारको प्रस्तुति वसन्तकुमारले र कान्छी तामाङनीले प्रस्तुत गरेका छन् । वसन्तकुमारले नारीको अस्मितासँग खेलवाड गर्छ । उसले अनुराधाको मात्र हैन अन्य नारीलाई पनि विश्वासघात गरेको हुँदा उसले जन्मकैदको सजायँ पाएको छ । यस्तै प्रकारले कान्छी तामाङनीले रक्सीको व्यापार सँगसँगै आफ्नो स्वार्थका खातिर पुरुष जातिलाई भुलाउने गर्दा आफैं घरबार विहीन बन्न पुगेकी छ । यसरी नराम्रो काम गर्दा मानिसले नराम्रै प्रतिफल भोग्नु पर्छ भन्ने आदर्शवादी विचार यस उपन्यासका माध्यमबाट उपन्यासकारले प्रस्तुत गरेका छन् ।

आत्मिक र निःस्वार्थ प्रेममा सफलता पाउन सकिने आदर्श विचारलाई करणका माध्यमबाट यस उपन्यासमा प्रस्तुत गरिएको छ । अनुराधालाई करणले आत्मिक प्रेम गर्छ । अनुराधाको मानसिक सन्तुलन बिग्रेको अवस्थामा पनि उसले अनुराधालाई निको तुल्याउने कोसिस गरेको हुन्छ । अन्त्यमा करणको आत्मिक प्रेमका कारण अनुराधा निको हुन्छ र उनीहरू दुवैको सुखद मिलन हुन्छ । यसरी मोक्तानले यस उपन्यासमा आत्मिक प्रेमको परिणति सुखान्त हुन्छ भन्ने आदर्शवादी विचार प्रस्तुत गरेका छन् ।

४.४ निष्कर्ष

उपन्यासकार कृष्णसिंह मोक्तानको पहिलो चरणमा प्रकाशित भएका दुवै उपन्यास स्वच्छन्दतावादी भावधारामा आधारित छन् । दुवै उपन्यासमा सामाजिक कथानकको प्रयोग भए पनि प्रेमको स्वच्छन्दतालाई बढी महत्त्व दिइएको छ । **चरणधूलि** उपन्यासको खण्ड र परिच्छेद विभाजन सङ्गतिपूर्ण एवं कथानकको विकास स्वाभाविक रहेको छ । यसमा प्रमुख कथानक अनि अनेक प्रासङ्गिक कथाहरू समावेश भएको छ । कथानक योजनालाई सूचारु र सन्तुलित रूप दिइएको छ तथा यो कृति अन्तमा सुखान्तक भएको पाइन्छ ।

दार्जिलिङ साथै त्यसको वरिपरि कालेबुङ छिबो बस्ती हुँदै कलकत्ता महानगरीसम्म पुगेको यस उपन्यासको स्थानगत परिवेश हो भने भारत स्वतन्त्र भएको केही वर्षपछिको घटनालाई यस उपन्यासले समयगत परिवेश बनाएको छ । दार्जिलिङे नेपालीहरूको सामाजिक, सांस्कृतिक, धार्मिक, शैक्षिक मान्यता, आदर्श र मूल्यहरूमा आएको वैचारिक परिवर्तनको चित्रण यसमा गरिएको पाइन्छ । समाज जाति र राष्ट्रको उत्थानमा नारीको भूमिकालाई महत्त्वपूर्ण मानिएको छ र यिनीहरूलाई रूढिवादी धारणा र मध्यकालीन संस्कारबाट मुक्त गराएर स्वावलम्बी तुल्याउन उच्च शिक्षा हासिल गर्न लगाइएको छ ।

प्रस्तुत उपन्यासमा प्रयुक्त निम्न र निम्न मध्यम वर्गीय मानिसहरूमा सामाजिक जागरण र शैक्षिक चेतनाको स्वर व्यञ्जित भएको पाइन्छ । देशको सुरक्षा गर्दा सहिद भएका लोग्नेविहीन एक्ली नारीले आफ्ना छोरालाई उच्च शिक्षा दिलाउन कठोर परिश्रम गरेको पाइन्छ । आफ्नो बिहेको नौगेडी महाजनकहाँ बन्दकी राखेर भए पनि आफ्नो छोरालाई महाविद्यालयीय शिक्षा हासिल गराउने सचेत प्रयत्न यसमा रहेको देखिन्छ । उच्चवर्गले निम्नवर्गप्रति गरेको शोषण,

अत्याचार रतनदास महाजनजस्ता पात्रका माध्यमद्वारा छर्लङ्ग पार्ने प्रयत्न गरिएको छ । तृतीय पुरुष दृष्टिबिन्दुमा संरचित यस उपन्यासमा दार्जिलिङका नेपाली समाजका आर्थिक दुरवस्था र उनीहरूका जीवन सङ्घर्षको चित्रणबाट प्रस्तुत उपन्यासको घटनावली विश्वसनीय बन्न सकेको छ ।

प्रस्तुत उपन्यासमा प्रेमको प्रधानतासँगै प्रकृति वर्णन, कल्पनाशीलता, सौन्दर्य चेतनाजस्ता विशेषताहरू पनि छन् । भारतीय नेपालीहरूले जीवन धान्न आफ्नो घर छाडेर महानगरदेखि मलायासम्म जानु परेको बाध्यता पनि यसमा वर्णित छ । उनीहरूको जीवन सङ्घर्ष र सामाजिक एवं सांस्कृतिक परिस्थितिको मार्मिक चित्रण पनि यसमा पाइन्छ ।

चरणधूलि उपन्यास स्वच्छन्दतावादी उपन्यास हो । यस उपन्यासको मुख्य पुरुष पात्र जीवनलाई घरको आर्थिक अवस्थाका कारणले गर्दा अध्ययन छोडी विदेश मलायासम्म काम गर्न जानुपर्ने बाध्यता आइपर्छ । यस उपन्यासको मूल तत्त्व प्रेम रहे तापनि समाजमा भएका विसङ्गतिहरूलाई पनि उपन्यासकारले उपन्यासमा समेटेका छन् । यस उपन्यासले जीवन र नीराबिचको प्रेम सम्बन्ध देखाएर वास्तविक प्रेमको परिचय गराइएको छ । समाजमा जहिले पनि उच्चवर्गले निम्नवर्गलाई शोषण गरि रहेका हुन्छन् तर नेपालीहरूले विशेष गरेर ती अत्याचार र शोषणको विरोध नगरी उल्टा सहेर बसेका हुन्छन् अनि आर्थिक रूपले जति नै सङ्कटमय स्थिति खप्नुपरे पनि आफ्नो इज्जत र मर्यादा पालन गरि रहेका हुन्छन् भन्ने कुरा यस उपन्यासले देखाएको छ । यसको शैली वर्णनात्मक छ भने पूर्वदीप्तिको प्रयोग पनि गरिएको छ । नेपाल बाहिरका विभिन्न नेपालीहरूले प्रयोग गर्ने भाषाको मिश्रित प्रयोगद्वारा **चरणधूलि** उपन्यासको भाषा रोचक बन्न सकेको छ भने त्यसबाट यसको सम्प्रेषणीयतामा पनि सकारात्मक प्रभाव परेको छ । समग्रतः यस उपन्यास कृतिको कथानक संरचना सुसङ्गठित, भाषाशैली सरल, सहज एवं भाव सङ्गतिपूर्ण छ ।

अशेष यात्रामा सर्वप्रथम प्रेमको प्रधानता रहेको छ । यसमा प्रकृति वर्णन वा चित्रण, कल्पनाशीलता, सौन्दर्य चेतना, वैयक्तिकता र विद्रोह चेतना जस्ता स्वच्छन्दतावादका विशेषताहरू रहेका छन् । त्यसैले यो उपन्यासलाई स्वच्छन्दतावादी उपन्यास मान्न सकिन्छ । यस उपन्यासमा नायक करण र नायिका अनुराधाको आत्मिक प्रेम सम्बन्ध रहेको छ । यी दुई प्रेमी प्रेमिकामा प्रेमको सात्त्विक रूप देखाइएको हुनाले **अशेष यात्रा** उपन्यासको प्रेम मिलनमा टुङ्गिएको छ ।

अशेष यात्रा उपन्यास वृहत् आकारको छ । यसमा मानिसका जीवनमा आइपर्ने विभिन्न समस्याको उद्घाटन गर्न खोजिएको छ । मानिस जहिले पनि स्थिर भएर रहन सक्दैन । उसले कुनै न कुनै लक्ष्य लिन्छ तर त्यो लक्ष्य केन्द्रित भएर कार्य गर्दै जाँदा पनि पूर्णतः लक्ष्य प्राप्त हुँदो रहेनछ । लक्ष्यप्राप्तिको यात्रा बाँकी नै रहन्छ अथवा चलि नै रहन्छ । त्यसैले मानिसको जीवन नै अशेष यात्रा हो भन्ने देखाउनु नै यस उपन्यासको मूल उद्देश्य हो ।

प्रस्तुत उपन्यासमा उपन्यासकार मोक्तानले बाह्य प्रकृतिसँग पात्र पात्राको आन्तरिक प्रकृतिको सामञ्जस्य गराएका छन् । यस उपन्यासमा अल्लारे उमेरको सौन्दर्य चेतना पनि अभिव्यञ्जित छ । यसको सौन्दर्य चेतना मूलतः कल्पनामूलक रहेको देखिन्छ ।

अशेष यात्रा उपन्यासको नामकरण लाक्षणिक एवं व्यञ्जनात्मक छ । यस उपन्यासमा मानिसको जीवनलाई अशेष यात्राका रूपमा चित्रण गरिएको छ । यस संसारमा मानिस जन्मन्छ र मर्छ । यसरी जन्मने र मर्ने चक्रमा घुमि रहने हुनाले संसारमा मानिसको जीवन चर्खा चलि नै रहेको छ । युग युगदेखि आज पर्यन्त भन्ने यथार्थ कथनबाट यस उपन्यासको नामकरण गरिएको देखिन्छ । व्यञ्जनार्थमा यस नामले दार्जिलिङ, मिरिक, खरसाङ, कोहिमाको आराधुरा हुँदै काशी हिन्दू विश्वविद्यालयका विभिन्न स्थानहरूका पुस्तौंदेखि रैथाने भई बसेका नेपालीहरूको ऐतिहासिक अवस्थातर्फ सङ्केत गरेको छ ।

प्रस्तुत उपन्यासको खण्ड र परिच्छेद विभाजन सङ्गतिपूर्ण एवं कथावस्तुको विकास स्वाभाविक, अन्वितिपूर्ण र गतिशील रहेको छ । यस कृतिमा एक आधिकारिक कथानक एवं अनेक प्रासङ्गिक कथानक समावेश गरेर कथानक योजनालाई सुचारु र सन्तुलित रूप दिइएको छ । यस उपन्यासको कथानक सुखान्तक छ । जन्म कैदको सजाय पाएको प्रतिकूल पात्रले सजाय भोगि रहेका समयमा आफ्ना कुकर्महरूको आत्म स्वीकृति गरेर शरणमा परी माफी माग्छ । यसरी मान्छेले एक न एक दिन आफ्नो अपराध स्वीकार गर्छ तथा त्यसबापत सजाय भोग्न नै पर्छ भन्ने सन्देश यस उपन्यासले दिन खोजेको छ । यसमा भारत स्वतन्त्र भएपछिको समयदेखि सन् १९६४ पूर्वको समयमा भारतीय नेपालीहरूका सामाजिक, शैक्षिक, आर्थिक परिस्थितिको ऐतिहासिक सर्वेक्षण पनि प्रस्तुत गरिएको छ । यो प्रथम पुरुष दृष्टिबिन्दुमा संरचित छ ।

अशेष यात्रा उपन्यासमा छोटा छोटा वाक्यको यथेष्ट प्रयोग गरिएको छ । उपन्यासमा प्रयुक्त पात्रका संवादमा जनजीवनका बोलीचालीको भाषा, विभिन्न भाषाभाषी रहेको परिवेशमा एकअर्काका भिन्न भिन्न भाषाको मिश्रण तथा हिन्दी, बङ्गला, अङ्ग्रेजीको नेपाली भाषासित मिश्रण गरेर प्रस्तुत गरिएको छ । त्यसैले भाषिक दृष्टिले पनि समाजका यथार्थताको विश्वसनीय तथा रोचक प्रस्तुति भएको उपन्यासका रूपमा स्थापित भएको छ ।

अशेष यात्रा उपन्यासका सम्पूर्ण पात्र पात्राहरू आफ्नो लक्ष्यमा पुग्न सकेका छैनन् । उनीहरूले जीवनको बाटो हिँड्दा हिँड्दै दिशाहीन भएर विभिन्न दुःख कष्ट भोग्नु परेको कुरा यस उपन्यासमा प्रकट भएको छ । मानिसको जीवन शृङ्खलाबद्ध हुन सक्दैन वा मानिसले जे कुरा चाहन्छ त्यो सजिलै प्राप्त गर्न सक्दैन भन्ने कुरा यस उपन्यासमा रहेको पाइन्छ । यस उपन्यासमा बहुल पात्र रहेका छन् । प्रेमसम्बद्ध कथाका माध्यमबाट मानिसको आकाङ्क्षा जीवनको सहयात्रा हो भन्ने कुरालाई यस उपन्यासमा स्थापित गर्न खोजिएको देखिन्छ । यसरी **अशेष यात्रा** सङ्गठित कथानक, सरल, सहज र पात्र अनुरूपको भाषाशैली तथा परिवेशको उचित चित्रण भएको सफल स्वच्छन्दतावादी सामाजिक उपन्यासका रूपमा देखा पर्छ ।

पाँचौं अध्याय

मोक्तानका उत्तरार्द्ध चरणका उपन्यासको विश्लेषण

५.१ विषय परिचय

कृष्णसिंह मोक्तानको औपन्यासिक यात्राको उत्तरार्द्ध चरण सन् १९६४ पछि आरम्भ भएको हो । यसपूर्व उनको उपन्यास यात्राको पूर्वार्द्ध चरणमा **चरणधूलि** र **अशेष यात्रा** गरी दुई ओटा उपन्यास प्रकाशित भएका छन् । समयका दृष्टिले पहिलो चरणले दोस्रो चरणभन्दा कम समय ओगटेको छ तापनि औपन्यासिक प्रवृत्तिका दृष्टिले यी दुवै चरण भिन्न देखिन्छन् । पूर्वार्द्ध चरण स्वच्छन्दतावादी उपन्यास लेखनको चरणका रूपमा र उत्तरार्द्ध चरण सामाजिक यथार्थवादी उपन्यास लेखनको चरणका रूपमा देखा पर्छन् । प्रस्तुत अध्यायमा उत्तरार्द्ध चरणका दुई ओटा उपन्यास **जीवन परिक्रमा** र **जीवन गोरेटोमा** उपन्यासको विधातात्त्विक विश्लेषण गरिएको छ । यसरी विश्लेषण गर्दा पूर्ववर्ती अध्यायमा जस्तै कथानक, चरित्र चित्रण, परिवेश, दृष्टिबिन्दु, भाषाशैली, विचार जस्ता विधा सिद्धान्तका उपकरणका आधारहरूको उपयोग गर्दै विश्लेषणबाट निस्किएको सारभूत कुरालाई निष्कर्ष अन्तर्गत प्रस्तुत गरिएको छ ।

५.२ 'जीवन परिक्रमा' उपन्यासको विश्लेषण

जीवन परिक्रमा सन् १९६४ सालमा प्रकाशित भएको मोक्तानको तेस्रो औपन्यासिक कृति हो । जम्मा ८८ पृष्ठमा संरचित यो उपन्यास आयामका दृष्टिले मझौला आकारको छ । यसमा छ खण्डहरू छन् । उपन्यासकार मोक्तानले प्रस्तुत उपन्यासको 'भूमिका' (सन् १९९४) मा यो उपन्यास विश्वविख्यात उपन्यास **ला मिजरेबल्स**बाट प्रभावित भएको कुरा स्पष्ट रूपले व्यक्त गरेका छन् । उक्त उपन्यासको नायक जाँ भलजाँ कारागारबाट भागेको एक कैदी हुन्छ तर उसको उदारता, त्याग र मानवताको भावना महात्माको जस्तै देखिन्छ । यसभन्दा पहिले नेपाली उपन्यासमा कारागारमा बन्दी भएका विभिन्न अपराधी बन्दी चरित्रहरूलाई लिएर उपन्यास लेखिएको थिएन । मोक्तान स्वयम् कारागार सुपरिवेक्षक भएकाले आफ्नो जीवनमा देखेका तथा अनुभव गरेका विभिन्न बन्दी पात्रका चरित्रको रोचक चित्रण उनले **जीवन परिक्रमा** उपन्यासमा प्रस्तुत गरेका छन् । यस उपन्यासमा वास्तविक चरित्रहरूकै आधारमा विभिन्न अपराधीहरूका कथा, व्यथा र सत्य तथ्य घटनाहरूको सजीव चित्र उतारिएको पाइन्छ । प्रायः डायरी शैलीमा लेखिएको **जीवन परिक्रमा** उपन्यास नेपाली साहित्यमा एउटा बेग्लै प्रवृत्तिको उपन्यासका रूपमा देखा पर्छ ।

५.२.१ कथानक

जीवन परिक्रमा उपन्यासको क्षेत्र पश्चिम बंगाल राज्य अन्तर्गतका जलपाइगडी, वर्द्धमान, वीरभूम आदि हुँदै कलकत्ता महानगरका विभिन्न स्थानहरू मुख्य रूपमा रहेका छन् । यस

उपन्यासमा नेपाली जाति बाहेक अन्य विभिन्न जातिहरूले पात्रगत भूमिका निर्वाह गरेका छन् । उपन्यासकारले चन्द्रशेखरलाई प्रमुख कथा वाचक पात्रका रूपमा उभ्याएका छन् । तिनै चन्द्रशेखरले आफ्नो जीवन यात्रामा भेटेका विभिन्न पात्रहरूका कथा भिन्न भिन्न दिनमा आफ्नी श्रीमती सरस्वतीदेवीलाई सुनाएका छन् । यसरी दैनिक जीवनमा भेटेका पात्रहरूका भिन्न भिन्न कथालाई समावेश गरेर उपन्यासकारले यस उपन्यासको सङ्गठन निर्माण गरेका छन् । यस उपन्यासका पात्रहरू क्रमैले धिताल बाजे, चतुरमान सुब्बा, सुल्तान अली, मदन, निर्मल सेन, तपन र अशोक रहेका छन् ।

चन्द्रशेखर नोकरीको सिलसिलामा कलकत्ता महानगर जाँदा धिताल बाजेसँग भेट हुन्छ । धिताल बाजेको पुरा नाउँ धर्मराज धिताल हुन्छ । उनले मद्रासी क्यान्टिनमा नोकरी गरिरहेका हुन्छन् । उनी जीविका आर्जन हेतु नेपालको धुलिखेलबाट त्यहाँ गएका हुन्छन् । उनले आफ्नो जीवनकथा करुणामय र आर्थिक अवस्था निकै कमजोर रहेको भए पनि मागी खान महापाप ठानी नोकरी गरेका हुन्छन् । बाजेको केही दिनभित्रै हैजाका कारण देहान्त भएको खबर चन्द्रशेखरले पाउँछन् । यस्तै नेपालको तेह्रथुमबाट कलकत्ता महानगरमा आई रात्रि चौकीदार तथा दरवानको काम गरिरहेका अर्का पात्र चतुरमान सुब्बाको दयनीय अवस्था र उनको जीवन कथालाई खुबै रोचक ढङ्गमा प्रस्तुत गरिएको छ ।

त्यसपछि सुलतान अली, मदन, निर्मल सेन, तपन र अशोक कारागारमा बन्दी जीवन बिताइरहेका पात्रहरूका जीवन कथालाई क्रमैले प्रस्तुत गरिएको छ । यी विभिन्न क्षणमा भेटेका पात्रहरूका बारेमा चन्द्रशेखरले आफ्नो श्रीमतीलाई सुनाएर कथानकको विस्तार गरेका छन् । यसरी उपन्यासकारले आर्थिक विपन्नता तथा सामाजिक शोषण, विकृति आदिका कारणले विभिन्न क्षेत्रमा नेपालीहरूले दुःखकष्ट गरी काम गरिरहेका घटनालाई प्रस्तुत गरेका छन् । यसरी नै उनले यस उपन्यासमा कारागारमा अपराधी ठहर गरिएका बन्दीहरूका जीवन कथाको पनि चित्रण गरेका छन् । यस्ता विभिन्न पात्रहरूका जीवन कथामा आधारित घटनाहरूलाई उपन्यासकार मोक्तानले नजिकबाट हेरेका हुनाले ती घटनाहरूलाई मुख्य विषयवस्तु बनाएर प्रस्तुत उपन्यासको सिर्जना गरेका छन् ।

प्रस्तुत उपन्यासको प्रथम परिच्छेदमा प्रमुख पात्र चन्द्रशेखर जलपाइगढीदेखि कलकत्ता महानगरमा सरकारी नोकरी गर्न गएका हुन्छन् । कलकत्ता बसेको समयमा विभिन्न नेपालीहरूसित उनको भेट हुन्छ । ती नेपालीहरू आर्थिक विपन्नता र विभिन्न परिस्थितिका कारणले आफ्ना गाउँ घर छाडेर चौकीदार, पहरेदार, दरवान, होटलका चाकर आदि काम गर्न बाध्य भएर आएका र आआफ्ना जीवन यापन गरि रहेका हुन्छन् । तीमध्ये धर्मप्रसाद धिताल बाजेसित चन्द्रशेखरको भेट हुन्छ । धिताल बाजे त्यहाँको मद्रासी क्यान्टिनमा काम गर्छन् । हेर्दा उनी मधिसे जस्तै देखिन्छन् । धिताल बाजेले आफ्नो पूर्वकथा चन्द्रशेखरलाई सुनाउँछन् । त्यसको भोलिपल्टदेखि नै धिताल बाजेलाई हैजाले भेट्छ र उनको आकस्मिक मृत्यु हुन्छ । चन्द्रशेखरलाई लेख्न लगाएको पत्र साथै आफ्ना आमा र स्वास्नीलाई पठाउन तयार गरेको चोली पठाउन नपाई धिताल बाजेको मृत्यु

भएको हुनाले उनको धोको अधुरै रहेको हुन्छ । यसरी यस उपन्यासमा महानगरतिर काम गर्न बाध्य भएका नेपालीहरूका जीवनको मार्मिक चित्रण धिताल बाजेका माध्यमबाट स्पष्ट भएको छ ।

प्रस्तुत उपन्यासको दोस्रो परिच्छेदमा कलकत्ता महानगरको व्यस्त जीवन र जहाँ पनि 'क्यु' लाग्नु पर्ने अवस्थाको वर्णन पाइन्छ । यस परिच्छेदमा यस्तै एकजना सुबोध बाबुसित चन्द्रशेखरको भेट हुन्छ । उसले चन्दन नगरबाट धाएर कलकत्तामा नोकरी गर्छ । यस्तै प्रकारले गोपाल बाबु बनगाउँदेखि दैनिक यात्रा गरी कलकत्तामा नोकरी गर्छन् । चन्द्रशेखरले पनि कलकत्ताको युनिक कोलोनीमा घर भाडामा पाएर सर्छन् । युनिक कोलोनी सरेको पहिलो रात कोलोनीको पहरेदार चतुरमान सुब्बासित चन्द्रशेखरको भेट हुन्छ । चतुरमान सुब्बा तेह्रथुमबाट मासिक २० रूपियाँ तलबमा बर्ड कम्पनीमा दरवान काम गर्न आएको हुन्छ । अस्वस्थ भएका कारणले उसलाई कम्पनीले नोटिस दिएर दरवान कामबाट निकालेको हुन्छ । त्यस समयमा युनिक कोलोनीमा दिनरात चोरी-डकैती भइरहेको हुन्छ र ट्राम कम्पनीका एकाउन्टेन्ट समर गृहले चतुरमान सुब्बालाई बोलाएर कोलोनीको पहरेदारका रूपमा मासिक ६० रूपियाँ तलब दिएर काममा लगाउँछ ।

पहाडबाट मुगलान पसेर आफ्नो जीवन गुजारा गर्दा गर्दै जिउँदै पाक्ने गर्मी, लामखुट्टेको टोकाइ, दरवानको काम गर्दा टी.बी.ले ग्रस्त चतुरमान सुब्बाको यथार्थ चित्रण यस उपन्यासमा सजीव रूपमा उतारिएको पाइन्छ । मान्छेलाई आर्थिक सङ्कटले जहिले पनि सताइरहेको हुन्छ । यसैले गर्दा उसले आफ्नो रोग र स्वास्थमा ध्यान पुऱ्याउन सक्दैन । गरिब मान्छेलाई जहाँ जसले पनि ठगि रहेका हुन्छन् । चतुरमान सुब्बाको पनि यस्तै अवस्था हुन्छ । आफ्नो स्वास्थ्यको उपचारका निम्ति केही समय छुट्टीमा बस्नु परेको हुनाले साथै शरीर कमजोर भएको हुनाले उसलाई 'इन्भ्यालिड' भनेर पत्र दिँदै दरवान कामबाट पनि निकालि दिन्छ । त्यस कामबाट निकालिएको चतुरमान सुब्बा आफू कमजोर र रोगी भएको थाहा हुँदा हुँदै पनि स्वास्नी र छोराछोरीका निम्ति इमानदार, साहसी भएर युनिक कोलोनीको रखवाली गर्ने काममा लाग्छ । पहरेदारी गर्नु पर्ने उसको बाध्यता हुन्छ तर उसको यस परिस्थितिलाई कसैले बुझ्दैन । यसरी प्रस्तुत उपन्यासको यस भागमा धर्मराज धिताल र चतुरमान सुब्बाका मर्मस्पर्शी कथा चन्द्रशेखरले उसको श्रीमतीलाई विस्तृत रूपमा सुनाएका छन् ।

तेस्रो परिच्छेदमा चन्द्रशेखरको भेट रामकृष्ण बोससित भएको छ । चन्द्रशेखरलाई बेहालादेखि राइटर्स बिल्डिङ धाउन निकै कष्ट परेको हुनाले १५ गोमेश लेन भन्ने ठाउँमा किरायाको घर लिएर बसाइ सर्छन् । त्यहाँ सरेपछि उसको दैनिक कार्य खाने, कार्यालय जाने आउने समय बदलिन्छ तर एकदिन निकै अबेर गरेर घर आउँदा बाटोमा एकजना अपरिचित व्यक्ति (रामकृष्ण बोस) सित भेट हुन्छ । ऊ अङ्ग्रेजी बोल्छ, साह्रै फरसाइलो भएका हुनाले प्रथम भेटघाटमा नै अशोका रेस्टुराँमा भोजन लिन चन्द्रशेखरलाई बाध्य गराएको हुन्छ । उसको बारेमा पुराना मानिसहरूसँग चन्द्रशेखरले सोधपुछ गर्छन् तर केही पत्तो लाग्न सक्दैन । केही दिनपछि फेरि रामकृष्ण बोससित सियालदह जाने ट्राममा उसको भेट हुन्छ । चन्द्रशेखरको हातमा 'प्रुफ' देखेर 'तपाईं गद्य लेख्नु हुन्छ कि पद्य ?' भनेर सोध्छन् अनि 'आफू पनि कहिले कहीँ लेख्छु' भन्दै

आफ्नो पोर्टफोलियोबाट एउटा नोटबुक झिकेर 'अनुताप' उपन्यास देखाउँछन् । यस्तै प्रकारले फेरि एकदिन हावडा बुकिङ काउण्टरमा क्यु लागेका बेला चन्द्रशेखरले रामकृष्ण बोसलाई पुलिसले समाइ राखेको भेट्छन् । बसमा उसका पिता हुन्छन् र यस घटनाबारे रामकृष्णका पिताले रामकृष्ण बोसकी श्रीमती उच्च घरानाकी शिक्षित र नोकरी गर्ने भएकी तर श्रीमतीबाट विश्वासघात र गृहत्यागको दुष्परिणामले गर्दा तिन वर्षअघिदेखि रामकृष्ण बोस पागल बन्न पुगेको घटना चन्द्रशेखरलाई सुनाउँछन् । पागल भए पनि उसले शिष्टाचार, ज्ञान, तर्क तथा बौद्धिकतामा छुट्टै स्तर राखेको हुन्छ । उसले कलकत्ता सहरमा हुने दिनहुँको अर्थ व्यवस्था, व्यवहार र व्यापारको सूक्ष्म ज्ञान राख्दछ भन्ने जानकारी चन्द्रशेखरले रामकृष्ण बोसका पिताबाट पाउँछन् ।

प्रस्तुत उपन्यासमा उपन्यासकारले रामकृष्ण बोसलाई एउटा अनौठो पात्रका रूपमा उभ्याएर उपन्यासका घटनालाई अघि बढाएका छन् । रामकृष्ण मार्फत कलकत्ता सहरमा शिक्षित र नोकरीदार जोडीहरू बिच हुने दाम्पत्य स्थापना र त्यसमा विभिन्न कारणले हुने दुर्घटना देखाउने प्रयास भएको पाइन्छ । यस घटनाद्वारा कलकत्ताको सहरिया जीवनको एउटा पाटोलाई प्रस्तुत गर्न खोजिएको देखिन्छ ।

चौथो परिच्छेदमा चन्द्रशेखरले कारागार निर्देशकको नोकरी पाउँछन् । यसका लागि उनी प्रेसिडेन्सी जेलमा तालिमका निम्ति खटाइएका हुन्छन् । यो उनको जीवनको छैटौँ नोकरी हुन्छ । जेलमा बिहान जति बन्दीहरू हुन्छन् तिनीहरूमध्ये कति म्याद पुगेर छुट्छन्, कति जमानतमा छुट्छन्, कति जरिमाना तिरेर छुट्छन्, कति अपीलको प्रतिफलका रूपमा उच्च अदालतको आदेश अनुसार छुट्छन्, कति बाहिर अस्पताल जान्छन् अनि कति स्थानान्तर (चलान) हुन्छन् । दिनभर जति नयाँ बन्दीहरू जेलमा आउँछन्, तिनीहरू सबैको सङ्ख्या बेलुकी मिलेपछि बन्दीहरू सुत्ने कोठामा बन्द गरिन्छन् । यसैलाई 'लक-अप' भनिन्छ । 'लक-अप' मिलेपछि जेलर र बडा जमादारले आनन्दको श्वास फेर्छन् अनि मात्र 'सेन्ट्रल टावर'मा तिनपल्ट घन्टा ठोक्छन् । त्यसपछि चन्द्रशेखर हातमा एउटा सानो नोटबुक अनि अर्दलीलाई फाइल बोकाएर घर आइ पुग्छन् । उनकी श्रीमतीले 'दार्जीलिङबाट केही चिट्ठी आएन' भनी सोध्छिन् । चन्द्रशेखरले चिया पिउँदै अँध्यारो मुख लाएर खिन्न चित्तले कैदी सुलतान अली मण्डलले फाँसीद्वारा मर्नु पर्ने भएको घटना सुनाउँछन् । सुलतान अलीले बसिरहाट गाउँका मुखिया शशांकशेखर दासको हत्या गरेको आरोपमा भारतीय दण्ड विधानको ३०२ धारा अनुसार मृत्युदण्डको सजाय पाएको हुन्छ । ऊ प्रेसिडेन्सी जेलमा फाँसीको सजाय पाउने आसामीहरू मध्ये सबैभन्दा कान्छो अनि सुन्दर देखिन्छ । सुलतान अलीको अनुहार निष्पृह, शान्तजस्तो वा उसलाई केही थाहा नै छैन जस्तो देखिन्छ । जेलको नियमानुसार चन्द्रखेशरले नै उसलाई सेन्सस जजका विरुद्ध हाइ कोर्टमा अपील गर्न चाहने वा नचाहने बारेमा सोध्छन् । सुलतानले केही उत्तर दिँदैन । भोलिपल्ट पुराना सुपरिटेन्डेन्टले चन्द्रशेखरलाई सुलतान अलीको फँसीबाट यस्ता अनेकौं फाँसी उनले गराउनु पर्ने कार्यको सुरुआत हुने कुरा गर्दछन् । चन्द्रशेखरले नियम अनुसार सुलतान अलीको उमेर, प्रत्यक्षदर्शीको अभाव र गाउँलेहरूको आकाङ्क्षालाई ध्यान दिँदै मृत्युदण्ड नदिएर जन्मकैद मात्र दिँदा कानुनको रक्षा हुने जजमेन्ट कपी हाई कोर्टमा पेस गरि दिन्छन् जुन अपीलमा सुलतानले दिक्क मानेर सहीछाप गर्छ ।

छैटौँ दिनमा चन्द्रशेखरले सिपाहीको हातबाट खाकी रङ्गको लिफाफामा हाई कोर्टको मोहर लागेका बाहिर रातो मसीले 'मृत्युदण्ड-अत्यन्त जरूरी' लेखेको पत्र प्राप्त गर्छन् । उनले खोलेर हेर्दा सुलतान अली मण्डलको अपीललाई हाई कोर्टले अस्वीकार गरी सेसन्स जजको सजायलाई अनुमोदन गरेको हुन्छ । सुलतानको 'सेल'मा जाँदा सुलतान हाँस्दै 'सेल-ब्लक'का पहरेदार कैदीसित 'चाइनीज चेकर' खेल्दै गरेको देख्छन् । उनलाई देखेर सुलतान जुरुक्क उठेर सलाम गर्छ । चन्द्रशेखरले छेउमा बोलाएर कानमा हाईकोर्टको राय सुनाएर सही गर्न लगाउँदा ऊ निर्धक्क सही गरेर सरासर अघि बढी चाइनिज चेकर समाउन पुग्छ ।

साता दिनपछि बसिरहाटबाट तफिञ्जुल मण्डल सुलतान अलीलाई भेट्न आउँछ । उसले सुलतानको गाउँघरका साथै उसका दाजु भाउजूको हालखबर सुनाइ रहेको हुन्छ । दुईपल्ट उसका दाजु भाउजू उसलाई भेट्न आएका हुन्छन् तर सुलतान अली उनीहरूसित भेट्न राजी हुँदैन ।

चन्द्रशेखरले सुलतानलाई फाँसीको सजायबाट जोगाउन सुप्रिम कोर्टमा अपिलको व्यवस्था गर्न हाई कोर्टलाई एउटा 'लिभ पिटिसन' भारतको विधान धारा १३६(१) अनुसार पठाइदिन्छन् । त्यसमा सुलतानले दिक्क मानी सही गर्छ । केही दिनमा अपील अस्वीकार भएर आउँछ । यो खबर सुलतानलाई सुनाउँदा सुलतानले नम्रतापूर्वक भन्छ, "मेरो निम्ति यति दुःख किन उठाउनु हुन्छ सर ! मलाई यो दण्ड भोग्न दिनुहोस्, म मर्न चाहन्छु" (पृ.३५) । भोलिपल्ट जजमेन्टको 'कपी' झिकाउनलाई सुलतानको सहीछाप लिएर सेसन्स न्यायालयमा दरखास्त प्रेषित हुन्छ । बसिरहाटमा एघार महिनाअघि घटेको वीभत्स घटनाको सम्पूर्ण विवरण कापीमा लेखिएको हुन्छ । कपीमा प्रोसिक्युसनले दिएको वृत्तान्तको एउटा वर्णन अत्यन्त भयावह, अविश्वसनीय, सनसनीपूर्ण र नाटकीय हुन्छ । अट्ठाइस पाताको जजमेन्ट सररर पढेर सेसन्स जज साहेबले अमानुषिक, पैशाचिक अनि क्रूर तथा वीभत्स अपराधका निम्ति अभियुक्त सुलतान अली मण्डललाई भारतीय दण्ड विधानको धारा ३०२ अनुसार हाई कोर्टको अनुमोदन भएमा प्राण नगएसम्म त्यसलाई झुन्डाएर दण्ड दिनुपर्ने निर्णय दिन्छन् ।

सुलतान अलीले एकदिन कारागारमा एउटी तरुनी केटीले घुँडा टेकी कब्रको छेउमा फूल चढाइरहेको चित्र कोरिरहेको हुन्छ । चन्द्रशेखरको कसलाई भेट्न चाहन्छौ भन्ने प्रश्नको उत्तरमा उसले अमिनाको नाम लिन्छ । सुल्तान अलीले अमिनासँग सम्बद्ध कथा चन्द्रशेखरलाई सुनाउँछ । आमा बाबुको मृत्युपछि दाजु रूस्तम अलीसित बसेको, कलकत्ता मौलाना आजाद कलेजमा भर्ना भएकै साल दाजुले बिहे गरेर भाउजू अमिना ल्याएका हुन् । भाउजूले माया गर्थिन् तर दाजू भने प्रत्येक शनिवार राती खलिल मण्डल र पीर महम्मदको डेरामा जुवा खेल्न जान्थे । एकदिन दर्के पानी परिरहेको हुन्छ, भाउजू डरले काँपिरहेकी थिइन्, त्यससमय सुलतान अलीले पाखिरा गाउँमा माछा चोर्न ऊ र किशोरी गएको घटना सुनाए । माछा चोरेर फर्कदा किशोरीलाई कोब्रा साँपले डसेको अनि किशोरीलाई बोक्न गाउँको खेतालाले सघाएको हुन्छ । किशोरीको साँपको विष झार्न खेतीवालले कोशिश गरेको, अन्तमा उसको स्वास्नी सखियाले तमाखु भरेर दिएको तानेपछि मात्र किशोरीको बूढी औंलाबाट कोब्रा साँपले विष चुसेर फनक्क गएको घटना बताए । भोलिपल्ट

दाजुले भाउजूसँग पाँच हजार रुपिया माग्छ । भाउजूको आग्रहमा सुलतान बिहानै रूपियाँको खोजीमा निस्कन्छ ।

शशांक दासको शरीरदेखि अलग भएको टाउको हाजी साहेबकहाँ लैजानेलाई नगद पाँच हजार रूपियाँ इनाम दिने भनेर हाजी साहेबले वाचा राखेको सुलतान अलीले थाहा पाउँछ । ऊ शशांक शेखर दासको कोठामा पुग्छ । बैठक कोठामा पन्ध्र बिस जना मानिसहरूका बिचमा सुलतानले शशांक शेखरको मुन्टो एकै चोटमा छिनाउँछ । ऊ भाउजूको रक्षाको निम्ति यस्तो नृशंस हत्या गर्न हुन बाध्य हुन्छ । आफूले गरेको हत्याका सम्पूर्ण घटना सुलतान अलीले चन्द्रशेखरलाई सुनाउँछ । त्यसपछि सुलतान अलीको जीवन कथा चन्द्रशेखरले उनको श्रीमतीलाई सुनाउँछन् ।

जेलका बन्दीहरूमध्ये सुलतान अलीका जीवनमा आइपरेका घातप्रतिघात र चरित्रको आकर्षक र कलात्मक चित्रण भएको पाइन्छ । ऊ साहसी र सोझो छ । उसले नारीको रक्षाका निम्ति आफ्नो पुरुषत्व देखाइ नीच र पापी शशांकशेखर दासको हत्या गर्छ । त्यसैको अपराधको दण्डस्वरूप भारतीय दण्ड विधानको धारा ३०२ अनुसार मृत्युदण्डको सजाय भोग्नु पर्छ । अचम्म के छ भने जस्तै पापी, नीच वा अपराधीहरू पनि अरूको हत्या गरे तापनि आफू मर्नबाट डराउँछन् तर सुलतान अली फाँसीसित डराउँदैन । यस कारण जेल सुपरिवेक्षक चन्द्रशेशरलाई आश्चर्य लाग्छ । उनी मृत्युदण्डदेखि बचाएर सुलतानलाई जन्मकैदसम्म दिलाउने कोशिश गर्छन् । तर उनको प्रयास असफल हुन्छ । सुलतानलाई फाँसीको सजाय हुन्छ । अनि उसले "मर्नअघि नाइँ म मर्दिनँ ! म मर्दिनँ बाँच्न चाहन्छु" (पृ.५०) भन्दै डरलाग्दो आवाजले कराउँछ । यसले पहिला मर्न चाहने कैदीले किन फाँसी हुने बेलामा बाँच्ने चाहना गरेको होला भन्ने द्वन्द्वात्मक परिस्थितिको सिर्जना गराएको छ । उक्त घटनाले प्रस्तुत उपन्यासको कथानकलाई चरम विन्दुमा पुऱ्याउन सक्षम भएको छ । **जीवन परिक्रमा** उपन्यासको निर्माणमा प्रेसिडेन्सी जेलको कैदी सुलतान अली मण्डलले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ । उसको भूमिका र कार्य व्यापारले यस उपन्यासको कथानक द्वन्द्वात्मक र कौतुहलपूर्ण बनेको छ ।

छैटौँ परिच्छेदमा चन्द्रशेखरले प्रेसिडेन्सी जेलको तालिम सिध्याएर वर्द्धवान जेलमा तालिम लिनु पर्ने हुन्छ । उनले आफ्नो जीवनको अमिट छाप प्रेसिडेन्सी जेलमा बसाएका हुन्छन् । जेलको सोह्र फिट अग्लो पर्खालको अन्तरालमा अनेक प्रकारका आत्मा लुकेका छन् भन्दै चन्द्रशेखरले चोर, डाकु, पाकेटमार, हत्यारा, खुनी, पगला-पगली सबै उनका निम्ति एक एक आत्मा र ती एक एक कहानी भएको साथै सुलतान अली मण्डलले जेलमा देखाएको अद्‌भुत दृश्यको घटना आफ्नी श्रीमतीलाई सुनाउँछन् । सुलतान अली मण्डललाई ९ नम्बर सेलबाट बाहिर निकालेर फाँसी दिएको दृश्यको सजीव चित्रण उपन्यासकारले यसरी गरेका छन् :

> सुलतान अली मण्डल बाहिर निस्क, अल्ला र ईश्वरको नाउँ लेऊ, नुहाऊ !! सिपाहीले कुकुक्क बसेको सुलतानलाई सेल बाहिर निकाल्यो । सिपाहीले त्यसको हात- मुख बाल्टीको पानीमा डुबाएर भन्यो- 'सुलतान, हात-मुख धोऊ, ईश्वर र अल्लाको नाउँ लेऊ चाँडो गर' सुलतान वाल्ल परेर उभियो । जमादारले त्यसको हातमुख र खुट्टा

> पानीले भिजाइदियो । आँगनमा फाँसीको मचान छ, एक लहर लागेर रिजर्भ-गार्डहरूले चीफ हेड वार्डरको आदेश 'प्रेजेन्ट आर्म्स्' सँगसँगै बन्दुकको फिता पड्काएर सलामी दिए । एउटा गम्भीर अनि विस्मयपूर्ण परिस्थिति त्यहाँ सिर्जना भयो । सिनियर सुपरिन्टेडेन्टले सलामी लिएपछि पुलिस कमिश्नरका प्रतिनिधि एकजना एसिस्टेन्ट पुलिस कमिश्नर, मुख्य स्वास्थ्य हाकिम, दुई डेपुटी जेल अनि ह्याङ्गम्यान (फाँसी दिने व्यक्ति) प्रस्तुत भए । (पृ.४९)

सुलतान अलीले यत्रो दिन मृत्युदण्डको संवादलाई हाँसेर सुन्दै आएको हुन्छ । अनि आफूलाई मृत्युदण्ड दिइयोस् भन्ने चाहना बारम्बार व्यक्त गर्छ । जब त्यसलाई ह्याङ्गम्यानले फाँसीको मचानमा चढाउँछ अनि अनुहारमा कालो रुमाल ओढाएर घाँटीमा मोनिला डोरीको पासो लगाउँछन् । सुपरिन्टेन्डेन्टले घडी हेरी रुमाल हल्लाउँछ । तब हठात् सुलतान अली आफू मर्न नचाएको र बाँच्न चाहेको कुरा गर्दै डरलाग्दो आवाजमा कराउँछ । सुलतान अलीको मर्न चाहेको अभिव्यक्ति र तुरुन्तै बाँच्न चाहेको अभिव्यक्तिले उसमा जीवनप्रति र संसारप्रतिको आकाङ्क्षा जीवित नै रहेको देखाउँछ । यसरी चन्द्रशेखरले आफ्नो कार्यालयमा देखे भोगेका सुल्तान अली सम्बद्ध विभिन्न घटना आफ्नी श्रीमतीलाई कथा वाचकका रूपमा सुनाउँछन् ।

चन्द्रशेखर प्रेसिडेन्सी जेलबाट सरूवा भएर वर्द्धवान जेलमा जान्छन् । वर्द्धवान सहर उनलाई सुनसान लाग्छ । जेलको कैदी भागेको खबरले उनी तुरुन्तै कार्यालय जान्छन् । उनले दिउँसो कैदीहरूले बगानमा काममा खटिरहेको बेला कैदी निर्मल सेन भागेको कुरा घर आएर स्वास्नीलाई सुनाउँछन् । निर्मल सेनले बिना टिकट रेलमा यात्रा गरेको अपराधमा जेलको सजाय भोगिरहेको हुन्छ । सजाय पुरा नहुँदै अचानक भाग्ने प्रयास गरेकाले उसको जेल सजायको अवधि बढेको हुन्छ । कैदी निर्मल सेनलाई कारागारमा उसकी स्वास्नी भेट्न आउँछे र उसकी छोरी पन्ध्र दिनदेखि बिरामी भएको खबर सुनाउँछे । निर्मल सेन निकै दुःखी बन्छ । यसै कारण निर्मल कारागारबाट भागेर मोती भिलको जङ्गलमा आइपुग्छ । मानिसले चिन्लान् भनेर दिनभरि पोखरीमा आधा शरीर लुकाएर बस्छ र रातको तिन बजे ऊ छोरीलाई भेट्न घर जान्छ । धुकधुकी मात्र रहेको छोरीलाई काखमा लिएर ऊ पीडा र पितृत्वले कराउँछ । दुई दिनपछि उसकी छोरी चिन्तुको मृत्यु हुन्छ र दाहसंस्कार गरी श्रीमतीलाई सम्भाउँदै पुलिस थानामा आत्मसमर्पण गर्ने कुरा गर्छ । यसले उसकी श्रीमतीलाई अर्को आघात पर्छ र ऊ चिच्याउँछे । त्यसपछि गाउँलेहरूले ऊ आएको थाहा पाउँछन् र प्रहरीद्वारा ऊ फेरि समातिन्छ । पुलिसले उसलाई पक्रेर फेरि जेल ल्याउँछन् र त्यहाँ उसलाई निर्ममतापूर्वक पिट्छन् । उसको शरीर शिथिल बनिसकेका भए पनि चन्द्रशेखरको प्रश्नमा उसले शरीरमा कुनै पीडा नभएको तर आफ्नी छोरीको अकालमा ज्यान गएकाले त्यसबाट निकै दुःखी भएको कुरा गर्छ । निर्मल सेनसम्बद्ध यस कथालाई चन्द्रशेखरले आफ्नी श्रीमती समक्ष बताउँछन् ।

अर्को एक दिन चन्द्रशेखर सधैँभन्दा करिव एक घन्टा ढिलो कार्यालयबाट घर आउँछन् । उनले त्यस दिन एउटा चौबिस-पच्चिस वर्षको कैदी तपनका बारेका घटना आफ्नी श्रीमतीलाई बताउँछन् । जेलको कैदी तपन त्यस दिन भोक हड्ताल बसेको हुन्छ । त्यसको कारणका बारेमा चन्द्रशेखरले उसैसँग सोध्छन् । तपनले आफ्ना मनको व्यथा उनी समक्ष पोख्छ । उसका अनुसार

ऊ जन्मेको केही क्षणपछि उसकी आमाको मृत्यु भएको हुन्छ । आमाको मृत्युपछि उसका बाबुले दोस्रो विवाह गरेका हुन्छन् । कान्छी आमापट्टिको भाइ अरूणले उसलाई आफ्नै बाबुको छेउमा बस्नसम्म नदिएपछि बाबुको सल्लाह अनुसार ऊ कलकत्ता सहरमा मामाको घरमा बसेको हुन्छ ।

कलकत्तामा तपनका मामा र माइजू अनि उनीहरूको एउटै सन्तान छोरा रमेश हुन्छन् । रमेशले उसलाई चोर्न लगाउँछ । एकदिन मामाको पैसा चोर्न लाग्दा ऊ पक्राउ परेको हुन्छ । रोगी माइजू बिछ्यौनामा सुतिरहेका बेला रमेशले उसलाई पैसा चोर्न लगाउँछ । दाइले भनेको मान्नु पर्ने बाध्यताले उसले पैसा निकाल्न लाग्दा मामा आइपुग्छन् । उसले मामाका हातबाट पिटाइ खाए पनि रमेशले अहाएर गरेको कुरा भन्न सक्दैन । पिटाइबाट ऊ बेहोस हुन्छ । क्षमा माग्ने विचारले मामासँग जाँदा रमेशले उसका विरुद्धमा अनेक कुरा गर्दै उसलाई प्रहरीकोमा बुझाउनु पर्ने कुरा आफ्नो बाबुसँग गरेको उसले सुन्छ । त्यसपछि तपन त्यहाँबाट निस्केको हुन्छ ।

मामाको घरबाट निस्केपछि तपनले मुसलमान साथी नजरूलको सहायताले मटियाबुरूज बस्तीमा गाडी पुछ्ने काम गर्न थाल्छ । काम गर्दै गर्दा एक दिन निर्मलकुमारले तपनलाई उसको घर लान्छ । उसले तपनलाई घरको रखवाल गर्ने, चिठ्ठीपत्र डाकमा हाल्न जाने अनि पुस्तकालय सफा गर्ने आदि काम लगाउँछ । निर्मलकुमार राजहाटको प्रतिष्ठित व्यक्ति हुन्छ । एक दिन कालीबाढी गाउँबाट गोपाल दाइ आएर तपनलाई उसको घर लग्छन् । उनका घरमा स्वास्नी, ठुली छोरी माधवी र कान्छो छोरा सुरेश हुन्छन् । प्रथम भेटमा नै तपन र माधवीबिच प्रेम बस्छ । गोपाल दाइकै सल्लाह अनुसार उसकी छोरी माधवीसित तपनको बिहे हुन्छ । यस्तैमा साहेब निर्मलकुमारको कृपाले तपनलाई गंगापुर चामल कारखानामा काम प्राप्त हुन्छ । तपन नौली दुलही माधवीलाई लिएर गंगापुर बसाइँ सर्छ । आफ्ना सहकर्मीहरूलाई घरमा भोज दिएको दिनदेखि रमेश र माधवीको सम्बन्ध बढेको हुनाले तपन चिन्तित बन्छ । तपन आन्तरिक द्वन्द्वले वर्द्धवान स्टेशनबाट लोकल इलेक्ट्रिक ट्रेनको अघि हाम फाल्छ । उसले आत्महत्याको प्रचेष्टा गरेकामा फौजदारी मुद्दामा जेल पर्छ । यसै कारण ऊ मर्न चाहन्छ । उसले चन्द्रशेखरसँग यस जुनीमा आफूलाई मर्नका लागि अवसर दिनु पर्ने र माधवीजस्ती नारीको योग्य पति बन्नका लागि धूर्त भएर अर्को जुनीमा जन्मने विचार राख्छ । वर्द्धवान जेलको एउटा कोठरीमा थुनिएको कैदी तपनको यो कहानी चन्द्रशेखरले आफ्नी श्रीमतीलाई सुनाउँछन् । दुवै भावुक हुन्छन् ।

वर्द्धवान जिल्ला जेलबाट स्थानान्तर भएर चन्द्रशेखर दमदम केन्द्रीय जेल आइपुग्छन् । दमदम केन्द्रीय जेलमा दुई हजार कैदी हुन्छन् । चन्द्रशेखर जेल जानलाई बिहान सात बजे नुहाई चिया पिउन बसेका बेला जेलको आपतकालीन घन्टी बजेको सुनेर चन्द्रशेखर दौड्दै जान्छन् । जेलको कैदी अशोकले जेलबाट भाग्ने चेष्टा गरेको हुन्छ ।

चन्द्रशेखरले अशोकलाई उसको अपराधका विषयमा सोध्छन् । सोधपुछमा अशोक मायामोहमा परेर अन्धो भई जेलबाट भाग्न खोजेको थाहा हुन्छ । उसकी स्वास्नी शिवानी सिकिस्त बिरामी हुन्छे । अन्तिम क्षणमा केही गर्न नसके पनि केवल एकपल्ट भेट्ने इच्छाले उसले जेलबाट भाग्ने प्रयत्न गरेको हुन्छ । अशोक आफूले शिवानीलाई भेट्न नसकेकोमा र आफू अयोग्य पति भएकोमा पछुतो मान्छ । उसले चिकित्सक, उपचार, औषधी केही नगरी आफ्नी श्रीमतीलाई अर्को

जुनीमा अवश्य सुख शान्ति दिने चाहना पनि व्यक्त गर्छ । यस्तो मर्मस्पर्शी कहानी सुनेपछि चन्द्रशेखरले अब प्रायश्चित्त गरेर केही लाभ नभएको बरु उसले छिटोभन्दा छिटो यस जेलबाट निस्कने प्रयत्न गर्नु पर्ने कुरा गर्छन् ।

चन्द्रशेखरले अशोकको डकैती प्रकरण, भारतको दण्ड विधानको धारा ३९६ अन्तर्गत कसरी अशोकलाई सजाय भयो र किन उसको पुनरावेदन अस्वीकृत भयो भन्ने कुरा उनले बुझ्न सक्दैनन् । त्यसैले उनी हरेक समय अशोकको अपराधको प्रकृतिका बारेमा सोचिरहन्छन् ।

अशोकले आफूद्वारा गरिएको डकैतीसँग सम्बद्ध घटना चन्द्रशेखरलाई सुनाउँछ । उसकी श्रीमती शिवानी धेरै समयदेखि बिरामी भइरहेका कारण कार्यालयमा सधैं ढिलो गएकाले उसलाई नोकरीबाट निकालिएको गरिएको हुन्छ । एउटा नोकरीबाट निकालिएको उसले निकै खोजी गर्दा पनि अर्को नोकरी पाएको हुँदैन साथै स्वास्नीको उपचारमा सबै जेथा सिद्धिएको हुन्छ । श्रीमतीको रोगको उपचारका लागि अशोक सुप्रभात सरदारकोमा सहयोग माग्न जान्छ । एक सय रुपियाँ दिएर सुप्रभातले उसलाई डकैतिमा संलग्न गराउँछ र त्यसपछि ऊ पक्राउ पर्छ । प्रहरी हाकिमको विशेष आदेशले ऊ जेल पर्छ । अशोकले सत्य र वास्तविकतालाई सर्वश्रेष्ठ ठहराउने विचार गर्छ तर ऊ त्यस समयमा लाचारी, सरदारको सहायता, समाजको अवहेलना अनि शिवानीको प्रेमको चौबाटोमा उभिएको हुन्छ । दिनहुँ विभिन्न प्रकारका मानिसहरू भेट्न आउँछन् । दरोगाले उसलाई सरकारी साक्षी भएर घटनाका बारेमा सम्पूर्ण यथार्थ जानकारी दिएमा रिहा गर्ने वचन दिन्छन् । त्यस्तै प्रकारले सुप्रभात सरदारले अशोकलाई जेलमा भेटी आफू सत्यवादी, इमानदार, दयालु व्यक्ति भएको, डकैतको बारेमा केही नजानेको, ऊ लगायत अरू नौजना व्यक्तिहरू त्यस रात घटनास्थलमा नभएको बताउनु पर्ने र उसको मुक्ति उनीहरूको मुक्तिमा निर्भर भएको कुरा गर्छ । यस प्रसङ्गमा सुप्रभात सरदारले रूपियाँ खर्च गर्न तयार भएको कुरा पनि गर्छ । यी दुवै पक्षले अशोकको रिहाइकै कुरा भिन्न शर्तमा राखे पनि अशोकले भने न्यायालयमा सत्य सिवाय अरू केही नबोल्ने प्रण गर्छ ।

सात दिनपछि शिवानी अशोकलाई भेट्न आइपुग्छे । अशोकले सान्तवना दिन्छ साथै आफू निर्दोष भएको र आफूलाई विश्वास गर्न श्रीमतीसँग आग्रह गर्छ । सेसन्स न्यायालयमा मुद्दा आरम्भ हुन्छ । अशोकले आफूले देखेको डकैतको सम्पूर्ण घटना साँचो साँचो बताउँछ । फलस्वरूप ऊ लगायत अन्य नौ जना अभियुक्तलाई बिस बिस वर्ष जेल सजाय हुने निर्णय हुन्छ । अशोक यस निर्णयले बेहोस हुन्छ । चन्द्रशेखरले डाक्टर बोलाएर उसको उपचार गर्न लगाउँछन् । यसरी कैदी अशोकको कथा चन्द्रशेखरले आफ्नी श्रीमतीलाई सुनाउँदा दुवैजना भावुक बन्छन् ।

जीवन परिक्रमा उपन्यासमा माथि प्रस्तुत गरिए झैं भिन्न भिन्न व्यक्तिसँग सम्बद्ध घटनाक्रम एक अर्कासँग असम्बद्ध भई उपन्यासमा आएका छन् । त्यसैले यस उपन्यासको कथानकलाई आदि, मध्य र अन्त्यमा विभाजन गर्न सकिने स्थिति छैन । यसरी फरक फरक नायकत्वमा फरक फरक कथानकका सन्दर्भलाई एकै ठाउँमा मिसाएर निर्माण गरिएको यो बहुनायकीय र बहुकथानकीय उपन्यास हो । तसर्थ यो कथानक निर्माण र पात्र विधानमा एक प्रकारले प्रयोग गरिएको उपन्यास हो ।

प्रस्तुत उपन्यासको कथानकको स्रोत यथार्थ सामाजिक जनजीवन नै हो । समाजका विभिन्न जातिका पात्रहरूलाई घटना सूत्रमा उनेर तथा समाजका स्थूल घटना स्रोतबाट यस उपन्यासको कथानक निर्माण गरिएको छ । उपन्यासकारले आफ्नो जीवन यात्रामा भेटेका विभिन्न पात्रहरूका जीवन शैली र उनीहरूका चारित्रिक विशेषताको अभिव्यक्ति प्रस्तुत उपन्यासको कथानक गरेका छन् । यस उपन्यासको कथानक रैखिक ढाँचामा संरचित छ । चन्द्रशेखर र उनकी पत्नी सरस्वतीदेवीका बिचको अनुभव आदान प्रदानको मूल कथानक प्रवाहमा विभिन्न पात्रका सन्दर्भ अनुरूप उपकथानकहरू निर्माण भएका छन् । ती उपकथानकहरू क्रमशः धिताल बाजे, चतुरमान सुब्बा, सुल्तान अली, मदन, निर्मल सेन, तपन र अशोकका जीवन घटनासँग सन्दर्भित छन् । यी उपकथानकहरू मूल कथानकका सहायक, आञ्चलिक विशेषता युक्त र जातजातिका जीवन चर्यासँग सम्बद्ध छन् । यिनले उपन्यासलाई सामाजिक जीवनका बहुविध यथार्थको प्रस्तुतिका लागि प्रमुख आधार स्तम्भको कार्य गरेका छन् । उपकथानकले पात्रका परिस्थिति अनुकूल अत्यन्त द्वन्द्वात्मक र कुतूहलता सिर्जना गरेर मूल कथानकको अपेक्षालाई सार्थक बनाएका छन् । पात्रका आन्तरिक र बाह्य समेत द्वन्द्वले युक्त प्रस्तुत उपन्यासको कथानक आदि, मध्य र अन्त्यको शृङ्खलामा विन्यस्त हुन सकेको छैन ।

५.२.२ पात्र विधान र तिनको चरित्र

जीवन परिक्रमा उपन्यासमा पात्रपात्राहरू धेरै छन् । उपन्यासको सुरुदेखि अन्तसम्मको घटनाक्रममा संलग्न भएको प्रमुख पात्र चन्द्रशेखर यस उपन्यासको कथा वाचक हो । प्रस्तुत उपन्यासमा क्रमैसित घटना घटेका छन् । प्रत्येक घटनामा एक एक पात्रपात्रा उपस्थित भएका हुनाले ती क्रमैले आउने मुख्य पात्रपात्राहरू स्वयं आफ्नो कथाका नायक हुन् । यसरी हेर्दा धर्मप्रसाद धिताल, चतुरमान सुब्बा, रामकृष्ण बोस, सुलतान अली, तपन, अशोक आदि प्रस्तुत उपन्यासको नायकीय भूमिकामा देखा पर्ने पात्र हुन् । । त्यस्तै उपन्यासका घटनाक्रमलाई अघि बढाउन सहयोग पुऱ्याउने सहायक पात्रपात्राहरू माधवी, नमेश, अमिना आदि हुन् । यिनका अतिरिक्त विभिन्न घटना प्रसङ्गसँग विभिन्न ढङ्गले जोडिएका मञ्चीय अमञ्चीय ८९ जना पात्रहरूको उपस्थिति यस उपन्यासमा देखिन्छ (परिशिष्ट ३) । तर मुख्य भूमिकामा भने सीमित पात्रहरू छन् । तलका उपशीर्षकमा तिनका चारित्रिक विशेषताको अनुशीलन गरिएको छ ।

(क) चन्द्रशेखर

चन्द्रशेखर यस उपन्यासको प्रमुख पुरुष पात्र हो । कृतिगत कार्यका आधारमा तथा भूमिकाका आधारमा चन्द्रशेखरको उपस्थिति अन्य पात्रका तुलनामा अधिक देखापर्छ र उपन्यासको सुरुदेखि अन्तसम्म नै उसको भूमिका कथानकको विकाससँगै जोडिएर आएको छ । यसरी कृतिगत कार्यका दृष्टिले उपन्यासमा चन्द्रशेखरले गरेको कार्य अन्य पात्रहरूको भन्दा बढी महत्त्वपूर्ण रहेको छ । चरित्रगत प्रवृत्तिका दृष्टिले पनि उपन्यासको थालनीदेखि समाप्तिसम्म उसलाई अनुकूल पात्रका रूपमा देख्न सकिन्छ । पहाडको स्वच्छ वातावरणमा जन्मी हुर्केको चन्द्रशेखरले सरकारी जागिरका कारण कलकत्ता महानगरमा सत्र वर्षसम्म बिताएको छ । ऊ कारागार सुपरिवेक्षक (जेल सुपरिन्टेन्डेन्ट) का पदमा कार्यरत रहँदा विभिन्न कारागृहमा भेटेका विभिन्न बन्दी अपराधीहरूका

कथा-व्यथा र सत्य घटनाहरू आफ्नी श्रीमतीलाई सुनाउँछ । आफू उच्च ओहदामा कार्यरत भएर पनि आफ्नी श्रीमतीसँग दैनन्दिनका घटनाहरू सुनाएको प्रसङ्गले यसमा गृहस्थ जीवनको राम्रो प्रतिनिधित्व गरेको देखिन्छ ।

चन्द्रशेखर नेपाली प्रजातिको पात्र हो । प्रस्तुत उपन्यासमा ऊ भलादमी, सहनशील, इमानदार, गतिशील र सत्पात्रका रूपमा चित्रित छ । उसले कैदी पात्रहरूका मनोभाव उनीहरूका कथा-व्यथा मनन गर्दै सहयोग पुऱ्याउने काम गरेको छ । नेपाली जातिको मात्र नभएर विभिन्न जातिका कैदीहरूमा समान दृष्टि पुऱ्याउने गरेका हुनाले उसलाई मानवतावादी सत्पातका रूपमा लिन सकिन्छ । कार्यगत भूमिकाका आधारमा ऊ नै कथानकको केन्द्रीय पात्र भने होइन । ऊ कथा वाचक हो र उसले कलकत्तामा कार्यरत निम्न वर्गीय नेपाली अनि जेलमा विभिन्न अपराधमा बन्दी भएका तथा सजाय पाएका व्यक्तिहरूको जीवन कथालाई प्रस्तुत गरेको छ । विभिन्न पात्रका जीवन कथालाई औपन्यासिक स्वरूप दिने काममा उसको केन्द्रीय भूमिका भने रहेको छ । वास्तवमा भिन्न भिन्न पात्रका कथालाई जोड्ने पात्रका रूपमा उसको भूमिका महत्त्वपूर्ण रहेको छ ।

(ख) चतुरमान सुब्बा

चतुरमान सुब्बा तेह्रथुमबाट आएर कलकत्ता महानगरीमा दरवानको काम गरिरहेका हुन्छन् । पारिवारिक आर्थिक अवस्था कमजोर भएका कारणले आफ्नो जन्मथलो छोडेर कलकत्ताको गर्मीमा पहरेदारको काम गरी जीवन गुजारा गर्न उनी बाध्य भएका छन् । अलि चाउरी परेको पहेँलो अनुहार, साना साना आँखा, अलि अलि फुल्दै गएको कैलो केस हेर्दा उनी रोगी व्यक्ति जस्तै देखिन्छन् ।

प्रस्तुत उपन्यासका प्रमुख पात्र चन्द्रशेखर मस्त निद्रामा परेको समयमा सिटी फुकेको आवाज अनि घरको भित्ता-भित्तामा लौराले ठ्याकठ्याक हिर्काएको सुनेर हातमा टर्चलाइट बोकी बाहिर निस्किन्छन् । बाहिर निस्पट्ट अँध्यारोमा खाकीको मैलो पतलुन, अलिअलि फाटेको कमिज, खुट्टामा डनलप टायरको चप्पल, शिरमा रूमाल बाँधेको, हातमा लौरो, मुखमा सिटी अनि कमरमा खुकुरी भिरेका व्यक्ति देखेर सोध्छन्, "तिमी कस्तो पहरा, के पहरा दिन्छौ" (पृ.११) ? सुब्बा भन्छन् :

> म यस गाँउको पहरे हुँ हजुर ! सबै मिली मलाई महिनाको ९० रूपियाँ तलब दिन्छन् । यो गाउँ साह्रै एकलास हुनाले चोर, डाकु, भूतप्रेत तथा हिंस्रक पशुहरूबाट रक्षा गर्न म प्रत्येक रात यसरी सिटी फुक्दै घर-घर पहरा दिन्छु अनि पहरा दिएको प्रमाण स्वरूप प्रत्येक घरको देवलमा यो लौरोले आवाज दिन्छु । यो काम गरेको धेरै भएको छैन हजुर, यस्तै पाँच महिनाजस्तो मात्र । यस अघि यहाँ उधुम चोर लाग्थ्यो, डकैती हुन्थ्यो, मुर्कट्टा र चुँडेलको कथा पनि खूबै जोड्थे सबैले । एक दुई 'छिन ताइ' घटनाहरू भइरहेछ । म पहिले तेह्रथुमबाट मामा हर्कधनसित कलकत्ता पसेको हुँ । (पृ.१२)

मामा हर्कधनले उनलाई बर्ड कम्पनीमा महिनाको २० रुपियाँ तलबमा दरवान काममा लगाएका हुन् । त्यहाँका साहेबहरू दयालु हुन्छन् भन्ने उनको अनुभव छ । उनलाई दुई वर्ष नोकरी गर्दा दुई महिना बिते झैँ लाग्छ । त्यही साल छुट्टीमा पहाड गएर श्रीमतीलाई पनि

कलकत्ता लिएर आएका छन् । तर केही दिनपछि उनलाई कम्पनीले एक महिनाको तलब दिएर विदा गर्छ । गर्भवती श्रीमतीलाई खुवाउन पियाउन उसलाई समस्या पर्छ । यसै समस्याले गर्दा उसले ओधाम कम्पनीमा दरवानको पुनः अर्को जागिर पाउँछ र जीवनलाई अगाडि बढाउन लाग्छ । यसरी आफूले पाएको दरवानको कामको मान राख्दै निकै इमानदारीपूर्वक त्यसलाई निर्वाह गर्ने, जस्तै समस्या आए पनि विचलित नहुने चतुरमान सुब्बा विदेशमा आई कुल्ली, दरवान आदि तल्लो स्तरका पेसा अँगाल्न बाध्य नेपालीको प्रतिनिधित्व गर्ने वर्गीय पात्र हुन् । सकारात्मक भूमिका भएका उनी सामाजिक सुरक्षाका एउटा महत्त्वपूर्ण आधार हुन् । आबद्धताका आधारमा उनी बद्ध पात्र हुन् भने आसन्नताका आधारमा मञ्चीय पात्र हुन् । यसरी चतुरमान सुब्बाको चरित्रले यस उपन्यासको कथानक निर्माणका लागि सघाउ पुऱ्याएको छ र ऊ कथानकको एउटा महत्त्वपूर्ण अङ्ग बनेको छ ।

(ग) रामकृष्ण बोस

रामकृष्ण बोस प्रस्तुत उपन्यासको कथानकसँग जोडिएको अर्को मुख्य पात्र हो । ऊ बंगाली प्रजातिको शिक्षित पात्र हो । ऊ ग्यालेण्डर आरबुथनट परचेज सेक्सनको अवकाश प्राप्त म्यानेजरको पुत्र हो । कलकत्ता विश्वविद्यालयबाट एम.ए.बी.एल. पास गरी उसले मेकिन एन्ड मेकेञ्जीमा पब्लिक रिलेसन अफिसर पदको मासिक वेतन रूपियाँ १४०० मा नोकरी गर्छ । मझौला कद, सुतीको कोट-प्यान्ट, कमिज इस्त्रीदार, गलामा रातो टाई, हातमा एउटा पोर्टफोलियो व्याग, आँखामा रिङलेस चश्मा लगाएको लालवर्ण, हिस्सी परेको अनुहार, छाँटिएको शरीर, खुइलिँदै गरको तालु अनि हातको औँलामा सिगरेट अधिक पिएको पहेँलो दाग देखिन्छ । अपरिचित व्यक्तिसित अङ्ग्रेजी भाषामा "मलाई चिन्नु भएन ? म रामकृष्णबोस हुँ" भन्दै आफ्नो परिचय दिने रामकृष्ण बोस सानोतिनो हाकिम वा पुलिस अफिसरजस्तै देखिन्छ । रामकृष्ण बोसको विवाह कलकत्ता विश्वविद्यालयबाट एम.ए. पास गरेकी डेपुटी म्याजिस्ट्रेट अधर बोसकी एक्ली छोरी रेणुसित भएको हुन्छ । रेणु राइडर्स बिल्डिङ रिलिफ डिर्पाटमेन्टको रिलिफ अफिसर पदमा कार्यरत हुन्छे । विवाहको केही महिनापछि रामकृष्णकी श्रीमती रेणु कार्यालयबाट अबेर गरेर आउन थाल्छे अनि यी दुई झगडा गर्न थाल्छन् । रामकृष्णले खिन्न चित्त लगाउन थाल्छ । फलस्वरूप एक दिन रामकृष्णले श्रीमती रेणुलाई छोडपत्र गर्छु भन्छ र रेणुले पनि गृहत्याग गरेर जान्छे । त्यसपछि रामकृष्णको हालत बिग्रँदै जान्छ अनि दिनदिनै खान छोड्छ, कलकत्ता चक्कर लगाउन थाल्छ । कार्यालयबाट तिन महिनाको छुट्टी स्वीकृत गराए पनि उसको अवस्था सुध्रँदैन । ऊ मानसिक रूपले असन्तुलित भएर पागल हुन्छ । उसको पितालाई डाक्टर सेनले यसरी स्वेच्छापूर्वक घुमफिर गर्न नदिनु भन्दै उसको मगज खराब भएको र सुध्रिन नसक्ने सुझाव दिएका हुन्छन् । रामकृष्णको मानसिक सन्तुलन बिग्रे तापनि उसले कलकत्ता सहरमा हुने दिनहुँको अर्थ व्यवस्था, व्यवहार र व्यापारको सूक्ष्म ज्ञान राख्ने गर्छ । उसको शिष्टाचार, ज्ञान, तर्क तथा बौद्धिकताले शिक्षित व्यक्तित्वको परिचय दिन्छ ।

रामकृष्ण बोस प्रस्तुत उपन्यासको आबद्ध पात्र हो । उपन्यासलाई रोचक बनाउन उसको भूमिका महत्त्वपूर्ण रहेको छ । ऊ महानगरीय जीवनको प्रतिनिधित्व गर्ने विश्वसनीय प्रतिनिधि

पात्र हो । उसको चारित्रिक विकास स्वाभाविक रहेको छ । आत्मिक प्रेमको विश्वासघातले गर्दा उसमा नकारात्मक चारित्रिक परिवर्तन आएको पाइन्छ । उसका चरित्रमा मनोवैज्ञानिक विशिष्टता पनि भेटिन्छ । यसरी रामकृष्ण बोस मार्फत् उपन्यासकारले महानगरीय शैक्षिक, आर्थिक, मनोवैज्ञानिक जीवनका विविध पक्षलाई प्रतिनिधिपूर्ण अभिव्यक्ति दिन खोजेको देखिन्छ ।

(घ) सुलतान अली

सुलतान अली प्रस्तुत उपन्यासको अर्को प्रमुख पात्र हो । ऊ प्रेसिडेन्सी जेलका दशजना बन्दीहरू मध्ये सबैभन्दा कान्छो हो । उसले बसिरहाट गाउँका मुखिया शशांकशेखर दासको हत्या गरेको अपराधमा भारतीय दण्ड विधान ३०२ धारा अनुसार अलिपुर सेसन्स जजबाट प्राणदण्डको सजाय पाएको हुन्छ । सुलतान महाविद्यालयको एक्काइस वर्षे विद्यार्थीजस्तो देखिन्छ । उसको अनुहार निष्पृह र शान्त देखिन्छ । ऊ सोझो र साहसी किसिमको व्यक्ति हो ।

सुलतान अली र उसकी सौतेनी आमापट्टिका दाइ रूस्तम अली बसिरहाट थाना अन्तर्गत बहादुरपुर गाउँका जाफर अली मण्डलका दुई छोरा हुन् । सुलतान अली मण्डल पाँच वर्षको हुँदा उसका पिताको र दस वर्षको हुँदा माताको मृत्यु हुन्छ । त्यसपछि दाइ रूस्तम अली नै परिवारको सर्वेसर्वा हुन्छ । दाइको जुवा खेल्ने र मद-मदिरा पिउने बानीले पिताको यथेष्ट जमिनबाट अलिकति जमिन र सानो एउटा घरमात्र बाँकी रहेको हुन्छ । टुहुरो भए पनि सुलतान अलीले हाई स्कुलको शिक्षा आर्जन गरेर कलकत्ता मौलाना आजाद कलेजमा अध्ययन गरिरहेको हुन्छ । यस्तैमा उसको दाइ रूस्तम अलीले बिहे गर्छ । सुलतान अलीलाई भाउजू अमीनाले आमाबाबुको माया दिएकी हुन्छिन् ।

सुल्तानका दाजुले भाउजूलाई निकै दुःख र असन्तोष दिएको हुन्छ । आफूलाई बाबुआमाले जस्तै माया गर्ने भाउजूलाई दाजुले दुःख दिएको उसले देख्न सहन सक्दैन । भाउजूका हरेक सुख दुःखमा साथ दिने सुलतान अली दाजूको जुवा, रक्सीका लागि चाहिने पैसा जुटाउन भाउजूलाई सहयोग गर्ने गर्छ । त्यही पैसा जुटाउनका लागि उसले शशांक शेखरको हत्या गर्दछ र भारतीय दण्ड विधान अनुसार जेल सजाय भोगिरहेको हुन्छ । उसलाई मृत्युदण्डको फैसला सुनाइएको हुन्छ । जेल सुपरिवेक्षक (चन्द्रशेखर) ले मृत्युदण्डको सट्टा जन्मकैद हुनु पर्ने अपिल लेखे पनि उसले मृत्युलाई नै रोज्छ । उसले मृत्युअघि भाउजू अमीनासित भेट्ने इच्छा प्रकट गर्छ । भाउजूसितको अन्तिम भेटवार्तापछि सुलतानले स्वेच्छापूर्वक मृत्युदण्डलाई कुरिरहेको हुन्छ । प्रारम्भमा मृत्यु चाहेको र जन्मकैद भन्दा फाँसीमै सहमति जनाएको सुलतान फाँसी चढ्ने समयमा भने बाँच्न चाहन्छ । उसमा मृत्युको पागलपनबाट विस्तारै जीवनप्रतिको आकर्षण र आकाङ्क्षा पलाउँदै गएको छ । त्यसैले उसको जीवन सम्बन्धी दृष्टिकोणमा विस्तारै परिवर्तन हुँदै गएको छ । यस सन्दर्भमा सुलतानको चन्द्रशेखरसँग गरेको यो कथन निकै महत्त्वपूर्ण देखिन्छ, "यो पागलपन हैन सर, यो त सज्जनको लक्षण हो । म विचलित होइन तर पूरा होशमा छु, यत्रो दिन पो म जेलमा पगला भएको थिएँ, तपाईंलाई थाहा नै छ" (पृ.५०) । बाँच्ने सम्भावना हुँदा मर्न चाहने र मर्नुको कुनै विकल्प नहुँदा बाँच्न चाहने विपरीत क्रियात्मक चरित्रको सुलतान वास्तवमै अपराधी वृत्तिको

नभएर परिबन्दले बनाएको अपराधी हो । उसमा नकारात्मकता भन्दा सकारात्मकताका अभिलक्षण धेरै देख्न सकिन्छ ।

मृत्युदण्डको सजाय पाइसकेपछि पनि मर्न नडराउने कैदी सुलतान अलीले फाँसीको क्षणमा भने बाँच्ने इच्छा प्रकट गरेको छ । यसबाट उसमा बाँच्ने इच्छा शेष नै रहेको र बाँचेर नै केही गर्न सकिने विश्वास उब्जिएको देख्न सकिन्छ । समग्रतः सुलतान कानुन अनुरूप अपराधी ठहरिएर मृत्युदण्डको भागी भए पनि व्यक्तिगत दृष्टिले ऊ कर्तव्यनिष्ठ र नारी अस्मिताको रक्षक देखिन्छ । उसको यस चरित्रले उपन्यासलाई निकै संवेद्य पनि बनाएको छ ।

(ङ) तपन

तपन प्रस्तुत उपन्यासमा आत्महत्या गर्ने प्रचेष्टा गरेको अपराधमा तीन महिनाको कारादण्ड पाएको कैदी पात्र हो । उसको आमाको मृत्युको कारण तथा सानीआमाको लाञ्छना र अत्याचार सहन नसकेर कलकत्तामा मामा-माइजूका घरमा पुग्छ । उसले मामा-माइजूको स्नेह पाउँछ तर मामाको छोरा रमेश दुष्ट भएको हुनाले तपनलाई कुसङ्गतमा फँसाएर चोर बनाउँछ । फलस्वरूप मामाले उसलाई घरबाट निकालिदिन्छन् । त्यसपछि तपन ट्याक्सी सफा गर्ने काम गर्न बाध्य बन्छ । यस्तैमा निर्मलकुमार जस्ता भलादमी सज्जन र शिक्षितको सहयोगले कार्यालयमा काम पाएर आफ्नो जीवन निक्कै सुदृढ बनाउँदै लान्छ । त्यसपछि तपनले साधारण सरल र सुन्दरी ग्रामीण युवती माधवीलाई बिहे गर्छ । केही दिनपछि माधवी तपनकै कार्यालयमा काम गर्ने नरेशप्रति आकर्षित हुन्छे । यसरी आफ्नी प्रेयसीले पर-पुरुषसित सम्बन्ध राख्न थालेको पीडा अनि आफ्नो स्वास्थ्य पनि ठीक नभएको कारणले ऊ चिन्तित बन्छ । आफू सोझो, सरल र निमुखा भए पनि माधवीको निम्ति योग्य पति हुन नसकेको कुरा मनमा खेलाउँदा खेलाउँदै ऊ आत्महत्या गर्ने निश्चय गर्छ । अनि वर्द्धमान स्टेशनबाट लोकल इलेक्ट्रिक ट्रेनको अघि हाम फाल्न पुग्छ । यसरी आत्महत्याको प्रचेष्टा गरेको हुनाले उसलाई फौजदारी अपराध लगाएर कैद गरिएको हुन्छ ।

तपन शारीरिक रूपमा साथै आन्तरिक रूपमा कमजोर पात्र हो । उसले बाल्यकालदेखि कष्टपूर्ण मातृविहीन जीवन भोग्नु परेको हुन्छ । त्यसैले तपनमा पुरुषार्थ भावनाको कमी देखिन्छ । उसले आफ्नी पत्नीलाई काबुमा राख्न सक्दैन साथै नरेशलाई माधवीसँगको सम्बन्धमा विरोध गर्न पनि सक्दैन । त्यसैले ऊ आत्महत्या गर्ने कोसिस गर्छ ।

तपन यस उपन्यासको स्थिर पात्र हो । मनोविज्ञानका दृष्टिले ऊ विकृत अझ हीनत्व ग्रन्थिले ग्रस्त पात्र हो । उसले हीन मानसिकता भएको पात्रको प्रतिनिधित्व गरेको छ ।

(च) अशोक

प्रस्तुत उपन्यासको अर्को आजीवन बन्दी बनेको पात्र अशोक हो । उसको पनि कथा वेदनापूर्ण रहेको छ । स्वास्नीको अस्वस्थताका कारण आफ्नो नोकरीमा उपस्थित हुन नसक्दा, अशोकलाई नोकरीबाट निकालिदिन्छ । अन्तिम अवस्थामा पुगेकी आफ्नी श्रीमतीलाई निको पार्न र हातमुख जोर्न ऊ कुनै पनि काम गर्न तत्पर बन्छ । यस्तो आर्थिक अवस्था कमजोर भएको कारण

अशोकले सुप्रभात सरदारबाट केही रूपियाँ पाउँछ । त्यही रूपियाँ सहयोग पाएको गुन तिर्न ऊ अञ्जानमा डाका दलमा सामेल हुन पुग्छ र अन्ततः डाका दलसितै कारागारमा बन्दी भएर बस्नु पर्छ ।

न्यायालयमा उसलाई डाका गरेको साथै हत्या गरेको घटनाबारे सोधपूछ गरिँदा उसले अपराधी अनि अपराध गर्न लगाउने सुप्रभात सरदारका सम्पूर्ण अपराधीहरूका बारेमा सत्य घटना बताएको हुनाले र ऊ पनि त्यही डाका दलमा सामेल रहेको कारण उसले आजीवन कैदको दण्ड भोग्नु परेको हुन्छ । यस्तो अवस्थामा स्वास्नीको अस्वस्थताको खबर अनि समाजले होच्याएर विभिन्न प्रकारका लाञ्छना लगाएको समाचार सुनेर अशोक एक प्रकारले उत्तेजित भई कैदबाट भाग्ने प्रयास गर्छ तर असफल बन्छ ।

अशोक प्रस्तुत उपन्यासको गौण पात्र भए तापनि स्थिर साथै आबद्ध पात्र भएर रहेको पाइन्छ । चारित्रिक विकासको दृष्टिले ऊ स्वाभाविक प्रकारको पात्र देखिन्छ । व्यक्तिगत पात्र भए तापनि उसले समाजका आर्थिक विपन्नता र अभावले ग्रस्त व्यक्तिहरूको प्रतिनिधित्व गरेको छ ।

जीवन परिक्रमा उपन्यासमा चन्द्रशेखर कथा वाचक पात्रका रूपमा रहेका छन् भने अन्य विभिन्न जीवन दशा बोकेका जम्मा ८६ जना पात्रहरू रहेका छन् । तीमध्ये धर्मप्रसाद धिताल र चतुरमान सुब्बा कलकत्ता महानगरमा पहरेदार काम गर्न गएका गोर्खा प्रजातिका इमानदार र साहसी पात्रहरू हुन् । सुबो बाबु, पद्योतकुमार, हेमेन च्याटर्जी, समर गुह, रामकृष्ण बोस, धिरेन बाबु, आनन्द बाबु बङ्गाली प्रजातिका पात्रहरू हुन् । सुलतान अली मण्डल, रूस्तम अली मण्डल, शशांक शेखर दास, तफिजूल मण्डल, भटनागर, जाफर अली मण्डल, खलिल मण्डल, पीर महम्मद, बदर मुन्शी, खुदी घोष, हाजी साहेब, अतूल बाबु, सत्यनारायण बाबु, नरेन (डिपुटी जेलर), नन्दलाल गोसाई, हरिश मुन्शी, गांगुली (मेडिकल अफिसर), कालीपद सरदार, नजरूल मुसलमान, चाचा शेरखाँ, निर्मल कुमार, अमर नन्दी, सुप्रभात सरदार (डकैतको नेता), खगेन्द्र कुमार, न्यायाधीश आदि नेपाली प्रजाति बाहेक अन्य बंगाली, बिहारी, मुसलमान प्रजातिका पात्रहरू हुन् । पात्र सङ्ख्याका दृष्टिले यस उपन्यासमा बहुल पात्रको समावेश भएको देखिन्छ । यस उपन्यासमा नारी पात्रका सङ्ख्या पुरुष पात्रको सङ्ख्याका तुलनामा कमै रहेको पाइन्छ । यसमा स्थिर र गतिशील दुई किसिमका पात्रहरू समाविष्ट रहेका छन् । यी पात्रहरूले समाजका यथार्थ जीवनको प्रतिनिधित्व गरेका छन् ।

औपन्यसिक मूल क्षेत्र बनाइएको कारागारमा बन्दी भएका अपराधी, चोर, डाँकु, हत्यारा आदि विभिन्न किसिमका पात्रहरू रहेका छन् । यिनीहरू पेसेवर रूपमा अपराधी, हत्यारा, चोर नभएर कानुनको अघि दोषी बन्न पुगेका छन् । स्वभावगत दृष्टिले प्रस्तुत उपन्यासका कैदी पात्रहरू जन्मजात अपराधी छैनन् । यिनीहरूलाई परिस्थिति, परिबन्द र विवशताले अपराधी तुल्याएको देखिन्छ । समग्रमा यस उपन्यासमा पात्र विधानको स्थिति विश्वसनीय र स्वाभाविक रहेको पाइन्छ । ती जीवन यथार्थबाटै टिपिएका छन् । वास्तवमा उपन्यासभित्र मञ्चीय र नेपथ्यीय गरी विधान गरिएका अनेक थरी पात्रहरूका माध्यमबाट कलकत्ता सहरका मानिसहरूमा

विविधतापूर्ण जीवन भोगाइ र तिनका दशाको चित्रण मार्मिक, प्रभावकारी र विश्वसनीय रूपबाट भएको देखिन्छ ।

जीवन परिक्रमा उपन्यासमा पनि अघिल्ला उपन्यासहरूमा जस्तै पात्रहरूका चारित्रीकरण चित्रण गर्दा मुख्यतः वर्णनात्मक र संवादात्मक पद्धति प्रयोग गरिएको पाइन्छ तर पनि सम्पूर्ण पात्रको चरित्र चित्रण गर्दा कति ठाउँ अप्रत्यक्ष पद्धति पनि अँगालिएको पाइन्छ । यस उपन्यासमा चन्द्रशेखर उनकी श्रीमती सरस्वती देवी, धर्मराज घिताल, चतुरमान सुब्बा, रामकृष्ण बोस, सुलतान अलीमण्डल, तपन, अशोक आदि पात्रहरूले मुख्य भूमिका निर्वाह गरेका छन् । यी पात्रहरूमध्ये चन्द्रशेखरको चरित्र चित्रण वर्णात्मक पद्धतिबाट गरिएको छ । उदाहरण स्वरूप चन्द्रशेखरको चरित्रबारे सरस्वतीदेवी भन्छिन् :

चन्द्रशेखर आफ्नो ६ वर्षको कर्मक्षेत्र छाडी कलकत्ता हिँडे । पहाडको स्वच्छ परिवेश अनि शीतल वातावरणबाट पृथक हुनुपर्दा उसलाई कति कष्ट अनुभव भयो जस्तो मलाई लागेन । तिनी वैचित्र्य अनि विविधता प्रिय हुनाले परिवर्तन साह्रै रुचाउँछन् । परिवर्तन, वैचित्र्य तथा विविधता नै उन्नति र विकासको लक्षण हो भन्ने तिनको मत छ । विविध रूप र तस्वीर नै साँचो अध्ययन हो, त्यसलाई अनुभव गर्न सक्नु, नै जीवनको अर्थ बुझ्नु हो- तिनी भन्थे । यसउसले म दुःखी भए तापनि जनसाधारण तिनका बन्धु, हितैषी तथा प्रशंसाकारीहरू दुःखी भए तापनि पहाड छाडेर मधेश जानुपर्दा चन्द्रशेखर दुखी थिएनन् (पृ.१) ।

चन्द्रशेखर आफ्नो नोकरीको सिलसिलामा पहाडदेखि मधेश तथा महानगर कलकत्ता जानु पर्दा खिन्न नबनेको र जीवनको यात्रामा जुनै परिस्थिति आए पनि विचलित नहुने चरित्र भएका व्यक्तित्व हुन् भन्ने कुरा उक्त वर्णनले स्पष्ट गर्दछ । उनले परिवर्तनलाई विकास ठानेको हुनाले उनलाई सकारात्मक प्रवृत्तिको पात्रका रूपमा उभ्याइएको छ । यसरी नै प्रस्तुत उपन्यासमा पात्रहरूका संवादद्वारा पनि उनीहरूको चारित्रीकरण गरिएको छ । यस सन्दर्भमा कारागारमा जन्मकैद बनेका अशोक बन्दीले चन्द्रशेखर माझ प्रस्तुत गरेको वासुको नेतृत्वमा भएको डकैतको वर्णन सुनाएको छ, "'स्याबास वीर हो ! आफ्नो स्वजातिको घरमा डकैती गऱ्यौ । वासुको वीरता ठूलो रहेछ ।' तिनले यति मात्र के भनेका थिए फनक्क फर्केर गम्भीर अनुहार बनाएर वासुले आफ्नो काँधको बन्दुक सोझ्यायो अनि एकछिन अबेर नगरी ड्याम्म हान्यो । झ्यालमा उभिएका व्यक्ति छात्तीमा चोट लागेर उफ् भन्दै लडे" (पृ.८६) । यस दृश्यात्मक घटनाबाट वासु डकैतको नेता भएको र उसले निर्दयतापूर्वक डकैती र हत्या गर्ने काम गरेको कुरा स्पष्ट पारिएको छ । यस्तो डकैती गर्ने व्यक्तिको चरित्र अति निम्न श्रेणीको हुन्छ भन्ने कुरालाई वासुले गरेको हत्याद्वारा स्पष्ट पारिएको छ । यहाँ वासुको डकैतीमा अन्जानमा संलग्न भएको अशोकको चरित्र सोझो निर्बल र सत्यवादी रहेको छ । अशोकले अन्जानमा भए पनि यिनीहरूको डकैतीमा सामेल रहेको कारण भारतको दण्ड विधानद्वारा कारागारमा आजीवन कैदको सजाय भोग्नु परेको छ । यसरी अशोक बन्दी पात्र भए पनि ऊ सत्यवादी र निर्दोष चरित्रको हो भन्ने कुरा पनि स्पष्ट भएको छ । अतः जीवन परिक्रमा उपन्यासमा उपन्यासकारले चारित्रीकरणमा वर्णनात्मक पद्धतिको प्रयोग खुबै रोचक र प्रभावकारी ढङ्गमा गरेको पाइन्छ ।

५.२.३ परिवेश

जीवन परिक्रमा उपन्यासको कालिक परिवेश भारत स्वतन्त्रताको दुई दशकपछिको समयावधि रहेको छ । यस उपन्यासको स्थानगत परिवेशका रूपमा पश्चिम बङ्गाल राज्य अन्तर्गतका विभिन्न कारागार तथा कलकत्ता केन्द्रीय कारागारका विभिन्न स्थान र तिनै स्थानका प्राकृतिक, सामाजिक साथै सांस्कृतिक परिवेशको चित्रण भएको पाइन्छ ।

प्रस्तुत उपन्यासको प्रमुख कथा वाचक पात्र दार्जिलिङ क्षेत्रको नेपाली प्रजातिबाट लिइएको छ । यस उपन्यासका उपकथानकका बद्ध पात्रहरू भने विभिन्न प्रजातिबाट लिइएका छन् । ती विभिन्न पात्रहरूका माध्यमबाट उपन्यासमा कलकत्ता महानगरको सामाजिक, सांस्कृतिक तथा प्राकृतिक परिवेशको प्रस्तुति भएको छ । यस उपन्यासमा उपन्यासकार मोक्तानले कलकत्ता महानगरका छेउछाउका भौगोलिक तथा प्राकृतिक परिवेशको चित्रण यसरी गरेका छन् :

> 'युनिक कोलोनी' बेहाला । एउटा सानो सुन्दर गाउँ । डायमण्ड हार्वर रोडदेखि दाहिनेतर्फ ब्रह्मसमाज रोड भएर अघि बढ्दै पूर्वतिर प्रायः एक माइलभित्र रहेको यो गाउँ सुन्दर त थियो नै साथै सुनसान पनि थियो । निकट भविष्यमा बृहत् कलकत्ता परिकल्पनामा बेहाला पनि कलकत्ता झैँ महत्त्वपूर्ण सुविधाजनक अनि यातायात, विद्युत, शिक्षा केन्द्र एवं अस्पतालहरूद्वारा सुसज्जित हुनेछ भन्ने लोभले धेरै नोकरी जीवनबाट अवकाश प्राप्त गरेका हाकिम अनि कर्मचारीहरूले यहाँ जमिन किनीससाना घर बनाएर बसेका थिए । अहिलेसम्म आबाद धेरै भएको थिएन । घरहरू धेरै मात्रामा अधुरा नै थिए, हरिया मैदान तथा ताल पोखरीहरू धेरै देख्न पाइन्थे । (पृ.९)

कलकत्ता महानगरदेखि केही टाढा रहेको बेहालाको उपर्युक्त प्राकृतिक वर्णनद्वारा प्रस्तुत उपन्यासको परिवेशमा स्थानीयताको उद्घाटन भएको पाइन्छ । यस्तै प्रकारले कलकत्ता महानगरको परिवेशलाई उपन्यासकारले यसरी वर्णन गरेका छन् :

> जेठको महिना । बंगालको समतल भूमिमा डढेलो सल्किरहेथ्यो । गर्मीले आफ्नो सर्वोच्च सीमा नाघेको थियो । पारि निकै पारि सियालदह स्टेशनमा रेलका इञ्जिनहरूबाट निस्केको धुवाँको मुस्लोले आकाश व्याप्त थियो, तर योभन्दा पनि अधिक व्याप्त थियो निमतला अनि कालीघाटका श्मशानबाट उठेको धुवाँले । यो धुवाँको अन्त थिएन । अनगिन्ती, अनन्त मृतदेहका राशि त्यहाँ ताँतका ताँत थिए । बिहानको भुकभुके उज्यालो होस्, दिउँसोको उखरमाउलो गर्मी होस्, साँझको कालो परिवेश होस् वा होस् मध्यरातको निस्तब्धता नै । निमतला घाटलाई विश्राम थिएन, आराम थिएन, दाउराको थाक झैँ लडिरहेका मृतदेहहरूलाई त्यसले क्रमशः खाक पारिरहेथ्यो । छेउमा आफ्नो विशाल वक्ष पसारेर गंगा नदी बगिरहिथिन्; सम्पूर्ण खाक अनि खरानी समुद्रतर्फ लिएर । धुवाँको बाक्लो मुस्लो उडिरहेथ्यो असीम आकाशमा अविराम अनि अविश्रान्त । कलकत्ता सहरमा एउटा ठुलो आतङ्क थियो, भय थियो, खतरा थियो 'हैजा' को । हैजाले दिनहुँ प्रायः डेढ दुई सय मानिसहरू मर्थे । (पृ.२)

> बहुबजार स्ट्रीट, हरिसन रोड, अप्पर सर्क्युलर रोड, लोअर सर्क्युलर रोडको केन्द्रमा घटेको, परिस्थितिको दुःख-सुखको, मिलन-बिछोडको, जन्म-मृत्युको, विभिन्न स्तरका मानिसहरू र तिनीहरूका जीवन सङ्ग्रामको दर्शक मौन बुढा साक्षी सियालहरू स्टेशन स्थित छ । यसैका अगिल्तिर हानिएर गएको छ लोअर सर्क्युलर रोड । नजिकै अवस्थित छ नीलरतन मेडिकल कालेज-सुविख्यात डाक्टर सर नीलरतन सरकारको स्मृतिमा । यसलाई पहिले क्याम्बेल हस्पिटल भनिन्थ्यो, अझ पनि ट्याक्सीवाला, रिक्सावालाहरूलाई नीलरतन सरकार हस्पिटल भनी परिचय दिँदा बुझ्दैनन्, क्याम्बेल हस्पिटल भन्नु पर्छ । विशेष गरी रिक्सावालाहरूलाई त भन्नु पर्छ कम्बल अस्पताल, सहजै ठेकानमा पुऱ्याउँछन् । यही नीलरतन मेडिकल कलेजको मूल फाटकको ठीक अगिल्तिर छ गोमेश लेन । (पृ.१७)

उपन्यासमा गरिएको यस वर्णनले कलकत्ताको भागदौडपूर्ण जीवन, प्रदूषणयुक्त वातावरण, रोगहरूको प्रकोप जस्ता महानगरीय परिवेशको राम्ररी उद्घाटन गरेको छ । यसरी नै महानगरीय सामाजिक तथा सांस्कृतिक परिवेशलाई उपन्यासकारले अझ प्रभावकारी ढङ्गले यसरी प्रस्तुत गरेका छन् :

> साँझ पर्थ्यो । बेहालाले विरही रूप धारण गर्थ्यो, अफिस तथा आआफ्ना लगानीमा लागेका कर्मचारीहरू क्लान्त भई घर फिर्थे, दिनभरिको काम सिध्याएर । चन्द्रशेखर पनि मलिन मुख लाएर राइटर्स बिल्डिङ्स्को काम सकेर प्रायः सात बजीतिर घर फिर्थे, मलाई ढुक्क लाग्थ्यो । त्यस बेलासम्म प्रायः सबै घरमा सन्ध्या पूजा तथा लक्ष्मी पूजा शेष भइसकेको हुन्थ्यो । उलूक (लाटोकोसेरो) लक्ष्मीको वाहन कराएको आवाज उ...लु...लु... उ...लु...लु...लु...लु... शंखनाद अनि घण्टीको टिङटिङ प्रायः प्रत्येक बंगाली घरबाट आइरहेको हुन्थे अनि बिस्तारै सारा युनिक कोलोनीमा व्याप्त भई हराउँथ्यो । (पृ.९)

कलकत्ता महानगरका प्राकृतिक, सामाजिक, सांस्कृतिक परिवेशको चित्रण गरिएको प्रस्तुत उपन्यासको परिवेश विधान कथानक अनुरूप उपयुक्त रहेको देखिन्छ । स्वतन्त्र भएपछिको भारतको दण्ड विधान अन्तर्गत विभिन्न कारागारहरूमा चोर, डाँकु, अपराधी, हत्यारा, कैदीहरू कैद भएका घटनाहरू छन् । यी कैदीहरूलाई दण्ड विधान ३०२ धारा अनुसार उच्च न्यायालयले अनुमोदन गरेको खण्डमा प्राणदण्ड तथा फाँसीको सजायसम्म दिएको न्यायिक परिवेशको सूक्ष्म चित्रण भएको पाइन्छ । यिनै कारागारका कैदीहरूका जीवन कथा, रहनसहन, भेषभूषा, बोलीचाली, भाषा प्रयोग तथा तिनीहरूका विचारद्वारा यस उपन्यासमा विस्तृत परिवेशको अङ्कन भएको छ । यस उपन्यासमा स्थानगत र समयगत परिवेशसँग सम्बन्धित प्रकृतिका विभिन्न पक्षहरूको चित्रण पनि भएको छ । यसरी यो उपन्यास सामाजिक परिवेशको चित्रणका दृष्टिले पनि महत्त्वपूर्ण रहेको छ । विशेषतः कारागारभित्रको परिवेशको चित्रण यस उपन्यासको प्रमुख परिवेशगत पक्ष हो । निम्नलिखित उपन्यासांश यस दृष्टिले उल्लेखनीय छ :

> उज्यालो भएको थिएन । बडा जमदार सरासर फाँसी सेलमा गएर अर्को सिपाहीको सहायताले नम्बर ९ सेल खोल्दै कराए- 'सुलतान अली मण्डल ! बाहिर निस्क, अल्ला र ईश्वरको नाउँ लेऊ नुहाऊ ! सिपाहीले कुक्रुक्क बसेको सुलतानलाई सेल बाहिर निकाल्यो, सपना हो यो विपना, अन्धा न धुन्धामा बाहिर निस्कियो, मानो त्यसलाई केही

> थाहा छैन ।' सिपाहीले उसको हात बाल्टीको पानीमा डुबाएर भन्यो- 'सुलतान, हात-मुख धोऊ, ईश्वर र अल्लाको नाउँ लेऊ चाँडो ।' सुलतान वाल्ल परेर उभियो । जमदारले बाल्टीको पानी उघाएर उसको हात मुख अनि खुट्टा भिजाइदियो । दुइजनाले अघिपछि गर्दै सुलतानलाई त्यो भिसमिसे बिहान फाँसी सेलबाट बाहिर निकाले । (पृ.४९)

प्रस्तुत उपन्यासको अर्को ठाउँमा कारागार र त्यसभित्र फाँसी दिने बेलाको परिवेशको चित्रण यसरी गरिएको छ :

> आँगनमा फाँसीको मचान । एक लहर लागेर बसेका रिजर्भ गार्डहरूले चीफ हेड वार्डरको आदेश प्रेजेण्ट आर्म्स सँगसँगै बन्दुकको फिता (स्लिङ्) पड्काएर सलामी दिए । एउटा गम्भीर अनि विस्मयपूर्ण परिस्थिति त्यहाँ सिर्जना भयो । चारैतिर शान्त, निस्तब्ध अनि सुनसान । सिनियर सुपरिण्टेण्डेण्टले सलामी लिएपछि पुलिस कमिश्नरका प्रतिनिधि एकजना एसिस्टेण्टको पुलिस कमिश्नर, मुख्य स्वास्थ्य हाकिम, दुई डेपुटी जेलर, जेलर अनि ह्याङ्ग्म्यान (फाँसी दिने व्यक्ति) प्रस्तुत भए । सुपरिण्टेण्डेण्टले जेलरको हातबाट सेशन्स न्यायालयको आदेश पात्र झिकेर पढेपछि डेपुटी जेलरले त्यसको बंगला अनुवाद संक्षेपमा सुनायो । सुलतान अलीललाई ह्याङ्ग्म्यानले जिम्मा लिएर मचानमा चढायो । अनुहारमा कालो रूमाल ओढाएर घाँटीमा मेनिला डोरीको पाशो लगायो । सुपरिण्टेण्डेण्टले घडी हेरेर रूमाल हल्लाए । सुलतान छटपट छटपट गर्दै मलाई बाँच्न देऊ, म मर्न चाहन्नँ- को आवाजसँगै मचानको जमिन झाट्यो धड्याम्म अनि त घाँटीमा मेनिलाको पाशो लागेर सुलतानको विराट शरीर लिङ्गेपीङ झुले झैँ हल्लिरह्यो । उपस्थिति अफिसरहरू सबैले शिर निहुराएर आँखा एकछिन बन्द गरे । (पृ.५०)

प्रस्तुत उपन्यासका उपन्यासकार मोक्तान विभिन्न समयमा कारागार सुपरिन्टेन्डेन्ट पदमा कार्यरत भएका हुनाले त्यहाँको यथार्थ परिवेश अङ्कनका लागि उनले उपन्यासका प्रमुख पात्र चन्द्रशेखरलाई माध्यम बनाएका छन् । जेलरको भूमिकामा रहेका चन्द्रशेखरले कारागारको परिवेशलार्य सजीव ढङ्गले प्रस्तुत गरेका छन् । यसरी उपन्यासमा पात्र अनि स्थान अनुरूपको परिवेश भएको हुनाले औपन्यासिक परिवेश विश्वसनीय तथा सशक्त बनेको पाइन्छ ।

प्रस्तुत उपन्यासमा कलकत्ताको भौगोलिक तथा प्राकृतिक तापमानका दृश्यको चित्रण पनि गरिएको पाइन्छ । उपन्यासका प्रमुख पात्र चन्द्रशेखर कलकत्ताको ११६ ए.लोअर सर्क्युलर रोडको चारतले भवनमा भाडा तिरेर बसेका हुन्छन् । यहाँ अरू बंगाली, बिहारी, उत्तर प्रदेशी, उडिया, आसामी अनि मद्रासीहरू पनि भाडामा बसेका छन् । तल्लो तलामा 'इन्डियन फाइनान्स' अर्थनैतिक पाक्षिक पत्रिकाको कार्यालय अनि छापाखाना छ । माझ तल्लामा जनसेवक मार्का गञ्जीको दफ्तर, माथिल्लो तल्लामा विभिन्न राज्यका शिल्प विभागका अफिसर अनि तालिमीहरूको बासस्थान छ । यसरी कलकत्ता सहरका मानिसहरूका व्यवसाय विभिन्न जातिहरूको समायोजन तथा समावेशीकरणका चित्रणद्वारा प्रस्तुत उपन्यासमा सहरिया जीवनको परिवेशको झलक प्रस्तुत गरिएको छ ।

जीवन परिक्रमा उपन्यासमा धर्मप्रसाद धिताल, चतुरमान सुब्बा र रामकृष्ण बोस बाहेक सुलतान अली, मदन, निर्मल, सेन, तपन र अशोक जस्ता कैदी पात्रहरू छन् । यी कैदी पात्रहरूका जीवन कथाका घटनाहरूको प्रस्तुतिले यी पात्रहरूका आन्तरिक जीवनलाई सूक्ष्म रूपमा देखाउने काम गरेकाले यसबाट मान्छेका आन्तरिक (मानसिक) परिवेशको उद्घाटन भएको पाइन्छ । यसरी बाह्य र आन्तरिक दुवै परिवेशको संयोजन र उद्घाटनमा विवेच्य उपन्यास सक्षम रहनुका साथै परिवेशगत दृष्टिले प्रभावकारी रहेको देखिन्छ ।

५.२.४ दृष्टिबिन्दु

जीवन परिक्रमा उपन्यासलाई तृतीय पुरुष दृष्टिबिन्दुका माध्यमबाट प्रस्तुत गरिएको छ । यस उपन्यासको कथानक भने मोक्तानका अघिल्ला उपन्यासहरूको भन्दा बेग्लै रहेको छ । यसमा उपन्यासकारको जीवन यात्रामा भेटेका विभिन्न पात्रहरूका घटनाहरूमा आधारित कथानक रहे पनि यस उपन्यासको कथा वाचकको रूपमा चन्द्रशेखरलाई उभ्याइएको छ । चन्द्रशेखरले प्रस्तुत उपन्यासमा कथा वाचकको भूमिका निर्वाह गरेका छन् । यसर्थ प्रस्तुत उपन्यासमा तृतीय पुरुष दृष्टिबिन्दुको प्रधानता रहेको छ ।

मोक्तानको प्रस्तुत उपन्यामा तृतीय पुरुष सीमित दृष्टिबिन्दुको प्रयोग रहेको छ । यसको पुष्टिका लागि निम्नलिखित साक्ष्य प्रस्तुत गरिन्छ :

> सुलतानको कुरा शेष हुन नपाई हयाङ्गम्यानले पाशो लगाएर उसको अनुहारमा कालो लुगा ओढायो छटपट छटपट गर्दै मलाई बाँच देऊ । म मर्न चाहन्नँ !! म बाँच्न चाहन्छु !!! को आवाज सँगसँगै मचानको जमीन फाट्यो घड्याम्म अनि त घाँटीमा मेनिलाको पाशो लागेर सुलतानको विराट शरीर लिङ्गे पीङ झुले झैँ हल्लिरहयो । उपस्थित अफिसरहरू सबैले शिर निहुराएर आँखा एक छिन बन्द गरे । (पृ.५०)

प्रस्तुत उपन्यासका सुलतान अलीको फाँसीका घटना कथा वाचकले आफू तटस्थ बसी पात्रका घटनालाई प्रस्तुत गरेका हुनाले यसमा तृतीय पुरुष दृष्टिबिन्दु अर्न्तगतको सीमित दृष्टिबिन्दु रहेको पाइन्छ । उपन्यासमा उपर्युक्त घटनाको प्रस्तुतिका लागि मात्र नभएर समग्र उपन्यासका विभिन्न उपकथाको वाचन पनि चन्द्रशेखरले नै गरेका हुनाले यस उपन्यासमा तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग भएको देखिन्छ ।

५.२.५ भाषाशैली

जीवन परिक्रमा उपन्यासमा सामाजिक विषयवस्तुलाई याथार्थिक ढङ्गले चित्रण गर्न उपयुक्त हुने सरल एवं सहज भाषाको प्रयोग भएको पाइन्छ । यस उपन्यासको औपन्यासिक क्षेत्र दार्जिलिङदेखि जलपाइगढी हुँदै कलकत्ता महानगरसम्म फैलिएको छ । यस क्षेत्रहरूमा नेपाली बाहेक बंगला, हिन्दी र अङ्गेजी भाषाहरूको प्रयोग हुन्छ । यसरी विभिन्न भाषिक समुदायका माझमा नेपाली प्रजातिका नेपाली भाषी पात्र पात्राहरूमा अन्य भाषाको प्रभाव रहेको देखिन्छ र उपन्यासका नेपाली पात्र पात्राका संवादमा त्यो प्रभाव राम्रैसँग देख्न सकिन्छ । नेपाली भाषीले पनि

विशुद्ध र मानक नेपाली बोल्दैनन् । तिनका भाषामा हिन्दी, बङ्गला र अङ्ग्रेजी लबज मिसिएरै आएका छन् ।

प्रस्तुत उपन्यासको कथानक विभिन्न कारागारका बन्दी केदीहरूका जीवन घटनासित सम्बन्धित रहेको छ । पात्रहरू मध्यम वर्गीय भएका हुनाले यिनीहरूले जस्तो भाषा बोल्छन् त्यस्तै भाषा यस उपन्यासमा प्रयोग गरिएको पाइन्छ । यहाँ उपस्थित गरिएका बद्ध पात्रहरूमध्ये चतुरमान सुब्बा र धर्मप्रसाद धिताल नेपाली प्रजातिका पात्र हुन् । उनीहरू जीविका उपार्जन हेतु कलकत्ता महानगरमा पुगेका हुन्छन् । उनीहरू बाहेक अन्य बद्ध पात्रहरू विभिन्न प्रजातिका भएका हुनाले प्रस्तुत उपन्यासको भाषामा पात्र अनुरूप भाषाको प्रयोग भएको देखिन्छ । व्याकरणिक दृष्टिले प्रस्तुत उपन्यासको भाषामा व्याकरणिक विचलन यथेष्ट रहेको देखिन्छ । यहाँ व्याकरणिक भाषालाई भन्दा बढी पात्र अनुरूप बोलीचालीको अनौपचारिक भाषा प्रयोगलाई नै विशेष जोड दिएको देखिन्छ । यसै सन्दर्भमा नेपालको तेह्रथुमबाट आई आर्थिक सङ्कटका कारण कलकत्तामा पहरेदार काम गरिरहेका चतुरमान सुब्बाले बोल्ने गरेको भाषाको नमुना यस्तो छ : “हम पहरा, हम आज शेष पहरा”। (पृ.११)

उपन्यासका अर्का बद्ध पात्र धर्मप्रसाद धिताल कलकत्ताको मद्रासी क्यान्टिनमा नोकरी गरिरहेका हुन्छन् । उनले प्रयोग गरेको भाषा यस प्रकार छ : “खोई के भनूँ दाइ !! कहानी लामो छ, भाग्य खोटो छ । कसले पो यस्तो गरम अनि नौलो मुलुकमा आउने इच्छा गर्छ र ? तर केही उपाय थिएन, दुःख र कष्ट बिर्सन यता आउनु पऱ्यो” (पृ.३) । यसरी पात्र अनुरूपका छोटा छोटा संवादहरूको प्रयोग यथेष्ट भएको पाइन्छ ।

प्रस्तुत उपन्यासका प्रमुख पात्रहरू विभिन्न कारणले बन्दी बनेका कैदीहरू छन् । उनीहरू विभिन्न प्रजातिका अनि भिन्न भिन्न भाषा बोल्ने पात्रहरू भए तापनि यस उपन्यासमा नेपाली भाषा नै मूल रूपमा प्रयोग गरिएको पाइन्छ । तर आगन्तुक भाषिक प्रयोग भने पर्याप्त मात्रामा छ र यसले उपन्यासलाई यथार्थपरक बनाउन र भिन्न भाषिक स्वाद दिन सघाएको छ ।

(क) अङ्ग्रेजी पद/पदावली र वाक्यको प्रयोग

जीवन परिक्रमा उपन्यासमा प्रयुक्त अङ्गेजी पद, पदावली र वाक्यहरू यस्ता छन् :

पद :नर्थ व्याङ्क, एक्सप्रेस, इन्क्वायरी, ओभर, सर्क्युलर रोड, मेडिकल कलेज, टयाक्सी, इण्डियन, फाइनान्स, क्यान्टिन (पृ.२), द ग्रेट, मेकानिकल वर्कशप, लेडी प्यासेन्जरी (पृ.९), मन्थली ट्रेन पास, साइनबोर्ड (पृ.१०), इनभ्यालिड (पृ.१४), एकाउन्टेन्ट, हलो ! एपाईन्टमेन्ट, इन्क्वायरी, इन्टेरोगेशन, इन्टरभ्यू, कन्फेरेन्स (पृ.१९), डुएल (पृ.२०), इट्स टू फार, प्लीज (पृ.२१), डेजिग्नेशन (पृ.२४), प्रूफ, जिनियस (पृ.२७), स्लीपिङ्ग बर्थ, रिजर्भ (पृ.२८), आउट डुवर, क्यू, लीभ पिटिशन, सेल, प्रोसिक्युशन, (पृ.३५), गार्ड्स, इञ्जेक्शन (पृ.८०), म्याजिस्ट्रेट, सेशन्स (पृ.८७), पुलिस (पृ.८८) आदि ।

पदावली : आउ डु यू डु (पृ.१८), पब्लिक रिलेशन अफिसर (पृ.२९), Mercy Petition (पृ.३२), Deathsentence cast, Top priority (पृ.३४), लीभ पिटिशन, जजमेन्ट कपि (पृ.३५), फिमेल वर्ड,

condemed cell (पृ.४८), गार्ड्स अनफिक्स बेथोनेट, Jail Alarm (पृ.५४) सेन्ट्रेल टावर (पृ.६५), मेडिकल अफिसर (पृ.६६) Punishment cell Exape form Jail custady (पृ.७८), confessing prisoner (पृ.८६) Hunger Strike (पृ.६०) आदि ।

वाक्य : मिस्टर बोस, आइ एम म्यारिड (पृ.२२) । You look a bachelor cent percent. (पृ.२२) । हल्लो ! लुक हियर, लेट्स गो टु पुरी !! (पृ.३१) । It's a tragedy but unlike Wuthering Height ! (पृ.२६) He is finished (पृ.५१) watchmen Intramural gang (पृ.५३). Attempt to commit suicide. (पृ.५९), Most of us simply exist we don't live. (पृ.७७) । Couldn't you recognise me. This is Ramkrishna Bose, we met at the Relief De-partment the other day. Try to recollect. (पृ.१८) Be careful, condemned prisoners are too deep to understand (पृ.३४) । उपन्यासको परिवेश र पात्रका भाषिक स्वभाव अनुकूलको प्रस्तुतिमा यस्ता वाक्यात्मक प्रयोगले निकै महत्त्वपूर्ण भूमिका खेलेको छ ।

नेपाली शब्द र अङ्ग्रेजी शब्दहरूको मिश्रण भएका वाक्यहरू यस प्रकार छन् :

म तिमीसित छुटानाम गर्छु, Judicial separation by mutual consent! म छाँगोबाट खसे झैँ भएँ । (पृ.३२) सर, कैदीलाई साह्रै शारीरिक आघात पुगेको प्रतीत हुन्छ । He is completely broken down! (पृ.५९) मिस्टर बोस, आइ एम म्यारिड, मेरो बिहे भएको ८ वर्ष भइसक्यो (पृ.२२) । बुकिङ काउण्टरमा क्यू दिएँ (पृ.२९) । यस्तो प्रयोगले उपन्यास स्थानीय परिवेशका मानिसहरूले बोल्ने भाषाको यथार्थ प्रस्तुतिलाई चरितार्थ गर्न सफल भएको छ ।

यस प्रकारको भाषिक प्रयोगले भारतीय (तथा भारतीय नेपाली) समाजमा ब्रिटिसहरूको उपनिवेशको प्रभाव भाषिक क्षेत्रमा पनि राम्रैसँग परेको थियो भन्ने स्पष्ट हुन्छ । भाषाका क्षेत्रमा औपनिवेशिक प्रभावको यो राम्रो उदाहरण पनि बन्न गएको छ ।

(क) हिन्दी पद/पदावली र वाक्यको प्रयोग

प्रस्तुत उपन्यासमा हिन्दी भाषाको पनि प्रशस्त प्रयोग भएको पाइन्छ । उपन्यासमा प्रयुक्त हिन्दी भाषाका विभिन्न भाषिक प्रयोगको स्थिति यस प्रकार छ :

> सर, बहादुर दो रोज से बीमार है, पेट में दर्द है । कृष्णनले उत्तर दियो । (पृ.५) कृष्णनले निर्धक्क भन्यो- सर, बहादुर को कैसे हैजा हुआ मालूम नही । (पृ.५) हम पहरा हाय, आज शेष पहारा (पृ.११) । बगान डफ्फा ४ नम्बरके कैदी निर्मल सेन भाग गया, इसीलिए ये पगली घण्टी (पृ.५४) । साहब बहादुर आज देरी करेंगे । गेट से फिर निर्मल सेन आया है, उस दिनका पलायक असमी (पृ.५६) । कोइ जरूरी खबर होने से डाक्टर साहेबको बोलना, मुझे यहाँ घर पे टेलिफोन करे (पृ.५६) ।

प्रस्तुत उपन्यासको परिवेश, पात्रका भाषिक विशेषता र तिनको यथार्थ प्रस्तुतिका लागि माथि प्रस्तुत गरिएका हिन्दी भाषाका नमुनाहरू निकै उपयोगीपूर्ण देखिन्छन् ।

प्रस्तुत उपन्यासमा प्रयोग गरिएका हिन्दी अनि नेपाली शब्दका मिश्रित वाक्यहरू यस प्रकार छन् :

अब्बे साला तपनका बच्चा, तिमीले त छोकडी भएर जन्मनु पर्थ्यो, तिमी नामर्द छौ, मर्दको चिन्ह तिमीमा छैन, यस्तो शर्मिला अनि कोमल (पृ.६५) । असल मुगी दाल, त्यसमा माछाको टाउको, बैगुन भाजा, पटक्क डढेको छैन तर गरम-गरम पटल र आलूको तरकारी रसदार, अहा ! क्या रंग छ (पृ.७१) ।

हिन्दी र नेपाली भाषाको यस्तो प्रयोगले प्रस्तुत उपन्यासको भाषालाई जीवन र समाज सापेक्ष बनाएको छ भने भाव वा अर्थबोधमा पनि थप सघनता थपेको छ ।

प्रस्तुत उपन्यासमा हिन्दी भाषाका पद, पदावली र वाक्यहरूको प्रयोग भएको पाइन्छ । यी शब्दहरू नेपाली भाषामा प्रयोग हुँदा भाव सम्प्रेषणमा भने बाधा पुगेको छैन । यी हिन्दी मिश्रित भाषाका शब्द प्रयोगले यस उपन्यासको भाषालाई रोचक तुल्याएको पाइन्छ । यस्तो भाषिक प्रयोगले भारतीय नेपाली समुदायमा बोलिने नेपाली भाषामा हिन्दी भाषाको पर्याप्त प्रभाव रहेको तथ्यलाई पनि स्पष्ट पारेको छ ।

प्रस्तुत उपन्यासमा निकै मात्रामा उखान र टुक्काहरूको प्रयोग पनि भएको छ । केही साक्ष्य निम्नानुसार छन् :

ऊसित हिंग त छैन, तर हिंग बाँधेको टालो जरूर छ । (पृ.१६)

समुद्रमा एक थोपा पानी खोज्ने कुरा गर्नुहुन्छ । (पृ.२४)

पुरुषको भाग्य र स्त्रीको चरित्र कसले जान्ने ? (पृ.८३)

प्रस्तुत उपन्यासको भाषामा अनुकरणात्मक र अन्य लोक प्रचलित शब्दहरू पनि प्रयोग गरिएका छन् । यस्ता शब्दहरूको सूची यस प्रकार छ :

गल्ली-गल्ली, ख्वाई ख्वाई (पृ.३), चेपचाप (पृ.६), टिंगटिंग (पृ.९), सौदापात, सपासप, हुसुसुसु (पृ.१०), ठ्याक-ठ्याक, घर-घर, भूत-प्रेत, लुटुपुटु, मुसुमुसु, सानोतिनो, खितखित (पृ.१९), छेउछाउ, अलिअलि (पृ.२६), हस्याङफस्याङ, पसीनै-पसीना (पृ.३०), धूमधाम (पृ.३१), खानदान, कताकता, टवांग-टवांग (पृ.३३), हतारहतार, बेला-बेलामा (पृ.३७), सुँक्कसुँक्क (पृ.३८), फर्काइ-फर्काइ (पृ.४२), घचघच्याएको (पृ.४४) झिसमिसे बिहान (पृ.४९), छटपट छटपट (पृ.५०), मुखामुख (पृ.६१), भन् ! भन् !! (पृ.६४), मुटु ढुकढुक (पृ.६४), मरीमरी हाँसी (पृ.७१), जतिजति हाँस्थी, झिलिमिलीमा (पृ.७४), गुटुटुटु (पृ.७६), खुइ...य...य (पृ.७९), हातहातमा, मजाले (पृ.८४), खुसुक्क, कल्याङकुलुङ (पृ.८५), हल्लाखल्ला, च्याँच्याँ, टुलुटुलु (पृ.८५) साँचोसाँचो (पृ.८६), भुकभुके (पृ.८६), अकमक्क (पृ.८८) आदि ।

उपर्युल्लिखित लोक प्रचलित नेपाली पद पदावलीहरूको प्रयोगले **जीवन परिक्रमा** उपन्यासको भाषा यथार्थपरक र स्वाभाविक बन्न गएको छ ।

जीवन परिक्रमा उपन्यास डायरी शैलीमा लेखिएको छ । यसको कथानक मोक्तानका अघिल्ला उपन्यासहरूको भन्दा भिन्न किसिमको छ । उनले जीवन यात्रामा भेटेका विभिन्न

पात्रहरूका घटना कथालाई चन्द्रशेखरका माध्यमबाट प्रस्तुत गरेका छन् । यी कथाहरू दिनहुँ चन्द्रशेखरले आफ्नी श्रीमती सरस्वती देवीलाई सुनाएर कथाको विस्तार गरेका छन् । यसरी दैनिक जीवनमा घटेका घटनालाई उपन्यासकारले रोचक ढङ्गमा डायरी शैलीबाट प्रस्तुत गरेका छन् ।

मोक्तानले पात्रहरूको संवादलाई जस्ताको तस्तै लिएर विभिन्न जातिका भाषिक बहुलतालाई प्रस्तुत गर्दै मिश्रित भाषाको प्रयोग गरेका छन् । नेपाली बाहेक अन्य भारतीय भाषीहरूका भाषिक प्रयोग गरेर यस उपन्यासलाई याथार्थिक तुल्याएका छन् । कलकत्ता महानगरको जीवन शैली साथै त्यहाँका परिवेशको वर्णन कलालाई हेर्दा उनमा चित्रात्मक भाषाको प्रभाव रहेको पाइन्छ । कारागारभित्रका संवादमा भिन्न किसिमको कार्यालयीय शैलीको प्रयोग गरेका छन् । यस उपन्यासमा यस्ता विभिन्न क्षेत्रमा पात्रहरूको घटना प्रस्तुत गर्दा पाठकलाई त्यही स्थानको अनुभव गराउन सक्ने मोक्तानको भाषाशैलीगत विशेषता रहेको पाइन्छ ।

५.२.६ विचार

जीवन परिक्रमा उपन्यासको विचार अन्य उपन्यासहरूको भन्दा भिन्न रहेको पाइन्छ । यसमा भारत स्वतन्त्र भएपछि देशको संविधानले निर्माण गरेका न्याय विधान अन्तर्गत अपराधीलाई दण्ड दिने व्यवस्था को चित्रण छ । यसै दण्ड विधान अनुसार विभिन्न कारागारमा बन्दी भएका कैदीहरूलाई उनीहरूका अपराध अनुरूप विभिन्न सजाय तथा फाँसीद्वारा मृत्युदण्ड दिइएका घटनाहरू छन् । ती बन्दी अपराधीहरूका कथा व्यथाका साथै तिनीहरूका मानसिक स्थितिको अभिव्यक्ति पाठक समक्ष प्रस्तुत गर्नु यस उपन्यासको मुख्य उद्देश्य रहेको देखिन्छ ।

प्रस्तुत उपन्यासको 'समर्पण'मा उपन्यासकारले "कारागृहको अन्धकार अन्तरालबाट स्वाधीनताको उज्ज्वल परिवेश चियाएर हेर्ने प्रचेष्टा गरिरहेका मूक बन्दीहरूलाई समर्पित" भनेर लेखेका छन् । यस भनाइलाई आधार मानेर हेर्दा प्रस्तुत उपन्यासको उद्देश्य बन्दीहरूका सामाजिक र मानसिक यथार्थको चित्रण गर्नु रहेको देखिन्छ । जीवनका विकट परिस्थितिले जन्माएका कैदी, हत्यारा, चोर, गुण्डा आदिका विकृत जीवनको मूल्यहीनता र निराशालाई प्रदर्शन गर्दै यिनीहरूका क्रियाकलापहरूका माध्यमबाट दार्शनिक विचारको प्रतिपादन भएको पाइन्छ । यस सन्दर्भमा उपन्यासकारले प्रस्तुत उपन्यासको भूमिकामा लेखेको निम्नलिखित सन्दर्भ महत्त्वपूर्ण छ :

> **जीवन परिक्रमा**का चरित्रहरू वास्तविक छन्, सजीव छन्, अनि छन् अद्‌भूत । अन्य नेपाली ग्रन्थहरूमा बृहत् र विस्तार रूपमा चरित्र-चित्रण नगरिएका मूक बन्दीहरूको व्याख्या यसमा समावेश गरिएको छ । यी चरित्रहरू नमूना होइनन्, आदर्श होइनन् तर **जीवन परिक्रमा**को फेरोमा भेटिएका अनगन्ती चरित्रहरू औसत हुन् । अर्को कुरा स्पष्ट गर्न चाहन्छु; यो ग्रन्थमा परेका चरित्रहरू सुन्दर नहोलान् तर तिनीहरू आकर्षक अवश्य छन् । तिनीहरूमा बाहिरी सुन्दरता नहोला तर आन्तरिक सुन्दरता निश्चय हुनुपर्छ । (सन् १९६७, भूमिकाबाट)

उपन्यासकारको उपर्युक्त अभिव्यक्ति अनुसार प्रस्तुत उपन्यासमा सामाजिक यथार्थताका धरातलमा मानवतावादी विचारको प्रस्तुति भएको पाइन्छ । बाह्य परिवेशले मान्छेको जे जस्तो

परिचय निर्माण गरे पनि र असुन्दर नै देखाए पनि प्रत्येक मानिसमा आन्तरिक सौन्दर्य हुन्छ र त्यस कारण कसैलाई पनि घृणा गर्नु हुँदैन भन्ने आदर्श विचारको प्रक्षेपण यहाँ गरिएको छ । यस उपन्यासका माध्यमबाट उपन्यासकारले प्रत्येक मानिसमा सत् पक्ष र सुन्दर पक्ष निहित हुन्छ भन्ने विश्वास व्यक्त गर्न खोजेको देखिन्छ । मानिस जन्मँदै डाकु, चोर, अपराधी बनेर जन्मेका हुँदैनन्, उनीहरूलाई समाजका विसङ्गति तथा परिस्थितिले अपराधी बनाएको हुन्छ भन्ने दृष्टिकोण यसको वैचारिक चेतना बनेको छ ।

जीवन परिक्रमा उपन्यासकारको जीवन भोगाइमा आधारित छ । यसको कथानक, पात्र र परिवेश भारतीय विभिन्न जेल र त्यहाँका सकारात्मक चरित्र भएका कैदीका जीवनसँग सम्बद्ध छ । यसको परिवेश यथार्थिक र आञ्चलिक विशेषतायुक्त छ । तृतीय पुरुष सीमित प्रकारको दृष्टिबिन्दुको प्रयोग गरिएको यस उपन्यासमा विभिन्न भाषाको मिश्रित रूप पाउन सकिए पनि नेपाली भाषाको सरल, सहज र कलात्मक प्रयोग गरिएको छ । मूलतः वर्णनात्मक शैली र त्यससँग अन्तरनिहित हुने गरी डायरी आदि शैलीको प्रयोग गरिएको यस उपन्यासले जेलमा बन्द भएका अपराधीहरूका जीवन कथा र व्यथा एवम् तिनका मानसिक स्थितिलाई छर्लङ्ग देखाउने उद्देश्य राखेको छ । हरेक व्यक्तिभित्र कुनै न कुनै सुन्दरता हुन्छ भन्ने देखाउनु यसको वैचारिक विशेषता हो । समाजका यस्तै यथार्थताको प्रस्तुति प्रभावकारी ढङ्गले गरेका हुनाले यो उपन्यास सामाजिक अथार्थवादी उपन्यास बनेको छ ।

५.३ 'जीवन गोरेटोमा' उपन्यासको विश्लेषण

कृष्णसिंह मोक्तानको चौथो उपन्यास **जीवन गोरेटोमा** सन् २००३ मा पहिलोपल्ट प्रकाशित भएको हो । यसमा जम्मा १३८ पृष्ठ छन् । यो मझौला आकारको उपन्यास हो । उपन्यासको पृष्ठभूमिमा भारत स्वतन्त्र भएपछिको सन् १९५९ देखि सन् १९९९ सम्मको समयावधिका घटनाक्रमको संयोजन गरिएको छ । यसमा भारतको पश्चिम बङ्गाल राज्य अन्तर्गत विभिन्न कारागारमा कैद भएका हत्यारा, डाँकु, चोर, राजनैतिक आन्दोलनकर्ता तथा राजनैतिक आन्दोलनका नेताहरू आदि बन्दी पात्रहरूका कथा घटनाहरूको यथार्थ ढङ्गमा चित्रण गर्ने प्रयास भएको छ । औपन्यासिक क्षेत्र विभिन्न कारागारहरू रहे तापनि यसका प्रमुख पात्र भने दार्जिलिङ निवासी चन्द्रशेखर हुन् । उनले कार्य सिलसिलामा भेटेका विभिन्न कैदी पात्रहरूबाट प्रतिनिधि स्वरूप जम्मा दश जना पात्रहरूका कथा घटनाहरू आफ्नो श्रीमती सरस्वतीदेवीलाई सुनाएका छन् र तिनै पात्र पात्राहरूका घटनाहरूको संयोजनबाट प्रस्तुत उपन्यासको औपन्यासिक संरचना निर्माण भएको छ ।

कारागारमा बन्दी भएका पात्र पात्राहरूका कथा व्यथा नै यस उपन्यासको मूल कथावस्तु हो र यस दृष्टिले यो सामाजिक यथार्थवादी उपन्यास बन्न पुगेको छ । यसको भूमिकामा उपन्यासकारले आफ्नो जीवन गोरेटोमा भेटेका पात्रहरूका अद्भूत गुणहरूलाई पाठक समक्ष बाँड्ने चेष्टा गरेको मत प्रकट गरेका छन् । उपन्यासको परम्परागत ढाँचा अनुरूप अध्याय तथा

खण्ड छुट्याइएको छैन तर विभिन्न पात्रहरूका घटनाक्रमलाई भिन्न-भिन्न शीर्षकमा विभक्त गरिएको छ । प्रत्येक शीर्षक बेग्ला-बेग्लै पात्र पात्राहरूका घटनामा केन्द्रित रहेको छ । यी घटनाहरूमा पात्रले बाँचेका समाजको यथार्थ चित्रण पाइन्छ । प्रस्तुत उपन्यासले सन् २००५ को साहित्य अकादमी राष्ट्रिय पुरस्कार प्रदान प्राप्त गरेको छ । यो उपन्यास भारतीय नेपाली उपन्यास परम्परामा नौलो प्रकारको देखिन्छ । यसले तत्कालीन समयको कालखण्ड विशेषको संज्ञान गराउँछ भने त्यस समयका सामाजिक, सांस्कृतिक, आर्थिक, राजनैतिक क्षेत्रबिचको सम्बन्धको ज्ञान पनि गराउँछ ।

५.३.१ कथानक

जीवन गोरेटोमा उपन्यासको कथानक पश्चिम बङ्गाल राज्यको जलपाइगढी र कलकत्ताका विभिन्न कारागार र केन्द्रीय कारागारमा घटेका घटनाहरूमा आधारित छ । यस उपन्यासको कथानक एक व्यक्तिमा मात्र केन्द्रित छैन, विभिन्न कैदी पात्रहरूको कथा चन्द्रशेखरका माध्यमबाट प्रस्तुत भएको छ । उपन्यासकार स्वयम् कारागारमा कार्यरत भएका हुनाले उनले देखेका तथा उनको आफ्नो सरकारी जागिर कालमा भेटेका कारागारका कैदी पात्र पात्राहरूका घटनाहरू यसमा संयोजित गरेका छन् । यस उपन्यासमा समाजका विभिन्न पक्षको यथार्थ चित्रण गरिएको छ । त्यसैले **जीवन गोरेटोमा** उपन्यास नितान्त मौलिक उपन्यास बन्न गएको छ ।

प्रस्तुत उपन्यासको मूल पाठ जम्मा १३८ पृष्ठहरूमा रहेको छ अनि विभिन्न घटनाहरूले पाठकहरूमा कौतूहल र करुणा, सन्त्रास र संवेदना, चेतना र चिन्तन सञ्चारित गरेका छन् । उपन्यासमा चन्द्रशेखर तथा उनकी धर्मपत्नी सरस्वती देवी बिच भएको वार्तालापका माध्यमद्वारा बन्दीगृहसित सम्बन्धित विभिन्न चरित्रका आचरण र वास्तविक घटनाका कथाहरूको प्रस्तुति भएको छ ।

सन् १९५९ देखि सन् १९९९ सम्मको चालिस वर्षको लामो अवधिलाई घटना घटेको समयका रूपमा लिइएको छ । प्रत्येक घटनाको विवरण मिति समेत दिएर संस्मरण शैली तथा डायरी शैलीमा लेखिएको छ । यस उपन्यासमा औपन्यासिक परम्पराभन्दा भिन्न किसिमले उपन्यासको अध्यायको साटो विभिन्न खण्ड-खण्डमा विभाजन गरेर दशजना पात्रका घटनालाई भिन्दा भिन्दै शीर्षकमा प्रस्तुत गरिएको छ । प्रत्येक शीर्षक बेग्ला बेग्लै पात्र पात्राका घटनामा केन्द्रित छन् । घटनाका केन्द्रमा जुन पात्र छ, त्यही पात्रका नाममा उपशीर्षक रहेका छन् । ती दश उपशीर्षक यस प्रकार छन् : (१) साँचो नटवरलाल, (२) साहबुद्दीन उर्फ गुडिया, (३) अविश्सनीय नेता चारु, (४) आफै ओझेल परी सर्वत्र ज्योति फिँजाउने सदाबहार प्रमोद बाबु, (५) डुवर्सकी बघिनी रत्नमाया स्याङ्देन, (६) भारतीय साहित्य र संस्कृति प्रेमी जापानी नारिता, (७) जेलखानकी फ्लोरेन्स नाइटिङ्गेल एडेन केनी, (८) अपूर्व सुन्दरी विज्ञान साधिका हत्यारिणी सुदीपा, (९) जेलखानका यीशू बालक प्रकाश र (१०) सात नृशंस हत्या अनि फाँसी प्रेमी नाटा मल्लिक ।

प्रस्तुत उपन्यासका पात्र पात्राहरू विचित्रका छन् । हत्यारा, अपराधी, आतङ्कवादी, आन्दोलनकारी भए पनि उनीहरूमा आत्मविश्वास, इमानदारी देखिन्छ र समाजका सबै वर्गप्रति

उदारता देखाई विकासको मूल फुटाउने लक्ष्य रहेको देखिन्छ । यस उपन्यासको भूमिकामा उपन्यासकार मोक्तानले लेखेका छन् :

> **जीवन गोरेटोमा** नामकरण गरिएको यो नवीन ग्रन्थले जीवनको लामो घुमाउरो, चिल्लो, खस्रो, चिप्लो अनि असजिलो गोरेटोमा भेटेको विविध असामान्य रोमाञ्चकारी हेर्दा साह्रै साधारण तर नृशंस हत्यारा हत्यारिणी आवरण खस्रो र कुरूप भए तापनि त्यसभित्र लुप्त चिल्ला प्रतिभाहरू भेला गर्दै हिलोमा फुलेका कमलहरूका चरित्र-चरिण औ तिनीहरूका अद्‌भुत आख्यानहरू लिपिबद्ध गरेको छु । (भूमिका)

प्रस्तुत उपन्यासमा उपन्यासकार मोक्तानले चन्द्रशेखरको भूमिका निर्वाह गरेको देखिन्छ । उनी कथयिता हुन् । यसअघिको **जीवन परिक्रमा**मा पनि कथयिता पात्रका रूपमा चन्द्रशेखरलाई नै प्रस्तुत गरिएको छ । वास्तवमा विषयवस्तु र कथ्यका दृष्टिले यी दुवै उपन्यास एकै प्रकृति र प्रवृत्तिका छन् । त्यसैले यिनको शैली पनि समान छ । चन्द्रशेखरका रूपमा प्रस्तुत उपन्यासकार मोक्तानले विभिन्न शीर्षकमा सम्बद्ध पात्रहरूका घटनाहरूलाई प्रस्तुत गर्ने काम गरेका छन् । उपन्यासको सुरुदेखि अन्तसम्म नै चन्द्रशेखर कथा वाचक बनेर आएका हुनाले उनी प्रस्तुत उपन्यासका मूल सूत्रधार हुन् । उनी वाचक मात्र हुन् र विभिन्न बन्दीहरूका जीवन कथाको संयोजनबाटै प्रस्तुत उपन्यासको कथानक सङ्गठित भएको देखिन्छ ।

प्रस्तुत उपन्यासमा एउटै औपन्यासिक कथानकको विकास आदि, मध्य र अन्त्यमा संयोजित नभएर फरक-फरक उपशीर्षकमा दश बेग्लाबेग्लै कथानक आएका छन् । यसरी यहाँ ती प्रत्येक शीर्षक अन्तर्गत रहेका कथानकको क्रमागत विश्लेषण गरिएको छ :

साँचो नटवरलाल

उपन्यासको पहिलो ‘साँचो नटवरलाल’ शीर्षकमा मुख्य पात्रका रूपमा आएको नटवरलालको असली नाम मिथिलेश कुमार श्रीवास्तव हो । उपन्यासको प्रारम्भमा नै यस शीर्षक अन्तर्गत रहेको कथानक चन्द्रशेखरले पत्नी सरस्वतीलाई सुनाएका छन् ।

नटवरलाल, लाला लाजपत राय अस्पतालमा पुरानो मिर्गौलाको रोगले सिकिस्त अवस्थामा रहेको खबर दैनिक समाचार पत्रमा प्रकाशित भएको हुन्छ । पच्चीस वर्षअघि चन्द्रशेखर आसनसोल स्पेसियल जेलको सुपरिन्टेन्डेन्ट पदमा कार्यरत भएका बेला सन् १९६९ मा यही मिथिलेश कुमार श्रीवास्तव कैदी भएर आसानसोल स्पेसियल जेलमा सजाय भोगिरहेको हुन्छ । उसका विरूद्ध १५,१६ वटा फौजदारी मुद्दाहरू चलिरहेका हुन्छन् । यी सबै मुद्दा भारतको दिल्ली, राजस्थान, उत्तर प्रदेश, कानपुर, अलाहाबाद, कलकत्ता, बम्बई (अहिले मुम्बई), उडिसा, बङ्गलोर आदि विभिन्न प्रान्तमा छरिएका हुन्छन् । उसलाई प्रताडना, चिटिङ्ग, षड्यन्त्र अनि जेल तथा पुलिस कस्टडीबाट भागेका अपराधमा भारतको दण्ड विधान अनुसार कैद गरिएको हुन्छ । उसलाई जेलभित्र सबैले ‘नटवरलाल’ भन्ने गर्छन् ।

नटवरलाल अन्य कैदीभन्दा भिन्न चरित्रको छ । ऊ अङ्ग्रेजी भाषामा कुरा गर्न सक्छ । उसको घर बिहारको छपरा जिल्ला हो । कलकत्ता प्रेसिडेन्सी कलेजबाट अङ्ग्रेजीमा अनर्स सहित

ग्रेजुएट भएको उसकी एउटी छोरीको बिहे राँचीमा पायलट अफिसरसित भएको छ । उसकी श्रीमतीको मृत्यु धेरै वर्षअघि भइसकेको छ । यद्यपि ऊ ठगी काम गरी मानिसलाई उल्लु बनाउने काम गर्छ । उसका मान्यतामा ऊ कसैलाई प्रताडन गर्दैन र ठग्दैन । बरु मानिसरू आफैँ ठगिने र उल्लु बन्ने गर्दछन् । सबै मानिसमा एउटा एउटा स्वार्थ हुन्छ । एकै रातमा धनी बन्ने सपना देखेर उसका मिठा कुरामा पर्ने मानिस मात्र उबाट ठगिएका हुन्छन् । उसले कसैको हत्या गरेको छैन । उसले प्रताडन अनि ठगी गरेर कमाएको पैसाले आफ्नो जिल्ला छपराको गाउँका गरिब-दुःखीलाई सघाउँछ । उसले बाहिर पढ्न जाने मेधावी विद्यार्थीलाई पैसा दिएर सघाउँछ । गरिब आमाबाबुकी छोरीको बिहेमा पैसा दिएर तथा बिरामीहरूलाई औषधी उपचारका लागि पनि पैसा दिएर सहयोग गर्दछ । नटवरलाललाई यस्तै काम गर्नमा औधी आनन्द आएको हुन्छ । चन्द्रशेखरका आग्रहमा उसले चिटिङवाजीका घटनाहरू सुनाउँछ । चिटिङबाजीमा उसले एक पटक देखाएको चतुराइँलाई यसरी सुनाएको छ :

> सन् १९३७ मा उसको पहिलो कलकत्ता रेलवे यार्डमा (रेलको गोदाममा) धेरै फलामका रडहरू स्टक गरिएको हुन्छ । खुल्ला केवल छाना मात्र हुन्छ । सधैँ गोदाम चक्कर लगाएको देखेर एक सेठले भन्छ- 'तपाई त रडहरू साह्रै यत्नसित हेर्नु हुन्छ, को हुनुहन्छ ?' जवाफमा हाँस्दै भनेँ म डालमिया कम्पनीको सेल्स मेनेजर हुँ, यी रडहरू बेच्नु छ, बल्कमा ग्राहक आउनेछन् हेर्दैछु । उत्तेजित भएर 'भाइ साहेब ! म पनि ग्राहक हुँ कति मूल्य होला ?' भन्दा मैले नगद २५ हजार रूपियाँ भनेँ । भोलिपल्ट बिहान ७ बजे २५ हजार रूपियाँ नगद दिए, मैले एउटा रशिदमा ख्यास्स सही गरिदिएर बेलुकी रेलगाडीमा चढी छपरा स्वाट्ट परेँ । लौ भन्नोस् दोष मेरो कि सेठको ? सेठ आफै ठगिए कि मैले ठगेँ ? (पृ.५)

नटवरलालले एक नामी शिल्पपति विजयपत सिंघानियाको एजेन्ट बनेर एकजना विख्यात वस्तु शिल्प कारकारखानाका मालिकसँग तिन लाख रूपियाँ ठग्छ अनि त्यो रूपियाँ गरिबहरूमा वितरण गरिदिन्छ । एकलपल्ट बङ्गलोर जेलमा बन्दी भएर छुटेका समय डि.आई.जी. साहेबको छोरोको शुभ विवाहमा एकजना सिपाहीको उर्दी पेटी कसेर एउटा नामी घडी दोकानमा पुगी उसले डि.आई.जी साहेबले छोरीको बिहेको उपलक्ष्यमा १०० वटा राम्रा घडी मागेका छन् भन्दै ठगेको हुन्छ । अर्को घटनामा हजीरीवाग जेलबाट एक लाख रूपियाँ जेलको सिपाहीलाई घुस दिएर भागेको हुन्छ अनि त्यस नोटको बिटामा बाहिर मात्र असली नोट हालेर सिपाहीलाई छकाएको हुन्छ ।

नटवरलालसँग गरेका कुराकानीका आधारमा चन्द्रशेखरले नटवरलालका उक्त अद्भुत घटनाहरू श्रीमतीलाई सुनाउँछन् । यी घटनाहरूका माध्यमबाट प्रस्तुत उपन्यासको कथानकको विकास भएको पाइन्छ ।

साहबुद्दीन उर्फ गुडिया

प्रस्तुत उपन्यासको दोस्रो उपशीर्षक 'साहबुद्दीन उर्फ गुडिया' रहेको छ । साहबुद्दीन हत्या अपराधमा कैद गरिएको प्रसिद्ध नक्सलपन्थी नेता हो । उसको असली नाम महादेव मुखर्जी हो । उसले आसनसोल, वीरभूम, बाँकुडा, पुरूलिया आदि जेलहरूमा सजाय पाइसकेको हुन्छ । एक दिन

चन्द्रशेखर र उनकी श्रीमती कलकत्ता महानगरमा सरसामान किनी हावडा स्टेशनबाट राति ९ बजे छुटेको 'बम्बई मेल' मा चढेर आसानसोल फर्किरहेका हुन्छन् । त्यस समय ट्रेनमा एक व्यक्तिले ट्रेनका यात्रीहरूलाई सम्बोधन गरेर भनिरहेको हुन्छ, "शोषित दाज्यू भाइ, दिदी बहिनीहरू ! तपाईं हामीहरू अझ गरिब ! धनीहरू अझ धनी भए, गरिब दुःखीहरू अझ गरिब । स्वाधीनता एउटा नाटक थियो, बुझ्नु भयो नाटक । अङ्ग्रेज शोषकहरूबाट भारतीय शोषकहरूले अधिकार पाए" (पृ.८) । यसो भनदै गर्दा उसले चन्द्रशेखरलाई देख्छ अनि चुप लाग्छ । त्यो व्यक्ति नक्सलपन्थी नेता महादेव मुखर्जी अर्थात् साहबुद्दीन हुन्छ ।

चन्द्रशेखर र उनकी पत्नी आसानसोल स्टेसन आइपुग्दा मुसलधारे पानी परिरहेको हुन्छ । रातको १२ बजे प्लेटफार्ममा एउटा प्राइभेट एम्बासेडर गाडीबाट उनीहरूलाई कसैले बोलाउँछ । मध्यरातको ठुलो पानी झरीमा उनीहरू त्यस गाडीमा चढ्छन् । त्यस गाडीको चालकले उनीहरूलाई डेरा तथा क्वाटरमा पुऱ्याइदिन्छ । त्यो गाडी चलाउने व्यक्ति उही साहबुद्दीन गुडिया हुन्छ । यसरी मध्यरातको त्यस दर्के पानीमा रेलवे प्लेटफार्मबाट उनीहरूलाई बासस्थानसम्म ल्याइदिने सत्कार्य पनि उसले गरेको हुन्छ ।

साहबुद्दीन गुडिया मझौला कद, चुस्त शरीर, गहुँगोरो शरीरको रङ, गोला र अलिअलि कुइरा आँखा, पोक्चे गाला अनि लामो केस भएको सुन्दर व्यक्ति हुन्छ । उसको गाला र आँखा गुडियाको झैं देखिने भएको हुनाले जेलका सबै कैदीहरूले उसलाई गुडिया नाम दिएको हुन सक्ने चन्द्रशेखर ठान्छन् । उसका विरूद्ध नौ वटा वारेन्टहरू– दुई वटा धनवाद (विहार) मा, तिन वटा वर्द्धमान जिल्लामा अनि चार वटा आसानसोल कोर्टमा हुन्छन् । उसका विरूद्धमा डकैती, ब्याङ्क डकैती, व्यक्तिमाथि बल प्रयोग अनि शारीरिक जोखिम जस्ता अभियोगहरू लागेका हुन्छन् । यस बाहेक एउटा मामिला कानुनी हिरासतबाट पलायन भएको भन्ने हुन्छ । यस्ता धेरै अपराधको अभियोगमा उसले विभिन्न कारागारमा कैदको सजाय भोग्नु परेको हुन्छ । यसरी प्रस्तुत उपन्यासका प्रमुख कथयिता पात्र चन्द्रशेखरसित विभिन्न कारागारमा उसको भेट भएको हुन्छ ।

एकदिन जेलको १२० फीट अग्लो धरहराको चुचुरामा चढेर गुडिया हाम फाल्ने तरखर गरिरहेको हुन्छ । चन्द्रशेखर तथा जेल सुपरिवेक्षकले देख्छन् र चढ्नाको कारण सोध्छन् । जिल्ला न्यायाधीशको अदालतमा उसको जमानत मुक्तिको याचिका खारेज भएको हुन्छ । ऊ जेलबाट भाग्न चाहेको हुन्छ । अर्को एकदिन ऊ ६० फीट गहिरो कारागारभित्रकै कुवामा हाम फाल्छ । सबैले उसको मृत्यु भएको ठान्छन् तर ऊ त्यहाँबाट सहजै निस्कन्छ । यसरी उसले सबैलाई चकित तुल्याउने गर्छ ।

केही वर्षपछि चन्द्रशेखर सरूवा भई अलिपुर केन्द्रीय जेल कलकत्तामा आइपुगेका हुन्छन् । त्यहाँ तिन हजारभन्दा अधिक बन्दीहरूमध्ये ५०० जना आजीवन कारादण्ड पाएका बन्दीहरू हुन्छन् । त्यहाँ फेरि उही कैदी साहबुद्दीन गुडियासित उनको भेट हुन्छ । चन्द्रशेखरले फेरि जेल पर्नुको कारणबारे सोध्छन् । त्यसले जवाफमा भन्छ :

> ... तपाईंका सहयोग र सहानुभूतिको फलस्वरूप कलकत्ता हाई कोर्टबाट जमानतमा मुक्ति पाएर घर गएको थिएँ अनि घरमा केही दिन हर्ष आनन्दसित बितेपछि आफ्नो ठुलो परिवार, बिजिनेस, अण्डवर्ल्डमा नाम लेना देना, घुसपेस र दक्षिणा आदिको कारण नगद रूपियाँको अत्यन्त जरूरत परेको अनुभव भयो । यसैकारण कालू ग्वाला, खुर्शीद अहमद, अमानुल्ला, विक्रम रोय, तपन भुइँयासित मिलेर ब्याङ्क डकैती गर्ने निर्णय लिएँ । ती ब्याङ्कमा केसियर बाबुहरूसित पनि मिलेको थियौं । फलस्वरूप दुर्गापुरको एउटा नयाँ स्टेट ब्याङ्कमा आक्रमण गरेर त्यहाँबाट १५ मिनेटमा ४५ लाख नगद रूपियाँ ५ वटा त्रिपालको झोलामा बोकेर भाग्यौं । यसरी भाग्दा रूपियाँको भारी गह्रौं भएको हुनाले १, २ र ५ रूपियाँको नोटको बन्डल दामोदर नदीमा फ्याँकिदियौं । ५० रूपियाँ र १०० रूपियाँको नोटको बण्डल लिएर भाग्दा पुलिसद्वारा पकडा परेर वर्द्धमान थानामा थुनिन पुगेँ । (पृ.१८)

उक्त घटनामा पक्राउ परेको भोलिपल्ट 'बम्बई मेल' मा चढाएर इन्सेपक्टरले सशस्त्र सिपाहीहरूको निगरानीमा दुर्गापुर कोर्ट हाजिर गराउन लगेका हुन्छन् । गुडियालाई श्रीमतीको सम्झनाले छटपटी लाग्छ । हठात् पेट दुखेको बहाना गरी पाइखाना जाने सङ्केत गरेर ऊ रेल गाडीको झ्यालबाट भित्र पसी अर्कातिरबाट हाम फालेर भागेको हुन्छ । बेलुकी घरमा सुतिरहेको समय वर्द्धमान थानाका पाँचजना सिपाहीहरू अनि बडाबाबु, छोटाबाबु आएर झुक्याएर उसलाई पक्रेका हुन्छन् । त्यही रात अलिपुर सेन्ट्रल जेलमा उसलाई पठाइएको हुन्छ ।

साहबुद्दीन गुडियाको यही कहानी चन्द्रशेखरले उसकी श्रीमतीलाई सुनाएका घटनाबाट प्रस्तुत उपन्यासको यस खण्डको कथानकको विस्तार भएको पाइन्छ ।

अविश्वसनीय नेता चारु

प्रस्तुत उपन्यासको तेस्रो शीर्षक 'अविश्वसनीय नेता चारु' हो । पश्चिम बङ्गाल अनि सारा भारतमा चारैतिर सशस्त्र आन्दोलन ल्याउने नेता चारु मजुमदारको मृत्युको खबर पत्रिकाहरूमा प्रकाशित हुन्छ । सारा देशका मानिसहरू यस समाचारले चकित बन्छन् । कतिपय आन्दोलनकारीहरूले यस घटनाका विरोधमा हडताल आयोजना गरेका हुन्छन् । उनीहरूको विचारमा चारु मजुमदारलाई पुलिसको हिरासतमा हत्या गरिएको भन्ने हुन्छ । यस समय चन्द्रशेखर अलिपुर केन्द्रीय जेलको अध्यक्ष पदमा रहेका हुन्छन् ।

नेता चारु मजुमदारको घटना चन्द्रशेखरले सरस्वती देवीलाई यसरी सुनाउँछन् :

> साठी दशकको शेष अनि सत्तरीको दशकव्यापी राजनैतिक विभीषिका फैलाउने नेता चारु मजुमदार हुन्छन् । चारु अनि तिनका गुप्त सहयोगी दुईतिन पराक्रमी तथा माओ त्से तुंगको सशस्त्र आन्दोलनमा आकर्षित हुने युवकहरू गुप्त नाम अनि गुप्त भेषमा चिन पुगी माओ त्से तुंग र लिन पियाओजस्ता नेतासित भेट गरी, केही समय बिताई दीक्षा लिएर बङ्गाल फर्केका हुन्छन् । तिनको घर दार्जिलिङ जिल्ला अन्तर्गत सिलगढीमा हुन्छ । तिनले "शक्ति र क्षमता केवल बन्दुकको नलीबाट मात्र प्राप्त हुन्छ" (पावर कम्स वन्ली फ्रम द ब्यारेल अफ द गन) उक्तिलाई आफ्नो अनि आफ्ना दलको मूलमन्त्र बनाई राजनैतिक अनि सामाजिक-अर्थनैतिक समस्या समाधान गर्न कम्मर कसेका हुन्छन् । (पृ.२०)

उपर्युक्त कारणले नेता चारुले भूमिहीन कृषकको अधिकारका निम्ति जमिनदारहरूको विरोधमा आन्दोलन सुरु गरेका हुन्छन् । यस आन्दोलनमा एकजना पुलिस इन्सपेक्टरलाई धनुकाँड लाग्छ र उनी तत्कालै मर्छन् । त्यस दिनदेखि उक्त सशक्त हिंसात्मक आन्दोलनलाई नक्सलवारीमा घटेको प्रथम सङ्घर्षको फलस्वरूप नक्सलपन्थी आन्दोलन भनेर चिन्न थालिन्छ । यस आन्दोलनमा ज्ञानी, प्रतिभाशाली वर्ग लगायत युवा विद्यार्थी सबैको सहयोग हुन्छ । यसर्थ यो आन्दोलन देशव्यापी भएर वीरभूम, पश्चिम दिनाजपुर, वर्द्धमान, मुर्सिदावाद, नदिया, बाँकुडा, पुरूलिया, हावडा, हुगली, मिदनापुर, कोच बिहार, जलपाइगढी अनि कलकत्ता आदि विभिन्न जिल्लाहरूमा फैलिएको हुन्छ । ती आन्दोलनकारीहरू विभिन्न जेलमा बन्दी भएका हुन्छन् । उनीहरूमा शिक्षित प्राध्यापक, प्राध्यापिका, छात्र, छात्रा, युवक, युवती तथा महाविद्यालयका उच्च शिक्षित प्राध्यापक वर्ग सामेल हुन्छन् । तिनीहरू चारु मजुमदारको आन्दोलनमा आकर्षित भएर उक्त आन्दोलनमा उत्सर्ग गर्दै विभिन्न जेलमा एकैसाथ भोक हडताल गर्छन् ।

एकदिन अचानक कारागारमा बम पड्कन्छ । यहाँ कर्तव्यपरायण सिपाहीहरूमाथि लगातार बम प्रहार हुन थाल्छ । बमको आवाज अत्यन्त भयावह, मुटु कमाउने, कानको जाली फुटाउला जस्तो हुने हुन्छ । बम लगातार पड्कँदा जेलमा नक्सल बन्दीहरू एक एक गर्दै मूल फाटकमा निस्कन थाल्छन् । अनि त्यहाँ भएका चालिस पैंतालिस जना बन्दीहरू एकैसाथ जेलको मूल गेटमा पहरा दिइरहेका सिपाहीको हत्या गरी टेलिफोनको तार चुँडाएर उत्पात गर्दै बाहिर निस्कने चेष्टा गर्न लाग्छन् । यसै क्रममा दुई सिपाहीको कम्मरमा राखेको चाबी थुतेर जेलको मूल फाटकमा लगाएको ताला खोली सबै भाग्न सफल बन्छन् । यस घटनाका गुरु चारु मजुमदार हुन्छन् । सारा राज्य अनि विशेषतः कलकत्ता महानगरीमा सात वर्षभित्र लगभग एक हजार व्यक्तिहरू नक्सलपन्थीहरूका सिकार भएका हुन्छन् । यसमा जमिनदार, धनी व्यक्तिहरू मात्र हुँदैनन्, उच्च न्यायालयका न्यायाधीश, विश्वविद्यालयका उपकुलपति, महाविद्यालयका प्राध्यापक, शिक्षकहरू, ऐनजीवी, पुलिस, जेल अफिसर, व्यवसायी दोकानदारहरू अनि गैरसरकारी समाज सेवीहरूको सहयोग तथा समर्थन गर्नेहरू रहेका हुन्छन् । यस आन्दोलनका कारणले चारु मजुमदारलाई बन्दी बनाएर जेलमा ल्याइएको हुन्छ । उनलाई प्रथम दर्जाको बन्दीको स्थान दिएर सम्पूर्ण रेखदेखको व्यवस्था मिलाइएको हुन्छ । उनलाई आभ्यन्तरिक सुरक्षा संरक्षक कानुनको अधीनमा रही बन्दी बनाइएको हुन्छ । उनै नेता चारु मजुमदारका व्यक्तिगत व्यवहार तथा उनको व्यक्तित्वका विभिन्न पाटाका घटनाहरूको वर्णन यस अन्तर्गत गरिएको पाइन्छ । जेलमा उनी अस्वस्थ भएका कारण उनको हेरचाह सरकारको तर्फबाट पूर्ण रूपमा भएको हुन्छ । आखिरमा उनलाई सरकारले भारतको दण्ड विधान अनुसार जेलबाट ससम्मान रिहा गर्छ तर शारीरिक अस्वस्थताका कारण कारागारबाट निस्कनुअघि उनको मृत्यु भएको हुन्छ । यसरी चारु मजुमदारको नक्सलवादी आन्दोलनसँगको सम्बद्धता, उनको बन्दी जीवन हिरासतबाट रिहाइको तयारी गरिरहेका बेला भएको उनको मृत्युसम्मका घटनाहरूको संयोजनले प्रस्तुत उपन्यासको कथानक कुतूहलपूर्ण र प्रभावकारी बनेको देखिन्छ ।

आफै ओझेल परी सर्वत्र ज्योति फिँजाउने सदाबहार प्रमोद बाबु

'आफै ओझेल परी सर्वत्र ज्योति फिजाउने सदाबहार प्रमोदबाबु' यस उपन्यासको चौथो शीर्षक हो । यस अन्तर्गत वर्णित पात्र प्रमोदबाबु कारागारका बन्दी हुन् । यसमा साठीको दशकका प्रथम ३/४ वर्षका घटनाहरूको संयोजन भएको पाइन्छ । यस समय पश्चिम बङ्गालमा विप्लव, आन्दोलन, विशृङ्खलता, हडताल, चक्काजाम तथा विरोधको राजनीति व्यापक रूपमा चलिरहेको हुन्छ । यतिबेला भारतीय कांग्रेसको नेतृत्व अनि प्रफुल्ल चन्द्र सेनको हातमा हुन्छ । कलकत्ता महानगरीमा वाम राजनैतिक दलहरूको जनआन्दोलन चलिरहेको हुन्छ । यस महान् जनआन्दोलनको आयोजना भारतीय कम्युनिस्ट पार्टीले गरेको हुन्छ । अन्य वाम नीति समर्थन गर्ने दलहरू पनि यसै आन्दोलनमा समुद्रको तरङ्ग झैं उर्लिरहेका हुन्छन् । त्यस समय मुख्यमन्त्री डा. विधान चन्द्र रायको नेतृत्वमा पश्चिम बङ्गाल विधान सभामा प्रतिरोधात्मक नजरबन्द कानुन पारित भएको हुन्छ । यस कानुनमा अदालतमा पेस गरेर मुद्दा नचलाई कुनै पनि व्यक्तिलाई बन्द गर्ने क्षमता सरकारको हुन्छ । यस कानुनलाई भारतीय कम्युनिस्ट पार्टी तथा अरू वाम दलहरूले 'कालो कानुन' नाम दिएर विरोध जनाएका हुन्छन् । त्यस समयमा पश्चिम बङ्गालमा कांग्रेस नेतृत्वको सरकारका मुख्यमन्त्री प्रफुल्ल सेन हुन्छन् ।

सत्ता परिवर्तनका प्रमुख नेता श्री ज्योति बसु हुन्छन् । उनी लगायत अन्य समस्त नेता तथा सदस्यहरू जेलमा बन्दी हुन पुग्छन् । उनीहरूसँगै नेपालीहरूले पनि आन्दोलनमा भाग लिएका हुन्छन् । बन्दी बनेका नेपालीहरूमा रतनलाल ब्राह्मण (माहिला बाजे), आनन्द पाठक, सांगदोपाल लेप्चा आदि हुन्छन् । यसै समयका अर्का नेता प्रमोददास गुप्त हुन्छन् । उनको घटना वर्णनले यस शीर्षकको कथानक निर्माण भएको छ । कथा वाचक चन्द्रशेखरको ज्योति बसुसित नजिकको सम्बन्ध भएको हुनाले उनको व्यक्तिगत तथा दैनिक व्यवहारका सम्पूर्ण परिचय यस शीर्षक अन्तर्गत प्रस्तुत गरिएको पाइन्छ ।

अर्को दिन चन्द्रशेखरले उनकी श्रीमती सरस्वती देवीलाई पचास जना वाम सदस्यहरू पक्राउ परेर जेलमा ल्याइएको घटना सुनाउँछन् । ती पचासजना नेताहरूमा प्रमोददास गुप्त एक हुन्छन् । उनी फर्स्याइला, लालवर्ण, चञ्चल स्वभाव अनि मझौला कद भएका हुन्छन् । उनी पचास वर्षका हुन्छन् । उनी कम्युनिस्ट पार्टीका प्रवीण नेता अनि राज्य कमिटीका अध्यक्ष हुन्छन् । पार्टीमा अनि फ्रन्ट कमिटिमा उनको निर्णय अन्तिम हुने गर्छ । उनका अघि बोल्न, तर्क गर्न निर्भीक सदस्य पनि हिच्किचाउने गर्छन् । आन्दोलनका प्रतिनिधि र मुखपात्र भई प्रमोद बाबु दिनरात परिश्रम गर्छन्, दौडादौडी गर्छन् । उनले प्रशासन र राजबन्दीहरूबिच सेतुको काम गरेका हुन्छन् ।

डेढ महिनापछि ती राजबन्दीहरूको मुक्ति हुन्छ । उनीहरू जेलको मूल ढोकाबाट ठुलाठुला गाडीमा चढ्दा शान्त, निस्तब्ध र नीरव देखिन्छन् । यसरी जेलबाट मुक्ति पाएर जाने राजबन्दीहरूमा अन्तिम राजबन्दी प्रमोददास गुप्त हुन्छन् । जेलबाट बिदा हुने बेलामा उनले चन्द्रशेखरलाई अँगालो हाल्छन् । यसरी यस शीर्षकमा प्रमोद बाबुसँग सम्बद्ध घटना र उनका व्यक्तित्वको चित्रण भएको पाइन्छ ।

डुवर्सकी बघिनी रत्नमाया स्यांगदेन

प्रस्तुत उपन्यासको पाँचौ शीर्षक 'डुवर्सकी बघिनी रत्नमाया स्यांगदेन' हो । यस अन्तर्गत अजीवन कारागारमा बन्दी बनेकी रत्नमाया स्यांगदेनसँग सम्बद्ध घटनाको वर्णन गरिएको छ । यस उपन्यासका प्रमुख पात्र चन्द्रशेखर पदोन्नति भएर आसनसोल र वर्द्धमान जिल्ला जेलदेखि बहरपुर केन्द्रीय जेलमा आएका हुन्छन् । सरुवा भएर आएपछि उनले जेलको महिला विभागको परिदर्शन गर्छन् । त्यहाँ लगभग तिन सय महिला बन्दीहरू हुन्छन् । तीमध्ये २५/३० जना बन्दीले लामो सजाय भोगिरहेका हुन्छन् । चन्द्रशेखरले त्यस कारागारमा लामो सजाय भोगिरहेकी डुवर्सकी रत्नमाया स्यांगदेनलाई भेट्छन् । ऊ ३०/३२ वर्षकी सुन्दरी युवती हुन्छे । मानसिक रूपले विक्षिप्त भएकी रत्नमाया मनोचिकित्सकका निगरानीमा रहेकी हुन्छे । चन्द्रशेखरले उसको घटनाबारे सोध्दा उसले भन्छे, "म आजीवन बन्दी हुँ सर, केश मर्डर हो" (पृ.४८) । त्यसपछि चन्द्रशेखरले उसको जेल जीवनको इतिहासको अध्ययन गर्छन् । ऊ नेपाली प्रजातिकी डुवर्सको वीरपाडा निवासी हुन्छे । उसलाई ज्यानमारा मुद्दामा आजीवन कारावासको सजाय जलपाइगढी जिल्लाको सेसन्स जजले दिएका हुन्छन् ।

रत्नमाया वीरपाडाका मन्सीकी एक्ली सन्तान हुन्छे । दसौँ श्रेणीको छात्रा रहँदा उसकी माताको अचानक दुई घन्टाको मुटुको व्यथाले देहान्त भएको हुन्छ । त्यसपछि उसका पिता अस्वस्थ हुन लागेको हुनाले रत्नमायाले विद्यालय शिक्षा अधुरो छोडी घरको जिम्मावारी लिएर बस्नु पर्छ । केही समयपछि उसका फुपू फुपाज्यूका सल्लाह अनुसार कालिम्पोंग निवासी नगेन्द्र तामाङसित उसको बिहे भएको हुन्छ । नरेन्द्रले फौजको नोकरी गरेको दुई वर्ष भएको हुन्छ । बिहे भएको ३/४ महिनापछि अचानक उसको फौजी लोग्ने नगेन्द्र तामाङ आफ्नो फौजको कर्तव्य गरिरहेको समय सीमापारिबाट शत्रुको गोलीको शिकार बनेर सहिद भएको समाचार आउँछ । यस घटनापछि उसलाई आफ्नो ससुरालीबाट लिन नआउँदा ऊ पिताको हेरचाह गर्दै बसेकी हुन्छे । केही दिनपछि पिताको पनि मृत्यु हुन्छ । त्यसपछि ऊ एक्ली टुहुरी बनेर आफ्नो जीवन गुजारा गर्नलाई एउटा सानो दोकान खोलेकी हुन्छे । पसलको व्यवसाय चलाइरहेको समय उसको लोग्ने फौजमा सहिद भएको कारण सरकारबाट रासन दोकान (एम.आर. सप) को मञ्जुर गरिएको खबर जलपाइगढी जिल्ला मजिस्ट्रेट अफिसबाट पाएकी हुन्छे । कमान बस्तीका प्रायः सबै मानिसहरू उसको पसलमा मालसामान किन्न आउँछन् । यसरी नै वीरपाडाको विजयबहादुर पनि दोकानमा आउने गर्छ ।

एक दिन विजयबहादुरले रत्नमायालाई भन्छ, "केही काम लिएर आज म डी.एम. अफिस, जलपाइगढी जाँदैछु । बहिनीको पनि केही जरूरी काम भए भन्नुहोस्, म गरिदिउँला, वहाँ अफिसर र बाबुहरूलाई राम्ररी चिन्छु" (पृ.५३) । उसको भरोसा र विश्वास गरेर रत्नमायाले आफूलाई सरकारबाट रासन दोकानका निम्ति पठाएको पत्र देखाउँछे । जलपाइगढीमा रासन दोकानको मञ्जुरी पत्रको फारम भर्ने र बुझाउने काम विजयले लिन्छ । त्यसपछि विजय उसको दोकानमा आइरहन थाल्छ । विजय कस्तो व्यवहारको व्यक्ति हो भन्ने कुरा रत्नमायालाई केही जानकारी हुँदैन । एक दिन दोकानमा सामान किन्न आएका मनबहादुर राईले रत्नमायालाई विजयबहादुरको

वास्तविकता बताउँछन् । विजयबहादुरको लत बिग्रेको हुन्छ । खराब बेहोराका कारण उसकी पहिली स्वास्नी उसलाई छोडेर भागेकी हुन्छे । रक्सी पिउने, रन्डीवाजी गर्ने उसको बानी हुन्छ । अलिपुरद्वारमा उसको दुर्नाम चलेको हुन्छ । विजयबहादुरका बारेमा थाहा पाएपछि रत्नमाया छाँगाबाट खसे झैँ हुन्छे ।

विजयबहादुरका बारेमा जानकारी पाएकै रात रासन दोकान बन्द गरेर गोठालाहरू चन्द्रे र रणमान सुत्न गइसकेका हुन्छन् । रत्नमाया विजयको नीच व्यवहार बारेमा सोचिरहेकी हुन्छे । बाहिर मूल ढोका जोडले घचघचाएको आवाज आउँछ । ऊ गोठालो रणमानलाई बोलाउँछे तर ऊ भुस भएर निदाएको हुनाले आफैँले ढोका उघार्छे । विजय घरभित्र स्वाट्ट पस्छ र ओछ्यानमा गएर बस्छ । अनि भन्न थाल्छ, “तिमी यति राम्री, सुन्दरी, तरूणी, किन यौवन फाल्छौ ? तिम्रो रूप, यौवन र धन अनि मेरो बुद्धि, चातुरी अनि बलको सम्मिश्रणले नयाँ सुन्दर, सुखी जीवन बनाऊँ, तिमी अब ढिला नगर है” (पृ.५८) । विजयको धन सम्पत्तिको आशक्ति अनि वासनाको तृष्णा देखेर रत्नमाया क्रोधित बन्छे । ऊ सोझै भान्सा घरमा जान्छे र मासु किम्मा गर्ने एक फुट लामो, गह्रौँ लोहाको बमफोक साडीको आँचलमा लुकाएर ल्याउँछे । त्यस बमफोकले जोरसित विजयको टाउकोमा हान्छे । त्यो हुँ हुँ गर्दै छटपटाएर भुइँमा लड्छ । यस्तो आवाज सुनेर रणमान र चन्द्रे आउँछन् । भुइँमा रगतपच्छे भएर विजयको मृतदेह लडिरहेको हुन्छ । यसरी रत्नमायाले आफ्नो नारीत्व बचाउन विजयको हत्या गरेकी हुन्छे ।

रत्नमायालाई यस घटनाका कारणले अलिपुरद्वार सबजेल हाजतमा चौध दिन थुनामा राखेपछि जलपाइगढी जिल्ला जेलमा राखिएको हुन्छ । लगभग तेह्र महिना तल्लो अदालतमा राखेपछि सेसन्स अदालतसम्म केश चलेर उसलाई डिस्ट्रिक्ट सेसन्स अदालतद्वारा आजन्म जेलको सजाय सुनाइएको हुन्छ । यसरी रत्नमाया स्यांगदेन बहरमपुर केन्द्रीय जेलमा स्थानान्तरित भएर सात वर्षदेखि सजाय काटिरहेकी हुन्छे । रत्नमायासँग सम्बद्ध उक्त घटना चन्द्रशेखरले उनकी श्रीमती सरस्वती देवीलाई सुनाएका हुन्छन् ।

भारतीय साहित्य र संस्कृति प्रेमी जापानी नाविक नारिता

‘भारतीय साहित्य र संस्कृतिप्रेमि जापानी नाविक नारिता’ शीर्षक अन्तर्गत अलिपुर सेन्ट्रल जेलमा बन्दी बनेर बसेका विभिन्न कैदीहरूमध्ये जापानी नाविक नारितासँग सम्बद्ध कथाको चित्रण भएको छ । अलिपुर सेन्ट्रल जेलमा स्वदेशी तथा विदेशी अपराधी कैदीहरूलाई अलग अलग कैद गरेर राख्ने व्यवस्था रहेको छ । यसै जेलमा चन्द्रशेखर जेल सुपरिवेक्षक पदमा पाँच वर्ष अघिदेखि कार्यरत रहेका हुन्छन् । उनले उक्त जेलमा देखेभेटेका एक बन्दी पात्र जापानी नाविक नारिताको जीवन घटनालाई यसमा वर्णन गरिएको छ ।

अलिपुर सेन्ट्रल जेलमा कैदीहरूको मनोरञ्जनका निम्ति विभिन्न कार्यक्रमहरूको आयोजना गरिएको हुन्छ । यी कार्यक्रमहरूमा कारा सुपरिवेक्षकले अध्यक्षता गर्ने गर्छन् । यस्तै प्रकारले २५ वैशाखको दिन रवीन्द्रनाथ ठाकुरको जन्म जयन्तीको उपलक्ष्यमा आयोजन गरिएको कार्यक्रममा विभिन्न कैदीहरूले रवीन्द्र सङ्गीत गाउँछन् । यीमध्ये जापानी नाविक नारिताले पनि

रवीन्द्र सङ्गीत र उनका कविताको पाठ गरेर सबैलाई चकित तुल्याएका हुन्छन् । नारितालाई उक्त कारागारमा दश वर्षको सश्रम कैदको सजाय अलिपुर सेसन्स कोर्टको ३०४ धारा अन्तर्गत दिइएको हुन्छ । उसको अपराधका बारेमा चन्द्रशेखरले सोधेको प्रश्नको उत्तरमा उसले आफू जापानी मर्चेन्ट नेभीको नाविक भएको, त्यहाँ काम गरेको आठ वर्ष भएको र उसलाई राम्रो तलब, सुविधा तथा राम्रो सहुलियत मिलेको कुरा गर्छ ।

एक दिन जापानदेखि कलकत्ता बन्दरगाह आइरहेको समय जहाजमा नारिता लगायत अन्य नाविकहरू बियर पिउँदै तास खेलिरहेका हुन्छन् । त्यस समय उनीहरूको कर्मविरति तथा कर्मविराम भएको हुन्छ । यस्तैमा अर्को नाविक इचिरोले हार्डड्रिङ्क पिएर आउँछ अनि नारिताको छातीमा समाएर 'यू इडियट' भन्दै निहुँ खोज्न थाल्छ । त्यसले नारितालाई अभद्र गाली गलौज गर्छ । नारितालाई औधी रिस उठ्छ । उसले इचिरोको घाँटी निमोठ्छ । अन्य साथीहरूले नारिताको हात हटाउँछन् । केही क्षणमा नारिताले आफ्नो कोठाबाट जापानी छुरी लिएर आउँछ र इचिरोप्रति प्रहार गर्छ । इचिरोको मृत्यु हुन्छ । भारतको भूमिमा हत्या अपराध गरेका हुनाले भारतीय कानुन अनुसार उसले दश वर्ष कारावासको सजाय पाएको हुन्छ ।

कारागारमा असल व्यवहार भएका कारणले सरकारद्वारा नारिताको सजाय दुई वर्ष कम गरिएको हुन्छ । यसरी नारिताले बन्दी बनेर उक्त कारागारमा आठ वर्षको सजाय भोग्नु परेको हुन्छ । त्यस समय कारागारमा उसले बंगला भाषा साथै रवीन्द्रनाथ टैगोरको रवीन्द्र सङ्गीत सिकेर कारागारका विभिन्न कार्यक्रममा प्रस्तुत गर्छ । यसरी उसले आफ्नो तन, मन र धनद्वारा सम्पूर्ण कार्यक्रममा सहयोग पुऱ्याउने गर्छ । उसले भारतीय संस्कृति, साहित्य खुबै रुचाएको हुन्छ । नारिताको यस्तो व्यक्तित्व देखेर चन्द्रशेखर प्रभावित बन्छन् । अन्तमा भारतीय कानुन अनुसार आठ वर्ष सजाय पूरा गरेर नारिता जेलमुक्त भई कलकत्ता एयरपोर्टबाट हवाई जहाजद्वारा जापान फर्कन्छ ।

जापान पुग्ने बित्तिकै जापानी सुरक्षाकर्मीद्वारा गोली हानी नारिताको हत्या गरिएको समाचार चन्द्रशेखरले जापानी नाविक एसोसिएन मार्फत पाउँछन् । जापानको कानुन अनुसार उसको मृत्यु भए तापनि चन्द्रशेखर भने नारिताको इमानदार व्यक्तित्वका कारण उसप्रति सहानुभूति प्रकट गर्दछन् । नारिता सम्बद्ध यो कारुणिक घटना चन्द्रशेखरले आफ्नी श्रीमती सरस्वती देवीलाई सुनाउँछन् र यस शीर्षक अन्तर्गतको कथानक समाप्त हुन्छ ।

जेलखानाकी फ्लोरेन्स नाइटिंगेल एडेल केनी

प्रस्तुत उपन्यासको सातौं शीर्षक 'जेलखानाकी फ्लोरेन्स नाइटिंगेल एडेल केनी' हो । यस शीर्षकमा कलकत्ताको प्रेसिडेन्सी जेलको महिला विभागकी एडेल केनीसँग सम्बद्ध कथा प्रस्तुत गरिएको छ । एक दिन चन्द्रशेखरले जेलको महिला विभागको परिदर्शन गर्छन् र श्रीमतीलाई त्यसदिन जेलमा घटेका घटना सुनाउँछन् । यसै घटनाको संयोजनबाट यस खण्डको कथानक निर्माण गरिएको छ ।

कलकत्ताको प्रेसिडेन्सी जेलको महिला विभागको भ्रमण गर्दा त्यहाँका मानसिक रोगीहरूमध्ये एडेल केनीसित चन्द्रशेखरको भेट भएको हुन्छ । आमाबाबुको मृत्युपछि एक्ली भएकी केनीको प्रेमसँग यौन सम्बन्ध भएको हुनाले ऊ आमा बन्न पुगेकी हुन्छे । उसको प्रेमीचाहिँ बेपत्ता भएको हुन्छ । उसले एउटा रेस्टुराँमा नर्तकीको काम गरेर छोरी हुर्काउँछे । त्यहाँ काम गर्ने क्रममा उसको रूप र बैंसका वशमा परी रेस्टुराँको मेनेजर मिस्टर गोनासालभे गुज्राल ऊप्रति आकर्षित भई भोग गर्ने कोसिस गर्छ । केनीले गुज्राललाई सिँढीबाट घचेटिदिन्छे । फलस्वरूप गुज्रालको मृत्यु हुन्छ । यसै अपराधका कारण केनी उक्त जेलमा दश वर्षको सजाय भोगिरहेकी हुन्छे ।

जेलमा केनीले कैदी जीवन बिताउँदै गरेको भए पनि जेलका अस्पतालमा धेरै महिला रोगीहरूको सेवा सुश्रूषा गर्ने गर्छे । यस्तो सेवा पुऱ्याए वापत उसलाई सरकारबाट मानसिक रोगीहरूको सेवा सुश्रूषाको प्रमाण पत्र (नर्सिङ मेन्टल पेसेन्स) प्राप्त हुन्छ । केनीले सरकारका तर्फबाट तालिम लिने अवसर प्राप्त गर्छे र जेलमै आत्मनिर्भर बन्छे । यसै कारणले उसलाई नाइटिङ्गेल एडेल केनी भनेर चिनिन्छ । जेलमा बन्दी जीवन व्यतित गरेर पनि त्यहाँका महिला रोगीहरूको सेवा गरेर सरकारको मन जिती आत्मनिर्भर बनेको घटनालाई उपन्यासकारले यस भागमा कथानकका रूपमा प्रस्तुत गरेका छन् ।

अपूर्व सुन्दरी अनि विज्ञान-साधिका हत्यारिणी सुदीपा

प्रस्तुत उपन्यासको आठौँ शीर्षक 'अपूर्व सुन्दरी अनि विज्ञान-साधिका हत्यारिणी सुदीपा' हो । प्रेसिडेन्सी केन्द्रीय जेलको मूल ढोकामा अत्यन्त भीड लागेको हुन्छ । कालो ठुलो फलामको भ्याल अनि ढोकाले मोडिएको पुलिस भ्यानभित्र पुरुष अनि महिला पुलिसहरूले घेरिएकी एउटी सुन्दरी युवती हुन्छे । उसलाई जेलका पुलिसहरूले सुरक्षा सहित ल्याएर जेलका अफिसरकहाँ जिम्मा लगाउँछन् । सुन्दरी बन्दीलाई महिला पुलिसहरूले महिला जेलतर्फ लान्छन् । भोलिपल्ट खबरकागजको मुख्य खबरमा यस घटनाबारे लेखिएको हुन्छ । यसर्थ चन्द्रशेखरकी श्रीमतीले चन्द्रशेखरसँग उक्त सुन्दरी युवती बारेमा प्रश्न गर्छिन् । आफ्नी श्रीमतीलाई उनका प्रश्नको उत्तर दिँदै चन्द्रशेखर भन्छन् :

> यी बन्दी कुनै अभिनेत्री होइनन् रसायन विज्ञानमा बी.एस्सी. (अनर्स) पढ्दै गरेकी छात्रा हुन् । नाउँ सुदीपा, उमेर भर्खर २० वर्ष । अपराध परिकल्पना अनि कदम कदममा गणितको नियमसहित हत्या, एक होइन, दुई होइन, तीन पनि होइन तर चार चार । यति तरूणी, अपूर्व सुन्दरी अनि रसायन विज्ञानमा अत्यन्त तेज तथा मेधावी युवतीले कसको हत्या गरिन ? आफ्ना साक्खै मातापिता, बाजे अनि बोजुको । (पृ.८६)

आफन्तको हत्याको आरोपमा सुदीपालाई अदालतले जन्म कैदको सजाय दिएको हुन्छ । सुदीपा एक शिक्षित तथा रसायन विज्ञान विषयको मेधावी छात्रा हुन्छे । उसलाई रसायन विज्ञानका विभिन्न प्रयोग कार्यमा सहयोग गर्न विभागीय व्यवस्था अनुसार रणधीर नामक युवक खटिएको हुन्छ । त्यस युवकले शोध कार्यशालामा रसायन विज्ञानका विभिन्न प्रयोग कार्य गर्नमा सहयोग गर्छ । एक दिन त्यसले सुदीपालाई कफी पिउन एउटा सानो चिया पसलमा लैजान्छ । त्यहाँ सुदीपालाई प्रोत्साहित गर्दै भन्छ :

> सुदीपा ! तिम्रो रसायन विज्ञानका विलक्षणतादेखि म अवाक् भएको छु । विभागीय प्रधान प्रोफेसर सेनले पनि तिम्रो कार्यकुशलतामा एउटा प्रतिभा लुकेको छ भन्ने मन्तव्य प्रकट गरेका छन् । त्यसैको निम्ति हर कदममा हर समस्यामा हर कठिनाइमा साथ दिएर प्रतिभाको पराकाष्ठामा पुऱ्याउनको निम्ति म छु, म तिमीलाई पूर्ण सहायता अनि मद्दत गर्नेछु । (पृ.८१)

रणधीरले सुदीपाको मन जितेको हुन्छ । रणधीरको कुरामा विश्वास गरेर सुदीपाले आफ्ना मातापिताको विचार विरूद्ध काम गर्न थालेकी हुन्छे । यो देखेर मातापिताले रणधीरसित भएको घनिष्टता छुट्याउने कोशिस गरेका हुन्छन् । परन्तु सुदीपा भने उसको भनाइमा लागेर अर्कै भइसकेकी हुन्छे । यस्तैमा एक दिन रणधीरले कलेज स्ट्रीटका रसायन बिक्रेताको पसलबाट एउटा काँचको सिसीमा रासायनिक पदार्थ किनेर सुदीपालाई दिन्छ । यस पदार्थको दुई थोपा चानामा मिसाएर घरमा पालेका सेता मुसालाई दिने सल्लाह दिन्छ । यसरी मुसामा उक्त रासायनिक पदार्थको परीक्षण तथा प्रयोग गर्न लगाउँछ । भोलिपल्ट ती मुसाहरू सबै मर्छन् । यसरी नै अर्को एक दिन कलेजको एउटा मिठाई पसलमा लगेर सुदीपालाई रसमिठाई खुवाउँदै एउटा शिशी अनि एउटा हाँडीमा रसदान किनेर सुदीपालाई दिँदै घरका सबैलाई खुवाउन भन्छ । उसले भने अनुसार नै सुदीपाले आफ्नो घरमा गएर औषधीको परीक्षण गर्छे । फलस्वरूप उसका आमाबाबु, बाजेबोजूका तत्कालै मृत्यु भएको हुन्छ । यसै हत्याका कारण सुदीपाले भारतीय कानुन को धारा ३०२ अनुसार हत्या गरेको अपराधमा आजीवन कारागारको सजाय पाएकी हुन्छे ।

जेलखानाका यीशु बालक प्रकाश

प्रस्तुत उपन्यासको नवौँ क्रममा रहेको शीर्षक 'जेलखानाका यीशु बालक प्रकाश' हो । यस उपन्यासका मूल पात्र चन्द्रशेखर कारागारको आई.जी. पदमा कार्यरत भएका समय राइटर्स बिल्डिङ कलकत्ताको कार्यालयमा गेटको सुरक्षाकर्मी मार्फत एउटा भिजिटिङ कार्ड पाउँछन् । उक्त कार्डमा लेखिए अनुसार अर्दलीलाई त्यो व्यक्तिलाई भित्र पठाउने आदेश दिन्छन् । भित्र आउने व्यक्ति प्रकाशले चन्द्रशेखरको पाउ छुन्छ । प्रकाशको बाल्यकाल कारागारमा बितेको हुन्छ । पाँच वर्षको हुँदा उसलाई 'खरदार' रेल स्टेशनबाट पुलिसले भेटेर ल्याएका हुन्छन् । उसका अभिभावकको जानकारी नहुँदा उसलाई ब्यारेकपुर कोर्टमा हाजिर गराई दमदम सेन्ट्रल जेलमा राखिएको हुन्छ । चन्द्रशेखरले उसको सुरक्षा र उचित शिक्षा प्रदान गराउने हेतुले २४ परगना स्थित कारागार विभागकै बरासात किशोरी संशोधनी कारागारमा स्थानान्तर गराएका हुन्छन् । बालक प्रकाशको पालन पोषण, शिक्षा, स्वास्थ्य, खेलकूद, नृत्य, सङ्गीत आदिमा चन्द्रशेखरको ठूलो भूमिका रहेको हुन्छ । त्यही बालक प्रकाश पढ्नमा ज्ञानी हुन्छ साथै कविता आवृत्ति गर्न, गीत गाउन, नाटक खेल्न पनि खप्पिस हुन्छ । उसले विद्यालयको अध्ययन सिध्याएपछि चन्द्रशेखर साथै कारागारका उच्च पदमा रहेका विभिन्न व्यक्तिद्वारा सहयोग प्राप्त गरी इन्जिनियरिङको शिक्षा हासिल गरेको हुन्छ । यहाँ उसले सर्वश्रेष्ठ अङ्क प्राप्त गरेको हुनाले उसलाई कलकत्ताको सुप्रसिद्ध मार्टिन बर्न कम्पनीले राम्रो सहुलियत दिएर इन्जिनियरको दायित्व प्रदान गरेको हुन्छ । यसै कम्पनीको व्यवस्थामा उसले अमेरिकाको नर्थ केलोरिया विश्वविद्यालयमा कन्सट्रक्सन प्रकल्प

विषयमा विशेष तालिम लिएको हुन्छ । तालिम सकेर कलकत्ता महानगरमा आई यसै कम्पनीको इन्जिनियर पद उसले सम्हालिरहेको हुन्छ । कारागारमा हुर्केको त्यही प्रकाशका विगतका विभिन्न घटनाहरू चन्द्रशेखरले श्रीमतीलाई सविस्तार सुनाएका छन् । यसरी जेलखानामा यीशु जस्ता बालक प्रकाशको बाल्यकालको स्थितिको वर्णन पूर्वदीप्ति कथनद्वारा प्रस्तुत गरिएको छ ।

सात नृशंस हत्या अनि फाँसी प्रेमी नाटा मल्लिक

प्रस्तुत उपन्यासभित्र रहेको अर्को शीर्षक 'सात नृशंसहत्या अनि फाँसी प्रेमी नाटा मल्लिक' हो । भारत स्वाधीन भएपछि पश्चिम बंगाल राज्यमा कांग्रेस शासन कायम भएको हुन्छ । ब्रिटिस शासनकालमा अवैध घोषित गरिएका वाम दलहरू भारतीय कम्युनिस्ट पार्टी, यसको अर्को विशाल अंश मार्क्सवादी कम्युनिस्ट पार्टी तथा अरू समाजवादी वाम दलहरू, फरवार्ड ब्लक, आर.एस.पी., एस.यु.सी. र अरू केही दलहरू यतिबेला सक्रिय भएका हुन्छन् । यी दलहरूले जनगणको निम्ति भूमि, शिक्षा, स्वास्थ्य, शिल्पादि क्षेत्रमा समाजवादमा आधारित नाटकीय परिवर्तन र सुधार ल्याउने उद्देश्यले तुमुल सङ्घर्ष गर्न थालेका हुन्छन् । यिनीहरूको सङ्गठित, नियमित प्रशिक्षण अनि उचित नेतृत्वका आधारमा राज्य, जिल्ला, महकुमा, गाउँ स्तरमा व्यापक आन्दोलन चलाइरहेका हुन्छन् । यस आन्दोलनलाई पश्चिम बंगाल सरकारले प्रतिरोध गर्न ज्योति बसु, महजफर अहमद, जतीन चक्रवर्ती, भक्तिभूषण मण्डल, प्रमोद दासगुप्त, सरोज मुखर्जी, ननीकर, श्रीमती कणक मुखर्जी, इला मित्र, निरूपमा च्याटर्जी, नेपाली प्रजातिका रतनलाल ब्राह्मण, भद्रबहादुर हमाल, रमाशंकर प्रसाद, सांगदोपाल लेप्चा लगायत हजारभन्दा बेसी आन्दोलनकारीहरूलाई पश्चिम बंगालका केन्द्रीय जेलहरूमा बन्दी गरेका हुन्छन् । फलस्वरूप वाममोर्चाका आन्दोलनको गति अझ तेज भएर गएको हुन्छ । यसको नाम 'नक्सलपन्थी' आन्दोलन भनेर देशमा व्याप्त बन्छ । यसै समयमा प्रेसिडेन्सी जेलमा एउटा नृशंस हत्यारा सुलतान अलि मण्डललाई फाँसीको सजाय भएको हुन्छ । यस फाँसी दिने कार्यमा सरकारी अफिसर, इन्जिनियर, सिपाहीहरू भन्दा पनि गुरुत्वपूर्ण भूमिका फाँसी दिने पोडे नाटा मल्लिकको हुन्छ । ऊ यस कार्यको प्रमुख व्यक्ति हुन्छ । उसको उमेर प्रायः २४-२५ वर्षको, कालो वर्णको, ठुला-ठुला आँखा, केही रातो, होचो कद भएको हुन्छ । ऊ डोम जातिको अनि उसको बाबु, बाजेको पालादेखि गरेको यस कार्यको उत्तराधिकारका रूपमा ऊ यस कार्यमा कार्यरत हुन्छ । उसको मुख्य काम फाँसीमा हत्यारालाई झुन्ड्याएर आधा घन्टा राख्ने अनि त्यसपछि प्राणहीन देहलाई बोकेर जेल अधिकारी वर्गलाई सुम्पने, मेडिकल अफिसरले मृत भनी घोषण गरेपछि फाँसी मञ्चलाई ढोग गरी फाँसीको डोरी (मेनिला रोप) जिम्मा दिने हुन्छ । यो काम गर्दा ऊ अत्यन्त सन्तुष्ट देखिन्छ । यसरी जेलमा प्राणदण्ड पाएका अपराधीलाई गलामा मेनिलाको डोरी लगाई फाँसीको मचानमा झुन्ड्याउने काम नाटा मल्लिकले गर्छ ।

प्रस्तुत उपन्यासको बद्ध पात्र नाटा मल्लिक अरू कार्य गर्नुभन्दा कैदीलाई फाँसीमा झुन्ड्याउन अधिक रुचाउँछ । ऊ अत्यन्त फाँसीप्रेमी हुन्छ । जेलमा फाँसीको मिति तोकिएपछि फाँसी मञ्चको सदैव निरीक्षण गर्छ, घडीका प्रत्येक रफ्तारमा फाँसी मञ्चमा गएर नमस्कार गर्दै दिनगन्ती गर्ने गर्छ । दुई अपराधी बाबु छोरालाई फाँसी दिने आदेश न्यायालयबाट आएको हुन्छ ।

त्यस समय नाटा मल्लिकको खोजी गरेर उक्त फाँसीको काम गर्न जेलमा ल्याइएको हुन्छ । उसले फाँसी मञ्चको राम्ररी निरीक्षण गर्दै समय बिताउन थाल्छ । तर त्यो फाँसीको सजाय सरकारबाट रद्द हुँदा मल्लिक निराश बन्छ । केही वर्षपछि अन्य दुई कैदीलाई फाँसी दिने आदेश सरकारबाट प्राप्त हुन्छ । त्यस समय नाटा मल्लिक त्यहाँ हुँदैन र उसलाई खोजी गरेर जेलमा ल्याइन्छ । उसको उमेर त्यस समय ५२ वर्ष पुगेको हुन्छ । उसले स्थायी रूपमा यस जेलको हेडमेनको स्थान दिएर उसलाई राख्नु भन्ने माग गरेको हुन्छ तर सरकारले आफूलाई स्थायी हेडमेनमा नराखेको हुनाले उसले गुनासो प्रकट गर्छ । यस्तैमा एक दिन दुई अपराधीलाई प्राणदण्ड दिने व्यवस्था कारागारमा हुन्छ ।

सँगसँगै उभिएका दुई अपराधीहरूलाई नाटा मल्लिकले कालो लुगाले मुख ढाकिदिन्छ अनि मेनिला डोरीको पासो दुवैको घिच्रोमा बाँधेर उभिन्छ । जेल सुपरले हात उठाउना साथ नाटाले लिभर तल तान्छ र दुवैको प्राण जान्छ । नाटा मल्लिकले ठुला ठुला आँखा पारेर मूर्ति झैँ भई एकोहोरो आधा घन्टा आकाशतर्फ हेरेर प्लेटफार्ममुनि पसी दुइटा प्राणहीन लास तानेर निकाल्छ । यस प्रकार नाटा मल्लिकले फाँसी दिने डरलाग्दो कामको वर्णन चन्द्रशेखरले आफ्नी श्रीमती सरस्वती देवीलाई सुनाएका छन् । यस घटनाले प्रस्तुत उपन्यासको औपन्यासिक कथानकमा प्रभावकारी भूमिका खेलेको पाइन्छ । कारागारको बन्दी पात्र नाटा मल्लिक समाजको एक सजीव पात्र हो । उसको जीवनशैली तथा व्यक्तित्वको चित्रणले यस उपन्यासको कथानकमा रोचकता थपेको छ जसले गर्दा प्रस्तुत उपन्यासको कथानक प्रभावशाली बनेको देखिन्छ ।

जीवन गोरेटेमा उपन्यासको कथानक भारतको पश्चिम बंगाल जिल्ला अन्तर्गतका विभिन्न कारागारमा बन्दी भएका उपर्युक्त कैदी पात्रहरूका घटना, कथाहरूमा आधारित रहेको छ । यी कैदी पात्रहरूमध्ये दशजना कैदी पात्रहरूका नाउँमा राखिएका दशवटा उपशीर्षक अन्तर्गतका सम्पूर्ण कथानक कथा वाचक चन्द्रशेखरले अघि बढाएका छन् । त्यसैले चन्द्रशेखर र उनकी पत्नीका बिचमा भएको अनुभव आदान प्रदानको मूल कथानकका उपकथानक जस्ता लाग्ने यी दश ओटा उपकथानक आफैमा स्वायत्त कथानकका रूपमा विकसित भएका छन् । त्यसैले यस उपन्यासको कथानक संरचना रेखीय नभएर वृत्ताकारीय ढाँचामा विकसित छ । एउटा कथा सकिएपछि सोही प्रकारले अर्को स्वायत्त कथा आरम्भ हुन्छ र ती मध्ये अघिल्लो वा पछिल्लोले एक अर्कालाई प्रभाव पारेका छैनन् । नितान्त भिन्न चारित्रिक विशेषता भएका भिन्न भिन्न पात्रहरूका जीवन घटना सन्दर्भलाई निकै रोचक, प्रभावकारी र कुतूहलपूर्ण तरिकाले यस उपन्यासमा प्रस्तुत गरिएको छ । कथानकको विकासमा द्वन्द्व पनि सघन भएर आएको छ । द्वन्द्व र कुतूहलताले गर्दा प्रस्तुत उपन्यासका सम्पूर्ण स्वायत्त कथानक वा उपकथानकहरू सुगठित रूपमा विकास भएका छन् । यसबाट प्रस्तुत उपन्यासको कथानक निकै रोचक बन्न सकेको छ ।

भारतको दण्ड विधानले अपराधी ठहराएका कैदी पात्रहरूका कथा स्वाभाविक र विश्वसनीय भएको छ र उपन्यासको कथानक औधी प्रभावशाली बनेको पाइन्छ । यी घटनाहरू भिन्न भिन्न कथाहरूको संयोजनद्वारा निर्मित भएको हुनाले यस उपन्यासको कथानक परम्परागत नभई प्रयोगपरक तथा मिश्रित हुन गएको देखिन्छ ।

५.३.२ पात्र विधान र तिनको चरित्र

जीवन गोरेटोमा उपन्यासका प्रमुख कथयिता चन्द्रशेखर हुन् । उनको भूमिका उपन्यासको सुरुदेखि अन्तसम्म छ । उनीसित सम्बन्धित अन्य दस जना कथाका विषय/आलम्बन बनाइएका पात्रहरू छन् । यस उपन्यासमा जम्मा १८९ जना पात्रहरू रहेका छन् (परिशिष्ट ४) । त्यसैले यो उपन्यास पनि बहुपात्रीय उपन्यास हो । मोक्तानका अन्य उपन्यासमा भन्दा सङ्ख्याका आधारमा यस उपन्यासमा निकै धेरै पात्रहरूको प्रयोग गरिएको देखिन्छ । यद्यपि यस उपन्यासमा मुख्य र सहायक पात्रका तुलनामा गौण पात्रहरूको सङ्ख्या निकै धेरै रहेको देखिन्छ। साँचो नटवरलाल, साहबुद्दीन उर्फ गुडिया, नेता चारु, प्रमोद बाबु, रत्नमाया स्यांगदेन, जापानी नाविक नारिता, एडेल केनी, सुदीपा, प्रकाश र नाटा मल्लिक गरी दस र कथयिता चन्द्रशेखरका पात्रगत भूमिकाको विश्लेषण यहाँ क्रमैले गरिएको छ ।

(क) चन्द्रशेखर

चन्द्रशेखर प्रस्तुत उपन्यासका प्रमुख कथयिता पात्र हुन् । उनी मध्यमवर्गीय नेपाली प्रजातिका सत्पात्र हुन् । दार्जिलिङदेखि जलपाइगढी, कुचबिहार र वर्द्धमानका विभिन्न कारागारको सुपरिन्टेन्डेन्ट पदमा कार्य गर्दै उनी कलकत्ताको प्रेसिडेन्सी केन्द्रीय कारागारमा सुपरिवेक्षक तथा आई.जी. जस्ता उच्च पद सम्हाल्न पुगेका छन् । यी कारागारहरूमा बन्दी भएका हत्यारा, चोर, डाकु, आन्दोलनकारी आदि विभिन्न कैदीहरूका जीवन घटनाका कथाहरू उनले भिन्न भिन्न दिनमा आफ्नी श्रीमती सरस्वती देवीलाई सुनाएका छन् । यसरी प्रस्तुत उपन्यासको कथा वाचकका रूपमा उपन्यासको सुरुदेखि अन्तसम्म उनको भूमिका रहेको छ । उनले दैनिक जीवनमा घटेका समय, बार, गते अनि साल अनुसार तथ्यपरक ढङ्गले वर्णन गरेका छन् । मोक्तान स्वयम् कारागार सुपरिवेक्षक पदमा कार्य गरिसकेका व्यक्ति हुन् । यस सन्दर्भमा प्रस्तुत उपन्यासको नायक चन्द्रशेखरबारे यस शोधार्थीले उपन्यासकार स्वयम्सँग अन्तर्वार्ता लिँदा उनले चन्द्रशेखरको भूमिका आफैले निर्वाह गरेको स्वीकार गरेका छन् । सरस्वती देवी उनकी श्रीमती पूर्णिमा यल्मो हुन् भन्ने तथ्य पनि उनले स्पष्ट गरेका छन् । त्यसैले चन्द्रशेखर उपन्यासकार स्वयम्का प्रारूपीकृत पात्र हुन् भन्ने स्पष्ट हुन्छ ।

चन्द्रशेखरको चरित्र दृढ, अनुशासित, कर्मठ तथा मानवतावादी रहेको देखिन्छ । उनले आफ्ना कार्यहरू निष्ठापूर्वक गरेका छन् । उनी नेपाली समुदायका प्रतिनिधि पात्र हुन् । दार्जिलिङदेखि बाहिर विभिन्न परिवेशमा उनले आफ्नो कर्तव्य निष्ठापूर्वक पालना गरेको देखिन्छ । उनको चरित्रलाई मानवतावादी तथा आदर्श चरित्रका रूपमा लिन सकिन्छ । प्रस्तुत उपन्यासमा चन्द्रशेखरले औपन्यासिक बद्ध पात्र साथै वर्गीय पात्रको भूमिका निर्वाह गरेका छन् । यस उपन्यासमा उनको कर्मठ प्रशासनिक व्यक्तित्वका साथै निष्ठावान् तथा आदर्श व्यक्तित्वको पहिचान प्रकट भएको छ । औपन्यासिक दृष्टिले उनको कथयिता र द्रष्टा अनि भोक्ता भूमिका निकै सशक्त र स्वाभाविक रहेको छ । दस जना पात्रहरूका कथालाई संयोजन गर्ने र त्यसको आख्यानीकृत प्रस्तुति गर्ने सन्दर्भमा चन्द्रशेखरको भूमिका महत्त्वपूर्ण सफल रहेको देखिन्छ ।

(ख) साँचो नटवरलाल

साँचो नटवरलालको वास्तविक नाम मिथिलेश कुमार श्रीवास्तव हो । ऊ प्रस्तुत उपन्यासको प्रथम शीर्षकका कथानकको बद्ध पात्र हो । ऊ ४२ वर्षको उमेरमा मिर्गौलाको रोगले सिकिस्त बनेर लाला लाजपत राय अस्पतालमा जीवनको अन्तिम घडी गनिरहेको हुन्छ । दिल्ली, राजस्थान, उत्तर प्रदेश, कानपुर, अलाहवाद, कलकत्ता, बम्बई (हाल मुम्बई), उडिसा, बंगलोर आदि भारतका विभिन्न प्रान्तहरूमा उसका मुद्दाहरू छरिएका हुन्छन् । उसलाई प्रायः २०-२२ वटा फौजदारी अपराधका निम्ति विभिन्न अदालतहरूले सजाय दिएका हुन्छन् । यस बाहेक उसका विरुद्ध १५, १६ वटा अन्य फौजदारी मुद्दाहरू चल्दै गरेका पनि हुन्छन् । यी मुद्दाहरू प्रताडना, चिटिङ, षड्यन्त्र अनि जेलबाट भागेका अपराधसँग सम्बद्ध रहेका हुनाले उसलाई जेलभित्र सबैले नटवरलाल भन्ने गर्छन् ।

नटवरलालको घर बिहारको छपरा जिल्लामा हुन्छ । उसले कलकत्ता प्रेसिडेन्सी कलेजबाट अङ्ग्रेजी विषयमा अनर्स सहित ग्रेजुएट गरेको हुन्छ । यसरी ऊ शिक्षित र विवाहित पात्र हो । उसकी श्रीमतीको धेरै वर्षअघि नै मृत्यु भइसकेको हुन्छ । राँचीको पाइलटसित उसकी छोरीको विवाह भएको हुन्छ । ऊ परिवार नभएको एक्लो व्यक्ति हुन्छ । नटवरलाल उच्च शिक्षा ग्रहण गरेर अङ्ग्रेजी, बंगला, हिन्दी सबै भाषाको ज्ञान प्राप्त गरेको शिक्षित कैदी पात्रको भूमिकामा देखिएको छ । उसले आफ्नो अपराध स्वीकार गर्दैन बरु ऊ जेलर तथा कारागार सुपरिवेक्षक चन्द्रशेखरलाई भन्छ :

> मैले करोडौँ रूपियाँ कमाएँ । सरकारका पुलिस बाहिनीमा पनि अधिकांश अफिसरहरू मबाट ठगिए । तिनीहरू लोभमा परी कर्तव्यको अवहेलना गर्छन् । त्यसको लाभ म उठाउँछु । मैले मानिसहरूलाई उल्लू वा हुस्सू बनाएको होइन, अधिकांश मानिसहरू उल्लू वा हूस्सू हुने मनोवृत्तिका हुन्छन् । मैले उपार्जन गरेको धन सम्पत्ति मसित छैन । सबै गरिब दुःखीहरूलाई बाँटेको छु । त्यसैकारण मेरा जिल्ला र गाउँका गरिब-दुःखीहरू मेरा दीर्घायुको कामना गर्छन् ।(पृ.६)

नटवरलालका दावी अनुसार उसले मानिसलाई ठगेको हुँदैन, मानिसहरू आफै लोभमा परेर तथा रातारात धन कमाउने प्रलोभनमा ठगिएका हुन्छन् । उसलाई धेरै ओटा अपराधको मुद्दामा दण्ड विधानले दण्ड दिए तापनि मानिसहरूले उसको अपराधलाई दोषी नठहराएर उसको सुस्वास्थ्यको कामना गर्छन् । कारण उसले धेरै गरिब-दुःखीलाई सहायता पुऱ्याएको हुन्छ । यस सन्दर्भमा नटवरलालले चन्द्रशेखरलाई भनेको छ :

> मैले कसैको हत्या गरेको छैन, प्रतारण अनि ठगद्वारा कमाएको पैसा मसित राख्दिनँ । छपरामा मेरा गाउँको गरिब-दुःखी परिवारहरूलाई धनले सघाउँछु, बाहिर पढ्न जाने मेधावी विद्यार्थीहरूलाई रूपियाँ दिन्छु, गरिब आमा-बाबुकी छोरीको बिहेको लागि दाइजोको रूपियाँ सित्तैमा दिन्छु, विरामीहरूलाई औषधी अनि उपचारको निम्ति पैसा बाँड्छु भनौं भने मेरा गाउँका मानिसहरू नटरवरको सूर्यको तापमा आङ तन्काउँछन् । म यही काम नै औधी रुचाउँछु । (पृ.५)

४२ वर्षको उमेरमा ऊ कानपुर जेलमा बन्दी भएर बसेको हुन्छ । त्यस समय उसका दुवै मिर्गौलाहरू कमजोर बनेको हुनाले उसलाई उपचारका निम्ति दिल्लीको अल इन्डिया इन्सटिट्यूट अब मेडिकल साइन्सेसमा कडा सुरक्षाको साथमा भर्ना गरिएको हुन्छ । त्यहाँ उसलाई उपचार गरेर केही बिसेक भएपछि कानपुर जेल पठाइएको हुन्छ । उसलाई कठोर सुरक्षा, पुलिस पहरा, अनि एकजना सफाइ कर्मीको देखरेखमा राखिएको हुन्छ । ऊ हिँडडुल गर्न सक्दैन । ऊ चक्का भएको कुर्सीमा बस्छ । नयाँ दिल्ली रेल स्टेशनमा अपराह्न २ बजेतिर नटवरलाल ती बन्दुकधारी सिपाहीहरू अनि सफाइ कर्मीसित कानपुर जाने रेलगाडी पर्खिरहेको हुन्छ । निकै समयपछि उसले ती तिन सिपाहीहरूलाई २०० रूपियाँ दिएर छेउको रेल स्टेशनको चिया दोकानमा चियाखाजा खान पठाउँछ । आफू भने ह्वीलचेयरमा रेलगाडी पर्खिरहन्छ । सफाइ कर्मीलाई ५० रूपियाँ दिएर चियाखाजा खान पठाउँछ । त्यतिखेर प्लेटफर्ममा तुफान मेल आउँछ । यसै अवसरमा ऊ त्यहाँदेखि आश्चर्यपूर्वक भाग्न सफल बन्छ । चारैतिर उसको खोजी हुन्छ तर उसलाई पुलिस बाहिनीले भेट्न सक्दैन । यस्तो चलाक बुद्धि र साहस भएको एक बन्दी नटवरलालमा अपराधका लक्षणहरू सँगसँगै उसको समाजसेवी, शिक्षित र साधारण मानिसका निम्ति देवतातुल्य गुणहरू रहेको देखिन्छ । न्यायालयका अघि महाअपराधी साबित भए तापनि उसको चरित्रमा मानवतावादी आदर्श भावना रहेको देखिन्छ ।

प्रस्तुत उपन्यासको औपन्यासिक पात्र विधान अनुसार साँचो नटवरलाल एक विशिष्ट वैयक्तिक पात्र हो । पात्रगत भूमिकाका दृष्टिले यस उपन्यासको प्रथम खण्डको कथानकमा उसको भूमिका प्रमुख रहेको पाइन्छ । ऊ सकारात्मक स्वभावको छ । आबद्ध पात्रका रूपमा उसको चरित्र एवम् भूमिका विश्वसनीय नै छ । मूलतः उपन्यासकारले अदालतद्वारा अपराधी किटान गरी भ्यालखानामा राखिएका बन्दीहरूका आत्मिक जीवनको अर्को पाटो देखाउने जुन उद्देश्य राखेका छन्, त्यसलाई प्रतिफलित गर्ने सन्दर्भमा नटवरलालको चरित्र सार्थक देखिन्छ ।

(ग) साहबुद्दीन उर्फ गुडिया

साहबुद्दीन प्रसिद्ध नक्सलपन्थी नेता हो । उसको असल नाम महादेव मुखर्जी हो । लिङ्गका दृष्टिले ऊ **पुरुष** पात्र हो । उसलाई भारतको दण्ड विधानले एक खुनी, हत्यारा आदि मामिलामा पक्राउ गरेर कारागारमा बन्दी बनाइएको हुन्छ । देशले स्वतन्त्रता प्राप्त गरे पनि रोजगारी, खेतीपाती, अस्पताल, स्कुल अनि बाटाघाटाको विकास नभएको, गरिब अझ गरिब अनि धनी अझ धनी भएको देखेर ऊ दुःखी बन्छ । न्यायालयमा सही न्याय पाइँदैन भन्ने उसको विचार रहेको छ । यस सन्दर्भमा उपन्यासकारद्वारा गुडियालाई यसरी बोल्न लगाइएको छ :

> शोषित दाज्यू - भाइ, दिदी बहिनीहरू ! भारत स्वाधीन भएको, प्रायः दुई अडाई दशक भयो, तपाई हामीहरूले के पायौँ ? धनीहरू अझ धनी भए, गरिबहरू दुःखीहरू अझ दुःखी । स्वाधीनता एउटा नाटक थियो, बुझ्नुभयो नाटक । अङ्ग्रेज शोषकहरूबाट भारतीय शोषकहरूले अधिकार पाए । खोइ रोजगार, खोइ नोकरी, खोइ खेतीपाती, खोइ अस्पताल, स्कुल अनि बाटाघाटा ? हामी गरिब दुःखीहरूको पेटमा भोकले आगो जलिरहेछ, तर चुल्हामा आगो बल्दैन । हामीहरू पशुभन्दा अधम भएर बाँचिरहेछौँ । साँचो

स्वाधीनता त केवल बन्दुकको नलबाट प्राप्त हुन्छ । कारागृह, यहाँको अदालत, ऐन कानुन, पुलिस मजिस्ट्रेट, न्यापद्धति, भारतको संविधान सबै खस्रा कागज हुन्, ढोंग हुन् । आउनुहोस् हामीहरू सबै मिली एउटा नयाँ साम्यवादी समाज सृष्टि गरौँ जो बन्दुकको नलीबाट उब्जनेछ, जुन शोषकवर्गको अत्याचारलाई अन्त गराई शोषितहरूको नव जागरणको समाज हुनेछ । यसमा प्रत्येक पुरुष स्त्रीहरूको समान सक्रिय अंश हुनेछ । (पृ.८)

यसरी साहबुद्दीन उर्फ गुडियाले एक नक्सलवादी आन्दोलनकारीहरूका नेताको भूमिका निर्वाह गरेको पाइन्छ । देशमा समान अधिकारको निम्ति नव जागरण ल्याउन प्रयासरत ऊ वर्गीय चरित्रको बद्ध पात्र हो ।

गुडियालाई कारागारमा भेट्न हप्तामा प्रायः १० जना वकिल, ऐनजीवीहरू आउने गर्छन् । कतिपल्ट कलकत्ताबाट माननीय उच्च न्यायालयका विलक्षण अनि प्रवीण वकिलहरू पनि आएका हुन्छन् । उसका बन्धु बान्धव, युवक यवुती मुक्ति प्राप्त गरेका बन्दीहरू बारम्बार उसलाई भेट्न आउने गर्छन् । जेलभित्र उसको ‘सेल’ मा फलफूल, प्याकेटका बिस्कुटहरू, पेस्ता बदाम, किसमिस, सुगन्धी सुपारी, कलकत्ताबाट अनेकौं रंग विरंगी हलुवा मिठाईहरू ल्याइदिन्छन् । गुडियाले धुम्रपान तथा मद्यपान भने गर्दैन । उसका तिन पत्नीहरू छन्, एउटी आसनसोलमा, अर्की वर्द्धमान जिल्लामा अनि अर्की धनवाद सहरमा । उसको भौतिक शरीरलाई महत्त्व दिने विचित्रको स्वभाव तथा प्रवृत्ति रहेको देखिन्छ ।

कारागारमा अधिकांश बन्दीहरू माझ ऊ ‘हिरो’ हुन्छ । उसले आफ्नै खर्चमा बाहिरबाट मगाएका मिठाई, फलफूल इत्यादि सबैलाई वितरण गर्ने गर्छ । उसले अफिसर तथा सिपाहीहरूलाई पनि ठुला ठुला मिठाईले भरिएका प्याकेटहरू दिने गर्छ । यस दृष्टिले ऊ एक उदार, दानी चरित्रको पात्र देखिन्छ ।

गुडिया विभिन्न जेलमा विभिन्न समयमा सजाय भोग्दै आएको एउटा बन्दी हो । केस अलि अलि फुलेको, अनुहारमा उही तेज र जोश देखिए पनि समयका चक्रले अनुहार केही लालवर्णे, छरितो शरीर लुप्त भएर केही मोटो अनि भुँडी निस्केको अवस्थामा अलिपुर केन्द्रीय जेलमा गुडियालाई ल्याइएको हुन्छ । दस वर्षका अन्तरालमा पुनः चन्द्रशेखरसँग अलिपुर केन्द्रीय कारागारमा उसको भेट हुन्छ । चन्द्रशेखरले यसपाला के करातम गऱ्यौ भन्दै उसलाई प्रश्न गर्दा गुडियाले लामो सास तान्दै भन्छ- “मसित नगद रूपियाँ पैसा प्रायः शेष भएको थाहा पाएँ । धनको उपयुक्त व्यवहार नगरे, धनलाई इज्जत र मर्यादा नदिए ऊ साथ बस्दैन । मलाई त्यही भयो । विशाल परिवार, बिजिनेस, अण्डरवर्ल्डमा नाम, लेनादेना, घुसपेस र दक्षिणा । मलाई नगद रूपियाँको अत्यन्त जरूरत पऱ्यो” (पृ.१६) । यसै कारण उसले अन्य ६ व्यक्तिहरूसित मिलेर बैङ्क लुटेको हुन्छ ।

गुडियाले चातुर्य, कौशल, दक्षता अनि अदम्य साहस भएको व्यक्तिको भूमिका निर्वाह गरेको पाइन्छ । औपन्यासिक स्थितिका दृष्टिमा उसको चरित्र अस्थिर तथा गतिशील रहेको पाइन्छ । आसनसोल स्पेशियल जेलमा गुडिया बन्दी भएर सजाय भोगिरहेको समयमा जेलर, मेडिकल अफिसर, डेपुटी जेलरहरू सबै भयभीत बन्छन् कारण गुडिया एउटा भयानक डाकुहरूको सरदार

हुन्छ । उसको अपराध अनि अपराधी जगत्सित गहिरो सम्पर्क रहेको हुन्छ । ३०-३५ वर्षको युवा मझौला कद, चुस्त शरीर, गहुँगोरो, गोला आँखा अलि अलि पोक्चे गाला, लामो केश भएको ऊ सुन्दर देखिन्छ । उसका गाला र आँखाका कारणले ऊ गुडिया झैँ देखिन्छ । यसै कारण उसलाई गुडिया नाउँ दिइएको हुनुपर्छ । ऊ बंगला र हिन्दी भाषाको राम्ररी प्रयोग गर्छ । उसको जीवनको गोरेटोमा आशा, निराशा, लोभ, भय, त्रास, उत्साह उमंग, हार, जित अनि प्रेमले गहिरो प्रभाव पारेका छन् । यस कारण प्रस्तुत उपन्यासको औपन्यासिक पात्र विधानमा गुडियाले समाजमा भएका यथार्थ घटनाहरूका साथै अन्तर्विरोधी एवम् अनौठा स्वभावका व्यक्तिको प्रतिनिधित्व गर्ने गतिशील पात्रको भूमिका निर्वाह गरेको देखिन्छ ।

(घ) चारु मजुमदार

चारु नक्सलपन्थी आन्दोलनको प्रवीण नेता हुन् । उनको घर दार्जिलिङ जिल्ला अन्तर्गत सिलगढीमा छ । उनकी श्रीमतीको नाम श्रीमती लीला मजुमदार हो । साठीको दशकको अन्त्य र सत्तरीको दशकको सुरुमा राजनीतिक क्रान्ति फैलाउन सफल बनेका नेता चारु मजुमदारले आफ्ना दुई सहयोगी युवक लिएर चिन पुगी माओत्सेतुंग र लिनपियाओ जस्ता साम्यवादी नेतासँग भेट गरी केही समय त्यहीँ बिताएर दीक्षा लिई बंगाल फर्केका हुन्छन् । उनले माओको 'राज्यसत्ता केवल बन्दुकको नालबाट मात्र प्राप्त हुन्छ' भन्ने उक्तिलाई आफ्नो अनि आफ्ना दलको मूल मन्त्र बनाई राजनीतिक, सामाजिक अनि अर्थनैतिक समस्या समाधान गर्न कम्मर कसेका हुन्छन् । खास गरी भूमिहीन कृषकहरू सामन्तहरूको अधिया गर्ने र खेतमा मजदुरी गर्ने श्रमजीवी मानिसहरूको मुक्ति र उनीहरूमाथि भइरहेको सामन्ती उत्पीडनको अन्त्यका निम्ति सामन्त वर्गका विरुद्ध चारु मजुमदारका नेतृत्वमा सशस्त्र विद्रोह चलेको हुन्छ । चारुले मुख्य नेतृत्व प्रदान गरेका हुन्छन् । भूमिहीन कृषकहरूका अधिकार सरकारी अधिकारी वर्गसित वार्तालापद्वारा होइन, अदालतमा मुद्दा गरेर पनि होइन साथै बन्द आह्वान गरेर, पोस्टर लेखेर, जनसभा गरेर होइन, बरु शस्त्र प्रयोग गरी वर्गशत्रु जमिनदारहरूको अन्त्य गरेर मात्र प्राप्त गर्न सकिने विश्वास र मान्यता सहित यो आन्दोलन चलको हुन्छ । यस आन्दोलनमा सर्वप्रथम सिलगढी नजिक नक्सलबारी जोतमा सशस्त्र जङ्गीहरू आन्दोलनमा उत्रेका हुन्छन् । त्यस घटनामा एक पुलिस इन्स्पेक्टरको घटनास्थलमा मृत्यु हुन्छ । यो सशस्त्र आन्दोलन नक्सलबारीमा घटेको प्रथम सङ्घर्षको फलस्वरूप नक्सलपन्थी आन्दोलन भनी भारतभरि प्रसिद्ध हुन्छ र त्यसका नेतृत्वकर्ता चारु मजुमदार हुन्छन् ।

पश्चिम बङ्गाल सरकार र केन्द्र सरकारलाई यस आन्दोलनले प्रभाव पार्छ । यसरी सारा भारतमा सनसनी फैलाउने नक्सलपन्थी नेता चारु मजुमदार छोटो कद, पातलो शरीर, आँखामा चस्मा, गोरो वर्ण, पाँच फिट उचाइ, खोपिल्टा परेको अनुहार, दाह्री जुँगा नियमित नखौरेको, अनिदो अनुहार, तेल नलगाएको निक्खर कालो केस अनि मुखमा पनामा सिगरेट, फुस्रो पतलून, आधा बाहुलाको सेतो सर्ट, काबुली चप्पल लगाएका हेर्दा सामान्य तर विशिष्ट व्यक्तित्वका देखिन्छन् । उनी बिस्तारै र मसिनो आवाजमा बोल्छन् अनि बोल्दा उनका ठुलठुला उछिट्टिएका दाँतहरू सबै देखिन्छन् । उनको व्यवहार सरल र बोली मिठो छ । बोलीमा आत्मीयता झल्कने चारु झट्ट हेर्दा महान् व्यक्ति जस्ता देखिन्छन् ।

उनी दिनमा ३०-४० कप चिया पिउँछन् । उनी अर्ल स्ट्यान्ली गार्डनरका पेरी मेसन डिटेक्टिभ सिरिज पढ्छन् । जेलमा बन्दी भएर आउँदा उनले १०-१२ वटा पुस्तकहरू साथमा लिएर आएका हुन्छन् । उनलाई प्रथम श्रेणीको व्यवस्थामा कारागारमा बन्दी गरेर राखिएको हुन्छ । यस व्यवस्थामा खानाका लागि दिनहुँ माछा, मासु, कुखुरा वा हाँसको फुल, दही, मिठाई, मसिनो चामल, मुग, मसुर या चनाको दाल हुन्छ । यस्तै प्रकारले चिया, कफी, कोको ब्रेड, मक्खन, जाम, जेली, लुची, आलुदम, चनाको दाल वा तरकारी, सन्देश, केरा, सुन्तला आदि मध्ये कुनै एक फल हुन्छ । तर चारुले भने यी भोजनहरू मनाही गर्छन् । उनले भोजनमा केवल गिलो भात, पातलो दाल, उसिनेको आलु वा सब्जी खाने गर्छन् । उनले मासु, माछा, अन्डा, दूध, घिउ, मक्खन, तेल खाँदैन । उनी चिया चाहिँ धेरै पिउने गर्छन् । उनी निर्भीक, उत्सर्गित 'सुप्रिमो' भएर पनि सरल मृदुभाषी अनि सन्तोषी स्वभावका हुन्छन् । कारागारमा नेता चारु मजुमदारलाई मुटुको व्यथाले भेट्छ । यसै समय उसलाई कारा सुपरिन्टेन्डेन्टले मुख्य स्वास्थ्य अधिकारी, जिल्ला स्वास्थ्य अधिकारी, सदर अस्पताल, जलपाइगढीलाई तुरुन्त आउने अनुरोध गर्छन् । उनको अनुहार र व्यवहारमा कुनै दुर्बलता वा मृत्युभय देखिँदैन । उनी आँटिलो अनि मृत्युसित पनि डर नमान्ने, उत्साही, निरपेक्ष, संयमी हुन्छन् । मुटुको रोगले सिकिस्त भएका कारण पश्चिम बंगाल सरकारको आदेश अनुसार राजबन्दी चारु मजुमदारको बन्दी आदेश रद्द गरिन्छ । तर जेलबाट मुक्त गरिँदा उनको अनुहारमा हर्ष, खुसी, उत्तेजना, चाञ्चल्यको कुनै झल्को देखिँदैन । उनको सौम्य अनुहारमा कहीँ कतै शरीरभित्र नमिठो वेदना अनुभव गरिरहेको देखिन्छ ।

चन्द्रशेखर चारु बाबुको अभूतपूर्वक व्यक्तित्व, आचरण अनि जीवनधाराबाट प्रभावित बनेका देखिन्छन् । यसरी प्रस्तुत उपन्यासको तेस्रो शीर्षक अन्तर्गत रहेका अविश्वसनीय नेता चारुको औपन्यासिक भूमिका महत्त्वपूर्ण रहेको छ । उनी समाजका विसङ्गतिहरूलाई हटाएर समानता तथा सामाजिक परिवर्तन ल्याउन सक्षम बनेका अनुकूल पात्र हुन् । चारित्रिक विकासका दृष्टिले उनले वर्गीय पात्रको भूमिका निर्वाह गरेका छन् । उनी उत्पीडित किसान तथा सर्वहारा वर्गका प्रतिनिधि एवम् नायक पात्र हुन् र यो भूमिका उनले सक्रियतापूर्वक निर्वाह गरेका छन् । प्रस्तुत उपन्यासमा नेता चारुको कार्यकौशल, उनको व्यक्तित्व उदात्त पनि छ र अविश्वसनीय पनि छ तथापि उनको चरित्रले भारतीय सामाजिक-राजनीतिक इतिहासको एउटा कालखण्डको महत्त्वपूर्ण परिघटना र त्यसको नायकत्वलाई सङ्क्षेपमै भए पनि सजीव ढङ्गले प्रारूपीकरण गरेको छ ।

(ङ) प्रमोद बाबु

प्रमोद दास गुप्त उपन्यासमा प्रमोद बाबु नामले परिचित छन् । उनी कम्युनिस्ट पार्टीका एक प्रवीण नेता हुन् । उनी उक्त पार्टीका आन्दोलनमा संलग्न थुप्रै सदस्यहरूका साथ कारागारमा बन्दी भएका हुन्छन् । पश्चिम बंगालमा कङ्ग्रेस नेतृत्वको सरकारको मुख्यमन्त्री प्रफुल्ल सेन हुन्छन् । पश्चिम बंगालमा विप्लव, आन्दोलन, हडताल, पथ अवरोध तथा राजनीतिको सर्वव्यापक विरोध भइरहेको हुन्छ । यो साठी दशकका प्रथम ३-४ वर्षको घटना हो । यतिबेला काङ्ग्रेस पार्टीको सरकारले पश्चिम बंगाल विधानसभामा नजरबन्द कानुन ल्याएको हुन्छ । यस कानुन

अनुसार अदालतमा पेस नगरी मुद्दा नचलाई कुनै पनि व्यक्तिलाई बन्द गर्ने अधिकार सरकारको हुन्छ । यस कानुनलाई वामपन्थीहरूले 'कालो कानुन' नाम दिएका हुन्छन् । उक्त दलको नेतृत्व राजनीतिज्ञ ज्योति बसुले गरेका हुन्छन् । उनको नेतृत्वमा कलकत्ता महानगर तथा विभिन्न जिल्लाहरूमा आन्दोलन, हडताल, चक्काजाम तथा सरकार विरूद्ध जुलुस र ऐन अमान्यको आन्दोलन तीव्र रूपले चलिरहेको हुन्छ । यस आन्दोलनलाई रोक्न कङ्ग्रेस सरकारले वाम दलका ५० जना वरिष्ठ नेता, सक्रिय कार्यकर्ता, विधायकहरूलाई गिरफ्तार गरेर जेलमा बन्दी बनाइएको हुन्छ । ती नेताहरूमा मजहफर अहमद, विनय कृष्ण चौधरी, ज्योति बसु, सरोज मुखर्जी, अमृततेन्दु मुखर्जी, विनय कोनार, प्रशान्त, सुर, मनोरञ्जन मुखर्जी, हेमन्त बोस, यतीन चक्रवर्ती, भक्तिभूषण मण्डल, ननी भट्टाचार्य, नेपाली प्रजातिका रतनलाल ब्राह्मण, भद्रबहादुर हमाल, आनन्द प्रसाद, पाठक, सांगदोपाल लेप्चा, रामाशंकर प्रसाद आदि हुन्छन् । यिनीहरूमध्ये अति आकर्षक, प्रतिभाशाली अनि गतिशील बन्दी नेता तथा वाम फ्रन्टका अध्यक्ष प्रमोददास गुप्त पनि बन्दी भएका हुन्छन् ।

प्रमोददास गुप्त लालवर्णका, चञ्चल स्वभाव, मझौला कद, खुइलिएको तालु, लुंगी र गञ्जी लगाउने करिब ५० वर्षका हुन्छन् । उनी कम्युनिस्ट पार्टीका प्रवीण नेता अनि वाम फ्रन्ट कमिटीका अध्यक्ष हुन्छन् । उनले नै पार्टीको अन्तिम निर्णय गर्न सक्छन् । उनी फर्स्याइला, अहङ्कारहीन उदार व्यक्तित्वका छन् । उनले कारागारमा बन्दी भएका राजबन्दीहरूका समस्याहरूको समाधान गर्छन् । उनी रिसाएको कहिल्यै देखिँदैन । उनी कम्युनिस्ट पार्टीका प्रतिनिधि भएर कारागारमा भएका राजबन्दीहरूका समस्याहरूको समाधान गर्न प्रशासन र बन्दीहरूका बिच साँघु बनेका हुन्छन् । उनी दिनरात परिश्रम गर्छन्, दौडादौड गर्छन् । उनलाई कहिल्यै पनि शरीर खराब भएको वा समस्याले आक्रान्त भएको देखिँदैन । उनी सधैँ हँसिला सधैँ रसिला देखिन्छन् । यस्तैमा पश्चिम बङ्गाल सरकारको गृहसचिव, आई.जी. पुलिस कमिस्नर, केही गुप्तचर विभागका उच्च पदाधिकारीहरू माझ बैठक बसेर यी राजबन्दीहरूलाई मुक्त गर्ने निर्णय लिइएको हुन्छ । फलस्वरूप यी राजबन्दीहरू मुक्त भएर जान्छन् । उनीहरू मध्ये अन्तिम बन्दी सदाबहार हँसिला, स्वयं ओझल परी चारैतिर ज्योति फिँजाउने व्यक्तित्व श्री प्रमोददास गुप्त हुन्छन् ।

राजबनदीका रूपमा प्रमोददास गुप्तको चरित्र सकारात्मक र उदात्त प्रकारको रहेको छ । उनकै सक्रियता र मध्यस्थताले राजबन्दीहरूले रिहाइ पाएबाट उनको नेतृत्व र कार्यशैलीको सामर्थ्य प्रकट भएको छ । वैचारिक दृष्टिले क्रान्तिकारी चेतनाका संवाहक गुप्त वर्गीय पात्र हुन् भने उपस्थितिका दृष्टिले मञ्चीय पात्र हुन् । उनीसँग सम्बद्ध यस कथाखण्डका उनी शीर्ष पात्र हुन् र उनका माध्यमबाट राजबन्दी वामपन्थीहरूको चरित्र उद्घाटित भएको छ । यस दृष्टिले प्रमोद यस उपन्यासको कथानक निर्माणमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने पात्र हुन् र उनको चारित्रिक निर्माण स्वाभाविक एवम् विश्वसनीय रहेको छ ।

(च) रत्नमाया स्यांगदेन

रत्नमाया स्यांगदेन डुवर्स निवासी एक शिक्षित, शान्त, कोमल, मृदुभाषी, अनि लज्जावती कैदी पात्र हुन् । उनले बहरमपुर केन्द्रीय कारागारमा आजन्म कैदको सजाय भोगिरहेकी हुन्छिन् । उक्त जेलमा एउटा ठुलो महिला जेल विभाग छ । यसमा अस्पताल, विद्यालय, सतरञ्ज र दरी बुन्ने शिल्प, बेत र बाँसका फर्निचर बनाउने शिल्प, ताँत शिल्प, काठको फर्निचर कारखाना, पुस्तकालय, सङ्गीतालय इत्यादि हुन्छ । यहाँ पुरुष र महिलालाई अलग्गै राख्ने व्यवस्था रहेको छ । चन्द्रशेखरले उक्त जेलको अध्यक्षको दायित्व लिएका हुन्छन् । यस क्षण चन्द्रशेखरले महिला जेलको भ्रमण गर्छन् । महिला जेलमा विद्यालय, सिलाइ बुनाइ केन्द्र अनि क्रान्तिकारी, मानसिक रोगी आदि विभिन्न बन्दीहरूका दुःखकष्ट, अनुरोध, अभियोग, रोग बिमारी इत्यादिका कुराहरू सोध्दै जाँदा सुन्दै जाँदा उनी जन्मकैदको सजाय भोग्ने बन्दीहरूको कोठामा पुग्छन् । त्यहाँ महिला बन्दीहरूको सङ्ख्या करिब ३०० हुन्छ । तीमध्ये एउटी मझौलो कद, लामो केस, गोरो अनुहार, साना साना आँखा तर अत्यन्त आकर्षक, पातलो शरीरको लगभग ३०-३२ वर्षकी सुन्दरी युवती भेट्छन् । उसको नाम रत्नमाया स्यांगदेन हुन्छ ।

रत्नमाया स्यांगदेन डुवर्सको वीरपाडाका मन्शीकी एक्ली छोरी हुन्छे । ऊ नेपाली प्रजातिको शान्त र सुखी परिवारकी हुन्छे । त्यसैले ऊ सभ्य र शिष्ट देखिन्छे । उसले प्राथमिक शिक्षा शेष गरेर उच्च विद्यालयमा पढ्दै गर्दा उसकी आमाको अचानक देहान्त भएको हुनाले उसले आफ्नो विद्यालय शिक्षाबाट वञ्चित रहन परेको हुन्छ । आमाको मृत्युपछि बाबुले रक्सी पिउन थाल्छन् । कालिम्पोङ निवासी नरेन्द्र तामाङसित उसको बिहे गरिदिन्छन् । रत्नमायाका पिता अस्वस्थ भएको कारण पितालाई हेरचाह गर्न वीरपाडामा रत्नमायालाई बस्ने अनुमति हुन्छ । विवाहको एक हप्तापछि नरेन्द्र फौजको कर्तव्य सम्हाल्न पल्टन जान्छ ।

केही महिनापछि रत्नमायाले सीमामा शत्रुको गोलीको शिकार भई नरेन्द्र सहिद भएको खबर पाउँछे । त्यसको केही दिनमा पिताको पनि मृत्यु हुन्छ । त्यसैले रत्नमाया एक टुहुरी साथै विधवा बनेकी हुन्छे । ससुरालीबाट नरेन्द्रको मृत्यु भएपछि उसलाई ससुरालीबाट बोलाउँदैनन् । यसैले उसलाई पनि ससुराली जाने इच्छा हुँदैन । घरमा काम धन्दा सघाउने रणमान दाइ र चन्द्रे हुन्छन् । मातापिताका रुपिया र गरगहनाका भरमा ऊ गाउँका छरछिमेकको सल्लाह अनुसार एउटा सानो दोकान खोलेर बसेकी हुन्छे । केही महिनापछि उसको पतिको फौजमा कर्तव्यरत छँदा शहीद भएका कारण सरकारबाट उसका नाउँमा सरकारी रासन दोकान (एम.आर. सप) स्वीकृत गरिएको जलपाइगढी जिल्ला मजिस्ट्रेट अफिसबाट सूचना आउँछ ।

कमान बस्तीका प्रायः सबै मानिसहरू उसको दोकानमा किनमेल गर्न आउँछन् । बेलाबखतमा वीरपाडाकै वासिन्दा विजयबहादुर पनि आउने गर्छ । विजयले रत्नमायाको उक्त रासन दोकानको कागजपत्र कार्यालयतिर लाने काम गर्न सहयोग गर्छ । यस्तै प्रकारले विजयले विभिन्न कार्यमा सहयोग गर्न थाल्छ । यसरी रत्नमायाको मन जितेर ऊ विश्वासी बनी घर परिवारको सदस्य समान बन्न पुग्छ । एक दिन विजयले रत्नमायालाई भन्छ, “आज मेरो मन भारी छ बहिनी ! मेरी पत्नीले मलाई धोका दिएर भागेको एक वर्ष पुरा भयो । दुई छोरा र एक छोरीको

मुख हेरी मैले यो जीवन थामेको छु । मेरो सहारा कोही पनि छैन" (पृ.५५) । यसरी नै अर्को एक दिन वसन्तले बिन्ती पोख्दै भन्छ, "बहिनी मेरी स्वास्नीले भएभएरको गरगहना र रूपियाँ पैसा सोहोरेर अर्कोसित भागी । यसले गर्दा मलाई गाउँघरमा ऋणले ठुलो शर्म लागिरहेको छ । यसकारण तपाईंले मलाई आज पाँच हजार रूपियाँ ऋण दिनुहोस् म छिट्टै फर्काउनेछु" (पृ.५५) । अर्कोचोटि त्यसले आफ्नो घर मर्मत गर्नको निम्ति रत्नमायालाई दस हजार माग्छ । उसले आफ्नो सुनको चुरा दिन्छे । विजयले उक्त सुनको चुरा दुई हातमा थाप्दै "मैले पो केही दिने बेलामा बहिनीलाई यस्तो कष्ट दिएँ, तर म तपाईंकै सेवक हुँ" भन्दै चुरा पोको पारेर हिँड्छ (पृ.५६) । यसरी विजयले चुरा लगेर गएको एक साता हराउँछ । साँच्चै उसले घर मर्मत गर्दै होला भन्ने रत्नमायाले ठानेकी हुन्छे । यस्तैमा विजय पुनः टुप्लुक्क आउँछ । अनि घर मर्मतमा पैसा नपुगेर अभर परेको कुरा सुनाउँदै अझ २० हजार रूपियाँ माग्छ । रत्नमायाले १० हजार भोलि दिने वाचा गर्दा फर्केर जान्छ । त्यसपछि पुरानो ग्राहक मनबहादुर राई सामान किन्न आउँछ । उसले रत्नमायालाई विजयको खराब चरित्रका बारेमा बताउँछ । यसरी मनबहादुरको कुरा सुनी रत्नमाया छाँगोबाट खसे झैं हुन्छे । मध्य रातमा अचानक विजय आउँछ । त्यसबेला ऊ मातेको हुन्छ । एक्ली नारी त्यसमा पनि विधवा रत्नमायाले गाउँमा आजीवन बदनाम र कलङ्कको छाप लाग्ने भयले त्यसलाई गाली गर्न, हप्काउन असमर्थ रहन्छे । यसको फाइदा लिएर विजयले मध्यरातमा घरमा आई उसलाई भन्छ, "तिमी यति राम्री, सुन्दरी, तरूणी, किन यौवन फाल्छौ ? तिम्रो रूप, यौवन र धन अनि मेरो बुद्धि र चातुरी अनि बलको सम्मिश्रणले नयाँ सुन्दर, सुखी जीवन बनाऊँ, तिमी अब ढिलो नगर है" (पृ.५९) । उसले रत्नमायालाई हात लगाउन खोज्छ । रत्नमायाले पतिव्रता धर्म नष्ट नगरी मिठो मुखले उसलाई ओछ्यानमा बस्न दिँदै लुगा फेरेर आउने बाहना गरी सोझै भान्साघरमा पस्छे र मासु किम्मा गर्ने फलामको बमफोरकले विजयको टाउकोमा हानेर मार्छे । यसै घटनाका कारण अलिपुरद्वार सबजेल हाजतमा रत्नमायालाई चौध दिन थुनेपछि जलपाइगढी जिल्ला जेलमा बन्दी बनाइएको हुन्छ । लगभग तेह्र महिना निम्न अदालतदेखि सेसन्स अदालतमा केश चलेर उसलाई डिस्ट्रिक्ट सेसन्स अदालतद्वारा आजन्म जेलको सजाय सुनाइएको हुन्छ । बहरमपुर केन्द्रीय जेलमा स्थानान्तरित भई उसले छ वर्ष सजाय काटिसकेकी हुन्छे । यसरी रत्नमायाले आफ्नो इज्जत र मर्यादा पालन गर्दै घर अनि समाजको व्यवहार चलाउन सक्षम एक पतिव्रता नारीको प्रतिनिधित्व गरेकी हुन्छे । आफूमाथि कामवासनाको उद्देश्य लिएर आएको पुरुषलाई बुद्धिमत्तापूर्वक हत्या गर्न सफल बनेकी ऊ एउटी साहसी नारी हो । ऊ स्वभावका हिसाबले गतिशील पात्र हो ।

प्रस्तुत उपन्यासमा रत्नमाया स्यांगदेन अनुकूल पात्र हो । ऊ समाजको सजीव चित्र प्रस्तुत गर्न सफल रहेकी एक नेपाली प्रजातिकी बघिनी समान नारी प्रतिनिधि पात्र हो । ऊ वर्गीय, मञ्चीय तथा बद्ध पात्र हो । औपन्यासिक भूमिकाका दृष्टिले जेलका बन्दीहरूको चारित्रिक विविधता र विविध मानवीय स्वभाव देखाउने उपन्यासकारको उद्देश्य पुरा गर्न उसको चरित्रले पनि महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ ।

(छ) नारिता

नारिता एक जापानी नाविक हो । उसले पश्चिम बंगालको अलिपुर सेन्ट्रल जेलमा कैदी बनेर सजाय भोगिरहेको हुन्छ । उसको उमेर ३० वर्षको हुन्छ । साथै मझौला कद, केश मुडुलाएको, छरितो शरीर तर अनुहार निस्तेज देखिन्छ । उसलाई ज्यानमारा अपराधमा दश वर्ष सश्रम कैदको सजाय दिइएको हुन्छ ।

नारिताले जेलमा बंगालको वर्णमाला पढ्ने गर्छ तथा क, ख र साउँ अक्षरहरू पनि सक्ने भएको हुन्छ । उसले जापानी मर्चेन्ट नेभीको नाविक भएर काम गरेको आठ वर्ष भएको हुन्छ । उसलाई राम्रो तलब, सुविधा, सहुलियत प्राप्त हुन्छ । एक वर्षमा २ महिना तलबसहित छुट्टी पाउने गर्छ । ऊ विवाहित हुन्छ, उसको एक वर्षकी छारी हुन्छे । उसको जीवन साह्रै सुखले बितिरहेको हुन्छ । तर गत वर्ष मर्चेन्ट जहाज टोकियो बन्दरगाहबाट अनेकौं मालताल लिएर कलकत्ता बन्दरगाहतर्फ प्रस्थान हुन्छ । त्यस जहाजमा १४ जना नाविकहरू हुन्छन् । कप्तान, इञ्जिनियर, रेडियो अफिसर, मेकानिक, फिटर तथा अरू कर्मचारीहरू सबै मिलाएर करिब ५० जना हुन्छन् । जहाजमा सबैजना आआफ्ना कर्ममा व्यस्त हुन्छन् । उनीहरू बेला बेलामा पुस्तकालय वा टेबल टेनिस खेल्न जाने गर्छन् । जहाज भने अविराम गतिमा चलिरहेका हुन्छन् । उनीहरूका कर्म विराम (ड्युटी ब्रेक) भएको समयमा समय कटनी गर्न तास खेल्दै गर्दा अर्का नाविक इचिरोले मातेर आई निहुँ खोज्छ । यस्तो व्यवहार गर्दा पनि नारिताले मुख नछाड, गेम भनेको गेम हो, फेरि खेल, हारेर लाज नमान भन्छ । त्यसपछि इचिरो र नारिताको झगडा र हानाहान हुन्छ । सहनै नसक्ने गरी गाली गरेर भाग्दै गरेका हुनाले नारिताले इचिरोलाई छुरी प्रहार गर्छ र त्यसैका कारण उसको मृत्यु हुन्छ । यसै घटनाले नारितालाई १० वर्ष सश्रम सजाय दिइएको हुन्छ ।

नारिता मृदुभाषी, विश्वासी र इमानदार व्यक्तित्वको देखिन्छ । ऊ आफूलाई गरेको अपमान भन्दा पनि धेरै आफ्नो निर्दोष पत्नीको अवहेलना सहन नसकेर आवेगमा आई हत्यारा बनेको हुन्छ । यस घटनाले गर्दा ऊ अलिपुर सेन्ट्रल जेलमा कैदी बन्नु परेको हुन्छ । नारिता जापानी भए पनि भारतीय संस्कृतिमा चुर्लुम्म डुब्न चाहन्छ । यति मात्र होइन जेलमा आयोजन गरिएका विभिन्न उत्सवहरूमा उसले भारतीय संस्कृतिका पोषाक लगाएर पूजा पाठ इत्यादि गर्ने गर्छ । उसले बंगला भाषाका लिपिको अध्ययन गरी भारतीय कवि लेखक आदिका रचनाहरू अध्ययन पनि गर्छ ।

नारिता अपराधी भए पनि उसको अनुशासन र विश्वास साथै जेल अफिसर र पुलिसलाई दुःख दिनको साटो उनीहरूसित घनिष्ट सम्बन्ध स्थापित गरेका हुन्छन् । आफ्नै साथीको हत्या गरेर भारतीय कानुन अनुसार दस वर्ष कैदको सजायमा नियम र अनुशासन पालनाका कारण उसले चार वर्षको सजाय माफी पाएको हुन्छ । बाँकी कैदको सजाय पुरा गरेर ऊ आफ्नो देश जापान जान्छ । जापानमा पुग्ने बित्तिकै जापानी पुलिसले गोली हानेर उसको हत्या गरिदिएको हुन्छ । यो सूचना चन्द्रशेखरलाई जापानी सि मेन्स एसोसिएसनबाट प्राप्त हुन्छ । यसरी नारिताको जीवन अन्त भएको हुन्छ ।

जापानी कानुन अनुसार नारिताले मृत्युदण्ड पाएको घटना नेपथ्यमा छ र मञ्चीय रूपमा जति उसको उपस्थिति छ, त्यसबाट ऊ परिबन्दले हत्यारा बन्नु परे पनि साहित्य संस्कृतिप्रेमी ऊ असल मानिस हो भन्ने कुरा स्पष्ट भएको छ । परिबन्दले मानिस दुर्नियति भोग्न बाध्य भए पनि उसका अन्तर्यमा भिन्न स्वभाव क्रियाशील रहन्छ भन्ने कुरा देखाउन नारिताको चरित्रले महत्त्वपूर्ण कार्य गरेको छ ।

(ज) एडेल केनी

एडेल केनी एक बन्दी महिला पात्र हो । उसको केस कैलो, आँखा कुइरो, अनुहारको रंग गुलाबी, शरीर अग्लो, दाँत अत्यन्त मिलेको, छाँटिएको कम्मर तथा शरीरको गठन हेर्दा मोडल जस्तो देखिन्छ । उसको उमेर लगभग ३५ वर्षको छ । ऊ कुनै नामी चित्रकारले तयार गरेका चित्रभन्दा सुन्दरी देखिन्छे । उसको अङ्ग्रेजी उच्चारण स्पष्ट र मिठो सुनिन्छ । एङ्ग्लो इन्डियन प्रजातिकी ऊ इसाई धर्म मान्छे । उसका पिता एउटा मदको बारमा काम गर्छन् । सानैदेखि उसलाई नृत्यतर्फ रुचि जान्छ र उसले राम्रोसँग नृत्य गर्न जानेकी छ । उनीहरूका समाजमा फ्री मिक्सिंग अर्थात् केटाहरूसित घुम्न, खान, नाच्न कुनै प्रकारको सामाजिक रोकटोक हुँदैन । महिना मरेर तलब पाएको १०-१५ दिनसम्म उसका घरमा भोजन, नृत्य र गीत चलिरहन्छ । ऊ प्रायः आफ्नै सम्प्रदायका ठिटाहरूसित नाचगान पार्टीमा सामेल हुने गर्छे । यस्तैमा उसको पिताको धर्मतला स्ट्रीटमा डबल डेकर बसगाडीले धक्का दिँदा मृत्यु हुन्छ । पिताको मृत्युपछि केनीले विद्यालयको अध्ययन छाड्न परेको हुन्छ । उसको भाइ पनि रेसकोर्समा जकिङको तालिम लिन सिनियर जकीको घरमा बस्न लाग्छ । उसकी आमा परपुरुषसित रेस्टुरेन्ट जाने अनि मद्यपान गरेर आउन थाल्छे । यसरी नै केनी पनि उसको केटा साथी लरेन्ससित पार्क स्ट्रिटको रेस्टुरेन्ट जान थाल्छे । यसरी केटा साथीको चक्करमा ऊ अचानक आमा बन्न पुग्छे । उसले छोरीलाई जन्म दिन्छे । छोरी जन्मेका समयमा लरेन्स कलकत्तामा हुँदैन । लरेन्स बेपत्ता हुन्छ । नर्तकीको काम गर्दा होटलको मेनेजर मिस्टर गोनसालभे गुज्रालले उसमाथि शारीरिक शोषण गर्छ । आफ्नो प्रेमीको धोकाको बदलामा उसले केनीले गुज्राललाई मार्ने सङ्कल्प गर्छे । पुरुषको झुटो प्रेम र प्रतिज्ञामा विश्वास गर्न छाडेकी उसले कुनै पुरुषको लोलोपोतोमा नलाग्ने प्रण गरेकी हुन्छे । बदलाको मानसिकतामा रहेकी केनीले गोनसालभेको हत्या गर्छे । उसले गोनसालभेको हत्या कसरी गरी भन्ने सन्दर्भमा उसले आफैसँग यसो भनेकी छ, “लरेन्सको बदला मैले कसलाई लिने ? गोनसालभे अर्को लरेन्सको रूप लिएर आएको थियो । मैले नो, गोनसालभे नो, एक्सकिउज मि भनी जुरूक्क उठी उसलाई ओछ्यानबाट भुइँमा पछारेँ । उ मातेको थियो । ढोका खोलेर उसलाई खुट्टाबाट तान्दै, घिस्याउँदै मैले सिँढीबाट तल झारेँ” (पृ.८३) । यसरी केनीले गोनसालभेलाई भऱ्याङबाट घचेटिदिँदा गोनसालभेको मृत्यु भएको हुन्छ । यही अपराध गरेका कारण भारतीय दण्ड विधानले केनीलाई १० वर्षको कारागारको सजाय दिएको हुन्छ ।

वास्तवमा केनी एक शिक्षित सुन्दरी नारी हो । उसले बाबुविनाको सन्तानको उचित हेरचाह गर्ने उद्देश्य लिएर नृत्याङ्गनाको भूमिका गरेकी हुन्छे । एक्ली कुमारी आमाको कर्तव्य पालन गर्दा पुनः शारीरिक भोग गर्न खोज्ने लरेन्स जस्तै गोनसालभेको हत्या उसले गरेकी हुन्छे । उसले

विश्वास गरेको लरेन्सले विश्वासघात गरिदिएको घटनाले नै यसरी प्रतिशोध ऊ लिन बाध्य बनेकी हुन्छे । बाध्यता र परिबन्दले हत्या गर्नु परे पनि केनी मानवताको परिचय दिने पात्र हो । उसले दस वर्षको सजाय भोग्नु परे पनि जेलको अस्पतालमा मानसिक रोगीहरूको सेवा सुश्रुषा गरेर जेलबाट प्रमाण पत्र प्राप्त गरेकी हुन्छे । यसरी सेवा पुऱ्याएका कारण सरकारबाट नर्सिङ्ग ट्रेनिङको प्रमाण पत्र प्राप्त गरी ऊ आत्मनिर्भर बन्न पुगेकी हुन्छे । उसलाई सरकारले कैदको अवधि पुरा गरेर रोगीहरूलाई प्रशिक्षण र तालिम प्रदान गर्ने प्रतिष्ठान 'परिपूर्णता हाफवे होम' मा मासिक ५ हजार तलबमा हाउस मदरको दायित्व दिएर नियुक्त गरेको हुन्छ । यसरी केनी एक टुहुरी र एक्ली नारी भएर पनि आफ्नो कर्तव्य पुरा गर्ने कर्मठ पात्रका रूपमा यस उपन्यासमा देखा परेकी छे । एउटी आमामा हुनु पर्ने वर्गगत गुण लिएर देखा परेकी एडेल केनी औपन्यासिक जीवन चेतनाका दृष्टिले वर्गीय, र आसन्नताका दृष्टिले मञ्चीय र आबद्धताका दृष्टिले बद्ध पात्र हो । औपन्यासिक कथामा सकारात्मक भूमिका निर्वाह गरेका कारण केनी प्रवृत्तिका दृष्टिले अनुकूल नारी पात्र हो । उसका माध्यमबाट पुरुषप्रधान समाजमा नारीहरू अझ एकल नारीहरूले भोग्नु परेका समस्याको उद्घाटन गरिएको छ । यसले उपन्यासलाई समाज सापेक्ष, सामाजिक समस्या सापेक्ष र संवेद्य पनि बनाएको छ ।

(झ) सुदीपा

सुदीपा कुलीन र धनी परिवारकी एक्ली छोरी हो । उसको घर कलकत्ताको दमदम पार्क, बंकिमचन्द्र रोडमा हुन्छ । उसका हजुरबा अर्डिनान्स फ्याक्ट्री दमदमबाट मेकानिकल इन्जिनियर भएर अवकाश प्राप्त गरेका हुन्छन् । पिता अलाहवाद बैङ्कको मुख्य शाखा कलकत्तामा प्रबन्धक हुन्छन् । माता दर्शनशास्त्रमा एम.ए. (प्रथम श्रेणी) पास गरी पाँच वर्षदेखि लेडी ब्राबाउन कलेजमा प्रोफेसरको काम गरिरहेकी हुन्छिन् । उसलाई मातापिताले घरमा 'खुकु' (सानी नानी) भनेर बोलाउँछन् । उसको परिवारमा मातापिता, बाजेबोजू अनि सुदीपा हुन्छन् । उसले माध्यमिक र उच्च माध्यमिक प्रथम दर्जामा उत्तीर्ण भई पुरस्कार र सम्मान पाएकी हुन्छे । रासायनिक विज्ञानमा अत्यन्त चाख भएका हुनाले प्रेसिडेन्सी कलेज, कलकत्तामा बी.एस्सी. अनर्स अध्ययन गरिरहेकी हुन्छे । उसका साथीहरू मीनाक्षी, सुनीता र रेहाना हुन्छन् । लजालु स्वभाव भएका कारण केटाहरूसँग उसको सम्पर्क भएको हुँदैन् । कलेजमा सबैले उसलाई रसायन विज्ञानमा शोधकार्य गरी ठुलो वैज्ञानिक हुन्छे भन्ने गर्छन् ।

रसायन विज्ञानका कतिपय विषयहरूको शिक्षण केवल कक्षा कोठामा नभएर शोध कार्यशालामा हुने गर्छ । यी शोध कार्यशालामा रणधीर नामक युवकले उसलाई सहयोग गर्छ । उसले सुदीपाको मन जितेको हुन्छ । उनीहरूको सधैं प्रयोगशालामा भेट हुन्छ । रणधीरसित सुदीपाको सम्बन्ध बढदै जाँदा वृद्ध उमेर, खपटे अनि दुबे रोगले विकृत अनुहार, पहेँला नमिलेका दाँत अनि साधारण तर मैलो धोती र कुर्ताको पहिरनमा देखिने रणधीर उसलाई सुन्दर लाग्न थाल्छ । रणधीरले पनि सुदीपालाई विभिन्न कुरा गरेर एकोहोरो बनाइरहेको हुन्छ । विभिन्न प्रयोगशालामा गई रणधीरले उसलाई विनाशक वस्तुको परीक्षण गराउँछ । परीक्षण गराउँदै उसले सुदीपालाई प्रभावित बनाएको हुन्छ । त्यसैले सुदीपा उसका सबै भनाइमा सहमत हुने गर्छे ।

फलस्वरूप एक दिन रणधीरले रसदानामा औषधी मिलाएर मातापिता, बाजेबोजूलाई खुवाउने सल्लाह दिन्छ । यस परीक्षण अनुसार कलेजबाट घर फर्किएर आफू कलेजको परीक्षामा सफल भएको खुसी र आनन्द प्रकट गर्दै उक्त विषालु पदार्थ रसदानामा मिलाएर सबैलाई खुवाउँछे । यस्तो विषाक्त औषधीले उसका मातापिता, बाजेबोजूको तत्कालै मृत्यु हुन्छ । आफूले गरेको अपराध लुकाउने चेष्टा गरेका भए पनि त्यो लुक्न सक्दैन । फलस्वरूप उसले प्रेसिडेन्सी जेलका मानसिक रोगीहरू राख्ने विभागमा बन्दी बनेर बस्नु परेको हुन्छ । उपन्यासकारले उसलाई सुन्दर आकर्षक युवतीका रूपमा चित्रण गरेका छन् । यस्ती सुन्दरी युवतीले पनि आफ्ना परिवारका सम्पूर्ण सदस्यको हत्या गरेर हत्यारिनी बन्न पुगेकी हुन्छ ।

उक्त घटनाले सुदीपाको मनोवैज्ञानिक तथा मानसिक सन्तुलन विकृत बनेको देखिन्छ । सहजै विश्वास गरिहाल्ने सरल स्वभावको फाइदा उठाएर सुदीपालाई उसकै परिवार जनको हत्या गर्न उक्साउने व्यक्ति रणधीर समाजको कुपात्र हो अनि उसको निर्देशन पालना गरी आफ्नो परिवारको हत्या गर्नुमा सुदीपाको वैज्ञानिक औषधीको परीक्षण गर्ने तथा परिवारको बन्धनबाट मुक्त रहने चाहना पनि सामान्य नभई असामान्य मानसिकताकै द्योतक हो । सुदीपा एक सुन्दरी, शिक्षित र हत्यारिणी कुपात्र हो उसले यस उपन्यासमा व्यक्तिगत पात्र तथा प्रतिकूल पात्रको भूमिका निर्वाह गरेकी छे । आबद्धताका दृष्टिले ऊ बद्ध पात्र हो । आफ्नो कथामा मुख्य पात्रको भूमिका निर्वाह गरेकी सुदीपा स्वभावका दृष्टिले नकारात्मक पात्रका रूपमा देखिएकी छे ।

(ञ) प्रकाश

प्रकाश बहरमपुरको हातपाडा गाउँमा जन्मिएको हो । खेताला काम गर्ने उसका बाबुको मृत्यु भइसकेको छ । जग्गा जमिन नभएका उनीहरू अरूको जमिनमा खेतीपाती गरी जीविका चलाउने गर्छन् । उसकी आमाले पाँच वर्षको प्रकाशलाई लिएर बहरमपुर स्टेशनबाट रेलमा चढेर आफ्नो माइत घर बेलडांगा जाँदा स्टेसनको भीडभाडमा बालक प्रकाश हराउँछ । त्यही बालक प्रकाशलाई खरदह स्टेसनमा पुलिसले फेला पारेर ब्यारेकपुर कोर्टमा हाजिर गराएका हुन्छन् । सुरक्षाका निम्ति उसलाई दमदम केन्द्रीय जेलमा राखिएको हुन्छ । उक्त जेलमा चन्द्रशेखरले प्रकाशको पालन पोषण, शिक्षा, स्वास्थ्य, खेलकुद, नृत्य सङ्गीतको उचित तालिम दिलाउन साथै जेलको वातावरणदेखि अलग्गै २४ परगनास्थित किशोरी संशोधनी जेलमा स्थानान्तर गराएका हुन्छन् । कारागारमा उसको उचित लालनपालन हुन सकेको हुन्छ ।

बालक प्रकाश अत्यन्त निपुण तथा ज्ञानी हुन्छ । ऊ पढ्नमा मात्र नभएर कविता रचना गर्न, गीत गाउन, नाटक खेल्न खप्पिस हुन्छ । समाचारपत्रहरूमा खरदह स्टेसनमा प्रकाश भेटिएको र उसको कोही अभिभावक फेला नपरेको हुँदा बारासत जेलमा राखिएको र ऊ पढाइमा तीक्ष्ण रहेको सूचना प्रकाशित भएको हुन्छ । यो खबर सुनेर उसकी आमा प्रकाशलाई भेट्न आउँछिन् । उनले आर्थिक अवस्था कमजोर भएका कारण खेताला काम गरेर दुई छोरीहरूको लालनपालन गर्न कठिन परेको कुरा चन्द्रशेखरलाई सुनाउँछिन् । त्यसपछि छोरो प्रकाशलाई सुमसुम्याउँदै उनले भन्छिन्, "गाउँ घरमा दुःख छ । मेरो घरमा दुईपल्ट राम्रो अन्न हुँदैन । यहाँ यति राम्रो स्वास्थ्य छ, भरण पोषण राम्रो, शिक्षा राम्रो । यो मान्छे बन्नेछ, यहीँ यसको जीवन बन्नेछ घरमा केही छैन ।

मलाई कहिले कहिले प्रकाशसित भेट गर्ने, बातचित गर्ने सुयोग दिनुहोला" (पृ.११६) । यसरी प्रकाशलाई जेलमै राख्ने निर्णय उसकी आमाले लिएकी हुन्छे ।

प्रकाशले बारासत उच्च माध्यमिक विद्यालयबाट उच्च माध्यमिक तहको परीक्षामा चार विषयमा सर्वोच्च अङ्क प्राप्त गर्न सक्षम बन्छ । यस्तो मेधावी छात्र प्रकाशलाई जेलका उच्च पदाधिकारी वर्गले उच्च शिक्षा दिने निर्णय लिन्छन् । फलस्वरूप प्रकाशको सिभिल इन्जिनियरिङ पढ्ने इच्छा अनुरूप दुर्गापुर रिजिनल इन्जिनियरिङ कलेजमा भर्ना गरिदिएका हुन्छन् । उसका अभिभावक बनेर चन्द्रशेखरले कलेजमा सहीछाप गरिदिन्छन् । एक वर्षपछि प्रकाशले उक्त कलेजबाट दोस्रो वर्षको निम्ति ५० हजार रूपियाँ जम्मा गर्नु पर्ने पत्र प्राप्त गर्छ । चन्द्रशेखरले वर्द्धमानस्थित स्टेट बैङ्कबाट ऋण स्वरूप उक्त रकम झिकिदिन्छन् । सरकारतर्फबाट उसलाई होस्टेल खर्चका साथै अन्य आवश्यक खर्चका निम्ति अनुदान दिइएको हुन्छ । त्यस समय प्रकाशलाई हावडा जिल्लाको डोमजुर गाउँकी धनाढ्य विधवा निरूपमा देवीले पुत्र स्वीकार गरी ऐन अनुसार अदालतको नियम कार्वाही गर्न अनुरोध गर्छे । उसको अनुरोधको उत्तरमा चन्द्रशेखरले प्रकाश लावारिस नभएको र उसलाई जन्म दिने आमा जीवितै भएको तथा ती दुई माता र पुत्रको भेट समय समयमा भइरहेको जानकारी गराउँछन् ।

प्रकाशले इन्जियरिङ परीक्षामा उच्च अङ्क प्राप्त गरेर सुनको पदक पाउँछ । यसरी अब्बल दर्जामा इन्जिनियरिङ उत्तीर्ण गरेका हुनाले उसलाई कलकत्ताको विख्यात मार्टिन वन कम्पनीले राम्रो तलब दिएर नियुक्ति दिन्छ । दुई वर्षपछि कन्स्ट्रक्सन विधामा विशेष तालिम गर्न त्यसै कम्पनीको खर्चमा उसलाई अमेरिका पढ्न पठाइन्छ । उक्त तालिम सिध्याएर ऊ त्यसै कम्पनीको मुख्य इन्जिनियरको रूपमा मासिक २० हजार रूपियाँमा सेवारत हुन्छ । त्यसपछि ऊ चन्द्रशेखरलाई भेट्न उनको कार्यालयमा आउँछ । यसरी प्रकाश आत्मनिर्भर बनी एक असल नागरिक बन्न सक्षम भएको छ । जेलको परिवेशमा हुर्केर पनि उसले आफ्नो शिक्षा, प्रतिभा र दक्षताको परिचय दिन सकेको छ । ऊ एक शिक्षित, वर्गीय, सकारात्मक तथा उपन्यासमा मुख्य भूमिका खेल्ने बद्ध पुरुष पात्र हो । निम्न वर्गको भए पनि ऊ आफ्नो परिश्रमद्वारा उच्च पदमा पुग्न सफल बनेको प्रतिनिधि पात्र हो । यसरी निम्न वर्गीय जीवन स्तरबाट माथि उठेर कसैका सहयोगले एउटा सुयोग्य व्यक्ति बन्न सक्नु नै यस उपन्यासमा प्रकाशको मूलभूत पात्रगत वैशिष्ट्य हो ।

(ट) नाटा मल्लिक

नाटा मल्लिकको चरित्र अनौठो तथा विचित्रको छ । ऊ कारागारमा बन्दी भएका अपराधी वा हत्याराहरूलाई फाँसीको डोरीमा चढाउन पाउँदा आनन्दित हुन्छ । ठुला ठुला आँखा, केही रातो अनुहार, होचो कद भएको २४-२५ वर्ष उमेरको नाटा मल्लिकसँग चन्द्रशेखरले प्रेसिडेन्सी जेलमा भेटेका हुन्छन् । मल्लिक डोम प्रजातिको हुन्छ । उसका बाबु बाजेको पालादेखि नै फाँसीमा हत्यारालाई झुन्डाएर आधा घन्टा राख्ने अनि त्यसपछि प्राणहीन देहलाई बोकेर जेलका अधिकारी वर्गलाई सुम्पने, मेडिकल अफिसरले मृत घोषणा गरेपछि फाँसी मञ्चलाई ढोग गरी फाँसीको

डोरी (मैनिलारोप) जिम्मा दिने काम गर्छ । उसले प्रत्येक दिन फाँसी मञ्चको परीक्षण गर्ने काम गर्छ ।

मल्लिकले निधारमा ठुलो रातो टीका लगाउने गर्छ । ऊ फाँसी दिने जेलको सेलको बरन्डामा सुत्छ । एक दिन उसले भुकभुके उज्यालोमा सरकारी अफिसर, सुपर ए.डी.एम. पुलिसको एसिस्टेन्ट कमिस्नर अनि डाक्टरहरूका अघि हत्यारा सुलतान अली मण्डललाई जिम्मा लिएर फाँसीमा झुन्ड्याउँछ । आधा घन्टामा मण्डलको मृतदेह र मेनिला डोरी सरकारलाई जिम्मा लगाउँछ । उसको अनुहार सन्तुष्ट तथा कुनै सफलता प्राप्त गरेको जस्तो देखिन्छ । यस्तै अर्को घटना चन्द्रनाथ वणिक र चन्दन वणिकलाई दण्ड विधानले फाँसीको सजाय दिएको सन्दर्भसँग सम्बन्धित छ । त्यस समय चन्द्रशेखर राइटर्स बिल्डिंगमा अतिरिक्त आई.जी.को दायित्व निर्वाह गरिरहेका हुन्छन् । २० वर्षको अन्तरालमा फेरि पश्चिम बंगालको जेलमा हत्यारा आसामीलाई फाँसी दिइने भएको हुन्छ । धेरै लोमो समयसम्म फाँसी दिने कार्य नभएको हुनाले फाँसी मञ्च, सरजाम लोहा, लिभर, प्लाटफर्म सबै जीर्ण भइसकेका हुन्छन् । फाँसी दिने पोडे तथा ह्याङमेन कोही नपाइनु अर्को समस्या हुन्छ । यसै कारण अतिरिक्त आई.जी. नाटा मल्लिकलाई खोजेर निकाल्न टालीगञ्ज, मोनिनपुर, ठाकुरपुकुर आदि स्थानहरूमा पठाउँछन् । डोम परिवार, लास घरहरूमा पोस्टमोर्टम गर्ने डाक्टरहरूका सहायता गर्ने पोडेहरूलाई सोधनी गर्नुका साथै नाटा मल्लिकको खोजी गर्न विभिन्न समाचारपत्रमा विज्ञापन दिइएको हुनाले नाटा मल्लिकलाई भेटेर जेलको फाँसी सेलमा ल्याइन्छ । कपाल सेतै फुलेको, पेट ठुलो भएको र उही डरलाग्दा राता राता आँखा भएको नाटा मल्लिक वृद्ध भइसकेको हुन्छ । उसले चन्द्रशेखरलाई सरकारद्वारा एउटा पोडेको स्थायी नोकरी दिने आवेदन धेरै वर्षअघिदेखि गरेको कुरो बताउँछ । अनि उसले आफ्नो यस्तो काम पैतृक पेसा वा परम्परा हो भन्छ । यस कामद्वारा उसलाई अद्भुत खुसी, तृप्ति, सन्तोष अनि आनन्द हुन्छ । उसले भन्छ, "फाँसी मञ्च त मेरो मन्दिर हो, मेनिला डोरी मेरो फूल" (पृ.१२६) । नौ वर्षको बालक हुँदा बाजे शिबु डोमसित यही फाँसी मञ्चमा ठिक बेठिक हेर्न आएको ऊ त्यसपछि उफ्रँदै फाँसी मञ्चमा चढ्छ । अनि ढोग गर्छ । उसले फाँसी दिने डोरी लोहाका अग्ला झुन्ड्याइने सरजाम, प्लेटफार्म, प्लेट, लिभर सबै जाँच गर्छ र फाँसी दिने अभ्यास तथा तयारी गर्छ । यसरी मल्लिकले तिन दिनपछि फाँसी दिने मञ्च तयार गरेपछि त्यसलाई प्रणाम गरी अफिसमा जान्छ । सरकारले उसलाई एउटा फाँसी दिएको २००० (दुई हजार) रुपिया पारिश्रमिक निर्धारण गरेको हुन्छ । तर सरकारले ती दुई अपराधीलाई फाँसी नदिनु भन्ने आदेश दिएका हुनाले मल्लिकले फाँसी दिन पाउँदैन । त्यस घटनादेखि मल्लिक जेलको परिवेशबाट हराएको हुन्छ ।

प्रस्तुत उपन्यासमा मल्लिक एउटा विचित्रको भयहीन पात्रका रूपमा देखिएको छ । ऊ स्वभावका दृष्टिले सकारात्मक पात्र हो । पात्रगत भूमिकाका आधारमा मुख्य पात्रका रूपमा देखिको मल्लिक फाँसी मञ्चमा फाँसी दिने पोडे जातिको प्रतिनिधित्व गर्ने वर्गीय पात्र हो । उपन्यासमा उसको चरित्र अस्वाभाविक बनेर आएको छ । उपन्यासमा आबद्धताका दृष्टिले ऊ बद्ध पात्रका रूपमा देखिएको छ भने आसन्नताका दृष्टिले मञ्चीय पात्रका रूपमा देखिएको छ ।

जीवन गोरेटोमा बहुपात्रीय उपन्यास हो । यसमा लिङ्गका आधारमा पुरुष र स्त्री पात्र, भूमिकाका आधारमा मुख्य, सहायक र गौण पात्र, कार्यका आधारमा अनुकूल र प्रतिकूल पात्र, जीवन चेतनाका आधारमा व्यक्तिगत र वर्गीय पात्र, आसन्नताका आधारमा मञ्चीय र नेपथ्यीय तथा आबद्धताका आधारमा बद्ध र मुक्त सबै प्रकारका पात्रहरूको प्रयोग भएको देखिन्छ । यसमा मुख्य र सहायक पात्रका तुलनामा गौण पात्रको सङ्ख्या अत्यधिक छ । त्यस्तै नारी पात्रका तुलनामा पुरुष पात्रको सङ्ख्या निकै धेरै छ । यस उपन्यासमा कैदी पात्रहरू धेरै सङ्ख्यामा छन् । यिनीहरू मध्ये प्रमुख कथा वाचक पात्रको भूमिका चन्द्रशेखरले र कथा स्रोताको भूमिका उनकी श्रीमती सरस्वतीदेवीले निर्वाह गरेका छन् । उपन्यासका दस ओटा पृथक् पृथक् विषयसँग सम्बद्ध भिन्न भिन्न पात्रहरू उपन्यासका मुख्य पात्रका रूपमा देखिएका छन् । ती दस जना पात्रहरू नटवरलाल, साहबुद्दीन गुडिया, चारु, प्रमोद, रत्नमाया स्यांगदेन, नारिता, एडेल केनी, सुदीपा, प्रकाश अनि नाटा मल्लिक हुन् । यी पात्रहरू सबै कारागारमा बन्दी भएका कैदी पात्रहरू हुन् । यी पात्रहरू विभिन्न प्रजाति तथा विभिन्न परिवेशबाट लिएका छन् । यस उपन्यासमा मुख्य र सहायक पात्र बाहेक धेरैजसो विषय प्रसङ्गमा आएका तथा नामोल्लेख मात्र भएका पात्र निकै धेरै छन् । उपन्यासमा प्रवृत्तिका दृष्टिले प्रतिकूल पात्रभन्दा अनुकूल पात्रहरूको बाहुल्य रहेको देखिन्छ । उपन्यासमा कारागारमा बन्दी भएका हत्यारा तथा जन्मकैद भएका कैदीहरूका भूमिका अधिक प्रभावकारी रहे पनि ती कैदी पात्रहरूलाई उपन्यासको विषय र उपन्यासकारको संवेदनागत झुकावका आधारमा अनुकूल पात्र मान्न सकिन्छ । जीवन चेतनाका दृष्टिले व्यक्तिगत र प्रतिनिधिमूलक दुवै किसिमका पात्रको उपस्थिति देखिए पनि प्रतिनिधिमूलक पात्रहरूको सङ्ख्या नै अधिक रहेको छ । रत्नमाया स्यांगदेन, नारिता अनि सुदीपा नारी पात्र भएर पनि उनीहरूका कठोर पौरुषेय गुणहरू देखा पर्छन् । उपन्यासमा प्रमुख र गौण पात्रहरू बाहेक अदृश्य पात्रहरूको समेत प्रयोग भएको देखिन्छ । बद्ध पात्रका अतिरिक्त मुक्त पात्रहरूको प्रयोग यथेष्ट रहेको छ ।

कारागारका विभिन्न पदका दुई फौजी, एक अफिसर, जापानी सेक्युरिटी स्टाफ, डाक्टर फर्स्ट एड, कप्तान सिनियर अफिसर, अभिनेता, अभिनेत्रीहरू, चेयरम्यान, भाइसराय, आई.जी., जेल, मेट्रोन, रोगीहरू, बन्दी महिलाहरू, द्वारपाल, ओ.सी. फोटोग्राफर, डिटेक्टिभ पुलिस, डी.एम.पी., एस.पी., मासीमा, गृहसचिव, विभागीय सचिव, डी.आई.जी., आई.जी. ले.कर्णेल, आई.एम.एस, जेल कर्मचारी, स्वीपर, शिक्षक अर्दली, घरका बाबु, कलेका अध्यक्ष, जमिनदार परिवारका भद्र मानिस, प्रकाशकी आमा, चिफ मेडिकल अफिसर ए.डी.एम., दुई मेनिजष्ट्रेट जस्ता पात्रहरूको भूमिका अत्यन्त गौण छ । मोहनदास करमचन्द्र गान्धी, पण्डित जवाहरलाल नेहरू, मौलाना आजाद, सुभाषचन्द्र बोस, शरद् बोस, अरविन्द घोष, देशबन्धु चित्तरञ्जन दास, जतीन्द्र मोहन सेन, मंगल पाण्डे, ताँतिया टोपे, खुदीराम, दिनेश गुप्त, रमाशंकर प्रसाद, कानु सन्याल, ज्याति बसु, कृष्ण मनेन, विधानचन्द्र राय, प्रफुल्ल सेन, पहाडका नेताहरू रतनलाल ब्राह्मण, भद्रबहादुर हमाल, साङदोपाल लेप्चा आदि यथार्थ पात्रहरूलाई पनि औपन्यासिकीकरण गरेर यस उपन्यासका विभिन्न कथानकमा प्रसङ्गानुकूल हुने गरी प्रयोग गरिएको छ । कतिपय कारागारमा बन्दी भएका प्रतिष्ठित राजनीतिक नेता तथा समर्थकहरूका नाउँ मात्र उल्लेख भए पनि

उपन्यासमा उनीहरूको विशेष भूमिका छैन । यस उपन्यासमा प्रयुक्त सबै प्रकारका पात्रको विश्लेषण परिशिष्ट ४ मा प्रस्तुत गरिएको छ ।

उपन्यासमा आञ्चलिक पात्र मात्र नभएर अन्तर्देशीय पात्रका साथै अन्तर्जातीय पात्रहरूको समायोजन गरिएको छ । यस उपन्यासका पात्रहरू निम्न वर्ग, मध्यम वर्ग र उच्च वर्गका छन् । यसरी तत्कालीन समाजका विभिन्न समुदाय तथा वर्गका पात्रहरूको बढीभन्दा बढी समावेशन यस उपन्यासमा गरिएको छ जसले उपन्यासलाई बढी यथार्थमूलक र प्रभावकारी बनाएको छ । कार्य सक्रियता र प्रभावकारिताका दृष्टिले यस उपन्यासका पात्रहरू सशक्त देखिन्छन् । पात्र प्रयोगका दृष्टिले यो उपन्यास सशक्त, जीवन्त, प्रभावकारी र स्वाभाविक देखिन्छ । औपन्यासिक चरित्र चित्रण अनुसार यस उपन्यासका पात्रहरू सामाजिक धरातलका जीवन्त तथा सजीव पात्रहरू हुन् ।

जीवन गोरेटोमा उपन्यासमा उपन्यासकार मोक्तानले कथा वाचकका रूपमा चन्द्रशेखरलाई उभ्याएका छन् । यस उपन्यासमा प्रयुक्त पात्रहरू कारागारका बन्दी जीवन बिताइरहेका चोर, डाँकु आन्दोलनकारी, हत्यारा आदि छन् । यिनै बन्दी चरित्रहरूको चारित्रीकरण गर्दा मूलतः वर्णनात्मक पद्धति र अंशतः नाटकीय पद्धतिको प्रयोग गरिएको छ । उपन्यासमा एक मुख्य नारी पात्र रत्नमाया स्याङ्देनको चरित्र चित्रण यसरी गरिएको छ :

> विभिन्न विभागहरू यस प्रकारले परिदर्शन गर्दा मेरो आँखा हठात् एउटी मझौलो कद, लामो केश, गोरो अनुहार, साना साना आँखा तर अत्यन्त आकर्षणीय, पातलो शरीरको प्रायः ३०, ३२ वर्षकी सुन्दरी युवतीतर्फ पनि गयो । उसका अनुहार र व्यवहारद्वारा राम्रो घरानकी जस्ती थिइन् । उ मानसिक रोगिणीहरूको निगरानीमा थिई । मैले उसको अघि उभिएर प्रश्न गरें, तिम्रो कति वर्ष सजाय हो, के केस हो ? (पृ.४८)

कारागारमा आजीवन बन्दी बनेर सजाए भोगिरहेकी डुर्वसकी रत्नमाया स्याङ्देनको चरित्र चित्रणमा वर्णनात्मक पद्धति अँगालिएको छ । रत्नमाया स्याङ्देन डुर्वसमा बस्ने सुन्दर र साहसी युवती हुन्छे । उसको अनुहार र व्यवहार राम्रो संस्कार पाएको राम्रो घरकी युवती हो र उसले कारागारमा पनि महिला मानसिक रोगीहरूको स्याहारसुसार गर्ने काम गरेको सन्दर्भलाई यहाँ कथा वाचकले प्रस्ततु गरेका छन् । यसबाट उसको चरित्रमा आदर्श र शुशील नारीको चरित्र रहेको प्रत्यक्ष बोध हुन्छ । यसरी नै अर्को बन्दी पात्र चारु मजुमदारको चरित्र चित्रणमा संवादात्मक पद्धतिको प्रयोग गरिएको पाइन्छ । कारागारमा बन्दी बनेर सजाय भोगिरहेका महान नेता चारु मजुमदार र चन्द्रशेखर बिच भएको संवाद यस्तो छ, "'मेरो निम्ति केही पुस्तकहरू ल्याउनु भयो मिष्टर चन्द्रशेखर ?' उनले सोधे । पुस्तक होइन चारु बाबु, तपाईको जेलबाट मुक्तिको आदेश लिएर आएको छु, भन्दै मैले उनीसित हात मिलाएँ । 'अहो, के भन्नु हुन्छ ?' तिनले भने । उनको अनुहारमा हर्ष, खुशी, उत्तेजना चाञ्चल्यको केही झलकहरू थिएनन्" (पृ.३६) । उपर्युक्त उपन्यासमा अंशमा नेता चारु मजुमदारको भद्र चरित्रको चित्रण गरिएको छन् । उनी अभिमान नभएका महान् नेता कुरा पनि उपर्युक्त संवादात्मक अंशबाट स्पष्ट हुन आएको छ । जेलबाट मुक्त

हुने समाचार सुनेर पनि उनको स्वभावमा कुनै उत्तेजना नदेखिएकाले उनी एक सौम्य व्यक्तित्वका धनी तथा एक कुशल राजनैतिक नेता भएको कुरा स्पष्ट भएको छ ।

उपन्यासको अर्को पात्र नाटा मल्लिक चाहिँ कारागारमा फाँसीको सजाय दिने तथा फाँसीमा जिउँदो मान्छेलाई झुन्ड्याउने पात्र हो । उपन्यासकारले उसको चरित्रको चित्रण संवादात्मक पद्धतिबाट गरेका छन् । यस सन्दर्भमा कारागार सुपरिवेक्षक र नाटा मल्लिकाको संवाद यस्तो छ :

> 'साहेब, कस्तो लहाना ! मेरो बाजे बाबुले यही जेलको फाँसी मञ्चमा धेरै आसामी झुन्ड्याए । आज फेरि तपाईले मलाई २० वर्षको अन्तरालमा यो काम गर्न बोलाउनु भयो । यो मेरो पैतृक पेशा हो, परम्परा हो । यसमा मलाई एउटा अदभुत खुशी, तृप्ति, सन्तोष अनि आनन्द हुन्छ ।' मैले उसलाई सम्झाएर भनें, 'नाटा, हेर ता. १९ को दिन दुइवटा फाँसी हुनेछ, अब केवल ७ दिन बाँकी छ । भित्र फाँसी मञ्चमा गई परीक्षा गर सबै ठिकठाक छ कि छैन' । (पृ.१२६)

यसरी चन्द्रशेखर र नाटाका बिच सम्वादका माध्यमबाट उपन्यासकारले फाँसी दिने काम रुचाउने नाटा मल्लिकको चरित्र चित्रण गरेका छन् । बाबु, बाजेदेखि यो काम गर्दै आएका नाटाले फाँसीद्वारा जिउँदो मानिसलाई मनिलाको डोरी घाँटीमा झुन्डाएर फाँसी दिने काम गर्छ । यस्तो काम उसलाई रुचिकर नै लाग्छ र मान्छेलाई फाँसी दिनु पर्दा उसमा कुनै विरक्ति वा अपराधबोध भएको छैन र त्यस कार्यलाई ऊ आफ्नो पैतृक परम्परा ठानी सहजतापूर्वक लिन्छ भन्ने कुरा उसकै सम्वादबाट स्पष्ट हुन्छ ।

प्रस्तुत उपन्यासमा भएका बन्दी पात्र र अन्य साधारण जीवन व्यतीत गर्ने पात्रहरूको चरित्र चित्रण विश्वसनीय ढङ्गमा भएको पाइन्छ । यी पात्रहरूका कार्य व्यापारसँग उनीहरूको चरित्र चित्रणको सामञ्जस्य कायम भएको पाइन्छ । विवेच्य उपन्यासका पात्रहरू असामान्य प्रवृत्तिका छन् र तिनको चरित्र चित्रणमा उपन्यासकारले जुन पद्धति अँगालेका छन्, त्यसले तिनका ती असामान्य चरित्र र मनोदशालाई प्रभावकारी ढङ्गले प्रस्तुत गरेका छन् ।

५.३.३ परिवेश

औपन्यासिक परिवेश भनेको उपन्यासमा प्रयुक्त स्थान, समय र वातावरण हो । यसमा उपन्यासकारले बाँचेको देश, काल, जाति, समाज, रीति र नीतिको चित्रण हुन्छ । त्यसैले उपन्यासकारले उपन्यासमा आफू रहेको देश, काल, जाति, समाज आदिको चित्रण गरेको हुन्छ । उपन्यासमा पात्र र कथावस्तु सुहाउँदो परिवेशको छनोट गरिएको हुन्छ । उपन्यासका पात्र र कथावस्तु जुन ठाउँबाट लिइएको छ त्यही ठाउँका परिवेश, समय, चालचलन, रीतिस्थिति प्रस्तुति उपन्यासमा गरिएको हुन्छ ।

जीवन गोरेटोमा उपन्यासको स्थानगत परिवेश भारतको पश्चिम बंगाल राज्य अन्तर्गतका कलकत्ता प्रेसिडेन्सी कारागार साथै त्यससँग सम्बद्ध आसनसोल स्पेसियल कारागार, अलिपुर केन्द्रीय कारागार, दमदम केन्द्रीय कारागार, मिदनापुर जिल्ला कारागार, बहरमपुर जिल्ला

कारागार, बाँकुडा जिल्ला कारागार, मालदा जिल्ला कारागार, हाउडा जिल्ला कारागार, कोचबिहार जिल्ला कारागार, नदिया जिल्ला कारागार, वीरभूम जिल्ला कारागारहरू रहेका छन् । उपर्युक्त स्थानमा विभिन्न समयका पृष्ठभूमिमा घटेका राजनीतिक, सामाजिक, सांस्कृतिक तथा अन्य प्रकारका घटनाहरूको चित्रण यस उपन्यासमा गरिएको छ । तत्कालीन राजबन्दी तथा राजनीतिक आन्दोलनकारीहरूका कारुणिक दृश्यहरू यस उपन्यासमा देख्न पाइन्छ । ती बन्दीहरूले कारागारमा सजाय भोग्नु परेका घटनाहरूको प्रस्तुति यस उपन्यासको मूल कथानक हो । तिनै बन्दी पात्रहरू, उनीहरूका कार्य व्यापार र त्यस अनुरूपको पर्यावरणीय संयोजनले प्रस्तुत उपन्यासको परिवेश विश्वसनीय बनाएको छ ।

प्रस्तुत उपन्यासमा स्थानिक परिवेशका साथै कलाकत्ता महानगरका सांस्कृतिक र राजनीतिक दृश्यहरूको चित्रण गरिएको छ । यस सन्दर्भमा प्रस्तुत उपन्यासका प्रमुख पात्र चन्द्रशेखर र उनकी श्रीमती सरस्वती देवी बम्बई मेलमा चढेर आउँदादेखि आसनसोल फर्कँदाको परिवेश वर्णन कथा वाचक चन्द्रशेखरका माध्यमबाट उपन्यासमा यसरी गरिएको छ :

> असारको महिना । रेलको डब्बाभित्र प्रचण्ड गर्मी थियो, उसमाथि पनि यात्रीहरूको टसमस गर्न नसकिने भीड । कोही सुतिरहेका, कोही खाइरहेका, कोही कागज पढिरहेका अनि कोही गफमा विभोर । डब्बामा एउटा अनौठो गोलमाल, कलंग+कलंग आवाज थियो- त्यो अर्कै जगत् थियो, अरूभन्दा पृथक् । हामी दुई चुपचाप आफ्नो स्थानमा बसिरहेका थियौं, कहिले घर पुगिने हो यही सोचमा थियौं । हठात् आवाज आयो- शोषित दाज्यू-भाइ, दिदी-बहिनीहरू ! आज स्वाधीन भएको प्रायः दुई अढाइ दशक भयो, तपाइँ हामीहरूले के पायौं ?(पृ.८)

कलकत्ताको गर्मी, मानिसको भीड आदिको प्राकृतिक चित्रणसित सम्बन्धित राजनीतिक परिवशेको चित्रण माथिको उद्धरणमा गरिएको छ । यसमा समयगत परिवेश सन्दर्भ पनि स्पष्ट भएको छ । लगभग सन् १९७० तिरको समयगत परिवेशलाई यसले स्पष्ट पारेको छ ।

कारागारमा भारतको दण्ड विधानले दोषी ठहऱ्याएका कैदी पात्रलाई मृत्युदण्ड दिइएका दृश्यको वर्णन उपन्यासकारले यसरी गरेका छन् : “सुकुमार वर्मन र कार्तिक शीललाई फाँसी मञ्चमा उभ्याइयो । हवल्दार र सिपाहीको टोलीले तिनीहरूको हात पछाडिबाट हतकडी लगाएर दुवैलाई नाटा डोम उर्फ मल्लिक पोडेलाई जिम्मा लगाए” (पृ.१३८) । यस उद्धरणद्वारा त्यस समयमा मृत्युदण्ड दिने प्रचलन तथा त्यसका पद्धति र प्रभावको चित्रण गरिएको छ । यसले पश्चिम बङ्गालको न्याय प्रणालीलाई पनि चरितार्थ गरेको छ ।

प्रस्तुत उपन्यासका घटनाहरूमा समय, बार, मिति, महिना र साल तोकिएका छन् । यसले गर्दा घटना र तत्कालीन परिवेशको तथ्यात्मक जानकारी प्राप्त हुन सकेको छ । यी तथ्यपरक घटनाहरूका वर्णनले उक्त समयको देशकाल र परिवेशको स्पष्ट जानकारी दिएको छ । यस उपन्यासमा कारागारका विभिन्न परिस्थिति तथा वातावरणको सृष्टि गरेर उपन्यासमा चित्रण गरिएको परिवेशलाई विश्वसनीय बनाउने प्रयत्न गरिएको छ । पात्रका मनोजगत्का आन्तरिक

परिवेश र तिनले जीवन बाँचिरहेको बाह्य सामाजिक परिवेशको समानान्तर प्रस्तुतिले यस उपन्यासको कथानक रोचक एवम् प्रभावपूर्ण बन्न गएको छ ।

५.३.४ दृष्टिबिन्दु

जीवन गोरेटोमा उपन्यासमा तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग रहेको छ । प्रस्तुत उपन्यासमा उपन्यासकारको जागिरे जीवनमा भेटेका तथा कारागारमा बन्दी जीवन बिताइरहेका चोर, डाँकु, हत्यारा, राजनेता आदि मध्ये अद्भुत पात्रहरूका कथामा आधारित कथानक रहेको छ । यी घटनाहरूलाई प्रस्तुत गर्ने कथा वाचकका रूपमा उपन्यासमा चन्द्रशेखरलाई उभ्याइएको छ । यसर्थ प्रस्तुत उपन्यासमा मोक्तानले तृतीय पुरुष दृष्टिबिन्दुकै प्रयोग गरेका छन् ।

प्रस्तुत उपन्यासमा तृतीय पुरुष अन्तर्गतको वस्तुगत दृष्टिबिन्दुको प्रयोग गरिएको छ । वस्तुगत दृष्टिबिन्दुमा कथा वाचकले पात्रका मनभित्र प्रवेश नगरी पात्रका मनका कुरा, आचरण आदिबारे संवाद, कार्य व्यापार आदिका माध्यमबाट अप्रत्यक्ष रूपमा जानकारी दिन्छ । वस्तुगत दृष्टिबिन्दुमा कथा वाचक कुनै पनि पात्रको मनभित्र प्रवेश गर्दैन बरु बाहिरबाट घटनाबारे वर्णन गर्छ (केनेडी, सन् १९९१ : २१) । कथा वाचक आफ्ना सामु घटित घटनालाई जस्ताको तस्तै प्रस्तुत गर्छ । कथा वाचक केवल बाहिरी आँखाले देखिने कुरा र घटनाहरूको मात्र विवरण दिन्छ (नेपाल, सन् १९९१ : ६५) । यस दृष्टिबिन्दुमा चरित्रका कार्य व्यापारलाई सम्पादन नगरी अभिव्यक्त गरिन्छ (लुइटेल, २०६२ : २४३) । यसमा पाठकले पात्रका बोलीचाली, चारण, भाषा आदिबाट नै उनीहरूका बारेमा जानकारी प्राप्त गर्छ । वस्तुगत दृष्टिबिन्दुको प्रयोग गरिएका उपन्यास मञ्चनीय तथा नाटकीय रूपले सशक्त हुन्छन् ।

प्रस्तुत उपन्यासमा वस्तुगत दृष्टिबिन्दुको प्रयोग रहेका हुनाले विभिन्न पात्र सम्बद्ध घटनालाई कथा वाचकले जस्ताको त्यस्तै वर्णन गरेका छन् । कथा वाचकले पात्रका कार्य व्यापार तथा बन्दीहरूका चरित्र र घटनाहरूका बारेमा विश्लेषण नगरी सोझै घटनाको प्रस्तुति मात्र गरेका छन् । उनीहरूका कार्य व्यापार, संवाद आदिद्वारा उनीहरूका आचरण तथा चरित्रको अप्रत्यक्ष रूपमा जानकारी प्राप्त भएको छ । उदाहरण स्वरूप कारागारमा फाँसी दिइने घटनाको चित्रात्मक प्रस्तुति यसरी गरिएको छ :

> सुकुमार वर्मन र कात्तिक शीललाई फाँसी मञ्चमा उभ्यायो । हविल्दार र सिपाहीको टोलीले तिनीहरूको हात पछाडिबाट हात-कडी लगाएर दुवैलाई नाट डोम उर्फ मल्लिक पोडे (ह्याङमेन) लाई जिम्मा लगाए । हामीहरू सबै प्लेटफर्म भरि लहरै खडा बस्यौं तर के अचम्म ! सबै उपस्थित तर कहाँ छन् दुई म्याजिष्ट्रेटहरू ! जेलरलाई खोजी गर्न पठाउँदा ती दुई गेटको समीप पुगेका रहेछन् । भित्र आए । मैले प्रश्न गर्दा 'वाक वाक लागेर, घुम्न गएका थियौं ।' भने । ती दुई अत्यन्त नर्भस् अनि खिन्न देखिन्थे । (पृ.१३७)

प्रस्तुत उपन्यासमा बन्दी पात्रका घटना र उनीहरूका चरित्रलाई अप्रत्यक्ष रूपमा चित्रण गरेको पाइन्छ । त्यसैले **जीवन गोरेटोमा** उपन्यासमा तृतीय पुरुष दृष्टिबिन्दुले कथा वाचनलाई

विश्वसनीय बनाएको छ । कथा वाचकले यसरी पात्रको परिस्थितिलाई देखाएका छन् तर यी घटनाहरूका बारेमा मूल्याङ्कन नगरी आफू तटस्थ बसेका छन् ।

५.३.५ भाषाशैली

भाषा, मानिसको अनुभूति र अभिव्यक्तिको माध्यम हो । औपन्यासिक संरचनामा यसको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । **जीवन गोरेटोमा** उपन्यासमा प्रयुक्त भाषा सरल रहेको छ । यस उपन्यासको कथानक पश्चिम बङ्गालका विभिन्न कारागारसित सम्बन्धित रहेको छ । कारागारमा बन्दी भएका हत्यारा, डाँकु, आन्दोलनकारी तथा राजनीतिक नेता आदि भूमिकाका पात्रहरू यस उपन्यासमा प्रयोग गरिएका छन् । यसरी बन्दी बनेका नेपाली प्रजातिका पात्र बाहेक अन्य विभिन्न प्रजातिका पात्र पात्राहरूले आफू अनुकूल हुने गरी आफ्नै भाषाशैलीको प्रयोग गरेका छन् र यसको चित्रणमा उपन्यासकारले पनि बढीभन्दा बढी स्वाभाविकता ल्याउने प्रयत्न गरेका छन् । यस उपन्यासमा पात्रका भाषिक र शैक्षिक पृष्ठभूमि अनुरूप बङ्गला, हिन्दी, अङ्ग्रेजी आदि भाषा प्रयोग गरेका भए पनि उपन्यासकारले उनीहरूका अभिव्यक्तिलाई नेपाली भाषामा सहज रूपमा प्रस्तुत गरेका छन् ।

भारतको राष्ट्रिय भाषा हिन्दी भए पनि कार्यालयीय भाषा प्रयोगमा अङ्ग्रेजी भाषाको प्रभुत्व रहेको देखिन्छ । त्यसैले यस उपन्यासको भाषामा कार्यालयीय अङ्ग्रेजी भाषाको प्रयोग यथेष्ट रहेको छ । अङ्ग्रेजी भाषाको प्रस्तुतिका कारण कारागारका बन्दी पात्रहरूले पनि अङ्ग्रेजी मिश्रित भाषाको प्रयोग गरेको देखिन्छ, जस्तै : "Don't worry, Mr. Shekhar, यस्तो एटाक मलाई भइ नै रहन्छ, यो त चौथो हो" (पृ.३३) । "Writer's Building बाट केही message छ ?" (पृ.३५) ।

यस्तै प्रकारले बन्दी पात्रपात्राका संवादको भाषा याथार्थिक छ । यस उपन्यासमा पश्चिम बङ्गालको सामाजिक पृष्ठभूमिमा आधारित पात्रहरू बढी रहेका हुनाले यहाँका विभिन्न प्रजातिका पात्रहरूले प्रयोग गरेका भाषामा नेपाली-हिन्दी, नेपाली-बङ्गला तथा नेपाली-अङ्ग्रेजी भाषाको पर्याप्त मिश्रण भएको देखिन्छ ।

नेपाली भाषाले आत्मसात् गरिसकेका आगन्तुक पद, पदावली र वाक्यहरूको प्रयोग प्रस्तुत उपन्यासमा गरिएको पाइन्छ । तर त्यसरी आत्मसात् गरिनसकिएका आगन्तुक पद, पदावली र वाक्य पनि प्रशस्तै छन् । त्यस्ता केही साक्ष्य यस प्रकार छन् :

(क) अङ्ग्रेजी पद/पदावली र वाक्यको प्रयोग

पद

जीवन गोरेटोमा प्रयुक्त अङ्ग्रेजी भाषाका पदहरूको सूची यस प्रकार रहेको छ :

Inter-state, wagon, breakers, criminal offence, कोर्ट वारण्ट, criminal cases, section 420 IPC, History Ticket of Prisoner, एंग्लो इण्डियन (पृ.२), कस्टडी Ankle Ring (पृ.३), सब इन्सपेक्टर, ओभरसियर, साइरे, लाउड स्पिकर, सेन्ट्रल टावर (पृ.१४),

केशियर बाबु, सेक्युरिटी गार्ड, डुप्लिकेट, एडभान्स (पृ.१६), सब इन्सपेक्टर, Lock up, (पृ.१८), रोलिङ्ग जम्प (पृ.१९), Atempt to murder war Against the State (पृ.२२), Criminology and Penology, आई.जी, होम सेक्रेटेरी, Hunger Strike (पृ.२३), Dummy, watch Tower (पृ.२५), कन्फरेन्स, प्रिजनका आई.जी., डि.आई.जी., एम.पी. डिसिप्लिन अफिसर, Action Plan, timing (पृ.२७), चेम्बर अफर (पृ.३०), मेट्रोन, स्टक डिलरसिप (पृ.५४), रिपेयर (पृ.५६), कलेक्टर, हार्डड्रिंक (पृ.६३), पकेट ट्रानजिस्टर (पृ.६४), बारम्यान, डिनर, मेनु, चिकेन सुप, गुड स्टार्ट, कम टुमरो, कमन बक्स, प्रेजेन्ट, टीप्स, फ्यान, लभयू एडेल (पृ.८१), नट नाव, डिसिप्लिन अफिसर, एक्सपेरिमेन्ट (पृ.८६), In percent order, post morten, master Brain (पृ.१०३), safe custody (पृ.१०६), ग्याराण्टर (पृ.११६), Hangman (पृ.१२८) । उपन्यासको परिवेश र पात्रका भाषिक स्वभाव अनुकूलको प्रस्तुतिमा यस्ता वाक्यात्मक प्रयोगले निकै महत्त्वपूर्ण भूमिका खेलेको छ ।

पदावली

जीवन गोरेटोमा प्रयुक्त अङ्ग्रेजी भाषाका पदावलीहरूको सूची यस प्रकार रहेको छ :

Ok, come after one hour, All India Institute of Medical Sciences (पृ.६), Intensive Care Unit, New Delhi Rly. Station, Red-Alert (पृ.७), I am addicted to these two (पृ.३२), डिस्ट्रिक्ट सेसन्स, अलिपुर सेर्भ बिल्डिंग (पृ.६०), डाइरेक्टर अफ ल्याण्ड रेकर्ड एण्ड सभेज (पृ.६०), Habitual Criminals (पृ.६०), यू इडियट (पृ.६३), यामाउची सि मेन एसोसिएशनका चेयरमेन, लेडिस एण्ड जेण्टलमेन (पृ.७९), फ्रि मिक्विसंग (पृ.७६), बडी शेक डान्स, मम्मी इज कमिंग एनि ममेन्ट, वाट हि थिंक्स अब हिमसेल्फ, ओ माई एडेल, आई लभ यू, नो गोनसालभे नो, एक्सक्यूज मी (पृ.८३), हाफ वे होम (पृ.८४), only two drops (पृ.८६), We are at breaking point (पृ.८९), Visting card, Sir with love, construction Project (पृ.१०६), Lost and Vagrant Child (पृ.१०७), Death sentence case, most urgent (पृ.१३६), Life is extinct. They are no more (पृ.१३८) । पदावलीका तहमा प्रयुक्त अङ्ग्रेजी भाषाका एकाइले अभिव्यक्तिको सघनता र पात्रका कथ्य भाषाको यथा रूपलाई अभिव्यक्त गरेका छन् ।

जीवन गोरेटोमा प्रयुक्त अङ्ग्रेजी भाषाका वाक्यहरूको सूची यस प्रकार रहेको छ :

वाक्य : Excue me, Your Honour; May I have the honour and privilege of having an interview with you in your office for 5 minutes? (पृ.३), Your Honour, I am an old haggard of 57 years. Suffering from chronic bronchitis, pneumonia and gout. I have very weak kidneys. I repent for my past. These Bar Fatters are too much for this old man. I promise to maintain discipline in your Jail. (पृ.३), I assure you this time. I shall keep my promise. These Fatters are giving me unbearable pain Sir. (पृ.३), People are very much gullible, Sir. (पृ.४), No Sir, people just believe me. That's not may fault. (पृ.५) ।

उपर्युक्त उदाहरणबाट प्रस्तुत उपन्यासमा पद, पदावली र वाक्य स्तर समेतमै अङ्ग्रेजी भाषाको प्रयोग ठाउँ ठाउँमा बाक्लै भएको देखिन्छ । यसबाट कोशीय विचलनको निर्माण भएको छ र नेपाली भाषाका पाठकका लागि पाठकमैत्री पठनमा यसले थोरै कथा पुऱ्याउने अवस्था त छ तर ब्रिटिस उपनिवेश बनेको र अङ्ग्रेजी भाषाले भारतीय समाजमा पर्याप्त प्रभाव पारेकोलाई प्रस्तुत सन्दर्भमा स्वाभाविकै मान्न सकिन्छ ।

(ख) हिन्दी पद/पदावली र वाक्यको प्रयोग

जीवन गोरेटोमा प्रयुक्त हिन्दी भाषाका पदहरूको सूची यस प्रकार रहेको छ :

पद : मामला, अदल बदल, मरमत, रशिद (पृ.५), गायब (पृ.६), लाल संकेत (पृ.७), गोलमाल (पृ.८), शिल छाप, आइये सर, अन्दर आइये (पृ.९), बेबी, बच्चा बच्ची (पृ.१५) । हाजिर (पृ.१८), निगरानी (पृ.१९), हिरासत (पृ.३२), दखलदार (पृ.२१), तल्लाशी (पृ.२३), नजरदारी (पृ.२६), खतरा (पृ.३२), मौजूद (पृ.३३), सिफारिश, सन्सनी, सही, शील, खाम (पृ.३५), मुद्धामा (पृ.३७), हस्ती, गिरफ्तार (पृ.४०), हिरासत, प्रवेशद्वार, रफ्तार, निगरानी, पलायन, राशन दोकान, जंगी (पृ.२१), दफ्तर (पृ.४७), नजरबन्द (पृ.७२), कारा कहानी (पृ.७२), कैफत, नाराजी, शिफारिस, खुशामदी (पृ.१२५) आदि । यी शब्दहरूले उपन्यासका पात्रहरूको संवादमा परिवेश अनुकूलता थपेको छ ।

जीवन गोरेटोमा प्रयुक्त हिन्दी भाषाका पदावलीहरूको सूची यस प्रकार रहेको छ :

पदावली : आइये सर, अन्दर आइये (पृ.९) । सलाम सर, फेर मिलेगें (पृ.१०) । ठहरिए गाडी किसकी है ? (पृ.१०) दुर्गा माकी जय (पृ.६८) ।

जीवन गोरेटोमा प्रयुक्त हिन्दी भाषाका वाक्यहरूको सूची यस प्रकार रहेको छ :

वाक्य : डकैती के ग्यांग लिडर (पृ.१०) । मन्दिर मश्जिद संग चलाये, प्रेम पढाये मधुशाला (पृ. ६७) । चलिए, अभी दर्शन किया जाय हमारा तीरथ का (पृ.१२६) ।

(ग) बंगला पद/पदावली र वाक्यको प्रयोग

जीवन गोरेटोमा प्रयुक्त बंगला भाषाका विभिन्न एकाइगत रूपका केही उदाहरणहरू यस प्रकार रहेको छन् :

आफ्नी आसनसोल चाजे एसेछेन, सुनेछी, पेर दयाखा हबे, भालो, थाक्बेन (पृ.९) । आपनार गार्डन (पृ.१०) । एकबार विदाय दे मा घुरे आसी (पृ.३८) सर आपनी एर्ड ट्रेने ?, खूकू (पृ.३८) आबल आसिबे मा (पृ.६९) ।

(घ) तत्सम पद/पदावलीको प्रयोग

पद

जीवन गोरेटोमा प्रयुक्त केही तत्सम शब्दहरू यस प्रकार छन् :

लावण्यपूर्ण (पृ.१९), विभीषिका (पृ.२०), तीक्ष्ण बुद्धि (पृ.५१), आग्नेय अस्त्र (पृ.२१), आत्म-गोपन (पृ.२२), हतोत्साह, स्तब्ध (पृ.२६), निस्तब्धता (पृ.३०), कर्णधार, विलक्षण (पृ.१३), मुक्ताञ्चल (पृ.२२) आदि । उपन्यासको परिवेश र पात्रका भाषिक स्वभाव अनुकूलको प्रस्तुतिमा यस्ता वाक्यात्मक प्रयोगले निकै महत्त्वपूर्ण भूमिका खेलेको छ ।

जीवन गोरेटोमा उपन्यासमा बोलीचालीका निपातको प्रयोग निकै प्रभावकारी र यथार्थपरक ढङ्गले गरिएको छ । त्यस्ता निपातहरूको प्रयोगलाई वाक्यका सापेक्षमा यस प्रकार देखाइएको छ :

> बस्न त के (पृ.३) तपाईं त रङहरू साह्रै यत्नसित हेर्नुहुन्छ (पृ ६) । म पनि त ग्राहक हूँ (पृ.५) । लौ भन्नुहोस् दोष मेरो कि सेठको ? (पृ.५) सेट आफै ठगिए कि मैलै ठगें (पृ.५) लौ भन्नुहोस, के मैले ठगें (पृ.६) । फेरी दोहोऱ्याउनु होस् न त (पृ.६) । यो पनि एउटा संयोग नै हो साहाबुद्दीन (पृ. ५) । खोई हजुर, दैवको गति दुःखकष्ट कसलाई पो हुँदैन र ? (पृ.१६) ओह, के भन्नुहुन्छ (पृ.३६) त्यसपछि त विरोध आन्दोलन भयो (पृ.३९) मलाई रातीको भोजन अलिक चाँडै देऊ है (पृ.३९) आज दिउासो पो के हुने हो (पृ.४०)? राती कतिको चिन्तित भयौ त ? (पृ.४०) अब त दिन्हौं मेरो दोकानमा आउन थाल्यो (पृ.५४) । म त काम नपाउने वा काम नगर्ने मान्छे पनि होइन (पृ.५५) नगद त अहिले मसित छैन (पृ ५६) । आहा ! विपद् खून खून भन्दै चिच्याए (पृ.१०१) । मैले पो केही दिने बेलामा बहिनीलाई यस्तो कष्ट दिएँ, तर म तपाइकै सेवक हुँ (पृ.५६) । उपन्यासमा प्रयुक्त यी निपातहरूले उपन्यासको भाषालाई मिठासपूर्ण र लयात्मकका साथै प्रवाहपूर्ण बनाउन सहयोग गरेका छन् ।

जीवन गोरेटोमा उपन्यासमा नेपाली झर्रा शब्दहरूको प्रयोग पनि प्रशस्त मात्रामा गरिएको छ । ती झर्रा शब्दको प्रयोगले लवजमा नेपालीपन झल्किन गएको छ भने नेपाली मौलिक भाषिक संस्कृतितिरको लेखकको मोह र आकर्षणलाई पनि छर्लङ्ग रूपले देखाएको छ । यस उपन्यासमा प्रयोग भएका केही झर्रा नेपाली शब्दहको सूची यस प्रकार प्रस्तुत गरिएको छ :

> जिनिस-पत्र (पृ.२), बात-चित (पृ.४), ख्वास्स (पृ.५), स्वाट्ट (पृ.५), धुमधाम (पृ.६), रीति-थीति (पृ.७), बाटाघाटा (पृ.८), चुपचाप, मूसलधार (पृ.९), झिलिक्क-झिलिक्क (पृ.९), झल्याँस्स (पृ.१०), हल्ला-खल्ला (पृ.१२), भुकभुके उज्यालो (पृ.१६), स्याँ-स्याँ गर्दै (पृ.१७), चकमन्न (पृ.२६), हर्लक्कै (पृ.२५), पुलुक्क (पृ.३१), अत्तालिँदै (पृ.३२), सुटुक्कै, मुसुमुसु (पृ.३३), हत्तपत्त (पृ.४०), आउजाउ, चिया-चमेना (पृ.४०), लुकी-छिपी (पृ.३८), नुहाइ-धुवाइ (पृ.३९), दौडा-दौडी (पृ.४५), गफ-ठट्टा (पृ.४५), हस्याङ-फस्याङ (पृ.५०), कुरा-कानी (पृ.५३), शिल-छाप (पृ.५३) लुरुलुरु (पृ.५७), च्याप्प (पृ.५८), घच्घच्याए, झिलिलि बलेको (पृ.५८), स्याहार-सुसार (पृ.७३), सूटबूट (पृ.७९), निमिटचान्नै (पृ.८६), साख्खै (पृ.८७), च्याउँ-च्याउँ चिउँ-चिउँको (पृ.८७), चरा-चुरूङ्गी, झिलिमिलि (पृ.८७), हिच्किच्याउँथे (पृ.८७), कल-कलाउँदी (पृ.९१), निथ्रुक्क (पृ.९६), भाँडा-कुँडाहरू (पृ.९६), चकचक (पृ.९८), चुपचाप (पृ.९८), भललल रगत (पृ.१०१), टुकुल-टुकुल, तोते-बोली

(पृ.१०७), घुमन्ते-फिरन्ते (पृ.१०७), गडचाम्म (पृ.१३८), वाक-वाक लागेर (पृ.१३७) । नेपाली भाषाका मौलिक वक्ताहरूका वास्तविक औच्चार्य अभिव्यक्तिलाई प्रतिनिधिमूलक ढङ्गले प्रकट गर्न माथि लेखिएका झर्रा शब्दले विशेष भूमिका खेलेका छन् ।

जीवन गोरेटोमा उपन्यासमा विभिन्न भाषाका शब्द, वाक्यांश र वाक्यहरूको प्रयोग भएको छ । समग्रमा भन्दा शिष्ट र व्याकरणिक भाषा प्रयोगका दृष्टिले उक्त उपन्यासको भाषा बढी विचलनयुक्त भए पनि त्यसमा सरलता, मिठास र लाक्षणिकता भएका हुनाले कथानक र कथ्यको प्रभावकारी प्रस्तुति गर्न त्यो सक्षम नै देखिन्छ । जुन परिवेशमा उपन्यास लेखिएको छ, त्यसले यस प्रकारको भाषिक प्रयोगलाई स्वाभाविक बनाइदिएको छ ।

प्रस्तुत उपन्यासका विभिन्न शीर्षकमा कुचबिहार, वर्तमान, कलकत्ता आदि जिल्लाका विभिन्न कारागारको तथा प्राकृतिक परिवेशको वर्णनमा चित्रात्मक शैलीको प्रयोग भएको पाइन्छ । यस उपन्यासमा छोटाछोटा वाक्यहरूको प्रयोग भएको देखिन्छ । मूल पात्र चन्द्रशेखरको जीवनका दैनन्दिन घटनाहरू डायरीमा लेखिएका हुनाले यसको शैली वर्णनात्मक र डायरीमूलक रहेको पाइन्छ । यसरी पात्र अनुरूपको भाषा प्रयोग भएको हुनाले यस उपन्यासको औपन्यासिक भाषा विश्वसनीय बनेको पाइन्छ । सामान्य पाठकलाई यो रुचिपूर्ण पनि बन्न गएको छ ।

जीवन गोरेटोमा संस्मणात्मक शैलीमा लेखिएको उपन्यास हो । यसमा पश्चिम बंगालका विभिन्न कारागारका बन्दी पात्रहरूका जीवन घटनामा आधारित कथानक रहेको छ । यी घटनालाई उपन्यासकारले चन्द्रशेखरका माध्यमबाट प्रस्तुत गरेका छन् । यसरी तृतीय पुरुषीय कथन शैलीमा कथानकको विस्तार भएको छ । संस्मरणात्मक शैलीमा लेखिएका भए पनि यस उपन्यासको प्रस्तुतीकरणको मूल शैली वर्णनात्मक नै हो । वर्णनात्मकताभित्र चित्रात्मकता पनि यस उपन्यासको लेखन शैलीमा पाइन्छ । त्यसैले यसमा चित्रात्मक शैलीको पनि उपयोग भएको छ । एउटा उदाहरण : “सुपरिटेन्डेन्टले सेसन्स अदालतको मृत्यु दण्डादेश पढे । चारैतिर शून्यता, चारैतिर अन्धकार । ५ बज्न ५ मिनेट थियो, नाटाले दुई फाँसी आसमीलाई प्लेटफार्ममा उभिन लगायो, पछाडिबाट हातकडी बाँधिएको थियो” (पृ.१३७) ।

उपर्युक्त उद्धृतांशमा कारागारमा फाँसी दिइएको वर्णन चित्रात्मक शैलीमा निकै प्रभावकारी तरिकाले गरिएको छ । चित्रात्मक शैलीको अर्को नमुना यस प्रकार छ- “सुकुमार र कात्तिकको शरीर छ फीट तल भासियो, चराहरू कागहरू च्याउँ...चिर..चिर गरिरहे । ठुला ठुला आँखा फुकालेर मूर्ति झैं आधा घण्टा एकोहोरो आकाशतर्फ हेरेर नाटा खडाको खडै, चारैतिर सन्नाटा । आधा घण्टापछि उसले प्लाट फर्ममनि पसेर दुइवटा प्राणहीन लाश तानेर निकाल्यो (पृ.१३८) । यसरी मोक्तानले कारागारमा भएको बन्दी नाटा मल्लिकलाई फाँसीको सजाय दिइएको घटनालाई चित्रात्मक शैलीमा प्रस्तुत गरेका छन् । यसरी **जीवन गोरेटोमा** उपन्यासमा प्रयुक्त शैली वर्णनात्मक शैलीकै पनि आकर्षक एवम् कौतुहलपूर्ण छ भने ठाउँ ठाउँमा चित्रात्मक शैलीले उपन्यासलाई थप रोचक एवम् प्रभावकारी बनाएको छ ।

५.४.६ विचार

प्रस्तत उपन्यासमा कृष्णसिंह मोक्तानको जीवनदृष्टि नै खास विचारका रूपमा व्यक्त भएको छ । समाजका यथार्थको अभिव्यक्ति यस उपन्यासको मूल विचार रहेको देखिन्छ । कारागारमा बन्दी भएका व्यक्तिहरूका आर्थिक, राजनीतिक आदि समस्याहरू र तिनका सुन्दर तथा कुरूप दुवै पक्षको यथार्थ चित्रण गर्नु पनि यस उपन्यासको मुख्य उद्देश्य भएको हुनाले यथार्थको चित्रण नै यस उपन्यासको मूल विचार हो । प्रस्तुत उपन्यासको 'भूमिका' मा मोक्तानले यस उपन्यासको विचारका बारेमा आफ्नो अभिमत प्रस्ट राखेका छन् । यस सन्दर्भमा उनको भनाइ यस प्रकार रहेको छ :

> 'जीवन गोरेटोमा' भेटिएका सबै व्यक्तिहरूमा परिपूर्णता र उत्तमता अन्तर्निहित छन् तर तिनीहरूको अवेचतनाका भण्डारमा जम भएका तथ्य, सूचना, तरंग, उत्तेजना, अभिप्रेरणा एवम पूर्वजन्मका संसकारहरूको परिणाम स्वरूप यस्ता विभिन्न अनि विभिन्नका चरित्रहरू पाउँछौं । तिनीहरू सबै सत्यम् शिवम् सुन्दरम् हुन् । तिनीहरूमा बाह्य सुन्दरता नहोला तर आन्तरिक सुन्दरता निश्चय पनि छ । यी सबै चरित्रहरूमा अन्तर्निहित सद्‌गुण र प्रतिभाहरू चियाएर हेर्ने मेरो प्रयास हो, चेष्टा हो, साधना हो । प्रत्येक मानिस नै कुनै न कुनै गुण र प्रतिभाले युक्त हुन्छ । (भूमिका)

मानिसहरू जन्मँदै अपराधी, दोषी र चोर हत्यारा बनेर आएको हुँदैनन् तर कानुनका अगाडि आएपछि उनीहरू अपराधी ठहरिन्छन् भन्ने विचार यसमा उपन्यासकारले राखेका छन् । दोष वा अपराध सानो होस् वा ठुलो कानुनले दिएको सजाय भोग्नै पर्छ भन्ने मूल विचार रहेको यस उपन्यासमा मानव जीवनका यात्रामा आइपर्ने विभिन्न परिस्थिति तथा समस्याभित्र मानिसले जहिले पनि सङ्घर्ष गर्नु पर्छ भन्ने वैचारिक सन्देश दिन खोजिएको छ ।

५.४ निष्कर्ष

कृष्णसिंह मोक्तानका उपन्यास यात्राको दोस्रो चरणका दुई ओटा उपन्यास **जीवन परिक्रमा** र **जीवन गोरेटोमा** हुन् । यी दुवै उपन्यासमा प्रस्तुत गरिएको विषयवस्तु लगभग समान किसिमको छ । दुवै उपन्यास आफ्नो जेल जीवनमा देखे, भोगेका र सुनेका घटनाक्रममा आधारित छन् तथा आफ्नै कार्यकालमा भेटेका विभिन्न खालका अपराधी, परिवन्धले बनाएका अपराधी, विशिष्ट गुण वा क्षमता भएका व्यक्ति तथा समाजका अन्य फरक क्षमता भएका पात्रका जीवन कथा प्रस्तुत गरिएको छ ।

मोक्तानको औपन्यासिक यात्राको दोस्रो चरणको पहिलो तथा समग्रमा तेस्रो उपन्यास **जीवन परिक्रमा** (सन् १९६५) हो । प्रस्तुत उपन्यासमा भिन्न भिन्न परिवेशबाट टिपिएका पात्रहरूका चेतनामा चाहिँ भौतिकवादी, सुधारवादी, आशर्दवादी तथा आध्यात्मिक आदि विचारको उपस्थिति पाइन्छ । भिन्न भिन्न पात्रका भिन्ना भिन्नै विचार रहे पनि यस उपन्यासको मूल

विचारका रूपमा सामाजिक सुधारको चेतनाका साथै मानव सौन्दर्यको आदर्शवादी चेतना नै सक्रिय रहेको छ ।

प्रमुख कथा वाचक पात्र चन्द्रशेखर दार्जिलिङका भए तापनि उनको कार्यक्षेत्र भने दार्जिलिङदेखि बाहिर कलकत्ता महानगरका विभिन्न स्थान तथा पश्चिम बंगाल राज्य अन्तर्गतका विभिन्न कारागारहरू रहेका छन् । यी कारागारहरूमध्ये कलकत्ताको सेन्ट्रल कारागारका विभिन्न कैदीहरूका घटना तथा कथा-व्यथाको विस्तृत वर्णन-चित्रण यस उपन्यासमा भएको छ । यस उपन्यासमा कलकत्ताको सहरिया जीवनका साथै कारागृहका कैदीहरूका मानसिक घटनाहरूलाई यथार्थ ढङ्गमा चित्रण गर्ने प्रयास उपन्यासकारले गरेका छन् । चन्द्रशेखर कारागारका सुपरिवेक्षक तथा आई.जी.का पदमा कार्यरत रहेका समय देखे भोगेका कारागारका कैदीहरूका दैनिक जीवन घटनाहरू आफ्नी श्रीमतीलाई सुनाएका छन् । यसरी फरक फरक कैदीका घटनाहरू भिन्न भिन्नै दिनहरूमा सुनाएका हुनाले यसको कथानक धारावाहिक रूपमा अघि बढेको पाइन्छ । ती विभिन्न कैदी तथा बन्दीहरूका घटनाक्रमको संयोजनबाट यस उपन्यासको कथानक निर्माण भएको छ जसमा वास्तविक परिवेशको टड्कारो चित्र देख्न सकिन्छ । यी पात्रहरू हत्यारा, अपराधी भए तापनि यिनीहरूभित्र देखा परेका उदारता, दया, निष्कपटता, मानवताका गुणहरूको अङ्कन भएको हुनाले प्रस्तुत उपन्यासमा यथार्थ अनुभूतिको जीवन्त अभिव्यक्ति भएको पाइन्छ ।

जीवन परिक्रमा उपन्यासको नामकरण उपयुक्त देखिन्छ । यसको नायक तथा प्रमुख पात्र चन्द्रशेखर आफ्ना कार्यक्षेत्रमा भेटेका विचित्रका कैदी पात्रपात्राका जीवन कथाका आधारमा यस उपन्यासको नामकरण गरिएको पाइन्छ । यस उपन्यासमा खण्ड विभाजन नगरिएको भए तापनि उपन्यासका घटनाक्रमलाई सात परिच्छेदमा विभाजन गरिएको छ । ती सात परिच्छेदमा प्रमुख पात्र चन्द्रशेखरले भेटेका सात जना पात्रका कथा-व्यथा समेटिएका छन् । ती प्रत्येक कथाका सूत्रधार, द्रष्टा र वक्ता पात्र चन्द्रशेखर नै रहेका छन् ।

प्रस्तुत उपन्यासको परिवेश भने दार्जिलिङदेखि कलकत्तासम्म विस्तृत भएको पाइन्छ । भारत स्वतन्त्र भएको दुई दशकपछिको कलकत्ता महानगरको सामाजिक, आर्थिक, राजनीतिक परिवेशको चित्रण सजीव रूपमा भएको देखिन्छ । उक्त परिवेशमा राजनीतिक नेताहरू बन्दी भएका साथै आर्थिक अवस्थाले चोर्न बाध्य भएका बन्दीहरूका चरित्र चित्रणद्वारा तत्कालीन सामाजिक परिवेशको उदाङ्गो चित्र देख्न सकिन्छ ।

भारतको दण्ड विधान अनुसार कैद भएका राजनीतिक नेता, डाँकु, अपराधी, हत्याराहरूका मानसिक, वैचारिक र चारित्रिक भिन्नताको उद्घाटन प्रस्तुत उपन्यासमा भएको पाइन्छ । धर्मप्रसाद धिताल (धिताल बाजे) र चतुरमान सुब्बा आर्थिक दुरवस्थाका कारण महानगरमा नोकरी गर्न बाध्य भएका पात्रहरू हुन् । उनीहरूले जस्तै आर्थिक सङ्कट भोग्न परे तापनि चौकीदारी तथा चिया दोकानमा काम गरेर जीविका उपार्जन गरेका प्रसङ्गबाट महानगरमा जीवनयापन गर्न बाध्य बनेका नेपालीहरूका जीवन दशाको उद्घाटन गरिएको पाइन्छ । नेपालीहरूले जस्तै कठिन आर्थिक परिस्थितिमा पनि इमानदारीपूर्वक मेहतन गरेका हुन्छन् तर हात फैलाएर वा मागेर खाने काम गर्दैनन् भन्ने यथार्थ चित्रण उपन्यासमा गरिएको छ । यी पात्रहरू बाहेक अन्य बद्ध पात्र-पात्राहरू

प्रायः कारागृहहरूमा कैद भएर सजाय भोग गरिरहेका पात्रहरू रहेका छन् । रामकृष्ण बोस भने सहरिया जीवनका शिक्षित परिवारका पात्र हो । उसको मानसिक विकृति भएको घटनाले शिक्षित सहरिया जीवनको प्रतिनिधित्व गरेको छ । प्रस्तुत उपन्यासका पात्र-पात्राहरू सजीव तथा विश्वसनीय रहेका छन् ।

प्रस्तुत उपन्यासको भाषा सरल रहेको देखिन्छ । यस उपन्यासका पात्र-पात्राहरू नेपाली प्रजातिका साथै बंगाली, बिहारी, मारबाडी आदि प्रजातिबाट लिइएका हुनाले सोही अनुकूल बंगला, अङ्ग्रेजी र हिन्दी भाषा मिश्रित नेपाली भाषाको प्रयोग गरिएको छ । शिक्षित तथा कार्यालयका कर्मचारी पात्रले प्रयोग गर्ने भाषा स्तरीय हुनुका साथै अन्य भाषा मिसाइएको भए तापनि आम जनजीवनमा प्रचलित पद पदावलीको प्रयोग तथा छोटा र सरल प्रकारको वाक्य गठनले गर्दा यस उपन्यासको भाषा सरल, सहज र प्रभावोत्पादक बन्न सकेको छ ।

जीवन परिक्रमा उपन्यास सामाजिक यथार्थवादी उपन्यास बनेको छ । यस उपन्यासमा प्रयुक्त कारागृहमा कैद भएका विभिन्न कैदी पात्रहरू यथार्थ जीवनबाट टिपिएका हुन् । तिनीहरूको जीवन शैली तथा अद्भुत घटनाहरूको संयोजनले औपन्यासिक कथानक रोचक र प्रभावोत्पादक बनेको छ । एउटै कथाको आदि, मध्य र अन्त्यको शृङ्खला यस उपन्यासमा छैन, बरु भिन्न भिन्न परिवेशका भिन्न भिन्न पात्रको कथा संयोजन गरेर उपन्यासको निर्माण गरिएको छ । त्यसैले यो परम्पराभन्दा भिन्न बेग्लै किसिमको यथार्थवादी उपन्यास बन्न गएको छ । कथानकको परिवेश, पात्र र तिनका कार्य व्यापारबिच सङ्गति पाइन्छ ।

कृष्णसिंह मोक्तानको दोस्रो चरणको दोस्रो तथा समग्रतः चौथो औपन्यासिक कृति **जीवन गोरेटोमा** (सन् २००३) हो । उनका अन्य उपन्यासभन्दा यस उपन्यासले नौलो प्रवृत्ति र विचारलाई ग्रहण गर्दै नेपाली उपन्यास परम्परामा महत्त्वपूर्ण भूमिका लिएको छ । यस उपन्यासमा सामाजिक, आर्थिक र राजनीतिक कारणहरूले गर्दा विभिन्न पात्रहरूले भारतको दण्ड विधान अनुसार पश्चिम बंगाल राज्यका विभिन्न कारागारहरूमा बन्दी बन्नु परेको साथै फाँसीको सजायसम्म भोग्न बाध्य हुनु परेका स्थितिको कुशल र प्रभावकारी चित्रण भएको छ ।

प्रस्तुत उपन्यासलाई घटना र पात्रका आधारमा विभिन्न दश ओटा खण्डमा विभाजन गरी तिनको भिन्नाभिन्नै शीर्षक दिइएको छ । यसमा घटना र पात्र सबै यथार्थ देखिन्छन् । समाजमा भएको शोषण र अत्याचारको विरोध गर्ने नेताहरूले कानुन हातमा लिँदा उनीहरूले मृत्युदण्ड भोग्नु परेका सत्य घटनाको उद्घाटन गर्न उपन्यासकार सक्षम बनेका छन् । चन्द्रशेखर उपन्यासको केन्द्रीय औपन्यासिक भूमिकालाई अँगाल्ने मूल पात्र हुन् । उनको जीवन गोरेटोमा भेटिएका विभिन्न मोडहरूको नामबाट उपन्यासको नामकरण गरिएको हुँदा यस उपन्यासको शीर्षक सार्थक भएको छ ।

जीवन गोरेटोमा उपन्यासका पात्रहरू अपराधी, हत्यारा, आन्दोलनकारी, आतङ्कवादी, चोर, डाँकु आदि भए तापनि तिनीहरूमा अद्भुत प्रतिभा रहेको देखिन्छ । तिनीहरूमा आत्मविश्वास छ । आफ्नो अस्तित्व अनि समाजका सबै वर्गप्रति नयाँ चेतना, उदारता र विकासको मूल फुटाउने

उनीहरूको लक्ष्य छ । यस उपन्यासमा भारत स्वतन्त्र भएपछि देशको विभिन्न जिल्लाहरूमा अपराधीहरूलाई सजाय दिन बनाएका कारागारहरूमा बन्दी पात्र-पात्राहरू रहेका छन् । यस उपन्यासमा तत्कालीन सामाजिक, आर्थिक, राजनीतिक, शैक्षिक मान्यता र मूल्यबारे वैचारिक द्वन्द्वको चित्रण गरिएको पाइन्छ । यस उपन्यासमा निम्न, निम्न मध्यमवर्ग तथा उच्चवर्गका जीवन सङ्घर्ष, विचार चरित्र तथा उनीहरूको बाध्यता र परिस्थिति आदिका कारण अपराधी बन्नु परेका घटनाहरूको चित्रण भएको पाइन्छ । यसमा नारी पात्रहरू पनि हत्यारा, अपराधी भएका छन् । उनीहरू समाजमा विभिन्न कार्यकलापसित संलग्न रहेका छन् । आफ्नो सुरक्षाको कारण हत्यारिणी बन्न पुगेकी नारी पात्रहरू रत्नमाया स्यांगदेन र एडेल केनी हुन् । सुदीपा चाहिँ मानसिक असन्तुलन भएकी शिक्षित पात्रा हो ।

नेपाली उपन्यास साहित्यमा **जीवन गोरेटोमा** कारागार सम्बन्धी लेखिएका प्रथम उपन्यास हो भन्ने अभिव्यक्ति उपन्यासकार मोक्तानले दिएका छन् । उपन्यासभित्र विभिन्न उपशीर्षक दिइएकाले यसको संरचना पनि नयाँ किसिमको छ । यस उपन्यासको कथावस्तु मिश्रित घटनाहरूमा आधारित भए तापनि स्वाभाविक, गतिशील रहेको छ । उपन्यासको भाषा सरल छ र शैली वर्णनात्मक छ । नेपाली मूल माध्यममा लेखिएका भए पनि अङ्ग्रेजी, हिन्दी, बंगला आदि भाषाका भाषिक एकाइहरूको मिश्रणले यस उपन्यासलाई मिश्रित भाषाको सङ्गम बनाएको छ ।

उपन्यासका प्रमुख पात्र चन्द्रशेखर नेपाली प्रजातिका पात्र हुन् । उनी कारागार सुपरिवेक्षक पदमा कार्यरत रहेका छन् । उनले नेपाली प्रजातिका प्रतिनिधित्व गर्ने एक इमान्दार प्रतिष्ठित पात्रको भूमिका निर्वाह गरेको देखिन्छ । **जीवन गोरेटोमा** उपन्यासमा कारागारका बन्दी पात्र-पात्राहरू रहेका छन् । उनीहरूका चारित्रिक विश्लेषणका आधारमा भन्नु पर्दा यो उपन्यास भिन्न भिन्न मानव चरित्रलाई प्रतिनिधित्व गर्न सक्षम रहेको छ र यसका पात्रहरूले जीवनका भिन्न भिन्न आयामलाई संवेदनशील ढङ्गले प्रस्तुत गरेका छन् । यसमा बहु पात्रहरूको संयोजन भए पनि ती सबैले आफ्नो समयको समाज र मानवीय रुचि र स्वभावलाई व्यक्त गरेका छन् ।

समय, परिस्थिति र बाध्यताले मानिसलाई अपराधी हत्यारा बनाउँछ, उनीहरू जन्मँदै अपराधी बनेका हुँदैनन् भन्ने विचार नै यस उपन्यासको मूल कथ्य हो । मूल रूपमा समाजमा भएका यथार्थ घटनाको चित्रण गर्नु यसको मूल उद्देश्य रहेको देखिन्छ । औपन्यासिक तत्त्वगत आधारमा सरल भाषाको प्रयोग, निम्न, मध्य र उच्चवर्गीय पात्र चयन, प्रकृति चित्रण, साथै सत्य र तथ्य घटनाको वर्णनले **जीवन गोरेटोमा** उपन्यासलाई सामाजिक यथार्थवादी उपन्यास बनाएको छ । नेपाली उपन्यास जगत्मा उपन्यासकार कृष्णसिंह मोक्तानको **जीवन गोरेटोमा** उपन्यासलाई नौलो परिपाटीको सफल सामाजिक यथार्थवादी उपन्यास मान्न सकिन्छ ।

छैटौं अध्याय

कृष्णसिंह मोक्तानका औपन्यासिक प्रवृत्तिहरू

६.१ विषय परिचय

साहित्यिक क्षेत्रमा 'प्रवृत्ति' को तात्पर्य मनुष्यको व्यक्तिगत वा सामाजिक जीवन प्रस्तुत गर्ने विशिष्ट विधि र दिशा हो । औपन्यासिक कृतिहरूमा उपन्यासकारले जीवनका विविध भाव र क्रियाहरूको चित्रण, वर्णन गर्न अँगालेका विशिष्ट विधि, पद्धति र दिशाहरू नै औपन्यासिक प्रवृत्ति हुन् । यसरी औपन्यासिक प्रवृत्ति भन्नाले उपन्यासकारले उपन्यासमा प्रस्तुत गरेका मूलभूत विचार र औपन्यासिक विशेषतालाई समष्टिमा बुझिन्छ । स्थूल रूपमा र अझ दर्शनका सापेक्षतामा यी विचारहरू आदर्शवादी, स्वच्छन्दतावादी, यथार्थवादी, प्रगतिवादी, नारीवादी आदि विविध प्रकारका हुन्छन् । यिनै विभिन्न दार्शनिक विचारका पृष्ठभूमिमा जीवनका विविध विषय तथा भावको अभिव्यक्ति उपन्यासमा गरिन्छ र त्यसबाटै प्रवृत्तिको निर्माण हुन्छ । उपन्यासकारिताको एउटा मुख्य पाटो उपन्यासका विधागत उपकरणहरूको प्रयोग कौशल हो भने अर्को पाटो विविध प्रवृत्तिगत वैशिष्ट्य हो । पूर्ववर्ती अध्यायमा विधातात्त्विक अध्ययन भइसकेकाले यस अध्यायमा मोक्तानका उपन्यासमा पाइने विभिन्न प्रवृत्तिको अनुशीलन गर्दै प्रवृत्तिगत वैशिष्ट्यको निरूपण गरिएको छ ।

६.२ विविध विषय वस्तुमा आधारित उपन्यास लेखन

उपन्यासकारले आफ्ना उपन्यासमा उठान गर्ने तथ्य वा सन्दर्भ नै विषयवस्तु हो । कुनै पनि उपन्यासकारले आफ्ना उपन्यासमा कुनै न कुनै विषय प्रस्तुत गरेको हुन्छ । त्यस्ता विषयवस्तुका स्रोतहरू सामाजिक, आर्थिक, राजनीतिक, धार्मिक, मनोवैज्ञानिक, शैक्षिक आदि हुन सक्छन् । यस्ता विषयहरूलाई वैचारिक कोणबाट प्रस्तुत गर्ने काम उपन्यासकारले गर्दछन् । यस दृष्टिले मोक्तानका उपन्यासहरूमा सामाजिक विषय अन्तर्गतका विविध पक्षहरू प्रयोग भएको देखिन्छ ।

मोक्तानका **चरणधूलि** र **अशेष यात्रा** उपन्यासको विषयवस्तु विवाहपूर्वका युवा युवतीमा हुने प्रणय सम्बन्धमा आधारित रहेको छ । दार्जिलिङको सामाजिक जीवनको आर्थिक विषमता र युवा युवती बिच हुने प्रणय सम्बन्धमा आएका समस्याहरूलाई देखाएर यस उपन्यासको सिर्जना गरिएको छ । ती समस्याहरूमा सामाजिक संरचनाले जन्माएका अप्ठ्याराहरूको व्याख्या गर्ने क्रममा मानवीय विश्वास र आत्मिक प्रेमलाई केन्द्रमा राखिएको छ । **चरणधूलि** उपन्यासको सामाजिक परिवेश दार्जिलिङका विभिन्न भूभाग हुँदै कलकत्तादेखि मलायासम्म पुगेको छ । **अशेष यात्रा** उपन्यासमा भने दार्जिलिङको खरसाङ, मिरिक जस्ता विभिन्न स्थानको

परिवेशसँगै बनारस, कलकत्ता, आसामको कोहिमासम्मका परिवेश चित्रित छन् । यी दुई ओटै उपन्यासमा पुरानो र नयाँ दुई पुस्ताका जीवनशैली र चिन्तन रहेका छन् । सांस्कृतिक दृष्टिले हेर्दा भारतीय नेपालीहरू आर्थिक, सामाजिक तथा अन्य रूपमा भारतीय मूलका विभिन्न जातिहरूसँग घुलमिल हुँदै आएको यी दुवै उपन्यासमा देखाइएको छ ।

विषयवस्तु प्रयोगका दृष्टिले मोक्तानका **चरणधूलि** र **अशेष यात्रा** उपन्यासको मूल विषय अविवाहित युवा युवतीमा हुने प्रणय व्यापार रहेको छ । यससँग सम्बन्धित दार्जिलिङको सामाजिक, आर्थिक, शैक्षिक, राजनीतिक आदि विषयहरू पनि सहायक विषयवस्तुगत स्रोत बनेका छन् । यी उपन्यासमा भावनात्मक पक्ष प्रबल भएर आएको देखिन्छ ।

उपन्यासकार मोक्तानले आफ्नो जीवन यात्रामा देखेका, भोगेका साथै भेटेका विभिन्न पात्रहरूसँग सम्बद्ध घटनाहरूलाई **जीवन परिक्रमा** उपन्यासको विषयवस्तुगत स्रोत बनाएका छन् । एउटा सचेत र सिर्जनात्मक दृष्टि भएको लेखकले आफ्नो जीवन यात्रामा जे जस्तो सामाजिक, सांस्कृतिक, आर्थिक समस्याहरू भोग्छ त्यसै विषयलाई उपन्यास लेखनको स्रोत बनाएर प्रयोग गरेको हुन्छ । मोक्तानले पनि आफ्नो कार्यालयीय जीवन यात्रामा भेटेका पात्रहरूका घटनाहरूलाई कल्पित आफ्नै प्रारूपीकृत कथा वाचक चन्द्रशेखरद्वारा प्रस्तुत गरेका छन् । विभिन्न पात्र पात्राहरूको घटनावलीलाई उपन्यासकारले प्रस्तुत उपन्यासको विषयवस्तु बनाएका छन् ।

भारतको केन्द्रीय शासन सत्ता अन्तर्गत राज्य र प्रान्तीय शासन सत्ता हुँदै दार्जिलिङको स्थानीय जाति, धर्म, अर्थ लगायतका विषयहरू **जीवन परिक्रमा** उपन्यासमा मूल विषयवस्तु बनेर आएका छन् । यी विषयभित्र भारतीय नेपालीहरूले भोगेका विभिन्न सामाजिक समस्याहरूको अभिव्यक्तितर्फ पनि उपन्यासकारले विशेष चासो देखाएका छन् । यसरी मोक्तानले प्रस्तुत उपन्यासको विषयवस्तु सामाजिक स्रोतबाटै लिएका छन् ।

मोक्तानको चौथो कृति **जीवन गोरेटोमा** उपन्यासको मूल विषय कारागारमा बन्दी बनेर रहेका विविध खाले कैदीका जीवनको सेरोफेरोमा केन्द्रित रहेको छ । राष्ट्रले अँगालेका राजनीतिक प्रणालीभित्रका प्रशासनिक व्यवस्था तथा न्याय र दण्डविधि विधान एवम् त्यसबाट प्रत्यक्ष रूपमा प्रभावित पात्रका अन्तर्व्यथाको प्रस्तुति नै यस उपन्यासको मूल विषय हो । त्यसैले यो उपन्यास पनि समाज, मानवीय संवेदना र न्यायविधि जस्ता विषयवस्तुको अभिव्यक्तिमा केन्द्रित रहेको छ । यसका साथै जीवन र समाजका आपराधिक मनोवृत्ति, बाध्यता र परिबन्द, अपराध र त्यसले पारेका बहुमुखी प्रभाव, आवेग जस्ता सन्दर्भहरू प्रासङ्गिक विषयका रूपमा यस उपन्यासमा आएका छन् ।

मोक्तान सामाजिक यथार्थलाई औपन्यासिक स्रोतका रूपमा प्रयोग गरी उपन्यास लेख्ने उपन्यासकार हुन् । उनको जागिरे जीवन प्रशासनिक व्यवस्थासँग सम्बन्धित रहेको छ । उनको कार्य क्षेत्र पश्चिम बंगालका विभिन्न कारागारहरू साथै केन्द्रीय कारागार रहेको छ । यी कारागारहरूमा भारत सरकारद्वारा अपराधी ठहर गरिएका विभिन्न बन्दी पात्रहरूका जीवन

घटनालाई उपन्यासकारले **जीवन गोरेटोमा** उपन्यासमा प्रस्तुत गरेका छन् । प्रस्तुत उपन्यासमा उपन्यासकारले मूल रूपमा दस जना बन्दी पात्रका जीवन शैली, उनीहरूका अपराध, बाध्यता र परिबन्द, काराबास, फाँसी आदि घटना सन्दर्भहरूलाई मूल विषयवस्तु बनाएको देखिन्छ ।

मोक्तानका चार ओटा उपन्यासहरू मध्ये **चरणधूलि** र **अशेष यात्रा** उपन्यासको विषयवस्तु प्रणय व्यापारसँग सम्बद्ध मानवीय सम्बन्ध रहेको छ । **जीवन परिक्रमा** र **जीवन गोरेटोमा** उपन्यासको विषयवस्तु भारतका विभिन्न कारागारमा बन्दी बनेका नेता, चोर, डाँकु, अपराधी, हत्यारा आदि पात्रका जीवन शैली, उनीहरूका जीवन कथा, संवेदना, संवेग जस्ता यथार्थ घटनाहरूसँग सम्बद्ध रहेको छ । यसरी मोक्तानले मानवीय आत्मिक प्रेम तथा आफू बाँचेको समाजका यथार्थ घटनाहरू भिन्न भिन्न परिवेशमा बाँचिरहेका मानिसहरूको जीवनदशा अनि तिनका जीवनका नियतिले पारेको प्रभाव जस्ता कुरालाई आफ्ना उपन्यासमा प्रयुक्त विषयको मूल स्रोत बनाएका छन् । यसबाट मोक्तानको उपनयास लेखन विविध विषयवस्तुमा आधारित रहेको देखिन्छ ।

६.३ स्वच्छन्दतावादी जीवन दर्शनको अभिव्यक्ति

स्वच्छन्दतावादी औपन्यासिक कृतिका अभिलक्षणहरूमा प्रणय सौन्दर्य, भावुकता, मिलनको आतुरता, विछोडको पिडा, काव्यात्मक अभिव्यक्तिमा विशेष जोडका अतिरिक्त आधुनिकतामा होडबाजी, स्वच्छन्द प्रणयवरण तथा स्वप्निल जगत्का आवेग, उमङ्ग तथा भावनाको प्रबलतालाई कलात्मक किसिमले प्रयोग गर्नु यस प्रवृत्तिका उपन्यासको मूल अभिष्ट रहेको छ (सुवेदी, २०५३ : ७३) । काव्यात्मक कलाको प्रस्तुति, रागात्मक मूल्यप्रति रुचि हुनु, स्वच्छन्द विचरणको आन्तरिक चाहना नै स्वच्छन्दतावादी उपन्यासका खास विशेषताहरू हुन् । यस प्रवृत्तिका उपन्यासमा सस्तो भावुकता, स्वप्निल संसारको परिकल्पना, प्रणय-प्रसङ्ग तथा यसका अवरोधक पक्ष, भावनात्मक संवेग, मानसिक प्रताडना, पलायन जस्ता कुराले उत्पन्न गराउने तनाव, छटपटी आदि जीवन सापेक्ष विसङ्गत पक्षको अभिव्यक्ति पाइन्छ । प्रणय भावमा सन्निहित हुन रुचाउने नायक नायिकाको द्वन्द्वले मानसिक विकारको सिर्जना गर्छ । त्यसले समय, समाज र स्वयम् पात्रलाई प्रभाव पारेको हुन्छ । मोक्तानका **चरणधूलि** र **अशेष यात्रा** उपन्यासमा स्वच्छन्दतावादी प्रवृत्ति मुख्य रहेको छ । मोक्तानका उपर्युक्त दुई उपन्यासमा केन्द्रित भएर स्वच्छन्दतावादी प्रवृत्तिको निरूपण यस अन्तर्गत गरिएको छ ।

चरणधूलि (सन् १९५६) स्वच्छन्दतावादी उपन्यास हो । यसमा स्वच्छन्द प्रेमतत्त्वलाई केन्द्रमा राखिएको छ । मानव जातिको प्रेम प्रकरणका घटना व्यापारमा केन्द्रित युवा युवतीका विवाहपूर्वका प्रेम सम्बन्धमा आएका आर्थिक लगायत अन्य प्रकारका विघ्न बाधाहरूको वर्णन यस उपन्यासमा गरिएको छ । यस उपन्यासको प्रमुख पात्र तथा नायक जीवन शिक्षित स्वाभिमानी एवम् कला, साहित्य, संस्कृति प्रेमी आदर्श पात्र हो । यस्तै प्रकारले नीरा एक शिक्षित, सुशील, आदर्श गुण भएकी प्रमुख नारी पात्र हो । उनीहरू दार्जिलिङ सन्त

जोसेफ महाविद्यालयका बि.ए.का छात्र-छात्रा हुन् । उनीहरूको प्रथम भेट उक्त महाविद्यालयका प्रोफेसरका घरमा अध्ययनकै सिलसिलामा भएको छ । पहिलो परिचयदेखि उनीहरू दुवैमा प्रेमको सञ्चार भएको देखिन्छ । दार्जिलिङको प्राकृतिक रमणीयतामा उनीहरू प्रेमालाप गर्ने गर्छन् । जीवनको आर्थिक अवस्था कमजोर भएका कारणले अध्ययन अधुरै छाडी जागिरका निम्ति विदेश जानु पर्दा उनीहरू केही समय टाढा हुनु पर्छ । यसरी आपसमा छुट्टिनु परे पनि उनीहरूको सात्त्विक प्रेम जीवन्त रहन्छ । यस कारणले नै जीवन र नीराका बिचको प्रेम सफलतामा पुगी यो उपन्यास संयोगान्त बन्न गएको छ ।

प्रस्तुत उपन्यासमा मोक्तानले आत्मिक पवित्रतातिर उन्मुख भई समर्पण र उत्सर्ग प्रेमलाई विशेष महत्त्व दिएका छन् । यस सन्दर्भको पुष्टिका निम्ति **चरणधूलि** उपन्यासबाट निम्नलिखित उदाहरण प्रस्तुत छ :

> नीराले जीवनको चरणको धूलो शिरमा लगायँदै विस्तारै भनी–'म तिम्रो भएँ, तिमी मेरो, जुन अन्न खाएर हामी बाँच्छौं, त्यसको प्राणदाता धर्ति हो, जहाँ हामीहरूको मरणपछि आश्रय हुन्छ । त्यो पनि धर्ति नै हो । आज तिम्रो चरणधूलि मेरो शिरमा राखि म पूर्ण गर्छु, म तिम्री हुँ, तिमी मेरो देवता हौ, भगवान हौ । (पृ.४८)

नीरा जीवनप्रति समर्पित छे । उसमै समाहित हुन चाहन्छे । जीवनलाई पतिका रूपमा स्वीकार गरेकी नीराले उसलाई भगवान सरह मान्छे । उसले टेकेको धुलो पनि पवित्र मान्दै आफ्ना शिरमा लगाउँछे । यस सन्दर्भमा अत्यन्त आदर्शवादी प्रेमलाई प्रस्तुत गरिएको भए पनि त्यसको अन्यार्थ नीरा जीवनप्रति आत्मिक पवित्र प्रेम गर्छे भन्ने पनि हो ।

अशेष यात्रा (सन् १९६४) मोक्तानको दोस्रो स्वच्छन्दतावादी उपन्यास हो । मानवीय प्रेम प्रकरणका क्रिया व्यापारमा यसको मूल कथानक विस्तार भएको छ । यस उपन्यासको मूल पुरुष पात्र करण र मूल नारी पात्र अनुराधाको पहिलो भेट बनारसको काशी हिन्दू विश्वविद्यालयमा भएको छ । यी दुई उच्च शिक्षा आर्जन हेतु उक्त विश्वविद्यालयमा गएका हुन्छन् । करणले अनुराधालाई पहिलो परिचयदेखि नै आफ्नी प्रेमिका बनाउने सपना देख्छ । अनुराधा चाहिँ पहिल्यैदेखि वसन्तकुमारसँग प्रेममा परेकी हुन्छे । यस्तैमा वसन्तकुमारले अनुराधालाई विश्वासघात गरेर अर्की युवतीसँग बिहे गर्छ । यस घटनाले अनुराधाको आत्मिक प्रेममा आघात पर्छ र उसको मानसिक सन्तुलन बिग्रन जान्छ । अनुराधा बारेको यो घटना थाहा पाए पनि करणले अनुराधालाई झनै प्रेम गर्छ । फलस्वरूप करण अनुराधालाई भेट्न मानसिक आरोग्यशालामा पुग्छ । सिकिस्त अवस्थामा भएकी अनुराधालाई करणले प्रेमपूर्वक बोलाउँछ । प्रेम भरिएको करणको स्वर सुनेर अनायासै अनुराधाको मानसिक स्थितिमा सुधार आउँछ र यी दुईको सुखद मिलन हुन्छ । यस प्रकार प्रस्तुत उपन्यासमा प्रेमको वास्तविक र पवित्र स्वरूपलाई विशेष महत्त्व दिइएको छ । यस्तो प्रेम आत्मिक प्रेम हो । करणको अनुराधाप्रतिको पवित्र प्रेमले नै यस उपन्यासलाई सुखान्त वा अनुकूल परिस्थितिमा पुऱ्याएको छ । आत्मिक प्रेमलाई सर्वोपरि महत्त्व दिइएकाले नै यो स्वच्छन्दतावादी उपन्यास बन्न पुगेको छ ।

मोक्तानका **चरणधूलि** र **अशेष यात्रा** उपन्यासमा मुख्यतः स्वच्छन्दतावादी जीवन दृष्टिकै प्रस्तुति रहेको छ । **चरणधूलि** उपन्यास आत्मिक प्रेम नै सबैभन्दा ठूलो हो भन्ने विचारमा केन्द्रित रहेको छ । त्यसैले यसमा स्वच्छन्दतावादी-आर्दशवादी विचार व्यक्त भएको छ । **अशेष यात्रा** उपन्यास चाहिँ स्वच्छन्दतावादी मनोविज्ञानसँग सम्बन्धित रहेको छ । यी दुवै उपन्यासमा आत्मिक प्रेम अमर हुन्छ भन्ने स्वच्छन्दतावादी आदर्शवादी चिन्तनलाई अभिव्यक्त गरिएको छ ।

मोक्तानका उपन्यासहरूमा प्रणय सन्दर्भको स्वच्छदतावादी चित्रण गरिएको पाइन्छ । **चरणधूलि** उपन्यासका प्रमुख पुरुष पात्र जीवन र प्रमुख नारी पात्र नीराका बिचमा प्रणय सम्बन्ध स्थापित भएको छ । उनीहरूका बिचको प्रारम्भिक प्रेमाङ्कुरणलाई उपन्यासकारले अत्यन्त रोचक ढङ्गले चित्रण गरेका छन्, जस्तै :

> प्राध्यापकले चिया मगाए । सबै चिया पिउन थाले । नीरालाई किन हो आज औधी लाज लागिरहेको थियो, एक प्याला चिया पिउन उसलाई धौ धौ पऱ्यो । एकासी नीराले आफ्नो काखका पुस्तकहरू भुइँमा झारी औ लाजले भुतुक्क भई, चिया टेबलमा राखेर पुस्तकहरू टिप्न थाली । तर जीवनले फूर्तिपूर्वक ती सबै पुस्तकहरू टिपी टेबलमा राखिदियो । नीराले "दाज्युलाई पो दुःख नि !" भन्दै जिब्रो झिकी । जीवनले हाँस्तै नीरालाई हेरीबस्यो, दुवैका आँखा जुधे । (पृ.१८)

पहिलो भेटदेखि नै जीवन र नीराका बिचमा प्रेमको सूत्रपात भएको देखिन्छ । यी दुईका आँखा जुध्नु, नीरा लजाउनु, जीवनले नीरालाई हेर्नु जस्ता क्रियाले दुवै बिचमा प्रेमाङ्कुरण भएको बुझाएको छ । त्यस्तै अर्को उदाहरण :

> जीवनले नीराको हातबाट पुस्तकहरू थाप्यो । एक्कासी नीराको कोमल हातमा बूढीऔँलाले स्पर्श गऱ्यो । बिजुलि चम्के झैँ एक अद्भूत शक्तिले जीवनको शरीरमा कम्प चलायो । नीराको आँखा लाजले चिम्म भयो । त्यसका गालाहरू अझ लाजले राता भए, मुटु बेससित ढुकढुक गरिरहेथ्यो । (पृ.२४)

चरणधूलि उपन्यासको नायकले नायिकाको हातमा छुँदा बिजुली चम्के झैँ हुनु, शरीर काँप्नु, नायिकाको आँखा लाजले चिम्म हुनु, मुटु ढुकढुक हुनु जस्ता लक्षणहरूको चित्रणद्वारा प्रणय सन्दर्भको स्वच्छन्दतावादी प्रवृत्तिलाई माथिका उद्धरणले चरितार्थ गरेको छ ।

प्रेमका मिलन र विछोड वा विरह दुई अवस्था हुन्छन् । मिलन वा संयोगले मानिसलाई खुसी वा आनन्द दिन्छ भने विछोडले दुःख वा पीडा दिन्छ । प्रेम विश्वासमा अडिएको हुन्छ । विश्वासघातले मान्छेलाई मानसिक रोगी बनाउँछ । **अशेष यात्रा** उपन्यासमा पनि प्रेमका विश्वास र विश्वासघातका दुवै अवस्थाको चित्रण पाइन्छ । विश्वासले सुखान्तमा पुऱ्याउँछ भने विश्वासघातले दुःखान्तमा पुऱ्याउँछ । करण अनुराधाप्रतिको प्रेममा विश्वास राख्छ र त ती दुवैको प्रेम मिलनमा पुगेर टुङ्गिएको छ । यसै विश्वासको आधारमा करण र अनुराधा दार्जिलिङ सहर नजिकको मायापुरीको शान्त, एकान्त तथा मनोहर वातावरणमा वार्तालाप

गर्न पुग्छन् । त्यस समयमा उनीहरू आआफ्नो परिचय बाँड्छन् । प्रेम प्रसङ्गलाई अगाडि बढाउँदै उपन्यासकार लेख्छन् :

> आजको यो रात पूर्णिमाको चन्द्र काशी हिन्दू विश्वविद्यालयको जीवनमा तिमीसित भेट, यी महत्त्वपूर्ण क्षणहरू कहिल्यै विस्मृति नहुने गरी हृदयमा गाडिएको छ । तिमीलाई नि कस्तो लाग्छ ? करणले अत्यन्त भावुक भएर सोध्यो । अनुराधा लाजले रातो भई । त्यो बोल्न सकिन । केवल के के सोच्दै करणको अनुहारमा हेरिरही । (पृ.२८)

उपर्युक्त उद्धरणमा करण र अनुराधा बिचको प्रेम सम्बन्धलाई प्रभावकारी ढङ्गले चित्रण गरिएको छ । नायक करणले अनुराधासितको मिलनलाई जीवनको महत्त्वपूर्ण क्षण ठानी कहिल्यै नभुल्ने विचार प्रकट गर्छ । अनुराधाले पनि लजाएर करणको अनुहारमा हेरिरहेको प्रसङ्गद्वारा उपन्यासमा प्रणय सन्दर्भको स्वच्छन्दतावादी चित्रण भएको छ ।

वसन्तकुमार प्रेममा विश्वास होइन विश्वासघातलाई महत्त्व दिन्छ र त्यस विश्वासघातले अनुराधालाई निकै ठुलो चोट दिएको छ । यस विश्वासघातले उसलाई मनोरोगी बनाइदिएको छ । मनोरोगको सिकार भएकी अनुराधाको स्थिति निकै नाजुक भएको छ । उपन्यासकारले विश्वासघातले आहत अनुराधालाई यसरी विरही गीत गाउन लगाएका छन् :

> एउटा घरको झ्यालबाट नारीको सुरिलो आवाज आयो-
>
> शून्यतामा ब्युँझी एकलै, ब्युँझी एकलै
>
> कसको व्यथा सजायो
>
> दूर कतै व्याकुल अन्तर
>
> रोइरहेछु एकलै
>
> सम्झी अघिको दिन पुरानो
>
> घाउ, बन्यो त्यो बेग्लै,
>
> शून्यतामा ब्युँझी एकलै (पृ.३)

प्रस्तुत उपन्यासकी प्रमुख नारी पात्र अनुराधाले मध्यरातमा यसरी गीत गाइरहेकी हुन्छे । उसको प्रेमी वसन्तकुमारले विश्वासघात गरी अर्की युवतीलाई बिहे गरेका कारण अनुराधाको हृदयमा आघात पर्दा उसको मानसिक सन्तुलन खलबलिन्छ । यसरी अनुराधाले नारी हृदयमा परेको प्रेमपीडा मध्यरातको अँध्यारोमा गीतद्वारा पोखेकी छ ।

करणले अनुराधालाई आफ्नी प्रेमिका बनाउने भावनात्मक सपना देखिरहेको हुन्छ । उनीहरूको प्रथम भेट काशी हिन्दू विश्वविद्यालयमा भएको हुन्छ । दुवै उच्च शिक्षा ग्रहण गर्न उक्त विश्वविद्यालय गएका हुन्छन् । करणले अनुराधाको प्रेम पाउन अनेक कठिनाइहरू भोग्नु परेको छ । अनुराधा र वसन्तकुमारको प्रणय सम्बन्ध अघिदेखिकै रहेको जानकारी पाएपछि करण भौँतारिएर दार्जिलिङ आएको हुन्छ । त्यस समय अनुराधाको मानसिक विकारले पागल बनेको घटना उसले थाहा पाउँछ । त्यसपछि करण अनुराधाप्रति झन् आकर्षित बन्छ । अरूसँगै प्रेम गर्ने तथा मानसिक रूपले अस्वस्थ अनुराधाप्रतिको आत्मिक प्रेमले नै करणले

उसप्रति अझ धेरै सद्भाव, प्रेम र आशक्ति देखाउँछ । त्यसपछि तुरुन्तै ऊ 'लुम्बुनी उद्यान' नामक मानसिक आरोग्यशालामा अनुराधालाई भेट्न पुग्छ । त्यस समय अनुराधाको शारीरिक अनि मानसिक अवस्था कमजोर भइसकेको भए पनि उसको आत्मविश्वास, प्रेम र आशक्तिले अनुराधाको रोग निको हुँदै जान्छ र उनीहरूका बिचमा आत्मिक प्रेम झाँगिन्छ । एउटा उदारहण :

> छेउमा गएर करण अनुराधाको ओच्छ्यानमा बस्यो अनि त्यसको केश सुम्सुम्याउँदै भन्यो "अनु ! अनु !! म आएँ अनु !!! मलाई चिनिनौ ? म करण आइपुगेँ मेरी अनु, मलाई चिनिनौ ?" यो सुनेर अनुराधाले आफ्नो आँखा चारैतिर घुमाई अनि करणतिर हेर्दै चिच्याई- "को तिमी ... को तिमी ?" अनुराधा जुरुक्क उठी । सबै छक्क परे । (पृ.२७४)

स्वच्छन्दतावादी उपन्यास लेखनको अर्को महत्त्वपूर्ण विशेषता प्रेमको प्रधानता हो । स्वच्छन्दतावादी प्रेमको प्रकृति क्षेत्रलाई अलौकिक क्षेत्र र मानव क्षेत्रमा प्रकट भएको मानेर मानव क्षेत्रमा स्त्री-पुरुष बिचको प्रेमलाई विवाहपूर्व र दाम्पत्य गरी दुई भागमा विभाजन गर्न सकिन्छ (सिंह, सन् १९७५ : २७) । स्वच्छन्दतावादी आख्यान लेखनमा विशेष गरी अवैवाहिक प्रेमको रागात्मक अभिव्यक्ति र सुखद प्रणय-परिणाम अनुकूल मानिएको छ (जौहरी, सन् १९६५ : १६१) । मोक्तानका **चरणधूलि** र **अशेष यात्रा** उपन्यासमा युवा युवतीका विवाहपूर्वका प्रेम प्रसङ्गको भावात्मक चित्रण गरिएको छ । दुवै उपन्यासमा प्रणय सम्बन्धी विभिन्न घटनामा विभिन्न बाधा देखिए तापनि अन्तमा उपन्यासका प्रेमी-प्रेमिकाको मिलन भएको छ । दुवै उपन्यासहरूको प्रणय परिणाम सुखद रहेको छ । यसरी मोक्तानका उपर्युक्त उपन्यासमा स्वच्छन्दतावादी वैशिष्ट्य अनुरूप प्रेमको प्रधानता रहेको छ ।

स्वच्छन्दतावादी उपन्यासको अर्को मूलभूत विशेषता काल्पनिकता र भावपरकता हो । कथानकलाई मनोवाञ्छित रूप प्रदान गर्ने मानसिक शक्ति कल्पना हो र कलाको क्षेत्रमा यसको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । मानवीय मूल प्रवृत्तिहरूको तुष्टिका निम्ति यथार्थ जगत्मा रहेका अपूर्णता, अभाव, कुरूपता र रुक्षतालाई कल्पनाद्वारा सुन्दर, मनोरम र दिव्यरूप प्रदान गरिएको हुन्छ (वेल्डर, सन् १९४१ : १५८) । स्वच्छन्द साहित्य लेखन कल्पनाकेन्द्री हुने हुनाले स्वच्छन्दतावादी सर्जकहरू निराशाका शिकार हुन्छन् (हर्जन, सन् १९८० : १०४) । सशक्त आवेगद्वारा मानवीय मनोभावनालाई उत्तेजित पार्नका निम्ति कल्पनाशीलता बहुमूल्य सम्पत्ति मानिएको छ (च्याटर्जी, सन् १९६५ : १८९) । मोक्तानका चारै ओटा उपन्यासमा कल्पनाको प्रयोग पाइने भए पनि पूर्वार्ध चरणका **चरणधूलि** र **अशेष यात्रा** उपन्यासमा कल्पनाको प्रधानता पाइन्छ । **चरणधूलि**मा उपन्यासकारको काल्पनिक चित्रण यस्तो छ :

> जीवन र नीरा नयाँ इतिहासमा प्रवेश भएपछि यो दार्जिलिङ स्वर्ग भएको छ । आफ्नो सानो घर, एउटै कोठामा खानु, सुत्नु औ पढ्नु, इष्टमित्र आए पनि उही कोठामा स्वागत गर्नुपर्ने जीवनले भुल्यो । यो जीवन त्यसको निम्ति सुनौलो छ, दार्जिलिङ त्यसको स्वर्ग औ नीरा त्यसको देवी । ... नीरा आत्मविभोर छ । कलकलाउँदो हृदयमा प्रेमको नयाँ कोपिला लाग्दा त्यसले नयाँ जीवन पाएकी छ ।

जीवन त्यसको ईश्वर हो, हर्षले उन्मादले त्यो अल्मलिएकी छ । त्यति राम्रो दार्जिलिङ, त्यति राम्रो यौवन औ त्यति राम्रो जीवन । त्यो प्रेममा पागल भएकी छ । (पृ.२६)

माथिको उद्धरणमा जीवन र नीराको काल्पनिक संसारलाई कल्पनात्मक र भावनात्मक रूपबाट अभिव्यक्त गरिएको छ । कृष्णसिंह मोक्तानका पूर्वार्ध चरणका दुई उपन्यासमा काल्पनिकता र भावनात्मकताको उच्च प्रयोग गरिएको छ ।

स्वच्छन्दतावादी औपन्यासिक कृतिमा प्रकृति प्रेम वा प्राकृतिक रमणीयताको पनि चित्रण गरिएको हुन्छ । रुसोले कृत्रिम र असङ्गतिलाई नागर जीवनभन्दा आडम्बरहीन, सरल र सहज ग्रामीण जीवन एवम् प्रकृतिको काख मानिसका निम्ति मङ्गलकारी ठानेको कुरा विद्वान्हरूले उल्लेख गरेका छन् (जौहरी, सन् १९६५ : १६१) । स्वच्छन्दतावादी लेखनमा सभ्यताको कृत्रिमताप्रति वितृष्णा र प्रकृतिप्रति आस्था राखिने हुनाले प्रकृतिका उपादानहरूद्वारा वातावरण निर्माण गरी त्यसबाट अनुभूत हुने सौन्दर्यलाई कल्पनाको योगद्वारा परिमार्जन र संशोधन गरेर प्रकृतिको वर्णन-चित्रण गरिएको देखिन्छ (दाहाल, सन् २००१ : १५) । मोक्तान समाज र मानवीय प्रकृतिको चित्रण गर्ने उपन्यासकार हुन् । उनले आफ्ना उपन्यासहरूमा पात्रहरूका निम्ति प्राकृतिक मञ्च निर्माण गर्दै धेरै स्थानमा प्रकृतिको वर्णन गरेका छन् । **चरणधूलि** उपन्यासमा पाइने प्रकृति वर्णनका केही साक्ष्य यस्ता छन् :

हरियो चउर, चारैतिर पहाडका थुम्काहरू, आकाश निर्मल औ वातावरण स्वच्छ । त्रिपाइ डाँडामा आज कालिम्पोङ कन्या पाठशालाका दशम श्रेणी पास गरी स्कुलको आखिरी वर्ष मनाउन सम्भाउनी बिर्साउनी स्मृतिको डोरीलाई आपस्तमा बाँध्न एक्काइसजना ठिटीहरू एउटा सानो वन-भातमा भेला भएका थिए । पारी टिस्टा पारी एउटा घमैलो देश छ, जसलाई यस डाँडाबाट हरियो फूलबारीमा रातो, पहैंलो फूल फुलिरहेको औ बिचबिचमा साना-साना नागबेलीभैं बाटाहरू भएका उद्यानभैं देखिन्छ । सुन्तला पाकेर लटरम्मै, धान काटेर उठाएका नाङ्गा गह्राहरू, हरिया-हरिया सुन्तलाको बोटका पृष्ठभूमिमा मानो बेबिलोनको बगैंचाभैं देखिन्छ । शून्य आकाशमा भुन्डिए जस्तो । त्यो हो टिस्टा वारीको देश मङ्वा बस्ती । (पृ.३)

'मायापुरी' प्रसिद्ध वनस्पति वैज्ञानिक सर जगदीशचन्द्र बोसले स्थापना गरेका वनस्पति गवेषण केन्द्र । चारैतिर फूल फुलेर शोभायमान, फूलको मिठो वासना सारा वातावरणलाई सुगन्धित पारी चलिरहेछ । कीरा-फटेङ्गा इत्यादि आनन्दसित कराइरहेछन् चिरिरिरि । कलिलो प्रणयको प्रथम कदममा नीराले आफैंलाई बिर्सी । (पृ.२५)

गोयन्काको घिर्लिङ फलामे टाली भुण्डाएर चलिरहेछ घुरुरुरु । दार्जिलिङ शहर बिहानको शीतल वातावरणमा चहकमहक देखिन्छ । हिमालय पर्वतमाला यो अशोजको याममा सुन्दर अति सुन्दर रूप धारणा गरी गजधम्म विराजमान छ । दार्जिलिङलाई प्रकृतिदेवीको आशीर्वाद छ, हिमालयको रक्षा छ औ अटुट प्यार छ महाकाल बाबाको । जितेन भेडा खुलुलुलु बगिरहेछ आफ्नै सुरमा ओह्रालो । दार्जिलिङ शहरको मैला-कुचैला, कलुष-कल्मष बगाएर पुऱ्याइरहेछ, रंगित, टिस्टा, बालासन, गंगा, बंगोपसार औ भारत महासागरसम्म । (पृ.६५)

चरणधूलि उपन्यासमा दार्जिलिङ सहर र यसका वरिपरिको प्राकृतिक सौन्दर्यको चित्रण यथेष्ट पाइन्छ । मोक्तान आन्तरिक प्रकृति पारखी हुन् । उनी उपन्यासमा बाह्य प्रकृतिलाई पनि विविध रूपमा प्रयोग गरी आफैमा रमाएका देखिन्छन् । **चरणधूलि** उपन्यासमा प्रकृतिका माध्यमबाट पात्रका मनस्थितिको सामान्य विश्लेषण यसरी गरिएको छ :

> सुन्दर दार्जिलिङ कृतिको अपूर्ण सृजना हो । विशाल हिमालयको स्वच्छ काखमा लुटुपुटु गरिरहेका मधुमय गाउँहरू डाँडाकाँडाका बिचबिचमा अवस्थित भएका धुप्पिका रूखहरूले एउटा सफल चित्रकारको कल्पनाबाट चित्रण गरिएका नागबेलीझैं यताउती घुमेर गएका बाटाघाटाहरू हरिया चिया कमानहरूलाई हेरिरहे जस्तो यो स्थान अलौकिक सुन्दरताले पूर्ण छ । (पृ.२६)

मोक्तानले आफ्ना उपन्यासमा प्राकृतिक रमणीयताको चित्रण खुबै रोचक ढङ्गमा गरेका छन् । दार्जिलिङको प्रकृतिक सौन्दर्य प्रस्तुत गर्दै यहाँको भौगोलिक स्थितिको चित्र उतार्ने काम पनि उनले गरेका छन् । **अशेष यात्रा** उपन्यासमा प्रकृति वर्णन यसरी गरिएको छ :

> औँसीको कालो रात । प्रकृति रात्रिको नीवरतामा विश्राम गरिरहन्थी । मध्यरातको उत्ताल बतासले गाउँ-घरका छानाहरू कराइरहेका थिए- साइँसाइँ ....सुइँसुइँ । दुनियाँ मस्त निद्रामा थियो, आनन्दमा थियो । स्वप्नलोकमा । त्यहाँ दुःख थिएन, दर्द थिएन तर थिए आनन्दका घडीहरू- विपनाको दुनियाँमा आशा औ उमंग मात्र गरेको सुशितल परिवेश औ वातावरण । उत्ताल बतास अझ जोरसित चल्न थाल्यो, रूखका हाँगाहरू हल्लिरहेका थिए । एउटै रूखको शाखा भए तापनि आपसमा आलिङ्गन गर्न नपाई, तिनीहरूले सुस्केरा हालेको प्रतीत हुन्थ्यो- त्यो साइँसाइँ ... सुइँसुइँ आवाज । (पृ.१)

अशेष यात्रा उपन्यासको प्रारम्भमा नै मिरिक बजारको प्राकृतिक सुन्दरताको अन्त्यन्त मोहक वर्णन गरिएको छ । उपन्यासमा वर्णित प्राकृतिक सुन्दरताका अरू नमुना यस्ता छन् :

> सुदूर, पूर्वाञ्चलको हरियो पहाडको काखमा पल्टिरहेको सानो सुन्दर गाउँमा आराधुरा । नागा पहाडको कोहिमा अन्तर्गत चाँदमारी समीपकोक यो एउटा निकै मुख्य गाउँ आराधुरा । (पृ.६)

> रिक्साको किङ्गकिङ्ग, बस गाडी भ्वाँक भ्वाँक, मानिसहरूको आउ-जाउ, गाई-गोरुहरूको आफ्नै चालमा हिँडाइ । गौदोलियादेखि लहुरावीरसम्म यही दृश्य । दिनको प्रचण्ड ताप र गरम हावा, मूल सडकको अलकत्रा पग्लेर एकप्रकारको नमिठो गन्ध । पहेँलो गेरवा रंगका घरहरू, रेलिङ्ग अनि बरण्डाका आकृति साना-साना मन्दिरहरू । निधारमा चन्दनको टीका, खुट्टामा खडाउ अनि शरीरमा पवित्र गंगा स्नानको पानी लिएर हिँडिरहेका तीर्थयात्रीहरू जय गंगामाई, जय भोलानाथ, हर हर बम् बम् । (पृ.१०)

उपर्युक्त उद्धरणमा मोक्तानले काशी नगरी (हाल बनारस) को प्राकृतिक रमणीयताको निकै प्रभावकारी र भावात्मक रूपबाट चित्रण गरेका छन् । यसबाट उपन्यासकारमा प्रकृतिप्रतिको आकर्षण र त्यसका सुन्दरताको वर्णन गर्ने स्वच्छन्द शिल्प उच्च किसिमको छ भन्ने कुराको प्रमाण मिल्न गएको छ ।

चरणधूलि र **अशेष यात्रा** उपन्यासमा मोक्तानले कन्चनजङ्घा हिमाल, वन-जङ्गल, जून, तारा आदिका प्राकृतिक सौन्दर्यको वर्णन खुबै रोचक ढङ्गमा गरेका छन् । प्राकृतिक रमणीयताप्रति उनको गहिरो प्रेम रहेका हुनाले उनका उपन्यासहरूमा तिनले बढी प्राथमिकता पाएका छन् । मोक्तानका यी उपन्यासहरूमा चित्रित प्राकृतिक रमणीयता स्वच्छन्दतावादी उपन्यास लेखन प्रवृत्तिलाई पुष्टि गर्न सक्षम बनेको पाइन्छ ।

कृष्णसिंह मोक्तान पूर्वार्द्ध चरणमा स्वच्छन्दतावादी उपन्यासकार हुन् । स्वच्छन्दतावादी भावधाराका लागि आवश्यक विषयवस्तु, त्यस विषयवस्तुको आत्मपरक प्रस्तुति, प्रस्तुतिमा हार्दिकता, मानवीय प्रेम सन्दर्भलाई बढी महत्त्व दिनु, प्रकृति चित्रणको अधिक मोह, काल्पनिक अभिव्यक्ति आदि जस्ता वैशिष्ट्य उनका उपन्यासमा पाइन्छन् । उनमा उपन्यासमा वस्तुको भन्दा भावको प्रबलता पाइन्छ । त्यस्ता भाव प्रबल उपन्यासहरू **चरणधूलि** र **अशेष यात्रा** हुन् । यिनै उपन्यासका आधारमा उनी स्वच्छन्दतावादी उपन्यासकारका रूपमा नेपाली उपन्यास परम्परामा चिनिएका छन् । उनी नेपाली उपन्यास परम्परामा रूपनारायण सिंहले थालनी गरेको स्वच्छन्दतावादी उपन्यास लेखन धारालाई अगाडि बढाउने सशक्त उपन्यासकार हुन् ।

६.४ सामाजिक यथार्थवादी चेतना र चित्रण पद्धति

साहित्य समाजको दर्पण हो । यो समाज निरपेक्ष हुन सक्दैन । समाजका हरेक गतिविधि तथा क्रियाकलापले साहित्य लेखनलाई प्रत्यक्ष र परोक्ष रूपमा प्रभाव पारेका हुन्छन् । त्यसैले एउटा स्रष्टाको लेखनमा सामाजिक पक्ष कुनै न कुनै रूपमा आएकै हुन्छ । सामाजिक यथार्थको बोध गर्न लेखक समाजमा भिज्नु पर्छ । समाज र संस्कृतिको गहिराइलाई लेखकले नजिकबाट साक्षात्कार गर्न सक्नु पर्दछ । यदि हामी समाज र संस्कृतिसँग मानिसको घनिष्ठ सम्बन्धलाई ध्यानमा राख्छौं भने हामी सामाजिकता र मानवीय प्रभावको मापदण्ड निर्धारण गर्न सक्छौं । हामी मानिसहरूका यथार्थताको प्रकाशनमा कलाको जाँच गर्न सक्छौं । वास्तवमा कलाको जाँच गर्न सकिने अन्य कुनै उपायहरू छैनन् । लेखक जस्तो परिवेशमा बाँचेको हुन्छ, उसको साहित्य पनि सोही अनुरूपको धरातलमा सिर्जित हुन्छ । लेखकले यथार्थवादी उपन्यास सिर्जना गर्न समाजको भोगाइलाई आत्मसाथ गर्न सक्नु पर्छ । उपन्यासले समाजको सम्पूर्णतालाई व्यक्त गर्न सक्ने भएकाले साहित्यका विविध विधामध्ये उपन्यास विधामा समाज र यथार्थको प्रमुख भूमिका रहेको हुन्छ ।

आधुनिक नेपाली उपन्यासलाई यथार्थवादतर्फ डोऱ्याएर नयाँ मोड दिने काम लैनसिंह बाङ्देलको उपन्यास **मुलकुबाहिर** (२००४) ले गरेको छ । यस उपन्यासले सर्वप्रथम सामाजिक यथार्थलाई आफ्नो विषयवस्तु बनायो र आदर्शको आग्रहलाई त्यागिदियो । पूर्ववर्ती स्वच्छन्दतावादी उपन्यासले वरण गरेको औपन्यासिक शिल्पलाई छोडेर क्षीण कथानकमा सामाजिक यथार्थलाई प्रस्तुत गर्दै **मुलकुबाहिर**ले नेपाली उपन्यास यात्रामा नवीन प्रवृत्तिको आरम्भ गरेको छ र नयाँ दिशाको सूचना दिएको छ । यसैको प्रभावमा मोक्तानले पनि आफ्ना

औपन्यासिक कृतिहरूमा यथार्थवादी प्रवृत्तिको अनुसरण गरेका छन् । यद्यपि उनी आफ्ना उपन्यास यात्राको पूर्वार्द्ध चरणमा स्वच्छन्दतावादी प्रवृत्तिका साथ देखा पर्छन् तर बिस्तारै सामाजिक यथार्थवादलाई वरण गर्दै समाजका यथार्थहरूको उद्घाटन गर्ने, सामाजिक यथार्थसँग आदर्श मानवीय मूल्यको स्थापना गर्ने र समाज सुधारको आकाङ्क्षा राख्ने प्रवृत्ति पनि उनले अँगाल्दै गएका छन् । यस क्रममा मानिसलाई यथार्थतामा हेर्दै र बुझ्दै उनीहरूमा सुधार र आदर्श प्रतिस्थापनाका स्वरहरू पनि उनले प्रकट गरेका छन् । उनले सामाजिकताभित्र आदर्शका स्वरहरू उरालेका छन् र आदर्श समाजको परिकल्पनातर्फ उनी बढी आकृष्ट भएका छन् । यस दृष्टिले सामाजिक यथार्थभित्र आदर्शको अभिव्यञ्जना गर्ने उनको औपन्यासिक प्रवृत्ति आदर्शोन्मुख यथार्थवादी प्रकारको पनि छ ।

जीवन गोरेटोमा उपन्यासमा मोक्तानले भारतको दण्ड र न्याय व्यवस्थामा भएका यथास्थितिको यथार्थपरक चित्रण गरेका छन् । यसमा कैदी पात्रहरूले मृत्युदण्डलाई पनि स्वीकार गर्न बाध्य भएको कुरालाई वास्तविक रूप दिएर चित्रण गरिएको छ । भारतीय दण्ड विधान, त्यसका कमी कमजोरी, त्यसका शक्तिको समेत चित्रण यस उपन्यासमा पाइन्छ । कारागारको प्रशासनिक व्यवस्था, त्यसका विसङ्गतिको विश्लेषण गर्दै त्यहाँका जटिलतातर्फ पनि उनले सङ्केत गरेका छन् । उच्चवर्ग र निम्नवर्ग, मध्यमवर्ग र उच्चवर्गका बिचको अन्तरविरोध र द्वन्द्वलाई प्रस्तुत गर्दै प्रायः मध्यमवर्गका पात्रहरूले आर्थिक अभावका कारण भोग्नु परेका समस्यालाई यथार्थ रूपमा दर्शाएका छन् ।

मोक्तानको **जीवन परिक्रमा** उपन्यासमा धर्मराज धिताल, चतुरमान सुब्बाले गर्नु परेको आर्थिक सङ्घर्षलाई अत्यन्त मार्मिक किसिमले प्रस्तुत गरिएको छ । यसरी नै **चरणधूलि** उपन्यासको नायक जीवनले आर्थिक समस्याका कारण आफ्नो अध्ययन अधुरो छोडी कलकत्ता र मलायासम्म जानु परेका सन्दर्भको चित्रण यथार्थ ढङ्गमा गरिएको छ । यी सन्दर्भले मोक्तानलाई सामाजिक यथार्थवादी प्रवृत्तिलाई अनुसरण गरेर उपन्यास लेख्ने उपन्यासकारका रूपमा चिनाएका छन् ।

मोक्तानले समाज जे जस्तो छ, त्यसको चित्रण तटस्थ रहेर गरेका छन् । अतः उनका **चरणधूलि** र **अशेष यात्रा** उपन्यासमा तत्कालीन दार्जिलिङको नेपाली समाजको यथार्थ चित्रण गरिएको छ । **जीवन परिक्रमा** र **जीवनको गोरेटोमा** उपन्यासमा भने भारतीय न्याय विधान अन्तर्गत कारागारमा बन्दी बनेका कैदी पात्रहरूका घटना, उनीहरूका पेसा, बाध्यता, सकारात्मक हुन खोज्दा वा जीवनलाई पूर्णतः सिर्जनात्मक बनाउन खोज्दा पनि अपराधी बन्नु पर्ने परिस्थिति, सजाय भागिरहँदा पनि मानवीय सुखदुःखमा समर्पित भएर लाग्ने पात्रका संवेदना र रूपान्तरणका सन्दर्भ, आमूल राजनीतिक परिवर्तनका लागि विचारको लगाम समातेर हिँड्नेहरू पनि अपराधी बन्नु पर्ने प्रसङ्गहरूसँग सम्बन्धित तत्कालीन आर्थिक, सामाजिक, राजनीतिक, शैक्षिक आदि स्थितिको यथार्थ चित्रण प्रस्तुत गरिएको छ ।

६.५ स्थानीय परिवेश/आञ्चलिकताको प्रयोग

'अञ्चल' को विशेषणवाची 'आञ्चलिक' शब्द हो । अञ्चलको अर्थ देशांश, प्रदेश, उपप्रान्त हो । त्यसो हुनाले 'आञ्चलिकता' ले आफ्ना विशिष्टताले पूर्ण अञ्चल अर्थात प्रदेश विशेषका गुण वा धर्मको भाव सम्प्रेषण गर्दछ । स्थानीय भौगोलिक उपस्थिति तथा प्राकृतिक विशेषताले गर्दा प्रत्येक अञ्चल पृथक् हुन्छ । एउटा अञ्चल आफ्नो छिमेकको अर्को अञ्चलभन्दा बेग्लै हुन्छ । विशिष्ट प्राकृतिक पर्यावरण, जलवायु, निवासी, लोकजीवनका परम्परागत प्रणाली, लोकसंस्कृति, सामाजिक आचार-व्यवहार, रीति-नीति, व्यक्तिका बानी बेहोरा, समष्टिका बद्धमूलक आस्था-विश्वास आदिले गर्दा जुनसुकै अञ्चल पनि स्वयम् एउटा भूखण्डको विशिष्ट एकांश भइदिन्छ । कुनै अञ्चल विशेषका वैशिष्ट्यको अभिलेखाङ्कन गरिएको उपन्यासलाई आञ्चलिक उपन्यास भनिन्छ । यस्ता उपन्यासमा निवृत्त चरित्रका निजी जीवन र क्रियाकलाप, तिनका वैयक्तिक आचार-आचरण, पारम्परिक सम्बन्ध, तिनका आन्तरिक वा बाह्य सङ्घर्षको चित्रण मूलतत्त्व हुनाले लोकसंस्कृतिको बहुविधा, पाखा र पाटा सम्मूर्तन प्रस्तुतानुषगी प्रासङ्गिक मात्र होइन अत्यावश्यक पनि हो (बराल, २०६३ : फ, भ, र) । निश्चित भूगोलका विशेषता राजधानी अर्थात नागर संस्कृतिका चित्रणभन्दा फरक, ग्राम्य वा पर्वतीय पार्श्वभूमिको यथावाञ्छित पूर्णाङ्ग चित्र, लोकजीवनका प्रभाव, प्राकृतिक विशेषता एवम् भौगोलिक अवस्थिति, ग्रामीण जीवनदर्शन, स्थानीय सांस्कृतिक परम्परा आञ्चलिक उपन्यासका निम्ति प्रयोजन हुन् । यस कारण यसको केन्द्रीय विषय सम्बद्ध अञ्चलका अधिजनको जीवन प्रणाली, सामूहिक प्रतिनिधि वा श्रेणीगत चरित्र आञ्चलिक अस्मिता हुन् । स्थानीय वा क्षेत्रीय रङ्गरोगनमा मुछिएका उपन्यासलाई आञ्चलिक उपन्यास मानिने प्रचलन हिन्दी उपन्यासमा पाइन्छ (जैन, सन् १९७६ : ३४) । त्यसको देखासिकीमा स्थानीय रङ र वातावरणलाई केन्द्रबिन्दु बनाएर लेखिएका देशकाल प्रधान नेपाली उपन्यासलाई आञ्चलिक उपन्यास भनिन्छ ।

मोक्तानका उपन्यासकारिताको महत्त्वपूर्ण प्रवृत्ति स्थानीय परिवेशको चित्रण तथा आञ्चलिकता पनि हो । उनको **चरणधूलि** उपन्यासमा दार्जिलिङ सहरका साथै यसका वरिपरिका गाउँबस्तीको आञ्चलिकतालाई कथ्य विषय बनाइएको छ । यहाँको प्रकृति, जनजीवन, समाज, चेतनास्तर समेतको चित्रणमा नै उपन्यास केन्द्रित छ । दार्जिलिङ निवासी प्रमुख पुरुष पात्र जीवनको दार्जिलिङ जिल्ला अन्तर्गतको कालिम्पोङ छिबो बस्ती निवासी प्रमुख नारी पात्र नीरासँग प्रणय सम्बन्ध रहेको प्रसङ्ग उपन्यासमा आएको छ । यही दार्जिलिङ सहरको तत्कालीन सामाजिक जीवन, रहनसहन, रीतिस्थिति, भूगोल, स्थानीय भेषभूषा, चाडपर्व, भाषाको प्रयोगबाट स्थानीयताको सजीव चित्रण यसमा उतारिएको पाइन्छ । यो सहर विभिन्न संस्कृतिको सङ्गमथलोका रूपमा रहेको छ । त्यसैले यहाँको संस्कृति विविधताबाट बनेको हुनाले नै आञ्चलिक संस्कृतिको निर्माण भएको छ, यसर्थ यसको विशिष्टता रहेको छ । मोक्तानका यी प्रस्तुत उपन्यासहरूमा जे जति घटना सन्दर्भ आएका छन्, तिनले दार्जिलिङ र त्यस वरिपरिको आञ्चलिक विशिष्टता देखाएका छन् ।

दार्जिलिङ सहरको विशिष्टता भन्नु नै विविध संस्कृति, विविध जातिका चरित्र आदिको मिश्रित स्वरूप भएकाले उनका उपन्यासहरूमा चित्रित घटना सन्दर्भलाई अलग अलग गरेर हेर्दा विशिष्ट नलाग्न सक्दछन् तर सबै घटना सन्दर्भलाई समष्टिमा हेर्दा त्यस अञ्चलका छुट्टै विशिष्टता देखिन्छन् ।

मोक्तानका तेस्रो र चौथो उपन्यासमा भने अघिल्ला उपन्यासको भन्दा भिन्न परिवेश रहेको छ । यी दुई उपन्यासमा दार्जिलिङ जिल्लादेखि बाहिर जलपाइगढी, वर्द्धमान जिल्ला हुँदै कलकत्ता महानगरीको सामाजिक जीवनको आचार-विचार, रहन-सहन, जलवायु, प्राकृतिक परिवेश आदिको चित्रण गरिएको छ । कलकत्ता महानगरीको जीवनशैली विभिन्न जातका भिन्ना भिन्नै भाषिक समुदायको सामाजिक परिवेशलाई यी उपन्यासमा लेखकले दर्साएका छन् । कलकत्ता महानगरको सामाजिक र सांस्कृतिक जीवनको अध्ययन प्रस्तुत गर्न सफल रहेका हुनाले यी उपन्यासलाई महानगरीय जीवन सम्बद्ध आञ्चलिक स्पर्शयुक्त उपन्यास मान्न सकिन्छ ।

जीवन गोरेटोमा उपन्यासमा भारत सरकारको दण्ड विधानद्वारा कारागारमा दण्ड भोगिरहेका कैदी पात्रहरूका जीवन, उनीहरूको सामाजिक, आर्थिक, राजनीतिक परिवेशको चित्रण पाइन्छ । यसमा इतिहासका विसङ्गतिलाई पहिल्याउने स्थान अनुरूपको घटना वर्णन गरिएको छ । उपन्यासका घटनास्थल कलकत्ता सहरका विभिन्न कारागारहरू भएकाले यस उपन्यासले कलकत्ता महानगरको आञ्चलिकतालाई प्रस्तुत गरेको छ ।

उपन्यासलाई विश्वसनीय बनाउन स्थानीय भाषाको प्रयोग अत्यावश्यक देखिन्छ । पाठकलाई रोमाञ्चित तुल्याउन मात्र नभएर उपन्यासको कथानकलाई प्रामाणिक, स्वाभाविक र यथार्थ बनाउनका लागि स्थानीय भाषाको प्रयोग गरिएको छ । उपन्यासमा पात्रको संवादमा त्यस अञ्चल विशेषमा बोलिने कथ्य भाषा प्रायः संवादमा प्रयोग हुने देखिन्छ । अञ्चलको विशिष्टता जनाउने स्थान, वस्तु, संस्कृति आदिलाई बुझाउने शब्द वा पदावली, स्थानीय उखान टुक्का, लोकगीत आदिको प्रयोग हुनु पनि उपयुक्त मानिन्छ । कथाञ्चलका मानिसका भावना तथा विचारको अभिव्यक्ति गर्ने माध्यम भाषा भएकाले यो विषय पनि आञ्चालिक तत्त्वका रूपमा रहेको देखिन्छ । त्यसैले आञ्चलिक भाषाको प्रयोगले उपन्यास प्रभावकारी बन्न सक्छ । यसै सन्दर्भ अनुरूप मोक्तानका उपन्यासहरूमा आञ्चलिक भाषाको यथेष्ट प्रयोग देखिन्छ । **चरणधूलि** र **अशेष यात्रा** उपन्यासमा दार्जिलिङ, कालिम्पोङ, खरसाङ, मिरिक आदि क्षेत्रमा प्रयोग गरिने नेपाली भाषाको आञ्चलिक स्वरूपको प्रभावकारी उपयोग गरिएको छ । यी स्थानहरू बाहेक वाराणसी हिन्दू विश्वविद्यालय, आसामको कोहिमाजस्ता विभिन्न परिवेशका भिन्नभिन्न भाषाभाषीले प्रयोग गर्ने भिन्नाभिन्नै भाषिक स्वरूपको प्रयोग पात्रका संवादमा गरिएको छ । मोक्तानका उपन्यासहरूमा दार्जिलिङको आञ्चलिक भाषा अनि पश्चिम बंगालका विभिन्न जिल्लाका अनेपालीहरूले प्रयोग गर्ने आञ्चलिक भाषाको प्रयोग रहेको छ । त्यसैले मोक्तानका उपन्यासहरूमा आञ्चलिक भाषाको प्रयोग यथेष्ट देखिन्छ र भाषिक प्रयोगका दृष्टिले उनका उपन्यासलाई आञ्चलिक उपन्यासका कोटिमा राख्न सकिन्छ ।

आञ्चलिकताको अर्को महत्त्वपूर्ण विशेषता स्थानीय पात्रको प्रयोग पनि हो । मोक्तानका उपन्यासका पात्रहरू दार्जिलिङ, कालिम्पोङ, खरसाङ, आसाम, बनारस, कलकत्ता आदि स्थानबाट लिइएका छन् । यी विभिन्न परिवेशबाट लिएका पात्रहरू भिन्न भिन्न जाति र समुदायका छन् । उनीहरूको रहनसहन, खानपिन, संस्कृति, धर्म, सामाजिक जीवन शैलीले पनि आञ्चलिकतालाई दर्साएको छ । **चरणधूलि** उपन्यासमा दार्जिलिङको प्रमुख पात्र जीवनको प्रवृत्ति मधेसका पात्रको जस्तो देखिँदैन । उसको रहनसहन, व्यवहार तथा विचारले दार्जिलिङकै प्रतिनिधित्व गर्छ । त्यस्तै **अशेष यात्रा** उपन्यासका पात्रहरू पनि दार्जिलिङ, मिरिक, खरसाङ तथा आसामको कोहिमा जस्ता विभिन्न पहाडी भूभागका छन् । **जीवन परिक्रमा** उपन्यासका पात्रहरू भने नेपालदेखि कलकत्ता महानगरमा आएर जीविकोपार्जन गर्ने पात्रहरू पनि छन् । **जीवन गोरेटामा** उपन्यासका पात्रहरू कारागारका बन्दी जीवनसित सम्बन्धित छन् । तिनीहरूले विभिन्न अपराधको सजाय पाएर कारागारमा बन्दी जीवन बिताइरहेका छन् । ती पात्रपात्राहरू भारतका विभिन्न अञ्चलबाट लिइएका छन् । ती भिन्ना भिन्नै जाति, भाषा र धर्मावलम्बीका छन् । तिनीहरूका स्वभाव, भाषा, पहिरन आदिले पनि मोक्तानका उपन्यासलाई आञ्चलिक बनाउन सक्षम भएका छन् । यसरी मोक्तानका उपन्यासहरूको पात्र चयनमा पनि आञ्चलिकता देखिन्छ ।

मोक्तान आञ्चलिक विशेषता युक्त उपन्यासकार हुन् भन्ने कुरा उनका उपन्यासले देखाएका छन् । उपन्यासको कार्यपीठिका, परिवेश, भाषा, रहनसहन, भेषभूषा, संस्कृति, परम्परा, आर्थिक-सामाजिक समस्या आदिको चित्रणका कारणले उनलाई आञ्चलिक उपन्यासकारका रूपमा पनि स्थापित गरेका छन् ।

६.६ निम्न तथा मध्यम वर्गीय जीवन एवम् आर्थिक शोषणको चित्रण

वर्गलाई विभिन्न पक्षसँग जोडेर हेर्न सकिन्छ । कुनै पनि देशका नागरिकका सामान्य हित एउटै भए तापनि उनीहरूका रहनसहन, कार्यकौशल, जीवन शैली आदि फरक फरक हुन्छन् । यिनै भिन्न जीवन शैली र आर्थिक सामाजिक सम्बन्धका आधारमा उनीहरूलाई उच्च, मध्यम र निम्न वर्ग गरी तिन वर्गमा विभाजन गरेर हेर्ने चलन रहेको छ । उच्च वर्गमा शोषक, सम्पन्न, धनी, मालिक, शासक आदि पर्छन् भने निम्न वर्गमा शोषित, विपन्न, गरिब मजदुर, शासित पर्छन् । यी दुई वर्गबिच मध्यम वर्ग पर्छन् जो धनी, मालिक, शासक पनि हुँदैनन् र मजदुर तथा विपन्न पनि हुँदैनन् । मोक्तानका उपन्यास **चरणधूलि** र **जीवन परिक्रमा**मा दार्जिलिङका निम्न वर्गीय नेपाली समाजको चित्रण पाइन्छ । तत्कालीन दार्जिलिङको नेपाली जनजीवनको आर्थिक, सामाजिक, शैक्षिक आदि विषयहरू कमजोर रहेको पाइन्छ । त्यसैले त्यहाँको आर्थिक स्थिति दयनीय तथा निम्न स्तरको रहेको पाइन्छ । यिनै सामाजिक परिवेशभित्रका औपन्यासिक पात्रपात्राहरू मोक्तानका उपन्यासहरूमा रहेका छन् ।

चरणधूलि उपन्यासको प्रमुख पात्र जीवनको आर्थिक अवस्था कमजोर छ । उसका पिता धनवीर कार्कीको मलायाको साइतियादेखि आफ्नो सैनिक पेसाबाट अवकाश लिएर घर फर्कँदा

हैजाका कारण बाटैमा देहान्त भएको हुन्छ । यस घटनापछि जीवन र उसको परिवारको आर्थिक अवस्था कमजोर बन्छ तर पनि उसकी आमो आफ्नो बिहेको गरगहना महाजनकहाँ बन्दकी राखेर एउटा सानो कोइला पसल चलाउन थालेकी हुन्छिन् । यही कोइला पसलको मासिक तिरो नगरपालिकालाई बुझाउन नसक्दा उक्त पसल लिलामी गरिने सूचना आएका स्थितिमा उसले आफ्नो घर नै महाजनलाई सुम्पिनु पर्छ । केही समयअघि नै दुई सय रुपियाँ छ सय सूदमा लिन परेको हुन्छ । यस सन्दर्भलाई उपन्यासकारले यसरी चित्रण गरेका छन्, "जीवनले हेऱ्यो, राम्ररी हेऱ्यो, दश महीना अघि आमाले गरेकी सही छाप । दुइ सय रुपियाँ मासिक छ सय रुपियाँ सूदमा । पैसा फर्काउन नसके घर बन्धकी" (पृ.८१) । यसरी महाजनले सूर्यमायालाई आर्थिक शोषण गरेको हुन्छ । जीवन र उसकी आमा सूर्यमायाले आफ्नो घा महाजनलाई दिने अठोट गर्छन् तर आफूहरू यसै घरमा बस्न पाउनु पर्ने दावी पनि महाजनसँग रारखछन् । महाजन रतनदास भन्छ, "ठीक हो, तर महीनाको दश रूपियाँ किराय दिनुपर्छ" (पृ.८२) । जीवन र उसकी आमाले आफ्नै घरमा महिनाको दश रुपियाँ भाडा तिर्नु परेको स्थितिको चित्रणबाट उपन्यासकारले यस उपन्यासमा निम्न वर्गीय जीवनप्रतिको सहानुभूति र तत्कालीन समाजमा उच्च वर्गले निम्न वर्गमाथि गरेको आर्थिक शोषणलाई स्पष्टताका साथ राखेको छर्लङ्ग हुन आउँछ ।

दार्जिलिङे निम्न वर्गीय नेपालीको प्रतिनिधित्व गर्ने पात्र जीवनले आफ्नो आर्थिक अवस्था कमजोर भएका कारण आफ्नो अध्ययन कार्य अधुरो छोडेर प्रवासिनु परेको छ । उसले आफ्नो जन्मभूमि, पितापुर्खाले आर्जेको सम्पत्ति, गाउँघर, इष्टमित्र, बृद्ध मातापिता र प्रेमिका नीरालाई छोडेर जागिरको खोजीमा मलायासम्म पुग्नु परेको छ । यसरी प्रस्तुत उपन्यासद्वारा दार्जिलिङको निम्न वर्गीय जीवनको आर्थिक अवस्थाका साथै उच्च वर्गबाट शोषित बन्नु परेको यथार्थ चित्रण भएको पाइन्छ ।

मोक्तानको **जीवन परिक्रमा** उपन्यासमा पनि आफ्नो जागिरे जीवन कालमा भेटेका नेपाली निम्न वर्गीय पात्र धर्मराज धिताल र चतुरमान सुब्बाको आर्थिक शोषणको चित्रण गरेका छन् । उनीहरूको आर्थिक अवस्था अति कमजोर रहेको कारणले आफ्नो जन्मथलो नेपालको धुलिखेल र तेह्रथुमदेखि कलकत्ता महानगरमा गई पहरेदार र चिया पसलमा मजदुरी काम गर्नु परेको स्थितिको चित्रण निकै प्रभावकारी ढङ्गले गरिएको छ ।

नेपाली जातिको आर्थिक अवस्था निकै नाजुक रहेको र उनीहरूले आफ्नो जीवन यापन गर्न विभिन्न कष्ट झेल्नु परेको तथा उनीहरूलाई उच्च वर्गले आर्थिक र शारीरिक शोषण गरेका घटनाहरूको चित्रण मोक्तानका उपन्यासमा पाइन्छ । यसरी मोक्तानले आफ्ना उपन्यासमा निम्न वर्गीय जीवनको आर्थिक अवस्थाको यथार्थ, प्रभावकारी र विश्वसनीय ढङ्गले गरेका छन् ।

६.७ अध्यात्मवादी/आदर्शवादी चेतनाको अभिव्यक्ति

भौतिक वस्तु नश्वर हुन्छ आत्म मात्र अन्तिम सत्य हो भन्ने मूलभूत विचार अध्यात्मवादीहरूको हुन्छ । ब्रह्म सत्य हो र जीवन जगत् मिथ्या हो भन्ने उनीहरूको दर्शन रहेको पाइन्छ । यस संसारमा ईश्वर बाहेक अन्य सबै शून्य हो । उनै ईश्वरको कृपाले मानव जीवन तथा संसारको सृष्टि र संहार गर्ने हुँदा उनैप्रति भक्ति भाव र विश्वास प्रकट गर्नुलाई उनीहरू मानव जीवनको आदर्श ठान्दछन् । जसलाई पूर्ण वा सर्वोत्तम मानिन्छ, त्यस्तो व्यक्ति वा विचारलाई आदर्श भनिन्छ भने यिनै आदर्शलाई सर्वोपरि ठानेर त्यसैको प्राप्तिको निम्ति प्रयत्नशील रहनु नै आदर्शवाद हो । जस्तो छ त्यो यथार्थवाद हो भने जे जस्तो हुन सक्छ वा हुनु पर्छ त्यो नै आदर्श हो । यही आदर्शलाई वरण गर्न चाहने सिद्धान्त नै आदर्शवाद हो । आदर्शवादी भन्नाले उच्च नैतिक, आध्यात्मिक एवम् सौन्दर्यपरक आदर्शहरूको अनुशरण गरेर समाजलाई आदर्श बनाउन प्रयत्न गर्ने व्यक्ति बुझिन्छ । यसो हुन सके व्यक्ति, समाज तथा विश्व नै सुन्दर बन्न सक्छ भन्ने मत आदर्शवादीहरूको रहेको देखिन्छ । आदर्शवादीले मानव जीवनको मानसिक सुख, शान्ति, प्रशन्नता आदि आन्तरिक कुराहरूमा जोड दिन्छन् । यी आन्तरिक कुराहरूबाट मात्र व्यक्तिले साँचो सुख पाउन सक्छ । यसैले आदर्शवादी उपन्यासकारहरूले आफ्ना रचनाद्वारा आदर्शको बाटो अवलम्बन गर्न आह्वान गरेका हुन्छन् । यसरी नै उपन्यासकार मोक्तानले पनि आफ्ना उपन्यासका पात्रहरूका माध्यमद्वारा अध्यात्मवादी/आदर्शवादी विचार प्रस्तुत गरेका छन् ।

चरणधूलि उपन्यासका प्रमुख नारी र पुरुष पात्र नीरा र जीवनले आदर्शवादी पात्रको भूमिका निर्वाह गरेका छन् । सूर्यमाया, मोहन, प्रोफेसर चक्रवर्ती जस्ता बद्ध पात्र-पात्राहरूमा पनि आदर्शवादी विचार रहेको देखिन्छ । यस सन्दर्भमा **चरणधूलि** उपन्यासका नायक जीवनको भनाइ यस्तो छ, "आमा ! सत्य र परोपकार, धर्म र न्यायलाई कसैले पक्रँदैन, आमा ! यी पुस्तकहरूलाई घरमा पुऱ्याइ राख्नुहोस् । म गोर्खा दुःख निवारक सम्मेलनमा गई साथीहरूलाई बोलाई यो बाजेलाई अस्पतालसम्म पुऱ्याएर आउँछु । बिचरा ! कति कष्ट भयो होला" ? (पृ.९) गाडी दुर्घटनामा परेको बुढा जन्तरे कामीलाई सिकिस्त अवस्थामा उपचारको निम्ति अस्पताल पुऱ्याउने काम जीवनले गर्छ । उसका चिन्तन र व्यवहारमा पनि यस प्रकारको आदर्शवादी भावना रहेको पाइन्छ ।

उपन्यासकी प्रमुख नारी पात्रा नीराको विचार पनि आदर्शवादी छ । उसको आदर्शवादी विचारलाई उपन्यासकारले यसरी प्रस्तुत गरेका छन् :

> 'उहाँको मात्र किन हामी सबैको अन्तिम घर हो श्मसान', नीराले जीवन बोल्नु भन्दा नै अघि भनी । 'जहाँ राजादेखि लिएर रंकसम्म, विद्वानदेखि लिएर मूर्खसम्म, कलिलो बालक, सुन्दरी युवति, एकमात्र प्यारो छोरा, मायालु पति, कट्टर नास्तिक, भक्त, साधु, भीषण, डाँकु, दानशील पुरुष औ अरूअरू एकदिन आफ्ना माता-पिता, दाज्यु-भाइ, दिदी-बहिनी, इष्ट-मित्र, नाता-गोता, घर-द्वार, धन-सम्पति, मान-इज्जत, डर, त्रास,

लोभ, ईर्ष्या इत्यादिलाई त्यागी जानुपर्दछ उही बाटो श्मशान पुग्न स्थायी घरमा' । (पृ.१७-१८)

उपर्युक्त उद्धरणमा उपन्यासकी प्रमुख पात्र नीराका माध्यमबाट उन्यासकार मोक्तानले अध्यात्मवादी मृत्यु दर्शनलाई प्रभावकारी ढङ्गले प्रस्तुत गरेका छन् । **चरणधूलि** उपन्यासको अर्को पात्र प्रोफेसर चक्रवर्तीका बारेमा उपन्यासकार लेख्छन् :

> प्रोफेसर चक्रवर्ती सन्त जोसेफ कलेजका नामी प्राध्यापक हुन् । कलकत्ता विश्वविद्यालयसम्म तिनको ख्याति छ, अतः विश्वविद्यालयका तिनी दर्शन औ तर्क-शास्त्रका परीक्षक हुन् । सन्त जोसेफ कलेजमा तिनी बी.ए. श्रेणीको दर्शन-शास्त्र औ आई.ए. श्रेणीको तर्क-शास्त्र पढाउँछन् । सँधै धोति र कुर्ता औ कालो चश्मामा कलेज आउनु प्रोफेसर चक्रवर्तीको विशेषता हो । पढाउनमा तिनी अत्यन्त विलक्षण छन्– त्यसभन्दा अझ तिनको राम्रो गुण छ, तिनी कलेजका विद्यार्थी केटा हुन् या केटी सबैको निम्ति मित्र, सल्लाहकार तथा अगुवा छन् । (पृ.१६)

माथिको उद्धरणमा प्रोफेसर चक्रवर्तीको आदर्शवादी चरित्रको सुन्दर चित्रण गरिएको छ ।

उपन्यासकी अर्की बद्ध पात्र सूर्यमाया पनि आदर्शवादी छिन् । उनको चिन्तन र व्यवहारमा आदर्शवादी भाव पाइन्छ । रतनदासका बारेमा उनी भन्छिन्, “रतनदास कैयाँ, मेरो पुरानो महाजन, आमै नि बिचरा स्वर्गमा बास होस् है, मान्छेको जुनि पनि के छ र ? परारसम्म कस्तो हट्टाकट्टा थियो बिचरा' (पृ.१५९) । रतादास कैयाँले सूर्यमायाको नौगेडी बन्दकी राखेको थियो । ब्याजमा ब्याज थप्दै लगेर सूर्यमायाको घर पनि आफ्नो अधिकारमा लिएर बेघर बनाएको भए पनि रतनदासको लास देख्दा सूर्यमायाले ‘स्वर्गमा बास होस्’ भन्ने अध्यात्मवादी/आदर्शवादी विचार प्रकट गरेकी छन् । यसरी निष्ठुर महाजनप्रति पनि सूर्यमायाको आदर्श उद्‌गार व्यक्त भएको छ ।

मोक्तानको **अशेष यात्रा** उपन्यासका पात्र-पात्राहरूमा पनि आदर्शवादी भावना देखिन्छ । यस सन्दर्भमा उक्त उपन्यासको निम्नलिखित उद्धरण पनि उदाहरणीय छ :

> साहेबले आफ्नो बिलमा कतिपय नाउँहरूमध्ये आफ्नो पुरानो सेवक पूर्णजितलाई साँचो, इमान्दार, दीगो अनि अविश्रान्त सेवाको निम्ति पचास हजार रुपियाँ नगद, आफ्नो सुनको पाकेट घडी अनि लौरो लेखिराखेका थिए । ... पूर्णजीतले साहेबको भनाइलाई सम्झने गर्छ- सबै काम हो, काम गर्नुपर्छ आफ्नो हातले, तब रुपियाँ पैसा आफैँ आउँछ । (पृ.९)

अशेष यात्रा उपन्यासका पात्र साहेबले पूर्णजितलाई आफ्नो सेवा गरे वापत सहयोगका निम्ति रुपिया दिएका छन् । यहाँ यी दुवै पात्रमा आदर्श भाव रहेको देखिन्छ । पूर्णजित पनि समय र परिस्थितिप्रति आदर्शवादी भावना यसरी अभिव्यक्त गर्छ, “यहाँ धन छैन तर मन छ, सम्पत्ति छैन तर आँट छ, वैभव छैन तर आत्मीयता छ । प्रतियोगिता छैन तर सहकारिता छ” (पृ.६८) । यसरी उपन्यासकारले प्रस्तुत उपन्यासमा कमान बस्तीको सामाजिक जीवनमा पाइने आदर्शवादी चेतनाको अभिव्यक्ति गरेका छन् । वीरमान चौकीदारका घरमा करण बास

बस्न पुग्छ । त्यस समय उसले वीरमानलाई भन्छ, “तपाइँ साँच्चै मेरो उस जुनिको पिता हुनुहुँदो रहेछ, नत्र यसरी मेरो निम्ति किन दुःख उठाउनु हुन्थ्यो र ?” (पृ.७०) । वीरमान चौकीदारको आदर्श भावलाई करणको उक्त संवादले प्रस्ट गरेको छ ।

मानवीय जीवनका लागि पैसा वा सम्पत्ति सम्पूर्ण कुरा हुन सक्छ । यसले सामाजिक आर्थिक सम्बन्ध र चिन्तनको सीमालाई निर्धारण गर्छ । तर पैसा मात्र सबै कुरा होइन । यसले मात्रै सुःख र शान्ति प्राप्त गर्न सकिँदैन । पैसाले पद प्रतिष्ठा प्राप्त गर्न सके पनि यसले मानवीय जीवनको पूर्णता प्राप्त गर्न सकिँदैन । यही आदर्श विचारलाई **अशेष यात्रा** उपन्यासमा उपन्यासकारले महत्त्व दिएर यसरी अभिव्यक्त गरेका छन् :

> आखिर पैसाले मात्र सुःख र शान्ति कहाँ पाइन्छ ? मानिसले पूर्णत्व प्राप्त गर्न सम्पत्तिले मात्र हुँदैन । उसले माता-पिता, पति-पत्नि, छोरा-छोरी सबैको स्नेह दिनु र लिनु नै जीवनको उद्देश्य हो । सम्पत्ति उपार्जन गर्न मात्र त होइन । पूर्णजितसित यथेष्ट सम्पत्ति थियो । (पृ.७६)

पूर्णजितको मानसिक असन्तुष्टिको मूल कारण उसको छोरो करण बेपत्ता हुनु हो । ऊसित सम्पत्ति धेरै भए पनि त्यसले उसलाई आनन्द दिन सकेको छैन । त्यसैले सम्पत्ति भनेको केही होइन भन्ने आदर्शवादी भावना **अशेष यात्रा** उपन्यासको उपर्युक्त कथनमा पाइन्छ ।

अशेष यात्रा उपन्यासमा पारिवारिक आदर्श र परोपकारी भावनाको अन्तर्मिश्रण गरिएको पाइन्छ । अनुराधाकी फुपूका व्यवहार र दृष्टिकोणमा यस्तै भावना विद्यमान भएको पाइन्छ । उनले अनुराधाको स्थितिप्रति देखाएको आदर्शवादी स्नेहलाई उपन्यासकारले यसरी प्रस्तुत गरेका छन्, “बरु तिमीले राँची भए पनि अरु कुनै राम्रो अस्पतालतिर पठाउने व्यवस्था गर है । मेरी छोरीभन्दा प्यारी भदैनीलाई यस्तो दुर्दशामा हेर्न सक्तिनँ (पृ.१२०) । यसरी अनुराधाकी फुपूले अनुराधाको उपचारको निम्ति आफ्ना पतिलाई आग्रह गर्छिन् । आफ्नी भदैनीलाई छोरीतुल्य लालन-पालन गरेर उसको स्वास्थ्यप्रति चिन्तित बनेका सम्बन्धमा फुपूको आदर्श भावना प्रस्ट भएको देखिन्छ ।

जीवन परिक्रमा उपन्यासमा पनि अध्यात्मवादी आदर्श भावना विद्यमान रहेको छ । प्रस्तुत उपन्यासका बद्ध पात्र धिताल बाजेको संवाद यस प्रकार छ :

> ‘यही रीतले कहिले भोको, कहिले अधमौरी हुँदै मैलाली आइपुगे । एकजना गोरो बंगाली बाबुले मलाई इन्टाली बजारमा भेटेर रुचाए झैं गरे । मलाई पुरानो अनुभवले मनमा चिसो पस्यो । यसपाला कहीँ जाने इच्छा भएन तर मागी खान पनि महालाज । महालाज मात्र होइन तर हात-पाखुरा हुँदा हुँदै पनि मागि खानु महापाप । बाबुले भाँडा माझ्ने काममा मासिक रु.२० तलब दिने भए । ढुक्क लाग्यो इमान र धरम जोगिने भयो । (पृ.४)

धर्मराज धिताल बाजेले मागी खान लाज मानी, पाप सम्झी इमान र धर्म रक्षाका लागि मासिक २० रुपिया तलबमा आफ्नो जीविका चलाउने प्रयत्न गरेका छन् । माग्नुभन्दा आफ्नै

काम गरेर जिउनु उत्तम हो तथा जीवनको इमान र धर्म पनि यही हो भन्ने आदर्श भावनालाई मोक्तानले उक्त उपन्यासमा दर्शाएका छन् । यस्तै अर्को पात्र चतुरमान सुब्बाको आदर्श यस प्रकार देखिन्छ, "गोर्खालीले पहरा दिएदेखि 'युनिक कोलोनी' मा चोर, डाँकु, भूतप्रेत त के कुरा कुकुर भुक्न र स्याल रुन पनि सक्तैन, उसको कम्मरको हतियारमा अद्भुत जादु छ, शक्ति छ" (पृ.१६) । यसरी चतुरमान सुब्बाले युनिक कोलोनीको पहरा दिने काम गरेर आफ्नो जीविकोपार्जन गरेका छन् । रोगी भएर पनि साहस र हिम्मत भएका आदर्शवादी पात्रका रूपमा यस उपन्यासमा चतुरमान सुब्बाको चरित्र चित्रण गरिएको छ ।

जीवन परिक्रमा उपन्यासका कथा वाचक पात्र चन्द्रशेखरका चरित्रमा पनि आदर्श भावना पाइन्छ । उपन्यासका पात्र रामकृष्ण बोसले पुरी जाने टिकट किन्नका लागि उनलाई सहयोग गर्ने विचार प्रस्तुत गर्दा उनले यस्तो अभिव्यक्ति दिन्छन्, "होइन, अरुहरू क्युमा उभिन्छन्, उसरी नै म पनि उभिनु पर्‍यो, यसलाई नै त समानता भन्छन् (पृ.२९) । चन्द्रशेखरको उक्त कथन र त्यसपछि उनले देखाएको व्यवहारमा पनि सामाजिक समानताको आदर्श भावना प्रकट भएको पाइन्छ ।

प्रस्तुत उपन्यासको मदन नामक कैदी पात्रलाई फाँसीको सजाय भएको हुन्छ । मर्ने बेलामा पनि उसमा आदर्शवादी भावना जागृत भएको देखिन्छ । उपन्यासकारले उसको आदर्शवादी भावनालाई यसरी चित्रण गरेका छन् :

> ऊ फाँसीको दिन सरासर जेलबाट बाहिर निस्क्यो, सुपरिटेन्डेन्टलाई सलाम गर्‍यो, वारन्ट पढ्ने दरकार छेन भन्दै हात हल्लायो अनि सरासर फाँसीको मचानमा चढ्यो । त्यस समय उसले भन्यो–म मर्दैछु, खुशीसित, मेरी स्वास्नीले विश्वासघात गरी उसको हत्या गरेँ, शान्ति पाएँ, मैले सजाएँ पाएँ, प्राण-दण्ड । शान्ति पाउँछु, बिदा । (पृ.५१)

विश्वासघात गर्ने आफ्नी स्वास्नीलाई दण्ड दिएकामा मदनले शान्ति अनुभूत गरेको छ । यस्तो आदर्शलाई शिरोपर गर्ने उसमा आध्यात्मिक तथा आदर्शवादी भावना प्रखर रूपमा मुखरित भएको स्पष्ट देखिन्छ ।

मोक्तानको **जीवन गोरेटोमा** उपन्यासमा अझ बढी मात्रामा आदर्शवादी भावना भएका पात्रहरू रहेका छन् । उपन्यासको निम्नलिखित उद्धरणहरूले यसको पुष्टि गर्छ :

> साँचो नटवरलाल मुसुमुसु हाँस्तै भन्छ–'सर म मानिसलाई प्रतारण गर्दिनँ, ठग्दिनँ । मानिसहरू आफैँ ठगिन्छन्, उल्लु बनिन्छन् । सबै आ-आफ्ना स्वार्थसिद्धि, लोभ अनि एकैरातमा धनी हुने प्रलोभनमा फसेर मबाट ठगिन्छन् । म तिनीहरूलाई ठग्दिन । मैले कसैको हत्या गरेको छैन, प्रतारण अनि ठगीद्वारा कमाएको पैसा मसित राख्दिनँ । छपरामा मेरो गाउँको गरिब-दुःखी परिवारहरूलाई धनले सघाउँछु, बाहिर पढ्न जाने मेधावी विद्यार्थीलाई रुपियाँ दिन्छु । गरिब आमा-बाबुकी छोरीको बिहेका लागि दाइजोको रुपियाँ सित्तैमा दिन्छु, बिरामीहरूलाई औषधि अनि उपचारको निम्ति पैसा

बाँड्छु । भनौँ भने मेरो गाउँका मानिसहरू नटवरको सूर्यको तापमा आङ्ग तन्काउँछन् । म यही काम नै औधि रुचाउँछु । (पृ.५)

उपन्यासको बद्ध कैदी पात्र नटवरलालको जीवन शैलीद्वारा ऊ एक आध्यात्मिक तथा आदर्शवादी पात्र हो भन्ने कुरा स्पष्ट भएको छ । उसले ठगी, ढाँटेर कमाएको धनले आफ्नो गाउँका गरिब-दुःखीलाई सहयोग पुऱ्याउँछ । कैदी भए पनि उसमा परोपकारी भावना प्रगाढ रूपमा विद्यमान छ । मूर्खहरूलाई ठगेर सज्जन तथा गरिबको सेवा गर्नु नै उसको आदर्शवादी प्रवृत्तिको द्योतक हो ।

प्रस्तुत उपन्यासका नायक चन्द्रशेखर कारागार सुपरिवेक्षक हुन् । उनलाई प्रख्यात अपराधी, डकैतीका ग्याङ्ग लिडर साहबुद्दीन गुडियाले मध्यरातमा रेल स्टेसनदेखि उनको बासस्थानसम्म पुऱ्याइदिन्छ । उसले भयानक डाँकुहरूका सरदार भएको कारण धेरैपल्ट कारागारको सजाय भोगिसकेको हुन्छ । अपराधी साहबुद्दिनमा पनि दुःख र समस्यामा परेका मान्छेहरूलाई सहयोग गर्नु पर्छ भन्ने आदर्श भावना रहेको कुरालाई उपन्यासकारले प्रभावकारी रूपमा अभिव्यक्त गरेका छन् ।

शोषण रहित साम्यवादी व्यवस्थाको स्थापना गर्ने उद्देश्य लिएर आन्दोलनमा लागेका राजनेता चारु मजुमदार पनि कैदी पात्र हुन् । नक्सलपन्थी आन्दोलनमा आफूलाई समर्पित गरेका उनी सर्वहारा वर्गको अधिनायकत्व भएको साम्यवादी शासन व्यवस्था स्थापनाका लागि जस्तोसुकै वलिदान दिन पनि तयार हुन्छन् । उनी विचारका दृष्टिले पूर्णतः भौतिकवादी व्यक्तित्व हुन् र त्यो अध्यात्मवादको व्यतिरेकी नै हो तर दर्शनका तहमा आदर्शवादी नभइकन पनि उनमा आदर्श चरित्रको उत्कर्ष पाइन्छ । चारू मजुमदारले शोषणहीन साम्यवादको निम्ति आफूलाई समर्पित गरेका हुँदा उनको आदर्श राजनीतिक छवि आजसम्म पनि भारतीय राजनीतिक इतिहासमा आदर्शकै रूपमा बाँचिरहेको छ ।

भारतीय कम्युनिष्ट पार्टी तथा वाम दलका राजबन्दीहरूका नेता प्रमोद दासगुप्ताको आदर्शवादी व्यक्तित्वसँग लेखक प्रभावित बनेका छन् । त्यसैले उनको जीवन कथालाई यस उपन्यासमा समावेश गरेका छन् । त्यस्तै अर्की कैदी रत्नमाया स्याङ्देन एक्ली नारी पात्र हुन् जसले आफ्नो एक्लो जीवन इमानदारीसाथ निर्वाह गरिरहेका समयमा विजय नामक धूर्त जँड्याहा पुरुषले आफ्नो सम्पत्ति र अस्मितामाथि आँखा गाड्दा त्यसको हत्या गर्छिन् । उनी आफ्नो नारीत्वको सुरक्षाका लागि विजयको हत्या गर्न बाध्य बनेकी हुन्छिन् । उनको आदर्श चरित्रले सामाजिक आदर्शलाई चरितार्थ गरेको छ । जापानी नाविक नारिताको आदर्शलाई पनि यस उपन्यासमा अभिव्यक्त गरिएको छ । सात वर्ष कारागारमा श्रम कैदीको सजाय बिताएर जापान फर्केको नारिताको जेल जीवन आदर्शवादी र अध्यात्मवादी देखिन्छ । यस सन्दर्भमा कारागारका एकाउन्टेनलाई चन्द्रशेखरले उसका श्रमको पैसा लगे नलगेको सम्बन्धमा सोध्दा एकाउन्टेन्टले भनेको यस सन्दर्भबाट नारिताको आदर्शवादी र अध्यात्मवादी चरित्र छर्लङ्ग भाएको छ :

> नो सर, उसले आधा रुपियाँ त प्रत्येक दुर्गा पुजामा खर्च गर्थ्यो अनि बाँकी रुपियाँ रवीन्द्रनाथ ठाकुरको तस्वीर अनि महात्मा गान्धीको तस्वीर किनेर शेष गऱ्यो । त्यसबाहेक उसले जेल लाइब्रेरीमा रवीन्द्र रचनावली र शरद् स्मारिका ग्रन्थको सम्पूर्ण खण्ड आफ्नो परिश्रमको पैसाले दान गरेर गएको छ । (पृ.७०)

नारिताको आदर्शवादी व्यक्तित्वलाई उपन्यासकारले खुबै रोचक ढङ्गमा प्रस्तुत गरेका छन् । नारिताले रिसको झोँकमा इचिरोको हत्या गरेको भए पनि उसको मानसपटलमा भएको मानवीय आदर्शवादी भावनाका कारण कारागारमा सत्कार्यहरू गरेको छ । यसरी उसले आदर्शवादी कैदी पात्रको भूमिका निर्वाह गरेको छ ।

कारागारमा बन्दी जीवन व्यतित गरिरहेकी एडेल केनीले आफुमाथि कामवासनाको उद्देश्य राख्ने गोनसालभेको हत्या गरेकी हुन्छे । उसले आफ्नो नारीत्व जोगाउन उठाएको कदम अनुसार छ वर्ष कैद सजाय भोग्नु पर्दछ । यसरी छ वर्षसम्म उसले कारागारमा फ्लोरेन्स नाइटिङ्गेलले जस्तै मानसिक रोगीहरूको सेवा र सहयोग गर्छे । चन्द्रशेखरले मेट्रोनलाई एडेलको जेल-मानसिक अस्पतालमा कस्तो रेकर्ड छ भनी प्रश्न गर्दा मेट्रोन यसो भन्छे :

> सर, एडेल एउटी एन्जेल हो । उसले सम्पूर्ण मासिक अस्पताललाई एउटा स्वर्ग बनाउने कोशिस गरिरहेकी छे । प्रत्येक रोगीलाई ऊ आफ्नो दिदी-बहिनी, छोरा-छोरीहरू झैँ ठान्छे । प्रत्येक रोगिनीको नाउँ, उमेर, रोगको अवस्था, औषधि र भोजनको आदत, गतिविधि यसलाई थाहा छ । कहिलेकाँहि राती १२ बजे पनि कुनै मानसिक रोगी सुतेको छ/छैन सो हेर्न एडेल हातमा टर्च लाइट बोकेर हस्पिटल घुम्छिन् । रोगीहरूलाई लुगा ओढाउँछिन् । निधार र नाडी छामेर माया गर्छिन् । उसको हातबाट अहिलेसम्म प्रायः १५ जना रोगीहरू जाति भई अदालतको आदेशअनुसार आ-आफ्ना घर-परिवारमा फिरेर समाजको मूल स्रोतमा मिसिएका छन् । महिला अस्पतालमा सबै एडेललाई देवी वा एन्जेल भन्छन् । (पृ.७५)

कैदी भएर पनि मानवीय सेवामा आफूलाई समर्पित गर्ने एडेलको आदर्शवादी चरित्रको प्रशंसा उपन्यासकारले गरेका छन् । यस्ती आदर्शवादी प्रवृत्ति भएकी नारी कैदी पात्र एडेलको जीवन सन्दर्भलाई विषयवस्तु बनाएर उपन्यास लेखन गर्नु आफैँमा उपन्यासकारको आदर्शवादी विशेषताको परिचायक हो ।

मोक्तान स्वयम् पनि आदर्शवादी उपन्यासकार भएका हुनाले उनका औपन्यासिक विषयवस्तु, पात्र र तिनका चरित्र तथा प्रत्येक उपन्यासका सन्देश वा उद्देश्य पनि आदर्शवादबाट नै प्रभावित भएको पाइन्छ । प्रेमको आदर्श, अपराधको आदर्श, क्रान्तिको आदर्श, समाजको आदर्श, नारीत्वको आदर्श, अस्मिताको आदर्श, चारित्रिक आदर्श, जीवनको आदर्श आदि आदर्शहरूको समग्र पुञ्जका रूपमा उनका उपन्यासहरू देखिएका छन् । उनका उपन्यासका प्रायःजसो पात्रहरू आदर्शवादी विचारद्वारा प्रेरित छन् । उनले कारागारका कैदी पात्रहरूमा पनि मानवता, आध्यात्मिक तथा आदर्शवादी गुण अन्तनिर्हित हुन्छन् भन्ने

तथ्यलाई प्रस्ट पारेका छन् । यसरी उनका उपन्यासमा एकातिर दार्शनिक रूपमै आदर्शवादी/अध्यात्मवादी पात्रहरूको सिर्जना गरेर आदर्शवादी चेतनाको प्रस्तुति गरिएको छ भने भौतिकवादी क्रान्तिकारी पात्रहरूका निर्माणमा दार्शनिक तहमा नभए पनि चारित्रिक तहमा आदर्श चरित्रको स्थापना यथास्थिति विरोधी सुधारवादी वा परिवर्तनको अपेक्षा गर्ने पात्र विधानको प्रवृत्ति देखिएको छ ।

६.८ मानवतावादी भावनाको अभिव्यक्ति

मानव जातिको प्रतिष्ठा तथा अधिकारको सम्मान, व्यक्तिका रूपमा उसको मूल्य रक्षा, समग्रको कल्याण, उनीहरूको बहुमुखी विकास र मानव जातिका लागि सामाजिक जीवनका परिस्थितिहरूको निर्माणका लागि चिन्ता व्यक्त गर्ने विचारलाई मानवतावाद भनिन्छ । कृष्णसिंह मोक्तानले आफ्ना उपन्यासहरूमा मानवतावादी भावनाको संयोजन गरेका छन् । उनी मान्छे भएर मान्छेप्रति अन्याय, अत्याचार गरेको हेर्न चाहँदैनन् । मान्छेका संवेदनशील क्षणलाई उनले आफ्ना उपन्यासमा प्रस्तुत गरेका छन् । उनका उपन्यासका पात्रहरू अरूका दुःखमा दुःखी हुँदै साथ दिने, मानवीय सद्भावना व्यक्त गर्ने र अरूको मूल्य, मानक र अस्तित्वलाई स्वीकार गर्ने खालका छन् । उनको प्रथम उपन्यास **चरणधूलि**को प्रमुख पात्र जीवन र उसका साथी मोहन र नीराका विचार तथा व्यवहारमा मानवतावादी भावना पाइन्छ । मोहन र नीराले सूर्यमानको मृत्यु भएपछि अन्तिम संस्कारसम्म जीवन र उसका परिवारको सहयोग गरेर मानवीय आदर्श चरित्रको उदाहरण प्रस्तुत गरेका छन् । यसरी मान्छेले मान्छे भएर बाँच्न मानवीय भावना र व्यवहार अँगाल्नु पर्छ भन्ने कुराको अभिव्यक्ति उनको **चरणधूलि** उपन्यासमा पाइन्छ ।

चरणधूलि उपन्यासमा जीवन र कर्णध्वजले घाइते बुढा कामीलाई उपचारार्थ अस्पताल लगेका घटनामा उनीहरूको मानवतावादी व्यवहार उद्घाटित भएको छ । यस प्रसङ्गलाई उपन्यासमा यसरी प्रस्तुत गरिएको छ :

> बूढा जन्तरे कामीलाई जीवन र कर्णध्वज औ दुई कैटाहरू मिली स्ट्रेचरमा बोकी मेन्टोरिया अस्पतालको सर्जिकल वार्डमा भर्ना गरिदिए । बूढाको होश राम्रै थियो । जीवनले बाजे जाती भइहाल्छ, निर्धक्क बस्नु है भन्दा बूढाले खोक्दै भने- 'नानी तिमी भाग्यमानी भए, तिम्रो गुण म कहिल्यै बिर्सने छैन' । (पृ.९)

जातले कामी भए पनि एउटा मान्छेका रूपमा जीवनले जन्तरे कामीलाई सहयोग गरेको छ । उसले जन्तरे कामीको इज्जत र उसका अस्वस्थतामा विशेष ध्यान पुऱ्याएको छ । एउटा मान्छे भएर समाजको अर्को मान्छेलाई दुःख, समस्या र अप्ठ्यारो पर्दा मानवीय नाताले उसलाई सहयोग गरेन भने मान्छे भएर जन्मेको कुनै सार लाग्दैन भन्ने कुराको राम्रो बोध जीवनलाई भएको देखिन्छ । **चरणधूलि** उपन्यासमा उपन्यासकारको मानवतावादी भावनाको मूल वाहक बनेर मुख्य पात्र जीवन आएको छ ।

जीवनले गरिब, माग्ने, अशक्त आदि पात्रलाई हार्दिकतापूर्वक दया माया देखाउनु पनि उसको मानवतावादी भावनाको परिचायक हो । उसको त्यस प्रवृत्तिलाई उपन्यासकारले यसरी चित्रण गरेका छन्, "बाटामा सलाम हजुर दुई पैसा भन्दै माग्ने बूढोलाई देखेर जीवनलाई दया जागेर आउँछ र उसले त्यस माग्नेलाई पैसा दिन्छ" (पृ.९) । यस्तै प्रकारले यस उपन्यासको बद्ध पात्र मोहनमा पनि मानवप्रतिको हार्दिक सहानुभूति, दया, माया स्पष्ट रूपमा देख्न सकिन्छ । **चरणधूलि** उपन्यासमा उसको मानवतावादी भावनाको साक्ष यस्तो छ– "आमा ! मलाई यसघरि जीवन सम्झनुहोस्, मलाई छोरा सम्झनुहोस् । मेरो पनि त आमा छैन, तपाई मेरी आमा हुनुहुन्छ । मोहनले सूर्यमायाको खुट्टामा बसी रात छर्लङ्ग काट्यो" (पृ.१६५) । जीवनकी एक्ली आमा सिकिस्त बिरामी छँदा उनलाई स्याहारसुसार गर्न जीवनको साथी मोहन उनका घरमा आएको हुन्छ । आफ्नो साथीकी आमालाई आफ्नै आमा जस्तो मान्ने मोहनमा पनि उदार मानवीय भावना प्रबल रूपमा रहेको पाइन्छ ।

अशेष यात्रा उपन्यास पनि मानवतावादी भावनाका विभिन्न सन्दर्भहरू पाउन सकिन्छ । यस उपन्यासको प्रमुख पात्र करणले नदीमा नाउमा सवार रहेका युवतीहरूको नाउ दुर्घटना भएको समयमा डुबेका मध्ये अनुराधालाई नदीभित्रबाट बाहिर निकाल्ने काम गर्छ । अर्कोपल्ट मिरिकमा शिक्षण कार्य गरेको समय आफूसँगै बस्ने साथी स्याङ्देन एक्कासि पेट दुखेर फत्र्याक फत्र्याक पर्दा मध्यरातमा उसको उपचारको निम्ति डाक्टर बोलाउन अस्पताल गएको घटनाले प्रस्तुत उपन्यासका पात्रमा मानवीय भावना विद्यमान रहेको देखिन्छ । यस्तै मण्डल-मण्डलनीले कृष्णनगरको पोखरीको छेउमा आत्महत्या गर्न गएकी अनुराधालाई समाएर उसका फुपू-फुपा भएका घरमा ल्याइदिन्छन् । यी सबै सन्दर्भमा मानवीय भावना बढी प्रगाढ बनेर देखिएको छ ।

प्रस्तुत उपन्यासको प्रमुख नारी पात्रा अनुराधाकी आमा अनुराधा सानै छँदा परलोक भएकी हुनाले पिता रुद्रमानले हेरचाहका निम्ति उसलाई फुपूफुपासँग दार्जिलिङ छाडेका छन् । केही समयमा पिता रुद्रमानको पनि देहान्त हुन्छ । पालन पोषणको जिम्मेवारी पाएका फुपूफुपाले अनुराधालाई आफ्नै छोरीतुल्य ठानी उच्च शिक्षा दिलाउने हेतुले काशी हिन्दू विश्वविद्यालयमा पठाउँछन् । त्यहाँ अध्ययनरत रहँदा अनुराधाको मानसिक सन्तुलन बिग्रन्छ । उनीहरू दुःखी बन्दै अनुराधालाई उपचारका लागि विभिन्न स्थानमा पुऱ्याउँछन् । यसरी फुपूफुपाले अनुराधाको बिरामी अवस्थामा आफ्नी छोरीलाई भन्दा बढी माया गरेर हेरचाह गरेका छन् र उपचारका लागि सम्भाव्य विभिन्न ठाउँमा पुऱ्याएका छन् । उनीहरूको यस कार्यमा पनि मानवीय संवेदना र त्यसको गम्भीरता भेट्न सकिन्छ । उनीहरूमा रहेको मानवीय संवेदनाको पुष्टिका लागि **अशेष यात्रा** उपन्यासबाट यो उदाहरण प्रस्तुत गरिएको छ– "आफ्नो सन्तान नभएको त्यसमाथि पनि छोरीभन्दा प्यारी अनुराधाको त्यो हालत हुँदा तिनलाई चट्टानले थिचेको अनुभव भयो । ती रुन्थिन्, बल माग्थिन्, इष्टदेवलाई भाकल गर्थिन्, पूजा गर्थिन् तर अनुराधाको अवस्था दिनप्रतिदिन नराम्रो हुन थाल्यो । (पृ.१२७)

प्रस्तुत उद्धरणद्वारा अनुराधाका फुपू-फुपा सूर्यप्रकाश र उनकी श्रीमतीमा प्रखर मानवतावादी भावना देख्न सकिन्छ । अनुराधाको रोगको उपचारका निम्ति गर्न सक्ने सबै

प्रकारका कार्यहरू गर्नु, उसका बारेमा निकै चिन्ता गर्नु तथा आफ्नै छोरी नभए पनि छोरीलाई भन्दा बढी माया गर्नुले उनीहरूमा भएको मानवतावादी भावनालाई स्पष्ट रूपमा अभिव्यञ्जित गरेको छ । सन्तानहीन आमाबाबुले कसैकी छोरीलाई पालेर ठुलो बनाए पनि त्यस सन्तानमा तिनीहरूको बात्सल्य त्यत्तिकै पोखिन सक्दैन । कसैकी छोरीलाई आफ्नी छोरीजस्तै मान्नु नै आफैँमा मानवतावादी भावनाको सुन्दर उदाहरण हो ।

अशेष यात्रा उपन्यासको प्रमुख पुरुष पात्र करणमा पनि मानवतावादी भावना पाइन्छ । आफूले माया गरेकी भए पनि अर्कैलाई माया गर्ने अनुराधालाई प्रेमीले धोका दिएका हुनाले उनी पागलजस्तै बन्छिन् । यो कुरा थाहा पाएपछि करणका मनमा उसप्रति घृणा होइन, झन् बढी प्रेम, श्रद्धा, दया र करुणा जागेर आउँछ । यसै कारण अनुराधा सिकिस्त अवस्थामा छँदा उसलाई भेट्न करण अस्पताल पुग्छ । अनुराधासित भेट हुँदा उसले निकै आत्मीय भाव तथा प्रेम देखाउँछ । यसबाट अनुराधाको मानसिक अवस्थामा सुधार ल्याउन सहयोग र प्रेरणा मिल्छ । यसरी अर्काको प्रेममा पागल बनेकी अनुराधालाई आफ्नी प्रेमिकालाई भन्दा बढी माया देखाउने, मानसिक स्थिति ठिक नभएकीलाई ठिक बनाउन सघाउने आदि व्यवहारबाट उसमा मानवीय संवेदना र त्यसको सकारात्मक बोध रहेको देख्न सकिन्छ । यस्तो संवेदना र बोध नै मानवतावादी भावनाको उपयुक्त लक्षण हो । यस उपन्यासमा यस्तो मानवतावादी पात्र करणको भूमिका प्रसंशनीय छ । यसरी मोक्तानका **चरणधूलि** र **अशेष यात्रा** उपन्यासका विषय सन्दर्भ र पात्रका चारित्रिक उपस्थितिमा मानवतावादी भावना निकै सुन्दर ढङ्गले चित्रण भएको देखिन्छ ।

मोक्तानका **जीवन परिक्रमा** उपन्यासका बद्ध पात्र धिताल बाजे भन्छन्– “यसपाला कहीँ जाने इच्छा भएन तर मागी खान पनि महालाज । महालाज मात्र होइन तर हात पाखुरा हुँदाहुँदै पनि मागी खानु महापाप ! बाबुले भाँडा माझ्ने काममा मासिक रु २० तलब दिने भए । ढुक्क लाग्यो, सूर्यमान र धरम जोगिने भयो । मानिस थिए देवता, धेरै बोल्ने र मात्र”। (पृ.४)

जीवन परिक्रमा उपन्यासमा पनि मानवतावादी भावनाको प्रयोग भेटिन्छ । यस उपन्यासका कथा वाचक चन्द्रशेखर मानवतावादी पात्र हुन् । पदीय जिम्मेवारीका हिसाबले सरकारी उच्च ओहदामा रहेको उसले जेलका अपराधीहरूका जीवनका सुखदुःखको सोधखोज, त्यसप्रति सहानुभूति व्यक्त र सहयोग समेत गरेका छन् । कोही पनि व्यक्ति जन्मँदै चोर, बदमास, फटाहा, अपराधी, आतङ्कवादी बनेको हुँदैन । यस समाजका असमानता, मान्छेका अमानवीय व्यवहारका कारणले मान्छेले आफ्नो मूल बाटो बिराएका मात्र हुन् र तिनीहरूलाई मूल बाटोमा ल्याउन सकिन्छ भन्ने सोचाइ उनमा रहेको छ । कैदीलाई शारीरिक यातनाबाट होइन मानवीय संवेदनशीलताका माध्यमबाट असल बाटोमा ल्याउन सकिन्छ भन्ने कुरालाई उनका चरित्रले चरितार्थ गरेको छ ।

कलकत्ताको एउटा क्यान्टिनमा काम गर्न आएका धिताल बाजेमा पनि मानवीय स्वाभिमान छ । आफ्नो काम आफैँले गर्ने र आफ्नो माम आफैँले उब्जाउने चेतना उनमा रहेको छ । मागेर, चोरेर खानु महापाप मान्नु नै उनको मानवतावादी भावनाको द्योतक हो । आफ्नो

कर्म आफैं गरी इमान र धर्म जोगाउनु पर्छ भन्ने सन्देशबाट उनमा मानवीय भावना प्रखर रहेको मान्न सकिन्छ ।

जीवन परिक्रमा उपन्यासका पात्रहरू चतुरमान सुब्बा, सुलतान अली मण्डल, जेल सुप्रिन्टेन्डेन्ट चन्द्रशेखर आदि सबैमा मानवतावादी भावना देखिन्छ । सुल्तान अली मण्डललाई मृत्युदण्ड हुन सक्ने तर आफूले उसलाई बचाउन चाहेको सन्दर्भमा चन्द्रशेखर भन्छन्, "तिमी मर्न चाहन्छौ म बचाउन चाहन्छु, म तिमीलाई यो प्राणदण्डदेखि बचाउने नै छु" (पृ.३५) । यसरी मोक्तानले **जीवन परिक्रमा** उपन्यासमा कारागारको सुप्रिन्टेन्डेन्ट पदमा रहे तापनि उनलाई मानवतावादी गुण युक्त पात्रका रूपमा उभ्याएका छन् । चन्द्रशेखरले सुलतानलाई भन्छन्, "होइन सुलतान, तिम्रो अपीलको तारीख २३.२.६३ मा ठीक भएछ, तिम्रा एडभोकेट रहेछन्, मलाई त आशा छ, पूरा आशा, तिमीले मृत्युको मुखबाट रिहाइ पाउनेछौ, तिम्रो प्राण बाँच्ने छ" (पृ.३७) । यसरी एक कारागार प्रशासनिक भए पनि उनी कैदीहरूका अधिकारको मूल्य बुझिदिने असल मानवतावादी पात्रका रूपमा रहेका छन् । उनी भन्छन्- "चोर, डाकू, पाकेटमार, हत्यारा, खुनी, पगला, पगली भन्यो भइगयो, तर हाम्रो निम्ति यो प्रत्येक नै एकएक आत्मा हुन्, विचारक हुन्" (पृ.४८) । माथिका विभिन्न कथनबाट चन्द्रशेखरमा रहेको मानवतावादी भावना स्पष्ट देखिन्छ । उनका बोली, व्यवहार, चरित्र सबैमा मानवतावादी भावना पाइन्छ । यस उपन्यासका लेखकका चरित्र, जीवनी र पेसा चन्द्रशेखरका जस्तै भएका हुनाले चन्द्रशेखर स्वयम् लेखक हुन् । उपन्यासकार मोक्तानको वास्तविक जीवनमै मानवीय भावना, मूल्य र जीवन चेतना रहेको उनको जीवनीको अध्ययनबाट थाहा पाउन सकिन्छ । त्यसैले एक मानवतावादी लेखकबाट लेखिएका उपन्यासमा मानवीय भावना, अधिकार, संवेदना र चेतनाप्रतिको सम्मान सतर्कता साथ पालना गरिएको छ । उनका उपन्यासहरूमा मानवताको सम्मान र रक्षाको उच्चतम प्रयत्न गरिएको पाइन्छ ।

जीवन गोरेटोमा उपन्यासमा विभिन्न कारागारमा बन्दी बनेका कैदी पात्र-पात्रहरूमा पनि मानवतावादी गुणहरू विद्यमान रहेको पाइन्छ । यस उपन्यासका कथा वाचक चन्द्रशेखर (कारागार सुपरिवेक्षक) लाई कारागार सम्बन्धी एक मित्रले प्रश्न गर्दा उनी भन्छन्, "सबै सम्प्रदायका मानिसहरू एकअर्कासित नङ र मासु भएर बस्ने स्थान जेल हो । यिनीहरूको गहिरो मित्रता, कैदी कैदीमाझको, विषय लिएर भन्छन्- गहिरो मित्रता हुन्छ कि रेलमा, कति खेलमा कि त पातलो रातो तेलमा, कि त फेलमा अनि जेलमा" (पृ. ६७) । यस्ता विभिन्न सम्प्रदायका कैदीहरू भिन्नभिन्न धर्मावलम्बीहरू माझमा प्रेम रहनु नै मानवताको धर्म हो । त्यस्तै एक कैदी पात्र जापानी नाविक नारिताले जेलमा भारतको स्वतन्त्रता दिवसको शुभ उपलक्ष्यमा जेलभित्रै आयोजित सांस्कृतिक कार्यक्रममा भाग लिएको हुन्छ । यस सन्दर्भमा चन्द्रशेखर भन्छन् -

> ऊ एक विदेशी नागरिक भए तापनि भारत देशलाई आफ्नै देश ठानी यही नै मर्न पाउँ भनी गीत गाउँदा मेरो हृदय खुशीले उत्फुल्ल भयो । आँखा आँसुले भरियो । मानवता नारितामा थियो, मानवता विश्वव्यापी हो, मानिस मात्र व्यक्ति, स्वार्थी । ... मानव मात्रमा रूपान्तर हुने, पर-भाषा, पर-संस्कृति अनि पर-भेषभूषालाई आफ्नै बनाउने

क्षमता हुँदो रहेछ । नारिताले एक जापानी भएर भारतीय भाषा, भारतीय पहिरन र भारतीय भोजनलाई आफ्नो बनायो, बनाउन सक्यो । (पृ.६६)

विदेशी कैदीले भारतको कारागारमा आफ्नो अपराधको सजाय भोगिरहेका समय भारतको संस्कृति, खानपिन, रहनसहनसित संलग्न रहेको देखेर चन्द्रशेखरमा जागेको नारिताप्रतिको सहानुभूति र श्रद्धा पनि मानवतावादी संवेदनाकै एक पाटो हो ।

स्टेसनमा भेटिएको बालक प्रकाशलाई जेल सुपरिवेक्षक चन्द्रशेखरले दया माया गरेर उच्च शिक्षा दिलाउनमा सहयोग गरेका हुन्छन् । यिनै बालकले सिभिल इञ्जिनियरको डिग्री उच्च दर्जामा स्वर्ण पदकसित प्राप्त गरेको हुन्छ । प्रकाश प्रतिष्ठित इञ्जिनियर बनेपछि चन्द्रशेखरलाई भन्छन्– "मलाई आफ्नो खुट्टामा उभिनको निम्ति प्रेरणा दिने तपाई मेरो गुरु अनि किशोर सह-बन्दीहरू नै हुन्" (पृ.११९) । यसरी चन्द्रशेखरले मानवताका नाताले उक्त बालकलाई लालनपालन गर्नु र उसलाई आत्मनिर्भर मात्र नभएर सफल र सक्षम व्यक्ति बनाउनु, आफ्ना पालक एवम् प्रेरणादाता गुरु र प्रेरणादातालाई आफ्ना सफलताको श्रेय दिनु र उनीहरूमै त्यस सफलतालाई अर्पण गर्नु पनि मानवीय संवेदनाका पक्ष हुन् ।

उपन्यासकार कृष्णसिंह मोक्तानले आफ्ना सबैजसो उपन्यासमा मानवीय गुणयुक्त चरित्रहरूको चयन र चरित्राङ्कन गरेका छन् । विषयवस्तु, त्यसको प्रस्तुति, वैचारिक धरातल, मानवीय संवेदना र भावनाको गम्भीर प्रस्तुति, पात्रका मन, वचन र कर्ममा मानवीयताको सम्मिश्रण, मानवीय संवेदनाको रक्षा गर्ने उद्देश्य आदिका कारणले मोक्तान आफ्ना उपन्यासहरूमा मानवतावादी विचारलाई प्रखर रूपमा प्रस्तुत गर्न र स्थापित गर्न सफल छन् । त्यसैले मानवतावादी भावना उपन्यासकार कृष्णसिंह मोक्तानका उपन्यास लेखनको महत्त्वपूर्ण प्रवृत्तिगत वैशिष्ट्य हो ।

६.९ नारी जीवनका विभिन्न पक्षको चित्रण

नारी जीवनका विभिन्न आयाम हुन्छन् । सबैभन्दा पहिले उनीहरू कसैका छोरी हुन्छन्, त्यसपछि कसैकी श्रीमती र कसैकी आमा हुन्छन् । समाजमा नारीका यी विभिन्न चरण एकका तुलनामा अर्को महत्त्वपूर्ण, संवेदनशील र गहन रहेका हुन्छन् । उपन्यासमा नारी जीवनका यस्ता विविध चरणमध्ये कुनै न कुनै चरणलाई महत्त्वका साथ प्रस्तुत गर्ने प्रयत्न गरिएको हुन्छ । त्यसो त उपन्यासमा नारी र पुरुष दुवै पात्रको भूमिका महत्त्वपूर्ण रहेको हुन्छ । कुनै उपन्यासमा नारी पात्र अधिक हुन्छन् भने कुनै उपन्यासमा पुरुष पात्रको भूमिका अधिक रहेको हुन्छ । मोक्तानका चारै ओटा उपन्यासमा नारी पात्रको आधिक्य छ । उनीहरूका पात्रगत चारित्रिक भूमिका भिन्ना भिन्नै छन् । कुनै नारी पात्र आदर्श चरित्रका छन् भने कुनै नारी पात्र हत्यारा, अपराधी चरित्रका छन् ।

चरणधूलि उपन्यासमा कुल एकाउन्न पात्रमध्ये एकाइस जना नारी पात्र छन् । यिनै नारी पात्रहरूमध्ये प्रमुख नारी पात्रको भूमिका नीराले निर्वाह गरेकी छ । अर्की नारी पात्र

सूर्यमायाको भूमिका पनि उपन्यासमा महत्त्वपूर्ण देखिन्छ । सूर्यमाया प्रस्तुत उपन्यासको प्रमुख पात्र जीवनकी आमा हुन् । उनी नारी वर्गको प्रतिनिधित्व गर्ने पात्र हुन् । उनका चरित्रमा नारी जीवनका विभिन्न पक्षहरू देखिन्छन् । सूर्यमाया सुवेदार हर्कबहादुरकी श्रीमती हुन् । उनीहरूको एक्लो सन्तान जीवन हो । पतिको मृत्युका कारण एक्लो सन्तानकी आमा भएर आफ्नो छोरो जीवनलाई हुर्काई-बढाई उसलाई शिक्षादीक्षा दिन उनी सदैव प्रयासरत रहन्छिन् । व्यावहारिक जीवनलाई अगाडि बढाउनका लागि उनी आफ्ना बिहेको नौगेडी महाजन रतनदासकहाँ बन्दकी राख्न बाध्य बन्छिन् । आफूले चलाइराखेको कोइला दोकानको तिरो नगरपालिकालाई समयमा तिर्न नसक्दा महाजन रतनदासबाट फेरि रुपैया लिनु परेको हुन्छ । महाजन रतनदासले भने मूल धनको व्याजमाथि व्याज लगाएर उनको सानो काठको निजी घर नै आफ्नो अधिकारमा लिन्छ । यस्तो आर्थिक अवस्थाका कारण छोरो जीवन आफ्नो महाविद्यालयको अध्ययन अधुरो छोडेर नोकरीको निम्ति कलकत्ता महानगर जान्छ । त्यसपछि सूर्यमाया एक्लै बस्न बाध्य बन्छिन् ।

छोरो जीवन कलकत्तादेखि मलाया नोकरी गर्न पुग्छ । त्यहाँबाट उनलाई खर्च पठाउने गरे तापनि उनी वृद्ध अवस्थाका कारण बिरामी बन्छिन् । उनलाई जीवनको साथी मोहन र नीराले स्याहार सुसार गरे तापनि छोरोको प्रतिक्षामा नै उनको देहान्त हुन्छ । यसरी सूर्यमायाको जीवनलीला अन्त हुन्छ । उनी एक्ली नारी भएर आफ्नो सन्तान जीवनलाई उच्चशिक्षा दिलाउने कोसिस गर्ने सचेत नारी पात्र हुन् । यसका साथै उनी वात्सल्यमयी आमा हुन् । पतिको देहान्त भए पनि उनले अर्को विवाह नगरी आफ्नो सन्तानको पालन-पोषण, शिक्षा-दीक्षा सफलतापूर्वक गरेकी हुन्छिन् । प्रस्तुत उपन्यासमा सूर्यमायाले साहसी, परिश्रमी, उद्यमी, शिक्षाप्रति सचेत, सांस्कारिक, पतिव्रता साथै त्यागी नारी, पत्नी र आमाको भूमिका निर्वाह गरेकी छन् । उनको जीवनका विभिन्न पक्षलाई हेर्दा उनी प्रस्तुत उपन्यासकी सफल नारी पात्र हुन् ।

अशेष यात्रा उपन्यासमा बत्तिस जना नारी पात्र छन् । यस उपन्यासमा पनि नारी पात्रहरू मुख्य, सहायक र गौण भूमिका रहेको छ । तिनीहरू मध्ये प्रमुख नारी पात्रको भूमिका अनुराधाले निभाएकी छ । अनुराधाको जीवनका विभिन्न पक्षलाई हेर्दा ऊ एक मध्यम वर्गीय परिवारकी शिक्षित नारी पात्र हो । बाल्यकाल छँदै उनकी आमाको देहान्त भएको हुन्छ । यसैले गर्दा उसका पिताले फुपू-फुपालाई उसको हेरचाह गर्न तथा विद्यालयीय शिक्षा प्रदान गराउन दार्जिलिङमा छाडेर आफू कलकत्ता नोकरीमा गएका हुन्छन् । केही समयपछि पिताको पनि देहान्त हुन्छ । त्यसपछि उसलाई फुपूफुपाले आफ्नो सन्तानतुल्य माया गरेर राख्छन् । विद्यालयीय शिक्षा पूर्ण गरेपछि उसलाई उच्च शिक्षाका निम्ति काशी हिन्दू विश्वविद्यालय पठाउँछन् । यही विश्वविद्यालयमा छँदा वसन्त नामक युवकको झुटो प्रेममा फसेर आफ्नो मनोस्थितिलाई काबुमा राख्न असमर्थ बन्छे । यसै कारणले गर्दा अनुराधा एक शिक्षित नारी भए तापनि मानसिक असन्तुलनका कारण पागल बन्न पुग्छे । पागल बनेकी अनुराधाको उपचारहेतु मानसिक आरोग्यशालामा राखिएको समय उसलाई अति नै रुचाउने युवक करणले आफ्नो स्नेह भाव प्रकट गर्दा उसको मानसिक स्थितिमा सुधार आउँछ । पागल बनेकी अनुराधा स्वस्थ बन्छे । यसरी अनुराधा शिक्षित नारी भएर आफ्नो मनस्थितिलाई सन्तुलन राख्न नसकी पागल बनेकी

एक कमजोर नारी पात्र हो । यौन मनोविज्ञानका दृष्टिले अनुराधा यौन कुण्ठा भएकी पात्र हो । यसरी मोक्तानले प्रस्तुत उपन्यासमा नारी पात्रलाई विविध भूमिकामा उभ्याएका छन् । नारीको मनोविज्ञानको पक्षलाई अनुराधाको जीवनका विभिन्न क्षणद्वारा चित्रण गरेका छन् ।

जीवन परिक्रमा उपन्यासमा सोह्र जना नारी पात्र छन् । नारी पात्रहरूमा सरस्वती देवी प्रमुख नारी पात्रा हुन् । उनले चन्द्रशेखरकी श्रीमतीको महत्त्वपूर्ण भूमिका निर्वाह गरेकी छन् । सरस्वती देवी सफल गृहिणी हुन् । उनले आफ्ना पतिको खानपिन, रहनसहनमा निकै कुशलतापूर्वक ध्यान दिएकी हुन्छिन् । उनी आफ्ना पतिको हेरचाह गर्न जहाँ जहाँ उनको सरुवा हुन्छ त्यहीँ सँगसँगै साथमा बसेकी छिन् । उनी प्रस्तुत उपन्यासमा आदर्श पत्नीका रूपमा देखिएकी छन् ।

जीवन गोरेटोमा उपन्यासमा समावेश भएका कैदी पात्रहरूमध्ये रत्नमाया स्याङ्देन एउटी विधवी नारी पात्र हो । फौजमा लोग्नेको मृत्यु भएपछि एक्ली बनेकी रत्नमायाले आफ्नो जीवनयापनका निम्ति एउटा रासन दोकान चलाइरहेकी हुन्छे । उसको दोकानमा विभिन्न ग्राहक आउने गर्छन् । यस्तै ग्राहकमध्ये खराब चरित्र भएको विजय नामक एक युवक पसलमा आउने गर्छ । रत्नमायाको धन, रूप देखेर साथै एक्लोपनको फाइदा उठाउने चेष्टा गरी रत्नमायाको इज्जत लुट्ने कोसिस गर्छ । यसरी आफूमाथि शोषण भएको सहन नसकी साथै आफ्नो पतिव्रता धर्म पालना गर्दै रत्नमायाले विजयको हत्या गर्छे । फलस्वरूप उसले आजन्म कैदको सजाय भोगिरहेकी हुन्छे । भारतको दण्ड विधानले तोकिदिएको सजाय अनुसार अलिपुरद्वार सबजेल हाजतमा १४ दिन थुनिएपछि जलपाइगढी जिल्ला जेलमा उसलाई राखिएको हुन्छ । लगभग तेह्र महिना निम्न अदालतदेखि सेसन्स अदालतसम्म केस चलेर डिस्ट्रिक्ट सेन्सस अदालतद्वारा आजन्म जेलको सजाय सुनाइएको हुन्छ । त्यसपछि उसले केन्द्रीय जेलमा स्थानान्तरित भई छ वर्ष अघिदेखि सजाय काटिरहेकी हुन्छे । यसरी प्रस्तुत उपन्यासमा रत्नमाया स्याङ्देन आफ्नो नारी अस्मितामाथि धावा बोल्ने पुरुषको हत्या गर्न पनि पछि नपर्ने विद्रोही नारी पात्रको भूमिकामा देखिएकी छे ।

जीवन गोरेटोमा उपन्यासकी अर्की नारी पात्र सुदीपा आजीवन कैद बनेकी पात्र हो । २० वर्षको उमेरमा रसायन विज्ञानमा बी.एस्सी. (अनर्स) पढ्दै गरेकी छात्रा सुदीपाले आफ्ना मातापिता लगायत बाजेबोजूको हत्या गरेकी हुन्छे । यस सन्दर्भलाई प्रस्ट गर्न निम्नलिखित उद्धरण प्रस्तुत गरिएको छ, "आफ्ना साक्खै मातापिता, बाजे अनि बोजूको । उद्देश्य रहस्यमय । यो घटनाले अपराध विज्ञानको जगत्मा सनसनी मात्र होइन तर एउटा कौतूहल विराट प्रश्न अनि मनोविज्ञानको समस्या खडा गरेको छ (पृ.८६) । सुदीपाले माध्यमिक र उच्च माध्यमिक विशिष्ट श्रेणीमा उत्तीर्ण गरी प्रेसिडेन्सी कलेज कलकत्तामा बी.एस्सी. (अनर्स) रसायन विज्ञान लिएर अध्ययन गरिरहेको समय शोध कार्यशालाका कार्य सहायक रणधीरको भनाइमा आएर उसले आफ्नै परिवारका चार सदस्य माता, पिता, बाजे र बोजूलाई रस मिठाइमा तेजाब मिलाएर आफू कलेजको परीक्षामा प्रथम भएको खुसीमा खुवाउँछे । यस्तो कुकर्म गर्न रणधीरले प्रोत्साहित गरेको हुन्छ । सुदीपा चाहिँ रणधीरको पुरुष स्वभावसँग आकर्षित बनेकी हुन्छे ।

रणधीरले सुदीपालाई रसायन विज्ञानको प्रयोगशालामा विभिन्न प्रकारका प्रयोग कार्य सिकाउने गर्छ । पहिले घरमा पालेका सेता मुसामाथि रसायनको प्रयोग गर्न सिकाउँछ । त्यसपछि सुदीपाको परिवारकै हत्या गर्ने एकोहोरो मानसिकता बनाई रसायन पदार्थ (एसिड) रस मिठाइमा छर्किएर खुवाउने परामर्श दिन्छ । यसरी रणधीरले सुदीपाको मनःस्थिति परिवर्तन गरेर हत्या गर्ने परिकल्पना गरेको हुन्छ । त्यसै गरी सुदीपाले आफू प्रख्यात बन्ने चाहना लिएर उपर्युक्त परियोजना अनुरूप परिवारका सबैको हत्या गरेकी हुन्छे । यसै कारण उसलाई जन्मकैद गरिएको हुन्छ । अरूको बहकाउमा आएर तथा आफू प्रख्यात हुने चाहनाले परिवारका सबै सदस्यको हत्या गर्ने जघन्य अपराधी पात्रका रूपमा सुदीपाको नारी चरित्रलाई यस उपन्यासमा प्रस्तुत गरिएको छ ।

जीवन गोरेटोमा उपन्यासको सातौँ शीर्षकमा जेलखानाकी फ्लोरेन्स नाइटिंगेल एडेल केनी नाम भएकी नारी पात्र रहेकी छे । प्रेसिडेन्सी जेलको एउटा विभागमा मानसिक रोगले पीडित विभिन्न स्तरका महिला बन्दीहरूलाई राख्ने व्यवस्था छ । त्यहाँभित्र एउटा विशाल अस्पताल पनि छ । उपचार गर्न भारतका विभिन्न जेलबाट मानिसक रोगीहरू यहाँ ल्याइएका हुन्छन् । तिनीहरूलाई कोर्टले १३ ल्यानाशी एकट अन्तर्गत जेल हिफाजतमा यत्न, चिकित्सा अनि पर्यवेक्षणको निम्ति पठाउँछन् । उनीहरूलाई अपराधी मानसिक रोगी भनिन्छ (पृ.७३) । तिनीहरूमध्ये ३२ वर्षकी सुन्दरी एडेल केनीलाई भारतको सेसन्स अदालतले खण्ड २ धारा ३०४ अन्तर्गत १० वर्षको सश्रम कैदको सजाय दिएको हुन्छ । उसको अपराध अनिच्छाकृत हत्या हुन्छ । ऊ एङ्ग्लो इन्डियन सम्प्रदायकी विवाहित नारी हुन्छे ।

मदको बारमा काम गर्ने पिताको दुर्घटनामा परेर मृत्यु भएपछि एडेल केनीले आफ्नो विद्यालयको शिक्षा छोड्नु परेको हुन्छ । आमाको व्यवहार राम्रो नभएको कारण भाइले पनि रेसकोर्समा जकिङको तालिम लिन सिनियर प्रशिक्षकका घरमा बस्न थालेको हुन्छ । सधैँ रेस्टुरेन्ट जाने आमाको प्रभाव स्वरूप केनी पनि लेरेन्स नामक केटा साथीसँग रेस्टुरेन्ट जान थाल्छे । उनीहरूका बिचमा भएको यौन सम्बन्धबाट छोरी जन्मन्छे । लेरेन्सले उसलाई छोडेर कलकत्तादेखि भागिसकेको हुनाले आफ्नी छोरीको लालन-पालन गर्न उसले रेस्टुरेन्टमा नर्तकीको काम गर्न लाग्छे । त्यस्तै एक रात गोनसालभे नामक युवकले उसको इच्छाविरुद्ध यौन शोषण गर्ने चेष्टा गर्दा केनीले लेरेन्सको बदला लिन गोनसालभेलाई सिँढीबाट तल लडाइदिन्छे । फलस्वरूप गोनसालभेको मृत्यु हुन्छ । यसै घटनाले एडेल केनीलाई सेन्सस अदालतले भारतीय दण्ड विधानको ३०४ खण्ड २ धारा अर्न्तगत दोषी ठहराई १० वर्षको सश्रम जेलको सजाय दिएको हुन्छ । एडेल केनी पारिवारिक संस्कार राम्रो नभएर एक प्रकारले बिग्रिएकी केटी, कुमारी आमा तथा आफूलाई इच्छा विपरीत भोग गर्न आउने मान्छेलाई भौतिक कारवाही गर्न चाहने नारी पात्र हो । ऊ पनि समाजका कुनै न कुनै तह वा वर्गका नारीको प्रतिनिधि नारी पात्र हो ।

अपराधीका रूपमा बन्दी भए पनि केनीले जेलमा असल व्यवहार, उत्तम चरित्र साथै अरु बन्दीहरूका सेवा-सुश्रूषा गेरकी कारण जेलको सजायमा चार वर्ष माफी पाएकी हुन्छे । उसलाई जेलरले बंगलोरस्थिति पास्टोल नर्सिङ ट्रेनिङ कलेजमा छ महिनाको तालिम दिलाइ

दिएकाले उसले महिला मानसिक रोगीहरूको हेरचाह गर्न पाँच हजार तलबमा हाउस मदरको कार्य सम्हाल्न पुग्छे । यसरी मोक्तानले प्रस्तुत उपन्यासमा एडेल केनीको जीवनका विभिन्न पक्षको चित्रण खुबै रोचक ढङ्गमा गरेका छन् ।

मोक्तानका उपन्यासमा नारीले समाजमा निर्वाह गर्नु परेका हरेक प्रकारका चरित्रको प्रस्तुति पाइन्छ । यी विविध चरित्रको वास्तविक, स्वाभाविक र प्रभावकारी चित्रण गरेका हुनाले उपन्यासकार मोक्तान नारी जीवनका विविध रूपको चित्रण गर्ने सशक्त उपन्यासकारका रूपमा स्थापित भएका छन् । यसरी नारी जीवनका विविध पक्ष, तिनका विविध समस्या र विभिन्न चारित्रिक आयामको प्रस्तुति उनको प्रवृत्तिगत वैशिष्ट्य बनेर देखा पर्छ ।

६.१० बन्दी जीवन तथा भारतीय न्याय व्यवस्थाको चित्रण

कृष्णसिंह मोक्तानका प्रायः सबैजसो उपन्यासमा बन्दी जीवन तथा भारतीय न्याय व्यवस्थाका सकारात्मक र नकारात्मक पक्षको चित्रण गरिएको पाइन्छ । अपराध, अपराधी, तिनका कारण, त्यसउपर कैद वा अन्य प्रकारका सजाय, न्याय, कानुन, त्यसभन्दा बाहिर जाँदा भोग्नु पर्ने दण्ड आदिको सशक्त र प्रभावकारी चित्रण पनि उनका उपन्यासमा पाइन्छ । उनका **चरणधूलि** र **अशेष यात्रा** उपन्यासमा बन्दी पात्र र न्याय व्यवस्थाको त्यति धेरै चित्रण नभए पनि पछिल्लो चरणका दुई ओटा उपन्यास **जीवन परिक्रमा** र **जीवन गोरेटोमा** उपन्यासमा त्यसको समग्र प्रस्तुति पाइन्छ । पछिल्लो चरणका उपर्युक्त दुई उपन्यासको मूल विषयवस्तु नै बन्दी जीवनसँग बढी सम्बद्ध छ र बन्दी हुनुका कारण भारतीय न्याय व्यवस्थाले उनीहरूका अपराधका प्रकृति अनुरूप दिएको दण्डको सविस्तार चित्रण रहेको छ ।

जीवन परिक्रमा उपन्यासको चौथो परिच्छेददेखि कारागारको चित्रण पाइन्छ । उपन्यासकार स्वयम्को नोकरी जीवनको विभिन्न भागमध्ये छैटौँ (प्रेसिडेन्सी जेल) कारागार तथा जेलको सुपरिन्टेन्डेन्ट पदमा नियुक्ति पाएका हुन्छन् । त्यस समयदेखि मोक्तानले देखेका, भेटेका साथै कारागारमा बन्दी जीवन बिताइरहेका विभिन्न बन्दी पात्रहरूका यथार्थपरक घटनाहरूको चित्रण प्रस्तुत उपन्यासमा गरेका छन् । उनले उक्त पदमा हाजिर भएको चौथो दिन सुल्तान अलि मण्डललाई अलिपुर सेन्सस जेलले बसिरहाट गाउँका मुखिया शशाङ्कशेखर दासको हत्या गरेको आरोपमा भारतीय दण्ड विधानको ३०२ धारा अनुसार प्राणदण्डको सजाय दिएर कारागारमा ल्याइएको हुन्छ । सुल्तान कलेज अथवा महाविद्यालयको विद्यार्थी जस्तै देखिने एक्काइस वर्षको हुन्छ । जेल सुपरिन्टेन्डेन्ट चन्द्रशेखर नै वास्तवमा उपन्यासकार मोक्तान हुन् । यसर्थ उनले आफ्नो जीवन परिक्रमामा भेटेका विभिन्न व्यक्तिमध्ये सुल्तान अली मण्डलको अपराधको चित्रण यथार्थ ढङ्गमा प्रस्तुत गरेका छन् । उपन्यासमा वर्णित एक घटना सन्दर्भको चित्रण उपन्यासकारले यसरी गरेका छन् :

> बसिरहाटमा एघार महिना अघि घटेका बीभत्स घटनाको सम्पूर्ण विवरण कपीमा दिएको हरेछ । सुल्तान यस घटनाको हिरो थियो अनि शशाङ्क शेखरदास उसको

शिकार । कापीमा प्रोसिक्युशनले दिएको बृत्तान्तको एउटा वर्णन अत्यन्त भयावह, अविश्वसनीय, सनसनीपूर्ण अनि नाटकीय थियो । पढ्दा पढ्दै म झस्कें, त्यहाँ थियो सुल्तान अली मण्डलले शशाङ्क शेखरदासको शरीरदेखि दाजको प्रहारले छिन्न भएको टाउकोलाई केशको सहायताले उचालेर टुलटुलु हेरिहरेको आँखा नचाउँदै तर...र...र...रगत चुहाउँदै हाफिज साहेबको बैठक खानामा लगी भुइँमा लडाएर उभिरहेको दुई मिनटसम्म । यस्तो आमानुषिक, पैशाचिक अनि क्रूर तथा बीभत्स अपराधका निमित्त सुल्तानलाई भारतीय दण्ड विधानले मृत्युदण्डको सजाय सुनाएको हुन्छ । सुल्तान अलीलाई ह्याङम्यानको जिम्मा लिएर मचानमा चढाउँछन् । अनुहारमा कालो ओढाएर घाँटीमा मेनिलाको डोरीको पासो लगाउँछ । सुपरिन्टेन्डेन्टले घडी हेरेर रुमाल हल्लाउँछन् तर हठात् डरलाग्दो आवाज आउँछ नाइँनाइँ म मर्दिनँ । म मर्दिनँ । यस्तेमा सुल्तानको कुरा शेष हुन नपाई ह्याङम्यानले पासो लगाएर उसको अनुहारमा कालो लुगा ओढाउँछ । छटपट छटपट गर्दै मलाई बाँच देऊ म मर्न चाहन्नँको आवाज सँगसँगै मचानको जमीन फाट्छ घ्याम्म अनि घाँटीमा मेनिलाको पासो लागेर सुल्तानको विराट शरीर लिङ्गे पीङ झुलेझैं हल्लिन्छ । उपस्थित अफिसरहहरू सबैले शिर निहुराएर आँखा एक छिन बन्द गर्छन् । (पृ.३५)

यसरी सुल्तान अली मण्डललाई भारतीय दण्ड विधान ३०२ धारा अन्तर्गत मृत्युदण्ड दिइएको छ । उपन्यासमा जेल जीवन र त्यहाँका विभिन्न परिस्थितिको प्रभावकारी चित्रण गरिएको छ । कैदीले कारागारमा राम्रा काम गरे वापत कारागारको सजाय व्यवस्था र नियम अनुसार विभिन्न राष्ट्रिय पर्वमा दिइने आम माफीको चित्रण उपन्यासमा यसरी गरिएको छ :

जेलमा छ महिनाभन्दा अधिक सजाय पाउने कैदीहरूले आफ्नो साजयमा छुट पाउँछन्, असल चरित्र, काममा दक्षता, कुनै सङ्कटबाट अधिकारीवर्ग अनि अरू अफिसरलाई रक्षा गरेका निम्ति, रक्तदानका निम्ति धेरै मात्रामा छुट दिइन्छ । यसलाई जेलको भाषामा मार्का भनिन्छ । हिजोआज स्वाधीन भारतमा स्वतन्त्रता दिवसको उपलक्ष्यमा पनि विभिन्न सजायको अवधि अनुसार मार्का सरकारबाट घोषणा हुन्छ । छ महिनाभन्दा कमजति दिन सजाय लिएर आए पनि १५ अगस्तको दिन जेलमा रहे पाँच दिन मार्का दिइन्छ अनि त्यसै दिन एक्काइस दिन बाँकी सजाय रहेकाहरू सबैले मुक्ति पाउँछन् । (पृ.५१)

यस प्रकार उपन्यासमा भारतीय न्याय व्यवस्था अनुरूपको कारागारका नियमहरूको चित्रण निकै मसिनोसँग गरिएको देखिन्छ ।

कारागारमा कैद गरिएकाहरूले कारागारको ठुलो सब्जी बगानमा काम गर्नु पर्छ । उनीहरू काठको काम, लुगा सिलाउने काम इत्यादि गरेर कैदको सजाय भोगिहरका समयमा पनि पैसा कमाउन सक्छन् । कतिपय कैदीहरूले कैदको बाहिर बगानमा काम गर्नु पर्छ । यसरी काम गर्ने कैदी निर्मल सेन चाहिँ बिना टिकट रेलमा यात्रा गरेको अपराधको सजाय भोगिरहेको हुन्छ । यस्ता विभिन्न साना-ठुला अपराधको सजाय भारतीय न्याय विधानमा समावेश गरिएका

छ र तिनलाई उपन्यासकारले आफ्ना उपन्यासमा पनि समावेश गरेका छन् । **जीवन परिक्रमा** उपन्यासको अर्को एउटा सन्दर्भ यस्तो छ :

> कारागारको फाँसी असामी, हिंसात्मक अनि भयङ्कर पगला, इकरारी डाँकू या खूनी, पुलिस अनि जेलको अवरोधबाट उम्केको कैदी, जाली नोट, जाली मुद्रा तथा औषधि बनाउने अपराधमा थुनिएका असामी, झगडालु स्वभाव भएको कैदी, आत्महत्या प्रचेष्टा गर्ने अपराधी अनि भोक हडताल गर्ने असामी तथा कैदी सबै थुनुवा हुन्छन् । (पृ.६०)

यस्ता विभिन्न अपराधका कारण कारागारमा बन्दी बनेका कैदीहरूको देखरेख जेलको सुपरिन्टेन्डेन्ट, जेलर, मेडिकल अफिसर तथा अरू दायित्वपूर्ण कर्मचारीहरूले दिनमा एकपल्ट सेल राउन्ड गर्ने गर्छन । यस बाहेक २४ घन्टा वैतनिक कर्मचारी जेलका सिपाही सतर्क भएर आआप्ना दायित्व गरिरहेका हुन्छन् । यसरी कारागारका विभिन व्यवस्थाहरूको विवरण साथै उनीहरूका दायित्वको चित्रण मोक्तानले आफ्ना उपन्यासमा यथार्थपरक ढङ्गमा प्रस्तुत गरेका छन् ।

मोक्तानका उपन्यासमा भारतका विभिन्न जेलको भौतिक तथा अन्य प्रकारका वस्तुस्थितिको वर्णन पाइन्छ । ती जेलमध्ये वर्द्धमान, दमदम जेल आदिको वर्णन उपन्यासमा निकै आकर्षक ढङ्गले गरिएको छ । चन्द्रशेखर वर्द्धमान जिल्ला जेलबाट स्थानान्तर भई दमदम केन्द्रीय जेल आउँछन् । यस जेल बृहत् छ । यहाँ दैनिक दुई हजार बन्दी हुन्छन् । सारा बंगालका राजनीतिक बन्दीहरू यसै केन्द्रीय जेलमा राखिन्छ । यस बाहेक सारा बंगालका उन्मादित व्यक्तिहरू विभिन्न जेलहरूबाट मानसिक आरोग्यशाला राँची पठाउने व्यवस्था छ । अर्को मुख्य सूचना भारतका वीर सहिदहरू मध्ये सर्वश्रेष्ठ राष्ट्रपिता महात्मा गान्धी पनि यही जेलको एउटा सेल मा नजरबन्द भएका थिए । त्यहाँ तपन नामक कमजोर मानसिकता भएको युवकले आफ्नी श्रीमतीलाई आफ्नै साथीले आँखा लगाएका कारण उसको मानसिकतामा अन्य कुनै उपाय नहुँदा आफै आत्महत्या गर्ने चेष्टा गर्छ । यस अपराधमा उसलाई कैदको सजाय हुन्छ । तपन कैदीका विपरीत अशोक चाहिँ शिक्षित बन्दी हो । ऊ भारतीय दण्ड विधानको ३६९ धारा अन्तर्गत डकैत अनि हत्याको अपराधमा बन्दी बनेको हुन्छ । उसले आजीवन कारावास (जन्मकैद) को सजाय पाएको हुन्छ । उसकी श्रीमती रोगी हुँदा कार्यालयमा अधिक अनुपस्थित भएको कारण उसलाई कार्यालयबाट निस्कासित गरिएको हुन्छ । यस्तैमा उसको आर्थिक अवस्था दुर्बल भएको परिस्थितिले गर्दा डकैतहरूका नेताको सङ्गतमा परेको हुन्छ । अन्जानमा डकैतमा सामेल बन्नु पर्दा पक्राउ परेर उसले कारागारको सजाय भोगिरहेको हुन्छ । यस्तैमा उसकी स्वास्नी सिकिस्त भएको खबर सुनी जेलको पर्खाल नाघी भाग्ने प्रयत्न गर्दा फेरि जेल सजायको अवधि बढेको हुन्छ । यसरी बन्दी बनेका समय डकैतमा कसरी सामेल भई हत्या अपराध गरेको यथार्थ कुरो उसले न्यायाधिशसामु पोख्छ । यसरी अशोकले यथार्थ घटना सुनाए पनि उसलाई सजाय मुक्त गरिँदैन र उसलाई बिस वर्षको कारादण्डको सजाय हुन्छ ।

अशोकले उक्त डकैतको सम्पूर्ण घटना साँचो सुनाउँछ । उसले साँचो बोले तापनि भारतीय दण्ड व्यवस्थाले निर्दोश व्यक्ति अशोकलाई दोषी ठहर गरेर बिस वर्ष कारादण्डको सजाय दिएको छ । यसरी मोक्तानले भारतीय कारागार एवम् न्याय व्यवस्थाको चित्रण यथार्थ ढङ्गमा गरेका छन् । उनको **जीवनको गोरेटोमा** उपन्यास भारतको पश्चिम बंगाल राज्य अर्न्तगतका विभिन्न कारागारहरूका बन्दी पात्रहरूको जीवन घटनामा आधारित रहेको छ । **जीवन परिक्रमा** उपन्यासमा भन्दा बढी बन्दी जीवन सम्बन्धी तथा भारतीय न्याय व्यवस्था सम्बन्धी तथ्यपरक घटनाहरूको चित्रण पाइन्छ । **जीवन गोरेटोमा** उपन्यासमा वर्णन गरिएको दण्ड सजाय सम्बन्धी सन्दर्भ यस्तो छ :

> चन्द्रशेखर आसनसोल स्पेशियल जेलको सुपरिन्टेन्डेन्ट पदमा छँदा नटवरलाल नामक बन्दीसित भेट हुन्छ । उसको असल नाम मिथिलेश कुमार श्रीवास्तव हुन्छ । उसको कोर्ट वारन्ट जाँच गर्दा अझ आश्चर्यको कुरो थाहा पाउँछन् । मिथिलेशलाई प्रायः २०/२२ ओटा फौजदारी अपराधहरूको निम्ति विभिन्न अदालतहरूले सजाय दिएको योग गर्दा प्रायः १२० वर्ष जस्तो हुँदो रहेछ अनि जरिमाना लगभग १३ लाख रुपियाँ । जरिमानाको रुपियाँ तिर्न सम्भव भए तापनि सजाय प्रायः १२० वर्ष खट्न तिनलाई अरु दुई जीवन आवश्यक थियो । (पृ.२)

मोक्तान स्वयम् जेल सुपरिन्टेन्डेन्ट भएका हुनाले जेलको वारेन्टलाई यसरी उपन्यासमा प्रस्तुत गरेका छन् । उनले भारतको न्याय विधानमा यस्ता अस्वाभाविक नियम रहेको जानकारी गराएका छन् ।

पश्चिम बंगालका जेलहरू विशेष गरी कलकत्ता प्रेसिडेन्सी केन्द्रीय जेल, अलिपुर केन्द्रीय जेल, दमदम केन्द्रीय जेल, बहरमपुर मुर्शिदाबाद केन्द्रीय जेल, बर्द्धमान जिल्ला जेल, आसनसोल स्पेशियल जेल, पुरुलिया जिल्ला जेल, बाँकुडा जिल्ला जेल, मालदा जिल्ला जेल, हावडा जिल्ला जेल, कोचबिहार जिल्ला जेल, नदिया जिल्ला जेल, वीरभूम जिल्ला जेलहरूमा लगभग २००० नक्सलपन्थी युवक-युवतीहरूलाई बन्दी बनाइएको छ । तिनीहरू सबैका विरुद्ध हत्या, हत्याको प्रचेष्टा, राष्ट्रविरुद्ध युद्ध, आग्नेय अस्त्र गैर-कानुनी रूपमा राखेको, आग्नेय अस्त्र व्यवहार गरेको अपराधमा जंगल सौंताल, कानू सन्याल, सौरेन बोस, अजिजुल हक, निशिथ भट्टाचार्य, असीम च्याटर्जी, सन्तोष राणा, असिमत सेन, जया चौधरी, मीनाक्षी सेनगुप्त, राजश्री दासगुप्त, कल्पना सेन, अर्चना गुह अनि सयकडौं शिक्षित प्राध्यापक-प्राध्यापिका, छात्र-छात्रा तथा युवक-युवतीहरू बन्दी बनेका छन् । यस्ता बन्दीहरूलाई उनीहरूका स्तर अनुसार पहिलो, दोस्रो अनि तेस्रो श्रेणीको दर्जामा राख्ने व्यवस्था हुन्छ । यी भिन्न भिन्न श्रेणीका बन्दीलाई खाने, बस्ने तथा उपचार गर्ने व्यवस्था भिन्ना भिन्नै सहुलियत अनुसार कारागारमा राखिन्छ । प्रथम दर्जाका बन्दीहरूलाई प्रथम दर्जाकै भोजनको व्यवस्था साथै रहनसहन, उपचार आदिको कुशल व्यवस्था न्याय विभागद्वारा गरिएको देखाइएको छ ।

भारतीय न्याय व्यवस्था अन्तर्गत विदेशी बन्दीलाई पनि उसका सजायको समयसम्म आरामपूर्वक राख्ने व्यवस्था रहेको हुन्छ । यसरी नै नारी बन्दीहरूलाई कारागारको एउटा अलग्गै

सेलमा राख्ने व्यवस्था हुन्छ । मानसिक असन्तुलन भएका बन्दी नारीहरूलाई चिकित्साको अलग्गै व्यवस्था गरिएको हुन्छ । बंगालका विभिन्न जेलहरूबाट मानसिक रोगिनीहरूलाई प्रेसिडेन्सी जेलमा ल्याइन्छ । उनीहरूलाई विभिन्न कोर्टले १३ ल्युनाशी एक्ट अन्तर्गत जेल हिफाजतमा यत्न, चिकित्सा अनि पर्यवेक्षणको निम्ति पठाउने व्यवस्था पाइन्छ । यी समग्र व्यवस्थाको चित्रण **जीवन गोरेटोमा** उपन्यासमा पाइन्छ ।

किशोर बालबालिकाका निम्ति संशोधनी सेवाजेलको व्यवस्था गरिएको हुन्छ । हराएका तथा अभिभावक विहीन बनेका किशोर कोशोरीलाई राख्ने कारागारको व्यवस्था अन्तर्गत उनीहरूको रहनसहन, बस्ने, खाने, शिक्षा आर्जन गर्न पाउने व्यवस्था गरिएको हुन्छ । यस्तै प्रकारले कारागारमा मृत्युदण्ड पाएका बन्दीलाई फाँसीको मचानमा झुन्ड्याउने पोडेलाई प्रतिव्यक्ति दुई हजार पारिश्रमिक दिने व्यवस्था पनि रहेको पाइन्छ । यसको पनि प्रभावकारी चित्रण **जीवन गोरेटोमा** उपन्यासमा पाइन्छ ।

मोक्तानको **जीवन परिक्रमा** अनि **जीवन गोरेटोमा** उपन्यासमा बन्दी जीवनको चित्रण तथा भारतीय न्याय व्यवस्थाको चित्रण यथार्थ र प्रभावकारी ढङ्गमा भएको छ । त्यसैले उपन्यासकार मोक्तानका औपन्यासिक विशेषता मध्येको एक विशेषता बन्दी जीवन र भारतीय न्याय व्यवस्थाको चित्रण हो ।

६.११ यौन तथा असामान्य मनोविज्ञानको चित्रण

कृष्णसिंह मोक्तानका चार ओटै उपन्यासका कतिपय पात्रहरूमा यौन तथा असामान्य मनोविज्ञानको चित्रण गरिएको छ । उनले पात्रहरूका चेतन, अचेतन र अर्द्धचेतन मनको खोजी, अन्वेषण र विश्लेषण गरेका छन् । यौन कुण्ठाले सताइएका पात्र र मानसिक रूपले असामान्य मानसिकताको सफल शल्यक्रिया गर्न मोक्तान सिपालु देखिन्छन् । **चरणधूलि** उपन्यासका मुख्य पात्र जीवनमा यौन मनोविज्ञानको असामान्य अवस्थो चित्रण उपन्यासकारले गरेका छन् । जागिरका लागि घर, परिवार र आफ्नी प्रेमिका नीरालाई छोडेर कलकत्ता बसेको जीवनले बङ्गाली मदनलाई आफ्नो साथी बनाउँछ । जीवन सहित मदन र उसकी बहिनी प्रतिभा एक दिन कलकत्ताको ढाकुरिया झिल घुम्न जान्छन् । मदन कुनै कामले अन्तै गएका बेलामा जीवन र प्रतिभा झिलमा घुमिरहेका हुन्छन् । यसै समयमा जीवनले प्रतिभामा नीराको झल्को देख्छ । उसको अतृप्त मन अचेतनमा पुग्छ र प्रतिभाको हात समात्न पुग्छ । यस सन्दर्भमा निम्नलिखित साक्ष्य महत्त्वपूर्ण छ, “प्रतिभाको हात, केश, शरीर जीवनले सुम्सुम्याउन थाल्यो औ त्यसको मुखबाट हठात निस्क्यो नीरा ! मेरी देवी नीरा ! यति दिन तिमी कहाँ थियौ, मलाई यो दुःखको सागरमा छाडी, नीरा ! (पृ.११८) । यसरी जीवनको अचेतन मनले प्रतिभालाई आफ्नी प्रेमिका नीरा ठानेर अँगालो हालेको छ । उसको मनोभावना चरम बिन्दुमा पुग्दा प्रतिभालाई पनि नीरा देखेको छ । यसरी उपन्यासकारले जीवनका माध्यमबाट उसमा कुण्ठित यौन मनोविज्ञानको प्रभावकारी चित्रण गरेका छन् ।

अशेष यात्रा उपन्यासकी मुख्य नारी पात्र अनुराधामा पनि असामान्य मनोदशा देखिन्छ । अनुराधाको प्रेमी वसन्तकुमारले अर्की केटीसँग बिहे गरेका कारणले उसमा पागलपन देखिन्छ । त्यो पागलपन असामान्य मनोदशाको महत्त्वपूर्ण उदाहरण हो । एकातिर यौनकुण्ठाका कारण र अर्कातिर आफूले सर्वस्व ठानेको प्रेमीले अर्कीलाई अँगाल्दाको प्रतिक्रियात्मक स्थिति हो । त्रिकोणात्मक प्रेम प्रसङ्गले करण र अनुराधा दुवैलाई मनोरोगी बनाएको छ । करण अनुराधालाई आत्मिक प्रेम गर्छ, अनुराधा वसन्तकुमारलाई आत्मिक प्रेम गर्छे तर वसन्तकुमार अनुराधाप्रति शारीरिक प्रेम मात्र गर्छ । आफूले प्रेम गरेकी अनुराधाले अर्कैलाई प्रेम गर्दा करण पनि असामान्य मनोदशाबाट प्रभावित हुन्छ । उसको यस मनोदशाको चित्रण उपन्यासकारले यसरी गरेका छन् :

> काण छक्क पऱ्यो त्यसले राम्ररी हेऱ्यो । युवकले उठेर फेरि युवतीको हात समायो । करणले आँखा माड्दै हेऱ्यो, युवती अनुराधा रहिछ । युवक खरसाङबाट विद्याध्ययन गर्न आएको वसन्तकुमार रहेछ । त्यसले आफ्नो आँखालाई विश्वास गर्न सकेन । आफू उभिएको जमीन डुब्दै गएको त्यसलाई अनुभव भयो, शरीर पसिनै पसिना भयो, त्यो काँप्न थाल्यो । (पृ.४५)

आफ्नी प्रेमिका ठानेकी अनुराधा र वसन्तकुमार बगैंचामा प्रेमालाप गरिरहेको देखेर करण विह्वल बनेको छ । त्यसै गरी प्रस्तुत उपन्यासमा बाह्य रूपमा प्रेममा पाएको धोका र प्रेम प्राप्ति नभएका कारण क्रमशः अनुराधा र करणको मनोदशा बिग्रिएको देखिए पनि त्यसको मूल कारण अतृप्त यौनकुण्ठा हो भन्ने मान्न सकिन्छ । त्यस्तै वसन्तकुमारले अर्की केटीलाई बिहे गर्दा अनुराधालाई आघात परेकामा पनि करण विचलित बनेको छ ।

अशेष यात्रा उपन्यासकी प्रमुख नारी पात्र अनुराधाले वसन्तकुमारलाई साँचो प्रेम गरेकी हुन्छे तर उसलाई वसन्तकुमारले धोका दिई अर्को युवतीसित बिहे गर्छ । यस घटनाका कारणले अनुराधाको मानसिक स्थितिमा परिवर्तन आउँछ र ऊ पागल बन्छे । यसरी अनुराधाको मनोभावनामा आघात पर्दा उसको मानसिक सन्तुलन बिग्रन्छ । यस्तो घटना घटेपछि उसलाई उपचार गर्न मिरिक ल्याइएको हुन्छ । त्यसै समय करण पनि विक्षिप्त भएर भौंतारिँदै दार्जिलिङ घुम्न आएको हुन्छ । करणको अनुराधासित फेरि भेट हुन्छ । त्यस समय करणले अनुराधाका दुवै हात समाउँदै भन्छ, "तिमीलाई म जीवन बनाउँछु, तिम्रो हराएको जीवन दिलाउँछु, दुनियाँमा हास्ने, बोल्ने, नाच्ने, दगुर्ने बनाउँछु । अनुराधा होशमा आऊ मेरी अनु" (पृ.१४१) । करणको कुरा सुनी अनुराधाले भन्छे, "दाज्यू, आज म अनुराधा भएँ, आज म बनारसकी अनुराधा, विश्वविद्यालयकी विद्यार्थी भएकी छु, म स्वतन्त्र छु, खुशी छु, उन्मत्त छु" (पृ.१४१) । यसरी अनुराधाको अवचेतन मनको कामेच्छा अतृप्त हुनुको कारण उसको मानसिकतामा आघात पर्छ । त्यसै समयमा उसलाई माया गर्ने करण उसलाई स्वीकार्न आएकामा प्रेमाघातको क्षतिपूर्ति स्वरूप करण (पुरुष) ले प्रेम दर्साउँदा अनुराधा (नारी) को मानसिक स्थितिमा परिवर्तन आउँछ । यस सन्दर्भबाट **अशेष यात्रा** उपन्यासका मुख्य पुरुष र नारी पात्र यौनकुण्ठा र असामान्य मनोदशाबाट प्रभावित भएको पुष्टि हुन्छ ।

उपन्यासको अर्को पात्र राजबहादुरले प्रतिकूल पात्रको भूमिका निर्वाह गरेको छ । यौन मनोविज्ञानका दृष्टिले उसले यौन पिपासामूलक कामवृत्तिले युक्त र विकृत मानसिक अहम् भएका पात्रको प्रतिनिधित्व गरेको छ । त्यस्तै अर्को प्रतिकूल पात्र वसन्तकुमार आजन्म कारागारको सजाय भोगिरहेको हुन्छ । त्यही कारागारमा करणसित उसको अचानक भेट हुन्छ । त्यस समय वसन्तकुमारले करणलाई भन्छ, "म वसन्त हुँ, म हत्यारा हुँ । मैले केवल परिचारिकाको हत्या गरिनँ तर समाजका धेरै राम्रा मानिसहरूको क्षति गरेँ" (पृ.२७२) । उसले आफूले गरेको गल्तीप्रति पछुतो मानेको छ । यही पछुतो कारणले नै ऊ मनोरोगी बन्न पुगेको छ ।

वसन्तकुमारले आफ्नो अपराध स्वीकार गर्दै करणसँग माफी माग्छ । उसको यौनपिपासु तथा कामवासनाको मनोभावनामा परिवर्तन आएको हुन्छ । यसरी मोक्तानले प्रस्तुत उपन्यासमा अचेतन मनका यौन मनोभावनालाई जित्न नदिइकन अचेतनका बेलामा गरिएका समग्र कार्यहरू गलत भएको स्वीकार गर्न लगाएर यौनको संयमतातर्फ यसका पाठकलाई प्रेरित गरेका छन् ।

जीवन परिक्रमा उपन्यासको पात्र रामकृष्ण पनि मनोरोगी पात्रका रूपमा चित्रित छ । दाम्पत्य जीवन सुमधुर नहुँदा रामकृष्ण र उसकी श्रीमतीको सम्बन्ध विच्छेद हुन्छ । यसले रामकृष्णका मानसिकतामा निकै ठुलो आघात पर्छ । यसको प्रतिक्रिया स्वरूप ऊ सधैँ रक्सी पिउँछ र आफूले काम गर्ने कार्यालय वरिपरि घुमिरहन्छ । मनमौजी प्रकृतिको उसमा श्रीमतीसँगको विछोडबाट पागलपन पनि बढेको छ । यसरी एक्लो भएका कारणले तथा यौनकुण्ठा बढ्दै गएका कारणले असामान्य मानसिक स्थिति देखिएको छ । यस सम्बन्धमा उपन्यासकार लेख्छन् :

> आफ्नो काम साह्रै लापरवाही, शिष्ट अनि मनमौजी गर्ने हुँदा कम्पनीले रामकृष्णलाई तीन महीनाको छुट्टी मञ्जुर गऱ्यो । त्यसको हालत सुध्रेन । दिनदिनै खान छाड्यो, कलकत्ता चक्कर लाउन थाल्यो अनि विशेष गरी राइटर्स बिल्डिङको रिलीफ डिपार्टमेन्ट ! एक दिन डाक्टर सरकारले मलाई भने- रामकृष्णलाई यसरी स्वेच्छापूर्वक घुमफिर गर्न नदिनुहोस्, उसको मगज खराब भएको छ । (पृ.३२)

रामकृष्ण र उसकी श्रीमती रेणु बिचमा मानसिक द्वन्द्व भएका कारण यी दुईको दाम्पत्य सम्बन्ध टुक्रिएको हुन्छ । यौनकुण्ठा बढ्दै जाँदा ऊ पागल बन्छ । उसको कार्यालय राइटर्स बिल्डिङको रिलिफ डिपार्टमेन्ट हुन्छ । यसैले उसको मानसिकतामा त्यही कार्यालयको ध्यान हुन्छ र ऊ घरिघरि त्यहाँ पुग्ने गर्छ । मोक्तानले उपन्यासमा रामकृष्णको असामान्य मनस्थितिको निकै सुन्दर चित्रण गरेका छन् ।

हत्याको आरोपमा जेल जीवन गुजारिरहेको सुलतान अलीमा पनि मानसिक असामान्य पन देखिन्छ । ऊ कसैले बचाउन खोज्दा मर्ने चाहना राख्ने र फाँसी दिन लाग्दा बाँच्न चाहन्छु भन्ने असामान्य प्रकृतिको स्वभाव भएको पात्र हो । चन्द्रशेखरले मृत्युदण्डबाट बचाएर

जन्मकैदको सजाय मात्र होस् भनेर तदनुरूप प्रक्रिया अगाडि बढाउँदा उसले बाँच्ने चाहना नै गर्दैन । उदाहरण :

> मलाई मर्न दिनुहोस् हजुर ! किन मलाई बचाउनुहुन्छ ? मलाइ मर्न दिनुहोस् । मेरो कहानी सेन्सस कोर्ट, हाई कोर्ट अनि सुप्रिम कोर्टसम्म पुग्यो, अब राज्यापाल अनि राष्ट्रपतिसम्म पुग्ने रहेछ तर केही हुने छैन, मैले मर्नैपर्छ । मलाई माफ गर्नुहोस् मलाई प्राणदण्ड चाहिन्छ, म मर्न तयार छु, म सही गर्दिनँ भन्दै सुलतान सेलको कुनामा गएर बस्यो । (पृ.३८)

सुलतान अलीले भाउजूसँग अन्तिम पटक भेट्ने इच्छा जाहेर गर्छ । उसलाई भेट्न दिइन्छ । भाउजू अमीनासँगको भेटपछि उसमा बिस्तारै बाँच्ने चाहना पलाउँदै गएको देखिन्छ । मृत्युदण्डका लागि फाँसीको मचानमा लगेका बेला ऊ ठुलो स्वरले जीवन रक्षाका लागि याचना गर्छ । यस्तो व्यवहारबाट ऊ असामान्य मनस्थिति भएको पात्र हो भन्ने कुरा पुष्टि हुन्छ ।

प्रस्तुत उपन्यासको अर्को बन्दी पात्र निर्मल सेनमा पनि असामान्य मनस्थिति देखिन्छ । जेलको सजाय पुरा हुन एक साता मात्र बाँकी हुँदा ऊ श्रीमती र छोरीका मायाले गर्दा जेलबाट भाग्छ । यस सन्दर्भलाई स्पष्ट रूपमा बुझ्नका लागि उपन्यासबाट यो साक्ष्य उदाहरणीय छ :

> गत बिहिवार निर्मललाई भेट्न त्यसकी स्वास्नी निलिमा जेल गेटमा आएकी थिई । पन्ध्र मिनेट घेटघाट भएपछि दुःख-सुखको बात गरी तिनीहरू छुटेका थिए । त्यही दिनदेखि निर्मल ठूलो चिन्तामा डुबेको थियो । त्यसले दुई छाक भात पनि नखाएको रिपोर्ट थियो । रहस्य केही बुझिएन । साह्रै दुखको कुरो त्यसले जेल खट्नु केवल एक साता बाँकी थियो । (पृ.५५)

निर्मल कैदी पात्र हो । कारागारमा उसको आफ्नी स्वास्नीसित कुराकानी भएको हुन्छ । कारागारमा एक हप्ता मात्र सजाय बाँकी हुँदा नै ऊ त्यहाँबाट भागेर आफ्नो घर पुग्छ । उसले घरमा सानी छोरी चिनू सिकिस्त बिरामी भएको साथै चिनूले 'बाबा बाबा' भनी पुकारिरहेको खबर पाउँछ । यसै घटनाले निर्मललाई मानसिक द्वन्द्वमा धकेलिदिन्छ । यही कारण ऊ कारागारबाट भागेर घर पुग्छ । यसरी मोक्तानले मानसिक द्वन्द्वका घटनाहरूद्वारा जीवनमूलक मनोवैज्ञानिक प्रवृत्तिको पनि चित्रण गरेका छन् ।

जीवनको गोरेटोमा उपन्यासका पात्र-पात्राहरूमा भने अझ धेरै मनोवैज्ञानिक प्रभाव रहेको छ । यी पात्र-पात्राहरूका चारित्रिक क्रियाकलापको विश्लेषण मोक्तानले सजीव ढङ्गले गरेका छन् । यस उपन्यासका विभिन्न चरित्रहरूका मनोग्रन्थिहरूमा हीनताग्रन्थि, परपीडक ग्रन्थि, आत्मपीडक ग्रन्थि र उच्च्ताग्रन्थि विकसित देखिन्छन् । कतिपय पात्रहरू इद, इगो र सुपरइगोबाट पनि प्रभावित छन् ।

जीवनको गोरेटोमा उपन्यासका बद्ध कैदी पात्र साँचो नटवरलालका प्रताडना, चिटिङ, षड्यन्त्र आदि आपराधिक प्रवृत्तिमा पनि एक प्रकारको मनोरोगको प्रभाव देख्न सकिन्छ । ऊ अरूलाई ठग्छ तर आफूले ठगेको नभएर तिनीहरू आफैं ठगिएको विचार पनि राख्छ ।

गरिबलाई सहयोग गर्नका लागि धनीलाई ठग्नुमा एक प्रकारले असामान्य मानसिकताले प्रेरणा दिइरहेको मान्न सकिन्छ । यस्तै प्रकारका अपराधका कारणले ऊ करागारको सजाय भोगिहरको हुन्छ । उसले अपराध गरेर कमाएको पैसाले समाजका विभिन्न क्षेत्रका गरिब दुःखीहरूलाई बाँडेर सहयोग पुऱ्याएको छ । यसरी नटवरलालको मनोवैज्ञानिक चित्रण मोक्तानले खुबै रोचक ढङ्गमा गरेका छन् ।

प्रस्तुत उपन्यासकी अर्की नारी पात्र रत्नमाया स्याङ्गदेन पनि मनोवैज्ञानिक दृष्टिले असामान्य मनस्थिति भएकी पात्र हो । बिहे भएपछि लगत्तै उसको लोग्नेको मृत्यु हुन्छ । उसलाई लोग्नेसुख पूर्ण रूपमा प्राप्त हुन सकेको छैन । यद्यपि जीवन यापनका लागि किराना पसल चलाएर बसेकी रत्नमाया असामान्य यौन मनोभावका नै विजयबहादुरलाई पुरै विश्वास गर्न बाध्य भएकी छे । रत्नमायाको रूप र धनमाथि आँखा गाडेको विजयबहादुरलाई विश्वास गरी पैसा र मन दिनु उसको अतृप्त यौन मनस्थितिको परिणति हो । उसको चरित्र थाहा पाएपछि रत्नमायाले आफूलाई धोका दिँदै गरेको प्रतिशोधमा लोभ्याई लोभ्याई हत्या गर्नु उसको असामान्य मनस्थितिका कारणले हो । यसरी रत्नमाया स्याङ्देनको असामान्य मनस्थितिको चित्रण यस उपन्यासमा निकै प्रभावकारी गरिएको छ ।

एडेल केनी एक्लो जीवन निर्वाह गर्दै आफ्नो छोरीको लालनपालन गर्छे । उसले यौनको कामेच्छा राख्ने गोनसालभे मेनेजरको हत्या गर्छे । उसको लोग्ने लेरेन्सले विश्वासघात गरेका कारण ऊ अन्य पुरुषलाई घृणा गर्छे । उसको मनोभावनामा पुरुष जाति सबै नै यौनतृप्तिको कामना राख्ने यौनपिपासु हुन्छन् भन्ने हुन्छ । उसमा प्रतिशोधको भावनाले जरा गाडेको छ । यसैका कारणले नै ऊ हत्यारा बन्न पुगेकी छे ।

सुदीपा रसायन विज्ञानमा शोधकार्य गरिरहेकी नारी पात्र हो । उसलाई प्रयोगशालामा रणधीरले सहयोग गर्छ । त्यही रणधीरको प्रभावमा आएर उसले जन्म दिने मातापिता साथै हजुबा हजुरआमाको हत्या गर्छे । यसरी यौवनावस्थामा रहेकी सुदीपा पुरुषप्रतिको आकर्षणका कारण विकृत मनोदशामा पुगेकी छे । रणधीरले हत्या गर्ने उत्प्रेरणा दिएका कारण नै उसले आफ्नै परिवारका चार जना सदस्यको हत्या गरेकी हुन्छे । नारी यौन मनोविज्ञानका दृष्टिले सुदीपाको चारित्रिक विशेषतालाई मोक्तानले यथार्थ ढङ्गमा प्रस्तुत गरका छन् ।

मोक्तानका उपन्यासमा यौन तथा असामान्य मनोविज्ञानको चित्रण यथेष्ट रहेको छ । औपन्यासिक पात्रविधानमा समावेश भएका प्रायः धेरै जस्ता पात्र-पात्राहरूका चेतन र अर्द्धचेतन मनको अन्वेषण र विश्लेषण गरिएको छ । उपन्यासकारले यी पात्रपात्राहरूका दमित यौनकुण्ठालाई खुबै रोचक ढङ्गमा प्रस्तुत गरेका छन् । पुरुष स्त्रीमाझमा हुने प्रणय सम्बन्धमा धोका पाएपछि जन्मिएको यौनकुण्ठालाई स्वाभाविक रूपले चित्रण गर्नु मोक्तानको औपन्यासिक प्रवृत्तिको उल्लेख्य पक्ष हो । नारी यौन मनोविज्ञानका पक्षलाई पनि उनले सजीव रूपमा उतारेका छन् । यौन असन्तुष्टिका कारणले उत्पन्न हुने मनोविकृतिलाई नायिका अनुराधाका माध्यमद्वारा उनले प्रस्ट पारेका छन् । यस्तै प्रकारकले पुरुषमा पनि यौन विकृति भएको रामकृष्ण बोस पात्रका माध्यमद्वारा चित्रित गरेका छन् । मानसिक यौन मनोविकृतिका दृष्टान्त

यी पात्रहरू पागल पनि बनेका छन् । यस्ता पात्र-पात्राका क्रियाकलाप, उनीहरूका मनोविश्लेषणद्वारा मोक्तानका चारै ओटा उपन्यासहरूमा यौन तथा असामान्य मनोविज्ञानको उचित चित्रण रहेको पुष्टि हुन्छ ।

६.१२ बहुभाषिक, बहुजातीय, बहुप्रादेशिक र बहुल पात्र विधानगत प्रवृत्ति

उपन्यास समाजको दर्पण हो, यसको संरचनामा प्रजाति, परिवेश र क्षणको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । मोक्तानका उपन्यासहरूमा बहुभाषिक, बहुजातीय, बहुप्रादेशिक र बहुल पात्रको प्रयोग यथेष्ट रहेको छ । उनको **चरणधूलि** उपन्यासको कथानकमा दार्जिलिङ सहर साथै यसका वरिपरिका क्षेत्रहरू समावेश छन् । यहाँ बसोबास गर्ने नेपाली जाति बाहेक अन्य भारतीय विविध भाषीहरू भएका हुनाले उनीहरूले बोल्ने भाषा हिन्दी, बङ्गला, उर्दू आदिसँगै अङ्ग्रेजी भाषा पनि धेरै प्रयोग भएको पाइन्छ । यस्तो परिवेशमा उक्त उपन्यासका गौण पात्र-पात्राहरूका बहुभाषिक प्रयोग अधिक रहेको देखिन्छ । **चरणधूलि** उपन्यासमा प्रयुक्त बहुभाषिक परिस्थितिको उदाहरण यस प्रकार छ :

> ओह सरी, यो आई ग्लासले गर्दा, म टाउनमा जानु हतारमा थिएँ, एक्सक्युज मी प्लिज, बाय बाय" भन्दै त्यो हिँड्यो (पृ.३५) ।
>
> आज हाम्रो गुड लक रैछ दाज्यू, कुकुरले झण्डै गाडी पल्टाएको (पृ.४६) ।
>
> हन, आजिले त मलाई दार्जिलिङको दिलीपकुमार झण्डै बनायौ त ! भोटेनी हाँस्तै भागी । ... मेवालाल जल्दै गरेको बिँडीको ठुटा फुत्त फ्याँक्यो औ जीवनलाई छेऊमा देखेर 'माफ किजिएका' भन्यो (पृ.४६) ।
>
> चार जना भोटेहरू रिक्सा फर्काउँदै जाँडको गन्ध मुखबाट ह्वास ह्वास छाड्दै गीत गाउँदै ओह्रालो लागिरहेका थिए-येगी कुशां तेम्बो चेमोना, कुशां याला तेने ङिमा स्यो, लस् लस् लस् (पृ.४९) ।
>
> लेजा माईली दो रुपियाँ, राजी रोजी दो रुपियाँ, बढिया माल दो रुपियाँ (पृ.७६) । अरे वकिल भर्खर पो भन्दै जीवन मुस्कायो (पृ.७७) ।
>
> एउटी अत्यन्त मोटी अदिसे स्त्री हात हल्लाइहल्लाई चिच्याएर गीत गाइरहिछ; त्यसको छेउमा एउटा मदिसे हार्मोनियम फिटिरहेछ; खैनी र पसले गलेको दाँत देखाई मुख बाएर; जाना ना दिलसे दूर, आँखो से दुर जा के (पृ.७६) ।
>
> आउनुहोस सुबेदारनी साहेब ! के विचार कर्नुभयो ? रतनदासले हाँस्तै नम्रतापूर्वक भन्यो (पृ.८२) ।
>
> अच्छा एकटी गान् कोरुन् आपनार हिमालयेर गान प्रतिभाले अनुरोध गरी (पृ.१७७) ।
>
> ओ मा ! ताहले आमी गाई (आमै, त्यसो भए म गाउँछु) प्रतिभाले भनी अै गाउन थाली–

ओ हे रजनी गन्ध तोमार
गन्ध सुधा ढालो
चाँदेर हाँसी बाँध भेगेछें...(पृ. ११७) ।

उपर्युक्त उदाहरणहरूबाट मोक्तानको **चरणधूलि** उपन्यासमा बहुजातीय पात्रले बोल्ने बहुभाषिकतालाई पुष्टि गर्न सकिन्छ । प्रमुख पुरुष पात्र जीवन र प्रमुख नारी पात्र नीराको प्रणय सम्बन्धसित संलग्न रहेका गौण पात्र-पात्राहरूमा राई, लिम्बू, छेत्री, मगर, गुरुङ, प्रधान आदि प्रजाति बाहेक अन्य जातिका पात्र-पात्राहरूको पनि महत्त्वपूर्ण भूमिका देखिन्छ । नेपाली जाति अन्तर्गतका राई प्रजातिका नायक जीवन र छेत्री प्रजातिकी नायिका नीराको जीवन घटना दार्जिलिङकै पृष्ठभूमिमा घटेको हुनाले यिनीहरूसँग सम्बन्धित अन्य समुदाय अथवा जातिका पात्र-पात्राको भूमिका यस उपन्यासमा यथेष्ट पाइन्छ । यिनै विभिन्न जातिका पात्रपात्राको संयोजनले यस उपन्यासको परिवेश र भाषा पात्र अनुरूप विश्वसनीय बनेको छ । यस उपन्यासका पात्र-पात्रा बहुजातीय रहेका निम्नलिखित उदाहरण प्रस्तुत गरिएको छ :

प्रो. चक्रवर्ती आफ्नो विद्वताको सहायताले ती दुई केटीहरूलाई तर्कशास्त्र बुझाइरहेका थिए (पृ.१६) ।

सूर्यमायाले जीवनलाई थाहा नदिई आफ्नो नौगेडी रतनदास हनुमानदासकहाँ दुई सय रुपियाँमा सुटुक्क बन्धक राखेकी थिइन् (पृ.२०) ।

एक दुई आगा 'काबुलिवाला' हरू हातमा डण्ठा, राता-राता गाला, अग्ला कद, डरलाग्दा आँखा औ त्यसमा पनि गाजल लगाएका औ साथै जुल्फिमाथि फेटा गुँथेर चोरबजारमा आ-आफ्ना आसामी ढुक्न निस्के (पृ.४३) ।

हतार हतार एउटा मान्छे पठाएर डाक्टर सेनालाई झिकाए । जमीनदारनी केवल हँ हँ हँ हँ मात्र गरिरहेकी थिइन् (पृ.६३) ।

यहाँ मेरोमा पान खाएको त हिसाब छैन । मिठाईको बोतलका बिर्काहरू खोली मनपरि मिठाई झिक्छ औ ठिटीहरूलाई बाँड्छ । अँ, त्यो पेदोङ्ग डाकबंगलाको ठिटीको के कुरा भयो हँ ? भन्दै पानवाला शंकर सरौताले सुपारी काट्न थाल्यो (पृ.७२) ।

हाँ हाँ मिल्नुको त कुरा हो, पन्ध्र दिनमा रुपियाँ देदिनु होइन भने छे सय रुपियाँ फेर लानू, घर हाम्रो नाममा सारीदिनु बस्; जीवन बोल्न सकेन (पृ.८१) ।

धनै हो भने त त्यो अस्सी वर्ष पुगेको कैयाँलाई दिनु नि त तिम्री छोरी भन्दै बूढिया रिसले चिच्याइन् (पृ.८५) ।

जीवन जुरुक्क उठ्यो । प्रतिभा मदनले भन्न थाल्यो–उनी हाच्छेन् आभार पहाडी बोन्धु जीवन बाबु, जाहार कोथा आमी तोमाको आगे बोलेछो औ फेरि यिनी एक साहित्यिक हुन्, हामी साहित्यको विषयमा साँझमा तर्क गर्छौं, बडो बरिफ जीवन बाबु (पृ.११५) ।

भण्डारीको पान–दोकान अघि दुई चार जना मानिसहरू पान चपाउँदै पतलुनको दुवै गोजिमा हात हालि कुकुक्क परि गफ हाँकिरहेका छन्, एक दुई बंगाली बाबुहरू पातमा तीन चारओटा झिंगेमाछा बोकि जाडोले कुम्लिएर घरतिर हिँडिरहेछन् । (पृ.१४०)

मोक्तानको **अशेष यात्रा** उपन्यासमा दार्जिलिङका विभिन्न स्थान खरसाङ, मिरिक आदि स्थानका परिवेशको चित्रणसँगै बनारस हिन्दू विश्वविद्यालय र आसामको आराधुराको परिवेशको वर्णन पाइन्छ । प्रस्तुत उपन्यासको कथानक उभिएको पृष्ठभूमिमा विभिन्न जातिहरूका रहनसहन तथा बसोबास रहँदै आएको देखिन्छ । यिनै भिन्न जातिका भाषाभाषी माझका पात्रपात्राहरू प्रस्तुत उपन्यासमा संलग्न रहेका छन् । यस्ता विभिन्न जातिका भिन्न भिन्न भाषाको समन्वय रहेको कारण मोक्तानको प्रस्तुत उपन्यासमा पनि बहुभाषाको प्रयोग **चरणधूलि** उपन्यासमा भन्दा बढी रहेको देखिन्छ ।

मोक्तानको उपन्यासमा बहुजातीय पात्रको भूमिका पनि विद्यमान रहेको छ । उनका उपन्यासको पात्र विधानमा नेपाली प्रजाति बाहेक अन्य भारतीय विभिन्न जातिका पात्र-पात्राहरूले महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् । भिन्न जातिका भिन्न संस्कृतिभित्र भाषाका कारण **अशेष यात्रा** उपन्यासको कथानक तथा घटनावली पात्र अनुरूप उपयुक्त र यथार्थपरक रहेको देखिन्छ ।

मोक्तानको चौथो कृति **जीवन परिक्रमा** उपन्यासका प्रमुख नारी र पुरुष पात्रहरू बाहेक नेपाल भारतीय अन्य भाषाका पात्रहरू च्याटर्जी 'ब्यानर्जी' गुह, बोस, सेन, गांगुली, नन्दी, मण्डल आदि रहेका छन् । अली, मण्डल, महम्मद, मियाँ, शेरखाँजस्ता विभिन्न जाति र भाषाका प्रतिनिधि पात्र–पात्राहरूको भूमिका पनि यस उपन्यासमा रहेका छ । यिनका संवादमा नेपाली भाषासँगै घुलमिल भएर हिन्दी, अङ्ग्रेजी भाषाहरू आएका छन् । त्यसैले मोक्तानका उपन्यासहरूमा बहुभाषिक र बहुजातीय पात्रको चित्रण रहेको छ ।

मोक्तानका उपन्यासहरूमा बहुल पात्र विधानको प्रवृत्ति विशेष र उल्लेखनीय प्रकारको रहेको देखिन्छ । **चरणधूलि** उपन्यासका पात्रको सङ्ख्या ५९ र **अशेष यात्रा** उपन्यासका पात्रहरूको सङ्ख्या १२४ छ । **जीवन परिक्रमा** उपन्यासका पात्रहरूको सङ्ख्या ८९ छ । **जीवन गोरेटोमा** उपन्यासमा मञ्चीय र नेपथ्यीय पात्र-पात्राको सङ्ख्या १८९ रहेको छ । अतः औपन्यासिक पात्र विधानका दृष्टिले मोक्तानका उपन्यासहरूमा बहुलापात्रको भूमिका रहेको देखिन्छ । यी विभिन्न जाति, भाषाभाषी समुदायका पात्र-पात्राहरू विभिन्न प्रकारका भूमिकामा उपन्यासहरूमा आएका छन् । कोही कारागारका कैदी छन्, कोही पुलिस, कोही चोर त कोही हत्यारा छन् । कोही समाजमा सङ्घर्षशील जीवन व्यतित गर्ने श्रमजीवी र निम्न वेतन भएका पात्र छन् । मोक्तानले एउटै दण्ड विधान भएका कारण विभिन्न समुदाय, विभिन्न जातिका पात्रले पाउने दण्ड तथा सजायमा पनि एक रूपताको समायोजन गरेका छन् । उपन्यासमा उनीहरूका बोलीचाली, वेशभूषा, रहनसहन, व्यवहार र भूमिका पनि बेग्लाबेग्लै क्षेत्रको प्रतिनिधिका रूपमा आएका छन् । मोक्तानका उपन्यासमा समावेश गरिएका पात्रहरू विभिन्न जिल्ला, अञ्चल र राज्यका छन् । यसर्थ तिनीहरू बहुप्रादेशिक विशेषता युक्त छन् । अतः

मोक्तानका औपन्यासिक प्रवृत्ति अन्तर्गत बहुभाषिक, बहुजातीय, बहुल पात्र साथै बहुप्रादेशिक पात्रहरूको प्रयोग पनि महत्त्वपूर्ण रहेको छ ।

६.१३ निष्कर्ष

भारतीय नेपाली उपन्यास परम्परामा मोक्तान आफ्ना **चरणधूलि** र **अशेष यात्रा**, उपन्यासका माध्यमबाट स्वच्छन्दतावादी उपन्यासकारका रूपमा सुपरिचित छन् । त्यस्तै **जीवन परिक्रमा** र **जीवन गोरेटोमा** उपन्यासका माध्यमबाट उनी सामाजिक यथार्थवादी उपन्यासकारका रूपमा चिनिएका छन् । त्यसैले स्वच्छन्दतावाद र सामाजिक यथार्थवाद नै उपन्यासकार कृष्णसिंह मोक्तानका मूलभूत प्रवृत्ति हुन् । यिनै प्रवृत्तिका केन्द्रमा रहेर उनका उपन्यासको विश्लेषण गर्दा उपन्यासका विधागत, भाषाशैलीगत तथा अन्य प्रवृत्तिलाई समेत समन्वय गर्नु पर्दछ ।

मोक्तानको पहिलो र दोस्रो उपन्यासको विषयवस्तु प्रेम प्रणयमा आधारित छ । यस उपन्यासमा युवा युवतीका प्रेम व्यापारमा विभिन्न समस्याहरू आएका छन् । ती समस्यामध्ये आर्थिक कमजोरीले गर्दा छुट्टिनु परे पनि आत्मिक प्रेमका कारण आखिरमा यिनीहरूको आपस्तमा मिलन भएको छ । यी उपन्यासहरूमा दार्जिलिङको नेपाली समाजका आर्थिक, सामाजिक, शैक्षिक विषयहरूलाई प्रस्तुत गरिएको छ । उपन्यासकारले आफू बाँचेको थलो, दार्जिलिङको जनजीवनलाई विशेष महत्त्वका साथ प्रस्तुत गरेका छन् । यसले गर्दा तत्कालीन दार्जिलिङे नेपाली समाज निरीक्षणमा वस्तुगतताको सहज निर्वाह हुन सकेको छ । यसरी नै **जीवन परिक्रमा** र **जीवन गोरेटोमा** उपन्यासमा चाहिँ दार्जिलिङदेखि बाहिर तथा दार्जिलिङ जिल्लादेखि अन्य जिल्लाहरूमा उपन्यासकार स्वयम्ले देखेका, भेटेका घटना सन्दर्भको वर्णन गरिएको छ । **जीवन परिक्रमा** उपन्यासको कथानक मोक्तानले जागिरे जीवनमा भेट भएका विभिन्न वर्गका पात्रहरूका घटनावली रहेका छन् । **जीवन गोरेटोमा** उपन्यासको कथानक कारागारका बन्दी पात्रहरूका जीवन घटनामा आधारित छ । यसले गर्दा समाजको यथार्थ चित्रणमा वस्तुगतताको सहज र प्रबल निर्वाह हुन सकेको छ ।

मोक्तानका सबै उपन्यासमा मध्यम वर्गीय जनजीवनलाई प्राथमिकता दिइएको देखिन्छ । उपन्यासमा मध्यम वर्गका प्रमुख नायक र नायिका पात्रहरू समावेश गरिएको छ । यिनका तेस्रो र चौथो उपन्यासमा भने राजनीतिक आन्दोलनकारी, डाकु, चोर, हत्यारा जस्ता पात्रहरूका जीवन घटना रहेका छन् । भारतीय नेपाली उपन्यास परम्परामा कारागारलाई केन्द्र बनाएर अथवा अर्को ढङ्गले भन्दा कारागार तथा त्यहीँका बन्दहरूको जीवनलाई केन्द्र बनाएर उपन्यास लेख्ने पहिलो उपन्यासकार मोक्तान हुन् । उनले आफ्ना उपन्यासमा निम्न, मध्यम र उच्च वर्गीय आर्थिक अवस्थाका पात्रहरूको चयन गरे तापनि उनी सामाजिक यथार्थवादी उपन्यासकार भएको हुँदा समाजमा भएका जनजीवनका विभिन्न समस्यालाई अनेक कोणबाट प्रस्तुत गर्दछन् र निम्न तथा मध्यम वर्गप्रति उनको विशेष सहानुभूति देखिन्छ ।

मोक्तानका सबै उपन्यासमा रमणीय प्रकृतिको चित्रण सुन्दर ढङ्गले गरिएको पाइन्छ । यसले उपन्यासको भाव परिमण्डल निर्माण गर्न सकेको छ । **चरणधूलि** र **अशेष यात्रा** उपन्यासमा दार्जिलिङका विभिन्न स्थानका प्राकृतिक वर्णन गरिएको छ । यस्ता प्राकृतिक दृश्य उपन्यासका घटना-प्रसङ्ग र पात्रका मनोभाव अनुकूल बनाएर उपस्थित गरिएको हुँदा परिवेश विधान निकै सशक्त बनेको छ । **जीवन परिक्रमा** र **जीवन गोरेटोमा** उपन्यासमा कारागारका विभिन्न स्थानहरूको साथै कलकत्ता, वर्द्धमान आदि स्थानहरूको प्रकृति वर्णन रहेको छ । यसमा सहरिया जीवनको झलक पनि चित्रित भएको छ । यस्ता प्राकृतिक दृश्य उपन्यासका घटना प्रसङ्ग र पात्रका मनोभाव अनुकूल रहेको हुँदा उपन्यासको परिवेश विधान स्वाभाविक र आकर्षक देखिन्छ । यिनले प्राकृतिक परिवेश चयन गर्दा झरी, वर्षा, बादल, तुवाँलो, मध्यरात आदिलाई विशेष महत्त्वका साथ प्रस्तुत गरेका छन् । दार्जिलिङबाट देखिने कञ्चनजङ्घा हिमालको चित्रण उपन्यासमा खुबै रमणीयतापूर्वक गरेका छन् । यस्तै प्रकारले दार्जिलिङमा त्यस समयमा भारी बोक्ने घिर्लिङको पनि चित्रण गरेका छन् । त्यसैले यिनको प्राकृतिक चित्रणले सामाजिक यथार्थको बाह्य स्वरूप मात्रै नभई त्यसको घनत्व वा भित्री रूपलाई समेत अभिव्यञ्जित गर्न सक्षम रहेको पाइन्छ । यसलाई मोक्तानको सामाजिक यथार्थवादी उपन्यास लेखनको उल्लेखनीय कलात्मक प्राप्तिका रूपमा लिन सकिन्छ ।

मोक्तानको **जीवन गोरेटोमा** उपन्यासमा भारतीय न्याय व्यवस्थाले अपराधी ठहर गरेर कारागारमा बन्दीको सजाय दिएका पात्रहरूका घटनाहरू रहेका छन् । यस्ता बन्दी पात्रहरूलाई मृत्युदण्डसम्म दिएका यथार्थ घटनाहरूले मोक्तानका उपन्यासमा सामाजिक यथार्थवादको सजीव चित्रण भएको छ । यस दृष्टिले हेर्दा मोक्तानका उपन्यासमा सामाजिक यथार्थवादी प्रवृत्ति प्रखर देखिन्छ ।

मोक्तानका सबै उपन्यासहरूमा नारी पात्रहरूको विभिन्न पक्षको चित्रण रहेको छ । **चरणधूलि**का नारी पात्रहरू अदर्शवादी प्रवृत्तिका छन् । **अशेष यात्रा** उपन्यासका नारी पात्रमा यौन मनावैज्ञानिक समस्याको चित्रण रहेको छ । नारी हृदयमा घात परेका कारण उसको मनस्थिति असन्तुलित बनेका सन्दर्भको चित्रण यसमा गरिएको छ । यस्ता नारी चरित्रका मनोवैज्ञानिक चित्रणद्वारा मोक्तानका उपन्यासमा समाजका नारीहरूका विविध पक्षका यथार्थ जीवन सन्दर्भको प्रस्तुति हुन सकेको देखिन्छ । यस्तै **जीवन परिक्रमा** र **जीवन गोरेटोमा** उपन्यासमा प्रयुक्त नारी पात्रहरूमा आदर्शवादी, मानवतावादी र मनावैज्ञानिक पक्षको चित्रण भएको छ । यसलाई मोक्तानको आदर्शवादी, यथार्थवादी र मनोवैज्ञानिक प्रवृत्तिको उल्लेखनीय कलात्मक प्राप्तिका रूपमा लिन सकिन्छ ।

मोक्तानका उपन्यासहरूमा निम्न तथा मध्यम वर्गीय जीवन र आर्थिक शोषणको अभिव्यक्ति रहेको छ । यिनका उपन्यासमा सामाजिक, राजनीतिक, आर्थिक क्षेत्रमा देखिएको शोषणमूलक सामन्ती सङ्कीर्णताप्रति विद्रोहचेत पनि प्रकट भएको पाइन्छ । यिनका पछिल्ला दुई ओटै उपन्यासमा विशेष रूपले यस्ता समस्याहरू रहेका छन् । उपन्यासका पुरुष पात्र सरह नारी पात्रहरूमा पनि विद्रोही चेतना टड्कारो देखिन्छ । उनीहरूले शोषणका विरुद्ध विद्रोह गरेकै

कारण हत्यारा बन्न पुगेका छन् । उनका उपन्यासमा सामाजिक वर्गबोधसँगै त्यस विरुद्धको विद्रोही अभिव्यक्ति प्रखर रूपमा आएको छ । मोक्तानका सबै उपन्यासहरूमा विभिन्न स्थानका भिन्न जातिका भिन्नाभिन्नै भाषाको समन्वयात्मक प्रस्तुति रहेको छ । त्यसैले यिनका उपन्यासहरू आञ्चलिक, बहुभाषिक, बहुजातीय, बहुप्रादेशिक बन्न सफल भएका छन् ।

मोक्तानका सामाजिक यथार्थवादी उपन्यासहरू बढी जीवन सापेक्ष रूपमा प्रकट भएका छन् । घटना प्रसङ्ग, चरित्र र परिवेशको यथार्थ प्रस्तुतिले उनका उपन्यासहरू रोचक र विश्वसनीय बन्न सकेका छन् । नेपाली उपन्यासको क्षेत्रमा बन्दीहरूका घटनालाई प्रयोग गरिएकाले त्यसको ऐतिहासिक महत्त्व पनि रहेको छ । सामाजिक विसङ्गतिलाई सरल, सरस, प्रतीकात्मक भाषा प्रयोग गरिएको छ । हत्यारा, चोर, डाँकु, राजनीतिक आन्दोलनकारी नेता आदि पात्रहरूका यथार्थ जीवन घटना र कारागारका नीति नियममा आधारित विषयवस्तु भएकाले **जीवन परिक्रमा** र **जीवन गोरेटोमा** सामाजिक यथार्थवादी उपन्यास हुन् ।

उपन्यास यात्राको पूर्वार्द्ध चरणका दुई उपन्यासमा स्वच्छन्दतावाद र उत्तरार्द्धका दुई उपन्यासमा सामाजिक यथार्थवाद मोक्तानका उपन्यासकारिताका मूल वैचारिक प्रवृत्ति हुन् । सामाजिक यथार्थवादी प्रवृत्तिमा रहेर त्यही प्रवृत्ति अन्तर्गत आफ्ना निजी वैशिष्ट्यलाई समेत लिएर मोक्तानले आफ्ना उपन्यासहरूको रचना गरेका छन् । नेपाली समाजका आफ्नै प्रकारका समस्यालाई विषयवस्तु बनाएर चरित्रको रचनामा पनि नवीन स्थितितर्फ सङ्केत गर्ने मोक्तानले स्वच्छन्दतावादी प्रवृत्ति र सामाजिक यथार्थवादी प्रवृत्तिलाई मूल पीठिका बनाई आफ्ना औपन्यासिक वैशिष्ट्यको निर्माण गरेको पाइन्छ । मोक्तानका उपन्यासहरूमा देखा परेका केही नवीन प्रयोगहरू र उनले नेपाली उपन्यासका क्षेत्रमा प्रदान गरेका समृद्धि र विस्तारको अवलोकनबाट उनी नयाँ दिशालाई पक्रन सक्षम स्वच्छन्दतावादी र सामाजिक यथार्थवादी उपन्यासकार हुन् भन्ने स्पष्ट हुन्छ ।

सातौँ अध्याय

सारांश तथा निष्कर्ष

कृष्णसिंह मोक्तानको उपन्यासकारिता विषयमा यो शोध प्रबन्ध केन्द्रित छ । यसको पहिलो अध्यायमा शोध परिचय र पूर्वकार्यको समीक्षा प्रस्तुत गरिएको छ । दोस्रो अध्यायमा औपन्यासिक सिद्धान्तको स्वरूप तथा उपन्यास विश्लेषण आधार प्रस्तुत गरिएको छ । तेस्रो अध्यायमा कृष्णसिंह मोक्तानको जीवनी र व्यक्तित्व तथा उपन्यास सिर्जनाका बिचको अन्तःसम्बन्धको विश्लेषण गरिएको छ । चौथो अध्यायमा मोक्तानका **चरणधूलि** र **अशेष यात्रा** उपन्यासको विधातत्त्वगत विश्लेषण गरिएको छ । त्यस्तै पाँचौं अध्यायमा **जीवन परिक्रमा** र **जीवन गोरेटोमा** उपन्यासको विधातत्त्वगत विश्लेषण गरिएको छ । छैटौं अध्यायमा मोक्तानका औपन्यासिक प्रवृत्तिहरूको निक्र्योल र निरूपण गरिएको छ भने यस सातौं अध्यायमा तेस्रोदेखि छैटौं अध्यायमा विश्लेषण गरिएका सन्दर्भहरूको उपसंहार खिच्दै समग्र शोधका मूलभूत प्राप्तिसँग सम्बद्ध निष्कर्ष प्रस्तुत गरिएको छ ।

७.१ अध्यायगत सारांश

तेस्रो अध्यायमा मोक्तानको जीवनी र व्यक्तित्वका विभिन्न पक्षहरूको अध्ययनसँगै जीवनी, व्यक्तित्व र उपन्यास सिर्जनाको अन्तःसम्बन्धको विश्लेषण गरिएको छ । साथै यसमा मोक्तानका औपन्यासिक यात्राको पनि सङ्क्षिप्त रेखाङ्कन प्रस्तुत गरिएको छ । यस क्रममा उनका जीवनीसँग सम्बन्धित जन्म र पारिवारिक पृष्ठभूमि, शिक्षा, विवाह, साहित्यिक प्रेरणा, पेसागत संलग्नता, पुरस्कार, सम्मान, भ्रमण आदि विषयमा अध्ययन गरिएको छ । उनको साहित्यिक व्यक्तित्व अन्तर्गत कवि, उपन्यासकार, कथाकार, नाटकार, भूमिकाकार जस्ता व्यक्तित्वका विभिन्न पक्षको अनुशीलन गरिएको छ । यस सन्दर्भमा उनका प्रशासनिक व्यक्तित्व र आध्यात्मिक व्यक्तित्वका विभिन्न पक्षहरूको विश्लेषण गरेर उनको उपन्यासकारितासँग यी विषयहरूको अन्तःसम्बन्ध रहेको पुष्टि गरिएको छ । यसै सन्दर्भमा मोक्तानको सबैभन्दा बढी उर्वर तथा प्रसिद्धिको साहित्यिक विधा उपन्यास रहेको निष्कर्ष निकालिएको छ । मोक्तानको औपन्यासिक यात्रालाई प्रारम्भदेखि सन् १९९३ सम्मको समयावधिलाई पूर्वार्द्ध र सन् १९९४ देखि यताको समयावधिलाई उत्तरार्द्ध गरी दुई चरणमा विभाजन गरिएको छ । पूर्वार्द्ध चरणमा **चरणधूलि** र **अशेष यात्रा** जस्ता दुई ओटा उपन्यास प्रकाशित भएका छन् भने उत्तरार्द्ध चरणमा **जीवन परिक्रमा** र **जीवन गोरेटोमा** जस्ता दुई ओटा उपन्यास प्रकाशित भएका छन् । यी चारै ओटा उपन्यासको विधातत्त्वगत विश्लेषण चौथो परिच्छेदमा समावेश गर्दा शोधको सुसङ्गठन नहुने भएकाले पूर्वार्द्ध चरणका दुई ओटा उपन्यासको विश्लेषणलाई चौथो र उत्तरार्द्ध चरणका दुई ओटा उपन्यासको विश्लेषणलाई पाँचौं अध्याय अन्तर्गत समावेश गरिएको छ ।

चौथो अध्यायमा मोक्तानको औपन्यासिक यात्राको पूर्वार्द्ध चरणमा प्रकाशित **चरणधूलि** र **अशेष यात्रा** उपन्यासको औपन्यासिक तत्त्वका आधारमा विश्लेषण गरिएको छ । उपन्यासको विश्लेषण गर्दा सबैभन्दा पहिले कृतिको परिचय प्रस्तुत गरिएको छ र त्यसपछि कथानक, पात्र र तिनको चरित्र, परिवेश, दृष्टिबिन्दु, भाषाशैली र विचार जस्ता औपन्यासिक तत्त्वका आधारमा पृथक् पृथक् विश्लेषण गरी तिनीहरूका छुट्टा छुट्टै निष्कर्ष प्रस्तुत गरेर समग्र परिच्छेदगत निष्कर्ष प्रस्तुत गरिएको छ । यस विश्लेषका आधारमा हेर्दा पूर्वार्द्ध चरणका **चरणधूलि** र **अशेष यात्रा** स्वच्छन्दवादी उपन्यास रहेको निष्कर्ष प्राप्त भएको छ ।

चरणधूलि उपन्यासको कथानक युवा युवतीका बिचमा हुने विवाहपूर्वको प्रेम सम्बन्धमा आधारित छ । औपन्यासिक कथानक आदि, मध्य र अन्त्यको शृङ्खलामा आबद्ध छ र यो भारत स्वतन्त्र भएपछिको दार्जिलिङको सामाजिक पृष्ठभूमिमा लेखिएको छ । प्रमुख पुरुष पात्र जीवन र प्रमुख नारी पात्र नीराको आत्मीय प्रणय सम्बन्धमा आएका बिघ्न बाधासँगै आर्थिक सङ्कटको चित्रण यसमा गरिएको छ । मूल कथानकसँग सम्बन्धित समाजका मध्यम र निम्न वर्गका पात्रहरूका जीवन सङ्घर्ष, तिनीहरूको चरित्रमा देखा परेका दया, उदारता, सहनशीलता जस्ता आदर्श र मानवतावादी गुणहरूको अङ्कन गरिएको छ । आत्मिक प्रेमलाई सफलतामा पुऱ्याई औपन्यासिक कथानकको सुखद अन्त्य गरिएको छ ।

दार्जिलिङ साथै त्यस वरिपरिका कालेबुङ छिबो बस्ती हुँदै कलकत्ता महानगरसम्मका स्थानलाई परिवेश बनाएर लेखिएको यस उपन्यासमा भारत स्वतन्त्र भएको केही वर्षपछिको घटनालाई समयगत परिवेश बनाइएको छ । दार्जिलिङे नेपालीहरूको सामाजिक, सांस्कृतिक, धार्मिक, शैक्षिक मान्यता, आदर्श र मूल्यहरूमा आएको वैचारिक परिवर्तनको चित्रण यसमा गरिएको पाइन्छ । समाज जाति र राष्ट्रको उत्थानमा नारीको भूमिकालाई महत्त्वपूर्ण मानिएको छ र यिनीहरूलाई रूढिवादी धारणा र मध्यकालीन संस्कारबाट मुक्त गराएर स्वावलम्बी तुल्याउन उच्च शिक्षा हासिल गर्न लगाइएको छ ।

प्रस्तुत उपन्यासमा प्रयुक्त निम्न र निम्न मध्यम वर्गीय मानिसहरूमा सामाजिक जागरण र शैक्षिक चेतनाको स्वर व्यञ्जित भएको पाइन्छ । देशको सुरक्षा गर्दा सहिद भएका लोग्नेविहीन एक्ली नारीले आफ्ना छोरालाई उच्च शिक्षा दिलाउन कठोर परिश्रम गरेको पाइन्छ । आफ्नो बिहेको नौगेडी महाजनकहाँ बन्दकी राखेर भए पनि आफ्नो छोरालाई महाविद्यालयीय शिक्षा हासिल गराउने सचेत प्रयत्न यसमा रहेको देखिन्छ । उच्च वर्गले निम्नवर्गप्रति गरेको शोषण, अत्याचार रतनदास महाजनजस्ता पात्रका माध्यमद्वारा छर्लङ्ग पार्ने प्रयत्न गरिएको छ । तृतीय पुरुष दृष्टिबिन्दुमा संरचित यस उपन्यासमा दार्जिलिङका नेपाली समाजका आर्थिक दुरवस्था र उनीहरूका जीवन सङ्घर्षको चित्रणबाट प्रस्तुत उपन्यासको घटनावली विश्वसनीय बन्न सकेको छ ।

प्रस्तुत उपन्यासमा प्रेमको प्रधानतासँगै प्राकृतिक रमणीयताको चित्रण, कल्पनाशीलता, भावुकता, सौन्दर्य चेतनाजस्ता विशेषताहरू पनि छन् । भारतीय नेपालीहरूले जीवन धान्न आफ्नो घर छाडेर महानगरदेखि मलायासम्म जानु परेको बाध्यता पनि यसमा वर्णित छ । उनीहरूको

जीवन सङ्घर्ष र सामाजिक एवं सांस्कृतिक परिस्थितिको मार्मिक चित्रण पनि यसमा पाइन्छ । फलस्वरूप यो उपन्यासमा स्वच्छन्दतावादी वैशिष्ट्य निकै राम्ररी अभिव्यक्त भएको छ ।

अशेष यात्रा मोक्तानका औपन्यासिक यात्राको दोस्रो तथा पहिलो चरणको अन्तिम उपन्यास हो । यस उपन्यासमा पनि स्वच्छन्दतावादी जीवन दर्शनलाई नै केन्द्र बनाएर लेखिएको छ तापनि यसमा यौन मनोविज्ञानको प्रवृत्ति अधिक रहेको देखिन्छ । त्रिकोणात्मक प्रेमकथामा आधारित यस उपन्यासको कथानकमा पनि आदि, मध्य र अन्त्यको क्रमिक विकास रहेको पाइन्छ । वसन्तकुमार आफ्नै खराब चरित्रका कारण करण र अनुराधाका बिचबाट हट्न जाँदा उनीहरूको आदर्श प्रेम सुखान्तमा परिणत भई यस उपन्यासको कथानक टुङ्गिएको छ ।

प्रस्तुत उपन्यासको औपन्यासिक क्षेत्र दार्जिलिङ, खरसाङ, मिरिक, बनारस हिन्दू विश्वविद्यालय साथै आसामको आराधुरासम्म फैलिएको छ । प्रमुख पात्रहरूमा मानसिक तनाव वा द्वन्द्व अधिक रहेको छ । यस उपन्यासमा समायोजित पात्रहरू दार्जिलिङको मात्र नभएर बनारस साथै आसामका भएका हुनाले पात्रगत भूमिका बहुप्रादेशिक रहेको छ । पुरुष र नारी दुवैलाई उच्च शिक्षाको निम्ति घरदेखि टाढा विश्वविद्यालय पठाइएका घटनाले शिक्षालाई प्राथमिकता दिइएको सामाजिक परिवेश यसमा चित्रित छ । प्रणय सम्बन्धमा विश्वासघात हुँदा मानसिक विकृति बनेर अस्वस्थ्य बनेकी नारी चरित्रद्वारा भावनात्मक प्रणय सम्बन्धको चित्रण यसमा रहेको छ ।

अशेष यात्रा उपन्यासमा विभिन्न स्थान र कालसँग सम्बन्धित सामाजिक, सांस्कृतिक, आर्थिक, वैचारिक बाह्य-आन्तरिक प्राकृतिक परिवेशको व्यापक चित्रण रहेको छ । यसरी परिवेशको चित्रण व्यापक भए तापनि विचार स्थापनाको उद्देश्यले नै परिवेशको चित्रण गरेको पाइन्छ । यसरी **अशेष यात्रा** सङ्गठित कथानक, सरल, सहज र पात्र अनुरूपको भाषाशैली तथा परिवेशको उचित चित्रण भएको सफल स्वच्छन्दतावादी सामाजिक उपन्यासका रूपमा देखा पर्छ ।

प्रस्तुत शोध प्रबन्धको पाँचौ अध्यायमा मोक्तानको औपन्यासिक यात्राको दोस्रो चरणमा प्रकाशित भएका **जीवन परिक्रमा** र **जीवन गोरेटोमा** उपन्यासको विश्लेषण विधातात्त्विक आधारमा गरिएको छ ।

जीवन परिक्रमा मोक्तानका उपन्यास यात्राको तेस्रो र दोस्रो चरणको पहिलो उपन्यास कृति हो । यो सामाजिक यथार्थवादी उपन्यास हो । उपन्यासका प्रमुख कथा वाचक चन्द्रशेखरले आफ्नो जागिरे जीवनमा भेटेका विभिन्न पात्रहरूका घटना कथन गर्दै यस उपन्यासको कथानक निर्माण गरेका छन् । यसको कथानकमा आदि, मध्य र अन्त्यको पारस्परिक शृङ्खला छैन किनभने यस उपन्यासमा भिन्न भिन्न पात्रका जीवन कथालाई स्वतन्त्र ढङ्गले प्रस्तुत गरिएको छ । कथा वाचक चन्द्रशेखरले कलकत्ता महानगरमा भेटेका चतुरमान सुब्बा र धर्मराज धितालको मर्मस्पर्शी कथाका साथै काराकागार सुपरिवेक्षक पदमा रहेका समय कारागारमा बन्दी बनेका डाँकु, चोर, हत्यारा आदि पात्रहरूका वास्तविक घटनाहरूलाई प्रस्तुत गरेका छन् । यस उपन्यासमा सामाजिक जीवनको यथार्थ चित्रण पाइन्छ ।

प्रस्तुत उपन्यासमा कलकत्ता महानगरको परिवेशको यथार्थ वर्णन छ । यसमा कलकत्ता महानगरीको जीवन शैलीलाई सुन्दर ढङ्गमा प्रस्तुत गरिएको छ । पात्र समायोजन पनि परिवेश अनुसारको छ । विभिन्न जातिका पात्र रहेका हुनाले उनीहरूको भाषामा मिश्रित भाषाको प्रयोग यथेष्ट रहेको छ । अतः प्रस्तुत उपन्यासमा पात्र, अनुरूपको भाषा अनि परिवशेको चित्रणले औपन्यासिक कथानक विश्वासनीय बनेको छ । यसमा सामाजिक जीवनको यथार्थ खुबै रोचक ढङ्गमा प्रस्तुत गरिएको देखिन्छ ।

जीवन परिक्रमा उपन्यासकारको जीवन भोगाइमा आधारित छ । यसको कथानक, पात्र र परिवेश भारतीय विभिन्न जेल र त्यहाँका सकारात्मक चरित्र भएका कैदीका जीवनसँग सम्बद्ध छ । यसको परिवेश याथार्थिक र आञ्चलिक विशेषतायुक्त छ । तृतीय पुरुष सीमित प्रकारको दृष्टिबिन्दुको प्रयोग गरिएको यस उपन्यासमा विभिन्न भाषाको मिश्रित रूप पाउन सकिए पनि नेपाली भाषाको सरल, सहज र कलात्मक प्रयोग गरिएको छ । मूलतः वर्णनात्मक शैली र त्यससँग अन्तरनिहित हुने गरी डायरी आदि शैलीको प्रयोग गरिएको यस उपन्यासले जेलमा बन्दी बनाइएका अपराधीहरूका जीवन कथा र व्यथा एवम् तिनका मानसिक स्थितिलाई छर्लङ्ग देखाउने उद्देश्य राखेको छ । हरेक व्यक्तिभित्र कुनै न कुनै सुन्दरता हुन्छ भन्ने देखाउनु यसको वैचारिक विशेषता हो । समाजका यस्तै यथार्थताको प्रस्तुति प्रभावकारी ढङ्गले गरेका हुनाले यो उपन्यास सामाजिक अथार्थवादी उपन्यास बनेको छ ।

जीवन गोरेटोमा उपन्यास मोक्तानका औपन्यासिक यात्राको चौथो तथा हालसम्मको अन्तिम र दोस्रो चरणको पनि अन्तिम कृति हो । यस उपन्यासमा कारागारमा बन्दी बनेका, अपराधका सजाय भोगिरहेका चोर, डाँकु, हत्यारा, राजनैतिक नेता, आन्दोलनकारी जस्ता विभिन्न पात्रहरूका घटनाको संयोजनद्वारा कथानकको विकास भएको छ । भारतको दण्ड विधानले अपराधीलाई ठहर गरेर बन्दी बनाएका साथै ती बन्दीहरू मध्ये मृत्युदण्ड पाएका साथै जन्मकैदको सजाय पाएका पात्रहरूका जीवन कथामा आधारित घटनाको संयोजनबाट यस उपन्यासको कथानक सङ्गठित बनेको छ ।

प्रस्तुत उपन्यासमा प्रयुक्त पात्र विभिन्न जातिका भिन्न भिन्न प्रदेशका बन्दी पात्रपात्राहरू मध्ये दस जना बन्दी पात्रहरूका नामबाट उपन्यासमा दस ओटा उपशीर्षकको व्यवस्था गरिएको छ । भारतको पश्चिम बङ्गाल अन्तर्गतका कलकत्ताको केन्द्रीय कारागारको परिवेश यस उपन्यासमा मुख्य रूपमा चित्रित छ । मोक्तान स्वयंले चन्द्रशेखरका माध्यमद्वारा आफ्नी श्रीमती सरस्वती देवीलाई कारागारका बन्दी जीवनका घटना सुनाएका छन् । यस उपन्यासमा उपन्यासकार नै कथा वाचक बनेर प्रस्तुत भएका छन् ।

समय, परिस्थिति र बाध्यताले मानिसलाई अपराधी हत्यारा बनाउँछ, उनीहरू जन्मँदै अपराधी बनेका हुँदैनन् भन्ने विचार नै यस उपन्यासको मूल कथ्य हो । मूल रूपमा समाजमा भएका यथार्थ घटनाको चित्रण गर्नु यसको मूल उद्देश्य रहेको देखिन्छ । औपन्यासिक तत्त्वका आधारमा सरल नेपाली तथा पर्याप्त मात्रामा आगन्तुक शब्दयुक्त भाषाको प्रयोग, निम्न, मध्य र उच्च वर्गीय पात्रहरूको चयन, प्रकृति चित्रण, साथै सत्य र तथ्य घटनाको वर्णनका दृष्टिले **जीवन**

गोरेटोमा उपन्यासलाई सामाजिक यथार्थवादी उपन्यास मान्न सकिन्छ । नेपाली उपन्यास जगत्मा उपन्यासकार कृष्णसिंह मोक्तानको **जीवन गोरेटोमा** उपन्यास कारागारभित्रका कैदी पात्र र ती सम्बद्ध यथार्थ घटनामा आधारित भएको नौलो परिपाटीको सफल सामाजिक यथार्थवादी उपन्यासका रूपमा देखा पर्दछ ।

छैटौँ अध्यायमा मोक्तानका चार ओटा उपन्यासहरूको प्रवृत्तिगत विश्लेषण गरिएको छ । विषयगत दृष्टिले विविध विषय वस्तुमा आधारित उपन्यास लेखनको प्रवृत्ति मोक्तानका उपन्यास सिर्जनाको वैशिष्ट्यका रुपमा देखा पर्दछ । कतै ब्रिटिस आर्मीका लाहुरेको सन्दर्भ, दार्जिलिङ वरिपरि परिश्रमपूर्वक जीवन बाँच्ने उपक्रम गरि रहेका निम्न वर्गीय नेपालीहरुको जीवन सन्दर्भ, युवा युवती बिचको आत्मिक र स्वार्थी दुवै खाले प्रणय सन्दर्भ, रानीतिदेखि लिएर अन्य अनेक फौजदारी अपराधमा जेल जीवन भोगिरहेका र मृत्यु दण्डसम्म कुरिरहेका बन्दी व्यक्तिहरुको जीवन चर्या र मनोदशा, पूर्वोत्तर भारतका नेपाली, बङ्गाली, हिन्दी लगायत विभिन्न भाषी समुदायका विशिष्ट पात्रहरुको जीवन कथा आदिबाट कथानक निर्माण गरेर उपन्यास रचना गरिएकाले मोक्तानका उपन्यासमा विषयगत विविधता पाइन्छ र त्यसबाट समाजका फरक फरक स्वभावका व्यक्ति र समुदायको प्रतिनिधित्व उपन्यसमा हुन सकेको छ ।

मोक्तानका पूर्वार्द्ध चरणका उपन्यासमा स्वच्छन्दतावादी जीवन दर्शनको अभिव्यक्ति प्रवृत्तिमूलक रूपमा प्रकट भएको छ । खास गरी युवा युवती बिचको प्रणय सन्दर्भ स्वच्छन्दतावादी /रुमानी ढङ्गले चित्रित छ । उत्तरार्ध चरणका उपन्यासमा भने सामाजिक यथार्थवादी चेतना र चित्रण पद्धतिको प्रवृत्ति देखिन्छ । यस चरणमा मोक्तान निम्न तथा मध्यम वर्गीय जीवनको सूक्ष्म पर्यवेक्षण गर्छन् र सामाजिक आर्थिक शोषण तथा उत्पीडनको चित्रणमा रुचि लिन्छन् । यस क्रममा नारी जीवनका विविध पक्षको चित्रण, बन्दी जीवन एवम् भारतीय न्याय व्यवस्थाको चित्रणमा मोक्तानले बढी रुचि देखाएका छन् र ती सन्दर्भको प्रभावकारी चित्रण पनि गरेका छन् । जीवन परिक्रमा र जीवन गोरेटोमा यी दुई उपन्यास यस दृष्टिले निकै महत्त्वपूर्ण छन् र यिनले मोक्तानलाई प्रखर सामाजिक यथार्थवादी उपन्यासकारको पहिचान दिलाउने सामर्थ्य राख्दछन् । यस प्रवृत्तिसँग जोडिएर आउने प्रवृत्तिका रूपमा स्थानीय परिवेश/आञ्चलिकताको प्रयोग पनि देखा पर्दछ । पूर्वोत्तर भारतका विभिन्न स्थान, त्यहाँको जीवन चर्या र भाषा (स्थानीय भाषा वा भाषिका)को प्रयोगमा मोक्तान आञ्चलिक प्रवृत्ति लिएर देखा परेका छन् ।

वैचारिक दृष्टिले मोक्तानका उपन्यासमा अध्यात्मवादी/आदर्शवादी तथा मानवतावादी चेतनाको अभिव्यक्ति भएको छ । सामाजिक यथार्थवादी रचना गर्दा गर्दै पनि उनी वैचारिक दृष्टिले भौतिकावदी भन्दा आदर्शवादी र अझ अध्यात्मवादी चेतनालाई नै उपनयस रचनाको पीठिका बनाउँछन् र यसैसँग सम्बद्ध भएर मानवतावादी भावनाको अभिव्यक्ति पनि भएको छ । मोक्तानका उपन्यास रचनामा केही मात्रामा यौन तथा असामान्य मनोविज्ञानको चित्रण पनि भएको छ । उपन्यासको रचना शिल्पका सन्दर्भमा बहुभाषिक, बहुजातीय र बहुल पात्र विधानको प्रवृत्ति मुख्य रुपमा व्यक्त भएको छ । उनका चार वटै उपन्यासमा जम्माजम्मी ४४८ पात्रको प्रयोग

भएबाट यो कुरा स्पष्ट हुन्छ । अनेक पेसा, वर्ग र समुदायबाबट बहुल पात्रको चयन गरेर मोक्तानले सामाजिक यथार्थका सफल शिल्पीका रूपमा आफूलाई उभ्याउन सफल भएका छन् ।

७.२ समष्टि निष्कर्ष

२१ अगस्ट सन् १९३० मा भारतको पश्चिम बंगाल राज्य अन्तर्गत दार्जिलिङ जिल्लाको घुमपहाड भन्ने ठाउँमा जन्मिएका कृष्णसिंह मोक्तानले साहित्यका विभिन्न विधामा आफ्नो सिर्जनात्मक अभिव्यक्ति दिए पनि उपन्यास नै उनको सबैभन्दा प्रसिद्ध, उर्बर र सशक्त विधा क्षेत्र हो । उनका हालसम्म **चरणधूलि**, **अशेष यात्रा**, **जीवन परिक्रमा** र **जीवन गोरेटोमा** गरी चार ओटा उपन्यास प्रकाशित भएका छन् । बहुमुखी व्यक्तित्वका धनी मोक्तानको उपन्यास लेखनमा उनको पेसागत जीवन, सामाजिक सम्बन्ध, सांस्कृतिक तथा जातीय जागृतिको चासो जस्ता विविध पक्षले प्रभाव पारेका छन् । उनका कृतिमा जीवनका विविध पक्षको अन्तरसंयोजन भएको पाइन्छ । मोक्तानका पूर्वार्द्ध चरणका **चरणधूलि र अशेष यात्रा** उपन्यासमा मूलतः युवा प्रेम सम्बद्ध विषयले प्रमुख महत्त्व पाएको छ । तिनमा भावुकता, हार्दिकता, प्रकृतिप्रतिको आकर्षण, स्वतःस्फूर्तता आदि जस्ता वैशिष्ट्य छन् । त्यसैले यी दुई उपन्यासका आधारमा मोक्तान स्वच्छन्दतावादी उपन्यासकार हुन् । मोक्तानको उपन्यास यात्राको उत्तरार्द्ध चरणका **जीवन परिक्रमा** र **जीवन गोरटोमा** उपन्यासमा समाजका यथार्थ पक्षको प्रस्तुति रहेको छ । विशेषतः भारतका विभिन्न जेलमा विभिन्न अपराधमा संलग्न भएर जेल जीवन व्यतित गरिरहेका तथा फाँसीको सजाय पाएका वास्तविक पात्रको प्रारूपीकृत प्रस्तुति ती उपन्यासमा गरिएको छ । स्थानीयता, वास्तविकता, जीवन्तता आदि वैशिष्ट्य युक्त पछिल्लो चरणका यी दुई उपन्यासमा यथार्थवादी जीवन चेतनाको अभिव्यक्ति पाइन्छ । त्यसैले यी दुई उपन्यासका आधारमा मोक्तान यथार्थवादी उपन्यासकार हुन् तर सँगसँगै आदर्शको उपस्थापन पनि उनको मुख्य प्रवृत्तिगत वैशिष्ट्यका रूपमा देखा पर्दछ ।

कृष्णसिंह मोक्तानको उपन्यासकारिता शीर्षकको प्रस्तुत शोध अध्ययनको उपर्युक्त सारांशमाथि आधारित हुँदै शोधका समस्यासँग सम्बद्ध प्रश्नका उत्तरलाई बुँदागत रूपमा प्रस्तुत निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

(१) कृष्णसिंह मोक्तानको जीवनी र व्यक्तित्वका विभिन्न पक्षले उनको उपन्यास लेखनलाई प्रत्यक्ष रूपले प्रभाव पारेको छ । उनका उपन्यासहरू मूलतः उनको जीवन भोगाइका संवेदना र पेसागत जीवन अनुभूतिका प्रतिबिम्ब हुन् ।

(२) मोक्तानका उपन्यासमा औपन्यासिक कलाको सन्तुलित प्रयोग गरिएको छ । औपन्यासिक विधातात्त्विक विश्लेषणका आधारमा हेर्दा उनी परमपरागत र प्रयोगशील दुवै प्रकारका उपन्यास लेख्न सक्ने उपन्यासकार हुन् भन्ने कुरा सिद्ध भएको छ ।

(३) मोक्तानका उपन्यासमा भारतका विभिन्न स्थानमा बसेर आफ्नो जीवन चलाई नेपाली जातीयतालाई उँचो राख्न नेपाली भाषीहरूले हरतरहले गरेका प्रयत्नका

गाथा भेटिन्छन् । यस दृष्टिले उनका उपन्यासमा प्रजातिले विशेष महत्त्व प्राप्त गरेको देखिन्छ ।

(४) धारागत दृष्टिले मोक्तान पूर्वार्द्ध चरणमा स्वच्छन्दतावादी/रुमानी र उत्तरार्ध चरणमा सामाजिक यथार्थवादी उपन्यासकार हुन् र यी दुवै धारामा पात्रहरुका अन्तर्मन, परस्पर सम्बन्ध र व्यवहार अनि तिनका जीवन दशाको सूक्ष्म निरीक्षणमा उनी समर्थ छन् ।

(५) मोक्तानका उपन्यासमा विविध विषय वस्तुमा आधारित उपन्यास लेखन, स्वच्छन्दतावादी जीवन दर्शन, सामाजिक यथार्थवादी चेतना र चित्रण पद्धति, स्थानीय परिवेश/आञ्चलिकता, निम्न तथा मध्यम वर्गीय जीवन एवम् आर्थिक शोषणको चित्रण, अध्यात्मवादी/आदर्शवादी चेतनाको अभिव्यक्ति, मानवतावादी भावना, नारी जीवनका विविध पक्षको चित्रण, बन्दी जीवन एवम् भारतीय न्याय व्यवस्थाको चित्रण, यौन तथा असामान्य मनोविज्ञानको चित्रण, बहुभाषिक, बहुजातीय र बहुल पात्र विधान जस्ता प्रवृत्ति पाइन्छन् तापनि उनी मूलतः पूर्वार्द्ध चरणमा स्वच्छन्दतावादी र उत्तरार्द्ध चरणमा सामाजिक यथार्थवादी उपन्यासकार हुन् भन्ने कुरा अध्ययनबाट स्पष्ट भएको छ ।

(६) समग्रतः युवा युवती बिचको प्रणय सम्बन्धको रुमानी चित्रण र आत्मिक प्रेमको उदात्तीकरण अनि पूर्वोत्तर भारतका विशेषतः निम्न वर्गीय नेपाली भाषी समुदायको जीवन सङ्घर्ष तथा भारतीय दण्ड व्यवस्था र त्यसले विभिन्न अपराधमा आरोपित व्यक्तिहरूका जीवन र मानसिकतामा पारेका प्रभावको विस्तारपूर्ण मानवताकेन्द्री आख्यानीकरण नै मोक्तानका उपन्यासकारिताको महत्त्वपूर्ण वैशिष्ट्य र प्राप्ति समेत हो ।

७.३ भावी शोधका लागि सुझाउ

कृष्णसिंह मोक्तानले साहित्यका विभिन्न विधामा साहित्य रचना गरेका छन् । त्यसैले उनका विषयमा अन्य धेरै विद्यावारिधि स्तरीय शोधकार्य गर्न सकिन्छ । भावी शोधका लागि कृष्णसिंह मोक्तान सम्बद्ध शीर्षकहरू यस प्रकार रहेका छन् :

(१) कृष्णसिंह मोक्तानका उपन्यासमा स्वच्छन्दतावाद

(२) कृष्णसिंह मोक्तानका उपन्यासमा यथार्थवाद

(३) कृष्णसिंह मोक्तानका उपन्यासको समाज शास्त्रीय अध्ययन

(४) कृष्णसिंह मोक्तानका उपन्यासमा पात्र विधान

परिशिष्ट १

'चरणधूलि' उपन्यासका पात्रहरू

क्र.सं.	पात्रको नाम	लिङ्ग		भूमिका			प्रवृत्ति		जीवन चेतना		आसन्नता		आबद्धता	
		पु.	म.	प्र.	सहा.	गौ.	अनु.	प्रति.	व.	व्य.	म.	ने.	मुक्त	बद्ध
१.	जीवन	✓	×	✓	×	×	✓	×	✓	×	✓	×	×	✓
२.	नीरा	×	✓	✓	×	×	✓	×	✓	×	✓	×	×	✓
३.	सूर्यमाया	×	✓	×	✓	×	✓	×	✓	×	✓	×	×	✓
४.	मोहन	✓	×	×	✓	×	✓	×	✓	×	✓	×	×	✓
५.	सिनोरा	×	✓	×	×	✓	✓	×	✓	×	✓	×	×	✓
६.	धनवीर छेत्री	✓	×	×	✓	✓	✓	×	✓	×	✓	×	×	✓
७.	हर्कबहादुर राई	✓	×	×	×	✓	×	✓	✓	×	×	✓	×	✓
८.	काहिँली तामाङ्नी	×	✓	×	×	✓	✓	×	✓	×	✓	×	×	✓
९.	जन्तरे कामी	✓	×	×	×	✓	✓	×	✓	×	✓	×	×	✓
१०.	डल्ले	✓	×	×	×	✓	✓	×	✓	×	✓	×	×	✓
११.	प्रतिभा	×	✓	×	×	✓	✓	×	✓	×	✓	×	×	✓
१२.	कान्छी तामाङ्नी	×	✓	×	×	✓	×	✓	✓	×	✓	×	×	✓
१३.	राजबहादुर	✓	×	×	✓	✓	×	✓	×	✓	✓	×	×	✓
१४.	चन्द्रा	×	✓	×	×	✓	✓	×	✓	×	✓	×	✓	×
१५.	विमला	×	✓	×	×	✓	✓	×	✓	×	✓	×	✓	×
१६.	मनु	×	✓	×	×	✓	✓	×	✓	×	✓	×	✓	×
१७.	सीता	×	✓	×	×	✓	✓	×	✓	×	✓	×	✓	×
१८.	केशरी	×	✓	×	×	✓	✓	×	✓	×	✓	×	✓	×
१९.	मेनका	×	✓	×	×	✓	✓	×	✓	×	✓	×	✓	×
२०.	खुशी	×	✓	×	×	✓	✓	×	✓	×	✓	×	✓	×
२१.	झरना	×	✓	×	×	✓	✓	×	✓	×	✓	×	✓	×
२२.	रूपमती	×	✓	×	×	✓	✓	×	✓	×	✓	×	×	✓
२३.	धनमाया	×	✓	×	×	✓	✓	×	✓	×	✓	×	✓	×
२४.	विमल दास	✓	×	×	×	✓	✓	×	✓	×	✓	×	✓	×
२५.	कन्हैलाल अग्रवाल	✓	×	×	×	✓	✓	×	✓	×	✓	×	✓	×
२६.	मोतीकृष्ण प्रधान	✓	×	×	×	✓	✓	×	✓	×	✓	×	✓	×
२७.	मधिसे ड्राइभर	✓	×	×	×	✓	✓	×	✓	×	✓	×	✓	×
२८.	प्रोफेसर चक्रवर्ती	✓	×	×	×	✓	✓	×	✓	×	✓	×	×	✓
२९.	चन्द्रध्वज	✓	×	×	×	✓	✓	×	✓	×	✓	×	✓	×
३०.	मोहनसिंह	✓	×	×	×	✓	✓	×	✓	×	✓	×	✓	×
३१.	रतनदास महाजन	✓	×	×	✓	×	×	✓	×	✓	✓	×	×	✓
३२.	सेती	×	✓	×	×	✓	✓	×	✓	×	✓	×	×	✓
३३.	विमला	×	✓	×	×	✓	✓	×	✓	×	✓	×		
३४.	कमल	✓	×	×	×	✓	✓	×	✓	×	✓	×		
३५.	कर्णसिंह	✓	×	×	×	✓	✓	×	×	✓	✓	×	×	✓
३६.	चन्द्र	✓	×	×	×	✓	✓	×	×	✓	✓	×	×	✓
३७.	भोटिनी कुल्लीहरू	×	✓	×	×	✓	✓	×	✓	×	✓	×	✓	×
३८.	हेमकान्त	✓	×	×	×	✓	✓	×	✓	×	✓	×	✓	×
३९.	नन्दुलाल	✓	×	×	×	✓	✓	×	✓	×	✓	×	✓	×
४०.	डाक्टर श्यामलाल	✓	×	×	×	✓	✓	×	✓	×	✓	×	×	✓
४१.	सन्तमाया (पेदोङ)	×	✓	×	×	✓	✓	×	✓	×	✓	×	✓	×
४२.	नानी	×	✓	×	×	✓	✓	×	✓	×	✓	×	×	✓
४३.	मदन सेन	✓	×	×	×	✓	✓	×	✓	×	✓	×	×	✓

४४.	स्टेसन मास्टर	✓	×	×	×	✓	✓	×	✓	×	✓	×	×	✓
४५.	उर्मिला	×	✓	×	×	✓	✓	×	✓	×	✓	×	✓	×
४६.	चतुरे	✓	×	×	×	✓	✓	×	✓	×	✓	×	×	✓
४७.	मास्टर कर्णसिंह	✓	×	×	×	✓	✓	×	✓	×	✓	×	×	✓
४८.	चन्द्रे	✓	×	×	×	✓	✓	×	✓	×	✓	×	×	✓
४९.	सानुमति	×	✓	×	×	✓	✓	×	✓	×	✓	×	✓	×

परिशिष्ट २

'अशेष–यात्रा' उपन्यासका पात्रहरू

क्र.सं.	पात्रको नाम	लिङ्ग		भूमिका			प्रवृत्ति		जीवन चेतना		आसन्नता		आबद्धता	
		पु.	म.	प्रमु.	सहा.	गौ.	अनु.	प्रति.	व.	व्य.	म.	ने.	मु.	ब.
१.	करण	✓	✗	✓	✗	✗	✓	✗	✓	✗	✓	✗	✗	✓
२.	अनुराधा	✗	✓	✓	✗	✗	✓	✗	✓	✗	✓	✗	✗	✓
३.	पूर्णजित मुखिया	✓	✗	✓	✗	✗	✓	✗	✓	✗	✓	✗	✗	✓
४.	मुन्शी सत्तल सिंह	✓	✗	✗	✗	✓	✓	✗	✓	✗	✓	✗	✓	✗
५.	निजामफूल	✗	✓	✗	✗	✓	✓	✗	✓	✗	✓	✗	✓	✗
६.	मेकिन साहेब	✓	✗	✗	✓	✗	✓	✗	✓	✗	✓	✗	✗	✓
७.	विजय फूकन	✓	✗	✗	✗	✓	✓	✗	✓	✗	✓	✗	✓	✗
८.	नरबहादुर राई	✓	✗	✗	✗	✓	✗	✓	✓	✓	✓	✓	✓	✗
९.	सानुमाया	✗	✓	✓	✗	✗	✓	✗	✓	✗	✓	✗	✓	✗
१०.	शान्ति	✗	✓	✗	✗		✓	✗	✓	✗	✓	✗	✓	✗
११.	रणवीर थापा	✓	✗	✗	✗	✗	✗	✓	✓	✓	✓	✓	✓	✗
१२.	सूर्यकुमार गान्तोक	✓	✗	✗	✗	✓	✓	✗	✓	✗	✓	✗	✓	✗
१३.	माधवप्रसाद राजभण्डारी	✓	✗	✗	✗	✓	✓	✗	✓	✗	✓	✗	✓	✗
१४.	दुर्गाबहादुर थापा	✓	✗	✗	✗	✓	✓	✗	✓	✗	✓	✗	✓	✗
१५.	रम्मा	✗	✓	✗	✗	✓	✓	✗	✓	✗	✓	✗	✓	✗
१६.	डा. श्रीपत सहाय	✓	✗	✗	✗	✓	✓	✗	✓	✗	✓	✗	✓	✗
१७.	तेजेन्द्र	✓	✗	✗	✗	✓	✓	✗	✓	✗	✓	✗	✓	✗
१८.	प्रोफेसर जैसवाल	✗	✓	✗	✗	✓	✓	✗	✓	✗	✓	✗	✓	✗
१९.	निर्मला	✗	✓	✗	✗	✓	✓	✗	✓	✗	✓	✗	✓	✗
२०.	सुकुमारी	✗	✓	✗	✗	✓	✓	✗	✓	✗	✓	✗	✓	✗
२१.	ध्रुवकुमार	✓	✗	✗	✗	✓	✓	✗	✓	✗	✓	✗	✓	✗
२२.	पञ्चवीर	✓	✗	✗	✗	✓	✓	✗	✓	✗	✓	✗	✓	✗
२३.	वैदार नरध्वज	✓	✗	✗	✗	✓	✓	✗	✓	✗	✓	✗	✓	✗
२४.	मसिनी	✗	✓	✗	✗	✓	✓	✗	✓	✗	✓	✗	✓	✗
२५.	निता	✗	✓	✗	✗	✓	✓	✗	✓	✗	✓	✗	✓	✗
२६.	अरूणा	✗	✓	✗	✗	✓	✓	✗	✓	✗	✓	✗	✓	✗
२७.	ललिता	✗	✓	✗	✗	✓	✓	✗	✓	✗	✓	✗	✓	✗
२८.	कमलकुमारी	✗	✓	✗	✗	✓	✓	✗	✓	✗	✓	✗	✓	✗
२९.	दरवान	✓	✗	✗	✗	✓	✓	✗	✓	✗	✓	✗	✓	✗
३०.	वसन्तकुमार	✓	✗	✗	✓	✗	✗	✓	✗	✓	✓	✗	✗	✓
३१.	धनसिंह कामी	✓	✗	✗	✗	✓	✓	✗	✓	✗	✓	✗	✓	✗
३२.	डा. इम्लङ आवोले	✓	✗	✗	✗	✓	✓	✗	✓	✗	✓	✗	✓	✗
३३.	इन्द्रप्रकाश	✓	✗	✗	✓	✗	✓	✗	✓	✗	✓	✗	✗	✓
३४.	अर्जुनकुमार स्यांगदेन	✓	✗	✗	✓	✗	✓	✗	✓	✗	✓	✗	✗	✓
३५.	वीरमान	✓	✗	✗	✓	✗	✓	✗	✓	✗	✓	✗	✗	✓
३६.	चन्द्रमती	✗	✓	✗	✓	✗	✓	✗	✓	✗	✓	✗	✗	✓
३७.	सुकमती	✗	✓	✗	✓	✗	✓	✗	✓	✗	✓	✗	✓	✗
३८.	गुरूबाबु धनलाल	✓	✗	✗	✗	✓	✓	✗	✓	✗	✓	✗	✓	✗
३९.	डा. सेन	✓	✗	✗	✗	✓	✓	✗	✓	✗	✓	✗	✓	✗

४०.	छात्र सेन	✓	✗	✗	✗	✓	✓	✗	✓	✗	✓	✗	✓	✗
४१.	छात्र कुमार	✓	✗	✗	✗	✓	✓	✗	✓	✗	✓	✗	✓	✗
४२.	वीरकुमार	✓	✗	✗	✗	✓	✓	✗	✓	✗	✓	✗	✓	✗
४३.	डा. फा. जोहन	✓	✗	✗	✗	✓	✓	✗	✓	✗	✓	✗	✓	✗
४४.	सेक्रेटेरी देवान	✓	✗	✗	✗	✓	✓	✗	✓	✗	✓	✗	✓	✗
४५.	हेडमास्टर प्रधान	✓	✗	✗	✗	✓	✓	✗	✓	✗	✓	✗	✓	✓
४६.	रणबहादुर	✓	✗	✗	✗	✓	✓	✗	✓	✗	✗	✓	✓	✗
४७.	सूर्यमती	✗	✓	✗	✗	✓	✓	✗	✓	✗	✗	✓	✗	✓
४८.	कुलबहादुर प्रधान	✓	✗	✗	✗	✓	✓	✗	✓	✗	✗	✓	✓	✗
४९.	साइँली दिलु	✓	✗	✗	✗	✓	✓	✗	✓	✗	✗	✓	✓	✗
५०.	मनमाया	✓	✗	✗	✗	✓	✓	✗	✓	✗	✗	✓	✓	✗
५१.	जी.एम. गर्जमान	✓	✗	✗	✗	✓	✓	✗	✓	✗	✗	✓	✓	✗
५२.	च्याङ्बा	✓	✗	✗	✗	✓	✓	✗	✓	✗	✗	✓	✓	✗
५३.	डा. ब्यानर्जी	✓	✗	✗	✗	✓	✓	✗	✓	✗	✓	✗	✗	✓
५४.	प्रकाश राई	✓	✗	✗	✗	✓	✓	✗	✓	✗	✓	✗	✓	✗
५५.	निर्मल प्रधान	✓	✗	✗	✗	✓	✓	✗	✓	✗	✓	✗	✓	✗
५६.	पासाङ छिरिङ्ग	✓	✗	✗	✗	✓	✓	✗	✓	✗	✗	✓	✓	✗
५७.	धनकुमार लामा	✓	✗	✗	✗	✓	✓	✗	✓	✗	✓	✗	✓	✗
५८.	चन्द्रबहादुर छेत्री	✓	✗	✗	✗	✓	✓	✗	✓	✗	✓	✗	✓	✗
५९.	मदनलाल झा	✓	✗	✗	✗	✓	✓	✗	✓	✗	✓	✗	✓	✗
६०.	राम आलोक पाण्डे	✓	✗	✗	✗	✓	✓	✗	✓	✗	✗	✓	✓	✗
६१.	काव्य तीर्थ	✓	✗	✗	✗	✓	✓	✗	✓	✗	✗	✓	✓	✗
६२.	रत्नकमल गुरूङ	✓	✗	✗	✗	✓	✓	✗	✓	✗	✓	✗	✗	✓
६३.	मोहनसिंह राई	✓	✗	✗	✓	✗	✓	✗	✓	✗	✗	✓	✓	✗
६४.	रत्नध्वज छेत्री	✓	✗	✗	✗	✓	✓	✗	✓	✗	✗	✓	✓	✗
६५.	राजबहादुर राई	✓	✗	✗	✗	✓	✓	✗	✓	✗	✗	✓	✓	✗
६६.	सुबेदार मेजर	✓	✗	✗	✗	✓	✓	✗	✓	✗	✗	✓	✓	✗
६७.	सूर्यप्रकाश	✓	✗	✗	✓	✗	✓	✗	✓	✗	✓	✗	✓	✗
६८.	रणे	✓	✗	✗	✗	✓	✓	✗	✓	✗	✓	✗	✓	✗
६९.	हर्कबहादुर	✓	✗	✗	✗	✓	✓	✗	✓	✗	✗	✓	✓	✗
७०.	सी.आई. राई	✓	✗	✗	✗	✓	✓	✗	✓	✗	✗	✓	✓	✗
७१.	मण्डल/मण्डलनी	✓	✗	✗	✗	✓	✓	✗	✓	✗	✓	✗	✗	✓
७२.	जन्तरे नेवार	✓	✗	✗	✗	✓	✓	✗	✓	✗	✗	✓	✓	✗
७३.	लक्ष्मीनारायण	✓	✗	✗	✗	✓	✓	✗	✓	✗	✗	✓	✓	✗
७४.	कवि रवि	✓	✗	✗	✗	✓	✓	✗	✓	✗	✗	✓	✓	✗
७५.	नोर्बू लामा	✓	✗	✗	✗	✓	✓	✗	✓	✗	✗	✓	✓	✗
७६.	लक्ष्मीदेवी	✗	✓	✗	✗	✓	✓	✗	✓	✗	✗	✓	✓	✗
७७.	रुद्रमान	✓	✗	✗	✗	✓	✓	✗	✓	✗	✗	✓	✓	✗
७८.	कमला	✗	✓	✗	✗	✓	✓	✗	✓	✗	✗	✓	✓	✗
७९.	फुपू	✗	✓	✗	✓	✗	✓	✗	✓	✗	✗	✓	✗	✓
८०.	जन्तरी राईनी	✗	✓	✗	✗	✓	✗	✓	✓	✗	✗	✓	✓	✗
८१.	दिलु	✗	✓	✗	✗	✓	✓	✗	✓	✗	✗	✓	✓	✗
८२.	मनमाया	✗	✓	✗	✗	✓	✓	✗	✓	✗	✗	✓	✓	✗
८३.	हर्कमान	✓	✗	✗	✗	✓	✓	✗	✓	✗	✗	✓	✓	✗
८४.	जयबहादुर सर्दार	✓	✗	✗	✗	✓	✓	✗	✓	✗	✗	✓	✓	✗
८५.	रत्नकुमारी	✗	✓	✗	✗	✓	✓	✗	✓	✗	✗	✓	✓	✗
८६.	जसबहादुर	✓	✗	✗	✗	✓	✓	✗	✓	✗	✗	✓	✓	✗
८७.	ज्योतिषी धनञ्जय	✓	✗	✗	✗	✓	✓	✗	✓	✗	✓	✗	✓	✗

८८.	चन्द्रकुमार स्याङ्गदेन	✓	×	×	×	✓	✓	×	✓	×	✓	×	×	✓
८९.	मदन	✓	×	×	×	✓	✓	×	✓	×	×	✓	✓	×
९०.	डा. प्रकाश	✓	×	×	✓	✓	✓	×	✓	×	✓	×	×	✓
९१.	दोकाने साइँली	×	✓	×	×	✓	✓	×	✓	×	✓	×	✓	×
९२.	भाउजू	×	✓	×	×	✓	✓	×	✓	×	✓	×	✓	×
९३.	सुशीला	×	✓	×	×	✓	✓	×	✓	×	×	✓	✓	×
९४.	शंकर दास	✓	×	×	×	✓	✓	×	✓	×	×	✓	✓	×
९५.	कप्तान राई	✓	×	×	×	✓	✓	×	✓	×	✓	×	✓	×
९६.	धनकुमार	✓	×	×	×	✓	✓	×	✓	×	✓	×	×	✓
९७.	रत्नकमल	✓	×	×	×	✓	✓	×	✓	×	✓	×	✓	×
९८.	निर्मल	✓	×	×	✓	×	×	✓	×	✓	✓	×	×	✓
९९.	सूर्यबहादुर	✓	×	×	✓	×	×	✓	×	✓	✓	×	×	✓
१००.	जयमती	×	✓	×	×	✓	✓	×	✓	×	✓	×	✓	×
१०१.	मसिनी	×	✓	×	×	✓	✓	×	✓	×	×	✓	✓	×
१०२.	मोहन	✓	×	×	×	✓	✓	×	✓	×	×	✓	✓	×
१०३.	नरबहादुर	✓	×	×	×	✓	✓	×	✓	×	✓	×	✓	×
१०४.	मुन्शी	✓	×	×	×	✓	✓	×	✓	×	✓	×	✓	×
१०५.	जमादार	✓	×	×	×	✓	✓	×	✓	×	✓	×	✓	×
१०६.	दोकाने	✓	×	×	×	✓	✓	×	✓	×	✓	×	✓	×
१०७.	घोडावाल	✓	×	×	×	✓	✓	×	✓	×	✓	×	✓	×
१०८.	काहिँला	✓	×	×	×	✓	✓	×	✓	×	✓	×	✓	×
१०९.	डाक्टर इम्लङ आवो	✓	×	×	×	✓	✓	×	✓	×	✓	×	✓	×
११०.	दुर्गाप्रसाद	✓	×	×	×	✓	✓	×	✓	×	✓	×	✓	×
१११.	नरेश गुरूङ	✓	×	×	×	✓	✓	×	✓	×	✓	×	✓	×
११२.	पञ्चवीर	✓	×	×	×	✓	✓	×	✓	×	✓	×	✓	×
११३.	म्याकिन साहेब	✓	×	×	✓	×	✓	×	✓	×	✓	×	×	✓
११४.	दुर्गाप्रसाद	✓	×	×	×	✓	✓	×	✓	×	✓	×	✓	×
११५.	हरिहर	✓	×	×	×	✓	✓	×	✓	×	✓	×	✓	×
११६.	मदन सुब्बा	✓	×	×	×	✓	✓	×	✓	×	✓	×	✓	×
११७.	सावित्री देवी	×	✓	×	×	✓	✓	×	✓	×	✓	×	✓	×
११८.	घिसिङ साहिँला	✓	×	×	×	✓	✓	×	✓	×	×	✓	✓	×
११९.	पार्वती	×	✓	×	×	✓	✓	×	✓	×	✓	×	✓	×
१२०.	हर्षबहादुर	✓	×	×	×	✓	✓	×	✓	×	✓	×	✓	×
१२१.	सुपरिन्टेण्डेन्ट	✓	×	×	×	✓	✓	×	✓	×	✓	×	✓	×
१२२.	मेडिकल अफिसर	✓	×	×	×	×	✓	×	✓	×	✓	×	×	✓
१२३.	राम शरण	✓	×	×	×	✓	✓	×	✓	×	✓	×	✓	×
१२४.	कालू क्षेत्री	✓	×	×	✓	×	✓	×	✓	×	✓	×	×	✓

<u>परिशिष्ट ३</u>

'जीवन परिक्रमा' उपन्यासका पात्रहरू

क्र.सं.	पात्रको नाम	लिङ्ग		भूमिका			प्रवृत्ति		जीवन चेतना		आसन्नता		आबद्धता	
		पु.	म.	प्र.	सहा.	गौ.	अनु.	प्रति.	व.	व्य.	म.	ने.	मु.	ब.
१.	चन्द्रशेखर	✓	×	✓	×	×	✓	×	✓	×	✓	×	×	✓
२.	सरस्वतीदेवी	×	✓	×	✓	×	✓	×	✓	×	✓	×	×	✓
३.	धर्मप्रसाद धिताल	✓	×	✓	×	×	✓	×	✓	×	✓	×	×	✓
४.	कृष्णन	✓	×	×	×	✓	✓	×	✓	×	✓	×	✓	×
५.	सुबोध बाबु	✓	×	×	×	✓	✓	×	✓	×	✓	×	✓	×
६.	गफी साइँला	✓	×	×	×	✓	✓	×	✓	×	✓	×	✓	×
७.	धनसिंह भाइ	✓	×	×	×	✓	✓	×	✓	×	✓	×	✓	×
८.	मनबहादुर प्रधान	✓	×	×	×	✓	✓	×	✓	×	✓	×	✓	×
९.	भाइ नरेन	✓	×	×	×	✓	✓	×	✓	×	✓	×	✓	×
१०.	रामबहादुर	✓	×	×	×	✓	✓	×	✓	×	✓	×	✓	×
११.	प्रद्योतकुमार	✓	×	×	×	✓	✓	×	✓	×	✓	×	✓	×
१२.	हेमेन च्याटर्जी	✓	×	×	×	✓	✓	×	✓	×	✓	×	✓	×
१३.	प्रद्योत बाबु	✓	×	×	×	✓	✓	×	✓	×	✓	×	✓	×
१४.	तन्द्रा	×	✓	×	×	✓	✓	×	✓	×	✓	×	✓	×
१५.	हेमन बाबु	✓	×	×	×	✓	✓	×	✓	×	✓	×	✓	×
१६.	भारती च्याटर्जी	×	✓	×	×	✓	✓	×	✓	×	✓	×	✓	×
१७.	चतुरमान सुब्बा	✓	×	✓	×	×	✓	×	✓	×	✓	×	×	✓
१८.	मामा हर्कधन	✓	×	×	×	✓	✓	×	✓	×	✓	×	✓	×
१९.	दरवान पद्मसिंह	✓	×	×	×	✓	✓	×	✓	×	✓	×	✓	×
२०.	सूर्यबहादुर	✓	×	×	×	✓	✓	×	✓	×	✓	×	✓	×
२१.	धनबहादुर	✓	×	×	×	✓	✓	×	✓	×	✓	×	✓	×
२२.	समर गुह	✓	×	×	×	✓	✓	×	✓	×	✓	×	✓	×
२३.	रामकृष्ण बोस	✓	×	×	✓	×	✓	×	✓	×	✓	×	×	✓
२४.	प्रताप भाइ	✓	×	×	×	✓	✓	×	✓	×	✓	×	✓	×
२५.	धिरेन बाबु	✓	×	×	×	✓	✓	×	✓	×	✓	×	✓	×
२६.	आनन्द बाबु	✓	×	×	×	✓	✓	×	✓	×	×	✓	✓	✓
२७.	बूढा	✓	×	×	×	✓	✓	×	✓	×	✓	×	✓	×
२८.	रेणु	×	✓	×	✓	×	✓	×	✓	×	✓	×	✓	×
२९.	सुलतान अली मण्डल	✓	×	✓	×	×	✓	×	✓	×	✓	×	×	✓
३०.	शशांक शेखर दास	✓	×	×	✓	×	×	✓	×	✓	×	✓	×	✓
३१.	तफिज्जुल मण्डल	✓	×	×	✓	×	×	✓	×	✓	×	✓	×	✓
३२.	रूस्तम अली मण्डल	✓	×	×	✓	×	×	✓	×	✓	×	✓	×	✓
३३.	अमीना	×	✓	✓	×	×	✓	×	✓	×	✓	×	×	✓
३४.	कर्णे	✓	×	×	×	✓	✓	×	✓	×	✓	×	✓	×
३५.	भटनागर	✓	×	×	×	✓	✓	×	✓	×	✓	×	✓	×
३६.	जाफर अली मण्डल	✓	×	×	×	✓	✓	×	✓	×	✓	×	✓	×
३७.	खलिल मण्डल	✓	×	×	×	✓	✓	×	×	✓	×	×	×	✓
३८.	पीर महम्मद	✓	×	×	×	✓	✓	×	×	✓	×	×	×	✓
३९.	किशोरी	×	✓	×	×	✓	✓	×	✓	×	✓	×	✓	×
४०.	मुन्शी	✓	×	×	×	✓	✓	×	✓	×	✓	×	✓	×
४१.	खेतीवाला	✓	×	×	×	✓	✓	×	✓	×	✓	×	✓	×

४२.	सखिया	✓	×	×	×	✓	✓	×	✓	×	✓	×	✓	×
४३.	खुदी घोष	✓	×	×	×	✓	✓	×	✓	×	✓	×	✓	×
४४.	हाजी साहेब	✓	×	×	×	✓	×	✓	×	✓	×	✓	×	✓
४५.	अतुल बाबु	✓	×	×	×	✓	✓	×	✓	×	✓	×	✓	×
४६.	मदन	✓	×	×	×	✓	✓	×	✓	×	✓	×	✓	×
४७.	सत्यनारायण बाबु	✓	×	×	×	✓	✓	×	✓	×	✓	×	✓	×
४८.	नरेन	✓	×	×	×	✓	✓	×	✓	×	✓	×	✓	×
४९.	वासुदेव भारद्वाज	✓	×	×	×	✓	✓	×	✓	×	✓	×	✓	×
५०.	नन्दलाल गोसाई	✓	×	×	×	✓	✓	×	✓	×	✓	×	✓	×
५१.	हरीश मुन्शी	✓	×	×	×	✓	✓	×	✓	×	×	✓	✓	×
५२.	रामप्रीति सिंह	✓	×	×	×	✓	✓	×	✓	×	×	✓	✓	×
५३.	निर्मल सेन	✓	×	×	×	✓	✓	×	✓	×	✓	×	✓	×
५४.	निलिमा	×	✓	×	×	✓	×	✓	×	✓	✓	×	×	✓
५५.	चिनू	×	✓	×	✓	×	✓	×	✓	×	✓	×	✓	×
५६.	इसलाम मियाँ	✓	×	×	✓	×	✓	×	✓	×	✓	×	✓	×
५७.	कैदी पन्नालाल सान्त्रा	✓	×	×	×	✓	✓	×	✓	×	✓	×	✓	×
५८.	पुरञ्जय	✓	×	×	×	✓	✓	×	✓	×	×	✓	✓	×
५९.	डा. गांगुली	✓	×	×	×	✓	✓	×	✓	×	✓	×	✓	×
६०.	तपन	✓	×	×	✓	×	×	✓	×	✓	✓	×	×	✓
६१.	कालीपद सरदार	✓	×	×	✓	×	×	✓	×	✓	✓	×	×	✓
६२.	अरूण	✓	×	×	×	✓	✓	×	✓	×	×	✓	✓	×
६३.	शान्ति	×	✓	×	×	✓	✓	×	✓	×	×	✓	✓	×
६४.	शिवानी	×	✓	×	×	✓	✓	×	✓	×	×	✓	✓	×
६५.	मीना	×	✓	×	×	✓	✓	×	✓	×	×	✓	✓	×
६६.	मनोज	×	✓	×	×	✓	✓	×	✓	×	×	✓	✓	×
६७.	रमेश	✓	×	×	×	✓	✓	×	✓	×	×	✓	✓	×
६८.	नजरूल मुसलमान	✓	×	×	×	✓	✓	×	✓	×	×	✓	✓	×
६९.	चाचा शेरखाँ	✓	×	×	×	✓	✓	×	✓	×	✓	×	✓	×
७०.	निर्मल कुमार	✓	×	×	×	✓	✓	×	✓	×	×	✓	✓	×
७१.	धर्मदास	✓	×	×	×	✓	✓	×	✓	×	✓	×	✓	×
७२.	गोपाल	✓	×	×	×	✓	✓	×	✓	×	✓	×	✓	×
७३.	माधवी	×	✓	×	×	✓	✓	×	✓	×	✓	×	✓	×
७४.	सुरेश	✓	×	×	×	✓	✓	×	✓	×	×	✓	✓	×
७५.	नरेश	✓	×	×	×	✓	✓	×	✓	×	×	✓	✓	×
७६.	अञ्जली	×	✓	×	×	✓	✓	×	✓	×	×	✓	✓	×
७७.	अशोक	✓	×	×	×	✓	✓	×	✓	×	×	✓	✓	×
७८.	ऋषिकेश सिंह	✓	×	×	×	✓	✓	×	✓	×	×	✓	✓	×
७९.	अमर नन्दी	✓	×	×	×	✓	✓	×	✓	×	✓	×	✓	×
८०.	अम्बिका सिंह	×	✓	×	×	✓	✓	×	✓	×	✓	×	✓	×
८१.	सुप्रभात सरदार	✓	×	×	×	✓	✓	×	✓	×	✓	×	✓	×
८२.	बासु	✓	×	×	×	✓	✓	×	✓	×	✓	×	✓	×
८३.	खगेन्द्र कुमार	✓	×	×	×	✓	✓	×	✓	×	✓	×	✓	×
८४.	न्यायाधीश	✓	×	×	×	✓	✓	×	✓	×	✓	×	✓	×
८५.	दशजना अभियुक्त	✓	×	×	×	✓	✓	×	✓	×	✓	×	✓	×
८६.	प्रद्योत बाबुका छोरीहरू	×	✓	×	×	✓	✓	×	✓	×	✓	×	✓	×
८७.	दुई निर्बोध शिशु	-	-	×	×	✓	✓	×	✓	×	×	✓	✓	×
८८.	नेताहरू	✓	×	×	×	✓	✓	×	✓	×	✓	×	✓	×
८९.	आठजना छोराछोरी	-	-	×	×	✓	✓	×	✓	×	✓	×	✓	×

परिशिष्ट ४

'जीवन गोरेटोमा' उपन्यासका पात्रहरू

क्र.सं.	पात्रको नाम	लिङ्ग		भूमिका			प्रवृत्ति		जीवन चेतना		आसन्नता		आबद्धता	
		पु.	म.	प्र.	सहा.	गौ.	अनु.	प्रति.	व.	व्य.	म.	ने.	मु.	ब.
१.	चन्द्रशेखर	✓	×	✓	×	×	✓	×	✓	×	✓	×	×	✓
२.	सरस्वती देवी	×	✓	×	✓	×	✓	×	✓	×	✓	×	×	✓
३.	नटवरलाल	✓	×	✓	×	✓	✓	×	✓	×	✓	×	×	✓
४.	कल्याण अधिकारी	✓	×	×	×	✓	✓	×	✓	×	✓	×	✓	×
५.	जेलर चक्रवर्ती	✓	×	×	×	✓	✓	×	✓	×	✓	×	×	✓
६.	मिस्टर सिंघानिया	✓	×	×	×	✓	✓	×	✓	×	✓	×	✓	×
७.	जेलको सिपाही	✓	×	×	×	✓	✓	×	✓	×	✓	×	✓	×
८.	अम्बिकाप्रसाद सहाय	✓	×	×	×	✓	✓	×	✓	×	✓	×	✓	×
९.	साहबुद्दीन गुडिया	✓	×	✓	×	✓	✓	×	✓	×	✓	×	✓	×
१०.	प्रेम	✓	×	×	×	✓	✓	×	✓	×	✓	×	✓	×
११.	महादेव मुखर्जी	✓	×	×	×	✓	✓	×	✓	×	✓	×	×	✓
१२.	कनाई बाबु	✓	×	×	×	✓	✓	×	✓	×	✓	×	✓	×
१३.	कालू ग्वाला	✓	×	×	×	✓	✓	×	✓	×	✓	×	✓	×
१४.	खुर्शीद अहम्द	✓	×	×	×	✓	✓	×	✓	×	✓	×	✓	×
१५.	अमानुल्ला	✓	×	×	×	✓	✓	×	✓	×	✓	×	✓	×
१६.	विक्रम रोय	✓	×	×	×	✓	✓	×	✓	×	✓	×	✓	×
१७.	तपन भूइँया	✓	×	×	×	✓	✓	×	✓	×	✓	×	×	✓
१८.	शिवु लोहार	✓	×	×	×	✓	✓	×	✓	×	✓	×	✓	×
१९.	चारू मजुमदार	✓	×	✓	×	✓	✓	×	✓	×	✓	×	×	✓
२०.	जंगल सौताँल	✓	×	×	×	✓	✓	×	×	✓	✓	×	✓	×
२१.	कानू सान्याल	✓	×	×	×	✓	✓	×	×	✓	✓	×	✓	×
२२.	सौरेन बोस	✓	×	×	×	✓	✓	×	×	✓	✓	×	✓	×
२३.	अजिजुल हक	✓	×	×	×	✓	✓	×	×	✓	✓	×	✓	×
२४.	निशिथ भट्टाचार्य	✓	×	×	×	✓	✓	×	×	✓	✓	×	✓	×
२५.	असीम च्याटर्जी	✓	×	×	×	✓	✓	×	×	✓	✓	×	✓	×
२६.	सन्तेष राणा	✓	×	×	×	✓	✓	×	×	✓	✓	×	✓	×
२७.	अमित सेन	✓	×	×	×	✓	✓	×	×	✓	✓	×	×	✓
२८.	जया चौधरी	×	✓	×	×	✓	✓	×	✓	×	×	✓	✓	×
२९.	मीनाक्षी सेनगुप्त	×	✓	×	×	✓	✓	×	✓	×	×	✓	✓	×
३०.	कल्पना सेन	×	✓	×	×	✓	✓	×	✓	×	×	✓	✓	×
३१.	अर्चना गुह	×	✓	×	×	✓	✓	×	✓	×	×	✓	✓	×
३२.	मेरी टाइलर	×	✓	×	×	✓	✓	×	✓	×	×	✓	✓	×
३३.	लीला मजुमदार	×	✓	×	×	✓	✓	×	✓	×	×	✓	✓	×
३४.	प्रमोद बाबु	✓	×	✓	×	×	✓	×	×	✓	✓	×	×	✓
३५.	प्रमोद दासगुप्त	✓	×	×	×	✓	✓	×	×	✓	✓	×	✓	×
३६.	विधानचन्द्र सेन	✓	×	×	×	✓	✓	×	✓	×	×	✓	✓	×
३७.	ज्योति बसु	✓	×	×	×	✓	✓	×	✓	×	×	✓	✓	×
३८.	दीनेश	✓	×	×	×	✓	✓	×	✓	×	×	✓	✓	×
३९.	भी.के. कृष्ण मनेन	✓	×	×	×	✓	✓	×	✓	×	×	✓	✓	×
४०.	भूपेश गुप्त	✓	×	×	×	✓	✓	×	✓	×	×	✓	✓	×

४१.	स्नेहांशु आचार्य	✓	×	×	×	✓	✓	×	✓	×	×	✓	✓	×
४२.	जवाहरलाल नेहरू	✓	×	×	×	✓	✓	×	✓	×	×	✓	✓	×
४३.	महजफर अहमद	✓	×	×	×	✓	✓	×	✓	×	×	✓	✓	×
४४.	विनयकृष्ण चौधरी	✓	×	×	×	✓	✓	×	✓	×	×	✓	✓	×
४५.	सरोज मुखर्जी	✓	×	×	×	✓	✓	×	✓	×	×	✓	✓	×
४६.	अमृतेन्दु मुखर्जी	✓	×	×	×	✓	✓	×	✓	×	×	✓	✓	×
४७.	विनय कोलार	✓	×	×	×	✓	✓	×	✓	×	×	✓	✓	×
४८.	प्रशान्त सूर	✓	×	×	×	✓	✓	×	✓	×	×	✓	✓	×
४९.	मनोएजन हाजरा	✓	×	×	×	✓	✓	×	✓	×	×	✓	✓	×
५०.	निरञ्जन मुखर्जी	✓	×	×	×	✓	✓	×	✓	×	×	✓	✓	×
५१.	हेमन्त बोस	✓	×	×	×	✓	✓	×	✓	×	×	✓	✓	×
५२.	यतीन चक्रवर्ती	✓	×	×	×	✓	✓	×	✓	×	×	✓	✓	×
५३.	भक्तिभूषण मण्डल	✓	×	×	×	✓	✓	×	✓	×	×	✓	✓	×
५४.	ननी भट्टचार्य	✓	×	×	×	✓	✓	×	✓	×	×	✓	✓	×
५५.	रतनलाल ब्राह्मण	✓	×	×	×	✓	✓	×	✓	×	×	✓	✓	×
५६.	भद्रबहादुर हमाल	✓	×	×	×	✓	✓	×	✓	×	×	✓	✓	×
५७.	आनन्दप्रसाद पाठक	✓	×	×	×	✓	✓	×	✓	×	×	✓	✓	×
५८.	सांगदोपाल लेप्चा	✓	×	×	×	✓	✓	×	✓	×	×	✓	✓	×
५९.	रमा शंकर प्रसाद	✓	×	×	×	✓	✓	×	✓	×	×	✓	✓	×
६०.	महजफफर अहमद	✓	×	×	×	✓	✓	×	✓	×	×	✓	✓	×
६१.	रत्नमाया स्यांगदेन	×	✓	✓	×	×	✓	×	✓	×	×	✓	×	✓
६२.	फुपू फुपाज्यू	✓	×	×	×	✓	✓	×	✓	×	✓	×	✓	×
६३.	नगेन्द्र तामाङ	✓	×	×	×	✓	✓	×	✓	×	✓	×	×	✓
६४.	रणमान	✓	×	×	×	✓	✓	×	✓	×	✓	×	✓	×
६५.	चन्द्रे	✓	×	×	×	✓	✓	×	✓	×	✓	×	×	✓
६६.	विजय	✓	×	×	×	✓	×	✓	✓	×	✓	×	×	✓
६७.	मनबहादुर राई	✓	×	×	×	✓	✓	×	✓	×	✓	×	×	✓
६८.	नारिता	×	×	✓	×	×	✓	×	✓	×	✓	×	×	✓
६९.	शिवेन दत्त	✓	×	×	×	✓	✓	×	✓	×	✓	×	×	✓
७०.	रामानन्द गोस्वामी	✓	×	×	×	✓	✓	×	✓	×	✓	×	×	✓
७१.	विनय मित्र	✓	×	×	×	✓	✓	×	✓	×	✓	×	×	✓
७२.	नाविक इचिरो	✓	×	×	✓	×	×	✓	×	✓	✓	×	✓	✓
७३.	द्विजेन्द्रलाल राय	✓	×	×	×	✓	✓	×	✓	×	✓	×	×	✓
७४.	मिलन थापा	✓	×	×	×	✓	✓	×	✓	×	✓	×	×	✓
७५.	हिरो मुसलमान	✓	×	×	×	✓	✓	×	✓	×	✓	×	×	✓
७६.	वैजयन्तीमाला	×	✓	×	×	✓	✓	×	✓	×	✓	×	×	✓
७७.	मिस्टर येमाउची	✓	×	×	×	✓	✓	×	✓	×	✓	×	×	✓
७८.	एडेल केनी	✓	×	✓	×	✓	✓	×	✓	×	✓	×	×	✓
७९.	सर जोन हन्डरसन	✓	×	×	×	✓	✓	×	✓	×	×	✓	✓	×
८०.	भवानी आचार्य	✓	×	×	×	✓	✓	×	✓	×	×	✓	✓	×
८१.	श्यामप्रसाद मुखर्जी	✓	×	×	×	✓	✓	×	✓	×	×	✓	✓	×
८२.	सुवासचन्द्र बोस	✓	×	×	×	✓	✓	×	✓	×	×	✓	✓	×
८३.	चित्तरञ्जन दास	✓	×	×	×	✓	✓	×	✓	×	×	✓	✓	×
८४.	अरविन्द घोष	✓	×	×	×	✓	✓	×	✓	×	×	✓	✓	×
८५.	कर्णेल सिम्पसन	✓	×	×	×	✓	✓	×	✓	×	×	✓	✓	×
८६.	माया दिदी	×	×	×	×	✓	✓	×	✓	×	×	✓	✓	×
८७.	लरेन्स	✓	×	×	✓	×	×	✓	×	✓	✓	×	×	✓
८८.	मटिल्डा	✓	×	×	×	✓	✓	×	✓	×	×	✓	✓	×
८९.	मिटर नील ओ	✓	×	×	×	✓	✓	×	✓	×	✓	×	×	✓

९०.	मिस्टर गुज्राल	✓	×	×	×	✓	✓	×	✓	×	×	✓	✓	×
९१.	मिस्टर गोनसालभे	✓	×	×	✓	×	×	✓	×	✓	✓	×	×	✓
९२.	मिस भेरोनिका	✓	×	×	✓	×	✓	×	×	✓	✓	×	×	✓
९३.	शेफाली	✓	×	×	×	✓	✓	×	✓	×	✓	×	×	✓
९४.	मिस्टर आलमा	✓	×	×	×	✓	×	✓	✓	×	×	✓	✓	×
९५.	नीत ओब्रियन	✓	×	×	×	✓	✓	×	✓	×	×	✓	✓	×
९६.	श्रीमती ओब्रियेन	×	✓	×	×	✓	✓	×	✓	×	×	✓	✓	×
९७.	सुदीपा	×	✓	✓	×	×	×	✓	×	✓	✓	×	×	✓
९८.	मीनाक्षी	×	✓	×	×	✓	✓	×	✓	×	✓	×	✓	×
९९.	सुनीता	×	✓	×	×	✓	✓	×	✓	×	✓	×	✓	×
१००.	रेहाना	×	✓	×	×	✓	✓	×	✓	×	✓	×	✓	×
१०१.	मोशाय रणधीर	✓	×	×	✓	×	×	✓	✓	×	✓	×	×	✓
१०२.	प्रोफेसर सेन	✓	×	×	×	✓	✓	×	✓	×	×	✓	×	✓
१०३.	मसयर	✓	×	×	×	✓	✓	×	✓	×	×	✓	✓	×
१०४.	मासीमा	×	✓	×	✓	×	✓	×	✓	×	✓	×	×	✓
१०५.	पशुपति बाबु	✓	×	×	✓	×	×	✓	×	✓	✓	×	×	✓
१०६.	बालक प्रकाश	✓	×	×	×	✓	✓	×	✓	×	×	×	×	×
१०७.	विधान चन्द्र राय	✓	×	×	×	✓	✓	×	✓	×	×	×	×	×
१०८.	कर्णेल सिम्पसन	✓	×	×	×	✓	✓	×	✓	×	×	✓	✓	×
१०९.	विनय	✓	×	×	×	✓	✓	×	✓	×	×	✓	✓	×
११०.	बादल	✓	×	×	×	✓	✓	×	✓	×	×	✓	✓	×
१११.	दिनेश	✓	×	×	×	✓	✓	×	✓	×	×	✓	✓	×
११२.	प्रकाशचन्द्र	✓	×	×	×	✓	✓	×	✓	×	×	✓	✓	×
११३.	श्री ब्यानर्जी	✓	×	×	×	✓	✓	×	✓	×	×	✓	✓	×
११४.	सुकुमार राय	✓	×	×	×	✓	✓	×	✓	×	×	✓	✓	×
११५.	प्रकाशकी आमा	✓	×	×	×	✓	✓	×	✓	×	×	✓	✓	×
११६.	शारदा	×	✓	×	×	✓	✓	×	✓	×	×	✓	✓	×
११७.	निरूपमादेवी	×	✓	×	×	✓	✓	×	×	✓	✓	×	✓	×
११८.	नाटा मल्लिक	✓	×	✓	×	×	✓	×	✓	×	✓	×	×	✓
११९.	भगत सिंह	✓	×	×	×	✓	✓	×	✓	×	✓	×	×	✓
१२०.	सुकदेव	✓	×	×	×	✓	✓	×	✓	×	✓	×	×	✓
१२१.	राजगुरू	✓	×	×	×	✓	✓	×	✓	×	✓	×	×	✓
१२२.	चन्द्रशेखर आजाद	✓	×	×	×	✓	✓	×	✓	×	✓	×	×	✓
१२३.	मंगल पाण्डे	✓	×	×	×	✓	✓	×	✓	×	✓	×	×	✓
१२४.	ताँतिया टोपे	✓	×	×	×	✓	✓	×	✓	×	✓	×	×	✓
१२५.	वीर सरवाकर	✓	×	×	×	✓	✓	×	✓	×	✓	×	×	✓
१२६.	सूर्यसेन	✓	×	×	×	✓	✓	×	✓	×	✓	×	×	✓
१२७.	खुदीराम	✓	×	×	×	✓	✓	×	✓	×	✓	×	×	✓
१२८.	दिनेश गुप्त	✓	×	×	×	✓	✓	×	✓	×	✓	×	×	✓
१२९.	भवानी भट्टाचार्य	✓	×	×	×	✓	✓	×	✓	×	✓	×	×	✓
१३०.	शरद् बोस	✓	×	×	×	✓	✓	×	✓	×	✓	×	×	✓
१३१.	जतीन्द्र मोहन सेन	✓	×	×	×	✓	✓	×	✓	×	✓	×	×	✓
१३२.	जतीन चक्रवर्ती	✓	×	×	×	✓	✓	×	✓	×	✓	×	×	✓
१३३.	भक्तिभूषण मण्डल	✓	×	×	×	✓	✓	×	✓	×	✓	×	×	✓
१३४.	सरोज मुखर्जी	✓	×	×	×	✓	✓	×	✓	×	✓	×	×	✓
१३५.	ननीकर	✓	×	×	×	✓	✓	×	✓	×	✓	×	×	✓
१३६.	कनक मुखर्जी	✓	×	×	×	✓	✓	×	✓	×	✓	×	×	✓
१३७.	इला मित्र	✓	×	×	×	✓	✓	×	✓	×	✓	×	×	✓
१३८.	सौरेन बोस	✓	×	×	×	✓	✓	×	✓	×	×	✓	✓	×

१३९.	जंगल सौताँल	✓	×	×	×	✓	✓	×	✓	×	×	✓	✓	×
१४०.	असीम च्याटर्जी	✓	×	×	×	✓	✓	×	✓	×	×	✓	✓	×
१४१.	सन्तोष राणा	✓	×	×	×	✓	✓	×	✓	×	×	✓	✓	×
१४२.	अजीज उल हक	✓	×	×	×	✓	✓	×	✓	×	×	✓	✓	×
१४३.	प्रा. निशिथ भट्टाचार्य	✓	×	×	×	✓	✓	×	✓	×	×	✓	✓	×
१४४.	अमित सेन	✓	×	×	×	✓	✓	×	✓	×	×	✓	✓	×
१४५.	जया चौधरी	×	✓	×	×	✓	✓	×	✓	×	×	✓	✓	×
१४६.	कल्पना दास	×	✓	×	×	✓	✓	×	✓	×	×	✓	✓	×
१४७.	मीनाक्षी सेनगुप्त	×	✓	×	×	✓	✓	×	✓	×	✓	×	✓	×
१४८.	राज्यश्री दासगुप्त	×	✓	×	×	✓	✓	×	✓	×	✓	×	✓	×
१४९.	देवव्रत बन्दोपाध्याय	✓	×	×	×	✓	✓	×	✓	×	✓	×	✓	×
१५०.	सुलतानअलि मण्डल	✓	×	✓	×	×	✓	×	✓	×	✓	×	✓	×
१५१.	धर्मवीर	✓	×	×	×	✓	✓	×	✓	×	×	✓	×	✓
१५२.	अनन्त नारायण	✓	×	×	×	✓	✓	×	✓	×	×	✓	✓	×
१५३.	तारापद लाहिडी	✓	×	×	×	✓	✓	×	✓	×	×	✓	✓	×
१५४.	सतिकान्तकी बुहारी	×	✓	×	×	✓	✓	×	✓	×	×	✓	✓	×
१५५.	इन्द्रनाथ	✓	×	×	×	✓	✓	×	✓	×	×	✓	✓	×
१५६.	अर्चना वणिक	×	✓	×	×	✓	×	✓	✓	×	×	✓	✓	×
१५७.	चन्द्रनाथ वणिक	✓	×	×	×	✓	×	✓	✓	×	×	✓	✓	×
१५८.	मृणाल सेन	×	✓	×	×	✓	✓	×	✓	×	×	✓	✓	×
१५९.	मिथुन चक्रवर्ती	✓	×	×	×	✓	✓	×	✓	×	×	✓	✓	×
१६०.	चन्द्रनाथ वणिक	✓	×	×	×	✓	✓	×	✓	×	✓	✓	✓	×
१६१.	चन्दन वणिक	✓	×	×	×	✓	✓	×	×	✓	✓	✓	✓	×
१६२.	मलीना ढाक	×	✓	×	×	✓	✓	×	×	✓	×	✓	✓	×
१६३.	आकुरे	✓	×	×	×	✓	✓	×	✓	×	×	✓	✓	×
१६४.	सतीश वर्मन	✓	×	×	×	✓	✓	×	✓	×	×	✓	✓	×
१६५.	निरञ्जन वर्मन	✓	×	×	×	✓	✓	×	✓	×	✓	×	✓	×
१६६.	धनञ्जय वर्मन	✓	×	×	×	✓	✓	×	✓	×	×	✓	✓	×
१६७.	सुकुमार वर्मन	✓	×	×	✓	×	×	✓	×	✓	✓	×	×	✓
१६८.	मदन	✓	×	×	×	✓	✓	×	×	✓	×	✓	✓	×
१६९.	रमा	×	✓	×	×	✓	✓	×	✓	×	×	✓	✓	×
१७०.	मन्दिरा	×	✓	×	×	✓	✓	×	✓	×	×	✓	✓	×
१७१.	तिलोत्तमा	×	✓	×	✓	×	✓	×	✓	×	✓	×	×	✓
१७२.	कार्तिक शील	✓	×	×	×	✓	×	✓	×	✓	✓	×	×	✓
१७३.	देवाशिष सोम	✓	×	×	×	✓	✓	×	✓	×	✓	×	✓	×
१७४.	मणि मित्र अलि	✓	×	×	×	✓	✓	×	✓	×	✓	×	✓	×
१७५.	दूई फौजी सिपाही	✓	×	×	×	✓	✓	×	✓	×	✓	×	✓	×
१७६.	अभिनेता/अभिनेत्री	✓	×	×	×	✓	✓	×	✓	×	✓	×	✓	×
१७७.	महिला रोगीहरू	✓	×	×	×	✓	✓	×	✓	×	✓	×	✓	×
१७८.	मेट्रोनहरू	✓	×	×	×	✓	✓	×	✓	×	✓	×	✓	×
१७९.	बन्दीहरू	✓	×	×	×	✓	✓	×	✓	×	✓	×	✓	×
१८०.	दुईचारजना केटा	✓	×	×	×	✓	✓	×	✓	×	✓	×	✓	×
१८१.	दुईचारजना गाउँले	✓	×	×	×	✓	✓	×	✓	×	✓	×	✓	×
१८२.	पाँचजना किशोर	✓	×	×	×	✓	✓	×	✓	×	✓	×	✓	×
१८३.	शिक्षकहरू	✓	×	×	×	✓	✓	×	✓	×	✓	×	✓	×
१८४.	अफिसरहरू	✓	×	×	×	✓	✓	×	✓	×	✓	×	✓	×
१८५.	जेल कर्मचारीहरू	✓	×	×	×	✓	✓	×	✓	×	✓	×	✓	×
१८६.	अर्दलीहरू	✓	×	×	×	✓	✓	×	✓	×	✓	×	✓	×
१८७.	जेलका डाक्टरहरू	✓	×	×	×	✓	✓	×	✓	×	✓	×	✓	×

१८८.	छोराहरू	✓	×	×	×	✓	✓	×	✓	×	✓	×	✓	×
१८९.	मेजिस्ट्रेटहरू	✓	×	×	×	✓	✓	×	✓	×	✓	×	✓	×

परिशिष्ट १-४ सम्मका तालिकामा प्रयोग गरिएका सङ्क्षेप रूपको पूरा रूप निम्नानुसार छ :

पु. : पुरुष म. : महिला, प्र. : प्रमुख, सहा. : सहायक, गौ. : गौण, अनु. : अनुकूल, प्रति. : प्रतिकूल, व. : वर्गीय, व्य. : व्यक्तिगत, म. : मञ्चीय, ने. : नेपथ्यीय ।

परिशिष्ट ५

शोधनायकसँग शोधार्थीले लिएको लिखित अन्तर्वार्ता

१. प्रश्न : तपाईंको बाल्यकालकाके कस्ता रमाइला संस्मरण छन् ? बताइदिनु हुन्छ कि ?

उत्तर : बालककालको संस्मरणको कुरा गर्दा पिताको अन्तिम प्यार तथामाताको प्यारसँगै कठोर अनुशासनको कुरा मेरा मनमा आउँछ । हामीहरू चार भाइ एक बहिनी हुनाले एउटी आमाले सम्पूर्ण घरसंसार तथा पाँच सन्तानको अभिभारा उठाएकी थिइन् । पिता अङ्ग्रेज अधीन नामी व्याङ्कका उच्च ओहदाकैकर्मचारी(क्लर्क) भएकाले प्रायः दस घन्टा कार्यशालामा बिताउनु हुन्थ्यो । बालक कालको रमाइलो सम्झना मेरा मनमा अझै आइरहन्छ । वर्षमा एकपल्ट मात्र मातापितासित दशैंको कपडा किन्न गएको दोकानमा झिलिमिलि देखेको, रेस्टुरेन्टमा मनपरी खाएको अत्यन्त रमाइलो लाग्छ । हिउँदे बिदाको समय लट्टु घुमाएको, खोप्पी खेलेको, डन्डीबियो खेलेको, चोर प्रहरी खेलेर तीव्र जाडोमा कट्टु र खाली खुट्टै बिताएको अति रमाइलो लाग्छ । ग्रामोफोनमा मित्रसेनको नेपाली र अशोक कुमार अनि कानन कालाले हिन्दी गीत गाएको अनि मैले उस्तै नकल गरी गाएको साह्रै रमाइलो लाग्छ । बालक कालमा विद्यालयमा विद्वान् ज्ञानी गुरुहरूले पढाउनुभएको अनि आठ वर्षको उमेरमा स्वामी प्रबुद्धानन्द महाराज (रामकृष्ण पन्थका शिक्षाविद्) का आश्रममा बसेको अझ रमाइलो मात्र होइन चिरस्मरणीय लाग्छ । मेरो बाल्य जीवन ९ वर्षदेखि १५ वर्षसम्म दोस्रो महायुद्धको चपेटमा परेर बितेको थियो ।

२. प्रश्नः तपाईंको विद्यालयीय प्रेरणादायक शिक्षक शिक्षिकाहरूका बारेमा केही जानकारी गराइदिनु हुन्छ कि ?

उत्तरः मेरा विद्यालयका शिक्षकहरू मध्ये सूर्यविक्रम ज्ञवाली, पं.धरणीधर शर्मा, पारसमणि प्रधान, पं.लालजी सहाय, ज्ञानेन्दु मोहन बर्मा अनि पदमबहादुर सिंहद्वारा महत्त्वपूर्ण प्रेरणा प्राप्त भएको हो । सूर्यविक्रम ज्ञवाली महान् इतिहासकार, पं.धरणीधर शर्मा उत्कृष्ट कवि, पारसमणि प्रधान नेपाली भाषा र व्याकरणका विद्वान्, पं.लालजी सहाय अपूर्व संस्कृत पण्डित, ज्ञानेन्दु मोहन बर्मा गणितका जादूगर अनि पदमबहादुर सिंह नेपाली विषयका समर्पित शिक्षक हुनुहुन्थ्यो ।

३ प्रश्न : तपाईंको सर्वप्रथम प्रकाशित रचना कुन हो तपाईंलाई आफ्ना कृतिमध्ये सबैभन्दा बढी मनपर्ने कृति कुन हो ? जानकारी गराइदिनुहुन्छ कि !

उत्तर : मेरो प्रथम रचना म १५ वर्षको उमेर छँदा नवम् श्रेणीमा अध्ययन गरिरहेका बेलामा**गोर्खा** पत्रिका (सन् १९४५) मा प्रकाशित कविता 'बढौँ बढौँ' हो । देशभक्ति अनि आफ्नै राज्य हुनको निम्ति खुकुरीवीर मात्र नभएर कलमवीर एवं ज्ञानवीर हुनु पर्छ भन्ने आह्वान यस कवितामा गरिएको छ।मलाई मेराकृतिमध्ये **चरणधूलि** उपन्यास सबैभन्दा बढी मन पर्छ ।

४. प्रश्न : तपाईंको साहित्य सिर्जनाका समकालीन साहित्यकारका विषयमा केही बताइदिनु हुन्छ कि ?

उत्तर : मेरो साहित्य सिर्जनाका समकालीनहरू श्री अच्छा राई 'रसिक', श्री इन्द्रबहादुर राई,श्री अगमसिंह गिरी, श्री वीरविक्रम गुरुङ, श्रीमती देवकुमारी सिन्हा अनि अरू अनेकौं हुन् ।

५ प्रश्न : सुरुमा तपाईं शिक्षण पेसासित सम्बन्धित हुनु हुन्थ्यो र पछि काराध्यक्ष पेसा लिनुभयो । यी दुई पेसामध्ये तपाईंलाई कुन पेसा रुचिकर लाग्यो ? बताइदिनु हुन्छ कि ?

उत्तर : शिक्षण पेसादेखि म गृहविभागमा काराध्यक्षको पेसा अवलोकन गर्नपुगें । यी दुई पेसामा मलाई काराध्यक्षको पेसा रुचिकर अनि चुनौतीपूर्ण लाग्यो । काराध्यक्षको पेसामा मैले समाज, देश अनि विश्वका विभिन्न वर्गका, वर्णका, स्तरका पुरुष, स्त्री तथा शिशु, युवा, वृद्ध वृद्धाहरू, अपराधी, हत्यारा, प्रताडक, उन्मत्त, उन्माद, उन्मादिनी, कला, साहित्य, विज्ञान,अर्थनीति एवं राजनीतिक दलका नेता, अनुयायी तथा विभिन्न चरित्रका मानिसहरू एक भएर बस्ने, जीवन बिताउने साथै तिनीहरूका अभिभावक, पिता तथा संरक्षक, नियन्त्रक र नेता भएर काम गर्ने सुयोग पाएँ ।

६. प्रश्न : कारागारको सुपरिवेक्षक (आइ.जी.) जस्तो गरिमामय पद सम्हालेर अवकाश प्राप्तपछि दार्जिलिङ फर्केर आउनु हुँदा यहाँका साहित्यिक, धार्मिक र सामाजिक क्षेत्रमा तपाईंलाई कस्तो स्थान मिल्न सक्यो ? बताइदिनु होस् ।

उत्तर : काराकारको सुपरिवेक्षक (आई.जी.) महानिर्देशकको दायित्वमा रहेर करिव ४० वर्षपछि दार्जीलिङ फर्किआएँ । आफ्नो माटो, जन्मस्थल अनि मानिसहरूमाझ कुनै पुरातन प्रेरणाले होला । यहाँको धार्मिक, सामाजिक अनि साहित्यिक क्षेत्रमा मेरो भव्य स्वागत भयो । सबैले मलाई रुचाए । आध्यात्मिक चिन्तक अनि साहित्यप्रेमी भनी म सबैको प्रिय बन्नसकें । यो मेरो सौभाग्य हो ।

७. प्रश्न : तपाईंको प्रथम प्रकाशित 'चरणधूलि' उपन्यासमा रूपनारायण सिंहको 'भ्रमर' उपन्यासको प्रभाव परेको छ भनिन्छ, यस विषयमा तपाईं के भन्नु हुन्छ ?

उत्तर : मेरो प्रथम प्रकाशित उपन्यास **चरणधूलि**मा रूपनारायण सिंहको उपन्यास **भ्रमर**को प्रभाव अवश्य नै परेको छ । नेपाली आख्यान विधामा उपन्यासको शैली, नवीनता, चरित्र, स्थान, परिस्थिति एवम सम्पूर्ण मानव जीवन र समाजको चित्रण सिंहको भ्रमरमा पाइन्छ । **भ्रमर** नै प्रथम एउटा उपन्यास र आख्यानको आदर्श नमुना हो । अतएव, मेरो **चरणधूलि**मा **भ्रमर**को प्रभाव निश्चय नै परेको छ ।

८. प्रश्न : वर्तमानमा जातजातको साहित्य लेख्ने प्रक्रिया विकसित हुँदै गएको छ । यसले समग्र नेपाली जातिको साहित्यिक उत्थान हुन सक्ला ?

उत्तर : हाम्रो जीवन अनि हाम्रो जन्म जातजातको होइन । हामी अनेकतामा एक छौं । एकता, पवित्रता र दिव्यता हाम्रो जीवन हो । अतएव, वर्तमान जातजातको साहित्य लेख्ने प्रक्रियाद्वारा नेपाली साहित्यको उत्थानमा कुनै सहायता र सहयोग हुने म देख्दिनँ ।

९. प्रश्न : नेपाली साहित्यका पाठकवर्गमा साहित्यप्रतिको आग्रहमा ह्रास आइरहेको छ भन्ने विषयमा तपाईंको के विचार ? साथै नेपाली साहित्यप्रति रुचि जगाउन कस्तो किसिमको साहित्यिक लेखनको आवश्यकता छ ?

उत्तर : हाम्रा पाठकहरूमा नेपाली साहित्यप्रतिको आग्रहमाह्रास आइरहेको कुरो सत्य हो । प्रथमतः पाठकवर्ग नै साहित्यका देवता हुन् । पाठक नभए साहित्यले के लाभ लिन सक्ला र ! मेरो विचारमा पाठकवर्गका रुचि र आग्रहमा ह्रास आएको मूल कारणसाहित्य सर्जकहरूले नेपाली भाषाको प्रयोग सरल, सहज, मधुर, रुचिकर एवम् हृदयमा प्रवेश योग्य गर्न उचित तरिकाले प्रस्तुत गर्न नसक्नु हो । कठिन शब्द, कहिल्यै नसुनेका अरू भाषाका शब्दहरू, संस्कृतका दुर्बोध्य शब्दहरू भएका साहित्य सबैले रुचाउँदैनन् । कारण, तिनीहरू ती शब्दहरू बुझ्दैनन् । अहिलेकसैले हतपत बुझ्न नसक्ने, विशाल विदेशी साहित्यकारहरूका प्रसङ्ग गर्दै गरिमा वृद्धि गर्न लेखिएका पुस्तकहरू छन् । पाठकहरू पढ्ने इच्छा गर्दैनन् । तर यो पनि साँचो हो, विद्वान् विदेशी साहित्यकार, कवि, नाटककार, आख्यानकार,कथाकारहरूको प्रसङ्ग समावेश गरिएका साहित्य अवश्य लेखिनु पर्छ र त्यसको गरिमामय स्थान छ । कविता, कथा, आख्यानादि पनि समाज, परिवार, राष्ट्र, अन्तर्राष्ट्रिय विषयमा मानिसका भावना, समस्या, सङ्घर्ष, हारजित, उतारचढाउ, प्रचेष्टा, असफलता, ज्ञानविज्ञान, देशविदेश एवम् सम्पूर्ण भावना र समस्या अनि सङ्घर्षमा लेखिनु पर्छ किनकि साहित्य वास्तवमा समाज, राष्ट्र, अन्तर्राष्ट्रको प्रतिविम्ब हो । साहित्यकार स्रष्टा हुन् । भविष्यवक्ता पनि हुन् । यी कुरालाई मनमा राखी सृष्टि गरेका सबै साहित्य जनप्रिय हुनेछन् ।

१०. प्रश्न : दार्जीलिङको साहित्यिक, धार्मिक, राजनीतिक, शैक्षिक तथा समाजिक विकासमा कस्तो पहल चाल्नु आवश्यक छ ? केही सुझाउ दिनुहुन्छ कि ?

उत्तरः दार्जीलिङको साहित्यक, धार्मिक, राजनीतिक, शैक्षिक तथा सामाजिक विकासमा प्रत्येक नागरिकले आफ्नै रुचिकर विषय साहित्य होस् वा धर्म, राजनीति, शिक्षा, समाज सेवा आदिलाई साधनास्वरूप उत्कृष्टरूपमा सेवा गर्नु पर्छ । हाम्रो कुनै पनि विषयलाई साधना एवम समर्पित भएर लिने मानसिकता छैन । हामी जे गर्छौं, काम चलाउ गर्छौं । हामी अति समर्पित भएर उत्कृष्टता हासिल गर्ने उद्देश्यले अघि बढ्नुपर्छ । 'भइहाल्छ नि' भन्ने मानसिकता त्याग्नुपर्छ ।

११. प्रश्न : विद्यार्थीवर्गमा साहिय, समाज र जातिप्रतिको रुचि बढाउनुका साथै योग्य नागरिक बनाउन के कस्ता शिक्षण पद्धतिको खाँचो छ ? यसबारे तपाईंको परामर्श तथा सुझाव के के छन् ?

उत्तर : विद्यार्थीहरूमा साहित्य, समाज र जातिप्रतिको रुचि बढाउन अनि उनीहरूलाई योग्य नागरिक बनाउनकालागि विद्यालय, महाविद्यालय एवम् विश्वविद्यालय अन्तर्गतकाशैक्षिक क्रियाकलापमा मानवमूल्यमा आधारित सनातन शिक्षा, सत्य, धर्म, शान्ति, प्रेम र अहिंसाका पक्षहरू प्रवेश गराउनुपर्छ भन्ने मेरो परामर्श छ ।

१२. प्रश्न : तपाईंको प्रशासनिक अनुभवमा भारतीय दण्डनीतिले अपराधी ठहर गरेका बन्दीहरूमध्ये निर्दोष व्यक्तिले विना अपराध सजाय भोग्न बाध्य भएका थिए कि ?

उत्तर : भारतीय दण्डनीति अनि प्रणाली ब्रिटिस राजनीतिकै अनुकरण हुनाले दोषी व्यक्तिहरूले अपराधीको सजाय भोग्ने सङ्ख्या अत्यन्त थोरै छन् । यसका विपरीत अनेकौं अपराध गरेका व्यक्तिहरू चाहिँ साक्षी प्रमाणका अभाव एवम् ऐनगत दाउपेच, भ्रष्टाचार र दुर्नीतिको फलस्वरूप सजाय भोग्नबाट बाँचेका छन् । यो सङ्ख्या धेरै छ ।

१३. प्रश्न : भारतीय दण्डनीतिमा कुनै धाराको फेरबदल गर्न उचित ठान्नु भएको छ कि ? तपाईंको आन्तरिक विचार बताइदिनुहोस् ।

उत्तर : भारतको दण्डनीतिमा एउटा धारामात्र होइन, अनेकौं धाराहरू परिर्वतन अर्थात् फेरबदल गर्नु अति आवश्यक छ ।

१४. प्रश्न : तपाईंको साहित्यिक, प्रशासनिक र धार्मिक व्यक्तित्व खुबै प्रशंसनीय छन् । यीमध्ये तपाईंलाई कुनचाहिँ व्यक्तित्व प्रमुख लाग्छ ?

उत्तर : आध्यात्मिक व्यक्तित्व नै मलाई अति प्रमुख लाग्छ ।

१५. प्रश्न : भारतीय संविधानमा नेपाली भाषाले'गोर्खा भाषा'का रूपमा मान्यता पाएको छ । यस सन्दर्भमा तपाईंलाई नेपाली अथवा गोर्खा के भन्न उचित लाग्छ ?

उत्तर : मलाई भारतीय संविधानको आठौं अनुसूचीमा समावेश गरिएको नेपाली भाषालाई 'गोर्खा भाषा'भन्नुभन्दा 'नेपाली भाषा' भनेकै उचित लाग्छ ।

१६. प्रश्न : भारतको ज्ञानपीठ पुरस्कारजस्तो गरिमामय पुरस्कार नेपाली भाषी साहित्यकारहरूले प्राप्त गर्न सकेका छैनन् । यसको मुख्य कारण के होला ? यस सम्बन्धी तपाईंको विचार बताइदिनुहोस् ।

उत्तर : नेपाली साहित्यकारहरूले ज्ञानपीठ पुरस्कार प्राप्त गर्न सक्ने कृतिहरू सिर्जना गरेका छन् । यी कृतिहरू नेपाली भाषामा मात्र छन् । तिनका विभिन्न भाषाहरूमा अनुवाद हुनुपर्छ । भारतका अन्य भाषाका साहित्यकार तथा विद्वान्हरूले पनि हाम्रो साहित्यलाई अरू समक्ष बुझाउन पाउनु पर्छ । दोस्रो हाम्रा जुरीहरूले पनि उचित पुस्तकको छनोट गर्नु पर्छ ।

१७. प्रश्न : तपाईंको 'जीवन गोरेटोमा' उपन्यासका पात्रहरू काल्पनिक पात्रहरू हुन् कि ? यसबारे जानकारी दिनु भए राम्रो हुने छ ।

उत्तर : **जीवन गोरेटोमा** उपन्यास एउटा अनुभव उपन्यास भएका हुनाले यसका पात्रपात्राहरू सम्पूर्ण यथार्थ नभएर काल्पनिक पनि छन् । उसैगरी घटनाहरू पनि सम्पूर्ण यथार्थ नभएर काल्पानिक पनि छन् ।

१८. प्रश्न : तपाईंको 'चरणधूली' र 'अशेष यात्रा' उपन्यासलाई स्वच्छन्दतावादी अनि 'जीवन परिक्रमा' र 'जीवन गोरेटोमा' उपन्यासलाई सामाजिक यथार्थवादी उपन्यास मान्नुमा तपाईंका विचार के कस्ता छन् ? बताइदिनु भए असल हुने छ ।

उत्तर : म तपाइँको उचित प्रश्नसित सहमत छु । **चरणधूलि** र **अशेष यात्रा** स्वच्छन्दतावादी हुन् अनि **जीवन परिक्रमा** र **जीवन गोरेटोमा** सामाजिक यथार्थवादी हुन् ।

१९. प्रश्न : कारागारमा फाँसीको 'मनिला डोरी' साथै फाँसीको मचानमा जिउँदो मानिसलाई मृत्युदण्ड दिई मृत शरीर भुइँमा लडाएको दृश्यले तपाईंलाई कस्तो अनुभव भएको थियो ? बताइ दिनुहोस् ।

उत्तरः अत्यन्त भावुक हृदय हुनाले फाँसीको मनिला डोरी सँगसँगै फाँसीको मचानमा जिउँदो मानिसलाई मृत्युदण्ड दिई मृत शरीर भुइँमा लडाएको त्यो दृश्यले मलाई निकै भावुक बनाएको थियो । उक्त दृश्यले मानिसको जीवन कति अनित्य, कति क्षण भङ्गुर रहेछ, पञ्चभूतको शरीर पञ्चभूतमा विलीन हुन कति सङ्घर्ष र क्रमबाट

उत्तीर्ण हुनुपर्ने रहेछ भनी अत्यन्त दार्शनिक पनि बनायो । हृदयको अन्तरतह स्पन्दित भयो तर यो काम मेरो दायित्व थियो, कर्तव्य थियो, मैले केवल निमित्तमात्र भएर गरेको स्वयम् जिम्मेदार नभएको (निष्काम कर्म) भनी मनमनै खुसी पनि भएको अनुभव गरेँ ।

२०.प्रश्न : मानिस अपराधी बन्नुमा ककसको भूमिका अधिक रहेको हुन्छ ?

उत्तर : मानिस अपराधी बन्नमा प्राथमिक रूपमा मातापिता, परिवार, समाज, सङ्गत अनि मार्गदर्शनको अभाव नै हुन् । तर यथार्थ रूपमा मानिस अपराधी बन्नुमा अपराधीको संस्कार, पूर्वजन्मको कर्म अनि मृत्यु समयको अपूर्ण इच्छा, आकाङ्क्षा र मनोबल प्रमुख रहेका हुन्छन् । पुर्खाहरू वा पूर्वजहरू सबै मरे पनि तिनका अनुवंश नवजीवनमा संस्कारका रूपमा आएका हुन्छन् । यसैकारण सबै न्यायाधीशका छोरान्यायाधीश हुँदैनन् । सबै सज्जनका छोराछोरी सज्जन पनि त हुँदैनन् । कहिलेकाहीँ परिवेश वा परिस्थितिले पनि मान्छेलाई हत्यारा, चोर र अपराधी बनाएको हुन्छ । अनि अशिक्षित किसान वा कृषकका छोरा वा छोरी विद्वान्-विदुषी, उच्च पदाधिकारी पनि बनेका उदारहण हाम्रा समाजमा छन् । यी सबै संस्कार हुन् ।

२१.प्रश्न : तपाईंको व्यावहारिक जीवनमा जानीनजानी अन्याय, अत्याचार, घात, दण्ड गरेका घटनाहरू छन्।यस्ता भुल-भ्रान्तिबाट स्वयम्लाई आत्मज्ञान भएको छ कि ?

उत्तर : सत्यवादी भएर भन्ने हो भने मैले मेरो व्यावहारिक जीवनमा यो उमेरसम्म अन्याय, घात, दण्ड कसैलाई दिएको छैन ।ईश्वरको कृपा !

२२.प्रश्न : नैतिक मूल्यमा दिन प्रतिदिन आइरहेको ह्रासलाई रोक्न के कस्ता पहल गर्नु पर्ने हुन्छ ? यसबारे तपाईंबाट सैद्धान्तिक र व्यावहारिक सुझावको अपेक्षा गर्छु ।

उत्तर : दिन प्रतिदिन नैतिक मूल्यमा ह्रास आइरहेको छ । यसलाई प्रतिरोध गरी नैतिक मूल्य विकास गर्नु प्रथमतः बालक बालिकाहरूलाई आत्मा अभ्युदय शिक्षा दिनु पर्छ, नैतिक तथा मानवमूल्यमा आधारिक शिक्षा प्रदान गर्नुपर्छ । बालविकास शिक्षाद्वारा व्यावहारिक रूपमा सत्य, धर्म, शान्ति, प्रेम र अहिंसा जीवनभरि अभ्यास गर्न लगाउनु पर्छ । मानव मूल्य हामीभित्र नै छन् पत्थरभित्र अग्नि भए झैँ । त्यसलाई अभिव्यक्त गर्न नसकिए पनि हामीभित्र अन्तर्निहित यी मूल्यहरूलाई अभिव्यक्त गर्ने एउटा उपाय छ, त्यसलाई व्यवहारमा ल्याउनुपर्छ, अभ्यास गर्नु पर्छ । यही मात्र एउटा उपाय हो ।

२३. प्रश्न : मेरो शोधकार्य तपाईंको जीवन कालमै सम्पन्न गर्ने लक्ष्य राखेर आफ्नो तन, मन र धनले निष्ठापूर्वक कार्य गर्ने अवसर पाउँदा आफैलाई भाग्यमानी ठानेकी छु । यस सन्दर्भमा तपाईंको सुझाव तथा सन्देशको अपेक्षा गर्छु ।

उत्तर : साहित्य क्षेत्रमा तपाईंले सङ्कल्प गर्नुभएको यो महान् यज्ञ अत्यन्त प्रशंसनीय छ, यो माता सरस्वतीको कृपा हो । तपाईंलाई यस वाङ्मय सेवा र साधनामा सम्पूर्णरूपले सफलता प्राप्त होस् भनी म प्रार्थना गर्दछु ।

कृष्णसिंह मोक्तान
आनन्द आश्रम ८। वेष्ट पोइन्ट रोड
दार्जिलिङ हुलाक- दार्जीलिङ
२६ नोभेम्बर, २०१२

सन्दर्भ सामग्री सूची

अधिकारी, रामलाल (सम्पा.). (सन् २००१). **दार्जीलिङ सरकारी महाविद्यालय स्थापनाको अर्द्धशताब्दी**. दार्जिलिङ : युवा साहित्यिक मञ्च ।

अब्राहम्स, एम्.एच्. (सन् १९९२). **जापनिज लिटरेचर एन्ड इन्ट्रोडक्सन फर वेस्टर्न.** ते.संस्क. मद्रास : म्याक्समिलन इन्डिया ।

आले, हरेन. (सन् २००२). "कृष्णसिंह मोक्तान : आफ्ना उपन्यासहरूमा". **सिर्जनाको वरिपरि**.दार्जिलिङ : पाइका पब्लिकेसन्स ।

उपाध्याय, केशवप्रसाद. (२०३४). **साहित्य प्रकाश**. काठमाडौँ : साझा प्रकाशन ।

कार्थक, जेम्स. (सन् २००६). "नेपाली साहित्यको ऐतिहासिक विकासक्रमको परिचय". **नेपाली साहित्य निर्देशिका**. कालेबुङ : उपासक प्रकाशन कमल प्रकाशन प्राइभेट लिमिटेड ।

गुरुङ, कमल. (सन् २००७). "कृष्णसिंह मोक्तान का औपन्यासिक भावभूमिहरू". **हिमालय दर्पण**. (१४ जनवरी) ।

गोर्खा, नगेन्द्र. (सन् २००७). "समयसितै जीवन बाँड्ने शैली". **हिमालय दर्पण**. (१६ मार्च) ।

छेत्री, ज्ञानबहादुर. (सन् २००७). "जीवन गोरेटोमा कृष्णसिंह मोक्तान". **स्रष्टा**. (वर्ष २८ अङ्क ५७). पश्चिम सिक्किम. १७-२७ ।

छेत्री, शरद. (सन् २००८). **डाक-बंगला पर्यालोकन**.बनारस : बैँसालु प्रकाशन ।

______. (सन् २००७). **लेखन अनि अवबोधन**. दार्जिलिङ : श्याम ब्रर्दस प्रकाशन ।

जैन, रवीन्द्रनाथ. (सन् १९७२). **उपन्यास : सिद्धान्त और संरचना**. दिल्ली : नेशनल पब्लिसिङ हाउस ।

जोशी, कुमारबहादुर. (२०५०). **पाश्चात्य साहित्यका प्रमुख वाद**. ते.संस्क. ललितपुर : साझा प्रकाशन ।

जोशी, रत्नध्वज. (२०५०). **आधुनिक साहित्यको झलक**. चौ.संस्क. ललितपुर : साझा प्रकाशन ।

जौहरी, कमलकुमारी. (सन् १९६५). **हिन्दी के स्वच्छन्दतावादी उपन्यास**. कानपुर : ग्रन्थम ।

टन्डन, प्रतापनारायण. (सन् १९७०). **पाश्चात्य समीक्षा की रूपरेखा**. दो.संस्क. दिल्ली : रापाल एन्ड सन्स ।

त्रिपाठी, वासुदेव. (२०२८). **विचरण**. काठमाडौँ : भानु प्रकाशन ।

______. (२०४९). **पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा भाग २**. ते.संस्क. काठमाडौँ : साझा प्रकाशन ।

थापा, मोहनहिमांशु. (२०६६). **साहित्य परिचय**. पाँ.संस्क. काठमाडौँ : साझा प्रकाशन ।

थामी, कर्ण. (सन् २००६). "कृष्णसिंह मोक्तानको जीवन गारेटोमा हिँड्दै जाँदा". **सुनचरी**. (२९ जनवरी) ।

द इन्साइक्लोपिडिया अमेरिकाना (खण्ड २०). (सन् १९६९). २८३ ।

द न्यु इन्साइक्लोपिडिया ब्रिटानिका (भाग १६). (सन् १९८१). ६७८ ।

द न्यु कोलम्बिया इन्साइक्लोपिडिया.(सन् १९७५). १९७१ ।

द न्यु वेब्स्टर इन्साइक्लोपिडिया डिक्सनरी अफ इङ्लिस ल्याङ्वेज. (सन् १९६९). ५७१ ।

द वर्ल्ड बुक इन्साइक्लोपिडिया. (सन् १९६६). ७६२ ।

दाहाल, मोहन पि. (सन् १९९३). **आधुनिक नेपाली उपन्यास**. दार्जिलिङ : ग्रन्थकार सहकारी समिति ।

______. (सन् २००१). **दार्जिलिङका नेपाली उपन्यास परम्परा र प्रवृत्ति**. दार्जिलिङ : श्याम ब्रदर्स ।

______. (सन् २००४). "कृष्णसिंह मोक्तानका उपन्यास कृतिको परिचय". **साहित्य सङ्केत**. (भाग ३६ अङ्क २५). कालिम्पोङ : नेपाली साहित्य अध्ययन समिति. २४ ।

नेपाल, घनश्याम. (सन् १९९१). **नेपाली साहित्यको परिचयात्मक इतिहास**. सिलगढी : नेपाली साहित्य प्रचार समिति ।

पाण्डेय, ताराकान्त. (२०६८). **अर्थको आनन्द**. काठमाडौँ : विवेक सिर्जनशील प्रकाशन प्राइभेट लिमिटेड ।

पाण्डेय, मेनेजर. (सन् १९८९). **साहित्य और इतिहास दृष्टि**. दिल्ली : पिपुल पब्लिसिङ हाउस ।

पोखरेल, बालकृष्ण (सम्पा.). (२०४०). **नेपाली बृहत शब्दकोश**. काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

प्रधान, कृष्णचन्द्रसिंह. (२०६१). **नेपाली उपन्यास र उपन्यासकार**. चौ.संस्क. ललितपुर : साझा प्रकाशन ।

प्रधान, गुप्त (सम्पा.), (सन् २००१). **स्वामी प्रबुद्धानन्द स्मृतिग्रन्थ प्रकाशन**. दार्जिलिङ : शारदेश्वरी सरकारी कन्या उच्च विद्यालय ।

प्रधान, प्रतापचन्द्र. (सन् १९८३). **नेपाली उपन्यास परम्परा र पृष्ठभूमि**. दार्जिलिङ : दीपा प्रकाशन ।

प्रधान, बद्रीनारायण. (सन् २००७). "जीवन गोरेटोमा भएकी डुबर्सकी बघिनी रत्नमाया स्याङ्देन". **सुनचरी.** (२७ मार्च) ।

प्रधान, राजनारायण. (सन् १९७३). **केही कृति केही स्मृति**. दार्जिलिङ : नेपाली साहित्य परिषद् ।

प्रधान, शिव (सम्पा.). (सन् १९८९). **बृहत् समालोचना**. वाराणसी : दीपक प्रेस ।

प्रेमचन्द. (सन् १९६७). **उपन्यास और लोकजीवन**. इलाहवाद : हंस प्रकाशन ।

फक्स, राल्फ. (सन् १९७९). **उपन्यास और लोकजीवन.** अनुवादक. रामविलास शर्मा. नयाँ दिल्ली : पिपुल्स पब्लिसिङ हाउस ।

फास्ट, हावर्ड. (सन् १९५५). **लिटरेचर एन्ड रियालिटी**. नयाँ दिल्ली : पिपल्स पब्लिसिङ हाउस लिमिटेड ।

फोर्स्टर, ई.एम. (सन् १९८२). **उपन्यास के पक्ष**. अनुवादक. राजुल भार्गव. राजस्थान : हिन्दी ग्रन्थ अकादमी प्रकाशन ।

बराल, ईश्वर. (सन् १९९८). **भारतेली नेपाली साहित्य र साहित्यकार**. सिक्किम : निर्माण प्रकाशन ।

_____. (२०३९). **झ्यालबाट**. ते.संस्क. काठमाडौँ : साझा प्रकाशन ।

बराल, ऋषिराज. (२०६३). **उपन्यासको सौन्दर्यशास्त्र**. ललितपुर : साझा प्रकाशन ।

_____. (२०६४). **साहित्य र समाज**. ललितपुर : साझा प्रकाशन ।

बराल, कृष्णहरि र नेत्र एटम. (२०५६). **उपन्यास सिद्धान्त र नेपाली उपन्यास.** काठमाडौँ : साझा प्रकाशन ।

बराल, कृष्णहरि र नेत्र एटम. (२०६६). **उपन्यास सिद्धान्त र नेपाली उपन्यास**. ते.संस्क. काठमाडौँ : साझा प्रकाशन ।

मिश्र, शिवकुमार. (सन् १९७३). **मार्क्सवादी साहित्य-चिन्तन, इतिहास तथा सिद्धान्त**. भोपाल : मध्यप्रदेश हिन्दी ग्रन्थ अकादमी ।

मिश्र, श्रीनारायण. (सन् १९६१). **अङ्ग्रेजी उपन्यास का विकास और उस की रचना पद्धति**. उत्तर प्रदेश : सूचना विभाग ।

मोक्तान, कृष्णसिंह. (सन् १९५६). **चरणधूलि**. दार्जिलिङ : साझा पुस्तक भण्डार ।

_____. (सन् १९६४). **अशेष यात्रा.** कलकत्ता : रत्नाकर प्रेस ।

_____. (सन् १९९४). **जीवन परिक्रमा**. दार्जिलिङ : श्याम प्रकाशन ।

_____. (सन् २००३). **जीवन गोरेटोमा**. दार्जिलिङ : साझा पुस्तक भण्डार ।

मोक्तान, डि.एस. (सन् २००६). "जीवन परिक्रमा र जीवन गोरेटोमा : विविध आवरणभित्र एउटै दिव्यताको खोजी". **हिमालय दर्पण.** (२६ मई). पृ.७ ।

राई, असीत. (सन् २००४). **भारतीय नेपाली साहित्यको इतिहास**. दार्जिलिङ : श्याम ब्रदर्स ।

राई, इन्द्रबहादुर. (सन् १९७४). **नेपाली उपन्यासका आधारहरू**. दार्जिलिङ : नेपाली साहित्य परिषद् ।

राई, रवीन. (सन् २००६). “साहित्य अकादमी पुरस्कारले पुरस्कृत जीवन गोरेटोमाका धनी कृष्णसिंह मोक्तान”. **हिमालय दर्पण.** (३ जनवरी). पृ.५ ।

राङ्ग्रा, रणवीर. (सन् १९८६). **समकालीन हिन्दी उपन्यास की भूमिका**. दिल्ली : जगत्राम एन्ड सन्स ।

लावर, जीवन. (सन् १९९४). “कथाकार उपन्यासकार कृष्णसिंह मोक्तान”. **सुनचरी**. (२२ मार्च) ।

वर्मा, धीरेन्द्र र अन्य (सम्पा.). (सन् १९८५). **हिन्दी साहित्य कोश**. वाराणसी : ज्ञानमण्डल लिमिटेड ।

वात्स्यायन, सच्चिदानन्द. (सन् १९७६). **आधुनिक हिन्दी साहित्य**. दिल्ली : राजपाल एन्ड सन्स ।

शङ्कर, पुण्यप्रसाद. (सन् २००८) “श्री कृष्णसिंह मोक्तानका साहित्यिक परिचय”. **हिमालय दर्पण**. (३ अक्टोबर) ।

शर्मा, कृष्णदेव. (सन् १९८०). **पाश्चात्य काव्यशास्त्र के सिद्धान्त**. दो.संस्क. आगरा : विनोद पुस्तक मन्दिर ।

शर्मा, गिरिधर. (सन् १९७८). **हिन्दी उपन्यासौं का मनोविश्लेषणात्मक अध्ययन**. दिल्ली : इन्द्रप्रस्थ प्रकाशन ।

शर्मा, गोपाल पि. र अन्य (सम्पा.). (सन् १९७४). **बृहत् पारिभाषिक सङ्ग्रह (मानविकी खण्ड २)**. नयाँ दिल्ली : केन्द्रीय हिन्दी निर्देशनालय ।

शर्मा, तारानाथ. (२०२७). **नेपाली साहित्यको इतिहास**. काठमाडौँ : सहयोगी प्रकाशन ।

शर्मा, मोहनराज. (२०६३). **समकालीन समालोचना : सिद्धान्त र प्रयोग**. दो.संस्क. काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

शर्मा, मोहनराज र खगेन्द्र लुइटेल. (२०५५). **शोधविधि** . दो.संस्क. ललितपुर : साझा प्रकाशन ।

शर्मा, शान्तिराज. (सन् १९९७). **नेपाली साहित्य इतिहासको रूपरेखा**. सिलगढी : नेपाली साहित्य प्रचार समिति, २०५४ ।

श्रेष्ठ, दयाराम. (२०४८). **नेपाली साहित्यका केही पृष्ठ** . चौ.संस्क. ललितपुर : साझा प्रकाशन ।

श्रेष्ठ, दयाराम र मोहनराज शर्मा. (२०३४). **नेपाली साहित्यको संक्षिप्त इतिहास.** काठमाडौँ : साझा प्रकाशन ।

सिन्हा, सुरेश. (सन् १९६५). **उपन्यास शिल्प और प्रवृत्तियाँ**. लखनउ : रामा प्रकाशन ।

सिप्ले, जोसेफ टी. (सम्पा.). (सन् १९६०). **डिक्सनरी अभ वर्ल्ड लिटरेचर**. न्युयोर्क : फिलोसफिकल लाइब्रेरी ।

सुब्बा, नयनसिंह. (सन् २००६). “कृष्णसिंह मोक्तानको जीवन गोरेटोमा दुईचार कदम अघि हिँड्दा”. **सुनचरी**. (८ जुन) ।

सुब्बा, विन्द्या. (सन् २००६). **हृदयम्**. दार्जिलिङ : मन्दरा स्मृति प्रतिष्ठान ।

______. (सन् २००६). "श्रीकृष्ण मोक्तान : अध्यात्म र साहित्यका एक अपूर्व संगम". **सुनचरी**. (६ जुन). पृ.८ ।

______. (सन् २००८). **तिम्रा अक्षरहरूको आयाम**. दार्जिलिङ : मन्दरा स्मृति प्रतिष्ठान ।

सुवेदी, राजेन्द्र. (२०५३). **नेपाली उपन्यास परम्परा र प्रवृत्ति**. वाराणसी : भूमिका प्रकाशन ।

सुवेदी, राजेन्द्र. (२०६४). **नेपाली उपन्यास परम्परा र प्रवृत्ति**. दो.संस्क. ललितपुर : साझा प्रकाशन ।

सिंह, अजव. (सन् १९७५). **आधुनिक काव्य की स्वच्छन्दतावादी प्रवृत्तियाँ**. वाराणसी : विश्वविद्यालय प्रकाशन ।

सिंह, त्रिभुवन. (२०१८). **हिन्दी उपन्यास और यथार्थवाद**. वाराणसी : हिन्दी प्रचारक पुस्तकालय ।

सिंह, शशिभूषण. (सन् १९७०). **हिन्दी उपन्यास की प्रवृत्तियाँ**. आगरा : विनोद पुस्तक मन्दिर ।

स्याङ्देन, किरण. (सन् २००६). "स्मृतिमा अल्झेका ती तीन दिनहरू". **सुनचरी**. (४ अप्रिल) ।

हर्जन, आइ.ए. (सन् १९८०). **क्लासिसिज्म और रोमान्टिसिज्म : दर्शन, साहित्य और आलोचना**. अनुवादक. नरोत्तम नागर. दिल्ली : पिपल्स पब्लिसिङ हाउस ।

हड्सन, एच्.डब्लु. (सन् १९९७). **एन इन्ट्रोडक्सन टु द स्टडी अफ लिटरेचर**. दो.संस्क. नयाँ दिल्ली : कल्याणी प्रकाशन ।